नेपाल

# मानव अधिकार वर्ष पुस्तक २०२१

## प्रतिबद्धताप्रतिको जबाफदेहिता

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१

## (नेपाली संस्करण)

**(२०७६ पुस १६ देखि २०७७ पुस १६ गतेसम्म अर्थात् सन् २०२० भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्ककको सङ्कलन)**


**प्रधान सम्पादक**

श्रीराम बजगाई

**सम्पादन मण्डल**

गोविन्दप्रसाद त्रिपाठी

रमेशप्रसाद तिमल्सिना

गीता माली

आर्या अधिकारी

**तथ्याङ्क प्रशोधन**

अनुज के.सी.



मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार

पत्र मञ्जुषा २७२६, काठमाडौँ, नेपाल

फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५२१८२५१

e-mail: insec@insec.org.np

Web-site: www.insec.org.np; inseconline.org

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१

**प्रकाशन मिति**
२०७७ फागुन ७ गते

**सङ्ख्या**
२ हजार प्रति

**प्रकाशक**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुनःमुद्रण गर्न सकिनेछ।)

**फोटो**
यस पुस्तकमा प्रकाशन गरिएका केही फोटोहरू अन्य स्रोतबाट पनि लिइएको छ ।

**आईएसबीएन** : ९७८-९९३७-९२३९-६-५

**मुद्रक**
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

# विषय सूची


पृष्ठ सङ्ख्या

**भूमिका**

**परिच्छेदहरू**

परिच्छेद १ प्रतिबद्धताप्रतिको जवाफदेहिता १

नेपाल मानव अधिकार वर्ष पुस्तकका २९ वर्ष : यसले उठान गरेका राजनीतिक र सामाजिक सवालहरूको सिंहावलोकन २५

परिच्छेद २ राज्य र मानव अधिकार

२.१ न्यायपालिका ३७

२.२ कार्यपालिका ४७

२.३ व्यवस्थापिका ५७

परिच्छेद ३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

३.१ पूर्ण कार्यान्वयन भएन श्रम ऐन : चिया श्रमिकका समस्या ज्युँका त्युँ ६७

३.२ 'बोक्सी' एक कुप्रथा : महिलाविरुद्ध हुने हिंसाको निरन्तरता ७३

३.३ सिन्धुपाल्चोक जिल्लामा भएका प्राकृतिक विपत्का घटना र त्यसले आर्थिक सामाजिक अधिकारमा पारेको प्रभाव ७९

३.४ उपेक्षामा नवलपरासी पश्चिम र कपिलवस्तुका उखु किसान ८५

३.५ कर्णाली प्रदेशमा बालविवाह : बाल अधिकार उल्लङ्घनको चक्र ८९

३.६ कोभिड-१९ को प्रभाव : भारतबाट फर्किएका सुदूरपश्चिम प्रदेशका नागरिकहरूको आर्थिक सामाजिक अवस्था ९७

**अनुसूचीहरू**

अनुसूची १ सन् २०२० र मानव अधिकार उल्लङ्घनका तथ्यहरू

१. प्रदेश १ १०७

२. प्रदेश २ १५५

३. बागमती प्रदेश १८९

४. गण्डकी प्रदेश २३३

५. लुम्बिनी प्रदेश २७३

६. कर्णाली प्रदेश ३२१

७. सुदूरपश्चिम प्रदेश ३६१

अनुसूची २ मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०२० ३९५

अनुसूची ३ सन् २०२० को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा ४०५

अनुसूची ४ सन् २०२० को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा ४११

अनुसूची ५ क्रिया/प्रतिक्रिया ४२५

अनुसूची ६ नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ तयारीका क्रममा संलग्न व्यक्तिहरू ४४७

## हार्दिक आभार

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१**
**तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने**
नर्वेजियन दूतावास
ब्रेड फर द वर्ल्ड (BFTW)
डीसीए (DCA)
इन्सेकका जिल्ला प्रतिनिधिहरू
राजनीतिक दलहरू
मानव अधिकार तथा अन्य आयोगहरू
नेपाल सरकारका मन्त्रालयहरू
सुरक्षा निकाय
पेसागत सङ्घसंस्थाहरू
तथा
अन्य सबैप्रति **आभारी छौं।**

# जिल्लागत विषय सूची

## प्रदेश १


१.१ ताप्लेजुङ १०९
१.२ सङ्खुवासभा ११२
१.३ सोलुखुम्बु ११५
१.४ ओखलढुङ्गा ११८
१.५ खोटाङ १२१
१.६ भोजपुर १२४
१.७ धनकुटा १२७
१.८ तेह्रथुम १३०
१.९ पाँचथर १३२
१.१० इलाम १३५
१.११ झापा १३८
१.१२ मोरङ १४२
१.१३ सुनसरी १४७
१.१४ उदयपुर १५१


## प्रदेश २


२.१ सप्तरी १५७
२.२ सिरहा १६३
२.३ धनुषा १६६
२.४ महोत्तरी १७१
२.५ सर्लाही १७५
२.६ रौतहट १७८
२.७ बारा १८२
२.८ पर्सा १८५


## बागमती प्रदेश


३.१ दोलखा १९१
३.२ सिन्धुपाल्चोक १९३
३.३ रसुवा १९६
३.४ धादिङ १९८
३.५ नुवाकोट २०१
३.६ काठमाडौँ २०४
३.७ भक्तपुर २०८
३.८ ललितपुर २११
३.९ काभ्रेपलाञ्चोक २१५
३.१० रामेछाप २१८
३.११ सिन्धुली २२१
३.१२ मकवानपुर २२४
३.१३ चितवन २२८


## गण्डकी प्रदेश


४.१ गोरखा २३५
४.२ मनाङ २३९
४.३ मुस्ताङ २४०
४.४ म्याग्दी २४२
४.५ कास्की २४५
४.६ लमजुङ २५०
४.७ तनहुँ २५३
४.८ नवलपरासी पूर्व २५८
४.९ स्याङ्जा २६३
४.१० पर्वत २६५
४.११ बागलुङ २६९


## लुम्बिनी प्रदेश


५.१ रूकुम पूर्व २७५
५.२ रोल्पा २७८
५.३ प्यूठान २८१
५.४ गुल्मी २८४
५.५ अर्घाखाँची २८७
५.६ पाल्पा २९०
५.७ नवलपरासी पश्चिम २९३
५.८ रूपन्देही २९७
५.९ कपिलवस्तु ३०२
५.१० दाङ ३०६
५.११ बाँके ३१२
५.१२ बर्दिया ३१७


## कर्णाली प्रदेश


६.१ डोल्पा ३२३
६.२ मुगु ३२५
६.३ हुम्ला ३२९
६.४ जुम्ला ३३२
६.५ कालीकोट ३३६
६.६ दैलेख ३४०
६.७ जाजरकोट ३४४
६.८ रूकुम पश्चिम ३४७
६.९ सल्यान ३५२
६.१० सुर्खेत ३५६


## सुदूरपश्चिम प्रदेश


७.१ बाजुरा ३६३
७.२ बझाङ ३६६
७.३ दार्चुला ३६९
७.४ बैतडी ३७३
७.५ डडेल्धुरा ३७६
७.६ डोटी ३७९
७.७ अछाम ३८२
७.८ कैलाली ३८५
७.९ कञ्चनपुर ३९०

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। सात प्रदेश कार्यालय तथा ७७ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका सतहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

**२०७६ कात्तिक २२ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति**

**अध्यक्ष** - डा. इन्दिरा श्रेष्ठ

**महासचिव** - रुद्रबहादुर चर्मकार

**कोषाध्यक्ष** - गीता बराल

**सदस्यहरू**

- रघुनाथ अधिकारी
- दीपक काफ्ले
- नजीर मियाँ
- शोभाकर बुढाथोकी

**निवर्तमान अध्यक्ष**

- सुबोधराज प्याकुरेल

**कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सञ्चालन गरिन्छ ।**

**मानव अधिकार प्रलेख तथा पैरवी कार्यक्रम**

इन्सेकले आफ्नो स्थापनाकालदेखि मानव अधिकार अनुगमन, अभिलेख, प्रसार तथा पैरवी गर्ने क्रियाकलापहरूमार्फत मानव अधिकारको संरक्षण तथा संवर्द्धनको कार्य गर्दै आएको छ । मानव अधिकार अवस्थाको समग्र अभिलेखको खाँचो भएकाले वर्ष पुस्तकलगायतका अवधारणालाई सन् १९९२ देखि सुरुआत गरिएको हो । नेपाल मानव अधिकार वर्ष पुस्तक, इन्सेक अनलाइन, स्थितिसूचक, प्राचीलगायत विषयगत प्रतिवेदनहरू इन्सेक जिल्ला प्रतिनिधिलगायतको स्रोतबाट प्राप्त तथ्यको आधारमा प्रकाशित गरिँदै आएको छ । तथ्य, तथ्याङ्क विश्लेषण र अवस्था अनुगमनको आधारमा तयार गरिएका प्रतिवेदनहरू मानव अधिकार संरक्षण र संवर्द्धनको पैरवी गर्ने कार्यको सहयोगी सामग्रीको रूपमा प्रयोग गर्ने गरिएको छ । इन्सेकले गरेका प्रलेख र पैरवीको कार्यले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना न्यूनीकरण गराउन र मानव अधिकार संरक्षणको नीतिगत तथा कानुनी संरचनामा सुधार आउने अपेक्षा गरिएको छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमार्फत गरेका प्रतिबद्धता, सन्धि र महासन्धिमा हस्ताक्षर गरी जनाएको ऐक्यबद्धता र नेपालको संविधानले निर्दिष्ट गरेका मानव अधिकारका मूल्य र मान्यताहरूलाई इन्सेकले प्रलेख तथा पैरवीमार्फत थप सुदृढ गराउन भूमिका खेल्नेछ ।

**मानव अधिकार शिक्षा कार्यक्रम**

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकाससम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्। साथै समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा रेडियो कार्यक्रम उत्पादन गरी रेडियोबाट प्रशारण गरिँदै आएको छ।

**व्यवस्थापन कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

**इन्सेक कार्यालयहरू :**

- **प्रदेश १ कार्यालय,** विराटनगर महानगरपालिका-११, जनपथ टोल, मोरङ फोन नं. ०२१-४७१०२५, ४७११२७
- **प्रदेश २ कार्यालय,** जनकपुरधाम उपमहानगरपालिका-८, मुरली चोक, धनुषा
- **बागमती प्रदेश कार्यालय,** हेटौँडा उपहानगरपालिका-२ संगमचोक, मकवानपुर, फोन नं. ०५७-५९०५५२
- **गण्डकी प्रदेश कार्यालय,** पोखरा महानगरपालिका-७, जनप्रिय मार्ग, कास्की, फोन नं. ०६१-४६५५१२
- **लुम्बिनी प्रदेश कार्यालय,** नेपालगञ्ज उपमहानगरपालिका- १२, एसओएस मार्ग, बाँके, फोन नं. ०८१-४१५३४३
- **कर्णाली प्रदेश कार्यालय,** बीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत, फोन नं. ०८३-५२१४८९
- **सुदूरपश्चिम प्रदेश कार्यालय,** धनगढी उपमहानगरपालिका-४, उत्तरवेहडी, कैलाली, फोन नं. ०९१- ५२२५७६, ५२१४४६

# मानव अधिकारप्रति निरन्तर खबरदारी

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न थालेको २९ वर्ष पूरा भएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्नुको उद्देश्य नेपालमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका तथ्य तथ्याङ्क तथा विवरणको व्यवस्थित अभिलेख राख्नु थियो। बितेका २९ वर्षमा नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनका सन्दर्भमा उल्लेख्य कार्यहरू भए। परिवर्तनका यी पदचापको साक्षीका रूपमा नेपाल मानव अधिकार वर्ष पुस्तक रहँदै आएको छ।

इन्सेकले गरेको अभिलेख सशस्त्र द्वन्द्वपीडितको न्याय र परिपूरणका लागि, जनआन्दोलनका घाइते र यातनापीडितका लागि राहत प्राप्त गर्ने माध्यममात्रै बनेका छैनन्, सशस्त्र द्वन्द्वको औपचारिक समाप्तिका १४ वर्षपछिसम्म पनि यससम्बन्धी खोज तथा अनुसन्धान गर्नेका लागि भरपर्दो सन्दर्भ सामग्री बनिरहेका छन्। भविष्यमा समेत यी सामग्री उपयोगी हुने अपेक्षा गरेका छौँ।

नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकमा भएका मुख्य परिवर्तन, त्यस क्रममा देखिएका उतारचढाव तथा महत्त्वपूर्ण घटनाक्रमलाई समेत समेट्ने गरेको छ। कतिपय अवस्थामा राज्यका निकायलेसमेत आधिकारिक प्रमाणका लागि वर्ष पुस्तकलाई नै आधार मान्दै आएका छन्। त्यस्तै अन्तर्राष्ट्रियस्तरबाट समेत नेपालको मानव अधिकार अवस्था विश्लेषणका लागि मानव अधिकार वर्ष पुस्तकलाई प्रमाणिक दस्तावेज मानिनु इन्सेकको प्रयासप्रति प्राप्त न्यायका रूपमा बुझेका छौँ।

इन्सेकमा अभिलिखित तथ्य/तथ्याङ्कका आधारमा भन्नुपर्दा सन् २०२० मा राज्य तथा अन्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा केही कमी आए। यो खुसीको विषय हो तर, महिलामाथि हुने हिंसा र त्यसमध्ये पनि बलात्कारका घटनाचाहिँ अघिल्लो वर्षको तुलनामा बढे। थप चिन्ताको विषय यो रह्यो कि बालिकामाथि हुने बलात्कारका घटना बढे। यो अवस्थाले मुलुकमा मानव अधिकारको समग्र अवस्था सुधारोन्मुख देखिए पनि महिला तथा बालिकामाथिको जोखिम भने बढेको देखियो। पर्याप्त दाइजो नल्याएको आरोपमा कुटिने, दुर्व्यवहार हुनेदेखि मारिनुपर्नेसम्मका घटना यस वर्ष पनि दोहोरिए। यस्ता कार्यमा पति र परिवाजनका सदस्यको संलग्नता रहने गरेको पाइयो। आफूले भनेको मानिससँग विवाह नगरेको वा विवाह गरेको, अन्तरजातीय प्रेमसम्बन्ध वा विवाहको आरोपमा महिलाको हत्या हुने त्यसैगरी आफ्नो इज्जत बचाउने नाममा महिला (छोरी/चेली) को हत्या (अनर किलिङ) गर्ने घटना यस वर्ष पनि अभिलेख भयो। 'बोक्सी'का नाममा महिलामाथि गरिने हिंसाका घटनामा मेलमिलाप गर्ने र यस्ता कार्यमा निर्वाचित जनप्रतिनिधिको संलग्नता भएका घटना पनि अभिलेखमा रहे। यस्ता उदाहरणले मानव अधिकारभित्र पनि महिला मानव अधिकार अझ दयनीय अवस्थामा रहेको आभास भयो। नेपालको संविधानमा जातीय छुवाछूत र विभेदलाई अन्त्य गर्ने सुनिश्चितता भए पनि यस वर्ष भएका जातीय छुवाछूत र विभेदका गम्भीर प्रकृतिका घटनाले राज्यको तर्फबाट थप कार्यक्रम लक्षित गर्नु पर्ने हामीले महसुस गरेका छौँ। घटना सङ्कलन तथा त्यसलाई पुष्टि गर्ने क्रममा इन्सेकका ७७ जिल्ला प्रतिनिधिले जिल्ला प्रहरी कार्यालय मातहत रहने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक केन्द्रको अनुगमन गरेका थिए।

कोरोना महामारी र यसका कारण सिर्जित परिस्थितिका कारण ६ महिनाभन्दा लामो समय बन्दाबन्दी भयो। बन्दाबन्दीका समयमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा प्रहरी कार्यालयमा उजुरी नआएको आकलन गरियो। अदालतका कारबाही नियमित नहुँदा मुद्दा फैसलामा समेत असर परेको अनुगमनका क्रममा पाइयो। वर्षको सुरुमै अदालतमा दर्ता भएका सामान्य कुटपिट र बहुविवाहका मुद्दासमेत वर्षको आखिरीसम्म टुङ्गो नलाग्दा पीडित पक्ष निराश बने। गाउँठाउँका सामान्य घटनामा कारबाही गर्ने आदेश दिनसमेत प्रशासनले एक वर्षसम्म लगाएको स्थितिले उसको ढिलासुस्तीमा कुनै सुधार आएको देखिएन।

अर्धन्यायिकमात्र हैन, न्यायिक निकायले समेत सर्वसाधारणलाई न्याय ढिला दिँदा पर्ने मानसिक, शारीरिक तथा सामाजिक, आर्थिक र राजनीतिकरूपमा पर्ने असरबारे विचार पुऱ्याएको पाइएन।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ ले सन् २०२० को मानव अधिकार अवस्थाको विश्लेषण गरेको छ। यस वर्ष पुस्तकको आकार गत वर्षहरू भन्दा केही घटेको छ। अदालतले मुद्दाको फैसला गरेका घटनामात्रै समेटिने भएकाले मुद्दा फैसला कम भएकाले घटना विवरणको सङ्ख्या पनि कमी आएको छ। जसले गर्दा वर्ष पुस्तकमा घटना विवरणको सङ्ख्या कम छन्। वर्ष पुस्तकको प्रकाशन अघि दुईपटक हरेक जिल्लामा गरिने पूर्व समीक्षा, घटनास्थलमा पुगेर सम्बन्धित पक्षहरूसँग घटनाबारे बुझ्ने, अर्धन्यायिक र न्यायिक निकायमा पुगेर त्यसको पुस्ट्याइँ गर्ने तथा पुनः अनुगमन गर्ने पद्धति विगतका वर्षझैँ यसपटक पनि अबलम्बन गरियो। यसले वर्ष पुस्तकमा समावेश घटनाहरू निष्पक्ष बनाउन तथा सबै सरोकारवालाको साझा दस्तावेजका रूपमा स्वीकार गर्न मद्दत पुऱ्याएको छ।

यस अङ्कमा नेपाल मानव अधिकार वर्षपुस्तकले उजागर गरेका विषयहरूको पुनस्मरण गर्ने जमर्को गरेका छौँ। वर्ष पुस्तकहरूमा सशस्त्र द्वन्द्व, दण्डहीनता, राजनीतिमा अपराधिकरण, आवधिक निर्वाचनको महत्व, शान्ति र संविधानजस्ता विषयमा चर्चा गरिएको थियो। तिनै विषयहरूको सान्दर्भिकता अझै रहेको वर्षपुस्तकले उठाएको मूल विषयले प्रष्ट हुन्छ। यसैगरी, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धमा प्रदेशस्तरीय महत्त्वपूर्ण सवाललाई पनि वर्ष पुस्तकमा समामवेश गरेका छौँ।

सदाझैँ यस वर्षको मानव अधिकार अवस्था चित्रणसहितको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ यहाँहरूको हातमा छ। यसक्रममा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको प्राथमिक सूचना अभिलेख गर्ने ७७ ओटै जिल्लाका प्रतिनिधि धन्यवादका पहिलो पात्र हुन्। पुस्तकलाई प्रकाशन चरणसम्म पुऱ्याउने वर्ष पुस्तक सम्पादन समूह र इन्सेकका सबै कर्मचारीको भूमिका पनि उल्लेख्य छ।

यस पुस्तकलाई सत्य/तथ्यपूर्ण, विश्वसनीय र सन्तुलित बनाउन राजनीतिक दल, प्रशासन, न्यायालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नागरिक समाजका अगुवाको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका छ। नेपालको मानव अधिकार अभिलेख उतार्ने र सुरक्षित गर्ने यस कार्यमा हामीलाई लामो समयदेखि सहयोग गर्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय दाताहरूप्रति पनि आभार व्यक्त गर्दछु।

अन्त्यमा, मानव अधिकारसँग सम्बन्धित अभिलेखहरूको यो पुस्तकलाई आगामी दिनमा अझ ओजिलो बनाउने कार्यमा यहाँहरूको सहयोग र शुभेच्छा पाइ नै रहने छौँ भन्ने अपेक्षासहित मानव अधिकार अभिलेख तथा विश्लेषणमा सघाउने सम्पूर्णप्रति आभार व्यक्त गर्न चाहान्छु।

२०७७ फागुन ७

**डा. इन्दिरा श्रेष्ठ**
अध्यक्ष

परिच्छेद

१

# प्रतिबद्धताk|t s f]hafkmb]lxtf

**पृष्ठभूमि**

२०४६ सालको राजनीतिक परिवर्तनपछि मानव अधिकार सचेतनाको अभिवृद्धि, पैरवी र जनपरिचालनमार्फत राज्यको जबाफदेहिता र प्रतिबद्धताको खबरदारी गर्न स्थापना भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरिरहेको छ । मानव अधिकार अवस्थाको विश्लेषण तथा मापन गर्ने कुनै भरपर्दो तथ्य र तथ्याङ्कको अभाव रहेको महसुस गर्दै इन्सेकले वर्ष पुस्तक प्रकाशनको सुरुआत गरेको थियो । राज्य तथा यसका अङ्ग मानव अधिकार रक्षक, नागरिक समाज, आमनागरिक तथा मानव अधिकारका बारेमा जानकारी लिन चाहने वर्गका निमित्त यो प्रकाशन महत्त्वपूर्ण श्रोत तथा सन्दर्भ सामग्रीका रूपमा रहने गरेको छ । मानव अधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी सम्पूर्ण घटनाको विवरण तथा तथ्य तथ्याङ्क तथा वर्षभरको मानव अधिकार अवस्था विश्लेषण समेटेर प्रकाशन गरिने नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्यको जबाफदेहिता र उसका प्रतिबद्धताप्रति निरन्तर प्रश्न उठाएको छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ ले सन् २०२० मा देशभर भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको तथ्य तथ्याङ्कका साथै न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकाले मानव अधिकार संरक्षण तथा संवर्द्धनका लागि खेलेको भूमिकाको समालोचना गरेको छ । आफ्ना ७७ जिल्लामा रहेका प्रतिनिधिहरूमार्फत सङ्कलन गरिएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अनुगमन र अभिलेखको विश्लेषण नै वर्ष पुस्तकको आधार स्तम्भ हो। इन्सेक प्रतिनिधिले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको प्राथमिक सूचना सङ्कलन गर्छन् र सङ्कलित घटनाको पुष्टि तथा पुनर्पुष्टिका लागि पीडित, पीडितको परिवार, प्रहरी, स्थानीय प्रशासन, राजनीतिक दल, मानव अधिकारकर्मी तथा सङ्घ संस्थासँग सहकार्य गर्छन्।

मानव अधिकारका विश्वव्यापी सिद्धान्त, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारका अन्तर्राष्ट्रिय सन्धि तथा अनुबन्धहरू र नेपालको संविधानलाई इन्सेकले मानव अधिकार अनुगमन तथा प्रलेखका लागि मार्गदर्शन मानेको छ । संविधानमा प्रत्याभूत सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रता, शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, निष्पक्ष न्यायिक अधिकार, बाल अधिकार, महिला अधिकार, समानता, छूवाछुत तथा भेदभाव विरुद्धको हक, सामाजिक सुरक्षा, खाद्य, आवास, निवारक नजरबन्द विरुद्धको अधिकार, यातना विरुद्धको हक लगायतका विषयमा आधारित रहेर इन्सेकले मानव अधिकार अनुगमन तथा अभिलेख गर्छ । सुशासन, पारदर्शिता र जबाफदेहिता मानव अधिकार मैत्री राज्यका आधारभूत सर्त हुन् भन्ने मान्यता र विश्वास इन्सेकले राख्दछ । सामाजिक न्यायको सुनिश्चितता, लोकतन्त्र, कानुनी शासन र मानव अधिकारमैत्री नीतिगत व्यवस्था आजको आवश्यकता हो।

इन्सेकले यस वर्षदेखि मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको तथ्य-तथ्याङ्क सङ्कलनका लागि मोबाइल एप तथा 'वेब'मा आधारित सफ्टवेयर प्रयोगमा ल्याएको छ। जिल्ला प्रतिनिधिहरूले आफूले अभिलेख गरेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना तथा तिनको विवरण मोबाइल एप वा कम्प्युटर सफ्टवेयरमा सङ्ग्रह गर्ने व्यवस्था मिलाइएको छ । यसरी सङ्ग्रहित घटना तथा तिनको विवरण सातै प्रदेशमा रहेका इन्सेकका प्रदेश कार्यालयहरूले रुजु तथा पुष्टि र पुनर्पुष्टिका गर्ने गर्छन् । आवधिक रूपमा आयोजना गरिने पूर्व समीक्षा बैठक तथा सम्पादन भेलामा सङ्कलित तथ्य, तथ्याङ्क र घटना विवरणलाई अन्तिम रूप दिइन्छ।

नेपालमा राजनीतिक तथा सामाजिक क्षेत्रमा भएका परिवर्तनका उपलब्धिहरूले राज्यको आधारभूत प्रणालीमा रूपान्तरण गरेको छ। लोकतान्त्रिक प्रणालीमा मानव अधिकारमैत्री विधिको शासनमार्फत सुनिश्चित गर्नु पर्ने सामाजिक न्यायका लागि राज्यको जबाफदेहिता अपरिहार्य हुन्छ । १२ बुँदे

समझदारी तथा विस्तृत शान्ति सम्झौताको जगबाट सुरु भएको नेपालको शान्ति प्रक्रिया तथा राजनीतिक रूपान्तरणका सवाल उपेक्षामा परेका हुन् की भन्ने आभास हुन थालेको छ। विश्वव्यापी आवधिक समीक्षा यूपीआरमार्फत व्यक्त गरिएका प्रतिबद्धता, मानव अधिकार राष्ट्रिय कार्ययोजनामा तय गरिएका लक्ष्य र नेपालको संविधानले सुनिश्चित गरेको आधारभूत स्वास्थ्यको अधिकारप्रतिको निगरानीजस्ता विषय नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ ले उठान गरेका सवालको रूपमा रहेको छ।

यसैगरी, यस पुस्तकमा सन् २०२० का मानव अधिकारका प्रमुख सरोकार, मानव अधिकार उल्लङ्घन र ज्यादती तथा तथ्य तथ्याङ्ककको जिल्लागत विवरण, राज्यका अङ्गहरूले मानव अधिकारका सवालमा गरेका अभ्यास तथा कार्यसम्पादनको विश्लेषण, सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारसँग सम्बन्धित सरोकारका प्रतिनिधिमूलक विषयहरू यसमा समेटिएका छन्।

**दण्डहीनताको निरन्तरता**

**सङ्क्रमणकालीन न्यायप्रति बेवास्ता**

द्वन्द्वकालीन गम्भीर अपराधमा क्षमादान दिन नमिल्ने भनी सर्वोच्च अदालतको पूर्ण इजलासले २०७१ फागुन १४ गते गरेको परमादेश विरुद्ध सरकारले २०७२ साउन ११ गते दिएको पुनरावलोकनको निवेदन न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा र डा. आनन्दमोहन भट्टराईको इजलासले २०७७ वैशाख १४ गते खारेज गऱ्यो।

द्वन्द्वकालीन मुद्दामा जबरजस्ती मेलमिलाप गर्न नहुने र गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई आममाफी दिने गरी मेलमिलापको कार्य माध्यमका रूपमा प्रयोग हुन नसक्ने भन्दै मानव अधिकार उल्लङ्घनकर्तालाई कारबाहीको सुनिश्चितता हुने कानुन बनाउन न्यायाधीशहरू कल्याण श्रेष्ठ, वैद्यनाथ उपाध्याय र चोलेन्द्रशमशेर जबराको इजलासले जारी गरेको परमादेशको कार्यान्वयनप्रति सरकारको जबाफदेहिता देखिएन। सशस्त्र द्वन्द्वकालीन मुद्दामा आममाफी र क्षमादान हुन नसक्ने भनी विभिन्न माध्यमबाट इन्सेकले निरन्तर आफ्नो धारणा राख्दै आएको छ। द्वन्दपीडित र मानव अधिकार रक्षकको निरन्तर निगरानी, खबरदारी र अभियानका बाबजुद पनि सर्वोच्च अदालतको परमादेश कार्यान्वयन सम्बन्धमा प्रगति हुन सकेन। परमादेशको कार्यान्वयनका लागि सरकारले गर्नु पर्ने प्रारम्भिक कार्य बेपत्ता पारिएका व्यक्ति छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को संशोधन गर्नुपर्ने आवश्यकता थियो। यस सन्दर्भमा खासै प्रगति हुन सकेन। विगतमाझैं यस वर्ष पनि दण्डहीनताको अन्त्य गर्ने सवाल सरकार, राजनीतिक दल र संसदको उपेक्षामा पऱ्यो।

विगत १३ वर्षदेखि उठेको यो सवालले अझैसम्म विश्वासयोग्य प्रकारबाट मूर्त रूप लिन सकेको अवस्था छैन। सशस्त्र द्वन्द्वोत्तर समाजमा अनिवार्यतः सम्पन्न गरिनुपर्ने कैयन् काम अझै पनि हुन सकेका छैनन्। द्वन्द्वकालमा भएका जघन्य अपराधमा संलग्न दोषी पत्ता लगाउने, तिनलाई कानुनको दायरामा ल्याउने, पीडित पक्षहरूको तथ्य सङ्कलन गरी न्याय तथा अन्य परिपूरणको व्यवस्था गरी समाजमा शान्ति स्थापना गर्ने काममा हालसम्म पनि आशलाग्दो प्रगति भएको पाइँदैन।

द्वन्द्वरत पक्षसँग कुनै सरोकार नभएका तथा द्वन्द्वको मारमा परेका कैयौँ मानिस बेसहारा तथा अपाङ्ग भएका थिए। उनीहरूको अवस्था सुधार गर्न तथा त्यस्ता व्यक्तिहरूको समस्यालाई सम्बोधन गरिएको पाइएन। पीडितलाई थकित तुल्याएर द्वन्द्वकालका सबै अपराध ओझेल पार्न खोजिएको त हैन भन्ने शङ्कालाई मलजल गरिरहेको भान हुन्छ। दण्डहीनताको यथास्थितिले तत्कालका लागि केही व्यक्ति तथा समूहलाई उन्मुक्ति तथा राजनीतिक संरक्षण गरेको भए पनि अन्त्यमा त्यसले जन्माउन सक्ने प्रतिहिंसा वा विषयको अन्तर्राष्ट्रियकरणबाट हुने क्षति देखिने प्रबल सम्भावना रहिरहन्छ। जुन कुरा द्वन्द्वरत पक्षधरलाई मात्रै होइन, समग्र मुलुकका लागि समेत प्रत्युत्पादक हुने निश्चित छ। तर, पनि यस विषयमा जिम्मेवार निकायहरूबाट गम्भीरतापूर्वक समाधानका प्रयास भएका देखिएको छैन।

विश्वव्यापी आवधिक समीक्षाको पहिलो र दोस्रो सत्रको सुनुवाइका क्रममा सरकारले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा व्यक्त गरेको प्रतिबद्धता, सर्वोच्च अदालतको परमादेश विपरीत बेपत्ता पारिएका व्यक्ति छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ मा संशोधन हुन सकेन। सरकारले २०७६ माघ ६ गते दुई सङ्क्रमणकालीन न्यायिक संयन्त्रमा पदाधिकारी नियुक्त गऱ्यो। पदाधिकारी नियुक्ति प्रक्रियाप्रति पीडित

# हत्या



मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार जीवनको अधिकार हो। तर, विभिन्न बहानामा मानिसहरूको हत्या हुने गरेको छ। यस वर्ष राज्यपक्षबाट सात जना पुरुष तथा अन्यपक्षबाट १ सय ५८ जना महिला र १ सय ८४ जना पुरुष गरी ३ सय ४२ जनाको हत्या भएको इन्सेकमा अभिलेख भयो।

# घाइते







शारीरिक रूपमा घाइते हुनका लागि अन्य कुनै न कुनै घटना कारण बन्छ। शरीरमा घाउचोट लाग्नका लागि घटनास्थल वरिपरी मानिस स्वयम् उपस्थित हुन्छ। बम विष्फोट, गोली लागेर, दोहोरो झडप, कुटपिटलगायतका कारण मानिस घाइते हुन्छन्। सन् २०२० मा देशभरका १ सय ५० जना घाइते भएका घटना इन्सेकमा अभिलेख भयो। जसमा चार जना महिला एसिड प्रहारबाट घाइते भए। दोहोरो झडप, प्रहरीको गोली लागेर घाइते भएकाहरूको उपचार सरकारले नि:शुल्क गर्ने भनिए पनि उपचार गर्ने वा खर्च लिने प्रक्रिया झञ्झटिलो भएको पीडितहरूले गुनासो गरे।

# सन् २०२० मा घटनाअनुसार पीडित सङ्ख्या

## प्रदेशका आधारमा



# अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार



नेपालको संविधानमा अभिव्यक्ति स्वतन्त्रताको हकको सुनिश्चितता गरिएको छ। यो वर्ष यस्तो अधिकारको प्रयोगमा केही खुकुलो भए पनि अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकारका घटनामा यस वर्ष ९४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

# कुटपिट



हतियार प्रयोग गरी वा नगरी पनि एकले अर्कालाई कुटपिट गरेका घटना सार्वजनिक भइरहेका हुन्छन्। व्यक्तिगत कुटपिटका घटना त हाम्रो समाजमा दिनहुँजसो भइरहेका हुन्छन्। तर, मानव अधिकार रक्षकमाथि गरिएका कुटपिटका घटनामा सन् २०२० मा राज्यपक्षबाट ९३ जना र अन्यपक्षबाट २ सय २७ जना गरी ३ सय २० जना पीडित भए। कुटपिटका कारण सामान्य घाइते हुने तथा अङ्गभङ्ग हुनेसम्मका घटना अभिलेख गरिएको छ। मानिसमा तत्काल आउने रिस र आवेगलाई नियन्त्रण गर्न नसक्दा कुटपिटका घटना हुन्छन्। एकले अर्काको कुरा राम्रोसँग सुन्ने गरे यस्ता घटनामा कमी आउँछ। इन्सेकमा अभिलेख भएका यस्ता धेरै घटना मेलमिलाप गरेर टुङ्ग्याइएको पाइयो।

र मानव अधिकार समुदायको असहमति विगतजस्तै कायम रह्यो। आयोग गठन भएको एक वर्षको अवधि पूरा हुँदा समेत दुवै आयोगले पीडितको न्यायको माग सम्बोधन गर्न ठोस पहलकदमी लिएको पाइएन।

यसअघि दुई पटक म्याद थप गरिएको चार वर्षे कार्यकालमा समेत सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६२ हजार र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा २ हजार ७ सय उजुरी सङ्कलन गर्ने कार्य मात्रै हुनुलाई पदाधिकारीबिचको किचलो, दलगत स्वार्थ, विषयवस्तु, सिप तथा क्षमताको अभाव, ऐन तथा कानुनमा भएका कमजोरी, न्यायका सरोकारलाई निरूपण गर्न सक्ने इच्छाशक्तिमा कमीको रूपमा लिइएको छ।

शान्ति सम्झौता सम्पन्न भएको १४ वर्षसम्म पनि द्वन्द्वमा भएका मानवीय तथा आर्थिक क्षतिको विवरण सार्वजनिक हुन सकेन । विस्तृत् शान्ति सम्झौताको बुँदा ५.२.३ मा बेपत्ता पारिएका र द्वन्द्वका समयमा मारिएकाहरूको वास्तविक नाम थर र ठेगाना निक्यौंल ६० दिनभित्र परिवारलाई जानकारी गराउने उल्लेख छ। सम्झौताको कार्यान्वयन हालसम्म हुन नसक्नु सङ्क्रमणकालीन न्याय सम्पादनमा सरोकारवालाहरूको उदासीनताको परिचायक बनेको छ।

**राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनको दुरावस्था**

२० वर्षको अवधिमा गरिएका सिफारिसहरूको कार्यान्वयन अवस्था विश्लेषणसहित सन् २०२० मा मानव अधिकार आयोगले प्रकाशन गरेको प्रतिवेदनमा आरोपित किटान गरिएका २ सय ८६ जनामध्ये १०.५ प्रतिशतलाई मात्र कारबाहीको दायरामा ल्याइएको उल्लेख छ। आरोपित मध्ये ८९.५ प्रतिशतले उन्मुक्ति पाउनुले लोकतन्त्र र कानुनी शासनप्रतिको जबाफदेहितामा प्रश्न उठेको छ । आयोगले गरेका ८ सय ४३ सिफारिसमध्ये जम्मा ३ प्रतिशतमा मात्र कारबाही भएको देखिन्छ । प्रतिवेदन अनुसार व्यक्ति किटान गरेर गरिएको सिफारिसमा एकजना मानव अधिकारकर्मी सहित नेपाल सरकारका सचिवलगायत निजामती सेवाका १६ कर्मचारी, नेपाल प्रहरीका ९८ जना, नेपाली सेनाका ८५ जना, सशस्त्र प्रहरी बलका आठ जना, नेकपा माओवादीका ६५ जना, चार जना शिक्षक, दुईजना चिकित्सकसहित सुराकी, प्रतिकार समूह, सेवागृह सञ्चालक एवम् कैदी समेत थप सात

**संस्थागत संलग्नताको आधारमा उल्लङ्घनकर्ताको अवस्था**

| क्र.सं. | संस्थाको नाम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निजामती कर्मचारी | १६ | ५.६० |
| २. | नेपाल प्रहरी | ९८ | ३४.२७ |
| ३. | नेपाली सेना | ८५ | २९.७३ |
| ४. | सशस्त्र प्रहरी | ८ | २.८० |
| ५. | नेकपा माओवादी | ६५ | २२.७३ |
| ६. | शिक्षक | ४ | १.४० |
| ७. | चिकित्सक | २ | ०.६९ |
| ८. | मानव अधिकारकर्मी | १ | ०.३४ |
| ९. | अन्य | ७ | २.४४ |
| जम्मा | | २८६ | १०० |

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोग*

जना रहेका छन्। आयोगले यस अवधिमा १ हजार १ सय ९५ ओटा सिफारिस गरेको र त्यसमध्ये ३ प्रतिशतको मात्र कार्यान्वन भएको प्रतिवेदनमा उल्लेख गरेको छ। प्रतिवेदनका अनुसार ९ सय ४० ओटा सिफारिस सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन् भने २ सय ५५ ओटा सिफारिसहरू अन्य सन्दर्भसँग जोडिएका छन्।

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनकर्ताको सूची समावेश भएको प्रतिवेदन प्रकाशन गर्नुले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका दोषी उपर कारबाही हुने आशा जागेको छ। भविष्यमा गरिने अनुसन्धान र न्यायिक प्रक्रियाप्रतिको पैरवीका लागि यस्ता सिफारिस सार्वजनिक हुनुलाई मानव अधिकार रक्षाको सवालमा भएको सकारात्मक पहलकदमीको रूपमा लिइएको छ। तर, आयुक्तहरूको कार्यकाल अन्त्य हुने समयमा मात्र उल्लङ्घनकर्ताको नाम सार्वजनिक गरिनुले आयोगले गर्नसक्ने पैरवीका कार्यमा जबाफदेहिताको कमी हुन सक्नेतर्फ राष्ट्रिय मानव अधिकार आयोग थप सचेत हुनुपर्ने देखिन्छ।

**विश्वव्यापी आवधिक समीक्षामा नेपालको सहभागिता**

विश्वव्यापी आवधिक समीक्षा (युपीआर), मानव अधिकार अवस्थाको समीक्षा गर्न संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को एक प्रक्रिया हो। यसले प्रत्येक राज्यलाई मानव अधिकारको अवस्था सुधार गर्न र त्यसप्रति व्यक्त गरिएका प्रतिबद्धताप्रतिको जबाफदेहिता पूरा गर्न कस्ता कदम चालिएको छ भनेर

# कोभिड नियन्त्रणमा नेपाल सरकारले गरेका निर्णयहरू

| क्र.सं. | नेपाल सरकारको निर्णय | मिति |
|---|---|---|
| १. | नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरयि समन्वय समिति गठन | २०७६ फागुन १८ गते |
| २. | नेपाल भारत सीमामा स्वास्थ्य टोली खटाउने र अत्यावश्यक बाहेक सीमा वारपार नगर्न नागरिकलाई अनुरोध गर्ने। | २०७६ फागुन २२ गते |
| ३. | दैनिक उपभोग्य वस्तुको खरिद र भण्डारण गर्ने। स्वास्थ्य सचेतनाका लागि पिएसए र जीङ्गल बनाउने। | २०७६ फागुन २७ गते |
| ४. | अन अराइभल भिसा १४ मार्चदेखि ३० अप्रिलसम्म स्थगन गर्ने। | २०७६ फागुन २९ गते |
| ५. | कोभिड नियन्त्रणका लागि रणनीति र क्रियाकलाप सार्वजनिक। | २०७६ चैत २ गते |
| ६. | काठमाडौँका ६ ओटा अस्पतालमा आइसीयूका १ सय २० बेड व्यवस्था। | २०७६ चैत ३ गते |
| ७. | जमघट हुने स्थानहरू (सिनेमा हल, रङ्गशाला, खेल स्थान, जिम, हेल्थ क्लव लगायत) चैत मसान्तसम्म बन्द गर्ने। सार्वजनिक यातायातमा सिट क्षमताभन्दा बढी यात्रु नचढाउने। | २०७६ चैत ५ गते |
| ८. | रोगबारेको सचेतनालाई व्यापक बनाउने। | २०७६ चैत ७ गते |
| ९. | लकडाउन गर्ने निर्णय। | २०७६ चैत ८ गते |
| १०. | कोभिड–१९ सम्बन्धी क्वारेण्टाइन व्यवस्थापन मापदण्ड २०७६ स्वीकृत। | २०७६ चैत १० गते |
| ११. | विदेशबाट आउने नेपालीका लागि आगमन र क्वारेण्टाइनको बसाइ व्यवस्थित गर्ने। | २०७६ चैत ११ गते |
| १२. | प्रदेश र स्थानीय तहले क्वारेण्टाइनको व्यवस्था गरी सञ्चालनमा ल्याउने। | २०७६ चैत १२ गते |
| १३. | सबै स्थानीय तहका वडाहरूमा महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई परिचालन गर्ने। | २०७६ चैत १४ गते |
| १४. | हवाइ उडान अप्रिल १५ सम्म स्थगित गर्ने। | २०७६ चैत १६ गते |
| १५. | सिजन अनुसार बाली लगाउन उठाउन दिने। | २०७६ चैत २० गते |
| १६. | वडा तहमा राहत वितरणलाई व्यवस्थित गर्ने। | २०७६ चैत २३ गते |
| १७. | हवाइ उठान ३० अप्रिलसम्म स्थगित गर्ने। | २०७६ चैत २५ गते |
| १८. | वैदेशिक रोजगारीमा परेको असर र प्रभावको अध्ययन गरी सुधारका लागि योजना बनाउन कार्यदल गठन। | २०७७ वैशाख ३ |
| १९. | कोभिड–१९ को सङ्क्रमणको रोकथाम, नियन्त्रण र उपचारको प्रदेशस्तरीय समन्वयका लागि मन्त्रीहरूलाई जिम्मेवारी। | २०७७ वैशाख ५ गते |
| २०. | हवाइ उडान १५ मेसम्म स्थगित गर्ने। | २०७७ वैशाख १३ गते |
| २१. | लकडाउन प्रभावकारी भएको ठहर। | २०७७ वैशाख १८ गते |
| २२. | लकडाउन निरन्तरताको सिफारिस गर्ने। | २०७७ वैशाख २३ गते |
| २३. | जेठ ५ गतेसम्म लकडाउन थप भएकाले आवश्यक सर्तकता बढाउने। | २०७७ जेठ २० गते |
| २४. | लकडाउन निरन्तरताको सिफारिस गर्ने। | २०७७ जेठ ४ गते |
| २५. | हवाइ उठान १४ जुनसम्म स्थगित। | २०७७ जेठ ६ गते |
| २६. | नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्ययोजना २०७७ लाई परि मार्जनसहित स्वीकृत। | २०७७ जेठ १६ गते |

# बाल अधिकार




नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार ४४ दशमलव ४ प्रतिशत १८ वर्षमुनीका बालबालिका छन्। बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ। शारीरिक रूपमा पनि बालबालिका वयष्क भन्दा कमजोर हुन्छन्। सोच्ने शक्ति पनि क्रमश विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाह्रो हुन्छ। जन्मँदै हत्या गर्ने, बेचबिखन तथा ओसारपसार, बालश्रम जस्ता घटना त अझै कति समाजमै लुकाइएको होला। तर, हाम्रो अभिलेखमा आएका यस्ता घटनामा १ हजार ४ सय ६१ जना पीडित भए। त्यसमध्ये सबैभन्दा बढी ९ सय ८९ जना बालिका बलात्कारका घटनाबाट पीडित भए। बलात्कार तथा यौन दुर्व्यवहारजस्ता संवेदनशील धेरै घटना अदालतमा विचाराधीन हुनुले न्यायिक निकायले न्याय निरूपणमा तदारूकता देखाउनु पर्ने आवश्यकता देखिन्छ।

प्रस्तुत गर्ने अवसर प्रदान गर्दछ। सन् २००६ को मार्च १५ देखि संयुक्त राष्ट्रसङ्घको साधारण सभाले युपीआरको प्रक्रिया सुरुआत गरेको हो।

नेपाल सरकारले युपीआरको तेश्रो प्रतिवेदन सन् २०२० को अक्टोबर महिनामा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चआयुक्तको कार्यालयमा बुझायो । नेपालले प्रस्तुत गरेको प्रतिवेदनले दोस्रो युपीआरमा स्वीकार गरिएका प्रतिबद्धता कार्यान्वयनको अवस्थाको समीक्षा प्रस्तुत गरेको भए पनि उपलब्धि हुन नसकेका विषयमा प्रतिवेदन मौन छ । खासगरी, सङ्क्रमणकालीन न्याय निरूपण, महिला तथा लैङ्गिक विभेद, जातीय छुवाछूत, बालश्रम, हानिकारक परम्परागत अभ्यासका कारण भएका विभेद र हिंसाको अन्त्यको क्षेत्रमा भएका प्रगतिलाई सरकारको प्रतिवेदनले तुलात्मकरूपमा प्रस्तुत गरेको छैन। हाल मानव अधिकार परिषद्को सदस्य राष्ट्रसमेत रहेको नेपालले यो प्रक्रियामा तथ्य, तथ्याङ्कसहितको आवधिक प्रतिवेदन सन् २०११ देखि सहभागिता जनाउँदै आएको छ। पहिलो समीक्षामा नेपालले प्राप्त गरेको १ सय ९१ सिफारिसमध्ये १ सय ३५ ओटा सुझाव स्वीकार गरेको र ५६ ओटा सिफारिस भने स्वीकार गरेन । सन् २०१५ को नोभेम्बर महिनाको दोस्रो समीक्षामा सुनुवाइमा प्राप्त १ सय ९५ सिफारिस मध्ये १ सय ५२ सिफारिस स्वीकार गरेको थियो भने ४३ सिफारिस नेपालले स्वीकार गरेको थिएन।

विभिन्न राष्ट्रले सङ्क्रमणकालीन न्याय, यातना, स्वेच्छाचारी थुना, गैरन्यायिक र सामूहिक हत्या, मानव अधिकार महासन्धि, बाल अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, महिला अधिकार, सीमान्तकृत समुदायका अधिकार, मानव बेचबिखन, प्राकृतिक प्रकोप, मानव अधिकार रक्षक जस्ता विषयमा सुझाव दिएका थिए। नेपालले पहिलो र दोश्रो समीक्षामा स्वीकार गरेका सुझावमध्ये सङ्क्रमणकालीन न्यायका सवालमा ठोस प्रगति र पहलकदमी भएनन् । अन्तर्राष्ट्रिय संयन्त्रमा गरिएको मानव अधिकारप्रतिको प्रतिबद्धता पूरा हुन नसक्नु चिन्ताको विषय भएको छ।

पहिलो र दोस्रो समीक्षामा जस्तै सन् २०२० मा पनि युपीआरका लागि गैरसरकारी संस्थाको सचिवालयको रूपमा इन्सेकले नागरिक संस्थाको तर्फबाट प्रतिवेदन प्रस्तुत गऱ्यो । ४ सय ४० नागरिक संस्थाहरू सदस्य रहेका सञ्जालको सचिवालयले तयार पारेको नागरिक संस्थाको प्रतिवेदनमा नेपालको समग्र मानव अधिकार अवस्था, महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मुस्लिमलगायत अन्य पछाडि पारिएका वर्ग, लैङ्गिक अल्पसङ्ख्यक, मधेस, हरूवा चरुवाजस्ता समुदायको मानव अधिकारको अवस्थासम्बन्धी विषय समावेश गरिएको छ । प्रतिवेदनमा राष्ट्रिय मानव अधिकार संस्था, मानव अधिकार रक्षक, गैरन्यायिक हत्या, स्वेच्छाचारी गिरफ्तारी, सङ्क्रमणकालीन न्यायका अवस्था लगायतका विषयमा नेपालको अवस्था प्रकाश पार्दै विभिन्न सिफारिसहरू गरिएको छ।

**मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना**

नेपाल सरकारले सन् २०२० मा पाँचौ मानव अधिकार कार्ययोजना सार्वजनिक गऱ्यो। आगामी पाँच वर्षका लागि सार्वजनिक गरिएको कार्ययोजनाले नेपालको संविधानले निर्दिष्ट गरेका मानव अधिकारका आधारभूत मूल्य र नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि र अनुबन्ध मुताविक सामाजिक न्याय सुनिश्चित गर्न मानव अधिकारमैत्री विधिको शासन कायम गर्दै विकास, संरक्षण र सशक्तिकरणमार्फत अधिकार सम्पन्न नागरिक र मानव अधिकारमैत्री संस्कृति निर्माण गर्ने लक्ष्य लिएको छ। यस कार्ययोजनाले लिएका लक्ष्य प्राप्त गर्न तीनै तहका सरकारको जिम्मेवारी निर्धारण गरिएको छ।

कार्ययोजनाको कार्यान्वयनका लागि नेपाल सरकारले स्थानीय र प्रदेश सरकार तथा निर्वाचित पदाधिकारीहरू साथै योजना कार्यान्वयन गर्ने निकायका अधिकारीहरूलाई तालिम तथा अभिमुखिकरण कार्यक्रमहरूमार्फत प्राथमिकता साथ गर्नुपर्ने र कार्यान्वयनका लागि आवश्यक निर्देशन गर्नुपर्ने देखिन्छ। नागरिक सङ्घ संस्थालाई कार्ययोजना कार्यान्वयन र अनुगमनको साझेदारका रूपमा स्वीकार गर्न नागरिक संस्थाहरूको तर्फबाट इन्सेकले सुझाव प्रदान गरेको थियो । मानव अधिकार रक्षकहरूको सुरक्षा तथा क्षमता अभिवृद्धिका लागि सङ्घीय, प्रदेश तथा स्थानीय सरकारले श्रोत तथा कानूनी प्रबन्ध गर्न नसक्नु, उपलब्धि मापक सूचकाङ्कहरू सरल र मापन योग्य नहुनुले कार्ययोजनाको प्रगति मूल्याङ्कन गर्न कठिन हुनेछ।

**विधिको शासन र लोकतान्त्रिक अभ्यास**

सन् २०२० को अन्त्यतिर प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटनका लागि गरेको सिफारिस मुताविक राष्ट्रपति विद्यादेवी

भण्डारीले प्रतिनिधि सभा विघटनको घोषणा गरेको राष्ट्रपति कार्यालयद्वारा २०७७ पुस ५ गते जारी विज्ञप्तिमा उल्लेख थियो । विज्ञप्तिमा २०७८ साल वैशाख १७ र २७ गते निर्वाचन हुने उल्लेख छ। सरकारको यस कार्यलाई नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक प्रणालीको स्थायित्व माथिको सङ्कटको रूपमा सत्तारूढ दलको (प्रचण्ड–माधव) पक्ष र प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले टिप्पणी गरे । सर्वोच्च अदालतमा परेका त्यससम्बन्धी १४ ओटा रिट निवेदन उपरको न्यायिक निरूपणका लागि संवैधानिक इजलास गठन भएको छ । अदालतमा विचाराधीन मुद्दाको किनारा नलागुञ्जेलसम्म विषयको पक्ष र विपक्षमा गरिएका क्रियाकलाप तथा अभिव्यक्तिहरू विधिको शासन, मानव अधिकार र संविधानको सर्वोच्चताप्रति जबाफदेही रहन सकेको छैन।

विपक्षी दलका नेता तथा सभामुखले संवैधानिक परिषद्को बैठकमा भाग नलिएपछि सरकारले संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिसम्बन्धी ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरी मानव अधिकार आयोग लगायत अन्य संवैधानिक आयोगहरूमा नियुक्तिका लागि गरेको सिफारिसहरू पनि विवादित भयो । अध्यादेशमार्फत संवैधानिक परिषद् ऐन संशोधन गरिनु र त्यसलगत्तै प्रतिनिधिसभा विघटन हुनुले संवैधानिक निकायमा नियुक्त हुनेहरूको जवाफदेहिता र संसदीय सुनवाइमार्फत हुने परीक्षणको प्रकृया कमजोर भयो।

सत्तारूढ राजनीतिक दलको सङ्गठनभित्र देखापरेका आन्तरिक अन्तरविरोधका कारण यस वर्ष संसदको हिउँदे र बर्खे अधिवेशन प्रभावित भयो । संसदमा दर्ता भएका विधेयकहरू माथिको जारी प्रक्रिया अबरुद्ध भयो । निर्वाचित संसद कायम रहेको अवस्थामा अध्यादेशमार्फत शासन गर्ने अभ्यास संस्कृतिमा रूपान्तरण हुन सक्ने खतरातर्फ प्रमुख प्रतिपक्ष दल र सत्तापक्षको ध्यान नपुगेको देखियो । लोकतन्त्र, विधिको शासन र सामाजिक न्यायका लागि सुदृढ तथा जबाफदेही राजनीतिक दल जरुरी रहन्छ । संसदीय अभ्यास कमजोर हुन नदिन नेपालको संविधान तथा आफ्ना चुनावी घोषणापत्र स्मरण गर्नु राजनीतिक दलहरूको मूल दायित्व हो।

**कोभिड–१९ को सङ्क्रमण र मानव अधिकारको अवस्था**

सन् २०१९ को डिसेम्बर महिनादेखि सुरु भएको कोभिड–१९ को सङ्क्रमणले सन् २०२० मा विश्वव्यापी महामारीको रूप लियो । यस वर्षको अन्त्यसम्म विश्वभरिमा यो रोगको सङ्क्रमणका कारण ८ करोड ३० लाख २२ हजार ५६ सङ्क्रमितमध्ये १८ लाख १० हजार ५ सय ४ व्यक्तिको मृत्यु र ५ करोड ८८ लाख २ हजार ८ सय ९५ जना सङ्क्रमण मुक्त भएको तथ्याङ्क वर्ल्डोमिटर (Worldometer) ले सार्वजनिक गरेको छ । सन् २०२० को अन्त्यसम्म नेपालमा २ लाख ६० हजार ५ सय ९३ सङ्क्रमितमध्ये २ लाख ५२ हजार ३ सय ५९ जना निको भएको र १ हजार ८ सय ५६ जना कोभिड सङ्क्रमितको मृत्यु भएको तथ्याङ्क स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको छ। नेपालमा कोभिड–१९ बाट सङ्क्रमित भई निको हुनेको सङ्ख्या ९८.६ प्रतिशत रहेको भए पनि यस वर्षको अन्त्यसम्म यसको त्रास हटेन।

कोभिडका कारण रोजगारी गुमाउने र उद्योग व्यवसायबाट पलायन हुनेहरूको संख्या ठूलो छ। यसले आर्थिक विकासको गति मन्द र सुस्त भएको छ। नेपाल सरकारले यस रोगको रोकथाम, नियन्त्रण र उपचारमा आफ्ना प्रयासहरूको थालनी समयमै गर्न नसकेका कारण सङ्क्रमणको त्रास बढेको र विदेशमा रहेका नेपालीको उद्दारका लागि दबाबको सामना गर्नुपरेको थियो । सरकारले नेपाल वायुसेवा निगमको चार्टर्ड विमानमार्फत चीनको हुवेईस्थित वुहान सहरबाट सन् २०२० को फ्रेब्रुअरी १५ मा १ सय ७५ जना नेपालीको विद्यार्थीको उद्धार गऱ्यो । तर, अन्य देशमा रहेका नेपालीहरूको सोहीबमोजिम उद्धार नगरेको मा सरकार आलोचित बन्यो । नेपाल सरकारले सन् २०२० मार्च २४ गतेदेखि २०२० जुलाइ २१ तारिखसम्म बन्दाबन्दी घोषणा गऱ्यो। बन्दाबन्दी लागु गरिएको दिन दुई जनाको सङ्ख्यामा रहेका सङ्क्रमितको सङ्ख्या बन्दाबन्दी अन्त्य गर्ने घोषणा भएको दिन १७ हजार ९ सय ९४ पुगेको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग फोनवार्ता गरी आ–आफ्ना देशमा रहेका दुवै देशका नागरिकको व्यवस्थापन गर्ने सहमति भएता पनि भारतमा तीव्र गतिमा फैलिएको सङ्क्रमण र भारतमा भएको देशव्यापी बन्दाबन्दी कारण ठूलो सङ्ख्यामा नेपाली स्वदेश

# गिरफ्तारी



यस वर्ष गिरफ्तारीका घटनामा ३ सय ७० जना पीडित भएको अभिलेख भयो। जसमध्ये महिलाको सङ्ख्या ३१ थियो। गिरफ्तार गरिएका व्यक्तिलाई पक्राउ पुर्जी नदिइनेजस्ता घटना अभिलेखमा छन्। गिरफ्तारी शीर्षकअन्तर्गत भेला तथा सङ्गठित हुने अधिकार हनन् भएका घटना अभिलेख छन्। गिरफ्तारी, पुनः गिरफ्तारी तथा गिरफ्तार गरिएका व्यक्तिलाई पुर्जी नदिइने तथा आफन्तलाई भेट्न नदिने जस्ता घटनाका पीडितको सङ्ख्या यस शीर्षकअन्तर्गत अभिलेख गरिएका छन्। गिरफ्तारीको कारण स्पष्ट गर्नुपर्ने कानुनका बाबजुद यसप्रकार घटनाका पीडितलाई सो अनुसारको व्यवहार नगरिएको घटना अभिलेख भए।

# सन् २०२० मा घटनाअनुसार पीडित सङ्ख्या

## घटनाका आधारमा

| | राज्य पक्ष | | | अन्य पक्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | तेस्रो लिङ्गी | महिला | पुरुष | नखुलेको | जम्मा | कूल जम्मा |
| अपहरण | | | | | ९ | ८ | | १७ | १७ |
| गिरफ्तारी | ३१ | ३३९ | ३७० | | | | | | ३७० |
| कुटपिट | ९ | ८४ | ९३ | | ३९ | १८८ | | ३२७ | ३३० |
| बाल अधिकार | | | | | १४१० | ४१ | | १४६१ | १४६१ |
| हिरासतमा मृत्यु | १ | ५ | ६ | | | | | | ६ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | ११ | ११ | | ३ | ३ | १ | ६ | १७ |
| अमानवीय व्यवहार | ३ | ५ | ७ | | ३ | १६ | | १८ | ३५ |
| घाइते | ३ | ३० | ३३ | | ३१ | १०६ | | १३७ | १५० |
| हत्या | | ७ | ७ | १ | १५८ | १८४ | | ३४३ | ३५० |
| जातीय विभेद | | | | | ३३ | ३५ | | ४८ | ४८ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १० | ८४ | ९४ | | | | | | ९४ |
| धम्की | | ९ | ९ | | १ | १५ | | १६ | ३५ |
| यातना | | ९ | ९ | | | | | | ९ |
| महिला अधिकार | १ | | १ | | ३६०५ | | | ३६०५ | ३६०६ |
| कारागारमा मृत्यु | १ | ४४ | ४५ | | | | | | ४५ |
| कूल जम्मा | ५८ | ६१७ | ६७५ | १ | ४३७१ | ५९५ | १ | ४८६८ | ५५४३ |

फर्किए । भारतबाट नेपाल फर्किएका मानिसहरूको आवगमन सहज बनाउन सरकारको तयारीमा कमी देखियो । भारतबाट फर्किएकाहरू कैयौँ दिन सिमानामा बस्न बाध्य भए । सुरुका दिनमा आवश्यक स्वास्थ्य सामग्रीको अभाव, सङ्क्रमितको व्यवस्थापनमा देखिएको कमजोरी, क्वारेण्टाइन र आइसोलेसन केन्द्रको कमजोर व्यवस्थापन जस्ता कारण कोभिड सङ्क्रमण नियन्त्रणमा आउनुको बढ्दै गयो । सरकारले यस अवधिमा ९ सय ४२ आइसीयू तथा ४ सय ९६ भेण्टिलेटर थप गऱ्यो । स्थानीय सरकारहरूले महामारी नियन्त्रणका लागि गरेका प्रयासका कारण उनीहरूको महत्व बढेको आभास भयो । सङ्क्रमितको परीक्षण तथा उपचार निःशुल्क गर्ने सरकारी प्रयास सराहनीय मानियो । महामारी नियन्त्रण गर्न आवश्यक पर्ने संयन्त्र, मानवीय तथा आर्थिक स्रोत साधनको उपलब्धता तथा तयारीका बारेमा राज्यको तदारूकता तथा तयारीको महत्त्व यसपटकको महामारीले सिकायो ।

**राज्य र मानव अधिकार**

**न्यायपालिका**

सन् २०२० मा हालको पुस्ताले कहिल्यै नव्यहोरेको महामारीको कहर बेहोर्नु पऱ्यो । सङ्क्रमणबाट बच्न भन्दै सरकारले २०७६ चैत ११ गते बन्दाबन्दीको घोषणा गरेको थियो । बन्दाबन्दीले जनताको जीवनमा प्रत्यक्ष असर पाऱ्यो भने राज्यका सबै अङ्गहरूबाट प्राप्त हुने सेवाहरू अवरुद्ध भयो । न्यायालय पनि न्याय सम्पादन गर्ने कामबाट प्रभावित भयो । यस परिस्थितिमा व्यक्तिका सबै किसिमका मानव अधिकारका विषयहरू ओझेलमा पर्ने अवस्था सिर्जना भयो । बन्दाबन्दीको समयमा पनि सर्वोच्च अदालत लगायत उच्च अदालतहरू तथा जिल्ला अदालतहरूमा बन्दीप्रत्यक्षीकरण, बाल सुधारगृहका निवेदनउपर र पक्राउ पुर्जी अनुमति र समर्थनसम्बन्धी कार्यमात्र गर्ने गराउने विशेष निर्णय गरेको थियो । कोभिड-१९ को महामारी र बन्दाबन्दीको अवस्थामा पनि स्वास्थ्यको हक, खाद्यान्नको हक, सहज ढङ्गले आफ्नो मुलुकमा प्रवेश गर्ने पाउने हकसम्बन्धमा सर्वोच्च अदालतले विभिन्न निर्देशन तथा फैसलाहरू गऱ्यो । सर्वोच्च अदालतले बन्दाबन्दीको समय गणना नहुने महत्त्वपूर्ण निर्णय गर्दै बन्दाबन्दी खुलेको मितिले कम्तीमा ३० दिनसम्म मुद्दा दर्ता र तारेखसहितका लागि थप समय उपलब्ध गराउन परमादेश जारी गऱ्यो । सर्वोच्च अदालतले बन्दाबन्दीका कारण मुद्दाका हदम्याद, तारेख लगायतका विषयमा परेको अङ्चनलाई निकास दिने गरी उक्त निर्णय गरेको थियो । मानव अधिकार वर्ष पुस्तकको सन् २००७ देखियताका अङ्कहरूमा सङ्क्रमणकालीन न्याय सम्बन्धमा राज्यको जबाफदेहिताको कमीलाई प्रमुखताकासाथ उठाउँदै आएको छ । यसवर्ष सर्वोच्च अदालतले २०७१ फागुन १४ गते द्वन्द्वकालका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाका दोषीले आममाफी र क्षमादान नहुने फैसला पुनरावलोकन गर्न सरकारले दिएको निवेदन पुनरावलोकन गर्नु नपर्ने ठहर गऱ्यो । यसरी सर्वोच्च अदालतले द्वन्द्वकालीन घटनामा संलग्नलाई आममाफी र क्षमादान गर्ने खालको कानुन बनाउन सरकारलाई निरूत्साहित गऱ्यो । प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ पुस ५ गते संविधानको धारा ७६ लाई आधार बनाएर प्रतिनिधि सभा विघटनको सिफारिस गरेपछि परेको रिटलाई प्रधानन्यायाधीश चोलेन्द्रसमशेर राणाले पुस ७ गते संवैधानिक इजलासमा पठाएको विषय पनि चर्चामा रह्यो ।

कोभिड-१९ को महामारीमा राज्यका सबै अङ्ग प्रभावित भए र नागरिकका हकहरू पनि सीमित भए । यस अवस्थामा पनि सर्वोच्च अदालत लगायत मातहतका अदालतबाट नागरिकका आधारभूत हकहरू प्रचलनका लागि विभिन्न फैसला, आदेश, निर्देशन र सूचनाहरू जारी भए । खाद्यान्न, स्वास्थ, सहज आवतजावत, बन्दीप्रत्यक्षीकरण, बालसुधार गृहसम्बन्धी कार्यलाई बन्दाबन्दी र निषेधाज्ञाको समयमा समेत निरन्तरता दिन सक्षम भएको पाइयो । त्यसैगरि, बन्दाबन्दी र निषेधाज्ञाको अघि र पछिको अवधिमा सङ्क्रमणकालीन न्यायसम्बन्धी, महिला आयोगमा पदाधिकारी नियुक्ति, स्वतन्त्रताको हकसम्बन्धी विभिन्न फैसला/आदेश र निर्देशन जारी गऱ्यो ।

**कार्यपालिका**

सतारूढ दल भित्रको वादविवादले सरकारका कतिपय निर्णयहरू कार्यान्वयन हुन सकेनन् भने यस वर्षको बजेट अधिवेशनका रूपमा चिनिएको सङ्घीय संसदको अधिवेशन अकस्मात अन्त्य भयो । संसदको अन्त्यपछि नागरिकता विधेयक, राष्ट्रिय मानव अधिकार आयोगको विधेयक, मिडिया काउन्सिल लगायत अन्य मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने अन्य विधेयकहरूले कानुनको रूप

लिन पाएनन् । प्रदेश सरकारहरूले संविधान तथा कानुनहरूमा उल्लेख गरेबमोजिमका अधिकार तथा साधन स्रोतहरूको बाँडफाँडमा सङ्घीय सरकार सकारात्मक नभएको आधिकारिक प्रश्न उठ्यो । मौलिक हक तथा मानव अधिकारका विविध विषयहरूलाई कार्यान्वयन गर्न जारी गरिएका ऐनहरूको व्यवहारिक कार्यान्वयनका लागि निर्माण गरिनुपर्ने नियमावली तथा नीतिहरू यस वर्ष पनि जारी भएनन् । फलस्वरुप संविधान तथा ऐनमा उल्लेख गरिएका मौलिक हकहरूको व्यवहारिक कार्यान्वयनमा जटिलता कायमै रहेको देखियो ।

विश्वव्यापी महामारीकोरूपमा आएको कोभिड–१९ को प्रभावलाई न्यूनीकरण गर्न सरकारले मानिसको आवातजावत, व्यवसाय, कारोबार तथा कार्यालयहरूमा निषेध तथा बन्दाबन्दी गरी विभिन्न निरोधात्मक उपायहरूको अवलम्वन गरेको थियो । शुरुआती समयमा नियन्त्रणमा रहेको यो भाइरसको प्रभाव बन्दाबन्दी खुकुलो हुने बित्तिकै नियन्त्रण बाहिर गएको थियो । सङ्क्रमणका कारण करिब २ हजारको मृत्यु भएको, उपचार गर्न नपाएर घरमै तथा अस्पतालले भर्ना नलिँदा ज्यान गुमाउनु परेको, महँगो र सीमित मात्रामा उपचारको व्यवस्था तथा पर्याप्त सावधानीका उपाय अबलम्वन गराउन नसक्दा कारणबाट नागरिकले सास्ती व्यहोर्नु पऱ्यो । महामारीको रूपमा रहेको सरुवा रोग तथा प्राथमिक रोगको उपचार सरकारले निःशुल्क गर्नुपर्ने संवैधानिक तथा कानुनी प्रावधानहरूको पटक पटक उल्लङ्घन भयो । निजी अस्पतालहरूले चर्को उपचार शुल्क लिएको विषय व्यापक रूपमा उठेको भए पनि सरकारले अनुगमन कार्यलाई प्रभावकारी बनाउन सकेन । बाढीपहिरो तथा अन्य प्राकृतिक विपत्तीहरूबाट ३ सय भन्दा बढी नागरिकको मृत्यु भयो । विपत् पीडितहरूलाई सुरक्षित आवासको व्यवस्था गर्न नसक्नु, उद्दार, पुनर्स्थापना तथा उपचारको व्यवस्थामा केही कार्यहरू भए पनि ती पर्याप्त नभएको पाइयो । बन्द गरिएका सरकारी तथा निजी विद्यालय, कलेज तथा विश्वविद्यालयहरू यस वर्षको अन्त्यतिर विस्तारै खुलेको भए पनि विद्यार्थीहरूको शिक्षा प्राप्त गर्ने अधिकारको हनन् भयो । शिक्षा क्षेत्रमा भएको क्षतिलाई सम्बोधन गर्ने कुनै योजना सरकारले ल्याएको देखिएन । महिला हिंसाका घटनाहरूमा कमी आएन । महिला विरुद्धको गम्भीर हिंसाको स्वरुपमा रहेको छाउपडी प्रथाको अन्त्यको लागि भन्दै यस वर्ष स्थानीय प्रशासन तथा प्रहरीले करिब ३ सय छाउगोठहरू भत्काए । सामाजिक चेतना तथा स्थानीयको सहभागिता तथा बेवास्ताका कारण यो अभियान प्रभावकारी हुन सकेन । यसबिचमा छाउगोठहरू पुनः निर्माण हुन थालेको समाचारहरू प्रकाशित भए । जातीय विभेदको विद्यमानता, जीवनको अधिकार, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनुजस्ता कारणले मौलिक हक उपयोगमा अझै टाढाको कुरा हुन गयो । आप्रवासी कामदार माथि हुने र भएको श्रम शोषण, असुरक्षित कामका कारण बढेको मृत्यु दर चिन्ताको विषय भयो । दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, महिला, अल्पसङ्ख्यक, ज्येष्ठ नागरिकलगायतको अधिकारको संरक्षणमा राज्य कहीँ न कहीँ चुकेको देखियो ।

**व्यवस्थापिका**

विधि, प्रक्रिया तथा सत्तारूढ राजनीतिक दलभित्रको खिचलोका कारण यो वर्ष संसदका काम कारबाही प्रभावकारी हुन सकेनन् । संसदमा उठेको विषयले महत्त्व नपाउने र उठेका विषयको सम्बोधन समेत भएनन् । लामो समयदेखि विचाराधीन अवस्थामा रहेका विधेयकहरू अलपत्र नै रहे । संसदमा रहेको मानव अधिकार आयोगसम्बन्धी विधेयक, मिडिया काउन्सिलसम्बन्धी विधेयक जसउपर व्यापक विरोधका स्वर सुनिएका थिए तिनका बारेमा संसद्मा छलफल नै हुन पाएन । संसदमा हुने न्यून उपस्थिति, सांसद् विकास कोष, लामो समयसम्मको अवरोधजस्ता विषय यो वर्ष पनि आलोच्य रह्यो । संसदीय समितिहरूले निर्देशन दिने तर सम्बन्धित निकायले त्यसको परिपालना नगर्ने परिपाटी कायम र हँदा संसदीय समितिहरूले गरेका निर्देशन र निर्णहरूको औचित्य माथि प्रश्न चिन्ह उठ्यो । उपसभामुख बिना एक वर्ष संसदका गतिविधि भए ।

पाँच वर्षका लागि निर्वाचित संसद २०७७ पुस ५ गते विघटन गरियो । जसरी २०४८ सालपछिका संसद् राजनीतिक दाउपेचको शिकार भएका थिए । यसपटक पनि यही नियति दोहोरियो । संसद् विघटनलाई केही राजनीतिक दल तथा प्रवुद्ध व्यक्तित्वले संवैधानिक 'कू' को संज्ञा दिए । संसद् विघटनलाई प्रधानमन्त्रीको राजनीतिक अधिकारका रूपमा व्याख्या पनि गरियो । अदालतमा विचाराधीन विषयमा बोल्न हुने वा नहुने भनी नेपाली कांग्रेसमा दुईमत देखा पऱ्यो । लोकतन्त्रमा

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार







ठ्याक्कै नदेखिने तर धेरै मानिस पीडित हुने घटना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित हुन्छन्। तर, त्यस्ता घटना तथ्याङ्कका रूपमा उतार्न कठिन छ। यस्ता अधिकारबाट पीडित हुनेको सङ्ख्या अभिलेखमा उतारिएको भन्दा पक्कै पनि बढी छ भन्ने कुरा घटनाका प्रवृत्तिबाट थाहा हुन्छ। आफ्नो सम्पत्तिमा अरूले नै कब्जा गर्ने, ज्यालाबाट वञ्चित गर्ने, ज्यालामा भेदभाव र जागिरबाट नै निष्काशन गरिएका १६ जना पीडित भएको सन् २०२० मा इन्सेकमा अभिलेख गरियो।

संसद् विघटन र ताजा जनादेशको विषय सामान्य नै हुने भए पनि स्थिरताका पक्षमा रहेका नेपाली जनता तोकिएकै समयमा निर्वाचन हुन्छ की हुँदैन वा भए पनि यसले स्थिरता ल्याउँछ की ल्याउँदैन भन्ने विषयमा चिन्तित भए।

**आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका प्रदेशगत सवाल**

**श्रम ऐनमा नसमेटिएका इलाम र झापाका चिया मदजुर**

नेपाल सरकारले २०७४ साउन १ गतेदेखि लागू हुने गरी श्रम ऐन जारी गरेपछि सङ्गठित वा असङ्गठित श्रमिकहरूको न्यूनतम ज्याला र सामाजिक सुरक्षाका विषयहरू कार्यान्वयनमा आउने र श्रमिकले न्यूनतम ज्याला पाउने अपेक्षा गरिएको थियो। संविधानले धारा ३४ मा श्रमको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेपछि पारिश्रमिक र सामाजिक सुरक्षासँग जोडिएका समस्याहरू हल भएर जाने निश्चित भएको थियो। संविधानले पारिश्रमिक लिइ रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुरलाई श्रमिकका रूपमा परिभाषित गऱ्यो। प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई संविधानले श्रमको हकमा सम्बोधन गऱ्यो। श्रमको मूल्य र श्रमिकको सामाजिक सुरक्षाका विषयमा कानुन अब्बल भए पनि व्यवहारिक कार्यान्वयन नहुँदा चिया मजदुरका समस्या ज्युँका त्युँ छन्।

**'बोक्सी'को आरोपमा महिलामाथि हुने हिंसाः सामाजिक कुरीतिको दुष्चक्र**

गरिबी, अशिक्षा, चेतनाको कमी, परम्परागत धारणा, सामाजिक मूल्य मान्यता, धार्मिक अन्धविश्वासका कारण महिला उपर विभिन्न खालका हिंसा हुने गरेका छन्। ती हिंसाहरू मध्ये एक हो 'बोक्सी'को आरोपमा महिलामाथि हुने हिंसा। 'बोक्सी'को आरोपमा दुर्व्यवहार सहेकामध्ये सबैको पहुँच कानुनसम्म पुग्दैन। न्यून आर्थिक श्रोत, अशिक्षा, न्यायमा पहुँच नभएका, सामाजिक डरत्रास, असुरक्षा र लोकलाजका कारण पीडितहरू दुर्व्यवहार सहेर बस्न बाध्य हुन्छन्। 'बोक्सी'को आरोपमा महिलाउपर कुटपिट, कपाल मुण्डन र अभक्ष कोच्याउने जस्ता हिंसाका घटनाहरू कमी आएको छैन। प्रदेश २ मा सन् २०२० मा 'बोक्सी'को आरोपमा २४ जना र सन् २०१९ मा १४ जना महिला हिंसामा परेको अभिलेख इन्सेकसँग छ। सामाजिक मूल्य, मान्यता, परम्परा र विश्वासका कारण यस्तो हिंसाले समाजमा संरक्षण र बढावा पाइरहेको छ। 'बोक्सी'को आरोप लागेका महिलाले समुदायका सदस्यका साथै आफ्ना परिवार र धामीझाँक्रीबाटै चरम प्रकृतिको शारीरिक र मनोसामाजिक हिंसाको सामना गर्नुपर्ने हुन्छ। अति भएको अवस्थामा 'बोक्सी'को आरोप तथा उत्पीडनमा परेकी महिलाले आत्महत्यासम्म गरेका उदाहरणहरू छन्। पछिल्लो समयमा 'बोक्सी'को आरोप तथा उत्पीडनलाई आर्थिक लाभका लागि, सम्पत्ति र भूमि कब्जा गर्न र अन्यमाथि शक्ति र नियन्त्रण राख्न पनि प्रयोग गरिएको पाइएको छ।

'बोक्सी' शब्दले नै पीडा र त्रासको प्रतिनिधित्व गरेको हुन्छ। विशेषगरी गाउँमा कुनै मानिस बिरामी भयो वा मृत्यु भयो भने धामी-झाँक्रीको झारफुकको प्रभावमा परेर कसैमाथि 'बोक्सी'को दोष लगाई निर्मम यातना दिने गरिन्छ। कतिपय घटनाहरू सञ्चार माध्यमसम्म आइपुग्छन् त कतिपय आउँदैनन्।

विभिन्न समयमा सार्वजनिक प्रकाशनमा आएका चरम दुर्व्यवहार एवम् क्रुर यातनाका घटनाहरूले सबैलाई सोच्न बाध्य बनाउन पुग्छ। यस किसिमको घटनाले सर्वसाधारणमा भयको वातावरण पैदा गर्दछ। टुनामुना, तन्त्र-मन्त्र गरेको भनि कसैमाथि बोक्सीको दोष लगाउनु सामाजिक तथा कानुनी अपराध मानिन्छ। कुनै व्यक्ति 'बोक्सी' हो भनी तय गर्ने कुनै आधार कसैले दिन सक्दैन। तर, पनि समाजमा 'बोक्सी'को नामबाट कुनै पनि व्यक्तिमाथि हुने अमानवीय व्यवहार, यातना, हिंसाजस्ता कार्यको अन्त्य हुन सकेको छैन। बोक्सीको आरोप लगाइ कपाल मुण्डन गर्ने, गाउँ घुमाउने, पञ्चायती बसेर अपमानित तथा दुर्व्यवहार गर्ने, कुटपिट तथा यातना दिने र अभक्ष कोच्याउने आदि जस्ता हिंसा हुने गरेको पाइन्छ।

**प्राकृतिक विपत्ले पारेको प्रभावः सिन्धुपाल्चोक जिल्लाको अध्ययन**

जनधनको नोक्सान कम गर्न केही काम भएको र जोखिम क्षेत्र भनेर पहिचान गरिए पनि समयमै बस्तीलाई स्थानान्तरण नगर्दा धेरैले ज्यान गुमाउनु परेको र कतिपयलाई पहिले नै सावधान गराउँदा समेत उनीहरू थातथलो छोडेर अन्यत्र जान नचाहँदा धेरै क्षति व्यहोर्नु परेको देखिन्छ। स्थानीय स्वयम्ले पनि पटकपटक जोखिम भयो 'बस्ती सारी दिनुपऱ्यो'

भन्दै पटकपटक आग्रह गरेका हुन् । त्यस भेगका लाम्फा, सञ्चगाउँ, लिदी, झुल्के, निम्लुङ, बैगानका पाँच सयभन्दा बढी घर सार्न माग गरेका थिए ।

पहिरोले ठूलो जनधनको क्षति ब्यहोरेको सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिकाको लिदी लगायतका जोखिममा रहेका बस्तीहरू स्थानान्तरण गर्न विज्ञ समूहको टोलीले सिफारिस गरेको छ । बाढी पहिरोले वर्षाको समयमा ठूलो जनधनको क्षति भएपछि सरकारले सिन्धुपाल्चोक जिल्लालाई विपत् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो । सरकारले उक्त क्षेत्र लगायत आसपासका जोखिम बस्तीको भौगर्भिक अध्ययनका लागि २०७७ मङ्सिर १७ गते विज्ञहरूको टोली पठाएको थियो। पुननिर्माण प्राधिकरण र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका विज्ञहरूको टोलीले सात दिनसम्म जुगल गाउँपालिकाको विभिन्न चार जोखिम बस्तीहरूको स्थलगत अध्ययन गरेको थियो । स्थलगत अध्ययन गर्न गएको टोलीले पुननिर्माण प्राधिकरण र विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अध्ययन टोलीले निकालेको निष्कर्षसहितको प्रतिवेदन हस्तान्तरण गरेको छ । विज्ञहरूको टोलीमा पुननिर्माण प्राधिकरणको तर्फबाट सहभागी जिल्ला आयोजना कार्यान्वयन इकाइ (भवन) का प्रमुख सन्तोष निरौलाले पुस २१ गते पत्रकार सम्मेलन गरेर अध्ययन गरिएका चार बस्ती मध्ये दुई बस्ती उच्च जोखिममा रहेको निर्ष्कष निकालिएको जानकारी दिए।

**कपिलवस्तु र नवलपरासीका उखु किसानका समस्या**

उखु खेती अन्य खेतीभन्दा केही सजिलो खेती हो । एकपल्ट रोपेपछि सामान्य हेरचाह गर्न सके तीन वर्षसम्म उत्पादन हुन्छ । यो सोझै एकमुष्ट ठूलो रकम आउन सक्ने नगदे बाली हो । उखु खेती अरू बाली गर्न नसकिने जग्गामा गर्न सकिन्छ । उखु खेती तराईका १५ जिल्लामा व्यवसायिक रूपमा हुन्छ । उखु खेतीको प्राविधिक ज्ञान तथा परामर्श सेवाको अपर्याप्तता, सहुलियतपूर्ण कृषि कर्जामा सरल र सहज पहुँचको अभाव, चिनी मिलबाट उखुको भुक्तानी समयमा उपलब्ध हुन नसकेको, सरकारबाट प्राप्त हुने अनुदान समयमा प्राप्त गर्न कठिनाइ भएको, उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न नसकेको जस्ता मूलभूत समस्या छन् ।

चिनी उद्योगलाई बेचेको उखुको भुक्तानी नपाएपछि एक वर्षको अवधिमा दुईपटक उखु किसान आन्दोलन गर्न काठमाडौँ गए । गत वर्ष पुस महिनामा राजधानीको सडकमा उत्रिएका किसानले भुक्तानी गरिदिने सरकारी आश्वासनपछि घर फर्किए । यसपटक उद्योगीले नतिरे सरकारले तिरिदिने आश्वासन पाएपछि किसानले आन्दोलन स्थगित गरेका छन् । गत वर्षको पुससम्म १ अर्ब ४० करोड रुपियाँ बक्यौता रहेकामा यो मङ्सिरसम्म यस्तो बक्यौता ६५ करोडमा झरेको देखाउँछ । उद्योगबाट पाउनुपर्ने रकमका समयमै नपाएपछि बैंकले धितो लिलामीको सूचना पनि जारी गरेको छ।

**सल्यानमा बालविवाहः जोखिममा बालअधिकार**

सल्यान जिल्लाका ग्रामीण क्षेत्रमा अहिले पनि सानै उमेरमा विवाह गर्ने प्रचलन उच्चदरमा रहेको छ । जिल्लामा बालविवाहको हालको अवस्थाबारे कसैसँग एकीन तथ्याङ्क नभए तापनि अस्पतालमा प्रसुती गराउने सङ्ख्या, अदालतमा पर्ने बालविवाह, बहुविवाह र सम्बन्ध विच्छेद मुद्दाका सङ्ख्या तथा प्रहरी कार्यालयको तथ्याङ्क केलाउने हो भने जिल्लाको बालविवाहको अवस्था सहजै देख्न सकिन्छ । सल्यान जिल्ला अस्पतालले दिएको तथ्याङ्कअनुसार ०७७ वैशाखदेखि कात्तिकसम्मको सात महिनाको अवधिमा ७ सय ७७ महिलाहरूले प्रसूति सेवा लिए । सेवा लिनेमध्ये १ सय ९२ अर्थात् २५ प्रतिशत महिलाहरू २० वर्ष मुनिका थिए भने उमेर नपुगी गर्भाधान गरेर प्रसुति सेवा लिएकामध्ये ६ जनाले बच्चा जन्माउन नसकेर शल्यक्रिया गर्नु परेको अवस्था थियो। यसैगरी, सात जनामा उल्टो बच्चा बस्ने समस्या, तीन जनामा सुत्केरी भएर रगत बगिरहने समस्या, दुई जनाका बच्चाले श्वास फेर्न गाह्रो भएको र एक जनाको पेटमै बच्चा मरेको जस्ता समस्या रहेको देखियो ।

जिल्ला अदालत सल्यानको तथ्याङ्कलाई केलाउने हो भने जिल्लामा बालविवाहको अवस्था भयावह रहेको बुझ्न सकिन्छ। मुलुकी अपराध संहिता, २०७४ ले २० वर्षभन्दा कम उमेरमा हुने विवाहलाई दण्डनीय मानेको छ। यसका साथै सो विवाहले कानुनी वैद्यता प्राप्त गर्दैन । त्यसकारण ग्रामीण क्षेत्रमा सानै उमेरमा भएका विवाहहरू सम्बन्ध विच्छेद गर्नुपर्ने र बहुविवाहको मुद्दा दायर गर्नु पर्ने अवस्थामा २० वर्ष पूरा भएपछि मात्रै अदालतमा पुग्छन् । आर्थिक वर्ष ०७६ र ०७७ मा जिल्ला अदालत, सल्यानमा दर्ता भएका सम्बन्धविच्छेदका १ सय २ मुद्दामध्ये ३९ ओटा मुद्दामा महिलाहरू २५ वर्ष मुनिका छन् । बहुविवाहका १७

## सन् १९९६ देखि २००६ सम्म भएको सशस्त्र द्वन्द्वमा मारिएकाहरूको सङ्ख्या वर्षका आधारमा




मुद्दामध्ये सात ओटा मुद्दामा पीडितको उमेर २५ वर्ष मुनि छन् । उनीहरूमध्ये धेरैको बालविवाह भएको बताइएको छ ।

**कोभिड-१९ को प्रभाव: भारतबाट फर्किएका सुदूर पश्चिम प्रदेशका नागरिकहरू आर्थिक सामाजिक अवस्था**

सुदूरपश्चिम सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार कोभिड-१९ को महामारीको समयदेखि ०७७ पुस १६ गतेसम्ममा भारतबाट नेपाल फर्किने नेपाली नागरिकहरूको सङ्ख्या ३ लाख ५ हजार ९ सय ६३ जना रहेका तथ्याङ्क छ । तर, सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहसँग कोभिड महामारीको समयमा कति जना भारत प्रवासीहरू स्वदेश फर्किए भन्ने एकीन तथ्याङ्क छैन । केही स्थानीय तहहरूले मात्रै भारतबाट फर्किएकाहरूको तथ्याङ्क राखेको पाइयो । कोभिड-१९ महामारीका बिच भारतको विभिन्न क्षेत्रबाट कैलालीमा आउने नेपाली नागरिकहरूको सङ्ख्या ४६ हजार ७ सय २ ९ जना रहेको कैलाली जिल्ला प्रशासन कार्यालय, कैलालीसँग तथ्याङ्क रहेको छ । तर, नेपालमा रोजगारी नपाएपछि पुनः कति जना भारत फर्किए भन्ने तथ्याङ्क भने कैलाली प्रशासनसँग छैन ।

जिल्ला स्वास्थ्य कार्यालय, अछाममा कोभिड-१९ को महामारीपछि भारतलगायत अन्य मुलुकबाट ३ हजार ४ सय ६७ जना महिला, १३ हजार ६ सय ७६ जना पुरुष, १ हजार २१ जना बालबालिका, ९३ जना गर्भवती महिला र २ सय १ जना ज्येष्ठ नागरिक जिल्ला फर्किएको, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर मा २४ हजार ९ सय २६ जना जिल्लाबासीहरू भारत प्रवासबाट फर्किएका र ०७७ पुस १६ गतेसम्म सुदूर पश्चिमलगायत अन्य प्रदेशबाट कञ्चनपुर नाका हुँदै

५१ हजार ९ सय ९६ जना भारत गएको तथ्याङ्क रहेको छ । जिल्ला प्रहरी कार्यालय, दार्चुलामा ०७७ मङ्सिर २० गतेसम्म भारतको विभिन्न ठाउँमा रोजगारी गुमाएपछि ३ हजार ९७ जना पुरुष, ६ सय ३८ जना महिला र ९२ जना बालबालिका गरी ३ हजार ८ सय २७ जना नेपाल फर्किएको र १ हजार २ जना पुरुष, ८ सय ५० जना महिला र तीन जना बालबालिका गरी १ हजार ८ सय ५५ जना रोजगारीका लागि भारत गएको तथ्याङ्क रहेको छ। यी जिल्लाका तथ्याङ्क हेर्दा पनि कोभिड महामारीका कारण भारतमा रोजगारी गुमाएर नेपाल फर्किनेहरूको सङ्ख्या बढी भएको पाइयो ।

**सन् २०२० र मानव अधिकार उल्लङ्घनः तथ्य र तथ्याङ्क**

इन्सेकले गरेको अभिलेखअनुसार सन् २०२० मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ५ हजार ५ सय ४३ जना पीडित भए । सन् २०१९ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६ हजार ६ सय ४२ जना पीडित भएका थिए । यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनामा ५८ महिला र ६ सय १७ पुरुष गरी जम्मा ६ सय ७५ जना तथा ज्यादतीका घटनामा ४ हजार २ सय ७१ महिला, ५ सय ९५ जना पुरुष, नखुलेको एक र एक तेस्रो लिङ्गी गरी जम्मा ४ हजार ८ सय ६८ जना पीडित भएको अभिलेख भयो । यो सङ्ख्या गत वर्षभन्दा १ हजार ९९ जनाले कमी हो ।

यस वर्ष राज्यपक्षबाट सात जनाको हत्या भयो । यो वर्ष यातनाका घटनामा नौ जना, गिरफ्तारीका घटनामा ३ सय ७० जना, जातीय विभेदका घटनामा ४८ जना, अमानवीय व्यवहारका घटनामा २५ जना, भेला तथा सङ्गठित हुने अधिकारमा ९४ जना, धम्कीका घटनामा २५ जना र कुटपिटका घटनामा ३ सय २० जना पीडित भएको अभिलेख भयो ।

**महिलामाथि हुने सबै प्रकारका दुर्व्यवहार**

सन् २०२० मा महिलामाथि हुने हिंसाका घटनामा २ हजार ६ सय ६ जना पीडित भएको अभिलेख भयो । यस वर्ष बेचबिखनका प्रयासका घटनामा ३२ जना, घरेलु हिंसाका घटनामा १ हजार ३ सय ४६ जना, कथित बोक्सीको आरोपमा ५८ जना, बलात्कारका घटनामा ६ सय ४८ जना, बलात्कार प्रयासका घटनामा १ सय ५२ जना, यौन दुर्व्यवहारको घटनामा ६२ जना र बेचबिखनका घटनामा २५ जना महिला पीडित भएको अभिलेख भयो ।

यस वर्ष परिवाजनबाट १ सय २ जना महिलाको हत्या भयो । गत वर्ष यो सङ्ख्या १ सय २९ थियो । भनेजति दाइजो नल्याएको आरोपमा तीन जना महिलाको हत्या भयो भने सोही कारणले १२ जना महिला हिंसामा परेको अभिलेख भयो । परिवारजनबाट महिला मारिएका केही घटनामा पीडितपक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बताएको पाइयो । पोष्टमार्टम रिपोर्टमा आत्महत्या देखिएको भन्दै प्रहरीले उजुरी नै नलिएका घटना पनि अभिलेख भए ।

*धनुषा जिल्ला बटेश्वर गाउँपालिका–२ की वर्षीया संगीता कापरको ०७७ जेठ १६ गते पति २५ वर्षीय अनिल कापरले दाइजोको निहुँमा हत्या गरेको माइतीपक्षले आरोप लगायो । ज्वाँइले पटक–पटक थप दाइजो माग्दै छोरीलाई शारीरिक र मानसिक यातना दिँदै आएकोमा जेठ १६ गते दिउँसो कुटपिट गरेर साँझ ६ बजे झुण्डयाएर हत्या गरेको मृतक संगीताका बुवा रामअयोध कापरले दावी गरे । बुवा रामअयोध कापरका अनुसार शवको मुखबाट रगत बगेको, एउटा दाँत भाँचिएको र शरीरका विभिन्न ठाउँमा नीलडाम देखिएको थियो । पीडित पक्षले इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा जेठ १७ गते दिएको उजुरी दर्ता भएन । आरोपितविरुद्ध साउन ७ गते जिल्ला प्रहरी कार्यालय, धनुषामा उजुरी दर्ता भयो । आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

घटनापछि फरार हुने आरोपित पक्षको खोजी वा उनीहरूलाई कानुनी दायरमा ल्याउन प्रहरीको इच्छाशक्ति कम देखियो । जबकी फौजदारी अपराधमा पीडितले जाहेरी नै नदिए पनि प्रहरी कारबाही प्रकृया अगाडि बढाउनु पर्ने कानुनी व्यवस्था छ ।

*३१ वर्षीया महिलालाई ०७६ माघ २० गते पति, ससुरा र सासूले कुटपिट गरी घाँटी थिचेर रुखमा झुण्ड्याएको भन्दै मृतकका माइती पक्षले माघ २७ गते इलाका प्रहरी कार्यालय,कल्याणपुर, सप्तरीमा उजुरी दियो । पीडित पक्षले माघ २८ गते जिल्ला हुलाक कार्यालयमार्फत पनि उजुरी गर्‍यो । फोन गरेको विषयमा पीडितको चरित्रमाथि शङ्का गरी आरोपित पतिले बारम्बार कुटपिट गरी घर निकाला गर्ने गरेकोमा सम्झाई बुझाई गरेर माइतबाट घर पठाउने गरेको माइती पक्षले जनायो । प्रहरीले उजुरी दर्ता*

*नगरेपछि मृतकको आमाले उच्च अदालत जनकपुर राजविराज इजलासमा फागुन २ गते परमादेशको निवेदन दिइन् । इलाका प्रहरी कार्यालय, कल्याणपुरले फागुन २३ गते प्रतिउत्तर पठायो । यो वर्षको अन्त्यसम्म परमादेश जारी भएन र उजुरी पनि दर्ता भएन ।*

नेपालको संविधानको धारा ३८ को उपधारा ३० ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख छ । महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६ जारी भई लागु भएको छ । सामाजिक, सांस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिलाहरू हिंसाको दुष्चक्रबाट बाहिर निस्कन सकेका छैनन् । कथित बोक्सीको आरोपमा हुने हिंसा, महिनावारी भएको बेला गरिने विभेद, दाइजो का कारण गरिने मानसिक तथा शारीरिक यातना, बालविवाहजस्ता घटनामा महिला पीडित हुँदै आएका छन् । राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत् सडक यातायातको पहुँच नपुगेका दुर्गम भेगका गर्भवती महिलाहरूको उद्दार गरी सुविधायुक्त स्वास्थ्य संस्थामा पुऱ्याउने कार्यको शुरुआत भयो । यस कार्यक्रमले सयौँ महिलाको जीवन जोगाउन मद्दत पुगेको इन्सेकले अभिलेख गऱ्यो ।

इन्सेकका ७७ जिल्ला प्रतिनिधिले प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका ज्येष्ठ नागरिक सेवा केन्द्र अनुगमन गरे । यी कार्यालयमा दर्ता भएका अधिकांश घटनामा मेलमिलाप भयो । परिवारजनबाट महिलामाथि हुने घरेलु हिंसाका उजुरी हरेक वर्ष बढ्ने गरेको छ। कतिपय बेला परिवारजनबाट महिलामाथि हुने घटनालाई परिवारमै गुपचुप राख्ने वा गाउँ समाजमै मिलाइन्छ । धेरैजसो घटनामा महिलाकै दोष देखाएर आरोपितलाई उन्मुक्ति दिने कार्य पनि भइरहेका छन् । प्रहरी कार्यालयसम्म पुगेका उजुरीलाई मेलमिलापका नाममा सामसुम पार्ने कार्य हुँदै आएका छन् । महिला तथा बालिकामाथि हुने गरेका हिंसाको रोकथामका लागि यस्ता घटनामा संलग्न पीडकहरूलाई फौजदारी अभियोग लगाउने ऐन लागु नगर्दासम्म यस्ता घटनामा संलग्नहरूले उन्मुक्ति पाइरहने छन् ।

**बाल अधिकार**

यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा १ हजार ४ सय ६१ जना पीडित भए। जसमध्ये बलात्कार का घटनामा ९ सय ८९, यौन दुर्व्यवहारको घटनामा ३ सय ५६, विद्यालयमा शारीरिक सजाय दिइएका घटनामा १९ जना बालबालिका पीडित भएको अभिलेख भयो । देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित छन् । बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चिती जस्ता बाल अधिकार हननबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए । धेरैजसो विद्यालय भवन बालमैत्री छैनन् । छात्राहरूका लागि शौचालयको उचित व्यवस्था थिएन । अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए । निःशुल्क शिक्षाको विषय व्यवहारमा लागु भएको पाइएन । सामुदायिक विद्यालयले विभिन्न बहानामा शुल्क असुल गरेको पाइयो । *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अधिकार)* । यसबाहेक अन्य पक्षबाट पनि बालबालिका उत्तिकै हिंसाको चपेटामा परे (हेर्नुहोस् तालिका) । यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा हजार सय जना पीडित भएको अभिलेख भयो । उमेर नपुगी विवाह हुने प्रचलन अझै पनि कायम छ। धेरै जसो बालविवाहका घटना प्रहरीसम्म आइपुग्दैन । प्रहरीसम्म आएका घटनामा प्रहरीले कानुनी कारबाहीको प्रकृया अगाडि बढाएको पाइयो । विद्यालयमा दिइने शारीरिक दण्डका घटना अभिलेख भएकोमा सबैजसो घटना मेलमिलापमा टुङ्गिए ।

सप्तरीको अग्नीसाइर कृष्णसवरण गाउँपालिका-६ स्थित आदर्श सेकेण्डरी स्कूलमा अध्ययनरत १३ वर्षीय तीन जना र १४ वर्षीय दुई जना बालकलाई ०७६ फागुन १३ गते विद्यालय प्रशासनका कर्मचारीले कुटपिट गरी घाइते बनाएको भन्दै पीडितका अभिभावकहरूले महुली प्रहरीमा फागुन १३ गते उजुरी दिए । विद्यार्थीहरू अनुशासनमा नबसेको भन्दै दण्डस्वरूप आरोपितले अन्य शिक्षकहरूकै सामुन्ने बाँसको भाटाले गोडा र पिठ्यूँमा प्रहार गर्दा चोटपटक र निलडाम बसेको थियो । घाइतेहरूको उपचार राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा फागुन १३ गते गरियो । आरोपितविरुद्ध कुनै कारबाही नभएको पीडित पक्षले जनायो ।

**निष्कर्ष**

लामो समयदेखि थाती रहेको सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्ग्याउने, पीडितलाई हानिपूरणको

# महिला अधिकार







सरकारी तथा गैरसरकारी संस्थाले महिलामाथि हुने हिंसाका घटनाको न्यूनीकरणका लागि गरेका अनेक प्रयासका बाबजुद नेपालमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आएको छैन । चाहे त्यो घरेलु हिंसाका नाममा होस् वा बलात्कारका घटना । यसैगरी 'बोक्सी'को आरोपमा महिलामाथि दुर्व्यवहार हुने क्रम रोकिएको छैन । सन् २०२० मा महिला अधिकारका  घटनामा राज्यपक्षबाट एक जना र अन्यपक्षबाट २ हजार ६ सय ५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । नेपाल प्रहरीको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सर्याँको सङ्ख्यामा घरेलु हिंसापीडित महिलाले उजुरी गर्ने गरेका छन् । प्रहरीकै तथ्याङ्कलाई आधार मान्ने हो भने घरेलु हिंसाका अधिकांश घटनामा मेलमिलाप हुने गरेको छ । आर्थिक उपार्जनको कुनै बाटो नभएका महिला बाध्यभएर आफूमाथि कुटपिट गर्ने पति र परिवाजनका सदस्यसँग मेलमिलाप गर्न बाध्य हुन्छन् । गम्भीर प्रकारका हिंसाका घटनामासमेत मेलमिलाप भएका उदाहरण इन्सेकमा प्रशस्तै अभिलेख भए ।

व्यवस्था गर्ने सम्बन्धमा सरोकारवालको ध्यान जान सकेन । अन्तर्राष्ट्रिय अभ्यास, नेपालको कानुन, सर्वोच्च अदालतको परमादेश, पीडितहरूको सरो कारलाई बेवास्ता गर्दै निर्माण गरिएका कानुन तथा आयोगहरूको गठनका कारण सङ्क्रमणकालीन न्यायको विषय द्वन्द्व समाप्तिको १४ वर्षसम्म पनि जस्ताको तस्तै रहनु राजनीतिक दल तथा अन्य सरोकारवालाको इच्छाशक्तिको कमी हो भन्नेमा दुईमत छैन । महिला तथा बालबालिकामाथि हुने गरेका अपराधको दर प्रतिदिन बढेको इन्सेकको तथ्याङ्कमा देखिन्छ । अपराधमा संलग्नहरू कानुनको दायरामा नआउनु, प्रहरीले उजुरी लिन नमान्नु, घटनापछि फरार भएका आरोपितलाई गिरफ्तार गर्ने जस्ता विषय प्राथमिकतामा नपर्नु तथा महिलामाथि भएका हिंसाका घटनामा मेलमिलाप गरिने, परिवारको घेराभन्दा बाहिर लैजान नदिने चलन व्याप्त रहयो । मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, दिगो विकास लक्ष्यले तोकेका विषयहरूको स्थानीयकरण, दण्डहीनताको अन्त्य, राजनीतिको अपराधिकरणको जस्ता विषयमा प्रभावकारी कार्य हुनु जरुरी छ।

**सुझाव**

१. दण्डहीनताको अन्त्यका लागि सङ्क्रमणकालीन न्यायको प्रभावकारी पालना र सर्वोच्च अदालतको परमादेशलाई ध्यानमा राखी सरकार तथा राजनीतिक नेतृत्वले जबाफदेहिता सुनिश्चित गर्नुपर्ने ।
२. विश्वव्यापी आवधिक समीक्षा (युपीआर) मा नेपाललाई हालसम्म प्राप्त सिफारिसहरूको कार्यान्वयन गर्नु पर्ने ।
३. मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।
४. महिलामाथि हुने सबै प्रकारका हिंसा र विभेद न्यूनीकरणका लागि प्रभावकारी कानुनी व्यवस्था र यसको कार्यान्वयनको सुनिश्चितता हुनु पर्ने ।
५. नेपालको संविधान, विभिन्न समयमा गरिएका राजनीतिक सहमति र सामाजिक न्यायका लागि गरिएका प्रतिबद्धताप्रति राजनीतिक दल र तिनको नेतृत्वले जाबफदेहिता सुनिश्चित गर्नु पर्ने ।
६. राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन गर्नु पर्ने ।

**विजयराज गौतम**
कार्यकारी निर्देशक

# नेपाल मानव अधिकार वर्ष पुस्तकका २५ वर्ष : यसले उठान गरेका राजनीतिक र सामाजिक सवालहरूको सिंहावलोकन

नेपालको मानव अधिकार अवस्थाको मापन गर्ने कुनै भरपर्दो तथ्य र तथ्याङ्क नभएको महसुस गर्दै इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक सन् १९९२ बाट प्रकाशन सुरु गऱ्यो। मानव अधिकार उल्लङ्घन ज्यादतीसम्बन्धी सम्पूर्ण घटनाको विवरण तथा तथ्य तथ्याङ्क समेटेर प्रकाशन गरिने नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकार अवस्थाबारे जान्न चाहने सबैका लागि महत्त्वपूर्ण सामग्रीका रूपमा रहयो। नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरूको सङ्ग्रह मात्र नभई मानव अधिकार अवस्थाको विश्लेषण गरी राज्यका निकायले मानव अधिकारको संरक्षण र संवर्द्धनमा निर्वाह गरेका भूमिकाको विश्लेषण पनि गरिन्छ। बितेका २९ वर्षमा नेपालमा राजनीतिक तथा सामाजिक परिवर्तनका सन्दर्भमा उल्लेख्य काम भए। यी सबै परिवर्तनका दस्तावेजको सङ्ग्रह इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत गर्दै आएको छ। इन्सेकले गरेको अभिलेख सशस्त्र द्वन्द्वपीडितको न्याय र परिपूरणका लागि, जनआन्दोलनका घाइते तथा यातना पीडितका लागि राहत प्राप्त गर्ने माध्यममात्रै बनेनन्, सशस्त्र द्वन्द्वको औपचारिक समाप्तिका १४ वर्षपछिसम्म पनि यससम्बन्धी खोज तथा अनुसन्धान गर्नेका लागि भरपर्दो सन्दर्भ सामग्रीका रूपमा रहे। नेपाल मानव अधिकार वर्ष पुस्तकको २९ वर्षे यात्रा पूरा हुँदा यसले समाज र राज्यलाई पुऱ्याएको योगदानका बारेमा पक्कै पनि मूल्याङ्कन हुने नै छ। वर्ष पुस्तकमा नेपालको सामाजिक तथा राजनीतिक विषयलाई प्राथमिकता दिने गरिएको छ। यस्ता विषयहरू तत्कालीन समयमा सत्ता सञ्चालक तथा सरोकारवालालाई खबरदारी गर्न तथा भविष्यमा उनीहरूको प्रतिबद्धताको स्मरण गराउन उपयोगी भएको हामीले विश्वास लिएका छौं। यस परिच्छेदमा हामीले नेपाल मानव अधिकार वर्षपुस्तकले उजागर गरेका विषयहरूको पुनस्मरण गर्ने जमर्को गरेका छौं। वर्ष पुस्तकहरूमा सशस्त्र द्वन्द्व, दण्डहीनता, राजनीतिमा अपराधिकरण, आवधिक निर्वाचनको महत्व, शान्ति र संविधानजस्ता विषयमा चर्चा गरिएको थियो। तिनै विषयहरूको सान्दर्भिकता अझै रहेको वर्ष पुस्तकले उठाएको मूल विषयले प्रष्ट हुन्छ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक १९९२**

मानव अधिकारको चेतनाको अभावमा जनताबाट जनताकै मानव हकको उल्लङ्घन भएको उदाहरण खोज्न हामी नेपालीले भन् कतै जानै पर्दैन। नेपालमा मानव अधिकार हनन् भएका तथ्याङ्कहरूलाई यथार्थमा विश्लेषण गर्ने हो भने हाम्रो सामाजिक बनौट, हाम्रो चेतनास्तर अनि राजनीतिक दलहरूमा रहेको सङ्कीर्णता अहम् र सत्ता उन्माद अनि मानव अधिकारप्रतिको ओठे भक्तिले गर्दा पनि मानव अधिकार हनन् भइराखेको स्पष्ट हुन्छ।

जबसम्म हाम्रो राष्ट्रिय अङ्गका प्रमुख इकाइहरूले मानव अधिकारको सम्मानलाई आफ्नो जीवनशैलीका रूपमा अङ्गीकार गर्दैनन् तबसम्म मानव अधिकारको जगेर्ना र विकास गर्न सम्भव छैन। यस्तो स्थितिमा मानव अधिकार बारेमा नियमित अनुगमन हुनु नितान्त आवश्यक छ। हामीलाई राम्ररी थाहा छ पञ्चायतकालमा तत्कालीन सत्ताधारीहरूले बारम्बार नेपालमा मानव अधिकारको ग्यारेन्टी भएको मात्र हैन मानव अधिकारको स्थिति 'उत्कृष्ट' रहेको समेत दावी गर्ने गरेका थिए। त्यस्तै जनआन्दोलन सफल भएर देशमा बहुदलीय व्यवस्था आए पश्चात् पनि यहाँको मानव अधिकारको समग्रमा स्थितिप्रति वादविवाद भइनै राखेको छ। नयाँ संविधानको निर्माण अनि कतिपय मानव अधिकारलाई प्रत्याभूति गर्ने अन्तर्राष्ट्रिय कानुनहरूमा नेपालले हस्ताक्षर गरी त्यसप्रति आफ्नो प्रतिवद्धता जनाएको छ। तर यी सब कुरा एउटा विषयगत आधार मात्र हुन्। व्यवहारमा मानव अधिकार कस्तो रहयो यो नै आमजनताको चासोको विषय हो। यसै सन्दर्भमा एकपटक वर्तमान गृहमन्त्रीले नेपालमा मानव अधिकारको स्थिति संसार मै राम्रो भन्नु भएपछि धेरै व्यक्तिहरू मुलतः मानव अधिकारको क्षेत्रमा काम

गर्नेहरूका बीचमा छलफल प्रारम्भ भयो । हरेक सत्तापक्षले आफ्नो समयमा मानव अधिकारको स्थितिलाई 'उत्कृष्ट' वा 'राम्रो' भन्दै जाने हो भने मानव अधिकार आन्दोलन नै प्रभावित हुन सक्छ। सत्तापक्षले जे जस्तो स्थितिमा पनि 'राम्रो' अनि प्रतिपक्षले जे जस्तो स्थितिमा पनि 'अति नराम्रो' भन्ने मात्र हो भने यसको संवर्द्धन र रक्षामा प्रतिकूल असर पर्न सक्छ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक १९९३**

संविधानको मर्म र भावनालाई व्यवहारमा कार्यान्वयन गरिएमा नै यसको उद्देश्य परिपूर्ति हुन सक्छ। संविधान एउटा निर्जीव दस्तावेज हो, यसलाई प्रभावकारी कार्यान्वयन गरेर मात्र सजीवता प्रदान गर्न सकिन्छ । तसर्थ, संविधानलाई कार्यान्वयन गर्ने दिशामा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र समाजका हरेक क्षेत्रका नागरिकहरू अग्रसर हुनुपर्छ । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध तथा अन्य दस्तावेजहरूलाई अनुमोदन गरेर मात्र पुग्दैन, अनुमोदन गरेपश्चात राज्यले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न संसद र सरकार सक्रिय हुनु पर्छ। नागरिकका हक अधिकार अतिक्रमण कार्यपालिकीय अङ्गबाट हुने हुँदा त्यस्तो अतिक्रमणबाट जोगाउन न्यायपालिका सक्रिय रहनुपर्छ। आजको कानुनी राज्यमा कानुनलाई व्याख्या गरी त्यसलाई विववादमा प्रयोग गर्ने परम्परागत कार्यको रूपमामात्र अदालतले आफूलाई सीमित नगराई सामाजिक जीवनका महत्त्वपूर्ण चासोका विषयसँग सम्बद्ध भई मानव अधिकारको रक्षा, संरक्षण र संवर्द्धन गर्ने दिशामासमेत आजको अदालतको सकृयता आवश्यक छ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक १९९४**

राज्य वा सरकार प्रमुखले आफ्नो संवैधानिक अधिकारको प्रयोग गर्दा आमजनताको चाहना, भावना र हित अनुकूल गर्नुपर्ने हुन्छ। प्रजातान्त्रिक मूल्य र मान्यता आदर्शको पालना त्यतिबेला हुन सक्छ जति बेला राज्यको एउटा अधिकार सम्पन्न नागरिकले आफ्नो स्वार्थभन्दा पनि व्यापक जनताको हितका लागि

आफूलाई संवैधानिक अधिकारको प्रयोग गर्दछ। तर प्रतिनिधिसभाको तत्कालीन संरचना अनुसार विघटन हुनै नपर्ने स्थितिमा २०५१ असार २६ गते नेपालमा प्रतिनिधि सभा विघटन भयो। सत्तारुढ, प्रमुख प्रतिपक्षी लगायत सबैजसो राजनीतिक दलहरू र बहुसङ्ख्यक नेपाली र जनताले नचाहाँदा नचाहाँदै पनि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा प्रतिनिधि सभा विघटन भई मध्यावधि निर्वाचनमा जनताले आफ्नो मताधिकार प्रयोग त गरे तर, आफ्नो हित र चाहना विपरीत भएको चुनावमा जनताले उत्साहपूर्वक भाग लिएको देखिएन।

**नेपाल मानव अधिकार वर्ष पुस्तक १९९५**

सन् १९९५ को वर्ष संसदीय इतिहासमा अत्यन्त महत्त्वपूर्ण वर्षको रूपमा रहन गएको छ। यस वर्षमा संसदका सबै रूपहरूको अभ्यास भए। संसदको विघटन र अदालतद्वारा संसदको पुर्नस्थापना गर्ने कार्य पनि भए। संसदका सम्बन्धमा नयाँ व्याख्या र स्थापना विकसित भए। संविधानको धारा ५३ को संसद डाक्ने (२), (३) र विघटन गर्ने (४) का बारेमा वैध निर्णय भई संसदीय व्यवस्थामा प्रधानमन्त्रीको विशेषाधिकारमाथि प्रतिबन्ध लागी संसदको सर्वोच्चताको अवधारणा विकास भयो । संसारको संसदीय इतिहासमा नै प्रधानमन्त्रीको संसद् विघटन गर्ने अधिकारमाथि 'सर्त' पूर्ण भएको यो नै पहिलो घटना भएर रहन गएको छ । यसले प्रधानमन्त्रीय व्यवस्थाको सट्टा संसदीय व्यवस्थामा नेपालको व्यवस्था फेरिन पुगेको छ । संसद्प्रति सरकार उदासीन रह्यो। मन्त्रीहरूको न्यून

उपस्थिति, प्रधानमन्त्रीको लगभग शुन्य उपस्थिति तथा मन्त्रीको अनुपस्थितिले सदन स्थगित गर्नुपर्ने घटनाले यो कुरा साबित गरेको छ। सांसदको गणपूरक अभावमा पटक पटक बैठक स्थगन गर्नुपर्ने र पातलो उपस्थितिको कारण सांसद् सदनप्रति गम्भीरता पाएन।

**नेपाल मानव अधिकार वर्ष पुस्तक १९९६**

२०५२ फागुन १ देखि सञ्चालित जनयुद्ध रोल्पा, रुकुम, जाजरकोट, सिन्धुली लगायतका रामेछाप जिल्लालाई प्रत्यक्षः आक्रान्त पारेको देखियो। प्रहरी अपरेशनद्वारा यो घटनाको नियन्त्रण गर्ने नाममा सरकारले जिम्मेवारी, कानुन नियम र अनुशासनका तमाम् बार बन्देज भत्काइदियो। माओवादी भनिनेहरूले पनि जनताको मौलिक अधिकार रत्ति ख्याल गरेनन्। सत्तापक्षका मानिसहरू नै हातमा बन्दुक बोकेर, प्रहरी पछि लगाएर माओवादी खोज्न गाउँगाउँ हिँडे। काल्पनिक मुठभेडका घटना बनाएर, कुटपिट गरेर, भिरबाट खसालेर र जबरजस्ती घरभित्र छिरेर गोली प्रहार गर्दै मानिसहरूको हत्या गरियो।




**नेपाल मानव अधिकार वर्ष पुस्तक १९९७**

नेपालको राजनीतिमा अपराधिकरणको शुरुआत कहिले र कसरी भयो ? यो प्रश्नको स्पष्ट उत्तर दिन निश्चित घटनालाई अघि सार्न धेरै कठिनाइ छन्। पहिलो कठिनाइ नेपालको राजनीतिमा सत्ता सङ्घर्ष, हत्या र हिंसाजस्ता घटनासँग जोडिएको अविच्छिन्न परम्परा छ। दोस्रो, हत्या– हिंसा तथा आज अमानवीय अपराध जस्ता लाग्ने गतिविधिहरू पुरानो शासन प्रणालीको दण्डविधिका स्वाभाविक प्रकृयाहरू थिए र तेस्रो तथा सबैभन्दा महत्त्वपूर्ण विषय राजनीतिमा देखापरेका र उत्तराधिकारस्वरुप शासन प्रणालीसँग जोडिएर आएका हत्या, मारपिट हिंसाजस्ता घटनाहरू नेपालको राजनीतिका अभिन्न अङ्गजस्तै भएकाले राजनीति जोडिएका कस्ता घटनालाई राजनीतिक अपराध ठान्ने भन्ने कुरा छुट्टयाउन गाह्रो छ। राजनीतिक सत्ता प्राप्तिका लागि अपराधको सहारा र अपराधको ढाकछोपका निम्ति राजनीतिको सहारा दुवैलाई राजनीतिको अपराधिकरणको सन्दर्भमा गाँस्ने हो भने नेपालको राजनीतिमा अपराधिकरणको लामो र सिलसिलाबद्ध श्रृंखला भेट्टाइन्छ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक १९९९**

नेपालको प्रजातान्त्रिक आन्दोलनका दुई प्रमुख शक्तिहरू नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीमा भएका विभाजनहरूबाट अनेक पार्टी जन्मिएका छन्। नेकपाको पचास वर्षको इतिहासमा त्यसका अनेक हाँगाहरू देखिएका छन्। २००७ सालको परिवर्तनपश्चात् शक्तिशाली हुन पुगेको नेपालको राजदरबारले ती दुवै शक्तिलाई कमजोर पार्न खोज्दै आएको छ। नेपालको राजनीतिमा खासगरी सात सालदेखि खुलेआम पहुँच राख्दै आएको भारतीय शासक वर्ग पनि नेपालका राजनीतिक पार्टीहरूलाई आफ्नो पकडमा राख्ने कोसिसमा रहिआएको छ।

कुनै बेला चीन र रुसको विवादले नेपालका कम्युनिष्ट नेताहरूलाई छुट्टयाएको थियो। नेपालका कम्युनिष्ट घटकहरूबीच मतभेद हुनुमा चीनमा माओत्से तुङद्वारा स्थापित कम्युनिज्म कायमै छ कि त्यसको पतन भयो भन्ने सवालसमेत रहेको देखिन्छ। पार्टीहरूको विभाजनमा कतिपय अवस्थामा सम्बन्धित राजनीति गर्नेहरूले आफ्नो पदलोलुपता र स्वार्थको ढाकछोप गर्न अनावश्यकरूपमा जबरजस्ती सैद्धान्तिक मतभेद देखाउन खोजेको पनि पाइन्छ।

नेपालका राजनीतिक दलहरूको गठन र त्यसपछि उनीहरूको फैलाव वा प्रभावको अनुपातमै ध्वंस गर्ने गराउने प्रक्रिया पनि देखा पर्दै आएको छ।

विखण्डनमा पर्ने दल वा विखण्डन गर्ने पक्षहरूले जे जस्ता दलिलहरू अगाडि सारे पनि साररूपमा ती केही न केही मात्रामा षडयन्त्रको शिकार भएको पाइन्छ। आगामी दिनमा नेपालका अनेक पार्टीहरूको जन्म–विलय वा विस्तार यिनै तीन ओटा शक्तिका वरिपरि नै हुने देखिन्छ। छयालीसपछिको समय नेपाली राजनीतिको ध्रुवीकरणको काल जस्तो देखिएको छ। यस अवधिमा विभिन्न राजनीतिक पार्टीहरूको एकता सफल भएको छ, विभाजन विफल भएको छ । ०४६ सालको जनआन्दोलनमा कम्युनिष्ट पार्टीहरूको बाममोर्चा बनेको थियो। नेपाली कम्युनिष्ट आन्दोलनमा त्यसको दूरगामी प्रभाव पऱ्यो । ०४६ सालपछि कम्युनिष्ट आन्दोलनमा ध्रुवीकरण तीव्र गतिमा प्रारम्भ भयो।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०००**

निर्वाचनको प्रजातान्त्रीकरणले मानव अधिकारमा आधारित व्यवस्थाको विकास गर्दछ भन्ने कुरा स्वयंसिद्ध तथ्य हो । यसले वास्तविक अर्थमै परिणाममा विविधता ल्याइदिन्छ र व्यवस्थाको दिगोपनाका लागि यस्ता विविधताहरू आ–आफ्नै ढंगमा कार्यान्वित हुने पनि गर्दछन्। अन्ततः यस्ता कार्यहरूमध्ये स्पष्ट रूपमै देखिने एउटा कार्य हो। निर्वाचित नेतृत्वमा शक्तिको नियन्त्रण र सन्तुलनको प्रक्रियालाई संस्थागत तुल्याउने र नियन्त्रित सरकारको निर्माण । अर्को पक्ष चाहिँ शक्तिशाली सञ्चार माध्यम, नागरिक शक्ति तथा खुला एवं प्रजातान्त्रिक राजनीतिक प्रक्रियामार्फत् नागरिक समाजको विकासलाई अभिवृद्धि गर्नु हो । यसरी राजनीतिक दलहरूका बिचको चुनावी प्रतिस्पर्धाले सरकारी नीतिमाथिको खुला आलोचनालाई सम्भव तुल्याउने मात्र नभएर प्रजातान्त्रिक व्यवस्थाको आधारभूत विशेषतासमेत प्रदान गर्दछ । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाले स्वभावैले वैकल्पिक विचारहरूलाई दृढ रूपमा आत्मसात् गर्दछ। कानुनी राज्यको स्थापना, सरकारी तथा सरकारद्वारा नियन्त्रित सञ्चार–माध्यमको निजीकरण, प्रभावकारी रूपमा सेना तथा प्रहरीहरूका बिचमा समन्वय र नियन्त्रण, स्वतन्त्र न्यायालयको विकास, पूर्ण स्वतन्त्रताको प्राप्ति र मानव अधिकारमाथिको सम्मान आदि सबै संसदीय प्रजातन्त्रमा सम्भव हुन सक्छन् । यसका साथै प्रजातान्त्रिक निर्वाचनहरूले स्थिररूपमा राष्ट्रिय समाञ्जस्य कायम गर्ने कार्यमा पनि राम्रो योगदान दिएका देखिएका छन्। निर्वाचनको प्रजातान्त्रीकरणले व्यक्तिको उच्च अभिलाषालाई नियन्त्रित पनि गर्दछ। यो निर्वाचनको प्रजातन्त्रीकरण प्रक्रिया हो । खुला परिवेशमा रहेको (बहुदलीय) संसदीय प्रजातन्त्रमा बन्द राजनीतिक व्यवस्थाका तुलनामा भ्रष्टाचारलाई राम्ररी पर्दाफास गर्न सकिन्छ र यसलाई नियन्त्रण गर्न पनि सकिन्छ।




**नेपाल मानव अधिकार वर्ष पुस्तक २००१**

माओवादी जनयुद्धको नाममा नेपालमा विगत पाँच वर्षदेखि देखा परको हिंसात्मक द्वन्द्व राजनीतिक दमनका कारण उत्पन्न भयो। समाजमा चलिआएको भेदभावमुखी परम्पराले त्यसलाई मलजल गऱ्यो । राजनीतिक दर्शनले त्यसलाई विस्फोटक बनायो । यतिबेला शान्तिको कामना गर्नेहरूले जनताको शान्तिको चाहना गर्नु पर्छ। माओवादी र सरकारी हिंसाको चपेटामा परेका जनता शान्तिपूर्वक र बिना हस्तक्षेप जीवन यापन गर्न चाहन्छन्। मानिसको जीवन शैलीमा बाह्य हस्तक्षेप हुन नदिने जिम्मेवारी बोकेको सरकारले हस्तक्षेप रोक्ने नाममा जनताको मौलिक अधिकार हनन् गर्न थालेपछि यो समस्या चर्किएर गएको हो । पार्टी राजनीति र राज्यसत्ता बिचको भिन्नता नबुझेकाहरूको नेतृत्वमा राजनीतिक होडबाजी र प्रतिकारको काम भएपछि सम्पूर्ण प्रजातान्त्रिक प्रक्रिया तथा आदर्शलाई तिलाञ्जली दिने काम भयो।




मुलुकको अभिभावकको रूपमा रहेका सरकारले प्रजातान्त्रिक आदर्शमय व्यवहारद्वारा जनताको नैतिक दबाब सृजना गर्न नसक्नाले द्वन्द्व समायोजनको बाटोमा तगारो लागेको छ। आफ्ना गल्ती, कमजोरी स्वीकार गरेर प्रतिद्वन्द्वीउपर नैतिक दबाब सृजना गर्न हाम्रो राज्यपक्ष सक्षम हुन्छ कि हुँदैन ? द्वन्द्व समायोजनको भविष्य त्यसैमा भर पर्छ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २००२**

यो वर्ष न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका कुनै पनि निकाय विवादको घेराभन्दा माथि उठ्न सकेनन् । व्यक्तिगत व्यवहारका हिसाबले सर्वाधिक पारदर्शी सांसदहरूको सर्वाधिक मानमर्दन गरियो । नसुहाउँदो नै किन नहोस् । तर कानुन–नियम बनाएर मात्र सांसदले सुविधा उपभोग गरेका छन् । सारा हरहिसाब सार्वजनिक परीक्षणको पहुँचमा राखेका छन् । कमसेकम एकपटक भए पनि हवाइजहाजको टिकट, एयरपोर्ट ट्याक्स र ट्याक्सीको विल पेश गरेर मात्र प्रत्येक पटक बिना टिकट वा बिल भर्पाइ दुई जनाको यात्रा खर्च लिने गरेका छन् । अन्य क्षेत्रमा त ब्रम्हलुट नै भएको छ । सबै मन्त्रालयमा 'आर्थिक सहायता चन्दा पुरस्कार' बाँड्ने होडबाजी चलेको छ । माओवादीले घर–पर्खाल क्षतिग्रस्त तुल्याएको घटनामा चिठ्ठा परे जस्तो गरी सरकारी कोषबाट मनोमानी हर्जाना बाँडिएको छ । शायद, कार्यकारीको यस्तै मनमौजी देखेर होला सांसदहरूमा सांसद विकास कोषको दश लाख रूपैयाँको कार्यकारी कारिन्दा बन्ने रहर जागेको छ । तर, राजनीतिक नेतृत्व र व्यक्तित्वको आमरूपमा भइरहेको स्खलनका कारण प्रजातन्त्र निरन्तर दुब्लाउँदै छ । शैली र प्रवृत्ति विस्तारै सिद्धान्तमाथि हावी हुने गर्छ । छालाको मायाले राजनीति गर्नेहरूको हातमा बागडोर पुगेपछि दलहरू साँच्चै काँतर बन्न पुग्छन् । यस्ता काँतर दलका कार्यकर्ता या त विद्रोही बन्छन् अथवा निराश हुन्छन् । हामी कहाँ अहिले त्यस्तै भइरहेको छ ।




**नेपाल मानव अधिकार वर्ष पुस्तक २००३**

सन् २००२ मानव अधिकारका दृष्टिकोणले सम्भवत सबैभन्दा धुमील वर्षका रूपमा देखा पऱ्यो । यस वर्ष संविधानका विभिन्न प्रावधानहरू समेत मिचिए । संविधान रक्षा सबैको सरोकार रहँदा रहँदै पनि संविधान नै सबै भन्दा बढी क्षतविक्षत भयो ।

राजनीतिक स्थिरता कायम राख्दै सुशासनतर्फ अघि बढ्ने कुरा यस वर्ष पनि पूरा हुन सकेन । बरू झन् बल्झियो । मन्त्रीहरू नै भ्रष्टाचारमा मुछिइ कारबाहीमा परेका घटनाहरू प्रशस्तै पाइए । भ्रष्टचार र अनियमितता झन बढेर गयो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा विघटन गरिएको प्रतिनिधिसभा कात्तिक १३ गतेको चुनाव पश्चात पुनर्जीवित हुनुपर्नेमा संविधानकै व्याख्या आ–आफ्नै तरिकाबाट गरिए पश्चात अन्यौलमा रहेको छ । स्थानीय स्वायनशासन ऐन २०५५ ले स्थानीय निकायका पदाधिकारीको म्याद एक वर्ष थप हुन सक्ने प्रावधान हुँदाहुँदै पनि म्याद थप नगर्ने निर्णय गरिए पछि, देश पूर्ण रूपमा निर्वाचित प्रतिनिधि विहीन बन्न पुगेको छ ।




**नेपाल मानव अधिकार वर्ष पुस्तक २००४**

नेपालको १२ बर्षे प्रजातान्त्रिक अभ्यासले जनतामा राजनीतिक चेतनाको व्यापक सञ्चार गरेको छ । मुख्य गरेर यसले नयाँ पिढीका नागरिकहरूमा पुरानो सामाजिक संरचना र पुरानो चिन्तनलाई परिवर्तन गरिनु पर्छ भन्ने ज्ञानको सञ्चार गरेको छ । केन्द्र तथा स्थानीय तहसम्म निष्पक्ष आवधिक निर्वाचनले जनसहभागितामा अभिवृद्धि गरेको छ । यसबीच राज्य सञ्चालनको प्रकियामा बल तथा धम्कीद्वारा नभएर जनअभिमतद्वारा परिवर्तन गरिनु पर्छ भन्ने चेतनाको सञ्चार भयो । राजनीतिक प्रतिपक्षी र अल्पसङ्ख्यकका अधिकार सुनिश्चित गरिए । जनताले आफ्ना आवाज बुलन्द गर्न पाए । नीति निर्माणको तहमा उनीहरूको प्रभावकारी सहभागिता बढाइयो । नागरिक तया राजनीतिक अधिकारको सुनिश्चिततालै नै आम नागरिक संस्थापन पक्षबाट भएका गलत र अप्रभावकारी निर्णयका विरुद्ध प्रदर्शन गर्न तथा दवाव दिन सक्षम भए । प्रजातन्त्र पुर्नस्थापनापछिको पहिलो जननिर्वाचित सरकारको समयमा नेपाल र भारत बीच भएको टनकपुर

सन्धि प्रक्रियाले संसदमा प्रतिपक्षी दलहरूको विरोधको व्यापक सामना गर्नु पऱ्यो । सोही प्रक्रियाका सम्बन्धमा सरकारलाई विपक्षी बनाएर सर्वोच्च अदालतमा दायर गरिएको मुद्दामा सरकारले पराजयको भोग्नु पऱ्यो । त्यसैगरी, नियुक्ति प्रक्रियाको न्यूनतम सर्तहरूलाई अवहेलना गर्दै ध्रुवबहादुर प्रधानलाई प्रहरी महानिरीक्षक बनाइएको निर्णयका कारण सरकारले जनताको माझमा व्यापक विरोधको सामना गर्नु पऱ्यो । प्रतिपक्षीहरूको विरोधलाई सर्वोच्च अदालतको निर्णयले सही साबित गरायो ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २००५**

माओवादी समस्या जुन मापमा छ, त्यसलाई हेर्दा सरकारको मात्र बुताले यसलाई समाधान गर्न सकिने देखिएको छैन । यस्तो पृष्ठभूमिमा सरकारले गैरसरकारी पक्षबाट सहयोग र सुझाव लिन जुन पारदर्शिता अपनाउनु पर्ने थियो त्यो अपनाएन ।

बढिरहेको हिंसालाई मत्थर गर्ने प्रयत्न पनि सरकारले गर्न सकेन । सडकमा रहँदा विरोध र सरकारमा पुगेपछि वेवास्ता गर्ने मात्रै होइन ढाकछोप गर्ने प्रयत्न गरियो । गैरन्यायिक हत्या, गिरफ्तारी, बेपत्ताका घटना रोकिएन । मानिसका नैसर्गिक अधिकारको रक्षा गर्न तदारूकता देखिएन । यी सबैको असरले सरकारको नैतिक धरातल कमजोर बन्दै गयो ।




माओवादी समस्याजस्तो राष्ट्रिय समस्यालाई समाधान गर्ने जुन हदसम्मको राष्ट्रिय सहमति बन्नु पर्थ्यो त्यो बन्न सकेन । वास्तवमा दश वर्षसम्म पनि माओवादी समस्याप्रति एकीकृत दृष्टिकोण निर्माण भएन । शान्ति सबैको कार्यसूचीमा परेको भए तापनि व्यवहारिक रूपमा चाहिँ यसले कहिल्यै प्राथमिकता पाएन । सरकार र माओवादी दुवै पक्ष यसमा इमान्दार देखिएनन् भने अरूमा पनि सरकारलाई अर्ती उपदेश दिने र आफूलाई तेस्रो पक्षको रूपमा हेर्ने प्रवृत्ति कम भएन ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २००६**

२०६१ माघ १९ यताको नेपाल प्रजातन्त्रविहीन र मानव अधिकारका हिसाबले निकै संकटग्रस्त मुलुक बन्न पुगेको छ । शाही घोषणा र आदेशहरूले जतिसुकै मिठा शब्द संयोजन गरे पनि यथार्थ बेग्लै छ । राजाद्वारा आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरिएपछि राजनीतिक तथा नागरिक स्वतन्त्रताहरूको व्यापक हनन्, प्रजातान्त्रिक तथा मानव अधिकार संस्थाहरूविरुद्धको आक्रमण र न्यायपालिकाको अवहेलनामा थप वृद्धि भएको छ र देशमा राजनीतिक तथा संवैधानिक संकट गहिरिएको छ । अर्कातर्फ नागरिक समाज, राजनीतिक दलहरू र पेसागत सङ्गठनहरू सडक सङ्घर्षमा छन् । यस वर्षको अन्त्यसम्म एकतर्फी युद्धविरामको अवस्था रहे पनि नेकपा (माओवादी) को सशस्त्र द्वन्द्व जारी नै छ । राजनीतिक दल र माओवादीहरूबीचको ध्रुवीकरण बढ्दो छ । यी शक्तिहरू अब संविधानसभाको निर्वाचनका माध्यमबाट नयाँ संविधान निर्माणतर्फ अगाडि बढ्नुपर्ने र देशमा 'पूर्ण प्रजातन्त्र' स्थापनाको कार्यसूचीमा समझदारीमा आएका छन् । राजनीतिक दलहरू माओवादीलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउने दिशातर्फ सफलता प्राप्त भइरहेको बताउँदै छन् । माओवादीहरू पनि विगतका तुलनामा शान्तिपूर्ण राजनीतितर्फ लचकता प्रदर्शन गरिरहेका छन् । निरंकुशता जति लम्बिँदै जान्छ, यत्तिकैरूपमा सातदल र माओवादीबीच साझा कार्यसूचीहरू तय हुँदै जाने देखिन्छ ।

अधिनायकवादी सत्ताले सापेक्षरूपमा कमजोर कानुनी र न्यायिक स्वायत्तताको अभावलाई पनि जनाउँछ, जमल 'कानुनको शासन'को सट्टा बढीजसो "शासनको कानुन" निम्त्याउँछ । हाम्रो परिप्रेक्ष्यमा १९ माघपछि निरंकुश राजतन्त्रको अधिनायकत्वले यस्तै स्थिति देखाएको छ । यस्ता परिप्रेक्ष्यमा राजाको शासन अझ बढी निरंकुश हुने सम्भावनालाई नकार्न सकिँदैन, जो आफू अनुकूलको स्थानीय एवम् प्रतिनिधिसभा निर्वाचनको कार्यसूचीका आधारमा अगाडि बढेको छ ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २००७**

शान्ति प्रक्रियालाई अघि बढाउने क्रममा चालिएका कदमहरूका कारण नेपालको राजनीतिक इतिहासमा सन् २००६ सधैं उल्लेखनीय रहने छ। दिगो शान्तिको स्थापनाका निम्ति गत वर्षको अन्त्यतिर सात दल र माओवादी १२ बुँदे समझदारीमा पुगे। सात दल र माओवादीबीच समझदारी भएको पाँच महिना बित्दा नबित्दै राजाको अधिनायकवादी शासन व्यवस्थाको अन्त्य भयो। जनताले एक दशक लामो हिंसात्मक द्वन्द्वबाट मुक्त भएर शान्तिको सास फेर्न पाए। सात दल र माओवादीबिच विभिन्न सहमति र सम्झौताहरूमा हस्ताक्षर भए। तर तीमध्ये अधिकांश सम्झौताहरू व्यवहारमा लागू हुनुपूर्व नै वर्षको अन्त्य भयो। प्रतिनिधिसभाको पुनर्स्थापनाले देशमा शान्ति स्थापना हुने आशा जगायो। त्यस लगत्तै पुर्नःस्थापित संसदले जनादेश अनुसार आफ्ना गतिविधि सञ्चालन गरेको भन्दै केही साहसिक निर्णयहरू गऱ्यो। निरंकुश शाही सरकारको अन्तिम समयतिर राजाको घोषणापछि सात दलद्वारा सङ्घर्ष रोकिएपछि माओवादीले यसलाई धोकाको संज्ञा दिँदै सङ्घर्ष जारी राख्ने बताएका थिए। माओवादीहरूको उक्त भनाइले जनतामा पुनः एकपटक हिंसा भड्केला भन्ने संत्रास बढेका थियो। तर संसद पुनर्स्थापित हुने बित्तिकै यसले गरेको विभिन्न ऐतिहासिक घोषणासँगै संविधानसभाको चुनाव गर्ने घोषणा गरेपछि मात्र सात दल र नेकपा (माओवादी) बीच शान्तिका लागि पहलकदमी अगाडि बढ्यो। यसले शान्तिका मार्गहरू निर्धारण गऱ्यो।




**नेपाल मानव अधिकार वर्ष पुस्तक २००८**

दण्डहीनताको संस्कृति विद्यमान छ। प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप आयोगको विधेयक यसको साक्षी हो। पुनःस्थापित संसद्ले सर्वसम्मतिले पारित गरेको दुई वर्ष बितिसक्दा पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन नहनु अर्को ज्वलन्त प्रमाण हो। बेपत्ता पारिएका नागरिकहरू, विगतका द्वन्द्वका पीडितहरू र विस्थापितहरूका बारेमा कुनै काम नगर्नुले सरकारका बेवास्ता गर्ने प्रवृत्ति झल्काएको छ। अनेकन सहमति र सयकडौँ घोषणा गर्न खप्पिस नेपालका नेताहरू आफ्ना प्रतिबद्धता सम्झने नैतिकता र पूरा गर्ने ल्याकत राख्दैनन् भन्ने कुरामा अन्तर्राष्ट्रिय जगत्ले पनि चिन्ता प्रकट गरिरहेको छ। विभिन्न देशमा हिंसात्मक द्वन्द्व वा सशस्त्र विद्रोहपछिको सङ्क्रमणकालीन अवस्थामा विभिन्न आयोगहरू गठन गरेर विगतमा भएका मानव अधिकार उल्लङ्घनहरूलाई जनतासमक्ष उजागर गरी जघन्य अपराधमा संलग्न दोषीउपर कारबाहीका साथै मेलमिलाप प्रक्रियाहरू अगाडि बढाइएका छन्। सामाजिक पुर्नमिलनमा पनि सत्य निरूपण तथा मेलमिलाप अयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। नेपालमा पनि सङ्क्रमणकालीन न्याय प्रक्रियालाई प्रभावकारी रूपमा अगाडि बढाइनुपर्ने चर्चा वर्ष २००७ को अन्त्यसम्मै भयो। संसारभरिकै अनुभवले गम्भीर प्रकृतिको मानव अधिकार उल्लङ्घनकर्तालाई कारबाही नगर्दा इतिहासको पुनरावृत्ति हुन सक्छ भन्ने देखिएको कुरा पनि वर्षभरि नै उठ्यो।




**नेपाल मानव अधिकार वर्ष पुस्तक २००९**

सन् २००८ को अन्त्यतिर संविधानसभाको नियमावली पारित हुन सक्यो। तर, त्यसपछि सुरु भएको संविधान निर्माण कार्य पनि अत्यन्त प्रारम्भिक तहको थियो। संविधानसभा गठन भएको सात महिनापछि मात्र विभिन्न समितिहरू बने। एउटा संवैधानिक समिति, १० ओटा विषयगत समिति, तीनओटा प्रक्रियागत समिति र १० ओटा व्यवस्थापकीय संसद्का समिति गरेर जम्मा २४ ओटा समितिका सभापति राजनीतिक सहमतिको अभावमा वर्षको अन्त्यसम्मै छानिएका थिएनन्। संविधानसभा निर्वाचन सम्पन्न भएको केही समयपछिदेखि बिग्रिएको माओवादी र कांग्रेसको सम्बन्ध वर्षको अन्त्यसम्मै त्यस्तै रह्यो। सरकारको

साझेदार एमालेसँग पनि माओवादीको सम्बन्ध समस्याग्रस्त नै देखियो। लोकतन्त्र स्थापनाका लागि विभिन्न राजनीतिक दलहरूबिच भएजस्तो सहमति र सहकार्य संविधान निर्माणका क्रममा विकसित नहुने हो कि भन्ने चिन्ता वर्षको अन्त्यसम्मै छायो।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०१०**

मानव अधिकारप्रतिको आफ्ना प्रतिबद्धताहरूमा आशङ्का नगर्न निरन्तर आग्रह गर्दै आएका दलहरू पछाडि पारिएकाहरूको पहिचान गर्न मानव विकास सूचकाङ्कलाई मूल आधार मान्ने सिद्धान्तमा एकमत हुन सक्थे। प्रगतिशील प्राप्तिको सिद्धान्तलाई स्वीकार गर्न सक्थे। नेपालको न्याय प्रणालीलाई व्यवस्थित र अन्तर्राष्ट्रियस्तरको बनाउन अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गर्न सक्थे र दण्डसंहिताको निर्माण गर्न सक्थे। तर, त्यस्तो हुन सकेन। दण्डहीनताको संस्कार नेपाली राजनीतिमा व्याप्त रह्यो। माआवोदीले रामहरि श्रेष्ठ, वीरेन्द्र साहजस्ताको हत्यामा सामेल भएका भनरे आफैले स्वीकार गरिसकेका कार्यकर्ताहरूको पदोन्नति गऱ्यो भने सरकारले मैना सुनुवार हत्याकाण्डमा अदालतद्वारा पक्राउ आदेश दिइएका सैनिक अधिकृतलाई अदालतमा हाजिर नगराएर निर्लज्जता प्रदर्शन गऱ्यो। माओवादी नेतृत्वको सरकारका पालामा मुद्दा फिर्ता लिइएकामध्ये अधिकांशतः दुर्दान्त अपराधमा संलग्न व्यक्तिहरू थिए। अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूदेखि स्थानीय बासिन्दाले त्यस निर्णयप्रति असन्तोष व्यक्त गरे। तर, सरकार भने आफ्नो निर्णयमा अडिग रह्यो।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०११**

पञ्चायतकालदेखि सुरु भएको नागरिक बेपत्ता पार्ने कार्य सशस्त्र द्वन्द्वको क्रममा झन् बढेर गयो। यो क्रम अहिले पनि विभिन्न समूह तथा दलको नाममा जारी छ। बेपत्ता नागरिक छानबिनका लागि राजनीतिक वृत्तमा पटकपटक प्रतिवद्धता व्यक्त हुँदै आएका छन्। दलका प्रतिवद्धताहरू व्यवहारमा कार्यान्वयन हुन नसक्दा बेपत्ता नागरिक खोजीको विषय ओझेलमा परेको छ। एकीकृत माओवादी र सात राजनीतिक दलबीच भएको सातबुँदे सहमतिदेखि अन्तरिम संविधानसम्म भएका हरेक समझदारी तथा सम्झौतामा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका नागरिक छानबिन गर्ने विषय उल्लेख छ। विस्ततृ शान्ति सम्झौतामा द्वन्द्वको समयमा राज्य र विद्रोही पक्षबाट बेपत्ता पारिएका नागरिकहरूको जानकारी ६० दिनभित्र सार्वजनिक गर्ने उल्लेख छ। तर, शान्ति सम्झौता भएको चार वर्ष पुग्न लाग्दा पनि बेपत्ता नागरिक पारिएका नागरिकको अवस्था सार्वजनिक गर्न नत राज्य पक्ष तयार देखिन्छ न त एकीकृत माओवादी नै। बेपत्ता नागरिक सार्वजनिक गर्ने विषय राजनीतिक मुद्दासँग जोडेर राज्य र एकीकृत माओवादी एक अर्कालाई दोषारोपण गरी बेपत्ता नागरिक सार्वजनिक गर्नबाट पछि हटिरहेका छन्। यसरी राजनीतिक खिचातानीका कारण बेपत्ता नागरिक खोजीको विषय किनारामा परेको छ। अन्य मानव अधिकार उल्लङ्घनका घटनाभन्दा बेपत्ता नागरिकको पीडा कहालीलाग्दो हुन्छ। बेपत्ता नागरिक खोजीका लागि उनीहरूका परिवारले हजारौँ पटक गुहार गर्दा पनि सरकार र राजनीतिक दल संवेदनहीन भएका छन्।




**नेपाल मानवअधिकार वर्षपुस्तक २०१२**

बृहत् शान्ति सम्झौता र अन्तरिम संविधानको भावना अनुकूल जसरी सहमतीय सरकार गठन भएर शान्तिप्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउँदै लोकतन्त्रलाई सुदृढ गर्दै जानुपर्ने थियो त्यस मार्गमा

दलहरू लाग्न सकेनन्। अघिल्लो वर्ष राजीनामा दिएर पनि सात महिनासम्म कामचलाउको रूपमा रहेको माधव नेपाल नेतृत्वको सरकारले शान्तिप्रक्रियालाई गति दिन प्रयास गरेको भएपनि त्यसले पूर्णता प्राप्त गर्न सकेन । त्यसपछि उनकै दलका अध्यक्ष झलनाथ खनाल नेतृत्वको सरकार पनि शान्ति प्रक्रियामा खासै योगदान नगरी विघटन भयो भने डा.बाबुराम भट्टराईको सरकारले पनि यस वर्षको अन्त्यसम्म सहमतीय स्वरूप ग्रहण गर्न सकेन। यसबाहेक प्रमुख दलहरूको आन्तरिक विवाद पनि शान्तिप्रक्रियाका अवरोधका रूपमा देखिए। सरकार गठन पूर्व झलनाथ खनालले जसरी एकीकृत माओवादीसँग सम्झौता गरेका थिए, त्यसैगरी डा. बाबुराम भट्टराइले मधशेवादी दलसँग चारबुँदे सम्झौता गरे। खनाल र भट्टराई दुवैजना आ–आफ्नै पार्टीका नेताबाट आलोचित हुनु पऱ्यो । खनालले एकीकृत माओवादीसँग आलोपालो सरकारको नेतृत्व गर्ने सम्झौता गरेका थिए । उनको पालोमा एकीकृत माओवादी सरकारमा सामेल भयो तर, एकीकृत माओवादीको पालोमा एमाले सहभागी भएन। संविधानसभाको दोस्रो ठूलो दल नेपाली कांग्रेस दुवै सरकारमा सामेल भएन भने मधेसवादी दलका घटकहरू प्रायः सबै सरकारमा संलग्न रहँदै आए।




**नेपाल मानवअधिकार वर्षपुस्तक २०१३**

१२ बुँदे सम्झौताले कोरेको नेपालको शान्तिप्रक्रिया विस्तृत शान्ति सम्झौताले फराकिलो पाऱ्यो। नेपालको शान्तिप्रक्रियालाई टुङ्ग्याउन विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानले मार्ग प्रशस्त गरेको भए पनि शान्ति सम्झौताका ६ वर्षहरूमा यसतर्फ कुनै फलदायी काम भएनन्। शान्ति सम्झौतामा उल्लेख गरिएका सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग बनाउनेतर्फ कुनै कदम चालिएनन् । यस्ता आयोगहरू नबन्नुका कारणहरू एकअर्कालाई देखाउँदै आफू उम्किने प्रयास गरिरहे। सङ्क्रमणकालीन विषयलाई समाधान गर्न नेपालका सरकार र राजनीतिक दलहरूको इच्छाशक्ति नदेखिएको आरोप संयुक्त राष्ट्रसङ्घ र युरोपेली मुलुकहरूले लगाए । सत्यनिरूपण तथा मेलमिलाप आयोगले माओवादी जनयुद्धका बेला भएका मानव अधिकार उल्लङ्घन गर्ने र मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिबारे सत्यतथ्य खोजी गरी जनतासमक्ष ल्याउने, मानव अधिकार विरोधी कार्यमा संलग्नलाई कानुनी दायरामा ल्याई दण्डहीनताको अन्त्य गर्ने र भविष्यमा दोहोरिन नदिनेतर्फ सर्तक गराउने, द्वन्द्वपीडितको पहिचान र राहतको व्यवस्था गर्ने र पीडक र पीडितको परिवारबीच पारस्परिक सद्भाव र मेलमिलापको वातावरण निर्माण गर्ने उद्देश्य थियो। आयोगको उद्देश्य दीर्घकालीन शान्ति स्थापना र पीडितलाई न्याय प्रदान गर्ने उद्देश्यबाट अभिप्रेरित भए पनि द्वन्द्वकालमा मानवीय अपराध र मानव अधिकार उल्लङ्घनका पीडितहरूको न्यायको पर्खाइ आकासको फल जत्तिकै भएको छ।




**नेपाल मानवअधिकार वर्ष पुस्तक २०१४**

अघिल्लो वर्षदेखि जारी अन्योलग्रस्त अवस्थाको अन्त्य भयो र पुनः भएको संविधानसभा निर्वाचनले मुलुकलाई नयाँ दिशातर्फ उन्मुख गराएको छ । यसबाट जनताले आफ्ना निर्वाचित प्रतिनिधिमार्फत शासित हुने अवसर पाउनुका साथसाथै सात वर्षदेखि जारी शान्ति प्रक्रिया विवेकपूर्ण टुङ्गोमा पुग्ने आशा पलाएको छ। यसै वर्ष तत्कालीन विद्रोही नेकपा माओवादीका लडाकुहरूको समायोजन कार्य सम्पन्न भएपछि उक्त पार्टी पनि पूर्णतः निशस्त्र भएकामा विश्वस्त हुने आधार तयार भएको छ । अधिल्ला



निर्वाचनभन्दा यस वर्ष सम्पन्न निर्वाचन स्वच्छ र धाँधलीरहित तवरले पूरा भएको छ । निर्वाचनमा जनताको आशातीत सहभागिता उल्लेखनीय रह्यो।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५**

विधि र प्रक्रियालाई केही शीर्ष नेताहरूको निर्णयले प्रतिस्थापन गरेको हुँदा संविधानसभा/व्यवस्थापिका-संसद त्यति प्रभावकारी भएन । संसदमा उठेको विषयले महत्त्व नपाउने र उठेका विषयको सम्बोधन भएन । आफैँले घोषणा गरेका संविधान जारी गर्ने मिति गुजारेका दलहरू मिलेर नयाँ कार्यतालिका जारी गरी नयाँ संविधान जारी गर्नुको विकल्प छैन । संसदमा रहेको मानव अधिकारसम्बन्धी महत्वपूर्ण विधेयकहरूलाई पनि अन्तर्राष्ट्रिय मापदण्डअनुरूप पारित गर्न जरुरी छ।




**नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६**

जननिर्वाचित प्रतिनिधिमार्फत संविधान निर्माण भएकाले सन् २०१५ नेपालको इतिहासमा सर्वाधिक महत्त्वपूर्ण वर्षका रूपमा अङ्कित भएको छ । संविधानसभाबाट संविधान निर्माण गर्ने विश्वको ४३ औँ मलुकका रूपमा नेपाल नयाँ परिचय बनाउन सफल रह्यो। संविधान मूल कानुनका रूपमा मात्र होइन, झण्डै दशक लामो सङ्क्रमणलाई विश्राम दिने आधारसमेत बनेको छ र यसले शान्ति प्रक्रियाको सर्वाधिक महत्त्वपूर्ण अध्याय टुङ्गोमा पुऱ्याएको छ । दुई दशकदेखि विभिन्न समस्याबाट ग्रस्त मुलुकमा नयाँ संविधानले ठूलो आशा जगाएको छ। संविधान मस्यौदा समितिले भदौ ६ गते पेश गरेको नेपालको संविधानको परिमार्जित विधेयकमाथि भदौ १० देखि १३ गतेसम्मको बैठकमा छलफल भयो। उक्त विधयक माथि भदौ २२ देखि २७ गतेको बैठकमा संशोधनसहितको दफावार छलफल सम्पन्न भई भदौ २७ देखि ३० गतेको बैठकमा नेपालको संविधानका परिमार्जित विधयेक, २०७२ लाई संविधान पारित गर्ने कार्यविधिबमोजिम दुई तिहाईभन्दा बढी मत (५ सय ७) बाट पारित गरियो। यो सङ्ख्या संविधानसभा सदस्यको कुल सङ्ख्याको ८९.७९ प्रतिशत हो । मतदानमा १ सय २० जना आदिवासी जनजाति, ६७ मधेसी, २१ थारू र १४ जना मुस्लिम सभासद् सहभागी थिए । २००४ सालको वैधानिक कानुनबाट आरम्भ भएको संवैधानिक इतिहासमा यो सातौँ संविधान भए पनि सार्वभौम नेपाली जनताका तर्फबाट जारी यस संविधानले नेपाली जनतालाई पूर्णतः अधिकार सम्पन्न गराउने अभिभारा बोकेको छ । संविधानसभाका लगभग ८९ प्रतिशत सदस्यको समर्थन रहेको यो संविधान आफैँमा लोकतन्त्रको परिचायक बनेको छ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७**

नयाँ संविधानले गरेको व्यवस्थाअनुसार गत वर्षको चैतमा केपी ओली नेतृत्वको सरकारले स्थानीय निकाय पुनर्संरचना आयोग गठन गऱ्यो । आयोगले मुलुकभर ७ सय १९ स्थानीय तह हुने गरी दस महिना लगाएर तयार पारेको प्रतिवेदन सरकारलाई बुझाएको छ । संविधानको धारा ५६ (१) ले सङ्घ, प्रदेश र स्थानीय तह गरी राज्यको मूल संरचना तीन तहको रहने व्यवस्था गरेको छ। सोही धाराको उपधारा ४ र ५ ले स्थानीय तहतर्फ गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने तथा सामाजिक/सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था गरेको छ। उपर्युक्त संवैधानिक व्यवस्थाबमोजिम निर्माण हुने गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रहरूको सङ्ख्या



तथा सिमाना निर्धारण गर्न सोही संविधानको धारा २९५ को उपधारा ४ बमोजिम संविधान प्रारम्भ भएको मितिले ६ महिनाभित्र आयोग गठन गरिसक्नुपर्ने प्रावधान थियो । जसका आधारमा आयोग बनी प्रतिवेदनसमेत तयार भएको हो। तर यसरी संविधानकै प्रावधानअनुसार गठित आयोगका काम/कारबाहीप्रति असन्तुष्टि जनाउँदै मधेसकेन्द्रित दलले आयोग नै खारेजीको माग गरे । त्यतिमात्र हैन, प्रतिवेदन नस्वीकार्ने अग्रीम घोषणासमेत गरे । जब आयोगले प्रतिवेदन बुझायो, यस सम्बन्धमा प्रमुख सत्तासाझेदार नेपाली कङ्ग्रेस र एकीकृत माओवादी केन्द्रकै पृथक धारणा सार्वजनिक भए । मधेसकेन्द्रित दलका नेता/कार्यकर्ताले एकातिर राज्यका प्रशासनिक निकाय तथा शक्तिको विकेन्द्रीकरण भएन भनेर ठूलो ठूलो स्वरमा भाषण गरिरहे र त्यही निहुँमा संविधान नै नस्वीकार्ने घोषणासमेत गरे। अर्कोतर्फ तिनैले तराईका आठ जिल्लामा स्थानीय तहको संरचनाका लागि सुझाव सङ्कलन गर्ने कार्यक्रमसमेत हुन दिएनन् । जसका कारण यी जिल्लाको तह निर्धारण स्थानीय सुझावबिनै आयोगले गर्नुपऱ्यो । त्यतिमात्र हैन, प्रधानमन्त्री पुष्पकमल दाहालले आयोगले तयार गरेका प्रतिवेदन बुझ्नसमेत आनाकानी गरे। व्यापक दबाबपछि अन्ततः आफ्नो उपस्थितिमा स्थानीय विकास मन्त्रीलाई प्रतिवेदन बुझाउने चाँजोपाँजो मिलाए।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८**




संवैधानिक व्यवस्थाअनुसार नै स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन जनताको व्यापक उत्साह र सहभागितामा एक वर्षभित्रै सम्पन्न भए । जसलाई नेपालमात्र होइन, बाहिरका धेरै राजनीतिक विश्लेषकले समेत असम्भवप्रायः ठानेका थिए। त्यसैले शान्तिपूर्णरूपमा यी निर्वाचन सम्पन्न हुनुलाई ठूलो राजनीतिक उपलब्धि मान्न सकिन्छ । अन्तरिम संविधानको यवस्थाअनुसार भएका संविधान सभाको निर्वाचन र नेपालले अपनाएको समानुपातिक निर्वाचन प्रणालीका कारण संविधान सभामा ३० भन्दा बढी राजनीतिक दलको प्रतिनिधित्व थियो जसलाई कतिपय विश्लेषकले राजनीतिक अस्थिरताको कारणसमेत ठानेका थिए। यो निर्वाचन परिणामको अर्को विशेषता राष्ट्रिय राजनीतिक दलको सङ्ख्या घट्नु पनि हो। भर्खरै सम्पन्न निर्वाचन परिणामले नागरिकका आशा बृहत्तर तुल्याउन मद्दत गरेको छ । निर्वाचनमा स्पष्ट बहुमत पाएको बाम गठबन्धनले आफ्नो घोषणापत्रमा राजनीतिक स्थायित्व र समृद्धिको विषयलाई प्रमुखतासाथ उठाएको छ । राजनीतिक स्थायित्व र समृद्धिका आधार के–के हुन् र यिनलाई कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा धेरै छलफल बाँकी नै छ । तर पनि यही एउटै नारा जनतालाई अब मुलुकमा स्थिरता छाउने प्रति आशावादी तुल्याउन भने काफी भयो । राजनीतिक स्थिरताबाहेक निर्वाचनबाट आमनागरिकले अपेक्षा गरेको अर्को विषय आर्थिक समृद्धि हो। यसलाई सबैजसो राजनीतिक दलले प्रमुख चुनावी मुद्दाका रूपमा उठाउँदै आफ्ना चुनावी घोषणापत्रमा उल्लेख गरेका थिए । तर, हाम्रो सन्दर्भमा आर्थिक समृद्धि प्राप्तिका आधार तथा यसका लागि आवश्यक स्रोतसाधनबारे खासै चर्चा हुने गरेको छैन।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९**

'समृद्ध नेपालः सुखी नेपाली' भन्ने सरकारी नारा तथा कार्यक्रमलाई आमनागरिकले आशाको नजरले हेरे । सरकारले केही गर्दैछ भन्ने भाव जनतामा पैदा गराउन सरकार केही हदसम्म सफल भयो । नौलो अभ्यासका रूपमा सञ्चालनमा आएको सङ्घीयता र यसको अङ्ग सङ्घ, प्रदेश र स्थानीय तहले विकास तथा समृद्धिको जनचाहनालाई पूरा गर्ने खालका नीति तथा कार्यक्रम तयार गरी लागु गरिएको बताए । यी सबै सरकारले भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारलाई प्राथमिकता दिई आय/व्ययको विवरण प्रस्तुत गरे । संविधानत तोकिएका जिम्मेवारी पूरा गर्न सबै सरकारहरू क्रियाशील भएको आभास भयो।



संविधानको मौलिक हक कार्यान्वयनका सन्दर्भमा मौलिक हकसम्बन्धी कानुनको निर्माण गरिनु सुखद पक्षका रूपमा लिन सकिन्छ। निर्मला पन्तको बलात्कारपछि हत्या घटनाका आरोपितलाई कानुनी दायरामा ल्याउन नसक्नु, अदालतले रिहा गर्ने आदेश दिइसकेका व्यक्तिलाई पुन गिरफ्तार गर्नु, इन्काउण्टरका नाममा मानिसहरूको हत्या गरिनु जस्ता घटना यस सरकारलाई अलोकप्रिय बनाउन सहयोगी रहे । जनजीविकाका सवालमा भरपर्दो काम हुन नसकुञ्जेल नीति र नियममा उल्लेख गरिएका कुरालाई कसैले पत्याउँदैनन्। यो सरकारलाई काम नगर्न, परिवर्तनको आभास नदिलाउन, सङ्क्रमण, कानुनी अभावको बाहना देखाएर उम्कने छुट छैन। किनभने लामो अस्थिरताबाट वाक्क भएका नेपाली स्थायित्वका पक्षमा थिए र त कम्युनिष्ट गठबन्धनलाई दुई तिहाइ मत दिएका हुन्। जनताको आशा र भरोसालाई तुसारापात नगरी कार्यक्रम तय गर्नु यो सरकारको मुख्य अभिभारा हो।

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०२०**

विस्तृत शान्ति सम्झौता भएदेखि नै सङ्क्रमणकालीन न्यायलाई सङ्कुचित तवरले हेर्ने अनि पीडित पक्षलाई उपलब्ध गराइएको आर्थिक सहयोगलाई नै न्याय र परिपूरणको पर्यायका रूपमा व्याख्या गरिँदै आएको सरकारी धारणा देखियो । गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न दोषीलाई कानुनी कारबाही, परिपूरण तथा पीडित परिवारको भविष्य र जीवनयापनका आधार स्थापना गर्नेतर्फ भने सरकारले सकारात्मकरूपमा सोचेको देखिएन । यी विषयलाई दबाब र भारका रूपमा मात्र सम्बोधन गर्ने प्रवृत्ति सरकारमा देखियो । यस विषयलाई सरकारले राष्ट्रिय मानव अधिकार कार्ययोजनामा नीतिगतरूपमा प्रवेश गराए पनि ती योजना तर्जुमा गरिँदा तथा कार्यान्वयनमा सरोकारवालाको सहभागिता तथा सुझावलाई महत्त्व नदिइएको अवस्थाले सरकारी रवैयाप्रतिको शङ्कालाई मलजल गरेको देखियो । सङ्क्रमणकालीन न्यायको मूल उद्देश्य नै दिगो शान्ति स्थापनाको आधार हो भन्ने स्थापित मान्यतालाई तत्कालीन अवस्थाको द्वन्द्वरत दुवै पक्षबाट नजरअन्दाज गरिएका कैयौँ दृष्टान्त पाइएको छ। जसको मूल कारण द्वन्द्वरतपक्ष शक्तिशाली हुनु र राज्यको महत्त्वपूर्ण भूमिकामा रहनु पनि हो । हाल तत्कालीन सेना र माओवादी दुवै राज्य भएपश्चात पीडितको संवेदनामा कुठाराघात भएको देखियो। यसको फाइदा तत्कालीन नेकपा माओवादीबाट फुटेको समूहले लिनसक्नेतर्फ सचेत भएको पाइएन। तत्कालीन नेकपा माओवादीका अध्यक्ष प्रचण्डले आफ्नो दलले तत्कालीन अवस्थामा मारिएका १७ हजारमध्ये ५ हजारको जिम्मा एक्लै लिने भनी माघ १ गते टुँडिखेलमा आयोजित कार्यक्रममा सार्वजनिकरूपमा व्यक्त गरेको विचार र बाँकी १२ हजारको सम्बन्धमा सुरक्षाकर्मी तथा त्यसबेलाका सरकारी अन्य पदाधिकारीसमेत विवादित हुने डरले पनि यो विषय हल गर्नमा सबै ठूला दल अनिच्छुक देखिएको हुनसक्ने आँकलन गर्न सकिन्छ।



फोटो : रमेशप्रसाद तिमल्सिना

२.१ राज्य र मानव अधिकार

# न्यायपालिका

परिच्छेद

२

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा १२६ (१) मा न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने उल्लेख छ। संविधानले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहने व्यवस्था गरेको छ।[१] यी तीन तहको अदालतबाहेक कानुनबमोजिम मुद्दाको सुनुवाइ तथा फर्स्यौट गर्न स्थानीयस्तरमा न्यायिक निकाय वा विवाद समाधान गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था छ।[२] यस व्यवस्या अनुसार सङ्घीय व्यवस्थाको तीन तहका जननिर्वाचित तहमध्ये स्थानीय तहमा नगरपालिका उपप्रमुख र गाउँपालिका उपाध्यक्षको अध्यक्षतामा स्थानीय न्यायिक समिति गठन गर्ने व्यवस्था छ।

संविधान अनुसार सर्वोच्च अदालत अभिलेख अदालत र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने र विधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था छ।[३] पुनरावेदन अदालतका रूपमा सातै प्रदेशमा उच्च अदालत रहने व्यवस्था छ।[४] ७७ जिल्लामा जिल्ला अदालतको व्यवस्था गरिएको छ।[५] माथि उल्लेखित तीन तहको अदालत बाहेक खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न सङ्घीय कानुन बमोजिम अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरण स्थापना र गठन गर्न सकिने व्यवस्था छ।[६]

संविधानले सर्वोच्च अदालतलाई संविधानको व्याख्या लगायत कानुनको प्रचलनका लागि असीमित अधिकार क्षेत्र प्रदान गरेको छ। "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ।"[७] सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअर्न्तगत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ।[८]

संविधानले सात उच्च अदालतलाई पनि मौलिक हक प्रचलनदेखि सार्वजनिक हक वा सरोकारको विषयमा कानुनी प्रश्नको निरूपणको अधिकार क्षेत्र तोकिदिएको छ। "यस संविधानद्वारा प्रदत्त मौलिक हक प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हक प्रचलनका लागि सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानुनी प्रश्नको निरूपणका लागि आवश्यक उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ।"[९] ती अधिकारहरू संरक्षणका लागि उच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै आदेश जारी गर्ने सक्नेछ।"[१०] यसरी उच्च अदालतलाई कानुन प्रचलन लगायत सार्वजनिक सरोकारका मुद्दाको सुनुवाइ गर्न सक्ने अधिकार संविधानले दिएको छ।

जिल्ला अदालतको अधिकार क्षेत्रभित्र सम्पूर्ण सङ्घीय कानुन प्रचलन, अर्धन्यायिक निकाय र प्रदेश

१. नेपालको संविधान, धारा १२७ को उपधारा (१)
२. नेपालको संविधान, धारा १२७ को उपधारा (२)
३. नेपालको संविधान, धारा १२८ को उपधारा (२)
४. नेपालको संविधान, धारा १३९ को उपधारा (१)
५. नेपालको संविधान, धारा १४८ को उपधारा (१)
६. नेपालको संविधान, धारा १५२ को उपधारा (१)
७. नेपालको संविधान, धारा १३३ को उपधारा (२)
८. नेपालको संविधान, धारा १३३ को उपधारा (३)
९. नेपालको संविधान, धारा १४४ को उपधारा (२)
१०. नेपालको संविधान, धारा १४४ को उपधारा (१)

कानुन बमोजिम गठित स्थानीय तहका न्यायिक निकायले गरेका निर्णय उपर पुनरावेदन सुन्ने अधिकारसमेत रहेको छ। "जिल्ला अदालतलाई सङ्घीय कानुनमा अन्यथा व्यवस्था भएको बाहेक आफ्नो अधिकार क्षेत्रभित्रका सम्पूर्ण मुद्दाको सुरु कारबाही र किनारा गर्ने, बन्दीप्रत्यक्षीकरण निषेधाज्ञा लगायत कानुन बमोजिमका निवेदन हेर्ने, अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानुन बमोजिम पुनरावेदन सुन्ने, प्रदेश कानुन बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेका निर्णय उपर पुनरावेदन सुन्ने तथा आफू र आफ्नो मातहतका अदालयतका न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसला अवज्ञा गरेमा सङ्घीय कानुन बमोजिम अवहेलनामा कारबाही चलाइ सजाय गर्न सक्ने अधिकार हुनेछ।[११]" भनेर जिल्ला अदालतको अधिकार क्षेत्रलाई पनि व्यापक बनाइएको छ।

यस पृष्ठभूमिमा यस आलेखमा सन् २०२० अर्थात २०७६ पुस १६ देखि २०७७ पुस १६ सम्म न्यायालय र न्यायिक निकायहरूले संविधान, अन्तर्राष्ट्रिय कानुन, प्रचलित कानुनहरू र कानुनका मान्य सिद्धान्तमा आधारित भए/गरेका निर्णय, आदेश तथा फैसलाबारे विवेचना गर्ने प्रयास गरिएको छ।

### २. सन्दर्भ सामग्रीहरूको सीमितता

यो आलेख तयार पार्न हामीले सर्वोच्च अदालतले प्रकाशन गर्ने नेपाल कानुन पत्रिकालाई सन्दर्भ सामग्रीका रूपमा लिने गरेका थियौं। यस वर्ष कानुन पत्रिका नियमित प्रकाशन नभएको र २०७७ जेठसम्म प्रकाशित भएका अङ्कहरूमा उल्लेख भएका फैसला तथा निर्णयहरू अघिल्ला वर्षका भएकाले तिनलाई सन्दर्भ सामग्रीको रूपमा समावेश गर्न सकिएन। यो आलेख तयार पार्न सर्वोच्च अदालतले गरेका महत्वपूर्ण फैसलाहरू भेटिएसम्म सर्वोच्च अदालतको वेवसाइटबाट राष्ट्रिय दैनिक पत्रिकाका इ-कपी र प्रकाशन, इन्सेकअनलाइन र अन्य प्रकाशन तथा अनलाइनहरूलाई आधार मानिएको छ।

### ३. कोभिड-१९ (कोरोना भाइरस) का अवरुद्ध न्यायिक प्रकृया

कोभिड-१९ का प्रभाव विश्वका अन्य देशजस्तै नेपालमा पनि पऱ्यो। यस परिस्थितिमा व्यक्तिका सबै किसिमका मानव अधिकारका विषयहरू तुलनात्मकरूपमा ओझेलमा पर्ने अवस्था सिर्जना भयो। तर, व्यक्तिका केही यस्ता अधिकारहरू हुन्छन् ती अधिकारहरू जस्तोसुकै संकटको अवस्थामा पनि प्रचलनमा रहेका हुन्छन्। अन्तर्राष्ट्रिय मानवअधिकार कानुन, नेपालको संविधान र कानुनमा प्रत्याभूत स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित विषयहरू नै मानव अधिकार हुन्।

संविधानमा उल्लेखित मौलिक हकहरू स्वास्थ्यको हक, खाद्यान्नको हक, आवत जावत गर्न पाउने हकसम्बन्धमा सर्वोच्च अदालतले सरकारका नाममा विभिन्न निर्देशन तथा आदेशहरू गऱ्यो। अदालतका दैनिक सूचीका नियमित मुद्दाहरू किनारा लगाउन नसके पनि अभियुक्तको अदालत समक्ष उपस्थित हुन पाउने हक बन्दीप्रत्यक्षीकरणको रिट, बाल सुधार गृहका निवेदन, पक्राउ पुर्जी अनुमति र समर्थनसम्बन्धी कार्य गर्ने गराउने उपरको सुनुवाइलाई अदालतले नियमित गऱ्यो।

कारोनाको सङ्क्रमण नियन्त्रण गर्न भन्दै नेपाल सरकारले २०७६ चैत ११ गतेदेखि साउन ७ गतेसम्म देशव्यापी बन्दाबन्दीको घोषणा गऱ्यो। कोभिड-१९ बाट प्रभावित हुनेको सङ्ख्या दिनानुदिन बृद्धि हुँदै गएपछि भदौ ३ देखि ३१ गतेसम्म काठमाडौं उपत्यका लगायतका जिल्लाहरूमा स्थानीय प्रशासनले निषेध आदेश जारी गरेको थियो। यसरी बन्दाबन्दी र निषेध आदेशका कारण सर्वोच्च अदालत लगायत उच्च अदालतहरू तथा जिल्ला अदालतहरूमा बन्दीप्रत्यक्षीकरण, बाल सुधार गृहका निवेदन, पक्राउ पुर्जी अनुमति र समर्थनसम्बन्धी कार्य गर्ने गराउने बाहेकका मुद्दाको सुनुवाइ स्थगित भयो। सर्वोच्च अदालत लगायत देशैभरका अदालतका काम कारबाही प्रभावित भए र विगतका वर्षहरू भन्दा कम सङ्ख्यामा मुद्दाहरू किनारा लागे।

### ४. बन्दाबन्दीको अवधिमा सर्वोच्च अदालतले जारी गरेका सूचनाहरू

सर्वोच्च अदालतले न्यायिक कारबाही र स्वास्थ्य मापदण्डहरू बारे निरन्तर सूचना जारी गऱ्यो। यी सूचनाहरूले नागरिकलाई अदालती कारबाही, मुद्दासम्बन्धी आवश्यक प्रकृया तथा अदालतमा

११. नेपालको संविधान, धारा १५१ को उपधारा (१)

अपनाउनु पर्ने स्वास्थ्य मापदण्डकाबारेमा जानकार बनाउन भूमिका निर्वाह गरेको थियो। चैत ११ गतेदेखि देशव्यापी बन्दाबन्दी भएपछि १२ गते नै प्रधानन्यायाधीशको अध्यक्षतामा बसेको पूर्ण बैठकले बन्दीप्रत्यक्षीकरण निवेदन, सुधारगृहमा रहेका बालबालिका जिम्मा लिने निवेदन, पत्राउ पुर्जी अनुमति र समर्थनसम्बन्धी कार्य गर्ने गराउनेबाहेक सबै स्थगन गर्ने निर्णय गरेको थियो। चैत १२ को पूर्ण बैठकले गरेका निर्णयबाहेक न्यायिक कारबाहीलाई केही खुकुलो बनाउँदै सर्वोच्चले २०७७ जेठ २१ गते जारी गरेको सूचनामा कानुन व्यवसायी उपस्थित हुन सक्ने अवस्था भएका बन्दाबन्दी भन्दा अघि र बन्दाबन्दीको अवधिमा दर्ता हुन आएका रिट निवेदनहरूको सुनुवाइ लगायत मिलापत्र र मुद्दा फिर्तासम्बन्धमा कारबाही अघि बढाउने बारेमा उल्लेख थियो । २०७७ असार १७ गतेको सूचनामा संवैधानिक इजलासमा पेस हुने रिट निवेदन/मुद्दाको दर्ता, कारबाही तथा सुनुवाइको कार्यसमेत गर्नेबारे र साउन १३ गतेको सूचनामा कोरोना सङ्क्रमण दिन प्रतिदिन बृद्धि भइरहेको र सर्वोच्च अदालतका कर्मचारी सङ्क्रमित भएकाले यस अघि गरिएको खुकुलोलाई कम गर्ने उल्लेख थियो । बन्दाबन्दीको अन्त्य र यातायात सुचारु भएको घोषणा सरकारले गरेपछि बाटोको म्याद बाहेक हदम्याद ३० दिन तोकिएको, स्वास्थ्य मापदण्ड अपनाएरमात्र अदालत परिसरमा प्रवेश गर्नेजस्ता सूचना सर्वोच्चले जारी गरेको थियो।

### ५. बन्दाबन्दी र निषेध आदेशका समयमा सर्वोच्च अदालत

१ सय २० दिनको बन्दाबन्दी र काठमाडौं उपत्यकामा लागु गरिएको २९ दिने निषेध आदेशका अवधिमा सर्वोच्च अदालतले सुनुवाइ गरेका प्रतिनिधिमूलक मुद्दाहरू यहाँ उल्लेख छ।

### ५.१ अति आवश्यक मुद्दाको मात्र सुनुवाइ गर्ने निर्णय

देशव्यापी बन्दाबन्दी घोषणा भएपछि देशभरका अदालतको काम कारबाहीमा सीमितता आयो । सम्माननीय प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको अध्यक्षमा चैत १२ गते बसेको पूर्ण बैठकले बयान, बकपत्र, अभियोग दर्ता लगायतका काम बन्द गर्ने निर्णय गऱ्यो। बैठकले बन्दीप्रत्यक्षीकरण निवेदन, सुधारगृहमा रहेका बालबालिकाको जिम्मा लिने निवेदन तथा पत्राउ पुर्जी अनुमति र समर्थनसम्बन्धी कार्य गर्ने गराउने निर्णय गरेको थियो । यस्तै बैठकले महामारीसँग सम्बन्धित गम्भीर प्रकृतिका निवेदनको कारबाही र सुनुवाइसम्बन्धी कार्यलाई पनि जारी राख्ने निर्णय गरेको थियो।[१७]

### ५.२ विपन्नलाई खाद्य व्यवस्था गर्न सरकारलाई सर्वोच्चको आदेश

सरकारले बन्दाबन्दी घोषणा गरेसँगै विपन्न तथा दैनिक ज्यालादारीमा निर्भर जनतालाई खाद्यान्नको अभाव हुन थालेको विषयमा सर्वोच्च अदालतमा दायर रिटउपर फैसला गर्दै अति विपन्न दैनिक ज्याला मजदुरी गरी जीवन निर्वाह गर्ने नागरिकको पहिचान गरी राज्य संयन्त्रबाटै राहत उपलब्ध गराउन चैत १७ गते सरकारका नाममा आदेश जारी गऱ्यो। कोरोना भाइरसको जोखिम न्यूनीकरणका लागि सरकारले गरेको लकडाउनको अवधि लम्बिँदै जाँदा मजदुरी गरी जीवनयापन गर्नेको दैनिकी कष्टकर भइरहेको भन्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी खाद्यान्न र राहतको कार्यक्रम अघि बढाउन न्यायाधीश विश्वम्भर श्रेष्ठको एकल इजलासले सो आदेश जारी गरेको थियो।[१३]

### ५.३. निजी अस्पताललाई उपचारमा लगाउनेसम्बन्धी आदेश

राज्यबाट सञ्चालित सार्वजनिक स्वास्थ्य संस्थाहरूले मात्र स्वास्थ्य सेवा पुऱ्याउन नसक्ने भन्दै निजी स्वास्थ्य संस्थाहरूलाई पनि कोरोना उपचारमा लगाउन र कोरोना भाइरस सङ्क्रमितको उपचारको व्यवस्था मिलाउन २०७६ चैत १८ गते अन्तरिम आदेश जारी गऱ्यो । न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले निजी स्वास्थ्य संस्थाले कुनै पनि बहानामा सङ्क्रमणको उपचारबाट पन्छिन नमिल्ने आदेश गरेको थियो । आदेशमा उपचारमा संलग्न हुने चिकित्सक लगायत सबै स्वास्थ्यकर्मीलाई व्यक्तिगत सुरक्षाको सामग्री उपलब्ध गराउन, निजी अस्पतालमा उपलब्ध भएसम्मका बेड, आइसीयू कक्ष, भेन्टिलेटर लगायतका कोरोना सङ्क्रमितको उपचारका लागि आवश्यक सेवा लिन र सोसम्बन्धी व्यवस्था मिलाउनु भन्ने उल्लेख थियो।[१४]

---

१३. गोरखापत्र दैनिक, २०७६ चैत १३, पृ २
१३. गोरखापत्र दैनिक, २०७६ चैत १८,पृ १
१४. गोरखापत्र दैनिक, २०७६ चैत १९, पृ १

### ५.४ सीमामा अलपत्र परेका नागरिकलाई व्यवस्थित रूपमा फर्काउन सर्वोच्चको अन्तरिम आदेश

नेपालको संविधानले नागरिकलाई एक ठाउँबाट अर्को ठाउँमा स्वतन्त्रतापूर्वक आवतजावत र बसोबास गर्ने स्वतन्त्रता दिएको छ।[१५] रोजगारी, अध्ययन तथा उपचारका क्रममा भारतमा रहेका नेपालीहरू भारतमा समेत भएको बन्दाबन्दीका कारण नेपाल फर्कन लाग्दा नेपाल भारत सीमा बन्द भएको र नेपालीले घर फर्कन नपाएको भन्दै सर्वोच्चमा रिट पऱ्यो। सो रिटउपर फैसला सुनाउँदै न्यायाधीश सपना मल्ल प्रधानको एकल इजलासले उनीहरूको फिर्ता ल्याउन र उद्धारका लागि आवश्यक गृहकार्य गर्न सरकारको नाममा अन्तरिम आदेश दियो। सीमानामा अलपत्र परेका नागरिकहरूलाई फिर्ता ल्याउने क्रममा सङ्क्रमण नियन्त्रणसम्बन्धी विश्वव्यापी मापदण्ड अनुसारका सर्त भने लागु हुनुपर्ने आदेशमा उल्लेख थियो । अधिवक्ता सोमप्रसाद लुइँटेलको निवेदनको सुनुवाइपछि जारी आदेशमा भनिएको थियो, उनीहरूलाई उद्धारका लागि आवश्यक प्रशासनिक, आर्थिक व्यवस्थापकीय पहल गर्न अन्तरिम आदेश जारी गरिएको छ।' आफ्नो घर फर्कने अधिकार नागरिकको वैयक्तिक अधिकारको विषय भए पनि त्यससँग बहुसङ्ख्यक जनताको जीवन, स्वास्थ्य र सुरक्षाको हित जोडिएको भन्दै सर्वोच्च अदालतले त्यसलाई समेत सन्तुलित रूपमा सम्बोधन गर्नुपर्ने औँल्यायो।[१६]

### ५.५ अलपत्र नागरिकलाई घर पुऱ्याउन आदेश

काठमाडौँ उपत्यकामा रोजगारी, शिक्षा, यातायातका क्षेत्रहरू बन्द भएपछि आफ्नो घर फर्कन नपाएर सकसमा परेका, उपत्यकाबाट पैदल घर फर्किरहेका नागरिकलाई सुरक्षित उपाय अपनाइ घरसम्म पुऱ्याउन सरकारका नाममा आदेश जारी गर्न माग गर्दै वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माले रिट दायर दायर गरे। रिटको सुनुवाइ गर्दै न्यायाधीशहरू आनन्दमोहन भट्टराई र सपना प्रधान मल्लको इजलासले वैशाख ५ गते सुरक्षाको उपाय अवलम्वन अलपत्र परेका नागरिकलाई गन्तव्यमा पुऱ्याउन आदेश दियो। व्यक्ति र बृहत् समाजको हितलाई समेत ध्यानमा राखी स्थानीय रूपमा परिचालित स्वास्थ्य परीक्षणसम्बन्धी जनशक्तिको परिचालन गरी उनीहरूलाई गन्तव्य स्थानमा पुऱ्याइदिनु आदेशमा उल्लेख थियो।

### ५.६ नागरिकमाथि अमानवीय व्यवहार नगर्न आदेश

बन्दाबन्दीका बेला काठमाडौँ लगायतका शहरी क्षेत्रबाट गाउँ फर्किरहेका नागरिकहरूमाथि प्रहरीले हातपात तथा दुर्व्यवहार गरेको भन्दै अधिवक्ता शैलेन्द्रप्रसाद हरिजनलगायतले दायर गरेको रिटउपर आदेश सुनाउँदै सर्वोच्च अदालतले कोभिड-१९ सङ्क्रमणको निवारण तथा नियन्त्रणका लागि गरेको 'बन्दाबन्दीमामा सर्वसाधारणउपर अमानवीय व्यवहार नगर्न वैशाख ११ सरकारका नाममा आदेश जारी गऱ्यो। न्यायाधीशहरू दीपककुमार कार्की र ईश्वरप्रसाद खतिवडाको संयुक्त इजलासले दिएको आदेशमा बन्दाबन्दीको समयमा पनि मानिसको जीउज्यान, वैयक्तिक प्रतिष्ठा र सम्मानको संरक्षण गरिदिनु बाञ्छनीय छ। कुनै पनि भूमिकामा रहेका राज्यका पदाधिकारीले कुनै पनि व्यक्ति उपर कानुन प्रतिकुल अमानवीय व्यवहार गर्नु हुँदैन' उल्लेख थियो। आदेशमा बन्दाबन्दीका बेला सर्वसाधारणहरूमाथि अमानवीय व्यवहार नगर्न समेत अदालतले राज्यका सबै पदाधिकारीहरूलाई सचेत गराएको थियो ।[१७]

### ५.७ बन्दाबन्दी (लकडाउन) को समय गणना नहुने फैसला

१९ जना न्यायाधीशहरूको बृहत् पूर्ण इजलासले बन्दाबन्दीको समयलाई शून्य समय मानेर मुद्दाको सुनुवाइ हुने परमादेश गऱ्यो। लकडाउन खुलेको मितिले कम्तीमा ३० दिनसम्म मुद्दा दर्ता र तारेखसहितका लागि थप समय उपलब्ध गराउन सकिने परमादेशमा उल्लेख छ। अदालतबाट नियमित सेवा दिन बन्द गरिएको चैत ९ गतेदेखि लकडाउन खुलेको मितिसम्मको अवधिलाई न्यायिक काम कारबाहीको प्रयोजनका लागि शून्य अवधि मान्ने निर्णय सर्वोच्चले गरेको थियो ।[१८]

---

१५. नेपालको संविधान, धारा १७ उपधारा २ को (ङ)

१६. https://ekantipur.com/news/2020/04/16/158703367124266019.html (२०७७ पुस २६ मा हेरिएको)

१७. http://inseconline.org/np/news/नागरिकमाथि-अमानवीय-व्यवहार/ (२०७७ पुस २६ मा हेरिएको)

१८. https://www.bbc.com/nepali/news-52837692 (२०७७ पुस २६ मा हेरिएको)

### ५.८ निःशुल्क स्वास्थ्य सेवा

सर्वोच्च अदालतले असोज १५ गने कोरोना भाइरस परीक्षण निःशुल्क गर्न सरकारका नाममा परमादेश जारी गऱ्यो । न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र टंकबहादुर मोक्तानको संयुक्त इजलासले परीक्षण निःशुल्क गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नाममा परमादेश जारी गरेको हो । नेपालको संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने उल्लेख छ। कोरोना सङ्क्रमितको उपचार निःशुल्क गर्न नसकिने स्वास्थ्य मन्त्रालयले जनाएपछि कोरोनाको निःशुल्क उपचार गरिरहेका सरकारी अस्पतालहरूले बिरामी भर्ना हुनुअघि धरौटी राख्नुपर्ने रकमको सूची प्रकाशन गरेका थिए ।

सर्वोच्चले दिएको आदेशमा सरकार सहमत हुन सकेन । कोभिड-१९ सङ्क्रमणको परीक्षण र उपचार निःशुल्क पाउनु पर्ने नागरिकको संवैधानिक अधिकार भएको सर्वोच्च अदालतको आदेश पुनरावलोकन गर्न माग गर्दै सरकारले असोज १५ गते पुनरावलोकन निवेदन दियो । सर्वोच्चले कार्तिक २० गते सो निवेदन खारेज गऱ्यो ।[१९] नागरिकको आधारभूत स्वास्थ्य निःशुल्क हुने हकलाई संकुचित पार्नेतर्फ सरकार अग्रसर भएको देखिन्छ । न्यायाधीशहरू हरिकृष्ण कार्की, सपना प्रधान मल्ल र पुरुषोत्तम भण्डारीको इजलासले सर्वोच्चको यसअघिको फैसला पुनरावलोकन गर्न आवश्यक नरहेको निर्क्योल गर्दै सरकारको निवेदनमा निस्सा नहुने' आदेश गऱ्यो । यो आदेशसँगै कोरोना सङ्क्रमित नागरिकको निःशुल्क उपचार गर्न सरकार बाध्य भयो ।[२०]

### ५.९ बन्दी प्रत्यक्षीकरणसम्बन्धी

नेपालको संविधान न्यायसम्बन्धी हकमा बन्दी प्रत्यक्षीकरणसम्बन्धी व्यवस्था गरिएको छ । पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएका बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन ।[२१] यो हक प्रचलन गराउनका लागि कोरोना महामारीको कारणले बन्दाबन्दीको अस्थामा समेत उच्च प्राथमिकता दिँदै सर्वोच्च अदालतको चैत १२ गते बसेको पूर्ण बैठक (फुल कोर्ट) ले बन्दीप्रत्यक्षीकरण निवेदन, सुधार गृहमा रहेका बालबालिका जिम्मा लिने निवेदन, पक्राउ पुर्जी, अनुमती र समर्थन सम्बन्धी सुनुवाइ गर्ने निर्णय गरेको थियो । सोही अनुसार अनुसार बन्दाबन्दीको अवस्थामा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूबाट बन्दीप्रत्यक्षीकरणका रिटहरूको सुनुवाइलाई नियमितरूपले गरेको पाइन्छ ।

बन्दाबन्दीको अवधिमा जम्मा १ सय १५ वटा र निषेध आदेशको अवधिमा ३१ वटा बन्दीप्रत्यक्षीकरणको रिटमा सर्वोच्चले सुनुवाइ गऱ्यो । सर्वोच्च अदालतले एउटा बन्दीप्रत्यक्षीकरणको रिटमा निवेदकलाई सार्वजनिक शान्ति विरुद्धको कसुरमा पक्राउ गरी पर्याप्त आधार र कारण बिनाकारण फरक विचार र आस्था राखेकै आधारमा थुनामा राखेकाले संविधानको धारा १७ (१) मा स्वतन्त्रताको हकअर्न्तगत कानुन बमोजिम बाहेक कुनै पनि वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था उद्धरण गरी २०७७ असार २४ गते 'निवेदकलाई थुना मुक्त गर्नू' भन्ने आदेश दिएको थियो ।[२२] त्यस्तै अर्को रिट निवेदनमा गैरकानुनी हिरासतमा रहेका निवेदकलाई पक्राउ गरी पटकपटक म्याद थप गरी अनुसन्धानका लागि हिरासतमा राख्नुपर्ने कार्य औचित्यपूर्ण नभएको, धरौटी राखेर छुटेपश्चात जिल्ला स्थानान्तरण गर्दै मुद्दा लगाउने गरेकोले २०७७ असार ८ गते निवेदकलाई थुना मुक्त गर्न सर्वोच्च अदालतले आदेश दिएको थियो ।[२३]

### ५.१० कैदीबन्दीलाई सहुलियत दिन सर्वोच्चको आदेश

कारागार ऐन १९ को दोस्रो संशोधनले कैदीबन्दीको सजाय भुक्तानका लागि समयानुकूल परिवर्तन गर्दै कैदीलाई पनि सामुदायिक र खुला

---

१९. http://inseconline.org/np/news/कोभिड-१९-को-परीक्षण-र-उपचार/ (२०७७ पुस २६ मा हेरिएको)
२०. कान्तिपुर दैनिक, २०७७ कार्तिक २१, पृ १
२१. नेपालको संविधान, धारा २० उपधारा (३)
२२. ०७६-WH-०३९७ (राकेश दहाल विरुद्ध जिल्ला प्रहरी कार्यालय, भोजपुर समेत)
२३. ०७६-WH-०४१८ (छत्र विक विरुद्ध जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकसमेत)

कारागारमा राख्न सकिने प्रावधान समावेश गरेको छ। उक्त संशोधनले कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा तीन वर्षसम्म कैद सजाय हुने ठहरिएका कसुरदारलाई मुद्दा हेर्ने अधिकारीले सामुदायिक सेवामा पठाउन सक्नेछ[२४] भन्ने व्यवस्था गऱ्यो। कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष भन्दा बढी कैद सजाय भई कम्तीमा एक तिहाइ कैदको अवधि भुक्तान गरिसकेको कैदीलाई तोकिएको अधिकारीले खुला कारागारमा बस्ने अनुमति दिन सक्नेछ।[२५] सर्वोच्च अदालतले थुन्नैपर्ने कानुनी बाध्यतामा रहेका बाहेकका कैदीबन्दीलाई प्रक्रिया पुऱ्याएर सहुलियत दिन सरकारका नाममा आदेश जारी गऱ्यो। न्यायाधीशहरू कुमार रेग्मी र हरि फुयाँलको २०७७ वैशाख १७ गते इजलासले कारागारमा भएका कैदीबन्दीको भीड र उनीहरूको भीड भाडयुक्त बसाइले कोरोना सङ्क्रमणको जोखिम बढेको भन्दै कारागार सुधार तथा कैदी बन्दीले पाउने सहुलियतपूर्ण कानुनी व्यवस्था कार्यान्वयन गर्न आदेश दियो। कारागारको व्यवस्थित सुधारका लागि कानुनी आधार तयार भएको तर पूर्ण कार्यान्वयन नभएको परिस्थितिमा जति कैदी बन्दीहरू रिहा हुनुपर्ने हो, त्यो हुन नसकेको देखियो' आदेशमा भनिएको छ, फौजदारी संहितालगायत अन्य कानुनमा भएका व्यवस्था कार्यान्वयन गर्नु आदेशमा उल्लेख छ।'[२६]

### ६. द्वन्द्वकालीन घटनामा क्षमादान नहुने सर्वोच्चको फैसला[२७]

द्वन्द्वकालीन गम्भीर अपराधमा क्षमादान दिन नमिल्ने भनी सर्वोच्च अदालतको पूर्ण इजलासको आदेशलाई सदर गर्दै नेपाल सरकारका तर्फबाट माग गरेको पुनरावलोकन निवेदन २०७७ वैशाख १४ गते सर्वोच्च अदालतले खारेज गऱ्यो। द्वन्द्वकालीन मुद्दामा मेलमिलाप जबरजस्ती लाद्न नसकिने, पीडितको आत्मसम्मानमा चोट पुग्ने गरी मेलमिलाप हुन नहुने र गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई आममाफी दिने गरी मेलमिलापलाई माध्यमका रूपमा प्रयोग हुन नसक्ने भन्दै मानव अधिकार उल्लङ्घनकर्तालाई कारबाहीको सुनिश्चितता हुने कानुन बनाउन न्यायाधीशहरू कल्याण श्रेष्ठ, वैद्यनाथ उपाध्याय र चोलेन्द्रशमशेर जबराको इजलासले २०७१ फागुन १४ गते सरकारका नाममा परमादेश जारी गरेको थियो। उक्त परमादेश उल्ट्याउन माग गर्दै सुशील कोइराला नेतृत्वको सरकारले २०७२ साउन ११ गते सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन दिएको थियो। नेपालको सङ्क्रमणकालीन न्यायका सवालमा कोशेढुङ्गा मानिएको उक्त परमादेशलाई उल्ट्याउने सरकारी प्रयासलाई सर्वोच्च अदालतका माननीय न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा र डा. आनन्दमोहन भट्टराईको बृहत् पूर्ण इजलासले खारेज गरेको हो। काभ्रेका अर्जुन लामा हत्याका विषयमा सर्वोच्च अदालतले अनुसन्धान स्थिति पेश गर्न सरकारको नाममा आदेश दियो। सभामुख अग्निप्रसाद सापकोटा विपक्षी रहेको रिटको माघ १४ गते सुनुवाइ गर्दै सर्वोच्चले यसअघि गरेका अदालतले दिएको आदेश कार्यान्वयन र अनुसन्धानको अवस्थामा ३० दिनभित्र जानकारी गराउन आदेश दिएको हो। त्यसयता यो मुद्दा सर्वोच्चको प्राथमिकतामा परेन।

### ७. राष्ट्रिय महिला आयोग सम्बन्धमा

नेपालमा एक राष्ट्रिय महिला आयोग, जसमा एक अध्यक्ष र अन्य चार जना सदस्यहरू रहने व्यवस्था संविधानमा छ।[२८] राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था छ।[२९] महिला आयोगमा लामो समयदेखि पदाधिकारीहरू नियुक्त नगरेपछि परेको रिटको सुनुवाइ गर्दै ४ वर्ष ४ महिनादेखि पदाधिकारीविहीन राष्ट्रिय महिला आयोगमा किन पदाधिकारी नियुक्त नगरेको भन्दै सर्वोच्च अदालतले सरकारका नाममा कारण देखाउ आदेश जारी गरेको थियो। वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानासहितले २०७६ पुस १६ गते संवैधानिक परिषद्लाई विपक्षी बनाई दायर गरेको रिटको माघ १४ गते सुनुवाइ गर्दै सर्वोच्चले यो मुद्दालाई अग्राधिकार दिई

२४. कारागार ऐन २०१९, दफा १० (क)
२५. कारागार ऐन २०१९, दफा १० (ख)
२६. http://inseconline.org/np/news/कैदीबन्दीलाई -सहुलियत-दिन/
२७. गोरखापत्र दैनिक, २०७७ बैसाख १५, पृ २
२८. नेपालको संविधान, धारा २५२ उपधारा (१)
२९. नेपालको संविधान, धारा २५२ उपधारा (३)

पेशी प्राथमिकतामा राख्न र चार वर्ष बितिसक्दा पनि आयोगमा पदाधिकारी नियुक्त नगर्नुको कारण के हो ? भनी सरकारका नाममा कारण देखाउ आदेश जारी गरेको हो।[30]

### ८. स्वेच्छाचारी पक्राउ विरुद्ध

संविधानको न्यायसम्बन्धी हकमा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।[31] पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन[32] भन्ने व्यवस्था गरिएको छ। यसै हकलाई प्रचलन गराउने सम्बन्धमा नेत्रविक्रम चन्द विप्लव' नेतृत्वको प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता–कार्यकर्तालाई बिनाकारण झुठा मुद्दामा गिरफ्तार नगर्न सर्वोच्च अदालतले २०७७ पुस १४ गते आदेश दिएको थियो। नेकपाका लमजुङ जिल्लाका इन्चार्ज जङ्गबहादुर भण्डारीसहित तीन जना जिल्ला नेताको बन्दीप्रत्यक्षीकरण रिट सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश तेजबहादुर केसी र ईश्वर खतिवडाको इजलासले जङ्गबहादुरसहित तीनै जनालाई रिहा गर्दै बहानाबाजी गरेर पुनः गिरफ्तार नगर्न' गृह प्रशासनलाई आदेश दिएको थियो। तनहुँको आँबुखैरेनीबाट नेकपाका लमजुङ इन्चार्ज भण्डारी, जिल्ला सेक्रेटरी बिलबहादुर गुरुङ र जिल्ला समिति सदस्य रवीन्द्र नखोलालाई प्रहरीले पुस १ गते गिरफ्तार गरेको थियो । बन्दीप्रत्यक्षीकरणको रिट परेपछि सर्वोच्चले पुस १२ गते थुनुवा झिकाउने' आदेश गरेको थियो । सो रिटको सुनुवाइ गर्दै न्यायाधीश केसी र खतिवडाको इजलासले उनीहरूलाई छाड्ने आदेशसँगै थप आदेश गर्दै पुनः गिरफ्तार गरेमा गृहसचिव र प्रहरी प्रमुखलाई नै कारबाही गर्ने लिखित आदेश दिएकोथियो।[33]

### ९. स्वतन्त्रताको हकसम्बन्धमा

मौलिक हक हनन् भएको अवस्थामा सर्वोच्च अदालतमा रिटमार्फत हक प्रचलन गर्न पाउने अधिकार नागरिकमा रहेको छ। स्वतन्त्रताको हक प्रचलन अन्तर्गत परेको एक रिटको सुनुवाइ गर्दै "सर्वोच्च अदालतले नागरिकलाई स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने नागरिकको अधिकारमाथि सङ्कुचन नगर्न असार २६ गते सरकारको नाममा परमादेश जारी गऱ्यो। मुलुकभित्र वा बाहिर हिँडडुल गर्न पाउनु नागरिकको संवैधानिक हक भएको भन्दै सर्वोच्चले त्यसमाथि सङ्कुचन नगराउन परमादेश जारी गरेको हो । न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको संयुक्त इजलासले तत्कालीन विद्रोही नेकपा (माओवादी) का बालसैनिक लेनिन विष्टको मुद्दामा अदालतले सुनाएको फैसलाको असार २६ गते सार्वजनिक भएको पूर्णपाठमा सो कुरा उल्लेख गरिएको थियो।[34]

### १०. प्रतिनिधि सभा विघटन सम्बन्धी रिट संवैधानिक इजलासमा

संविधानको विषयमा व्याख्या गर्न र विवादलाई निरूपण गर्न सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने व्यवस्था छ । यस्तो इजलासमा प्रधानन्यायाधीश र न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने व्यवस्था छ।[35] प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको धारा ७६ लाई आधार बनाएर पुस ५ गते प्रतिनिधि सभा विघटनको सिफारिस गरेपछि राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरेको कार्य असंवैधानिक भन्दै परेको रिटलाई प्रधानन्यायाधीश चोलेन्द्रसमशेर राणाले पुस ७ गते संवैधानिक इजलासमा पठाएका थिए।

### ११. दलितको सहभागिता सम्बन्धमा

संविधानमा दलितको अधिकार सुनिश्चित गर्न मौलिक हक अर्न्तगत राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता हुने, सार्वजनिक सेवा लगायत रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था

३०. http://inseconline.org/np/news/महिला–आयोगमा–पदाधिकारी–न/ (२०७७ पुस २६ मा हेरिएको)
३१. नेपालको संविधान धारा २०, उपधारा १
३२. नेपालको संविधान धारा २०, उपधारा ३
३३. http://inseconline.org/np/news/नेकपाका–नेता–कार्यकर्ता/
३४. http://inseconline.org/np/news/स्वतन्त्रताको–हकमा–सङ्क/ (२०७७ पुस २८ मा हेरिएको)
३५. नेपालको संविधान, धारा १३७, उपधारा (१)

गरिने'[३६] उल्लेख छ । संविधानको राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने भनिएको छ।

सामाजिक न्यायको हकमा सामजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तिकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ[३७] उल्लेख छ । संविधानले अवलम्बन गरेका समावेशिताको सिद्धान्तहरूको विरुद्ध न्याय परिषद्[३८] को २०७४ चैत १९ बैठकले सर्वोच्च अदालत र उच्च अदालतमा न्यायाधीश नियुक्तिको सिफारिसमा दलितको सहभागिता शून्य भएको तथ्य प्रस्तुत गर्दै अधिवक्ता भक्तबहादुर विश्वकर्मासमेतले दायर गरेको रिट निवेदन सर्वोच्च अदालतले २०७६ फागुन ११ गते उत्प्रेषणको आदेश जारी गर्दै बदर गऱ्यो।[३९]

### १२. न्यायसम्बन्धी हक सुनिश्चित गर्न न्यायपालिका सुधार योजना

सर्वोच्च अदालतले न्यायसम्बन्धी हक सुनिश्चित गर्न विभिन्न संयन्त्रहरूको गठन गरेको छ। त्यस्तै आवधिका योजना, विभिन्न रणनीतिक कार्यदिशा र कार्यक्रमहरू तर्जुमा गर्ने गरेको छ।

#### १२.१ न्यायमा पहुँच आयोग

उपयुक्त निकायमार्फत न्याय खोज्न र प्राप्त गर्न सकिने अवस्था नै न्यायमा पहुँच हो । विशेषतः बालबालिका, महिला, आदिवासी/जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता, असहाय, असक्षम तथा आर्थिक एवम् समाजिक कारणबाट न्यायको खोजी गर्न नसकेका व्यक्तिहरूको सहज पहुँचलाई सुनिश्चित गर्ने उद्देश्यका साथ सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १३ (ङ) बमोजिम प्रधानन्यायाधीशको अध्यक्षतामा २०७२ साउन १० मा न्यायमा पहुँच आयोग गठन भएको हो।[४०] न्याय प्राप्तीमा आमनागरिक, त्यसमा पनि विभिन्न अवसर तथा अधिकारहरूबाट बञ्चित समुदायहरूको सरल तथा सहज सुनिश्चित गर्न न्यायमा पहुँच आयोगले वार्षिक कार्ययोजना ०७६/०७७ जारी गरेको पाइयो ।[४१] उक्त कार्ययोजनामा न्याँयमा पहुँचको अवस्था र अवरोधक तत्वहरूको पहिचान र सम्बोधन शीर्षकमा सुविधाविमुख वर्गको न्यायमा पहुँचको अवस्थाको अध्ययन अनुसन्धान गर्ने गतिविधि तय गरिए। त्यसमध्ये कारागारमा रहेका बन्दीहरूको न्यायमा पहुँचमा देखिएका चुनौतीको अध्ययन गर्ने[४२] कार्ययोजना स्वागतयोग्य छ। व्यक्तिगत धेरै अधिकारबाट विमुख भई बन्दी जीवन बिताइरहेका नागरिकहरू अझ धेरै जोखिममा हुने भएकोले उनीहरूको न्यायमा पहुँचको उपाय पत्ता लगाउन महत्त्वपूर्ण कार्य मान्न सकिन्छ । त्यस्तै, सुधारगृहमा रहेका बालबालिकाहरूको न्यायमा पहुँचमा देखिएका चुनौतीको अध्ययन गर्ने[४३] भन्ने योजनामा बन्दीगृहमा रहेका नागरिक र बाल सुधारगृहमा रहेका बालबालिकको न्यायमा पहुँचको सवाल, स्वेच्छिक कानुनी सेवा लाई संस्थागत गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने कामलाई पनि प्रथमिकतामा राखेको पाइन्छ।

#### १२.२ फैसला कार्यान्वयन निर्देशनालय

फैसला कार्यान्वयनको स्थिति निकै कमजोर रहेको हुनाले सर्वोच्च अदालतको दोश्रो पञ्चवर्षीय रणनीनिक योजनामा समेत यस तथ्यलाई आत्मसात् गर्दै

३६. नेपालको संविधान, धारा ४०, उपधारा १
३७. नेपालको संविधान, धारा ४२, उपधारा १
३८. नेपालको संविधान, धारा १५३
३९. http://www.supremecourt.gov.np/cp/assets/downloads/supreme_200425.pdf (०७५-WO-१००५ उत्प्रेषण) (२०७७ माघ ५ गते हेरिएको)
४०. http://supremecourt.gov.np/a2jc/Page/about (२०७७ माघ ६ गते हेरिएको)
४१. सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग, २०७६/०७७ जारी गरिएको कार्ययोजना
४२. सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग, २०७६/०७७ जारी गरिएको कार्ययोजना, पृष्ठ २, क्रसं ३
४३. सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग, २०७६/०७७ जारी गरिएको कार्ययोजना, पृष्ठ २, क्रसं ४

फैसला कार्यान्वयन गर्न विशेष जोड दिइएको छ।[४४] सर्वोच्च अदालतमा २०६६ जेठ २७ मा फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरिएको थियो। न्यायपालिकाको चौथो पञ्चवर्षीय योजनामा फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउनु प्रमुख रणनीतिकोरूपमा राखिएको छ।

### १२.३ न्यायपालिकाको चौथो पञ्चवर्षीय योजना

सर्वोच्च अदालतले 'न्यायपालिकाको स्वतन्त्रताः न्यायिक सुशासन हाम्रो प्रतिबद्धता' भन्ने मूल नाराकासाथ कार्यान्वयनमा ल्याएको न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना ०७६/०७७ देखि ०८०/०८१ सम्मका लागि हुनेछ। न्यायपालिकाको चौथो पञ्चवर्षीय योजनाको यो पहिलो वर्ष हो। यो योजनाका मुख्यतः पाँचवटा लक्ष्य प्राप्तीका लागि २३ वटा रणनीतिक उद्देश्यहरू निर्धारण गरिएको छ।[४५] छिटोछरितो र गुणस्तरीय न्याय सम्पादनको लक्ष्य प्राप्तीका लागि मुद्दाको शीघ्र फर्स्योट गर्नु, फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने रणनीति तर्जुमा गरिएको छ।[४६]

### १३. निष्कर्ष

सन् २०२० मा हालको पुस्ताले कहिल्यै नबेहोरेको महामारीको कहर बेहोर्नु पऱ्यो। सङ्क्रमणबाट बच्न भन्दै सरकारले २०७६ चैत ११ गते बन्दाबन्दीको घोषणा गऱ्यो। बन्दाबन्दीले जनताको जीवनमा प्रत्यक्ष असर पाऱ्यो भने राज्यका सबै अङ्गहरूबाट प्राप्त गर्ने सेवाहरू अवरुद्ध भयो। यस परिस्थितिमा व्यक्तिका सबै किसिमका मानव अधिकारका विषयहरू ओझेलमा पर्ने अवस्था सिर्जना भयो। यस्तो अवस्थामा सर्वोच्च अदालतले बन्दाबन्दीको समयमा पनि सर्वोच्च अदालत लगायत उच्च अदालतहरू तथा जिल्ला अदालतहरूमा बन्दीप्रत्यक्षीकरण, बाल सुधारगृहका निवेदनउपर र पक्राउ पुर्जी अनुमति र समर्थनसम्बन्धी कार्यमात्र गर्ने गराउने विशेष निर्णय गरेको थियो। कोभिड-१९ को महामारी र बन्दाबन्दीको अवस्थामा पनि स्वास्थ्यको हक, खाद्यान्नको हक, सहज ढङ्गले आफ्नो मुलुकमा प्रवेश गर्ने पाउने हकसम्बन्धमा सर्वोच्च अदालतले विभिन्न निर्देशन तथा फैसलाहरू गऱ्यो। सर्वोच्च अदालतले बन्दाबन्दीको समय गणना नहुने महत्त्वपूर्ण निर्णय गर्दै बन्दाबन्दी खुलेको मितिले कम्तीमा ३० दिनसम्म मुद्दा दर्ता र तारेखसहितका लागि थप समय उपलब्ध गराउन परमादेश जारी गऱ्यो। सर्वोच्चले बन्दाबन्दीका कारण मुद्दाका हदम्याद, तारेख लगायतका विषयमा परेको अङ्चनलाई निकास दिने गरी उक्त निर्णय गरेको थियो। नेपाल मानव अधिकार वर्ष पुस्तकको सन् २००७ देखि यताका अङ्कहरूमा इन्सेकले सङ्क्रमणकालीन न्याय सम्बन्धमा राज्यको गैरसंवेदनशीलतालाई प्रमुखताकासाथ उठाउँदै आएको छ। यस वर्ष सर्वोच्च अदालतले २०७१ फागुन १४ गते द्वन्द्वकालका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाका दोषीले आममाफी र क्षमादान नहुने फैसला पुनरावलोकन गर्न सरकारले दिएको निवेदन पुनरावलोकन गर्नु नपर्ने ठहर गऱ्यो। यसरी सर्वोच्च अदालतले द्वन्द्वकालीन घटनामा संलग्नलाई आममाफी र क्षमादान गर्ने खालको कानुन बनाउन सरकारलाई निरूत्साहित गऱ्यो।

प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ पुस ५ गते संविधानको धारा ७६ लाई आधार बनाएर प्रतिनिधि सभा विघटनको सिफारिस गरेपछि परेको रिटलाई प्रधानन्यायाधीश चोलेन्द्रसमशेर राणाले पुस ७ गते संवैधानिक इजलासमा पठाएको विषय पनि चर्चामा रह्यो।

कोभिड-१९ को महामारीमा राज्यका सबै अङ्ग प्रभावित भए र नागरिकका हकहरू पनि सीमित भए। यस अवस्थामा पनि सर्वोच्च अदालत लगायत मातहतका अदालतबाट नागरिकका आधारभूत हकहरू प्रचलनका लागि विभिन्न फैसला, आदेश, निर्देशन र सूचनाहरू जारी भए। खाद्यान्न, स्वास्थ, सहज आवतजावत, बन्दीप्रत्यक्षीकरण, बालसुधारगृहसम्बन्धी कार्यलाई बन्दाबन्दी र निषेधाज्ञाको समयमा समेत निरन्तरता दिन सक्षम भएको पाइयो। त्यसैगरी, बन्दाबन्दी र निषेधाज्ञाको अघि र पछिको अवधिमा सङ्क्रमणकालीन न्यायसम्बन्धी, महिला आयोगमा पदाधिकारी नियुक्ति, स्वतन्त्रताको हकसम्बन्धी विभिन्न फैसला/आदेश र निर्देशन जारी गऱ्यो।

---

४४. http://supremecourt.gov.np/jed/docs/jed_intro.pdf (२०७७ माघ ६ गते हेरिएको)

४५. न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना, पेज १४७, १४८

४६. न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना, पेज १४७

फोटो : रमेशप्रसाद तिमल्सिना

२.२ राज्य र मानव अधिकार

# कार्यपालिका

परिच्छेद

२

मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा परिपालनामा कार्यपालिकाको अहम् भूमिका हुन्छ । विद्यमान कानुनहरूको कार्यान्वयनमा राज्यले निर्वाह गर्ने भूमिकाका आधारमा देशको मानव अधिकार अवस्थाको मापन गर्ने गरिन्छ । मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी व्यवहारत कार्यपालिकामा निहित हुन्छ । संयुक्त राष्ट्रसङ्घमा प्रतिनिधित्व गर्ने, सन्धि तथा महासन्धिहरूको अनुमोदन गर्ने, संयुक्त राष्ट्रसङ्घमा आवधिक प्रतिवेदनहरू पठाउने, सुझाव तथा सिफासिहरूको कार्यान्वयन गर्ने जिम्मेवारी पनि कार्यपालिकाको हुन्छ । अन्तर्राष्ट्रिय सन्धिअनुरुप कानुनको मस्यौदा तयार गरी संसदमा पेश गर्ने, मानव अधिकारसम्बन्धी ऐन, नीति, नियमावली निर्माण गर्ने, आवधिक बजेट संसदमा पेश गर्ने, मानव अधिकार सम्बन्धी आयोगहरूमा पदाधिकारी नियुक्त गर्ने कार्य कार्यपालिकाबाट हुने भएकोले यसको भूमिका महत्त्वपूर्ण हुन्छ।

नेपालको संविधानले राज्यको कार्यकारिणी अधिकार सङ्घीय, प्रदेश र स्थानीय तहमा बाँडफाँड गरेकाले सबै तहबाट मानव अधिकारको संरक्षण तथा संवर्द्धन हुने अपेक्षा गरेको छ। सन् २०२० मा सरकारले मानव अधिकारको पाँचौ राष्ट्रिय कार्ययोजना २०७७/०७८–२०८१/०८२) लागु गऱ्यो। सरकारले यस वर्ष सत्य निरूपण तथा मेलमिलाप आयोग र बलपूर्बक बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगमा पदाधिकारीहरूको नियुक्ति गऱ्यो । यसै वर्ष सरकारले मानव अधिकार परिषद्मा नेपालको विश्वव्यापी समीक्षाका लागि प्रतिवेदन प्रस्तुत गऱ्यो । कैदी बन्दीहरूको सेवा र सुविधामा सुधारका लागि कैदी बन्दीहरूलाई श्रममा लगाउने निर्देशिका २०७७ र खुल्ला कारागार निर्देशिका समेत जारी गरी कैदी/बन्दीहरूको जीवन निर्वाह भत्तामा सुधार गऱ्यो । भूकम्पबाट क्षति भएका स्वास्थ्य केन्द्रहरू निर्माण गरिएको, देशका ७ सय ५३ स्थानीय तहमा एकैपटक अस्पताल निर्माणका लागि शिलान्यास गरिएको, भूकम्पबाट क्षति भएका विद्यालय तथा, निजी आवास निर्माण कार्य अन्तिम चरणमा रहेको, जनता आवास कार्यक्रम अन्तर्गत घरहरू निर्माण गरी हस्तान्तरण गरिएको, तुइन विस्थापन अन्तिम चरणमा पुगेको जस्ता कार्यहरू यस वर्ष कार्यपालिकाले गरेका उल्लेख्य कार्यभित्र परे । सरकारले सडकमा अलपत्र परेका करिब १ हजार २ सय बालबालिकाको पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापना गऱ्यो । ज्येष्ठ नागरिक तथा लैङ्गिक हिंसा तथा एसिड आक्रमणका पीडितको उद्दार, गर्भवती सुत्केरी महिला र शिशुको हवाइ उद्दारजस्ता कार्य नेपाल सरकारद्वारा मानव अधिकार क्षेत्रमा गरिएका सकारात्मक कार्यहरू हुन् । मौलिक हकको कार्यान्वयनका लागि बनेका ऐनहरूको व्यवहारिक कार्यान्वयनका लागि नियमावली तथा नीतिहरू बनेनन्। सर्वोच्च अदालतको परमादेश, पीडित तथा मानव अधिकार संस्थाहरूको माग विपरीत सत्य निरूपण तथा मेलमिलाप आयोग र बलपूर्बक बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगमा पदाधिकारी नियुक्त गरिनुले पनि सङ्क्रमणकालीन न्याय तथा परिपूरणका सवालमा सरकारी बेवास्ता देखिएको आभाष भयो ।

यस वर्षको सुरुआतमा विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना सङ्क्रमण रोकथामका लागि भन्दै लागु गरिएको बन्दाबन्दीका कारण ६ महिना भन्दा बढी समय नागरिकको जनजीवन अस्तव्यस्त भयो । स्वास्थ्यको अधिकार, रोजगारीको अधिकार, आवागमनको अधिकार, व्यवसाय तथा कारोबारको अधिकार, शिक्षाको अधिकार, उपभोक्ताको अधिकार, तथा चार्डपर्व मान्ने र मान्न पाउने लगायतका अधिकारहरू हनन् भए ।

### (क) कोभिड–१९ तथा मानव अधिकार

वर्षको अन्त्यसम्म आइपुग्दा कोरोना सङ्क्रमणका कारण आर्थिक, शैक्षिक, सांस्कृतिक लगायतका अधिकारमा व्यापक असर पऱ्यो। सन् २०२० को अन्त्यसम्म नेपालमा २ लाख ६० हजार ५ सय ९३ जना सङ्क्रमित भए जसमध्ये १ हजार ८ सय ५६ जनाको मृत्यु भयो । सरकारले कोरोना सङ्क्रमितको परीक्षण तथा उपचारको प्रभावकारी प्रबन्ध गर्न नसक्नु, आम नागरिकको स्वास्थ्य संस्थामा पहुँच नहुनु, स्वास्थ्य संस्थामा मानवीय तथा उपचारका लागि आवश्यक पर्ने साधन स्रोत पर्याप्त व्यवस्था गर्न नसक्नु, स्वास्थ्य सामग्रीको समान वितरण नहुनु र वितरण भएका सामग्रीको गुणस्तर तथा विश्वसनीयतामा प्रश्न उठ्नु जस्ता कारणले सरोकारको आलोचना भयो । सरकारले यस्ता विषयमा आफ्ना धारणा विभिन्न माध्यमबाट सार्वजनिक गरेको भए पनि आलोचनाबाट बाहिर रहन सकेन। सरकारले कोभिड–१९ को महामारीाई सम्बोधन गर्न “कोरोना भाइरस रोकथाम नियन्त्रण तथा उपचार उच्चस्तरीय समन्वय समिति गठन गरी यससम्बन्धी कार्यको सुरुवात गऱ्यो । महामारी प्रभावितहरूलाई

आवश्यकता बमोजिम सहयोग गर्न "कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि राहत, सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ पारित गरी सोही बमोजिम राहत तथा सुविधाहरू प्रदान गरेको सरकारले जनायो । स्वास्थ्य सेवालाई चुस्तदुरूस्त बनाइ नागरिकको स्वास्थ्य संस्थाहरूमा पहुँच अभिवृद्धि गर्न तथा देशभर छरिएर रहेका स्वास्थ्य केन्द्रहरूको काम कारबाहीलाई व्यवस्थित गर्न कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका, २०७६ जारी गऱ्यो । यद्यपि निर्देशिका बमोजिम स्वास्थ्य केन्द्रहरूको अनुगमन तथा सबै स्वास्थ्य निकायहरूलाई समान व्यवहार नभएको गुनासो आयो ।

कोभिड-१९ सङ्क्रमितको उपचारमा संलग्न चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ मन्त्रिपरिषद्बाट पारित गरी लागु गरिएको भए पनि त्यसको पूर्ण पालना नभएको समाचार प्रकाशित तथा प्रशारित भए ।[१]यस वर्ष सञ्चार क्षेत्र तथा त्यसमा संलग्न सञ्चारकर्मीको रोजगारी तथा पारिश्रमिक कटौती हुन पुगेको देखियो ।[२]राज्यबाट कुनै प्रकारको राहत नपाएको कारण महामारीको समयमा सञ्चारमाध्यमहरू सञ्चालन गर्न समेत कठिनाइ भएको, बन्दाबन्दीको अवस्थामा कर्णाली प्रदेशमा मात्र पाँच दर्जनभन्दा बढी सञ्चारमाध्यमहरू बन्द भएको र त्यसमा कार्यरत ८० जनाभन्दा बढी सञ्चारकर्मी र ६० जनाभन्दा बढी मिडिया हाउसमा कार्यरत कर्मचारीले रोजगारी गुमाए भने, बन्दाबन्दी खुलेपछि पनि एक दर्जनभन्दा बढी सञ्चारमाध्यमहरू सञ्चालनमा आउन सकेनन् ।[३]

**(ख) सम्मानित रूपले बाँच्न पाउने अधिकार**

मानव अधिकार उल्लङ्घनका कारण नागरिकको सम्मानित रूपले बाँच्न पाउने अधिकार हनन् भएका घटनाहरू सार्वजनिक भए । बाढीपहिरो, सडक दुर्घटना, बलात्कारपश्चात हत्या, प्रसुती सेवाबाट विमुख हुँदा ज्यान गुमाउनुपर्ने अवस्था भयो ।[४] बन्दाबन्दी (२०७६ चैत ११ देखि असारसम्म) ६८ जना सुत्केरी तथा गर्भवती महिलाको स्वास्थ्य संस्थासम्म पहुँच नपाउँदा उनीहरूको मृत्यु भयो । वातावरण संरक्षणमा कृयाशील एक युवाको अन्यपक्षबाट, महोत्तरीमा प्रहरीको गोली प्रहारबाट एक युवकको हत्या, मोरङमा प्रतिबन्धित नेकपा माओवादीका कार्यकर्ताद्वारा एक जना शिक्षकको हत्या भयो । अन्य पक्ष तथा परिवारजनबाट महिलाको हत्या भएका घटना विगतका वर्षझैं दोहोरिए ।[५] यस वर्ष प्राकृतिक प्रकोपका कारण करिब ३ सय जनाको मृत्यु भयो । सवारी दुर्घटनाका कारण अकालमा ज्यान गुमाउने मानिसहरूको सङ्ख्यामा कमी आएन ।

**(ग) बाल अधिकार**

मौलिक हक तथा अधिकारको कार्यान्वयनका लागि जारी गरिएका विभिन्न ऐनहरू लागु गर्न नियमावली नबनेको भए पनि बालबालिकासम्बन्धी ऐन २०७५ लाई कार्यान्वयन गर्न बालबालिकासम्बन्धी नियमावली २०५१ लाई यस वर्ष दोस्रो संशोधन कार्यान्वयन विधि, प्रकृया तथा समितिहरूको गठन गर्ने व्यवस्थालाई मूर्तरूप दिन खोजिएको छ,[६] जसलाई सकारात्मक कदमका रूपमा हेरिएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा राष्ट्रिय बाल अधिकार परिषद्बाट बाल अधिकारका संरक्षण तथा प्रवर्द्धनका कार्य हुँदै आएको छ । नेपाल सरकारले यो वर्ष पनि "बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्नु हुँदैन" भन्ने अभियान कार्यान्वयन गऱ्यो । यस अभियान अन्तर्गत यस वर्ष ५ सय ७४ जना सडक बालबालिकालाई उद्दार तथा पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापना कार्य भयो । यसैगरी बालबालिका खोजतलास समन्वय केन्द्रले यस वर्ष २ हजार ७ सय २९ जना बालबालिकामध्ये २ हजार २ सय १० जना बालबालिका फेला पारी पुर्नमिलन तथा

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं www.opmcm.gov.np
२. कोभिड-१९ (कोरोना भाइरस) को महामारीमा मानव अधिकार रक्षकहरूको अवस्थासम्बन्धी एक अध्ययन, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) काठमाडौँ, नेपाल, २०७७ (२०२०) (अप्रकाशित)
३. कोभिड-१९ (कोरोना भाइरस) को महामारीमा मानव अधिकार रक्षकहरूको अवस्थासम्बन्धी एक अध्ययन, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) काठमाडौँ, नेपाल, २०७७ (२०२०) (अप्रकाशित)
४. वार्षिक प्रतिवेदन २०७६ रा.मा.अ.आयोग, www.nhrcnepal.org
५. वार्षिक प्रतिवेदन २०७६ रा.मा.अ.आयोग, www.nhrcnepal.org
६. www.ncrc.ogv। np/page/document/act.regulation

पुर्नस्थापना गऱ्यो।[७] यस वर्ष सरकारले बालगृहहरूको अनुगमन गरी मापदण्ड नपुगेका बालगृहलाई सचेत गराउनुका साथै ५५ जना बालबालिकाको उद्दार गरी ५२ जनाको पारिवारिक पुर्नमिलन गरायो । कोभिड-१९ सङ्क्रमणका कारण तीन महिना स्थगित भए पनि आवधिक खोप, पोषण कार्यक्रमहरू लगातार कार्यान्वयनमा आए।

बालश्रम र बालश्रमिकहरूको अवस्था सुधारमा खासै पहलकदमी लिएको पाइएन । बालबालिकालाई थोरै ज्यालामा कठिन खालको श्रममा लगाउने उनीहरूको बीमा नगरिनेजस्ता विगतका विकृतिहरू यस वर्ष पनि दोहोरिए। बालविवाह, अनमेल विवाहका घटना सतहमा आए। द्वन्द्व प्रभावित १० हजार ४ सय ९९ जना बालबालिका तथा उनीहरूका परिवारलाई सहयोग गरिएको भए पनि बाँकी ठूलो सङ्ख्यामा रहेका विपन्न, असहाय, सहाराविहीन बालबालिका र तिनका परिवार सहयोग पाउने सूचीमा परेनन्।[८]

चैत ११ देखि देशव्यापी लागु गरिएको बन्दाबन्दीका कारण करिब १० महिनासम्म शिक्षण संस्था बन्द रहे । सरकारले अनलाइन तथा दूरशिक्षा विधिबाट पठनपाठन गरेको जनाए पनि यो प्रभावकारी देखिएन । सरकारले "विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका-२०७७" कार्यान्वयनमा ल्यायो ।[९] बालबालिकाको क्षेत्रमा केही कार्यहरू भए पनि बाल हिंसा, बलात्कार, यौन हिंसा, दुर्व्यवहार, अपहरण, हेपाइ जस्ता दुर्व्यवहार बालश्रम तथा सडक बालबालिका र अन्य बेसहाराको उद्दार तथा पुर्नस्थापनामा पहल र थप स्रोत साधन परिचालन गर्नुपर्ने देखिन्छ।

**(घ) महिला अधिकार**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग लगायत तथा विभिन्न मन्त्रालयमा रहेको लैङ्गिक शाखा, नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयबाट महिला अधिकारको रक्षा र संवर्द्धनमा विभिन्न कार्य भए। संवैधानिक आयोगका रूपमा रहेको महिला आयोग लामो समयसम्म पदाधिकारी विहीन भयो। बन्दाबन्दीको समयमा महिला तथा बालिकामाथि हिंसाका घटना अभिलेख भए। सन् २०२० मा सरकारले महिला विरुद्ध हुने सबै प्रकारको हिंसा अन्त्य गर्ने प्रतिबद्धता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा गऱ्यो। यस वर्ष दाइजो तथा तिलक प्रथा, बाल विवाह, अनमेल विवाह, 'बोक्सी'को आरोपमा प्रताडना, बलात्कार, एसिड आक्रमण जस्ता घटनाहरू सार्वजनिक भए[१०]। सुदूरपश्चिम प्रदेशका जिल्लाका छाउगोठ भत्काउने कार्यमा स्थानीय सरकार र प्रहरी प्रशासनको सकृयता देखियो । यस क्रममा २ हजार ४ सय ४५ छाउगोठ भत्काइयो ।[११] सामाजिक रूपमा जरा गाडेर बसेको छाउप्रथा छाउगोठ भत्काउने बित्तिकै समाप्त नहुने बारे सबै सरोकारवाला जानकार नै थिए। सरकारले छाउगोठ भत्काएलगत्तै पुनः निर्माण गरिएका समाचार प्रकाशन भए।

सरकारले यस वर्ष "राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि २०७६" जारी गरी मानव सूचकाङ्कमा पछाडि परेका २२ जिल्लाहरूमा यो कार्यक्रम लागु गऱ्यो ।[१२] कोभिड-१९ को सन्त्रासकाबिचमा उल्लेख्य सङ्ख्यामा महिलाहरूले प्रसुती सेवा नपाएका कारण ३८ जना गर्भवती तथा सुत्केरी महिलाको ज्यान गएको मानव अधिकार आयोगको प्रतिवेदनमा उल्लेख छ।[१३]

**(ङ) ज्येष्ठ नागरिकका अधिकार**

ज्येष्ठ नागरिकको हक अधिकारको सम्मान तथा संरक्षणका लागि संविधान तथा ऐनहरूमा उचित व्यवस्था गरिएको भए पनि यसलाई व्यवहारमा उतार्न यथोचित व्यवस्था भएको पाइएन । सरकारले ज्येष्ठ नागरिकहरूको स्वास्थ्य बीमा, निःशुल्क उपचार यातायात भाडामा छुट लगायतका कार्यक्रमहरू लागु

७. नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७७, राष्ट्रिय बाल अधिकार परिषद्, www.ncrcgov.np
८. नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७७, राष्ट्रिय बाल अधिकार परिषद्, www.ncrcgov.np
९. नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७७, राष्ट्रिय बाल अधिकार परिषद्, www.ncrcgov.np
१०. https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate
११. कोभिड- १९ (कोरोना भाइरस) को महामारीमा मानव अधिकार रक्षकहरूको अवस्थासम्बन्धी एक अध्ययन, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) काठमाडौँ, नेपाल, २०७७ (२०२०) (अप्रकाशित)
१२. www.mowcsc.gov.np/uploodgl)
१३. वार्षिक प्रतिवेदन २०७६, राष्ट्रिय मानव अधिकार आयोग

गरेको छ। यद्यपि यसको कार्यान्वयन पक्ष असाध्यै कमजोर रह्यो।

**(च) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार**

सम्पूर्ण जनसङ्ख्याको २ प्रतिशत भन्दा बढी रहेका अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणका लागि संविधान, ऐन, नीतिहरूको अलावा अन्तर्राष्ट्रिय सन्धिहरूले उनीहरूको हक अधिकार तथा सरकारका निकायलाई कर्तव्य तथा दायित्व तोकेको भए पनि उनीहरूको अवस्थामा आशातीत सुधार हुन सकेको छैन। अपाङ्गता भएका व्यक्तिहरूलाई निजामती सेवामा आरक्षण, भन्सारमा छुट, विद्यालय तथा शिक्षण संस्थाहरूमा आरक्षणसहित विशेष सुविधा यस वर्ष पनि कायम रह्यो।

**(छ) जातीय भेदभाव विरुद्धको अधिकार**

संविधान र कानुनमा जातीय विभेदलाई दण्डनीय बनाइएको भएपनि व्यवहारमा जातीय भेदभाव कायम नै रहेको देखिन्छ। वर्षको अन्त्यमा सरकारले एक अध्यादेश जारी गरी संवैधानिक परिषद्को सदस्य सङ्ख्या घटायो। लगत्तै बसेको संवैधानिक परिषद्ले विभिन्न आयोगमा पदाधिकारीको नियुक्त गऱ्यो। राष्ट्रिय दलित आयोग लगायत अन्य संवैधानिक आयोगमा भएका नियुक्ति प्रकृया विवादित भयो। अहिले पनि रोजगारी, आर्थिक उपार्जन तथा समावेशीकरण जस्ता विषयमा दलित समुदाय प्रताडित छ। जातीय विभेदका घटना सकेसम्म प्रहरी कार्यालयसम्मै पुग्दैनन् पुगेका धेरैजसो घटनामा मेलमिलाप हुने गरेको पाइन्छ। जाजरकोट जिल्ला भेरी नगरपालिका–४ का २१ वर्षीय नवराज बिकसहित १८ जना रुकुमपश्चिम जिल्लाको चौरजहारी नगरपालिकाकी १७ वर्षीया बालिकालाई लिन भनी २०७७ जेठ १० गते चौरजहारी नगरपालिका–८ सोती पुग्दा स्थानीयले उनीहरूलाई लखेट्दै भेरी नदीको किनारमा पुऱ्याई कुटपिट तथा आक्रमण गरे। आक्रमणमा परी नवराज विकसहित रुकुम पश्चिम जिल्ला चौरजहारी नपा–१ का २० वर्षीय टिकाराम नेपाली, जाजरकोट जिल्ला भेरी नगरपालिका–४ का २१ वर्षीय सन्जु बिक, १७ वर्षीय गोविन्द शाही, १७ वर्षीय गणेश बीएम, सोही नगरपालिका–११ का १८ वर्षीय लोकेन्द्र सुनारको मृत्यु भयो। उनीहरू सबैको शव फरक–फरक मितिमा भेरी नदीमा भेटियो। घटनामा भेरी नगरपालिका–४ का १९ वर्षीय मदन शाही, १९ वर्षीय सुदीप खड्का, १७ वर्षीय लालबहादुर खड्का, १७ वर्षीय सरोज भँडेल, १८ वर्षीय इन्द्रजंग शाह, २१ वर्षीय डिल्ली सुनार, १८ वर्षीय विभाग पुन, १५ वर्षीय गोविन्द विक, १७ वर्षीय भोला विक, १७ वर्षीय सरोज खड्का, सोही नगरपालिका– ३ का १८ वर्षीय मनिष कार्की र सोही नगरपालिका–११ का १७ वर्षीय गोविन्द सुनार घाइते भए[१४]। यस घटनाले नेपालमा जातीय छुवाछूतको अवस्थाबारे थाहा पाउन मद्दत गर्छ। दलित समुदायसँग विवाह गर्ने गैह्रदलित भनिएका व्यक्तिहरू धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूमा बहिष्करणमा पर्ने गरेका छन्। गाउँटोल वा आफू बसेको ठाउँबाट विस्थापित हुनुपर्ने, विवाह भएकोमा अलग गराउने प्रचलन, हातपात कुटपिट जस्ता कार्यहरू हालसम्म पनि यथावतै रहेको विषय पनि प्रकासित भएको देखियो [१५]। यस्ता घटनामा मेलमिलाप गर्ने प्रवृत्तिमा कमी आएको देखिएन।

**(ज) सङ्क्रमणकालीन न्यायको अवस्था**

सशस्त्र द्वन्द्वरत समाजलाई शान्ति स्थापनार्थ स्थायीरूपमा अघि बढाउन शान्ति प्रक्रियाको महत्त्वपूर्ण पाटोका रूपमा रहेको न्याय तथा परिपूरणको सवालमा भने यसबीचमा उल्लेख्य प्रगति नहुँदा शान्ति प्रक्रियाका अन्य महत्त्वपूर्ण उपलब्धि पनि ओझेलमा पर्ने हो कि भन्ने चिन्ता थपियो। राज्यका निकाय तथा सरकारले त्यसबेलाका द्वन्द्वपीडितहरूको न्याय प्राप्त गर्ने अधिकारलगायत परिपूरणका सवाललाई प्राथमिकतामा राखी सम्बोधन नगर्दासम्म यस विषयको स्थायी समाधान हुन कठिन हुने विश्लेषण भयो। सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अनुसन्धान गर्नु, त्यस्ता घटना पुनः नहुने सुनिश्चितता गर्नु, मानव अधिकार उल्लङ्घनमा जिम्मेवार व्यक्तिहरू पहिचान गरी कानुनी दायरामा ल्याउनु, पीडितलाई न्याय तथा परिपूरणको उचित व्यवस्था गर्नु, शान्ति संरक्षण र संवर्द्धन गर्नु, व्यक्तिगत र राष्ट्रिय समझदारी विकास गर्नु सङ्क्रमणकालीन न्यायको सर्वमान्य लक्ष्य भए पनि यस विषयको सुनिश्चितता हालसम्म पनि भएको देखिएन। जसका

१४. http://inseconline.org/np/wp-content/uploads/2020/11/Rukum-Pashchim-Fact-finding-Report.pdf

१५. वार्षिक प्रतिवेदन २०७६, राष्ट्रिय मानव अधिकार आयोग,

कारण हाम्रो शान्ति प्रक्रिया पनि अधुरै रहने हो कि भन्ने शङ्कालाई मलजल पुग्यो ।

२०७१ सालमा गठन गरिएका सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगहरूले सन्तोषजनक काम गर्न सकेनन् । पहिलोपटक गठन भएका आयोगको दुईपटक थप गरिएको म्यादभित्र उजुरी संकलनले प्राथमिकता पाए । सर्वोच्च अदालतको परमादेश, पीडित तथा मानव अधिकार समुदायको माग बमोजिम ऐन संशोधन गरी आयोग गठन गरिएलान् की भन्ने अपेक्षाबीच सरकारले एक वर्षका लागि आयोगमा पदाधिकारी नियुक्त गऱ्यो । एक वर्षको अवधिमा आयोगले के काम गऱ्यो भन्ने जानकारी नहुँदै पदाधिकारीको म्याद समाप्त हुने समय आयो । द्वन्द्वकालमा बेवारिसे छाडिएका बम बारुद यस वर्ष पनि फेला परे । रोल्पा जिल्लामा बेवारिसे अवस्थामा फेला परेको विस्फोटक पदार्थ खेलाउँदा चार जना बालबालिकाको ज्यान गयो । बारुदी सुरुङ मुक्त देश घोषणा भएको लामो समयपछिसम्म बेवारिसे अवस्थामा फेला परिरहनुले र यससम्बन्धमा जनचेतनाको अभिवृद्धि गर्नुपर्ने देखियो ।

**(झ) कैदी बन्दीको अधिकार**

कैदी बन्दीको मानव अधिकारको सुनिश्चिताका लागि विगत लामो समयदेखि विभिन्न दवाव समूह तथा सरोकारवालहरूले आवाज उठाइरहेका छन् । नेपालका कारागारको मुख्य समस्याका रूपमा क्षमताभन्दा बढी कैदीबन्दी राखिनुलाई लिइन्छ । पुराना तथा साधन स्रोतको अभाव रहेका कारागार र यसमा रहने कैदीबन्दी विभिन्न खालका समस्याले प्रताडित छन् । सुत्ने ठाउँको अभाव हुनु, शौचालयको पर्याप्त सुविधा नहुनु, खानेपानी तथा सरसफाइमा ध्यान नदिइनु, विविधखाले स्वास्थ्य समस्या भएका कैदी/बन्दीलाई एकैठाउँमा राखिनु, खेल तथा मनोरञ्जनका सामग्रीको अभाव हुनु, देशभरका कारागारको समान समस्याका रूपमा रहेका छन् । कारागारमा रहेका कैदी तथा थुनुवाहरूलाई उचित स्वास्थ्य उपचारको व्यवस्था नहुनु, चिसो तथा गर्मी मौसम अनुसार आवासको अभाव, क्षमता भन्दा धेरैलाई राखिनु, पानी, बत्ती, पुस्तकालय, खेलकुद लगायतका आधारभूत विषयहरूको अभाव हुनु, खानेपानीको पर्याप्त व्यवस्था नहुनु र समग्रतामा कारागार बन्दी गृहबाट सुधार गृहको रूपमा अफैसम्म पनि रूपान्तरित हुन नसक्नु कारागारहरूको मुख्य समस्याको रूपमा रहेको देखियो । यस विषयमा विगतमाझैं सरोकारवालाको ध्यान पुग्न सकेको देखिएन । ज्येष्ठ नागरिक कैदी/बन्दीलाई सजाय छुट हुने प्रबन्ध भए पनि यस वर्ष पनि ७० वर्ष उमेर पूरा भएको कैदी/बन्दी करागारमा रहे। कोभिड-१९ को जोखिमलाई न्यूनीकरण गर्न नेपाल सरकारलाई सर्वोच्च अदालतले दिएको आदेशअनुसार ३ सय ८५ जना कैदी रिहा गरियो। यसरी रिहा हुनेहरूमा विभिन्न कारगारबाट १ सय ६५ जना र बाल सुधार गृहबाट २ सय १७ जना रहेका थिए ।[१६]

**(ञ) प्रधानमन्त्रीद्वारा संसद विघटन तथा अध्यादेश सम्बन्धमा**

यस वर्षको अन्त्यतिर प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले सङ्घीय संसदको प्रतिनिधि सभा विघटन गरी २०७८ सालको वैशाख महिनामा दुई चरणमा निर्वाचन गर्ने मिति तोकियो । सरकारको यस कार्यलाई नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक प्रणालीको स्थायित्व माथिको संकटको रूपमा चर्चा भयो । यस विषयमा सम्मानित सर्वोच्च अदालतमा १४ वटा रिट निवेदन दर्ता भई यसको लगातार सुनुवाइमा रहेको छ । अदालतबाट आउने निर्णयले मात्र यस विषयको टुङ्गो लाग्ने भएको र अदालतमा विचाराधीन विषय रहेकोले यस विषयमा विस्तृत उल्लेख गरिएको छैन । यसै वर्षको अन्त्यतिर सरकारले संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिसम्बन्धी ऐनलाई संशोधन गर्ने मनसायबाट ल्याएको अध्यादेश अनुसार मानव अधिकार आयोग लगायत अन्य आयोगहरूमा नियुक्तिको लागि गरिएको सिफारिसहरू पनि विवादित भए । अध्यादेशमार्फत संवैधानिक परिषद् ऐन संशोधन गरिनु र त्यसलगत्तै प्रतिनिधिसभा विघटन हुनुले संवैधानिक निकायमा नियुक्त हुनेहरूको जवाफदेहिता र संसदीय सुनवाइमार्फत हुने परीक्षणको प्रकृया कमजोर भयो । संवैधानिक परिषद्का सदस्यहरूको सङ्ख्या आफू अनुकूल बनाउने गरी जारी गरिएको अध्यादेशको वैधानिकताको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा रिट सुनुवाइको क्रममा रहेकाले यस विषयमा पनि थप चर्चा गर्न आवश्यक रहेन ।

१६. कोभिड-१९ र बन्दाबन्दीको अवधिमा मानव अधिकार अवस्थाको प्रारम्भिक अनुगमन प्रतिवेदन २०७७ रा.मा.अ.आयोग पृष्ठ २४-२५)

**(ट) मानव अधिकार राष्ट्रिय कार्ययोजना**

संविधान, ऐनहरू तथा अन्तर्राष्ट्रिय मानव अधिकारसँग सम्बन्धित प्रावधानहरूको व्यवहारिक रूपमा कार्यान्वयन गर्ने उद्देश्यले पाँच वर्ष अवधिका लागि "मानव अधिकासम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना २०७७/०७८ देखि २०८०/०८१" २०७७, [१६] जारी गऱ्यो । मानव अधिकारको प्रावधान तथा सैद्धान्तिक अवधारणालाई कार्यान्वयन गर्ने उद्देश्यले जारी गरिएको यो कार्ययोजनालाई यस क्षेत्रमा सकारात्मक रूपमा हेरिएको छ । यस कार्ययोजनामा मानव जीवनसँगै जोडिएका २० ओटा मानव अधिकारका क्षेत्रहरू समेटिएका छन् । जसमा शिक्षा, स्वास्थ्य, मानव विकासका समग्र क्षेत्र, बाल अधिकार, लक्षित तथा बञ्चितीकरणमा परेका वर्गको संरक्षण, सशक्तिकरण तथा विकास, मानव अधिकार शिक्षा, श्रम रोजगार, हिरासत तथा कारागार सुधार, सङ्क्रमणकालीन न्याय, संस्थागत सुदृढीकरणलगायतका विषयमा योजनाबद्धरूपमा कार्यपालिकाबाट कार्यहरू सञ्चालन हुने उल्लेख गरिएको छ।

त्यसैगरी सरकारले यसै कार्ययोजना मार्फत संयुक्त राष्ट्रसङ्घीय दिगो विकास कार्यक्रम २०१५-२०३० ले तय गरेको गरिबी तथा भोकमरी अन्त्य गर्ने, खाद्य तथा सबैका लागि गुणस्तरीय शिक्षा, लैङ्गिक विभेदको अन्त्य, स्वच्छ पानी र सफाइ, सुरक्षित मानव बसोबास, न्यायमा पहुँच जस्ता विषयहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा यस राष्ट्रिय कार्ययोजनाले सम्बोधन गर्ने लक्ष्य राखेको छ जुन यस सम्बन्धमा सकारात्मक कदम हो।

**(ठ) स्वास्थ्यको अधिकार**

स्वास्थ्यसम्बन्धी विषयलाई सम्बोधन गर्न राष्ट्रिय स्वास्थ्य नीति २०७५ जारी गरे पश्चात् यसलाई अझ विस्तृत रूपमा कार्यान्वयन गर्न सरकारले यस वर्ष स्वास्थ्य रणनीति २०७६[१८] जारी गरेको छ। त्यसैगरी सरकारले क्यान्सर, मिर्गौला, अल्जाइमर्स लगायतका रोगहरूको उपचारमा सहुलियत दिने व्यवस्थालाई यस वर्ष पनि निरन्तरता दिएको पाइन्छ । त्यसैगरी बाल मृत्युदर र मातृ मृत्युदर घटाउने तथा पोषणसम्बन्धी चेतना विस्तारमा भिटामिन (ए) पोलियो, थोपा खुवाउने जस्ता कार्यक्रमहरू पनि निरन्तर नै कार्यान्वयन भए।[१९]

विश्वव्यापी महामारीका रूपमा आएको कोरोना भाइरसबाट संरक्षण गर्न सरकारले अनेकौँ नीतिहरूको यो वर्ष घोषणा गऱ्यो । सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार नियमावली २०७७ तथा जनस्वास्थ्य सेवा निमावली २०७७ लाई स्वीकृति गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरिएको[२०], कोभिड-१९ बाट सङ्क्रमितहरूको सुरक्षा वा अन्य व्यवसायीहरूको सुरक्षाको लागि व्यवस्था गरिएको आइसोलेसनसम्बन्धी स्वास्थ्य मापदण्ड २०७७[२१] लाई स्वीकृत गरी कार्यान्वयन गरिएको छ।

त्यसैगरी एसिड आक्रमणबाट प्रभावितहरूलाई उपचारको लागि डेडिकेडेट अस्पतालको व्यवस्था तथा उनीहरूको निःशुल्क उपचार गर्ने तथा औषधी लिइरहनुपर्ने व्यक्तिहरूलाई औषधीको व्यवस्था निःशुल्क गर्ने लगायतका निर्णयहरू समेत यो वर्ष भए [२२]। त्यसैगरी प्राकृतिक विपत्तीमा परी घाइते भएकाहरूको स्वास्थ्य उपचारको खर्च समेत सरकारले निःशुल्क गर्ने व्यवस्था सरकारले मिलायो।[२३]

**(ड) खाद्यान्नको अधिकार तथा भोक विरुद्धको अधिकार**

खाद्यान्न तथा भोकविरुद्धको अधिकार मानव अधिकारको आधारभूत विषय हो । खाद्य अधिकार प्रत्याभूतिका लागि उत्पादन, सञ्चय, भण्डारणका अतिरिक्त गुणस्तरीय खाद्यान्नको प्राप्तीको अधिकार पनि यसमा समावेश भएको हुन्छ। खाद्यान्न अधिकारभित्र पहुँचको अधिकार, गुणस्तरीयताको अधिकार, संलग्न हुन्छन् । संयुक्त राष्ट्रसङ्घको कृषि तथा खाद्य सङ्गठनका अनुसार दैनिक १८ सय क्यालोरीभन्दा कम शक्तिको खाद्य उपभोगको अवस्थालाई भोकभरीको

१६. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय www.mohp.gov.np
१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय www.mohp.gov.np
२०. www.opmcm.gov.np/dchmexd/2077
२१. www.opmcm.gov.np/dchmexd/2077
२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय www.mohp.gov.np
२३. www.opmcm.gov.np/dchmexd/2077

अवस्था मानिएको छ[२४]। विश्वव्यापी भोकमरीबारे अध्ययन गरिएका १ सय १७ मुलुकमध्ये नेपाल ७३ औँ स्थानमा हुनु र विश्वव्यापी भोकमरीको अवस्थालाई न्यून, मध्यम, गम्भीर, भयावह, अति भयावह गरी पाँच वर्गमा विभाजन गरिएकोमा २० देखि ३४.९ सम्मको अवस्थालाई गम्भीर समूहमा राखेकोमा नेपाल २०.८ सहित गम्भीर श्रेणीमा परेको छ[२५] । कर्णाली प्रदेश लगायत उच्च हिमाली भूभाग क्षेत्रका नागरिकहरू खाद्यान्नको उच्च जोखिम रहेको देखिएका समाचारहरू प्रकाशन भए । कृषि उपजको उत्पादनको समयमा रासायनिक मल लगायतको अभाव झेल्नु पऱ्यो जसले गर्दा कृषि उत्पादनमा ह्रास भई भोक विरुद्धको अधिकारको उल्लङ्घन हुने सम्भावना बढेर गयो[२६] ।

त्यसैगरी, नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले जारी गरेको भूमिको कित्ताकाट गर्न दिने प्रावधानले कृषियोग्य भूमिको विनास हुने र स्वास्थ्य संकट उत्पन्न हुने सम्बन्धमा नागरिक समाज तथा किसानका सङ्घ महासङ्घहरूले विरोध जनाए [२६]। कृषकहरूलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया २०७७", न्यूतम समर्थन मूल्यमा धान खरिद र व्यवस्था गर्ने सम्बन्धी निर्देशिका २०७७", बजारमुखी प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया २०७७", "खाद्य तथा पोषण सुरक्षा पुस्तिका २०७७" तथा अनुदानको मल वितरणमा व्यवस्थापन निर्देशिका २०७७"[२८] जस्ता नीतिहरू जारी गरी खाद्यान्न उत्पादन, भण्डारण तथा वितरण प्रक्रियामा सहजीकरण गर्न खोजिएको विषयलाई सकारात्मक रूपमा हेर्न सकिन्छ।

उखु किसानले चिनीमिलबाट पाउनु पर्ने भुक्तानी नपाएको भन्दै गत वर्ष जस्तै यसवर्ष पनि काठमाडौँ केन्द्रित आन्दोलन गरे । कृषकको माग सम्बोधन गर्ने सिलसिलामा उखु कृषकहरूसँग सरकारले गरेको सम्झौताको हालसम्म कार्यान्वयन भएको देखिएन। आफ्नो उत्पादनको बिक्रीवितरण गरी सरकारी समर्थन मूल्य पाउन नसिकरहेको अवस्थाले गर्दा कृषकको मानव अधिकार तथा खाद्य सम्प्रभुत्ताको अधिकार उल्लङ्घन भएको पाइयो।

**(ढ) राष्ट्रिय मानव अधिकार आयोग**

यस वर्ष राष्ट्रिय मानव अधिकार आयोगमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका १ सय ३५ ओटा उजुरीहरू दर्ता भए। विगतदेखि आयोगमा परेका ७ सय ९५ उजुरीहरूमा अनुसन्धान भयो। तीमध्ये १ सय ३१ उजुरीहरूको बारेमा सरकार समक्ष सिफारिस गऱ्यो।[२९]

कानुनत आयोगका सिफारिस तथा निर्णयहरूको कार्यान्वयन बाध्यकारी भए पनि कार्यान्वयन पक्ष कमजोर छ । आयोगका सिफारिसहरूको कार्यान्वयनमा देखिएका जटिलताहरूको अध्ययन गरी सुझाव पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महान्यायाधिवक्ताको कार्यालय र आयोगका प्रतिनिधि रहेको एउटा समिति गठन भएकोमा सरकारले आफ्ना प्रतिनिधि सरुवा गरेपछि यो कार्यदल निष्कृयझैँ भयो।[३०] आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनमा यो वर्ष पनि कुनै उल्लेख्य प्रगति हुन सकेन । उल्लिखित उपलब्धिका बाबजुद् पनि आयोगमा अहिले पनि चुनौती छन् । आयोगका सिफारिस कार्यान्वयन हुन सकेका छैनन्। मानव अधिकार आयोगले हालसम्म २ सय ८८ भन्दा बढी व्यक्तिलाई अनुसन्धानबाट ठहर भएबमोजिम मानव अधिकार उल्लङ्घनकर्ताको सूचीमा राखेकोमा

२४. नेपालको कृषि क्षेत्र र खाद्य तथा पोषण सुरक्षा स्वीकृतिको विश्लेषण, विष्णुहरि देवकोटा र डा. हरिबहादुर के.सी.खाद्य तथा पोषण सुरक्षा प्राप्तिका २०७७, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७७) Internnationlal food policy Research Institute (IFPRI), https://www.ifpri.org/

२५. Internnationlal food policy Research Institute (IFPRI), https://www.ifpri.org,

२६. (www. Finnepal.org/2020 मल अभावसम्बन्धी संयुक्त प्रेस विज्ञप्ति)

२७. भूमिका कित्ताकाट गर्न दिने प्रावधान सम्बन्धमा संयुक्त विज्ञप्ति, www. fiannopw.crg/2020)

२८. नेपालको कृषि क्षेत्र र खाद्य तथा पोषण सुरक्षा स्वीकृतिको विश्लेषण, विष्णुहरि देवकाटा र डा. हरिबहादुर केसी,खाद्य तथा पोषण सुरक्षा प्राप्तीका २०७७, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७७

२९. वार्षिक प्रतिवेदन २०७६, राष्ट्रिय मानव अधिकार आयोग, www.nhrcnepal.org

३०. वार्षिक प्रतिवेदन २०७६, राष्ट्रिय मानव अधिकार आयोग, www.nhrcnepal.org

कानुनी कारबाहीको अवस्था निराशाजनक छ।[३१]

**अन्तर्राष्ट्रिय अनुबन्ध तथा संयन्त्रमा नेपालको सहभागिता**

नेपाल मानव अधिकारसम्बन्धी मुख्य नौ मध्ये सातसहित विभिन्न चौबीसओटा अन्तर्राष्ट्रिय महासन्धि र अनुबन्धको पक्ष राष्ट्र हो। यस वर्ष नेपाल सरकारले अन्तरदेशीय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको मानव विशेषगरि महिला तथा बालबालिकाको बेचबिखन रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख, २००० (पलेर्मो प्रोटोकल) अनुमोदन गऱ्यो।

नेपालले आफू पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय अनुबन्ध र महासन्धिहरूको कार्यान्वयनको अवस्थाका बारेमा विशेष महत्त्वका साथ प्रतिवेदन प्रस्तुत गर्ने गरेको छ। साथै यस वर्ष नेपालले विश्वव्यापी आवधिक समीक्षा (युपीआर) प्रतिवेदन युपीआर सचिवालयमा बुझाएको छ। प्रस्तुत राष्ट्रिय प्रतिवेदनले विश्वव्यापी आवधिक समीक्षा दोस्रो चक्रमा नेपालले प्राप्त गरेका र स्वीकार गरेका सुझाव कार्यान्वयनको प्रगतिको अवस्था प्रस्तुत गरेको छ।

समाधीक्षक तथा विशेष प्रक्रिया धारकहरूसँग सहकार्य गर्न तथा त्यसतर्फबाट सोधिएका प्रश्नहरूलाई महत्त्वका साथ सम्बोधन गरिएको छ। खाद्य अधिकार, चरम गरिबी र मानव अधिकारका विषयमा समाधीक्षकको भ्रमणका लागि सरकारले निमन्त्रणा समेत दिएको छ।

मानव अधिकार परिषद्मार्फत नेपालले विश्वव्यापीरूपमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि रचनात्मक भूमिका निर्वाह गरेको छ।

**निष्कर्ष**

सतारूढ दल भित्रको खिचातानीले सरकारका कतिपय निर्णयहरू कार्यान्वयन हुन सकेनन् भने यस वर्षको बजेट अधिवेशनको रूपमा चिनिएको सङ्घीय संसदको अधिवेशन हठात अन्त्य भयो। संसदको अन्त्यपश्चात नागरिकता विधेयक, राष्ट्रिय मानव अधिकार आयोगको विधेयक, मिडिया काउन्सिल लगायत अन्य मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने अन्य विधेयकहरूले कानुनको रूप लिन पाएनन्।

प्रदेश सरकारहरूले संविधान तथा कानुनहरूमा उल्लेख गरे बमोजिमका अधिकार तथा साधन स्रोतहरूको बाँडफाँडमा सङ्घीय सरकार सकारात्मक नभएको आधिकारिक प्रश्न उठ्यो। मौलिक हक तथा मानव अधिकारका विविध विषयहरूलाई कार्यान्वयन गर्न जारी गरिएका ऐनहरूको व्यवहारिक कार्यान्वयनका लागि निर्माण गरिनुपर्ने नियमावली तथा नीतिहरू यस वर्ष पनि जारी भएनन्। फलस्वरुप संविधान तथा ऐनमा उल्लेख गरिएका मौलिक हकहरूको व्यवहारिक कार्यान्वयनमा जटिलता कायमै रहेको देखियो।

विश्वव्यापी महामारीको रूपमा आएको कोभिड-१९ को प्रभावलाई न्यूनीकरण गर्न सरकारले मानिसको आवतजावत, व्यवसाय, कारोबार, तथा कार्यालयहरूमा निषेध तथा बन्दाबन्दी गरी विभिन्न निरोधात्मक उपायहरूको अवलम्वन गरेको थियो। शुरुवाती समयमा नियन्त्रणमा रहेको यो भाइरसको प्रभाव बन्दाबन्दी खुकुलो हुने बित्तिकै नियन्त्रण बाहिर गएको थियो। यद्यपि सङ्क्रमणका कारण करिब २ हजारको मृत्यु भएको, उपचार गर्न नपाएर घरमै तथा अस्पतालले भर्ना नलिँदा ज्यान गुमाउनु परेको, महँगो र सीमित मात्रामा उपचारको व्यवस्था तथा पर्याप्त सावधानीको पालना गराउन नसकेको कारण नागरिकले सास्ती व्यहोर्नु पऱ्यो। महामारीको रूपमा रहेको सरुवा रोग तथा प्राथमिक रोगको उपचार सरकारले निःशुल्क गर्नुपर्ने संवैधानिक तथा कानुनी प्रावधानहरूको पटक पटक उल्लङ्घन भयो। निजी अस्पतालहरूले चर्को उपचार शुल्क लिएको विषय व्यापक रूपमा उठेको भए पनि सरकारले अनुगमन कार्यलाई प्रभावकारी बनाएन वा बनाउन चाहेन।

बाढीपहिरो तथा अन्य प्राकृतिक विपत्तीहरूबाट ३ सय जना भन्दा बढी नागरिकको मृत्यु भयो। विपत् पीडितहरूलाई सुरक्षित आवासको व्यवस्था गर्न नसक्नु, उद्धार, पुर्नस्थापना तथा उपचारको व्यवस्थामा केही कार्यहरू भए पनि ती पर्याप्त नभएको पाइयो। बन्द गरिएका सरकारी, निजी विद्यालय, कलेज तथा विश्वविद्यालयहरू यस वर्षको अन्त्यतिर विस्तारै खुलेको भए पनि विद्यार्थीहरूको शिक्षा प्राप्त गर्ने अधिकारको हनन् भयो। शिक्षा क्षेत्रमा भएको क्षतिलाई सम्बोधन गर्ने कुनै योजना सरकारले ल्याएको देखिएन। महिला हिंसाका घटनाहरूमा कमी आएन। महिला विरुद्धको गम्भीर हिंसाको स्वरूपमा रहेको छाउपडी प्रथाको अन्त्यको लागि भन्दै यस वर्ष स्थानीय प्रशासन तथा

३१. वार्षिक प्रतिवेदन २०७६, राष्ट्रिय मानव अधिकार आयोग, www.nhrcnepal.org

प्रहरीले करिब ३ सय छाउगोठहरू भत्काए। सामाजिक चेतना तथा स्थानीयको सहभागिता तथा बेवास्ताका कारण यो अभियान प्रभावकारी हुन सकेन। यस बिचमा छाउगोठहरू पुनः निर्माण हुन थालेको समाचारहरू प्रकाशित भए। जातीय विभेदको विद्यमानता, जीवनको अधिकार, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनुजस्ता कारणले मौलिक हक उपयोगमा अझै टाढाको कुरा हुन गयो। आप्रवासी कामदा माथि हुने र भएको श्रम शोषण, असुरक्षित कामका कारण बढेको मृत्युदर चिन्ताको विषय भयो । दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, महिला, अल्पसङ्ख्यक, ज्येष्ठ नागरिकलगायतको अधिकारको संरक्षणमा राज्य कहीँ न कहीँ चुकेको देखियो।

मानव अधिकार उल्लङ्घनका घटनाहरूको उजागर गर्दै त्यसमा संलग्न दोषीहरूलाई कारबाही गरिनु सङ्क्रमणकालीन न्याय व्यवस्थाको प्रमुख कार्य एवम् माग हो। तर, यसतर्फ सरकार अझै पनि संवेदनशील हुन सकेको छैन । विगत १४ वर्षदेखि उठेको यो सवालले अझैसम्म मूर्त रूप लिन सकेन । सशस्त्र द्वन्द्वोत्तर समाजमा अनिवार्यतः सम्पन्न गरिनुपर्ने कैयन् काम अझै पनि हुन सकेका छैनन् । द्वन्द्वकालमा भएका जघन्य अपराधमा संलग्न दोषी पत्ता लगाउने, तिनलाई कानुनको दायरामा ल्याउने, पीडित पक्षहरूको तथ्य सङ्कलन गरी न्याय तथा अन्य परिपूरणको व्यवस्था गरी समाजमा शान्ति स्थापना गर्ने काममा हालसम्म पनि आशालाग्दो अवस्था देखिएन।

फोटो : विमलचन्द्र शर्मा

२.३ राज्य र मानव अधिकार

# व्यवस्थापिका

परिच्छेद

२

सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्त्वपूर्ण संस्थाका रूपमा संसदलाई लिइन्छ । शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण गर्ने जस्तो महत्त्वपूर्ण कार्य व्यवस्थापन कार्यविधिका माध्यमबाट संसदले सुनिश्चित गर्दछ। जनताका प्रतिनिधिको स्वीकृति बिना कुनै कर नलगाइने भन्ने सिद्धान्त रहेको र करसम्बन्धी जनताद्वारा प्रत्यक्ष रूपमा निर्वाचित भई आएका प्रतिनिधिहरू रहेको प्रतिनिधि सभामा प्रस्तुत गर्ने संवैधानिक व्यवस्था गरिएको छ । नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा १ सय ६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने प्रणाली बमोजिम निर्वाचित भएका १ सय ६५ जना र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित भएका १ सय १० जना गरी कूल २ सय ७५ सदस्य रहेको प्रतिनिधि सभा रहेको छ।[१]

व्यवस्थापिकाले संविधान प्रदत्त मौलिक अधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको हुन्छ। मुलुकको सर्वोच्च नीति निर्माण गर्ने संवैधानिक निकाय र सर्वोच्च जनप्रतिनिधिमूलक निकायसमेत भएकाले यसले निर्माण गरेका कानुनले मानव अधिकारको भूमिका र अवस्था निर्धारण गरेको हुन्छ । सरकार र अन्य विभिन्न निकायबाट हुने मानव अधिकार उल्लङ्घन रोक्न, यस्ता सवालमा छलफल गर्न, सरकारको खबरदारी गर्न सार्वभौम संसद्ले कस्तो भूमिका खेल्छ ? त्यसले संविधान प्रदत्त हकहरू परिपालनामा सहयोग पुऱ्याउँछ । मुलुकको सर्वोच्च सार्वभौम निर्वाचित जनप्रतिनिधिमूलक निकाय भएकाले जनप्रतिनिधिले जनताका मौलिक अधिकार संरक्षण गर्ने प्रकृतिका विधेयक प्रस्तुत गरेर, विधेयक पारित गरेर, जनसरोकारका विषयमा छलफल र बहस चलाएर, मानव अधिकार उल्लङ्घन गर्ने सरकारका प्रमुखविरुद्ध अविश्वासको प्रस्ताव पारित गरेर, राष्ट्र प्रमुखविरुद्ध महाभियोग लगाएर संसदीय अवरोधमार्फत दबाब दिएर, शून्य समयमा मानव अधिकार तथा मानवीय सरोकारमा छलफल बहस चलाएर मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ[२]। यस वर्ष सांसदहरूले मानव अधिकारलगायत अन्य जनसरोकारका विषयमा शून्य समयमा बहस चलाएर, विशेष प्रस्तावमार्फत मानव अधिकार उल्लङ्घन गर्ने निकायलाई संसद्प्रति जिम्मेवार बनाएर, सङ्कल्प प्रस्तावमार्फत सरकारलाई कानुनी दबाब दिएर, विशेष प्रस्तावमार्फत सरकारलाई नैतिक दबाब दिएर, जनताका मानव अधिकारसँग सम्बन्धित पिरमर्का, गुनासा र समस्यालाई छलफल गरे । संसद्मा कोरोना पीडितको मानव अधिकार उल्लङ्घन भएको, प्राकृतिक प्रकोप पीडितको उद्दार तथा पुर्नस्थापनामा भएको ढिलाइ, शान्ति सुव्यवस्था, भ्रष्टाचारजस्ता विषयमा छलफल गरेर, बहस चलाएर मानव अधिकार संरक्षण र संवर्द्धनमा सांसदले चासो देखाए।

राज्यले अनुमोदन गरेका र राज्यपक्ष भएका विभिन्न मानव अधिकारसम्बन्धी सन्धि, महासन्धि, सम्झौता र अन्तर्राष्ट्रिय मापदण्डलाई सम्मान गर्ने र यिनै मापदण्ड र अन्तर्राष्ट्रिय कानुनमा आधारित रही राष्ट्रिय कानुन निर्माण गर्ने कार्य गरेर पनि व्यवस्थापिकाले मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने दिशामा महत्त्वपूर्ण कार्य गर्छ । विभिन्न संसदीय समितिमध्ये मानव अधिकारसम्बन्धी समितिका रूपमा रहेको कानुन न्याय तथा मानव अधिकार समितिले यस दिशामा भूमिका निर्वाह गऱ्यो।

यस वर्षको सुरुआतमा संसदले रिक्त रहेको सभामुखको निर्वाचन गऱ्यो । नेकपाको सिफारिसमा सभामुख निर्वाचित भएका सांसद अग्निप्रसाद सापकोटाको बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चासोहरू व्यक्त गरिए । काभ्रेका अर्जुन लामा बेपत्ता पारिएको र पछि हत्या भएको घटनाका मुख्य आरोपित[३] भनी लामाकी पत्नी पूर्णिमाया लामाले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा विचाराधीन रहेको र प्रहरीले 'फरार अभियुक्त' करार गरेका सापकोटा सभामुखमा निर्वाचित हुनु मानव अधिकार र नेपालको मानव अधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरीत रहेको मानव अधिकार सङ्घसंस्थाले आरोप लगाए। इन्सेकले २०७६ माघ ६ गते एक विज्ञप्ति प्रकाशन गरी अभियोग लागेका व्यक्ति पटकपटक राज्यसत्ताको जिम्मेवारी पाउनुका साथै न्यायालयको आदेश, पीडित र अधिकारकर्मीको खबरदारीका बाबजुद अनुसन्धानको दायरामा नआउनु राष्ट्रिय लज्जाको विषय भएको जनायो[४]। तर, संसद्मा बहुमतमा रहेको नेकपा आफ्नो

१. https://hr.parliament.gov.np/np/house-of-representative-nepal
२. https://hr.parliament.gov.np/np/house-of-representative-nepal
३. http://www.insec.org.np/victim/candidate_details_user.php?MFID=14855
४. http://inseconline.org

निर्णयबाट पछि फर्किएन । सापकोटा सभामुखमा निर्वाचित भए।

गत वर्ष सभामुख कृष्णबहादुर महराले पदबाट राजीनामा दिएपछि यस वर्षको सुरुआतसम्म उपसभामुखले संसदको कामकारबाही चलाइन् । सभामुख निर्वाचनपछि रिक्त रहेको उपसभामुख पद यो वर्षको अन्त्यसम्म खाली नै रह्यो। संविधानतः सभामुख र उपसभामुख फरक लिङ्ग र फरक राजनीतिक दलको हुनुपर्ने व्यवस्था छ। तर, वर्षैभरि उपसभामुख चयन प्रकृया अगाडि बढेन । सरकारले यस विषयमा कुनै कारबाही अगाडि बढाएन। उपसभामुखको निर्वाचनको माग गर्नुपर्ने प्रतिपक्षको आवाज पनि खासै सुनिएन।

सङ्घीय संसद सचिवालयले २०७७ असार २५ गते समाजवादी पार्टीकी सांसद सरिता गिरीको सांसद पद रिक्त भएको सूचना जारी गऱ्यो। संसद सचिवालयले सभामुख अग्निप्रसाद सापकोटालाई समाजवादी पार्टीले संसद सचिवालयलाई दिएको पत्रबारे जानकारी दिएपछि गिरीलाई पदमुक्त गरिएको हो । संसदका महासचिव भरतराज गौतमले सांसद गिरीलाई पार्टीले पार्टीबाट निष्कासन गरेको जानकारी संसद सचिवालयलाई जानकारी गराएको र उक्त जानकारी नियमअनुसार नै पाइएकाले उनको सांसद पद रिक्त भएको सूचना जारी गरे । संविधानको धारा ८९ बमोजिम सांसद गिरी सांसदबाट निष्कासित भएको संसद सचिवालयले जनायो । नयाँ नक्शालाई निशान छापमा समावेश गर्ने गरी गरिएको संविधान संशोधन प्रस्तावमा मतदान गर्दा पार्टीको ह्विप नमानेको भन्दै समाजवादीले उनलाई निष्कासन गर्ने निर्णयय गरेको थियो।[५]

सङ्घीय संसदको यो एक वर्ष धेरै हिसाबले फलदायी रहेन। जनजीविकाका सवालमा सकृय हुनुपर्ने संसद्का कृयाकलापहरू विभिन्न वहानामा रोकिए। पाँच वर्षको आयु भएको संसद आफ्नो अवधि पूरा नगरी ३ वर्षमै विघटन गरियो । प्रधानमन्त्री केपी ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले २०७७ पुस ५ गते संसद् विघटन गरी २०७८ वैशाख १७ र २७ गते मध्यावधि निर्वाचनको घोषणा गरेको राष्ट्रपति कार्यालयले जनायो।[६] समयावधि पूरा नहुँदै गरिएको संसद् विघटनका बारेमा राजनीतिज्ञ, कानुन व्यवसायी, नागरिक समाजलगायतले यो कदम असंवैधानिक रहेको बताउँदै नेपालको संविधानले पाँच बर्से संसद्को परिकल्पना गरेको र संसद् विघटनको कुनै गुञ्जायस नरहेको जिकीर गरे। सरकार र यसका समर्थकले संसद विघटनलाई राजनीतिक कदम र संसदीय अभ्यासको संज्ञा दिए। यसका बारेमा देश दुई ध्रुवमा बाँडियो। भलै यो मुद्दा सर्वोच्चको संवैधानिक इजलासमा विचाराधीन छ।

नेपालको संविधानले सङ्घीय संसदमा दुई ओटा सभाको परिकल्पना गरेको छ। राष्ट्रिय सभा र प्रतिनिधि सभालाई सङ्घीय संसदका रूपमा चिनिन्छ। प्रतिनिधि सभा नहुँदा त्यसको असर राष्ट्रिय सभाको कामकारबाहीमा समेत पऱ्यो । प्रतिनिधि सभा नहुँदा राष्ट्रिय सभामा दर्ता भएका र पारित भएर राष्ट्रिय सभामा आएका विधेयकहरू निष्क्रिय भए। राष्ट्रिय सभाले शून्य समय, विशेष समय र समसामयिक विषयमा प्रस्तावहरू उपर छलफल गर्न पाउँछ। तर २०७७ असार १८ गते अन्त्य भएको संसद पुन सुचारु नभई विघटित भयो । संविधानतः ६ महिनाभित्र अर्को अधिवेशन बोलाइसक्नुपर्ने बाध्यात्मक अवस्था भएकाले सरकारको सिफासिरमा राष्ट्रपतिले अर्को वर्षको पुस १७ गतेका लागि राष्ट्रिय सभाको अधिवेशन आह्वान गरिन्।[७]



राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

विज्ञप्ति

आज मिति २०७७ साल पुस ५ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यास बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशका लागि नेपाली जनता समक्ष जान मिति २०७८ साल बैशाख १७ गते शुक्रबार पहिलो चरणमा र मिति २०७८ साल बैशाख २७ गते सोमबार दोस्रो चरणमा अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिस बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी मिति २०७८ साल बैशाख १७ गते शुक्रबार पहिलो चरणमा र मिति २०७८ साल बैशाख २७ गते सोमबार दोस्रो चरणमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्नु भएको छ ।

२०७७।८।१०५

(बद्रिनाथ अधिकारी)
प्रवक्ता

फोन नं. ०१-४४६००२, ४४६००३, ४४६००४, ४४६००७, ४४६००८, ४४६००९, फ्याक्स नं.: ९७७-१-४४१६४९५

५. https://ekantipur.com/news/2020/07/09/15942872307138079.html
६. https://president.gov.np
७. https://president.gov.np

**संसद्को अधिवेशन**

यस वर्ष संसद्को दुई ओटा अधिवेशन छोटो समयका लागि सञ्चालन भए । हिउँदे अधिवेशन विधेयक अधिवेशन हुने भएकाले सो अधिवेशनमा ५० भन्दा बढी विधेयक दर्ता भए । तर, कोरोना महामारी नियन्त्रणका लागि देशव्यापीरूपमा गरिएको लकडाउनका कारण हिउँदे अधिवेशन चैत महिनामै अन्त्य भयो । बर्खे अधिवेशन बजेट अधिवेशन भएकाले यसले बजेट तथा खर्चसम्बन्धी विधेयक पारित गऱ्यो । हिउँदे अधिवेशन अन्त्य भएलगत्तै सत्तारूढ नेकपाभित्र देखिएको विवादकाबीच सरकारले राजनीतिक दल विभाजन र संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गऱ्यो । तर, व्यापक विरोधकाबीच सरकारले ती अध्यादेशहरू फिर्ता लियो ।

देश कोरोना भाइरस सङ्क्रमणको महामारीको चपेटामा परेको बेला संसदमा सार्वजनिक महत्त्वका विषयमा, शुन्य समयमा तथा विभिन्न प्रस्तावहरूका माध्यमबाट विषयहरू प्रवेश हुन्थे र जनचासो सम्बोधनमा सरकारलाई झकझक्याउन मद्दत पुग्थ्यो तर मुलुकको सङ्घीय संसद भने लामो समयसम्म सञ्चालनमा आएन । राज्यले अवलम्बन गर्ने नीति, सरकारले लिने निर्णय, कतिपय तत्काल गरिनुपर्ने कानुनी प्रबन्ध र नागरिकको जीविकासँग जोडिएका सवाल सम्बोधन गर्न जनप्रतिनिधिको थलो संसद नै सर्वाधिक महत्त्वपूर्ण हुन्छ । सरकारको उपेक्षामा परेको संसदप्रति विपक्षी दलहरूको पनि बेवास्तामा पऱ्यो ।[८] कतिपयले यसलाई कमजोर विपक्षी हुनुको बेफाइदाका रूपमा पनि चित्रित गरे ।[९] महामारीको सुरूआती समयमा पनि जारी रहेको संसदको बर्खे अधिवेशन अन्त्य गर्न सरकारले सिफारिस गरेपछि राष्ट्रपति विद्यादेवी भण्डारीले अधिवेशन अन्त्य गरेकी थिइन् । सरकारले संसदको बिजनेस बाँकी हुँदा हुँदै अधिवेशन अन्त्य गरेको भन्दै सर्वत्र विरोध भयो ।[१०]

**संविधान संशोधन**

प्रतिनिधिसभाले नेपालको अद्यावधिक नक्सा समेटिएको 'नेपालको संविधानको (दोस्रो संशोधन) विधेयक, २०७७' दुई तिहाइ भन्दा बढी मतले पारित गऱ्यो । प्रतिनिधिसभा २०७७ जेठ ३१ गतेको बैठकले लिम्पियाधुरासहितको नक्सा पारित गर्ने ऐतिहासिक निर्णय गरेको हो । जसअनुसार संविधान संशोधनका लागि भएको मतदानमा २ सय ५८ मत खसेकोमा पक्षमा सबै २ सय ५८ र विपक्षमा कुनै पनि मत परेन । २ सय ७५ सदस्यीय संसदमा २ सय ५८ मत खसेसँगै संशोधन विधेयक दुई तिहाई भन्दा बढी मतले पारित भएको सभामुख अग्नि सापकोटाले घोषणा गरे । संविधान संशोधन विधेयक पारित गर्नका लागि तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमत आवश्यक पर्छ । नेपाल सरकारले २०७७ जेठ ७ गते नेपालको नयाँ राजनीतिक नक्सा जारी गरेको थियो । जसमा लिम्पियाधुरा, कालापानी लिपुलेक क्षेत्र समेटिएको छ । नेपालको नयाँ राजनीतिक नक्सा जारी भएसँगै सरकारले नेपालको वास्तविक भू–भाग अनुसारको नक्सा निशान छापमा समेट्न संविधानको दोस्रो संशोधन विधेयक अघि बढाएको थियो ।[११]

सङ्घीय संसद सचिवालयले २०७७ असार २५ गते समाजवादी पार्टीकी सांसद सरिता गिरीको सांसद पद रिक्त भएको सूचना जारी गऱ्यो । संसद सचिवालयले सभामुख अग्निप्रसाद सापकोटालाई समाजवादी पार्टीले संसद सचिवालयलाई दिएको पत्रबारे जानकारी दिएपछि गिरीलाई पदमुक्त गरिएको हो । संसदका महासचिव भरतराज गौतमले सांसद गिरीलाई पार्टीले पार्टीबाट निष्कासन गरेको जानकारी संसद सचिवालयलाई जानकारी गराएको र उक्त जानकारी नियमअनुसार नै पाइएकाले उनको सांसद पद रिक्त भएको सूचना जारी गरेका हुन् । संविधानको धारा ८९ बमोजिम सांसद गिरी सांसदबाट निष्कासित भएको संसद सचिवालयले जनाएको छ । नयाँ नक्शालाई निशान छापमा समावेश गर्ने गरी गरिएको संविधान संशोधन प्रस्तावमा मतदान गर्दा पार्टीको हिवप नमानेको भन्दै समाजवादीले उनलाई निष्कासन गर्ने निर्णय गरेको थियो ।

**कानुन निर्माणमा ढिलाइ**

संसदको सबैभन्दा महत्त्वपूर्ण संवैधानिक दायित्व कानुन निर्माण पनि हो । कानुनहरू आवश्यकता अनुसार निर्माण गर्ने, विद्यमान कानुनलाई समय अनुसार संशोधन गर्न अत्यन्त जरुरी हुन्छ । तर,संसदले आफ्नो यो संवैधानिक दायित्वलाई इमान्दारीपूर्वक निर्वाह गर्न सकेन । प्रतिनिधिसभा अन्तर्गत विभिन्न चरणमा रहेको नागरिकता ऐन संशोधन विधेयकमा सहमति जुटेन ।

८. सरकारको उपेक्षा छँदैथियो, संसद अब विपक्षीको पनि बेवास्तामा (himalkhabar.com)
९. https://nagariknews.nagariknetwork.com/politics/177011-1556092860.html?click_from=category
१०. https://ratopati.com/story/136906/2020/7/2/sansad-ended-
११. https://ratopati.com/story/134284

राजनीतिक खिचातानी, नेकपाभित्रको खिचलो तथा संसद् विघटन भएका कारण धेरै विधेयकहरू थन्किए। संसदीय समितिबाट पारित भएर प्रतिनिधि सभामा प्रतिवेदनसहित पाँच विधेयक पेश भएका थिए। संसद विघटनसँगै दर्ता भएका पाँच वटा गैरसरकारी विधेयकमाथिको छलफल पनि रोकिए राष्ट्रिय सुरक्षा परिषद् विधेयक, शान्ति र सुरक्षा विधेयक, राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरूको द्रुततर निर्माण तथा विकाससम्बन्धी विधेयक, बीमा विधेयक, सङ्घीय निजामती सेवा विधेयक, लोक सेवा आयोगसम्बन्धी विधेयक, नेपाल नागरिकता पहिलो संशोधन विधेयक, सूचना प्रविधिसम्बन्धी विधेयक र ज्येष्ठ नागरिकसम्बन्धी पहिलो संशोधन विधेयकले प्राथमिकता पाएनन्।[१२]

यस्तै प्रतिनिधि सभामा प्रस्तुत भएका निकासी पैठारी नियमन विधेयक, सैनिक (पहिलो संशोधन) विधेयक, सार्वजनिक खरिद (तेस्रो संशोधन) विधेयक, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण विधेयक पनि निष्क्रिय भए। राष्ट्रिय सभामा उत्पत्ति भई सन्देशसहित प्रतिनिधि सभामा टेबुल भएका नेपाल मिडिया काउन्सिल विधेयक, काठमाडौँ उपत्यका सार्वजनिक यातायात विधेयक, नेपाल विशेष सेवा विधेयक, नीति अनुसन्धान प्रतिष्ठान विधेयक, बिरुवा संरक्षण विधेयक, बीउबिजन (दोस्रो संशोधन) विधेयकलगायताका विधेयक पारित भएनन्।[१३] प्रतिनिधि सभामा विचाराधीन रहेका पाँच ओटा गैरसरकारी विधेयक पनि निष्क्रिय भएका विधेयकहरूको सूचीमा परे।[१४]

**संसद्को शून्य र विशेष समय**

संसदीय अभ्यासमा शून्य र विशेष समयलाई मानव अधिकारका दृष्टिकोणले संसदमा हुने अति महत्त्वपूर्ण विषयका रूपमा मानिन्छ। शून्य र विशेष समयमा सांसदले सार्वजनिक महत्त्व र जनसरोकारका विषयमा छलफल बहस चलाउनुका साथै सरकारको ध्यानाकर्षण गर्न दबाब दिने गर्छन्। प्रतिनिधिसभा नियमावलीअनुसार सांसदहरूले शून्य र विशेष समयमा राखेको जिज्ञासाको सम्बन्धित मन्त्रीले पाँच दिनभित्र जवाफ दिइसक्नुपर्छ। नियमावलीको दफा १५ (१) मा भनिएको छ, 'सदस्यले आवश्यकता महसुस गरेका समसामयिक विषय प्रस्तुत गर्नका लागि सभामुखले



संघीय संसद

सूचनापत्र

२०७७ साल असार २५ गते

बिहीबार

समाजवादी पार्टीको समानुपातिक तर्फबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सदस्य श्री सरिता गिरीले उक्त पार्टीको संसदीय दलले निर्णय गरी जारी गरेको निर्देशन (ह्वीप) उल्लंघन गरेको भनी पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले उहाँलाई पार्टीको विधानको धारा ५१ को उपधारा (५) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (५) बमोजिम प्रतिनिधि सभा सदस्यबाट निष्काशन गर्ने निर्णय गरेकोले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (५) बमोजिम पदमुक्त गरिदिन सम्बन्धित दलका प्रमुख सचेतकबाट मिति २०७७/३/२४ गते पत्र प्राप्त भएको हुँदा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिमको आवश्यक प्रक्रिया पुरा गरेको देखिन आएकोले नेपालको संविधानको धारा ८९ बमोजिम माननीय सदस्य श्री सरिता गिरीको प्रतिनिधि सभा सदस्य पद एक रिक्त हुन आएको हुँदा सम्माननीय सभामुखज्यूबाट स्वीकृत भए अनुसार राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३५ को उपदफा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१२ को उपनियम (२) बमोजिम जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

डा. भरतराज गौतम

संघीय संसदको महासचिव

सदनको कार्यबोझलाई विचार गरी शून्य समय र विशेष समय तोक्न सक्नेछ।' त्यस्तै, दफा १५ (२) मा भनिएको छ, 'उपनियम (१) बमोजिम शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले पाँच दिनभित्र सभामुखमार्फत सदनलाई उपलब्ध गराउनुपर्नेछ।' तर, सांसदले उठाएका कैयौँ प्रश्नको जवाफ आउँदैन।[१५]

यस वर्ष पनि विगत वर्षमा झैँ व्यवस्थापिका–संसद्को शून्य र विशेष समयमार्फत सांसदहरूले विविध विषयमा सरकारको ध्यानाकर्षण गराए। यसअन्तर्गत मूलतः कोरोना प्रभावितहरूको स्वास्थ्य अधिकार र उपचारको प्रबन्ध, बन्दाबन्दीका कारण घर जान नपाएका र पैदल यात्रा गरेर घर फर्किएका यस वर्ष भएका संसदीय गतिविधिमा ध्यानाकर्षण प्रस्ताव, सम्बन्धित मन्त्रीलाई सोधिने प्रश्नसम्बन्धी प्रस्ताव, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, सङ्कल्प प्रस्ताव, आधा घण्टाको छलफलसम्बन्धी प्रस्ताव, स्थगन प्रस्ताव र धन्यवाद प्रस्ताव प्रयोग गरिए।

१२. व्यवस्थापिका– नेपाल मानव अधिकार वर्षपुस्तक २०२०
१३. https://www.onlinekhabar.com/2020/12/914160
१४. https://www.onlinekhabar.com/2020/12/914160
१५. https://www.nayapatrikadaily.com/news-details/38331/2020-03-10

**संसदीय समितिको सक्रियता र गतिविधि**

यस वर्ष पनि संसद्का विभिन्न समिति विगत वर्षहरूझैँ मानव अधिकार र समसामयिक विषयलगायत विभिन्न क्षेत्रमा भएका अनियमितता र सार्वजनिक महत्त्व अर्थात जनचासो सम्बोधन गर्न सक्रिय रहे। यस दिशामा यी समितिले मुलुकमा मानव अधिकार उल्लङ्घनका घटना छानविन गर्ने, यी घटनाबारे जानकारी लिने (मन्त्रिपरिषद् र पदाधिकारी) सँग र सोअनुसार आवश्यक कदम चाल्न सरकारी निकायलाई आवश्यक निर्देशन दिने कार्यमा सकारात्मक भूमिका निर्वाह गरे। यो वर्षको तेस्रो महिनामा नेपालमा कोभिड-१९ को महामारी फैलियो। जुन महामारीसँग नेपाल पनि जुध्न पुग्यो। जसका असरहरू एक होइन अनेक देखिए। यस्तो बेला नागरिकको प्रतिनिधि संस्था संसद्को भूमिका मुलुकको हरेक कुना र हरेक संयन्त्रमा सक्रिय हुने अपेक्षा गरिन्छ। सो अनुसार संसद्का गतिविधि नभएका बेलामा पनि संसदीय समितिहरूले आफ्नो क्रियाशीलता जारी राखे।

रुकुम पश्चिमको चौरजहारी नगरपालिका, सोती घटनाको अनुसन्धान गर्न २०७७ जेठ २३ गते संसदीय विशेष छानबिन समिति गठन भयो। सांसद देवेन्द्र पौडेलको नेतृत्वमा नौ सदस्यीय विशेष संसदीय समिति गठन गरिएको थियो। समितिको सदस्यमा सांसद एकवाल मियाँ, दुर्गा पौडेल, पार्वतीकुमारी विशुन्के, प्रकाश रसाइली, विमला बिक, महेश्वरजङ्ग गहतराज, मिनबहादुर विश्वकर्मा र रामसहायप्रसाद यादव थिए। ३० दिनको अवधि पाएको समितिले निर्धारित समयमै आफ्नो काम पूरा गऱ्यो। २०७७ जेठ १० गते सोती गाउँस्थित 'माथिल्लो' जातकी १७ वर्षीया बालिकालाई लिन जाजरकोटबाट साथीसहित पुगेका नवराज बिकसहित ६ जनाको हत्या भएको थियो। गाउँलेले कुटपिट गरी भेरी नदीमा फालेको पीडित पक्षको दाबी छ। नवराजसँगै गएका केही युवाले भने नदीमा हाम फालेर ज्यान जोगाएका थिए। समितिले घटनास्थल, पीडित, सरोकारवालालगायतसँग छलफल, अध्ययन, अवलोकन लगायतका कार्य गरी तयार पारेको प्रतिवेदन २०७७ असार ३० गते सभामुखलाई बुझायो।[१६]

रुकुम पश्चिमको चौरजहारी, सोती घटना छानबिन संसदीय विशेष समितिले सभामुख अग्निप्रसाद सापकोटालाई बुझाएको प्रतिवेदन सङ्घीय संसदले आवश्यक कार्यान्वयनका लागि साउन ८ गते सरकारलाई पठायो।

कोरोना सङ्क्रमितको निःशुल्क उपचार नगर्ने भनी नेपाल सरकारले २०७७ असोज १९ गते गरेको[१७] निर्णयप्रति प्रतिनिधिसभाको मानव अधिकार तथा कानुन समितिले आपत्ति जनायो। स्वास्थ्य मन्त्रालयले कोरोना सङ्क्रमितको उपचार खर्च बिरामीले ब्यहोर्नुपर्ने, होम आइसोलेसनमा मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन परिवार आफैँ गर्नुपर्ने निर्णय सार्वजनिक गरेको थियो। समितिले संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको सुनिश्चित गरेको स्मरण गरायो।[१८]

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले उखु किसानले चिनी उद्योगबाट पाउन बाँकी रकम एक साताभित्र भुक्तानीको व्यवस्था मिलाउन सरकारलाई निर्देशन दियो। समितिको बैठकले देशभरका श्रमिकहरूले पारिश्रमिक पाए नपाएको सम्बन्धमा अनुगमन र कारबाही गरी १५ दिन भित्रमा समितिमा प्रतिवेदन पेश गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन समेत दिएको थियो।[१९]

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले दिएको निर्देशन विपरीत मन्त्रिपरिषद्ले नेपाल प्रहरीको अतिरिक्त महानिरीक्षकमा विश्वराज पोखेललाई बढुवा गर्ने निर्णय गऱ्यो। संसदीय व्यवस्थामा संसदीय समितिले दिएको निर्देशन सरकारले कार्यान्वयन गर्ने गर्छ। समिति सभापति शशी श्रेष्ठले संविधानले व्यवस्था गरेको सङ्घीय संरचना विपरीत हुने गरी प्रहरीमा पद सिर्जना गरिएको भन्दै कार्यान्वयन नगर्न निर्देशन दिएकी थिइन्।[२०] समितिले संविधानले व्यवस्था गरेको सङ्घीय संरचना विपरीत उपत्यकाका तीन जिल्लालाई बागमती प्रदेशबाट अलग्याउने गरी अध्यादेशमा भएको प्रावधान र सम्बन्धित मन्त्रालयबाट प्रहरी अतिरिक्त महानिरीक्षकको पद सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन तथा प्रस्तुत प्रस्तावमा समेत समावेश नभएको अवस्थामा मुलुकको समग्र प्रहरी सङ्गठनको सञ्चालनमा दुरगामी रूपमा प्रतिकुल असर

१६. https://deshsanchar.com/2020/10/20/429501/
१७. https://www.bbc.com/nepali/news-54597721
१८. https://deshsanchar.com/2020/10/20/429501/
१९. https://www.onlinekhabar.com/2020/12/914160
२०. संसदीय समितिको निर्देशन २४ घण्टा नबित्दै अवज्ञा (baahrakhari.com)

पर्ने गरी प्रहरी अतिरिक्त महानिरीक्षकको पद सृजना गर्ने विषय संविधान, कानुन, विधि र प्रक्रिया विपरीत भएकोले हाललाई उक्त प्रहरी अतिरिक्त महानिरीक्षकको पदको नियुक्ति कार्य कार्यान्वयन नगर्न नगराउन नेपाल सरकार, गृहमन्त्रालय तथा प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिने समितिको निर्णय थियो।[३१]

संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले विभिन्न सात ओटा सर्तमा मात्र वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउन सरकारलाई निर्देशन दियो । नेपालबाट घरेलु कामदार लान चाहने देशमा घरेलु कामदारको सेवा, सर्त र सुविधा सम्बन्धमा छुट्टै र ठोस कानुनी व्यवस्था रहेको हुनुपर्ने समितिको पहिलो सर्त छ।[३२]

श्रम सम्झौतामा कामदारको आधारभूत श्रम अधिकार (पारिश्रमिक, विदा, सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यघण्टा, बिमा, अतिरिक्त कामको थप सुविधाको सुनिश्चितता भएको हुनुपर्ने दोस्रो सर्त छ।

तेस्रो सर्तमा कामदारले भोग्नसक्ने समस्या र समाधानको बलियो र प्रभावकारी द्विपक्षीय संयन्त्रको व्यवस्था गरिनुपर्ने भनिएको छ । चौथोमा घरेलु कामदारका रूपमा जानेले तालिम लिएको हुनुपर्ने, सम्बन्धित मुलुकको भाषामा संवाद गर्न सक्ने, परम्परा, संस्कृति र संस्कारको आधारभूत जानकारी हासिल गरेको हुनुपर्ने उल्लेख छ।

पाँचौ सर्तकारूपमा समितिले सम्बन्धित देशका र नेपाली कामदारका बीचमा समान काममा समान व्यवहार हुने विषयको पनि सुनिश्चितता खोजेको छ। सम्बन्धित देशमा पुगेपछि काम सुरु गर्नुअघि अनिवार्य तालिम दिने व्यवस्था हुनुपर्ने विषयलाई पनि समितिले समावेश गरेको छ।[३३] घरेलु श्रमिकमाथि शारीरिक र मानसिक तथा यौनजन्य हिंसा गर्ने स्पोन्सर, मालिक वा परिवारको सदस्यलाई कारबाही गर्ने कानुनी व्यवस्था भएको हुनुपर्ने छैठौं सर्त छ भने सातौँमा घरेलु कामदारले सहज तरिकाले परिवार र दुतावासमा सम्पर्क गर्न सक्ने व्यवस्था भएको हुनुपर्ने भनिएको छ। २०७२ सालमा संसदको तत्कालिन अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले घरेलु कामदारको रूपमा वैदेशिक रोजगारीमा पठाउने ठोस कानुन नबनेसम्म घरेलु कामदार पठाउन रोक लगाउन निर्देशन दिएको थियो।

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिले कोरोना नियन्त्रण, सरकारको काम कारबाहीको अनुगमगन गर्न गठित उपसमितिले पीसीआर परीक्षणदेखि सङ्क्रमितको खाना व्यवस्थापमा सरकारको कमजोरी रहेको निष्कर्ष निकाल्यो। सत्तारूढ नेकपाका सांसद जीवनराम श्रेष्ठको संयोजकत्वमा गठित

**संसदीय समितिहरू**

| क्र.सं. | समितिगत क्र.सं. | प्रतिनिधि सभातर्फ |
|---|---|---|
| १ | १ | अर्थ समिति |
| २ | २ | अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ३ | ३ | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समिति |
| ४ | ४ | कानुन, न्याय तथा मानव अधिकार समिति |
| ५ | ५ | शिक्षा तथा स्वास्थ्य समिति |
| ६ | ६ | सार्वजनिक लेखा समिति |
| ७ | ७ | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति |
| ८ | ८ | महिला तथा सामाजिक समिति |
| ९ | ९ | राज्य व्यवस्था तथा सुशासन समिति |
| १० | १० | विकास तथा प्रविधि समिति |
| | | **राष्ट्रिय सभातर्फ** |
| ११ | १ | दिगो विकास तथा सुशासन समिति |
| १२ | २ | विधायन व्यवस्थापन समिति |
| १३ | ३ | प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति |
| | | **संयुक्त समितितर्फ** |
| १४ | १ | राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन समिति |
| १५ | २ | अनुगमन तथा मूल्याङ्कन समिति |

३१. https://www.onlinekhabar.com/2020/12/914160
३२. https://baahrakhari.com/feed-detail.php?nid=300767
३३. https://baahrakhari.com/feed-detail.php?nid=300767

उपसमितिले स्थलतगत अनुगमन र छलफलबाट आएका तथ्यको आधारमा कोरोना नियन्त्रण गर्नका लागि सरकारी कमजोरी सुधार गर्न १७ बुँदे सुझाव दिएको छ । काठमाडौं उपत्यकामा एकीकृत आइसोलेशन बनाउन मन्त्रिपरिषद्ले गरेको निर्णयसमेत कार्यान्वयनमा ढिलाइ गर्दा सङ्क्रमित घरमै बस्नु परेको समितिले जनायो।

संसदीय समितिको उपमितिले पीसीआर रिपोर्ट दिन ढिलाइ गरेको, तत्काल रिपोर्ट दिन देशभरको ल्याबलाई एकीकृत समन्वय नभएको, आइसोलेशन सञ्चालन गर्न सरकारले अनुमति दिँदा सङ्क्रमितलाई के खुवाउने भन्ने मेनु समेत दिन नसकेको, क्वारेण्टाइनमा राख्नेलाई खाना खुवाउन न्यून रकम उपलब्ध गराएको ठहर गऱ्यो।

सरकारले कोरोना सङ्क्रमितको उपचारमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी लगायतको जोखिम भत्ता उपलब्ध नगराएको समेत उपसमितिले प्रतिवेदनमा औंल्यायो। कोरोना अस्पतालमा आइसीयू र भेण्टिलेटरमा दक्ष जनशक्तिको व्यवस्थापनमा पनि सरकार चुकेको उपसमितिको प्रतिवेदनले देखायो।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले कोरोना सङक्रमण देखिएका कारागारका सम्पूर्ण व्यक्तिको पीसीआर परीक्षण गर्न गृह मन्त्रलायलाई निर्देशन दियो । भदौ १४ गते बसेको समितिको भर्चुअल बैठकले हालसम्म कोरोना पोजेटिभ देखिएका कारागारहरूमा रहेका सबै कैदी/बन्दीहरूको पीसीआर र परीक्षण गर्न निर्देशन दिएको थियो । कारागारभित्रका कैदी/बन्दीको अन्तर्राष्ट्रिय स्वास्थ्य मापदण्ड अनुसारको व्यवस्था मिलाउनुपर्छ, समितिको निर्देशनमा भनिएको छ, कोभिड-१९ सङ्क्रमण देखिएका सबै कैदी/बन्दीको पीसीआर परीक्षणको व्यवस्था मिलाउन गृह मन्त्रालयलाई समिति निर्देशन दिन्छ। कारागारभित्र रहेका व्यक्ति बाहिर जाने अवस्था नभएकाले गम्भीर मानवीय संवेदनासँग जोडिएको विषयमा सचेत रहन समेत समितिले निर्देशन दिएको समिति सभापति शशी श्रेष्ठले बताइन्।[३४]

संसदको महिला तथा सामाजिक समितिले एसिडको बिक्री वितरणलाई नियन्त्रण तथा व्यवस्थित गर्न र दण्ड सजाय परिमार्जन गर्न सरकारलाई निर्देशन दियो। साउन १९ गते समितिले सरोकारवाला निकायहरू बीच गरेको छलफलपछि समितिले एसिड आक्रमण नरोकिएको भन्दै त्यसको बिक्री वितरणलाई नियमन गर्न निर्देशन दिएको हो । समितिले एसिड खरिदकर्ताको विस्तृत विवरण अनिवार्य रूपमा अभिलेखिकरण गर्ने कार्य गर्न गृहमन्त्रालयलाई निर्देशन दिएको हो । त्यस्तै एसिड आक्रमण सम्बन्धी कानुनी व्यवस्था र दण्ड सजायलाई समय सापेक्ष परिमार्जन गर्न आवश्यक देखिएको समितिले ठहर गऱ्यो । विद्यमान कानुनमा आवश्यक संशोधन गर्ने कार्यलाई तत्काल अगाडि बढाउन समितिले सरकारलाई भन्यो[३५]।

यस्तै समितिले पीडितहरूको शारीरिक, मानसिक एवम् भावनात्मक आघातलाई सम्बोधन गर्न, प्रभावकारी औषधि उपचारको अनिवार्य व्यवस्था तत्काल मिलाउन, कानुनी सहायता तथा मनोपरामर्श प्रदान गर्न समितिले मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोगलाई निर्देशन दियो।

समितिले राष्ट्रिय महिला आयोगका सचिव, गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बद्ध पदाधिकारी एवम् एसिड आक्रमणमा घाइते भएका पीडितहरूसँग साउन १९ गते छलफल गरेको थियो।[३६]

कोरोना भाइरस (कोभिड १९) को जोखिम न्यूनीकरणका लागि गरिएको बन्दाबन्दीमा विदेशीमा अलपत्र परेका एवम् रोजगारी गुमाएका नागरिकलाई ल्याउनका लागि तत्काल पूर्वतयारी थाल्न संसदीय समितिले सरकारको ध्यानाकर्षण गरायो । प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिको वैशाख २३ गते बसेको बैठकले विदेशमा रहेका नेपालीलाई सरकारले ल्याउँदैन भन्न नपाउने भन्दै तत्काल पूर्वतयारी थाल्न सरकारलाई निर्देशन दिएको हो।

भारतमा रोजगारीका क्रममा गएका र कोरोनाका कारण समस्यामा परेका नागरिकलाई पनि उद्धारको तयारी गर्न समितिले सरकारको ध्यानाकर्षण गराएको छ। समितिले विदेशमा रहेका नागरिकको व्यवस्थापन र दीर्घकालीन योजना तयार पार्न निर्देशन दिएको हो।

समितिले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निजी अस्पतालमा उपचारको व्यवस्था गराउन ध्यानाकर्षण गरायो।[३७]

३४. www.inseconline.org
३५. www.inseconline.org
३६. http://inseconline.org
३७. http://inseconline.org

**संसदीय सुनुवाइ समिति**

कार्यकारिणीले सार्वजनिक महत्त्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिहरू तथा पदाधिकारीहरूको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही तुल्याउने लोकतान्त्रिक प्रकृया संसदीय सुनुवाइ हो। नेपालको संविधानको धारा २९२ को उपधारा (१) मा संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदुतको पदमा नियुक्ति हुनु अघि सङ्घीय कानुन बमोजिम संसदीय सुनुवाइ हुने छ भन्ने व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (२) मा उपधारा (१) को प्रयोजनका लागि सङ्घीय संसदका दुवै सदनका सदस्यहरू रहने गरी सङ्घीय कानुन बमोजिम १५ सदस्यीय एक संयुक्त समिति गठन गरिने प्रावधान छ।[२८]

यसैगरी सोही धाराको उपधारा (३) मा उपधारा (२) बमोजिमको गठित संयुक्त समितमा रहने सदस्यले सङ्घीय संसदको उक्त कार्यकालभर सर्वोच्च अदालतमा उपस्थित भइ बहस पैरवी गर्न नपाउने प्रावधान राखिएको छ। नेपाली संसद्मा केही वर्षदेखि प्रयोगमा आएको संसदीय सुनुवाइको व्यवस्थाले पनि मानव अधिकारको संरक्षण र संवर्द्धन कार्यमा सकारात्मक योगदान पुऱ्याएको देख्न सकिन्छ। वर्तमान संविधान (२०७२) मा व्यवस्था भएअनुरूप राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीलगायतका संवैधानिक निकायमा पदाधिकारी नियुक्ति गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई संसदीय सुनुवाइमा पेस गरिने प्रचलनले उनीहरूलाई जनताप्रति जिम्मेवार बनाउने र मानव अधिकार उल्लङ्घनकर्तालाई त्यस्ता सार्वजनिक पदहरूमा नियुक्त नगर्ने दिशामा सिद्धान्ततः ठोस योगदान पुऱ्याउने विश्वास लिइएको छ। यसवर्ष जनवादी गणतन्त्र चीनका लागि आवासीय एवं प्रजातान्त्रिक जनगणतन्त्र कोरिया र मङ्गोलियाका लागि गैरआवासीय राजदुत पदमा महेन्द्रबहादुर पाण्डे, डा. युवराज खतिवडा संयुक्त राज्य अमेरिका,लोकदर्शन रेग्मी संयुक्त अधिराज्य र निर्मलकुमार विश्वकर्मा, दक्षिण अफ्रिकाका लागि राजदूत सिफारिस भएकोमा सुनुवाइ समितिले सबैको नाम अनुमोदन गऱ्यो।

**सांसद विकास कोष**

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको जनतालेजति नै विरोध गरे पनि सरकारले यो कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दियो। प्रत्यक्ष निर्वाचित सांसदले ४ करोड रुपियाँको दरले पाउने यो कार्यक्रमका लागि सरकारले ६ अर्ब ६० करोड विनियोजन गऱ्यो। सङ्घीय सरकारले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमका लागि बजेट छुट्याए जस्तै प्रदेश सरकारहरूले पनि प्रदेशसभा सांसदलाई रकम दिने गरेका छन्। तर, नेपालको कानुनमा कुनै व्यवस्था नभएको कार्यक्रमका लागि ६ अरब ६० करोड रुपियाँ विनियोजित गरियो। संसदमा प्रमुख विपक्षी दल नेपाली कांग्रेसले यो कार्यक्रम बन्द गर्न सरकारसँग माग गऱ्यो। तर,[२९] उसले आफ्ना सांसदले यो रकम नलिने जनाएन। बरु कोरोना महामारीका कारण विकास निर्माणका काम अवरुद्ध भएकाले विनियोजित बजेट कोरोना नियन्त्रणमा खर्च गर्नुपर्ने माग पनि उठेको थियो।[३०] सांसद् विकास कोषको रकम दुरुपयोग हुने गरेको, कार्यकर्ताको हितका लागि खर्च हुने गरेको तथा जनजीविकाको सवालमा यसले खासै योगदान नगरेको आरोप विगतका वर्षझैं यसवर्ष पनि रह्यो।

**अध्यादेशहरू**

नेकपा भित्रको आन्तरिक खिचलोबिच २०७७ असार १८ मा सरकारले संसद अधिवेशन अन्त्य गरी विभिन्न समयमा अध्यादेशहरू जारी गऱ्यो। सरकारले २०७७ वैशाख ८ गते दल त्याग र संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेकोमा विवादका बीच अध्यादेश फिर्ता लिएको थियो। राष्ट्रपति विद्यादेवी भण्डारीले २०७७ असोज १२ गते तीन अध्यादेश जारी गरिन्। तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश २०७७, फौजदारी कसूर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश २०७७, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरीवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश २०७७ जारी गरेकी थिइन्।[३१]

सरकारले तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश २०७७ जारी गरेको छ। एसिड आक्रमणका पीडकहरूमाथि कडा कारबाही गर्न

२८. https://hr.parliament.gov.np/np/#
२९. www.ekagj.com
३०. https://www.onlinekhabar.com/2020/04/854557
३१. https://ekagaj.com/article/editorial/1568

भन्दै तयार गरिएको अध्यादेश असोज १२ गते राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरिन् । तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेशमा तेजाब बिक्री वितरणमा अनुमति लिनुपर्नेलगायत प्रावधान राखिएको छ । त्यस्तै फौजदारी कसूर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेशमा तेजाब आक्रमण गर्नेलाई विगतको भन्दा कडा सजायको व्यवस्था गरिएको छ । अब अनुहारमा तेजाब आक्रमण गरेमा २० वर्षसम्म कैद सजाय हुनेछ । त्यस्तै पीडितलाई पीडककै ज्यायजेथा मार्फत १० लाख क्षतिपूर्ति दिलाउने व्यवस्था गरिएको छ । यस्तै एसिड बिक्री वितरण गर्न अब जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने व्यवस्था समेत गरिएको छ ।

अध्यादेश जारी भएपछि एसिड आक्रमणबाट पीडित पर्साकी मुस्कान खातुनले सरकारले ल्याएको कानुनले आफूहरू जस्ता पीडितहरूलाई न्याय हुने र यस्ता जघन्य आक्रमणका घटनाहरू नियन्त्रण हुने आशा पलाएको बताइन् ।[३१] २०७७ पुस ५ गते संसद् विघटन भएपछि सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गऱ्यो । अध्यादेश जारी भएलगत्तै सरकारले लामो समयदेखि रिक्त संवैधानिक आयोगहरूमा ४५ जनालाई नियुक्त गऱ्यो । अध्यादेश विरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ । संवैधानिक निकायमा भएका नियुक्तिको ४५ दिनभित्र संसदीय सुनुवाइ गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ । संसद नरहेको अवस्थामा नियुक्तिका बारेमा के हुने हो कुनै टुंगो लागेन ।

### प्रदेश व्यवस्थापिकाले पारित गरेका केही उल्लेख्य विधेयकहरू

नेपालको संविधानको धारा १७५ मा प्रदेश व्यवस्थापिकाको व्यवस्था छ । प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुनेछ जसलाई प्रदेश सभा भनिने उल्लेख छ । बागमती प्रदेशले यस वर्ष विनियोजन, आर्थिक विधेयक र सवारी तथा यातायात विधेयक पारित गऱ्यो । यसवर्ष सुदूरपश्चिम प्रदेश व्यस्थापिकाले १६ ओटा ऐन र २५ ओटा विधेयक पारित गऱ्यो पारित भएका ऐन र विधेयकहरुलाई सुदुरपश्चिम प्रदेश प्रमुख शर्मिला पन्तबाट प्रमाणीकरण गरिएको छ । लुम्बिनी प्रदेशसभाले करिब ३ महिनाको अवधिमा ५८ वटा विद्येयक पारित गरेको छ । प्रदेशसभाको पारित भएका सबै विद्येयक प्रमाणिकरण समेत भइसकेको छ ।

### निष्कर्ष

विधि, प्रक्रिया तथा सत्तारूढ राजनीतिक दलभित्रको खिचलोका कारण यो वर्ष संसदका काम कारबाही प्रभावकारी हुन सकेनन् । संसदमा उठेको विषयले महत्त्व नपाउने र उठेका विषयको सम्बोधन भएनन् । बरु संसद् छलेर अध्यादेश ल्याउने कार्यले प्रश्रय पायो । लामो समयदेखि विचाराधीन अवस्थामा रहेका विधेयकहरू अलपत्र नै रहे । संसद्मा रहेको मानव अधिकार आयोगसम्बन्धी विधेयक, मिडिया काउन्सिलसम्बन्धी विधेयक जसउपर व्यापक विरोधका स्वर सुनिएका थिए तिनका बारेमा संसद्मा छलफल नै हुन पाएन । संसदमा हुने न्यून उपस्थिति, सांसद् विकास कोष, लामो समयसम्मको अवरोधजस्ता विषय यो वर्ष पनि आलोच्य रह्यो । संसदीय समितिहरूले निर्देशन दिने तर सम्बन्धित निकायले त्यसको परिपालना नगर्ने परिपाटी कायम रहँदा संसदीय समितिहरूले गरेका निर्देशन र निर्णयहरूको औचित्य माथि प्रश्न चिन्ह उठ्यो । उपसभामुख बिना एक वर्ष संसदका गतिविधि भए ।

पाँच वर्षका लागि निर्वाचित संसद २०७७ पुस ५ गते विघटन गरियो । जसरी २०४८ सालपछिका संसद् राजनीतिक दाउपेचको शिकार भएका थिए यसपटक पनि यही नियति दोहोरियो । विगतका गल्ती नदोहोरियोस् भनी नेपालको संविधानमा संसदको आयु पाँच वर्षको हुने व्यवस्था गरिएको भनी संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङले केही समयअघि बोलेको भिडियो सार्वजनिक भयो । संसद् विघटनलाई केही राजनीतिक दल तथा प्रवुद्ध व्यक्तित्वले संवैधानिक 'कू' को संज्ञा दिए । संसद् विघटनलाई प्रधानमन्त्रीको राजनीतिक अधिकारका रूपमा व्याख्या गर्नेहरू पनि थिए । अदालतमा विचाराधीन विषयमा बोल्न हुने वा नहुने भनी नेपाली कांग्रेसमा दुईमत देखा पऱ्यो । लोकतन्त्रमा संसद् विघटन र ताजा जनादेशको विषय सामान्य नै हुने भए पनि विगतका विकृतिबाट वाक्क भएका नेपाली जनतामा तोकिएकै समयमा निर्वाचन हुन्छ की हुँदैन वा भए पनि यसले स्थिरता ल्याउँछ की ल्याउँदैन भन्ने विषय प्रमुख चासोका रूपमा रह्यो ।

३१. http://inseconline.org

परिच्छेद ३

# ३.१ पूर्ण कार्यान्वयन भएन श्रम ऐन : चिया श्रमिकका समस्या ज्युँका त्युँ

**पृष्ठभूमि**

नेपाल सरकारले २०७४ साउन १ गतेदेखि लागू हुने गरी श्रम ऐन जारी गरेपछि सङ्गठित वा असङ्गठित श्रमिकहरूको न्यूनतम ज्याला र सामाजिक सुरक्षाका विषयहरू कार्यान्वयनमा आउने र श्रमिकले न्यूनतम ज्याला पाउने अपेक्षा गरिएको थियो। संविधानको धारा ३४ मा श्रमको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएपछि पारिश्रमिक र सामाजिक सुरक्षासँग जोडिएका समस्याहरू हल भएर जाने आसा थियो। संविधानले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने गर्ने कामदार वा मजदुरलाई श्रमिकका रूपमा परिभाषित गऱ्यो। प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई संविधानले श्रमको हकमा सम्बोधन गऱ्यो। श्रमको मूल्य र श्रमिकको सामाजिक सुरक्षाका विषयमा कानुन अब्बल भए पनि व्यवहारिक कार्यान्वयन नहुँदा श्रमिकका समस्या ज्युँका त्युँ रहे।

प्रदेश १ को ताप्लेजुङ, संखुवासभा, भोजपुर, धनकुटा, तेह्थुम, पाँचथर, इलाम, झापा र मोरङमा चिया खेतीमा आबद्ध श्रमिकहरूको अवस्थामा उस्तै छ। नेपालमा हाल १२ हजार ६६ हेक्टरमा जमिनमा चियाखेती हुन्छ। नेपालमा हाल ९ हजार २ सय ३६ ओटा चिया बगान छन्। चियाको बगान र किसानको संलग्नता अनुसार इलाम सबैभन्दा अगाडि छ। इलाममा ५ हजार ५ सय ९८ चिया बगान छन्। झापामा १ हजार ६ सय १ ओटा चिया बगान छन्। पाँचथरमा सात सय ७२ ओटा बगानले ६ सय ७४ हेक्टर क्षेत्रफल ओगटेको छ।

श्रमिकका समस्या हल गर्न सरकारले न्यूनतम पारिश्रमिक तोकी श्रम ऐन जारी गरे पनि त्यसलाई चिया उद्योगीहरूले कार्यान्वयनमा नल्याउँदा चिया श्रमिकका समस्या आज पनि उस्तै छन्। सरकारले साउन १ देखि लागू गर्न लागेको श्रम ऐन २०७४ एक पक्षीय भएको भन्दै चिया उद्योगीले श्रम ऐनमा व्यवस्था भए अनुसार चिया श्रमिकलाई पारिश्रमिक भुक्तानी गर्न नसक्ने जनाएपछि चिया श्रमिकका समस्या हल हुन सकेको छैन। ऐन लागू भए प्रत्येक वर्ष एक जना कामदार बराबर ३५ प्रतिशत भार थपिने भएपछि चिया उद्योगी श्रम ऐनको विरोधमा छन्। श्रम ऐन २०७४ लागू हुनुअघि स्थायी कामदारलाई दैनिक २ सय ७८ रुपियाँ ज्यालासहित ५ प्रतिशत सञ्चयकोष, ५ प्रतिशत उपदान, १३ दिन सार्वजनिक बिदा, १२ दिन घर बिदा, साढे सात दिन बिरामी बिदा र २६ दिनको बोनस गरी वार्षिक १ लाख ८ हजार ३ सय रुपियाँ चिया उद्योगीहरूले चिया श्रमिकलाई भुक्तानी गर्दै आएका थिए।

ऐन लागू भएपछि स्थायी, अस्थायी, मौसमी वा एक दिन काम गरेको मजदुरलाई पनि त्यही ज्यालासँगै १० प्रतिशत सञ्चयकोष, ८ दशवमल ३३ प्रतिशत उपदान, १ दशमलव ६७ प्रतिशत बीमा, सार्वजनिक बिदा १४ दिन, १८ दिन घर बिदा, बिरामी बिदा १२ दिन र बोनस २६ दिनको गरी वार्षिक १ लाख १९ हजार ५ सय ४० रुपियाँ भुक्तानी रुपैयाँ दिनुपर्ने व्यवस्था श्रम ऐनले गरेको छ। सरकारले चिया श्रम नियमावली, २०५० लाई खारेज गर्दै २०७४ भदौ १९ गतेदेखि श्रम ऐन लागू गरेको थियो। यो ऐनलाई सरकारले २०७५/७६ को बजेट भाषणमार्फत चिया उद्योगको क्षेत्रमा पनि लागू गरे पनि व्यवहारिक कार्यान्वयनका लागि उद्योगी र सरकार संवेदनशील नहुँदा चिया श्रमिक न्यूनतम श्रमबाट आजका दिनमा समेत वञ्चित भइरहेका छन्। संविधान प्रदत्त श्रमको हकमा श्रमिकलाई श्रमबापत उचित पारिश्रमिक र सामाजिक सुरक्षाको हक हुने व्यवस्था कार्यान्वयन नहुँदा मौलिक हकबाट श्रमिकहरू वञ्चित हुनुपरेको अवस्था छ।

**चिया श्रमिक र पारिश्रमिक**

श्रम ऐन २०७४ ले गरेको व्यवस्थाअनुसार चिया श्रमिकलाई अन्य सुविधा दिइएको छैन। दैनिक ज्यालाबाहेक तोकिएको अतिरिक्त सुविधा, श्रमिकको बीमा, दुर्घटना बीमा, स्वास्थ्योपचारलगायत दर्जनौँ सुविधाबाट श्रमिक पनि वञ्चित छन्। इलाम र झापाका चिया श्रमिकलाई अहिलेसम्म नियुक्ति र सम्झौतापत्रविनै काम लगाइएको पाइन्छ। जब, सरकारले ज्याला र सुविधा बढाउँछ, त्यति नै बेला

श्रमिकलाई साविकको काममा धेरै बोझ थपेर लगाउने गरिएको छ। काम गर्ने नसकेर कतिपय श्रमिकले पेशा परिवर्तन गरेका छन्। तर, श्रमिकले कामबाटै हट्नुपर्ने डरले व्यवस्थापनविरूद्ध न आवाज उठाउन सकेका छन्, न त तुरून्त काम छाडेर अरूतिर जान नै । आधा दशकभन्दा बढी चियाकै स्याहारमा बिताएका मजदुर अहिले पनि उसरी नै बगानमा ढाकर बोकेर चियाका मुना चहारिरहेका छन्। दैनिक काम गरेर आएको ज्यालाले बिहान–बेलुकाको गर्जो टारिरहेका छन्। उनीहरू आफ्नो अधिकारको खोजीभन्दा घरको हातमुख जोर्ने समस्यालाई चाहिँ प्राथमिक ठान्छन्। र, कतिपय श्रमिक बढी ज्याला पाउने लोभ देखाए पनि अन्य काममा जान सकेका छैनन् । उनीहरूले चियाबारीको काम छाड्नेबित्तिकै आफू बसेको छाप्रो (धुरा)समेत छाडनुपर्ने भएकाले उनीहरू अन्य काममा जानबाट बाँधिएका छन्। इलामका सरकारी चिया बगानकै मजदुरले लामो समयसम्म सरकारले तोकेको दरको दैनिक ज्याला पाउन सकेनन्। दैनिक ज्याला कार्यान्वयनका लागि उनीहरूले आन्दोलन गरे।

पछिल्लो समय २०७५ साल साउनमा तोकिएको ज्यालादर लागू नहुँदा मजदुरले ९ महिनासम्म आन्दोलन गरे। आन्दोलनपछि ज्यालादर लागू त भयो तर आन्दोलनमा व्यवस्थापन पक्षसँग भएको सहमतिको मितिदेखि मात्रै। उनीहरूले करिब ९ महिनाको थपिएको ज्याला अहिलेसम्म पनि पाएका छैनन्। ज्याला नपाउँदा र पटक–पटक आन्दोलन गर्दा पनि निकाश ननिस्किएपछि मजदुरहरू आफूले वर्षौंदेखि गरी आएको काममा निराश छन् । कतिपय मजदुर कामै छाडेर अरूतिर रोजगारी गर्न बाध्य भएका छन् । तर, आफूहरूको घर–जग्गा नभएको, चियाबारीकै जमिनमा छाप्रो हालेर बसेको हुनाले चिया बगान व्यवस्थापनले जति रकम दिए पनि चुप लागेर स्वीकार्नुको विकल्प नभएका कारण केही मजदुर भने व्यवस्थापनले आफूखुशी तोकेको सुविधामा चित्त बुझाएर काम गरिरहेका छन्।

**अध्ययनको उद्देश्य**

- चिया मजदुरका लागि राज्यले निर्माण गरेका नीति, कानुन र अख्तियार गरिएका कार्यक्रमको व्यावहारिक कार्यान्वयनबारे जानकारी लिन।
- सरकारी नीति र ऐन कार्यान्वयन नहुँदा चिया श्रमिकमा परेको आर्थिक असरबारे थाहा पाउन।
- चिया बगान व्यवस्थापन पक्ष र सरकारलाई मजदुरका समस्याबारे ध्यानाकर्षण गराउन।

**अध्ययन विधि र सामग्री**

- स्थलगत अवलोकन (मजदुरले काम गर्ने बगान, कारखाना बसोबास गर्ने धुरा आदि)
- अन्तर्वार्ता (मजदुर सङ्गठनहरूका पदाधिकारी, बगान र कारखानाका मजदुर, अधिकारकर्मी, चिया बगान व्यवस्थापन पक्षका प्रतिनिधि आदि)
- स्रोत सामग्री (विभिन्न समयमा प्रकाशित मजदुरसम्बन्धी लेख–रचना, पुस्तक, मजदुरका जीवनकथा, मजदुरले ज्याला लिएर हस्ताक्षर गरेका भरपाई, श्रम ऐन–२०७४, श्रम नियमावली–२०७५, विभिन्न पत्रपत्रिका आदि।
- मजदुरको न्यूनतम पारिश्रमिकबारे जारी भएका राष्ट्रिय–अन्तर्राष्ट्रिय व्यवस्था।
- सरकारले ०७५ मा प्रकाशन गरेको मजदुरको न्यूनतम ज्यालासम्बन्धी राजपत्र।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि।
- नेपालको संविधान २०७२ श्रमको हक र रोजगारीको हक।

**अध्ययनको सीमा**

यो अध्ययन इलामका सरकारी र झापाका निजी स्वामित्वका चिया बगानमा काम गर्ने मजदुरले पाउने मासिक पारिश्रमिक, दैनिक ज्याला र अन्य सुविधा कार्यान्वयनको अवस्थामा केन्द्रित छ । अध्ययनमा मजदुरले अहिले पाइरहेको र सरकारले तोकेको ज्यालादरको अवस्था, उनीहरूलाई लगाइएको कामको स्थिति, सरकारले तोकेको अरू सुविधा पाउन मजदुरले गरेको आन्दोलन र प्रयासलगायत केलाउने प्रयास गरिएको छ। उनीहरूले किन तोकिएको सुविधा पाउन नसकेका हुन् भन्नेबारे बुझ्ने प्रयास गरिएको छ।

**अध्ययनबाट प्राप्त निष्कर्षको प्रस्तुति**

इलाम र झापाका चिया बगानमा कार्यरत श्रमिकले ०७५ साउनदेखि लागू भएको दैनिक ज्यालादर २०७६ जेठदेखि मात्रै पाए। तोकिएको मितिदेखि करिब ९ महिनाको बढेको ज्याला उनीहरूलाई दिइएको छैन। सरकारले ०७५ साउनदेखि लागू हुनेगरी न्यूनतम दैनिक ३ सय ८५ रुपियाँ ज्याला तोकेको थियो। तर, ज्याला

बढेपछि श्रमिकलाई पहिले गर्दै आएकोभन्दा बढी काम लगाइएको छ। श्रमिकले गर्नै नसक्ने गरी कामको भार थपेर हतोत्साही बनाइएको छ । न्यूनतम् ज्याला कार्यान्वयन गरेसँगै बगान व्यवस्थापन पक्षले हातले टिपेको चिया प्रतिश्रमिक दैनिक २२ किलो र सानो मेसिनले टिपेको चिया दैनिक ५० किलो पुऱ्याउनुपर्ने नियम बनाएको छ । यो परिमाण नपुगे न्यूनतम् ज्यालाबाट रकम कटौती गरेरमात्रै दिइँदैछ। तर, श्रमिक भन्छन्– यो त पुऱ्याउनै नसकिने परिमाण हो । मेसिन आउनुअघि एकजनाले एकदिनमा १६ किलो हरियोपत्ती टिप्ने नियम थियो।

व्यवस्थापन पक्षको नयाँ सर्त सुरूआत भएपछि धेरै श्रमिकले तोकिएको चियाको तौल पुऱ्याउनै सकेका छैनन्। तौल नपुग्दा न्यूनतम ज्याला पाउनबाट बञ्चित भएको श्रमिकले बताएका छन्। नयाँ नियम (२०७५ भदौ) लागू भएयता कन्याम बगानका १ सय हाराहारी स्थायी श्रमिकले राजीनामा दिएका छन्। व्यवस्थापनले थपेको कामको भार थेग्न नसकेर उनीहरू राजीनामा दिएर अरू नै व्यवसायमा पलायन भएको श्रमिकले बताएका छन्। बगानको विपक्षमा भएका विषयलाई बाहिर ल्याउँदा श्रमिकहरुले आफ्नो नाम नै खुलाउन मान्दैनन्। सूर्योदय नगरपालिकाका मेयर रणबहादुर राईलाई आफ्ना समस्या सुनाउँदा श्रमिक मैया तामाङलाई कन्याम चियाबगान व्यवस्थापनले नसिहत दियो। र, केही समयपछिमात्रै पुनः काम गर्ने वातावरण बन्यो। 'बगान व्यवस्थापन पक्ष अहिले ज्यादै निर्दयी हिसाबले हामीलाई काममा पेलिरहेको छ', नाम नखुलाउने सर्त राख्दै एक श्रमिकले भने 'हामी आफू मर्कामा परेको कुरा बाहिर ल्याउँदा व्यवस्थापन पक्षबाट उल्टै सरूवा गर्ने, कामबाटै हटाउनेजस्ता धम्की आइहाल्छन् । हामी शोषणमा परेका छौं। तर, यो कामबाट निस्कनुपऱ्यो भने हातमुख जोर्ने अर्को विकल्प नभएरमात्रै बस्नुपरेको हो।'

श्रम ऐन ०७४ ले श्रमिकलाई ४५ दिन बिरामी बिदा दिने व्यवस्था गरे पनि त्यो बिदा सञ्चित गर्न नपाएको अर्का एक श्रमिकले जानकारी दिए । 'वर्षभरीमा १२ दिन बिरामी बिदा पाइन्छ, त्यो बिदामा बस्यो भने बस्यो नत्र सञ्चित गर्न पाइँदैन, कटौती भएर जान्छ', ती श्रमिकले भने, 'लगातार ३० दिन काममा उपस्थित हुन सकिएन भने व्यवस्थापनले स्पष्टीकरण सोधेर सोझै हटाउने गरेको छ, त्यस्ता घटना पनि भएका छन्।' कन्याम चिया बगानमा अहिले ६४ स्थायी र ५० मौसमी गरी १ सय १४ श्रमिक कार्यरत छन्। नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक सङ्घका अध्यक्ष रमेश खड्का भन्छन्, 'हामीले बोलेको भाषा नै नबुझ्ने व्यक्ति बगान र कारखानाको प्रबन्धक बनाइएको छ, उहाँले दिएको आदेश हामीले पालना गर्नुको विकल्प छैन।' श्रम ऐन २०७४ ले श्रमिकलाई कामको जिम्मेवारी दिँदा उसले बुझ्ने भाषामा दिनुपर्ने व्यवस्था गरेको छ। बिहान ८ देखि बेलुका ५ बजेसम्म काम गर्दा पनि न्यूनतम ज्याला पाउन नसकेको उनले बताए । 'हरियो पत्ती टिप्दा तोकिएको परिमाण पुगेन भने हाम्रो दैनिक ज्याला कट्टी हुन्छ', उनले भने, 'तोकिएको परिमाण त कसैले पनि पुऱ्याउन सक्दैन । सधैं हाम्रो न्यूनतम् ज्याला कटौती भइरहेको छ।' व्यवस्थापन पक्षले काममा लगाएका श्रमिकलाई ऐनले तोकेअनुसार नियुक्तिपत्रसमेत दिएको छैन।

इलाम र झापामा रहेका अधिकांश चिया बगानमा मेसिनले चिया टिप्दा प्रत्येक श्रमिकले दिनमा ५० किलो नपुऱ्याए नपुगेको परिमाण (किलो)ले न्यूनतम् ज्यालालाई भाग लगाउँदा कति अङ्क आउँछ त्यति नै हिसाब कटौती गर्ने गरिएको खड्काले बताए। ५० किलो टिप्नुपर्नेमा ४० किलोमात्रै टिपिएको छ भने (रु. ३८५/५०) ले हुन आउने रकम (७.७ रुपियाँ) प्रतिकिलोमै कटौती हुन्छ। यसो गर्दा ४० किलो टिप्ने मजदुरको दैनिक ७० रुपैयाँ ज्याला कटौती हुन्छ । खड्काले भने, 'न्यूनतम् ज्याला दिने भनेर के गर्नु, परिमाण नपुगेपछि त्यो ज्याला पाउने कुरा भएन।'

अहिलेसम्म दैनिक न्यूनतम ज्याला थाप्नेको सङ्ख्या १० प्रतिशतजति मात्रै हुन्छ। महिलाले चाहिँ मेसिन चलाउन निकै सङ्घर्ष गर्नुपर्ने देखिएको अर्का श्रमिक उमेश रेग्मीले बताए। 'ठूलो भएकाले अलि बलियो मान्छेले मात्रै चलाउनसक्ने मेसिन छ', रेग्मीले भने, 'मेसिन दिनभर चलाउन नसकेर पनि परिमाण पुऱ्याउन धौधौ परेको हो।' आफूहरूले २०७७ सालको चाडबाड खर्च पाए पनि २०७६ सालको चाहिँ नपाएको श्रमिकले बताए।

सरकारी स्वामित्वमा रहेका कन्यामसहित इलाम, सोक्तिम, चिलिमकोट, झापाका बर्ने, टोकला र बाह्रदर्शी गरी सात चिया बगानलाई नेपाल सरकारले ०५७ सालमा ५० वर्षका लागि त्रिवेणी संघाई समूहलाई लिजमा दिएको थियो। पटक-पटक सेवासुविधा माग गर्दा पनि माग पूरा नभएपछि श्रमिकले आन्दोलन गरे। तर, पनि भनेजस्तो गरी समस्या समाधान भएन । बगानमा काम गर्न नसकेपछि सरकारी बगान निजी क्षेत्रलाई लिजमा दिनुअघि कन्याम बगानमा ४ सय ७३ मजदुर रहेकामा धेरैले राजीनामा दिए। थोरैको चाहिँ

अवकाश भयो। अहिले यो बगानमा ११ पुरुषसहित ६५ मजदुरमात्रै स्थायी छन्।

इलाम चिया बगानमा पनि सरकारी व्यवस्थापनमा हुञ्जेल १ सय स्थायी मजदुर रहेकामा अहिले २२ जनामात्रै छन्। इलाम चिया बगानकी श्रमिक सरस्वती चौलागाईं भन्छन्, 'केही साथीहरू (मजदुर)को अनिवार्य अवकाश भयो तर धेरैले चाहिँ काम गर्न नसकेर राजीनामा दिएर अन्तै जानुभयो।'

अर्कातिर, चियाको टिपाइ र कटाइका लागि बगानमा प्रयोग हुने मेसिन बर्खामा पानीले बिग्रिने भएकाले पनि श्रमिकलाई कामको जोखिम बढेको छ। मेसिन चलिरहेका बेला पानी पऱ्यो भने करेन्ट लाग्ने, मेसिनले काम नगर्नेजस्ता समस्याले पनि हामीलाई समस्या पारिरहेको छ', कन्याम चिया बगानकी श्रमिक गोमा प्रधानले भनिन्, 'बेला–बेला त यो मेसिनले गम्भीर घाइते नै बनाउँछ किजस्तो हुन्छ।' अर्की श्रमिक लीला थापाले महिलाले मेसिन चलाउन निकै बल गर्नुपरेको सुनाइन्।

श्रम ऐन–२०७४ ले श्रमिकको सामान्य चोटपटक लाग्दाको उपचार पनि व्यवस्थापन पक्षले नै गर्नुपर्ने व्यवस्था गरेको छ। त्यतिमात्र होइन, श्रमिकको कम्तीमा वार्षिक १ लाख रुपैयाँको औषधि–उपचार बिमा र कम्तीमा ७ लाख रुपैयाँको दुर्घटना बिमासमेत गर्नुपर्ने व्यवस्था छ। र, व्यवस्थापन पक्षले श्रमिकसहितको सहभागितामा श्रमिकको सुरक्षा तथा स्वास्थ्य समिति गठन गर्नुपर्ने व्यवस्था छ।

तर, व्यवस्थापनले न बिमाको नियम कार्यान्वयन गरेको छ न सुरक्षा र स्वास्थ्य समिति नै गठन गरेको छ। सामान्य चोटपटक लाग्दा खर्च भएको रकमसमेत नजिकैका मेडिकलहरूमा नतिरिदिँदा आफूहरूलाई समस्या परेको कन्याम चिया बगानका श्रमिकको गुनासो छ। 'काम गर्दा लागेको सामान्य चोटपटकको उपचार खर्च त व्यवस्थापनले बेहोर्छ तर हामी १७ जनाले पोहोरदेखि गराएको यस्तो उपचारको पैसा अहिलेसम्म स्थानीय मेडिकलहरूमा नतिर्दा चाहिँ समस्या छ', श्रमिक खड्काले भनिन्, 'अब केही भइहाले हामीलाई यहाँका मेडिकलले उपचार गरिदिँदैनन्, पुरानो बाँकी तिरेरमात्र उपचार गर्छु भन्न थालेका छन्।'

सरकारले २०७५ साउन ३१ गते प्रकाशित गरेको नेपाल राजपत्रमा चिया बगानका श्रमिकको आधारभूत पारिश्रमिक मासिक ६ हजार ४ सय ६९ रुपियाँ, महँगी भत्ता ४ हजार ३ सय १२ रुपियाँ गरी मासिक १० हजार सात सय ८१ रुपियाँ तोकेको छ। यस्तै, चिया श्रमिकको आधारभूत दैनिक २ सय ३१ र महँगी भत्ता १ सय ५४ रुपियाँ गरी ३ सय ८५ रुपियाँ तोकेको छ। सरकारले चिया श्रमिकको प्रतिघण्टा आधारभूत ज्याला ३१ रुपियाँ र महँगी भत्ता २० रुपियाँ गरी प्रतिघण्टा ५१ रुपियाँ तोकेको छ।

यसबाहेक यो पारिश्रमिकको अतिरिक्त श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र प्रचलित कानुनअनुसार श्रमिकले पाउने सञ्चय कोष र उपदानसमेत दिनुपर्ने व्यवस्था राजपत्रमा छ।

२०६४ सालमा कन्याम चिया बगानका मजदुरले आफ्ना माग पूरा गर्न दबाबस्वरूप बगानको चिया टिपेर आफैं लगे। उनीहरूले आन्दोलन गर्ने क्रममा आफूले टिपेको चिया कारखानामा लैजानुको सट्टा घर लगेपछि पुनरावेदन अदालतमा मुद्दा दायर गरियो। अदालतले मजदुरहरू चिया बगानमा पस्नै नपाउने गरी 'निषेधाज्ञा' जारी गऱ्यो। मजदुर सङ्घ–सङ्गठन, राजनीतिक दल, चियाबगान व्यवस्थापन पक्ष बसेर उनीहरूले पुनः चियाबगानमा काम गर्ने वातावरणका लागि पहल गरेपछि पुनः सहमति भई उनीहरूले काम थाले।

मजदुरले २०६८/०६९ सालतिर मेची राजमार्गको कन्याम खण्डमा कहिले साता, कहिले दुई सातासम्म सडक बन्द गराएका थिए। उनीहरूले दर्जनौँपटक हातमा कालोपट्टी बाँधेर काम गरे भने कारखानाहरूसमेत बन्द गराए। मजदुरले खाइपाइ आएको ज्याला वृद्धि गर्नुपर्ने, २ सय ४० दिन काम गरेका मजदुरलाई अस्थायी र स्थायीको नियुक्ति दिनुपर्ने, कट्टी भएको कर्मचारीको सञ्चयकोष व्यवस्थित गर्नुपर्ने र मजदुरको सार्वजनिक, सुत्केरी बिदाजस्ता कर्मचारीलाई दिइएजस्तो सेवा दिनुपर्नेलगायत माग राखेर २०७० साल साउन २ देखि ९ दिन आन्दोलन गरे। त्यतिबेला सरकारले चिया मजदुरको दैनिक ज्याला १ सय ५८ रुपियाँ तोकेको थियो। २०६८ कात्तिक २१ मा प्रकाशित राजपत्रमा चिया मजदुरको मासिक ज्याला ४ हजार ४ सय २४ रुपियाँ हुने उल्लेख थियो। 'ज्याला कार्यान्वयनको आश्वासनमा उनीहरूले त्यतिबेला आन्दोलन स्थगित गरेका थिए। कति माग कार्यान्वयन भए, कति मागमा त्यसै सहमति जनाउनुपऱ्यो', मजदुर नेता नर्वदा निरौलाले सुनाइन्, 'कतिपय मजदुरबीचमै फाटो आएकाले केही गर्दा नलागेर सुस्ताउन बाध्य भयौं।'

**श्रमिकको अधिकारसम्बन्धी राष्ट्रिय कानुन**

नेपालको संविधान (२०७२) को धारा ३४ मा श्रमको हक उल्लेख छ । यसमा 'प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ' भनिएको छ। प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारिक सामाजिक सुरक्षाको हक हुनेछ । प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले २०६६ मङ्सिरमा प्रकाशन गरेको 'मानव अधिकार शिक्षामाला' का अनुसार भूमिहीन कृषि ज्यालाजीवीहरू कृषि मजदुर हुन् । कृषि क्षेत्रमा आफ्नो श्रम बेचेर जीविकोपार्जन गर्नेहरू, जसलाई माथिको वर्गीकरणअनुरूप चार किसिममा विभाजन गरिएको छ- पूर्वकमैया, बाँधा मजदुरहरू, हली गोठाला-खेतालाहरू, कृषि फर्मका कामदार र कृषि क्षेत्रमा ज्याला गरेर जीवन निर्वाह गर्नेहरू नै कृषि मजदुर हुन्। २०४८ सालको कृषि गणनाले कृषि श्रमिकलाई तीन श्रेणीमा बाँडेको छ। ती हुन् - ज्याला वा तलब प्राप्त गर्ने कृषि मजदुर, आफ्नै खेत वा फर्ममा काम गर्ने कृषि श्रमिक, भुक्तानी नपाउने पारिवारिक श्रमिक।

२०५६ साल पुस २९ मा सरकारले कृषि मजदुरको ज्याला दिनको ६० रुपैयाँ तोकेको थियो। यो ज्याला दैनिक ८ घण्टा काम गर्दाको हो। उनीहरूलाई घण्टाको साढे ७ रुपियाँ ज्याला तोकिएको थियो । त्यसयता विभिन्न समयमा सरकारले कृषि मजदुरको ज्याला दिनको ८०, १ सय, १ सय २०, २ सय गर्दै २ सय ५३ रुपियाँ तोक्यो।

२०७२ माघ १८ को राजपत्रमा चिया बगानमा काम गर्ने कामदारले दैनिक २ सय ५३ रुपियाँ ज्याला पाउने व्यवस्था छ। कारखानाभित्र काम गर्ने कामदार, सरदार, नाइके र चौकीदारलाई त्यसमा दैनिक ३० रुपियाँ भत्ता थप हुने त्यही राजपत्रमा उल्लेख छ। यो व्यवस्था २०७३ साउनदेखि २०७४ असार मसान्तसम्मका लागि हो । त्यही राजपत्रमा २०७२ असार मसान्तसम्मलाई चिया बगानमा काम गर्ने कामदारको मासिक न्यूनतम पारिश्रमिक ६ हजार ३ सय ७५ रुपियाँ तोकिएको थियो। मजदुरको दैनिक ज्याला २ सय २८ रुपियाँ थियो भने कारखानाभित्र काम गर्ने कामदार, सरदार, नाइके र चौकीदारलाई त्यसमा दैनिक ३० रुपियाँ भत्ता थप गर्नुपर्ने व्यवस्था थियो। तर, मासिक पारिश्रमिक पाउनेका लागि भने भत्ता रकम थप्ने व्यवस्था थिएन।

सरकारी चिया बगान निजीकरण भएपछि चिया मजदुर असन्तुष्ट मात्र छैनन्, कामबाटै निरास बन्दैछन्। 'सरकारले तोकेको न्यूनतम् पारिश्रमिक र सामाजिक सुरक्षाको सुविधाबिनै काम गरूँ भन्यो भने छोराछोरीको मुखमा भोलिदेखि माड लाग्दैन', श्रमिक निरौला भन्छिन्, 'सरकारले तोकेको सुविधा लागू गराउन दबाब दियो भने हरेक उपाय लगाएर उसलाई कामबाट हटाउने प्रपञ्च सुरु भइहाल्छ।' नेपाली किसान र मजदुरलाई पनि घरमा खान-लाउन र छोराछोरी स्कुल पठाउन दिनमा कम्तीमा ५-६ सय रुपैयाँ कमाइ आवश्यक पर्ने भन्दै उहाँले त्यो पनि नभए कम्तीमा सरकारले तोकेको ज्यालासम्म दिए केही सहज हुने बताइन् । 'हामीले भनेजति नै दिन नसकेपनि सरकारले तोकेको सुविधासम्म त दिनुपर्‍यो नि !' उनले भनिन्, 'सरकारी नियमसमेत नमान्ने र मजदुरमाथि अन्याय गर्नेहरू यो देशको कानुनभन्दा माथिका हुन् कि जस्तो पो लाग्न थालिसक्यो ।' सरकारले लागू गरेका कानुन, नीति, नियमभन्दा माथि कोही पनि नरहेकाले त्यसलाई लागू गर्न सबै तत्पर हुनुपर्ने कानुन व्यवसायी तारा पराजुली बताउँछिन्। 'अर्काको अधिकार हस्तक्षेप गर्न हुँदैन', उनले भने, 'कसैले अधिकार हस्तक्षेप गरेको छ भने कानुनी बाटोमा जान सकिन्छ।'

चिया बगान व्यवस्थापन पक्ष चाहिँ मजदुरहरूलाई सरकारले तोकेकै ज्याला दिइरहेको दाबी गर्छ। इलाम चिया उद्योगकी प्रबन्धक इन्दिरा गुरुङले 'व्यवस्थापन पक्षले ऐनमा भएका सेवा-सुविधा दिइरहेको दाबी गरिन्। मेसिन प्रयोग गर्न थालेपछि काम त अलि बढ्छ नै तर श्रमिकले गर्न नसक्नेखालको काम लगाएको छैन', उनले भनिन्, 'न्यूनतम् ज्याला दिएका छौं। अरू सुविधाहरू पनि दिइएको छ।' 'चिया बगान व्यवस्थापनको जिम्मा लिएको सांघाई समूह अध्यक्ष सुवास सांघाईले श्रमिकको ज्याला कार्यान्वयन भएको दाबी गरे। न्यूनतम् ज्याला दिएकै छौं', उनले भने, 'अन्य सुविधा पनि दिएका छौं, कुनै सुविधा दिन बाँकी भए बिस्तारै त्यसको व्यवस्थापन हुन्छ। हामी प्रयासरत छौं।'

**निष्कर्ष**

- इलामका कन्याम, इलाम, सोक्तिम र चिलिमकोट चिया बगानका श्रमिक सरकारले तोकेभन्दा कम सुविधामै काम गर्न बाध्य छन् । उनीहरूलाई न्यूनतम् पारिश्रमिक (लागू हुने समयभन्दा निकै पछि भएपनि) दिइएको छ तर ऐनले तोकेको अन्य सुविधा दिइएको छैन। पारिश्रमिक बढेको नयाँ ऐन

लागू हुनासाथ श्रमिकको कामको बोझ बढी बनाइएको छ, जुन बोझ श्रमिकले पूरा गर्न सक्दैनन्, पूरा गर्न नसक्दा दैनिक ज्याला कटौती भइरहेको छ।

- सम्बन्धित पक्षलाई जतिपटक दबाब दिए पनि श्रमिकहरूले ऐनको पूर्ण कार्यान्वयन गराउन सकेका छैनन् । तर, आफ्नो साँझ-बिहानको हातमुख जोर्ने समस्या टार्न उनीहरू यहीँ काम गर्न बाध्य छन् । यहीँ काम गर्न बाध्य हुनुको कारण आफू बसेको चिया बगानकै धुरा पनि हो । चिया बगानको काम छाडेर अन्त जाउँ भने बस्ने घर हुँदैन । सार्वजनिक रूपमा आफ्ना समस्या राख्दा कामबाट हटाउने गरिएको छ।
- चिया बगान व्यवस्थापन पक्षले सरकारले तोकेको सेवा-सुविधा श्रमिकलाई नदिनु नै मुख्य समस्या हो । व्यवस्थापन पक्ष चाहिँ कुनै न कुनै रूपमा श्रमिकमाथिको दायित्वबाट पन्छिन खोजेको देखिन्छ । र, सरकारले पनि आफूले बनाएका नीति-नियमको पूर्ण पालनामा अनुगमन र कडाइ गर्न सकेको छैन। मजदुरहरूको न्यूनतम ज्याला र श्रम ऐन-२०७४ ले तोकेको सुविधा श्रमिकलाई सुनिश्चित गर्न सकेको छैन।

**सुझाव**

- चिया बगान व्यवस्थापन पक्षले श्रमिकको अधिकारसम्बन्धी प्रचलित कानुन कार्यान्वयन गर्नुपर्छ।
- विभिन्न अधिकारकर्मी सङ्घ-संस्था र सञ्चारका माध्यमसमेतले श्रमिकको सुविधा, ऐन-कानुन कार्यान्वयनको अवस्थालगायतबारे सम्बन्धित पक्षको ध्यानाकर्षण गर्नुपर्छ । दबाब सिर्जना गर्नुपर्छ।
- चौतर्फी दबाबकै कारण न्यूनतम् ज्यालाको समस्या करिब-करिब समाधाननजिक पुगे पनि सामाजिक सुरक्षाको सुविधा कार्यान्वयन नभएको देखिएकाले यसप्रति व्यवस्थापन पक्षको ध्यान पुग्न जरुरी छ।
- सरकारहरूले आफ्नो क्षेत्रभित्र भइरहेको कानुन उल्लङ्घनको विषयलाई समाधान गर्न पहल गर्नुपर्छ।
- देशमा बढेको महँगीका आधारमा न्यूनतम् ज्याला निर्धारण गर्नुपर्छ र समयअनुसार, ऐनले तोकेको म्यादअनुसार आवधिक गर्नुपर्छ । सरकारी र गैरसरकारी सङ्घ-संस्थाले न्यूनतम् ज्यालाबारे मजदुरहरूलाई सचेत र शिक्षित गराउन आवश्यक छ। मजदुरको न्यूनतम् ज्यालादर कार्यान्वयन भए-नभएको अनुगमन गर्नुपर्छ । कानुन उल्लङ्घन गर्नेलाई कारबाही गर्नुपर्छ।

परिच्छेद ३

# ३.२ 'बोक्सी' एक कुप्रथा : महिलाविरुद्ध हुने हिंसाको निरन्तरता

**पृष्ठभूमि**

नेपाली बृहत् शब्दकोश २०६७ मा "बोक्सी" शब्दको अर्थ "बोक्सेरो जान्ने वा टुनामुना गर्ने स्त्री, डङ्किनी, डाइनी वा दुष्टा स्त्री"भन्ने उल्लेख छ। नेपाली समाजमा गरिब, दुःखी, एकल महिला, वृद्धा, सामाजिक रूपमा अपहेलित, समाजमा दबिएर बोल्न नसक्नेहरूलाई कथित बोक्सीको आरोप लगाउने गरेको पाइन्छ। तन्त्रशास्त्र तथा शिवपुराणमा पहिचानसहित छुट्टै पहिरन अनि शिवजीका बाजागाजा ढोल ढ्याङ्ग्रो बजाउँदै विभिन्न देवीदेवताको एउटा छुट्टै लय, भाषा र शैलीमा सृष्टि उत्पत्तिदेखिको कथा र गाथा गाउँदै तन्त्रमन्त्रको जपसँगै ढ्याङ्ग्रोको तालमा नाच्दै लौकिक र अलौकिक शक्तिका माध्यमद्वारा विभिन्न रोगको उपचार गर्दै हिँड्ने अनि देवीदेवता, भूतप्रेत, पिचास, डङ्किनी आदि भेद बुझ्नसक्ने साधारण भाषामा भन्नु पर्दा आफ्नो शरीरमा विभिन्न देवीदेवताको आह्वान गरी तिनबाट विशेष कार्य लिन सक्ने स्त्रीलाई बोक्सी भनिन्छ' भनी अर्थ्याइएको पाइन्छ।

'बोक्सी' हुन्छ भन्ने अन्धविश्वास विश्वका हरेक समाजमा अहिले पनि विद्यमान छ। आधुनिक औद्योगिक समाजका तुलनामा पछौटे ग्रामीण समाजमा बोक्सीसम्बन्धी मान्यता र विश्वास प्रवल रहेको देखिन्छ। तथ्यका आधारमा सत्य खोज्नुको साटो ज्ञानको भ्रमपूर्ण परावर्तन् सहित तर्कको अन्त्य भएको समाजमा बोक्सेरोको विश्वास मौलाएको पाइन्छ। जसको परिणाम स्वरूप आर्थिक, पारिवारिक र सामाजिक हैसियतमा कमजोर बन्न पुगेका महिलाहरूमा बोक्सीका नाममा प्रताडित बनाइन्छन्।

महिलाविरुद्ध हुने यस्ता हिंसाको न्यूनीकरण र अन्त्य गर्न राज्यले ऐन कानुनहरू निर्माण गरेको छ। तर, ती ऐन कानुनको प्रभावकारी कार्यान्वय नहुँदा कथित बोक्सीको नाममा महिलामाथि हुने हिंसा रोकिएका छैनन्। पितृसत्तात्मक मनोविज्ञानका कारण महिलामाथि कथित बोक्सीको नाममा हुने हिंसाको पूर्ण उन्मूलनको लागि संवेदनशीलता देखिएन। तसर्थ, उक्त हिंसाको न्यूनीकरण गर्न सरोकारवालाको ध्यानाकर्षण गराउने उद्देश्यका साथ यो अध्ययन गरिएको छ।

**समस्याको विश्लेषण**

गरिबी, अशिक्षा, चेतनाको कमी, परम्परागत धारणा, सामाजिक मूल्य मान्यता, धार्मिक अन्धविश्वासका कारण महिला उपर विभिन्न खालका हिंसा हुने गरेका छन्। ती हिंसाहरू मध्ये एक हो कथित बोक्सीको आरोपमा महिलामाथि हुने हिंसा। बोक्सीको आरोपमा दुर्व्यवहार सहेका सबैको पहुँच कानुनसम्म पुग्दैन। न्यून आर्थिक स्रोत, अशिक्षा, न्यायमा पहुँच नभएका, सामाजिक डरत्रास, असुरक्षा र लोकलाजका कारण पीडितहरू दुर्व्यवहार सहेर बस्न बाध्य हुन्छन्। बोक्सीको आरोपमा महिला उपर कुटपिट, कपाल मुण्डन र अभक्ष कोच्याउने जस्ता हिंसाका घटनाहरू कमी आएको छैन।

**अध्ययनको उद्देश्य**

- अमानवीय कुप्रथा "बोक्सी" को नाममा महिलाउपर हुने मानव अधिकार उल्लङ्घनसम्बन्धी समस्याका सन्दर्भमा केन्द्रित रहेर अध्ययन गर्नु।
- कथित बोक्सीका घटना न्यूनीकरण गर्न बनेका ऐन, कानुन, नीति र नियमको अध्ययन गर्नु यसको कार्यान्वयनका सन्दर्भमा आइपरेका कठिनाइ तथा चुनौतीहरूको विश्लेषण गर्नु।

**अध्ययनको महत्त्व र सान्दर्भिकता**

'बोक्सी' आरोपमा महिलामाथि आफन्त र छरछिमेकबाट विभिन्न प्रकारका हिंसा, यातना र अमानवीय कार्य भए पनि कानुनको कार्यान्वय पक्ष प्रभावकारी देखिँदैन। कानुनमा कसुर र सजायको व्यवस्था छ तर, बोक्सी आरोपित महिलाहरू जनचेतनाको अभाव र कानुनी अज्ञानताका कारण यातना सहन बाध्य हुने गरेको देखिन्छ।

गाउँमा कोही बिरामी भएमा वा उनीहरूको मृत्यु भएमा, चौपाया, पशुपन्छीलाई रोग लागेमा वा मरेमा कुनै बोक्सेरो जान्ने महिलाले भेदेको, टुनामुना गरेको, पुत्ला गाडेको वा तन्त्रमन्त्र गरेको रूपमा लिई छिमेककै कुनै निर्बल महिलालाई बोक्सी भनेर प्रताडित गर्ने गरेको पाइन्छ । समस्याको कारणका आधारमा नभएर अन्धविश्वासका आधारमा गरिने हुँदा यसले महिलामाथि हुने हिंसालाई प्रोत्साहन गरेको छ।

**अध्ययनको सीमा**

यो अध्ययन प्रदेश २ मा केन्द्रित छ । अन्धविश्वास र कुप्रथाको रूपमा रहेको कथित बोक्सीको आरोपमा महिलामाथि हुने सामाजिक हिंसाको अवस्थाको अध्ययन गरिएको छ। यो अध्ययनले देशका अन्यभागमा भएका घटनाका बारेमा विश्लेषण गर्दैन।

**६ अध्ययनको विधि**

- द्वितीय स्रोत सामग्रीको अध्ययन (पुस्तक, पुस्तिका, पत्रपत्रिका, प्रतिवेदन आदि)
- अन्तरवार्ता, निरीक्षण, छलफल र समूह छलफल,
- घटना अध्ययन (केसस्टडी)

**अध्ययनको क्षेत्र**

यो अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा प्रदेश २ को आठ ओटै जिल्लामा कथित बोक्सी घटनाहरूको अध्ययन गरियो । यसैगरी, विगत ६ वर्षको अवधिमा भएका बोक्सीका घटना सम्बन्धमा प्रकाशित समाचार, पुस्तक तथा प्रतिवेदनहरूको अध्ययन गरिएको छ। यस अध्ययनमा यस क्षेत्रका विज्ञ तथा सरोकारवाला निकायका प्रतिनिधिहरूसँगको कुराकानीलाई पनि समेटिएको छ।

**कथित बोक्सी एक सामाजिक हिंसा**

सामाजिक मूल्य मान्यता, परम्परा र विश्वासका कारण यस्तो हिंसाले समाजमा संरक्षण र बढावा पाइरहेको अवस्था छ । बोक्सीको आरोप लागेका महिलाले समुदायका सदस्यका साथै आफ्ना परिवार र धामीझाँक्रीबाटै चरम प्रकृतिको शारीरिक र मनोसामाजिक हिंसाको सामना गर्नुपर्ने हुन्छ । अति भएको अवस्थामा बोक्सीको आरोप तथा उत्पीडनमा परेकी महिलाले आत्महत्यासम्म गरेका उदाहरणहरू छन् । पछिल्लो समयमा बोक्सीको आरोप तथा उत्पीडनलाई आर्थिक लाभका लागि, सम्पत्ति र भूमि कब्जा गर्न र अन्यमाथि शक्ति र नियन्त्रण राख्न पनि प्रयोग गरिएको पाइएको छ।

बोक्सी शब्दले नै पीडा र त्रासको प्रतिनिधित्व गरेको हुन्छ। विशेषगरी गाउँमा कुनै मानिस बिरामी भयो वा मृत्यु भयो भने धामी–झाँक्रीको झारफुकको प्रभावमा परेर कसैमाथि बोक्सीको दोष लगाई निर्मम यातना दिने गरिन्छ । कतिपय घटनाहरू सञ्चार माध्यमसम्म आइपुग्छन् त कतिपय आउँदैनन्।

विभिन्न समयमा सार्वजनिक प्रकाशनमा आएका चरम दुर्व्यवहार एवं क्रुर यातनाका घटनाहरूले सबैलाई सोच्न बाध्य बनाउन पुग्छ। यस किसिमको घटनाले सर्वसाधारणमा भयको वातावरण पैदा गर्दछ।

टुनामुना, तन्त्र–मन्त्र गरेको भनी कसैमाथि बोक्सीको दोष लगाउनु सामाजिक तथा कानुनी अपराध मानिन्छ। कुनै व्यक्ति बोक्सी हो भनी तय गर्ने कुनै आधार कसैले दिन सक्दैन । तर, पनि समाजमा बोक्सीको नामबाट कुनै पनि व्यक्तिमाथि हुने अमानवीय व्यवहार, यातना, हिंसाजस्ता कार्यको अन्त हुनसकेको छैन । महिलाप्रति हानिकारक सामाजिक मूल्य मान्यता, संस्कार तथा संस्कृतिका आडमा हुने हिंसालाई सामाजिक हिंसा भन्ने बुझिन्छ।[१] बोक्सीको आरोप लगाई कपाल मुण्डन गर्ने, गाउँ घुमाउने, पञ्चायती बसेर अपमानित तथा दुर्व्यवहार गर्ने, कुटपिट तथा यातना दिने र अभक्ष खुवाउने आदि जस्ता हिंसा हुने गरेको पाइन्छ।

**प्रदेश २ को अवस्था**

आर्थिक रूपले विपन्न, गरिब तथा असहाय महिलामाथि कथित बोक्सी जस्ता अन्धविश्वासका नाममा हुने हिंसाका घटनाहरू प्रदेश २ मा निकै अभिलेख हुने गरेका छन्। इन्सेकको तथ्याङ्क अनुसार पछिल्लो ६ वर्षमा बोक्सी आरोपमा ९१ जना महिला पीडित भएका छन्। जसमध्ये कथित बोक्सीको आरोपमा एक महिलाको आफ्नै परिवारका सदस्यको कुटपिटबाट मृत्यु भयो।

प्रदेश २ मा सन् २०२० मा कथित बोक्सीको आरोपमा २४ जना महिलामाथि कुटपिट तथा अमानवीय व्यवहार भएको घटना इन्सेकमा अभिलेख छ । सन् २०१९ मा प्रदेश २ मा १४ जना महिला कथित बोक्सीको आरोपमा पीडित भएका थिए। छिमेकी तथा आफन्त परिवारका व्यक्तिबाट कुटपिट तथा अमानवीय

१. अन्वेषी–२०७७, परिच्छेद ६, पृष्ठ ४७– महिला पुनर्स्थापना केन्द्र (ओरेक)

**इन्सेकको पछिल्लो ६ वर्षको तथ्याङ्क अनुसार प्रदेश २ मा सन् २०१५ देखि सन् २०२० सम्म 'बोक्सी' घटनाका पीडित सङ्ख्या**

| | |
|---|---|
| २०१५ | ११ |
| २०१६ | १४ |
| २०१७ | ९ |
| २०१८ | २० |
| २०१९ | १४ |
| २०२० | २४ |
| कूल पीडित सङ्ख्या | ९२ |

छन्। पीडित महिलाहरू २५ देखि ८५ वर्ष उमेर समूहका छन्। बोक्सीको आरोपमा आफ्नै छोरा तथा घर परिवारका सदस्य तथा छरछिमेकका व्यक्तिबाट महिलाहरू कुटिएका छन्।

अभिलेखित घटनामध्ये २४ ओटै घटनामा पीडित वा पीडित पक्षले प्रहरीमा उजुरी दिए पनि पाँच घटनाको उजुरी दर्ता नगरी अनुसन्धानकै क्रममा रहे। सात घटनाका आरोपितलाई मात्र कानुनी दायरामा ल्याइएको छ भने १६ घटनाको आरोपित गिरफ्तार गरिएको र एक घटना मेलमिलाप भएको पाइयो।

**सन् २०२० मा 'बोक्सी' घटनामा पीडित सङ्ख्या**

| क्र.सं. | जिल्ला | पीडित सङ्ख्या |
|---|---|---|
| १. | सप्तरी | ३ |
| २. | सिरहा | ११ |
| ३. | धनुषा | ४ |
| ४. | महोत्तरी | ३ |
| ५. | बारा | २ |
| ६. | पर्सा | १ |
| कूल | | २४ |

बोक्सी सम्बन्धी अन्धविश्वास समाजमा यति गाडिएको छ कि कसैले बोक्सा–बोक्सी भनिदिएपछि छोराबुहारीले आमालाई दुर्व्यवहार तथा कुटपिट गर्छन्। जन्म दिने आमा, बुबा र पालनपोषण गर्ने परिवार नै बिरानो भइदिन्छ। यस्तै घटना यस वर्ष सिरहा जिल्लामा भयो। कथित बोक्सीको आरोपमा छोराबाटै कुटिएकी सिरहा जिल्ला कर्जन्हा नपा–३ की ८५ वर्षीया सुदामादेवी साहको मृत्यु भएको घटना सार्वजनिक भयो। प्रहरीले पीडितका ४५ वर्षीय छोरा रामअवतार साहलाई ०७७ कात्तिक १३ गते र ४० वर्षीया बुहारी मन्जुदेवी साहलाई पुस १२ गते गिरफ्तार गऱ्यो। पीडित परिवारका अनुसार मन्जुदेवी र रामअवतारकी बुहारी (मृतककी नातिनी बुहारी) बिरामी परेपछि आमालाई बोक्सीको आरोपमा कात्तिक ११ गते लछारपछार पार्दै कुटपिट गरिएको थियो।

कुटपिटबाट घाइते भएकी सुदामालाई उपचारको लागि जनकपुरस्थित अस्पतालमा लगिएको थियो। डाक्टरले बाँच्ने आशा नभएको भन्दै घर लैजानु भनेपछि कात्तिक १५ गते सुदामा देवीको मृत्यु घरमा नै भएको मृतककी छोरी जानकी साहले बताइन्। पीडित पक्षले इलाका प्रहरी कार्यालय मिर्चैयामा कात्तिक १५ गते उजुरी दिए। शवको पोष्टमार्टम जिल्ला अस्पताल सिरहामा कात्तिक १६ गते गरिएको इलाका प्रहरी कार्यालय, मिर्चैयाका डिएसपी सन्तुलालप्रसाद जैसवारले बताए।

**मानसिक यातना खप्न नसकी आत्महत्या**

बोक्सीको आरोप लगाइ सकेपछि महिलालाई मानसिक तथा शारीरिक यातना दिनुका साथै कुटपिट गरिन्छ। कतिपलाई अभक्ष कोच्याइन्छ। यति धेरै शारीरिक र मानसिक यातना दिइन्छ कि कैयौंले यस्तो यातना खप्न नसकी आत्महत्या गरेर आफूले आफैंलाई मार्छन्। महोत्तरीकै नैन्हीकी फुलोदेवी मुखियालाई आफ्नै नन्द र जेठाजुले बोक्सी भन्दै कुटपिट गर्दै आएका थिए। २०६७ असार १५ गते गाउँभर खबर फैलियो– जेठाजु जनक मुखिया र नन्द राजोदेवीले मिलेर फूलोदेवीको शरीरमा तेजाब छर्केर हत्या गरेको आरोप लाग्यो। तर, कानुनको आँखामा फुलोदेवीले आगो लगाइ आत्महत्या गरेको ठहरियो।

२१ वर्षअघि २०५५ सालमा बोक्सी आरोप लगाइएकी महोत्तरी लोहारपट्टीकी बुचियादेवीले आत्महत्या गरिन्। गाउँलेहरूले 'बोक्सी भन्दै चारपाटा मुडेर कुटपिट गरे पश्चात् नाङ्गो पारेर गाउँ घुमाउने' धम्की दिएपछि त्यो बेइज्जती सहनुपर्ला भन्ने डरले उनले आत्महत्या गरेको छिमेकीहरू बताउँछन्। यी त प्रतिनिधिमूलक घटना मात्र हुन्। यस्ता धेरै घटना सार्वजनिक हुन सकेका छैनन्।

सिराहा जिल्ला नवराजपुर गाउँपालिका–५ कुर्सन्डीकी ४१ वर्षीया मुर्तीदेवी यादवलाई ०७७ भदौ २७ गते गाउँमा बसेको पञ्चायतले बोक्सीको आरोपमा कुटपिट गर्नुका साथै अभक्ष कोच्यायो। स्थानीय धर्मनाथ यादवको छोरीलाई 'बोक्सी लगाइ बिरामी बनाएको' भन्दै सजाय दिन सोही ठाउँस्थित शिव मन्दिरमा गाउँका

अगुवाको 'पञ्चायती' बसेको थियो।

सीमावर्ती भारतीय गाउँ तोरियाहीबाट आएका एक झाँक्रीले स्थानीय महिला मूर्तीदेवी बोक्सी भएको आरोप लगाएका थिए। दोषीलाई सजाय दिन र गाउँमा सुख र शान्ति स्थापना गर्न यो पञ्चायती डाकिएको थियो । धर्मनाथकी छोरी बिरामी बनाएको भन्दै मूर्तीदेवीलाई घरबाट नियन्त्रणमा लिई लछारपछार गर्दै घिसार्दै लात्ती र मुक्काले कुटपिट गरिएको थियो । छुट्टाउन गएका छोरा गणेश यादव र उनको पतिलाई पनि कुटपिट गरियो । उनीहरूले बोतलमा घोलेर अभक्ष कोच्याए। यसरी महिलालाई बोक्सी भनेर कुटपिट गर्ने र मानव मलमूत्र खुवाउने 'पञ्चायती' मा स्थानीय जननिर्वाचित प्रतिनिधि पनि सहभागी थिए। नवराजपुर गाउँपालिका–५ का वडा सदस्यसमेत रहेका स्थानीय रामउद्गार यादव पनि सो भिडमा सहभागी रहेको पीडित परिवारको गुनासो थियो।

एउटी महिलालाई कुटी लडाएर विवश बनाई अभक्ष कोच्याएपछि गाउँको 'पञ्यायती' राती करिब १ बजे सकियो। मुर्तीदेवी गम्भीर घाइते भएकी थिइन्। उनलाई धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गरिएको थियो । नवराजपुर गाउँपालिका–५ का २० वर्षीय सन्तोष यादव लगायत सोही ठाउँका २५ वर्षीय कृष्णदेव यादव, २० वर्षीय ब्रहमदेव यादव, ५५ वर्षीय बैजनाथ यादव, ४५ वर्षीय देवनाथ यादव, ४९ वर्षीय धर्मनाथ यादव, २० वर्षीय महेश यादव र २१ वर्षीय पशुपति यादवले मूर्तीदेवीलाई कथित बोक्सीको आरोपमा कुटपिट गरी अभक्ष कोच्याएको भन्दै पीडित परिवारले इलाका प्रहरी कार्यालय महेशपुर पतारमा असोज ४ गते उजुरी दिएको थियो । घटनाको एक सातापछि मात्र इलाका प्रहरी कार्यालय महेशपुर, पतारीले गाउँमा पुगेर घटनास्थलको प्रकृति मुचुल्का उठाएको थियो। आरोपित मध्ये सन्तोष यादवलाई प्रहरीले असोज २२ गते गिरफ्तार गऱ्यो। तर, अन्य आरोपितहरू फरार छन्।

**सरोकारवालाको भनाइ**

**भोला पासवान, पत्रकार तथा अधिकारकर्मी** : विज्ञान र प्रविधिको अभुतपूर्व विकास भएको वर्तमान युगमा सूचना प्रविधि पनि त्यत्तिकै सशक्त बनेको छ। प्रविधिमा पनि धेरै परिवर्तन भइसकेको छ। तथापि कुप्रथाको रूपमा समाजमा व्यक्तिको दिमागमा हजारौँ वर्षदेखि बोक्सी प्रथाले जरो गाडेको छ। सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन छन् । तर, सामाजिक कानुनले मानिस निर्देशित छन्।

सामाजिक हिसाबले अन्धविश्वास र कुरीतिको रूपमा बोक्सी प्रथा कायम छ। अहिले पनि बोक्सी प्रथा रहनुको मुख्य कारण शिक्षा र चेतनाकै कमी हो। कथित बोक्सी घटना न्यूनीकरणका लागि कानुनी प्रावधान छन्। तर, धेरै वर्षदेखि मानिसको दिमागमा बसेको कारण र यसका विरुद्ध राज्यले कुनै ठोस नीति तथा कार्यक्रम ल्याउन सकेको छैन । सरकारले कानुनी प्रावधानको विषयमा गाउँस्तरमा जनचेतना फैलाउनु पर्छ । मुख्यतः राजनीतिक दलहरूले यसलाई एजेण्डा बनाएर आफ्नो पार्टीका कार्यकर्ताहरू लाई गाउँस्तरबाटै प्रशिक्षण गर्नु पर्छ।"

**अनिता देवकोटा, एकल महिला समूह, प्रदेश संयोजक** : प्रदेश २ मा कथित बोक्सीको नाममा धेरै घटना भएका छन्। शिक्षा र चेतनाको कमीका कारण यस्तो घटना भइरहेको छ। तसर्थ चेतनाको स्तर बढाउनु पर्छ । कानुनहरू बनेको छ । तर ती कानुनहरू कार्यान्वयन नहुँदा यस्ता घटनाहरू दिन प्रतिदिन बढ्दै गएको अवस्था छ। पीडितहरू न्याय नपाएर फर्केको अवस्था छ। पञ्चयती भएर पैसाको लेनदेख गरेर पनि मेलमिलाप गरेको घटनाहरू पनि छन्। पीडकलाई कानुन बमोजिम कारबाही हुनु पर्छ।"

**मुनी दास, महिला अधिकारर्मी**: बोक्सीको आरोपमा दलित महिला बढी पीडित छन्। रिसइवी तथा प्रतिशोध लिन पनि कथित बोक्सीको आरोप लगाउने गरिन्छ । प्रदेश २ मा कथित बोक्सी जस्ता अन्धविश्वासका नाममा महिलामाथि अमानवीय व्यवहार, कुटपिट घटना सार्वजनिक भइरहेका छन्। बोक्सी हुँदैन भनेर जनचेतना अभियान चलाउन जरुरी छ।

**कृष्णप्रसाद पङ्गेनी, एसपी, जिल्ला प्रहरी कार्यालय, बारा**: यस्ता घटनामा जाहेरी पर्नासाथ जाहेरी दर्ता गर्छौं, कानुनी दायरमा ल्याउँछौं । आरोपितलाई गिरफ्तार गरेर ल्याउँछौं। कानुन अनुसार अनुसन्धान तथा कारबाही प्रक्रिया अगाडि बढाउँछौं।"

**महिलाको हकमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था**

नेपालको संविधान २०७२ को धारा ३८ मा मौलिक हककै रूपमा महिला अधिकारको सुनिश्चितता गरेको छ। संविधानको धारा ३८ को उपधारा ३ मा महिला विरूद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा,

प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने उल्लेख छ। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने बारेमा प्रष्टसँग उल्लेख छ। तर, सामाजिक साँस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिलाहरू अहिले पनि हिंसाका दुष्चक्रबाट बाहिर निस्कन सकेको अवस्था छैन। जसमध्ये कथित बोक्सीको आरोपमा हुने हिंसा जस्ता घटनामा महिला पीडित हुँदै आएका छन्।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा** *सबै व्यक्तिहरू स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन्* भनी स्पष्ट उल्लेख छ भने *धारा २ मा सबै नागरिक बिना भेदभाव अधिकार र स्वतन्त्रताका हकदार हुन्छन्* भनी उल्लेख गरिएको छ। सन् १९४८ डिसेम्बर १० का दिन जारी गरिएको यो घोषणापत्रमा धारा १ देखि ३० सम्म सबै जातजाति वर्ण, लिङ्ग, भाषा धर्म, राजनीतिक वा अन्य अधिकार सुनिश्चित गरिएको छ।

महिला अधिकारका बारेमा चर्चा गर्दा मानव अधिकारको विश्वव्यापी घोषणपत्रका १९४८ साथै नेपालद्वारा १९९१ मा अनुमोदन भएको महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि १९७९ ले पनि महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव अन्त्य गर्ने भन्ने विषयको विशेष व्यवस्था गरेको छ।

### राष्ट्रिय कानुनी व्यवस्था

विक्रम सम्वत् १९१० मा जारी भएको संहिताबद्ध कानुनको रूपमा रहेको मुलुकी ऐनले 'बोक्सेरो' महलको व्यवस्था गरी बोक्सी दोष लगाउने कार्यलाई दण्डनीय बनाएको थियो। कसैलाई बोक्सीको अपराध लगाई घरबाट निकालेमा, कसैका कन्या, सधवा, विधवा स्त्रीलाई मन्त्र-टुना गरी झारफुक गर्ने धामीलाई वा त्यस्तो कार्य गर्न सहयोग गर्ने मतियारसमेतलाई दण्ड सजाय हुने व्यवस्था उल्लेख थियो।

तर मुलुकी ऐन, २०२० मा भने बोक्सीको दोष लगाई दुर्व्यवहार गर्ने व्यक्तिमाथि सजाय हुने प्रस्ट कानुनी व्यवस्था थिएन। तर, कसैले कसैमाथि कुटपिट गरेमा भने कुटपिटको महलबमोजिम सजाय हुने कानुनी व्यवस्था थियो। त्यसका साथै राज्यले समाजमा हुने सार्वजनिक अपराधको नियन्त्रण गर्न तथा सर्वसाधारणको इज्जत र मान मर्यादा कायम राख्न केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ र गाली बेइज्जती ऐन, २०१६ जस्ता कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याइएको थियो। तर, छुट्टै कानुन थिएन। राष्ट्रिय मानव अधिकार आयोगले बोक्सीको आरोपमा हुने हिंसाजन्य घटनाको रोकथाम तथा नियन्त्रण गर्न र दोषीउपर सजाय गर्न एकीकृत कानुनको तर्जुमा गर्न सरकारलाई सिफारिस गरेको थियो।[२] अधिवक्ता रेश्मा थापा लगायतले नेपाल सरकारलाई विपक्षी बनाएर सर्वोच्चमा दायर गरेको रिटमा २०६१ साउन २६ गते न्यायाधीश अनूपराज शर्माको एकल इजलासले कानुन बनाउन निर्देशनात्मक आदेश दिएको थियो। आदेश गरिएको एक दशकपछि अर्थात् ०७२ साउन १८ गते नेपाल राजपत्रमा प्रकाशित भएपछि बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ लागु भयो।[३]

### कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७२

कसैलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपितलाई क्रुर तथा अमानवीय व्यवहार गर्ने वा बोक्सीका नाममा कुनै किसिमको यातना दिने जस्ता अमानवीय तथा कुरीतिजन्य क्रियाकलापलाई दण्डित गरी स्वच्छ र स्वस्थ समाजको निर्माणका निम्ति तयार पारिएको विधेयक ०७१ असार १३ गते तत्कालीन महिला, बालबालिका तथा समाज कल्याण मन्त्री नीलम केसीले व्यवस्थापिका-संसद सचिवालयमा पेश गर्नु भएको थियो। कसैलाई कथित बोक्साबोक्सीको आरोप लगाउँदै शारीरिक प्रताडना र बेइज्जती गर्नेलाई कारबाही गर्न सरकारले संसदमा प्रस्तुत गरेको विधेयकको सर्वत्र स्वागत गरिएको थियो।

सो विधेयक ०७२ साउन १८ गते व्यवस्थापिका संसदबाट पारित भई बोक्सीको आरोप (कसुर र सजाय ऐन) २०७२ जारी भई कार्यान्वयनमा ल्याइएको छ। सो ऐनले बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने, बोक्सीको

२. राष्ट्रिय मानव अधिकार आयोगको नीतिगत सिफारिसहरू वि.सं. २०५७-२०७१, पृष्ठ ६

३. http://today.annapurnapost.com/report/495

आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने, बोक्सीको आरोपमा अङ्गभङ्ग गर्ने, बोक्सीको आरोपमा कुटपिट गरी खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, अभक्ष कोच्याउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर अमानवीय वा अपमानजनक व्यवहार लगायत कसुर गर्ने व्यक्तिहरूलाई सजायको व्यवस्था गरेको छ।

उक्त ऐनमा बोक्सीको आरोपसम्बन्धी कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा अनुसार ६ महिनादेखि ८ वर्षसम्म कैद सजाय र ५ हजार रुपियाँदेखि १ लाख रुपियाँसम्म जरिबानाको व्यवस्था गरेको छ। यसैगरी कसुरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा पटकैपिच्छे दोब्बर सजायको व्यवस्था गरेको छ। सार्वजनिक पदमा बसेको व्यक्तिले कसुर गरेमा २५ प्रतिशत थप सजाय हुने ऐनमा उल्लेख छ। क्षति भए बराबर क्षतिपूर्ति र उपचारमा कुरुवा बस्दा लागेको समेत सम्पूर्ण खर्च पीडकले व्यहोर्नुपर्ने कानुनी व्यवस्था छ।

**निष्कर्ष**

विज्ञान र प्रविधिको अभूतपूर्व विकास भएको युगमा पनि समाजमा कथित बोक्सीको आरोपमा महिलामाथि हिंसा र उत्पीडन हुने गरेको पाइन्छ। प्रत्येक वर्ष आफन्त तथा छिमेकबाट कथित बोक्सीको नाममा महिला पीडित भएको घटना सार्वजनिक हुन्छ। तर, कथित बोक्सीका नाममा भइरहेका धेरै घटनाहरू सार्वजनिक हुन सकेका छैनन्। उनीहरूको हक अधिकारलाई उजार गर्न सकेको देखिँदैन।

बोक्सीको आरोप लगाइ अमानवीय व्यवहार गर्ने तथा यातना दिनेजस्तो आपराधिक कार्यलाई कानुन बनाएर दण्डनीय बनाए पनि अझै नेपाली समाजमा बोक्सी प्रथा हट्न सकेको अवस्था छैन। महिलामाथि हुने बोक्सीजनित हिंसा आफैँमा जटिल तथा पुरातन सामाजिक समस्या हो। सामाजिक तथा रूढिवादी समस्या भएकाले सामान्य बहस वा छलफलले मात्रै बोक्सीसँग सम्बन्धित समस्यालाई हल गर्न सकेको अवस्था छैन।

**सुझाव**

कथित बोक्सीका नाममा महिलामाथि हुने हिंसाका घटना कानुनतः दण्डनीय मानिएको छ। सामाजिक कुरीति तथा अन्धविश्वासको रूपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने भनी बोक्सीको आरोप (कसुर र सजाय ऐन) २०७२ ल्याइएको छ। बोक्सी आरोप सम्बन्धी कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी ६ महिनादेखि ८ वर्षसम्म कैद तथा ५ हजार देखि ५० हजार रुपियाँसम्म जरिबानाको सजाय हुने व्यवस्था छ।

समाजमा व्याप्त रहेको अन्धविश्वासको जरा उखेल्न अन्धविश्वासमा आधारित यस्ता कुरीति उन्मूलन गर्नका निम्ति साँस्कृतिक अभियानको आवश्यकता देखिन्छ। राजनीतिक दलले साँस्कृतिक आन्दोलनलाई आत्मसात गर्दा यसको प्रभावकारिता अझ बढ्ने देखिन्छ। तसर्थ कथित बोक्सी प्रथा राजनीतिक दलको एजेण्डा बन्नु जरुरी छ। राजनीतिक इच्छा शक्ति भएमा समाजमा रहेका यस्ता कुप्रथाको अन्त्य गर्न सकिन्छ।

**सन्दर्भ सामग्री** :


- प्राची, प्रकाशनः इन्सेक, प्रकाशित २०६७ फागुन, "बरबर हिंसाको स्वरुप", लेखक– गीता माली
- राष्ट्रिय मानव अधिकार आयोग, नीतिगत सिफारिसहरू, २०५७–२०७१
- अन्वेषी, २०७७, महिला पुर्नस्थापना केन्द्र (ओरेक)
- मानव अधिकारको विश्वव्यापी घोषणा पत्र–१९४८
- प्राचीमा प्रकाशित, नेपालमा बोक्सा बोक्सी प्रथा र कानुनी व्यवस्था लेख, लेखक सुमित्रा भट्टराई
- मानव अधिकारका नौ ढूला महासन्धि, प्रकाशकः इन्सेक, प्रकाशन मिति २०६९ असार १ गते
- नेपालको संविधान (२०७२)
- नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६,२०१७,२०१८,२०१९ र २०२०
- बोक्सीको आरोपमा महिलामाथि गरिने अपराध एवम् मानव अधिकार हनन्को स्थितिःएक विश्लेषण, ओरेक नेपाल, २०७०
- मुलुकी अपराध संहिता २०७४

# ३.३ सिन्धुपाल्चोक जिल्लामा भएका प्राकृतिक विपत्का घटना र त्यसले आर्थिक, सामाजिक अधिकारमा पारेको प्रभाव

**परिचय**

बागमती प्रदेशमा पर्ने हिमालय पर्वत श्रृङ्खलाको मध्यभागको भौगर्भिक क्षेत्रमा सिन्धुपाल्चोक जिल्ला अवस्थित छ। कमजोर पत्रेचट्टान र फुस्रो माटोको हिमाली तथा पहाडी धरातल रहेको यो जिल्लामा समुद्र सतहबाट ७ सय ३५ मिटरदेखि ६ हजार ९ सय ६६ मिटर अग्लो लाङपोघ्याङ पर्वतीय श्रृङ्खला र जुगल हिमाल तथा भोटेकोशी, सुनकोशी, इन्द्रावती लगायतका तिब्बततर्फका हिमश्रृङ्खलाबाट बग्ने नदीहरू रहेका छन्। भूकम्पको जोखिम, कमजोर पहाडी भूबनोट, अग्लाअग्ला हिमपर्वत तथा पहाड, त्यसका बीचमा बग्ने ठूला तथा मध्यम प्रकृतिका नदी जसका कारण यो जिल्ला सदैव प्राकृतिक प्रकोपले जोखिमयुक्त जिल्ला रहेको छ। हरेक वर्ष विपत्का कारण ठूलो जनधनको क्षति भइरहेको छ। २०७१ साउन १७ गते राति २:३५ बजे गएको जुरेपहिरो, २०७१ भदौ ९ गते जलवीरे खमारे पहिरो, २०७२ सालको विनाशकारी भूकम्प, २०७३ साउनमा भोटेकोशी नदीको बाढी, २०७७ साउनमा बाह्रबीसे नगरपालिकामा गएको पहिरो, २०७७ साउन ३० गतेको जुगल गाउँपालिकास्थित लिदीमा गएको पहिरो लगायतले जिल्लाका विभिन्न स्थानहरूमा ठूलो मानवीय तथा आर्थिक क्षति भयो।

**अध्ययनको उद्देश्य**

१. जिल्लाको विभिन्न स्थानमा भएका विपत्का घटनाले पुऱ्याएका क्षतिको अवस्था सार्वजनिक गर्ने।
२. बस्ती स्थानान्तरण गर्दा अपनाउनुपर्ने सतर्कता तथा उपायको खोजी गर्ने।
३. पहिरो तथा विपत्का घटना पीडितहरूलाई न्यायमा पहुँच विस्तार गर्न सघाउने।
४. राहत, पुनर्स्थापना तथा स्थानान्तरणको नाममा भएका गैरजिम्मेवार कार्यलाई निरूत्साहित गर्ने।

**अध्ययन विधि**

१. स्थलगत अवलोकन, भ्रमण र अनुगमन
२. अन्तर्वार्ता (पहिरोबाट विस्थापित भएका परिवार, सम्बन्धित तहका जनप्रतिनिधि र सरोकारवाला निकायसँग)
३. द्वितीय स्रोत सामग्री अध्ययन।

**अध्ययनको सीमा**

यो अध्ययन सिन्धुपाल्चोकका बाढीपहिरो पीडितहरूको अवस्था र घटनापछि उनीहरूको मानव अधिकारको अवस्थासँग केन्द्रित छ। आलेख पहिरो विस्थापितहरूलाई उपयुक्त स्थानान्तरण तथा प्रभावितहरूलाई राज्यले दिएका सेवा सुविधाहरूसँग सम्बन्धित छ। सिन्धुपाल्चोक जिल्लाको प्राकृतिक विपत्का बारेमा तयार पारिएको यो आलेख अन्य जिल्ला तथा ठाउँहरूसँगको अवस्थासँग मेल नहुन पनि सक्छ।

**जिल्लामा विपत्का कारणले भएका जोखिमको अवस्था**

**भूकम्पका कारण भएको जोखिम**

सिन्धुपाल्चोक जिल्लाका सबै स्थानहरू भूकम्पीय जोखिममा रहेको विश्लेषण गरिएको छ। वि.सं. २०४५ र २०६७ सालमा पनि स–साना भूकम्पका धक्का महसुस गरिएको थियो। २०७२ वैशाख १२, १३, र २९ अनि त्यसपछिका निरन्तरका परकम्पबाट सिन्धुपाल्चोक जिल्लामा ३ हजार ५ सय ५७ जनाको मृत्यु र १ हजार ५ सय ६९ जना घाइते भए। ६७ हजार ३ सय ८३ घर क्षति भएको इन्सेकको अभिलेखमा छ। विनाशकारी भूकम्पका कारण जिल्लाका सबै गाउँपालिका, नगरपालिकामा रहेका सबै नागरिकहरू, विद्यालयका विद्यार्थीहरू, गर्भवती तथा सुत्केरी महिलाहरू, अशक्त, ज्येष्ठ नागरिकहरू बढी प्रभावित भएका थिए। भूकम्पका कारण विस्थापित भएका जुगल गाउँपालिका– २ को लिदी, नाम्फा सोही गाउँपालिका– ३ को गुम्बा, बोल्देलगायत स्थानका नागरिकको उचित व्यवस्थापन नहुँदा भूकम्पले चिराचिरा भएको जमिनमा

| क्र.सं. | विपत् वर्ष | मृत्यु | घाइते | बेपत्ता | विस्थापित परिवार (अनुमानित) | तथ्याङ्क स्रोत |
|---|---|---|---|---|---|---|
| १. | २०७७ | ७४ | २५ | ३३ | ३८९ | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सिन्धुपाल्चोकको स्थलगत प्रतिवेदन २०७७ भदौ |
| २. | २०७३ | – | – | ३ | ९४५ | नेपाल रेडक्र सोसाइटी जिल्ला शाखाको वार्षिक प्रतिवेदन २०७४ |
| ३. | २०७२ | ३५७० | १५६९ | ७ | १९२४ | नेपाल रेडक्र सोसाइटी जिल्ला शाखाको वार्षिक प्रतिवेदन २०७३ |
| ४. | २०७१ | १५० | १५ | – | ३३७ | नेपाल रेडक्र सोसाइटी जिल्ला शाखाको वार्षिक प्रतिवेदन २०७२ |

उनीहरू पुनः फर्कन बाध्य भए। भूकम्पले चिराचिरा पारेको जमिनमा लगातारको वर्षाले पहिरो जान मद्दत पुग्यो। पहिरोले अकल्पनीय मानवीय क्षति गऱ्यो। भूकम्पले चिरा पारेको जमिनबाट त्यहाँका नागरिकलाई समयमै उचित व्यवस्थापन गरिएको भए यति धेरै जनधनको क्षति नहुने निश्चित थियो। प्राकृतिक विपत् तथा ठूलो मानवीय क्षतिपछि पछुताउनु बाहेक अरु विकल्प रहेन।

**पहिरोको कारणले भएको क्षति**

विगत सात वर्षयता सिन्धुपाल्चोक जिल्लामा आएको भिषण पहिरोले धेरै जनधनको क्षति भएको छ। २०७१ साउन १७ गते राति जुरे पहिरोमा १ सय ४५ जनाको मृत्यु भएको थियो भने १५ जना घाइते भएका थिए। सो पहिरोले १ सय १३ घर बगाएको थियो। ३ सय १९ घर प्रभावित भएका थिए। त्यसैगरी ०७१ भदौ ९ गते जलवीरेस्थित खमारेमा गएको पहिरोमा परी पाँच जनाले ज्यान गुमाए भने १८ घर पुरिएका थिए। ०७७ असार २४ गते बाह्रबीसे नगरपालिकास्थित जम्बुमा आएको पहिरोले दुई जनाको ज्यान गएको थियो भने १७ जना बेपत्ता र पाँच जना घाइते भए। पहिरोले ३९ ओटा घर पुरिएको थियो भने ६३ ओटा घरमा क्षति पुगेको भयो। त्यसैगरी ०७७ असार २४ गते राति जलवीरे स्थित खमारेमा आएको पहिरोले १० घर बगायो। भोटेकोशी गाउँपालिका–५ स्थित बुलकोटेमा ०७७ असार २४ गते आएको पहिरोमा चार जनाको मृत्यु भयो। चार जना घाइते भए। त्यसैगरी सो पहिरोले चार घर बगायो। जुगल गाउँपालिका–२ लिदीमा ०७७ साउन ३० गते आएको पहिरोले ३५ जनाको मृत्यु, दुई जना बेपत्ता, ६ जना घाइते भए भने २९ घर पुरिएका थिए। लिदी पहिरोबाट त्यस गाउँका १ सय ७२ घर प्रभावित भए।[१] त्यसैगरी, २०७७ साउन १ गते भोटेकोशी गाउँपालिकास्थित फुल्पिङकट्टीमा आएको पहिरोमा पाँच जनाको मृत्यु र एक जना घाइते भए। पहिरोमा दुई घर पुरिए। आठ घरमा प्रभाव पऱ्यो। मेलम्ची बजारमा ०७७ साउन १९ गते आएको पहिरोमा नौ जना मजदुरहरूको मृत्यु भयो भने एक घर पुरियो। पाँचपोखरी थाम्पाल गाउँपाकिलास्थित बरुवामा ०७७ साउन १९ गते राति आएको पहिरोमा दुई जनाको मृत्यु भयो भने पाँच घर प्रभावित भए। सुनकोशी गाउँपालिका स्थित थुम्पाखरमा ०७७ भदौ १४ गते आएको पहिरोमा ३२ घर प्रभावित भए। त्यसैगरी ०७७ भदौ २८ गते राति बाह्रबीसे नगरपालिकामा आएको पहिरोमा १७ जनाको मृत्यु, १४ जना बेपत्ता र नौ जना घाइते भएका थिए। त्यो पहिरोले २७ घर बगाएको थियो भने ८४ घर प्रभावित भए।

पहिरोका कारण धनजनको क्षति भएका माथि उल्लेखित स्थानको जमिन भूकम्पले चिराचिरा पारेको थियो। ०७२ सालको भूकम्पपछि विस्थापित भएर विभिन्न ठाउँमा अस्थायी बसोबास गर्दै आएका स्थानीयको व्यवस्थापन हुन नसक्दा पुनःआफ्नै पुरानो थातथलोमा फर्कनुपर्ने बाध्यतामा थिए।

**बाढीका कारणले भएको जोखिम**

सिन्धुपाल्चोक जिल्लामा पहिरोले मात्र होइन नदीहरूमा आउने बाढीले पनि ठूलो धनजनको क्षति गरेको पाइन्छ। भोटेकोशीमा ०७३ असार २१ गते राती आएको बाढीमा तीन जना बेपत्ता भए भने ठूलो भौतिक क्षति भयो। चीन जोड्ने कोदारी राजमार्गको धेरै स्थानमा

१. https://kendrabindu.com/post/170726#.YBN--OgzbIU

बाढीले क्षति पुऱ्यायो। नेपाल र चीनको साझा प्रयासपछि भूकम्पले भत्काएको बाटो खुलेको तीन महिना बित्न नपाउँदै बाढीले बाह्रबीसे देखि लिपिङसम्मको बाटो नै बगाएको थियो। बाढीले ९८ घर बगाएको थियो भने ९ सय ४५ घर प्रभावित भएका थिए।[२]

त्रिभुवन विश्वविद्यालयका प्रध्यापक तथा भूर्गभविद् मेघराज धिताल जोखिम क्षेत्रको पहिचान भए पनि स्थानीय जनता रातिमात्र सुरक्षित स्थानमा बस्न गएको तर पहिरोको जोखिम रातिमात्र हुँदैन भन्ने ज्ञानको कमीले मानवीय क्षति बढी भएको बताउँछन्।

धितालका अनुसार स्थानीय सरकार गठन भएपछि विकासका नाममा डोजर आतङ्क छ। पहाडमा खोलानालाका बहाव र धार परिवर्तन गरी बाटो निर्माण गरिएको छ। त्यसपछिका तीन वर्षमा पहिरो पहिलेको तुलानामा बढी गएको अध्ययनले देखाएको छ। यस्ता विपत् नेपालमा मात्र नभएर विश्वका कयौँ विकसित देशहरूमा समेत हुने गरेको बताउँदै धिताल भन्छन् जोखिम कम गर्न सरकारले बिमाको व्यवस्था, सूचना प्रविधिको विकास तथा पूर्व तयारीमा ध्यान दिएको हुन्छ। तर नेपालमा विपत् पूर्वको तयारी कमजोर रहने गरेको अनुभवहरूले पुष्टि गरेका छन्।

**जुगलको लिदीमा गएको पहिरोको प्रभाव र असर**

जुगल गाउँपालिका– २ लिदीमा २०७७ साउन ३० गते गएको पहिरोमा ३५ जनाले ज्यान गुमाए, दुई जना बेपत्ता छन् भने ६ जना घाइते भए। पहिरोले २९ घर पुरिएर क्षति भयो। त्यसैगरी १ सय २७ घर पहिरोबाट प्रभावित भए। पहिरोबाट प्रभावित भएका परिवारलाई सेलाङको बाँसखर्कमा स्थान्तरण गरिएको छ। सन् २०२० को डिसेम्बरसम्म पनि उनीहरू बाँसखर्कमा रहेको विस्थापित क्याम्पमा छन्। पहिरोले लिदी गाउँको अस्तित्व नै संकटमा परेको छ। पहिरो प्रभावित व्यक्तिहरूलाई बाँसखर्कमा स्थानान्तरण गर्ने र राहत वितरण कार्यमा मात्र अहिले सरोकारवाला निकायको ध्यान देखिन्छ। तर,सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना बनेको छैन।

सुरक्षित बसोबासको समस्या लिदी पहिरो प्रभावितको मात्र नभएर जिल्लाको अन्य स्थानका पहिरो प्रभावितको पनि हो। कतिपय पहिरो प्रभावितहरू आफ्नै थातथलोमा फर्किइ घरनिर्माणको काम थालनी गरिहरहेका छन्। यस्तो अवस्थाले वर्षातको शुरुआतसँगै पुनः प्राकृतिक विपत् र त्यसले धनजनको क्षति नपुऱ्याउला भन्न सकिन्न।

साविकको राम्चे गाविसस्थित जुरेमा २०७१ साउन १७ गते राति आएको पहिरोका कारण पीडित भएकाहरूलाई सहयोग गर्न स्थानीय संघ सस्था, व्यक्ति तथा समुदायहरूबाट सङ्कलन गरिएको १ करोड २४ लाख रकम यो वर्षको अन्त्यसम्म पनि वितरण हुन सकेन। मृतक परिवारलाई र पहिरोबाट प्रभावित भएका परिवारलाई बसोवासको व्यवस्थापन गर्न भनि जिल्ला दैवी प्रकोप उद्धार समितिको खातामा सङ्कलन भएको रकम वितरण गर्ने प्रक्रिया अवलम्बन गर्न नसकेको र ०७२ वैशाखको भूकम्पपछि भूकम्पको राहत र पहिरोको राहत कसरी वितरण गर्ने भन्ने राजनीतिक विवादका कारण जनस्तरबाट उठेको रकम पहिरो पीडितलाई वितरण गर्न नसकिएको हो। जनस्तरबाट उठेको रकम वितरण गर्न स्थानीय जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी लगायतका सरोकारवाला निकायहरूको भेला समेत भएको थियो। तर, उक्त रकम वितरण नगर्नू भनी गृहमन्त्रालयले आदेश गरेको भन्दै पहिरो पीडितले हालसम्म सो रकम पाएनन्।[३] नागरिकस्तरबाट उठाइएको सहयोग रकम सरकारले वितरण गर्न नदिएर जुरे पीडितलाई थप पीडा दिएको तत्कालीन राम्चे गाविसका गाविस अध्यक्ष शम्भु सापकोटाले बताए।

**लिदी पहिरोमा बालबालिका र महिला बढी प्रभावित**

जुगल गाउँपालिका– २ लिदीमा ०७७ साउन ३० गते आएको पहिरोले लिदीको विद्यालय पुरिएपछि त्यस विद्यालयमा अध्ययनरत १ सय १९ जना बालक र १ सय १५ जना बालिका गरी २ सय ३४ जना बालबालिका पठन पाठनबाट बञ्चित भए। पहिरोमा परी १७ जना बालबालिकाको मृत्यु र दुई जना बालबालिका घाइते भएका थिए। सात जना बालबालिका अभिभावक बिहीन भए भने ६ जना गर्भवती महिला र सात जना सुत्केरी महिला पहिरोबाट पीडित भए। पहिरोपछि स्वास्थ्य चौकी बन्द भएको छ।

२. https://ekantipur.com/ampnews/2015-02-14/403798.html

३. https://nagariknews.nagariknetwork.com/social-affairs/165480-1543664400.html

नेपालको पहाडी भूबनोट पत्रे चट्टानले बनेको नयाँ हिमश्रृङ्खला अन्तर्गत पर्दछ। जसले गर्दा यहाँको भूबनोट कमजोर छ। नेपालमा हुने बाढीपहिरोको बारेमा धेरै अध्ययन भएका छन्। तराईको भूभाग डुबान र कटानको कारण हुने क्षति भएकोले मानवीय क्षति कम हुन्छ। मानव निर्मित संरचना बाँध तथा सडकले पानी थुनिएर हुने एकाध घटना जस्तो कोशीको बाँध फुट्नु एउटा दुःखद् घटना थियो।

तर, पहाडमा धेरै जोखिम रहेको छ। हजारौँ टाकुरा तथा चुचुरा रहेको चुरे क्षेत्रदेखि हिमाली भूभाग रहेको नेपालमा पहिरो जानु सामान्य हो। सिन्धुपाल्चोकमा बाढी र पहिरो जानु सामान्य घटनाक्रम हुन्। यसका तीन ओटा कारण हुन्छन्।

पहिलो तिब्बतबाट बग्ने नदीहरूमा जो तिब्बतमा रहेका धेरै हिमतालहरू मध्ये कुनै एक मात्र हिमताल फुट्दा भोटेकोशी, सुनकोशी लगायतका नदीहरूमा बाढी आउँछ र बाढीका कारण खोला किनारको जमिन कटान हुँदा पहिरको जोखिम समेत थपिन्छ। सन् १९७८ मा तिब्बतमा हिमताल फुट्दा आएको बाढीले तातोपानी देखि तल्लो क्षेत्रमा समेत ठूलो धनजनको क्षति भएको थियो। खोलाको सतहबाट १ हजार ८ सय मिटरसम्म अग्ला पहाड टाकुरा छन्। त्यस भूभागका बस्ती र १ सय मिटरसम्म टाढाको क्षेत्रमा यसले असर गर्छ। डुबानले भन्दा यसले गर्ने क्षति बढी हुन्छ।

दोस्रो, अत्यधिक वर्षाले बाढी र पहिरो दुवैको जोखिम बढाउँछ। पानी पर्ने प्रकृयाको आधारमा पनि बाढी पहिरोको प्रकार फरक-फरक हुन्छ। यस वर्ष लिदीमा आएको पहिरोको कारण लगातार वर्षा हुनु हो। माघ फागुनदेखिनै यस वर्ष पानी लगातार परिरहेको थियो। जसका कारण पहाडी भूभाग भित्रसम्म पानी पुगेको थियो। यस्तो समयमा पुनः ठूलो र दुई तीन देखिको वर्षाले जमिन कमजोर हुन पुग्यो एकै चोटी पहिरो गएको अध्ययनले देखिएको छ। एउटा पहिरोले पुनः पानी बग्ने खोल्सा पुरिनु र पानीको निकास रोकिँदा पानी र लेदोको कारण जम्बुको पहिरोमा यो समस्या छ। अन्य भागमा समेत बाढी पहिरोको असर पर्नु यहाँ जोखिम बढी हुने कारण हुन्। अर्को एकै समयमा हुने अत्यधिक वर्षाले पनि पहाडको माथिल्लो भाग कमजोर भई पहिरो जान्छ। यो सानो सानो र धेरै ओटा पहिरो भएर देखिन्छ। यसखाले पहिरोको क्षतिले भोटेकोशी किनारबाट बनेको कोदारी राजमार्ग तीन पटक परिवर्तन भइसकेको छ। यसखाले पहिरो दुई तीन वर्षपछि क्रमशः कम हुँदै गएर बिलाएर पनि जान्छन्। सुनकोशीमा सन् १९८७ को बाढीले यस्तै खाले विनास पुऱ्याएको थियो।

तेस्रो, भूकम्पका कारण पनि पहिरो जान्छ। भूकम्पबाट जाने पहिरो पहाडको टुप्पोबाट सुरु हुन्छ। यसले जमिनमा पारेको चिरा धाँजामा पानी पसेर पनि पहिरो जान्छ। २०७२ सालको भूकम्पपछि पनि साना साना पहिरो गएको थियो। यस्ता खाले पहिरो धेरै जसो कम हुँदै जान्छन्। त्यसपछि सन् २०१६ र १७ मा पहिरोको जोखिम कम नै भएको देखिन्छ। उदाहरणका लागि २०५० सालमा चितवन र मकवानपुरको सीमा क्षेत्रको पहाडी भूभागमा गएको पहिरो क्रमशः कम हुँदै गएर अहिले प्राय लोप भइसकेको छ।

**भूगर्भशास्त्री तथा त्रिभुवन विश्व विद्यालयका प्राध्यापक डा.मेघराज धितालसँग गरिएको वार्तामा आधारित**

**जीविकोपार्जन क्षेत्रको क्षति**

जुगल गाउँपालिका-२ लिदीका नागरिकहरूको मुख्य पेसा कृषि हो। यहाँका मानिसहरू १ सय ७५ परिवारका ७ सय ९७ जना कृषि पेसामा संलग्न छन्। याहाँको मुख्य बाली मकै, आलु, कोदो र धान हो। ०७७ साउन ३० गते लिदीमा आएको पहिरोका कारण १ हजार २ सय ५८ रोपनी बारीमा लागाएको मकै, कोदो र आलु तथा १ हजार ६ सय ८५ रोपनीमा लगाएको धान खेती नोक्सान भयो।

आफ्नो जीविकोपार्जनका लागि लगाएको बाली छाडेर लिदीका सबै नगारिकहरू जुगल गाउँपालिका-१ सेलाङको बासखर्क जंगलमा आएर अस्थायी बसोवास गरिरहेका छन्। पहिरोका कारणले विस्थापित भएकाहरू आफूले लगाएको अन्नबाली क्षति भएको सम्झेर चिन्तित छन्। लिदीका १ सय ८० परिवारले प्रयोग गर्दै आएको ३५ वटा शौचालय र सात वटा सार्वजनिक धारा पूर्ण रूपमा क्षति भयो।[४] लिदीमा भएको

४. ऐजन

भौतिक संरचना मात्र होइन आर्थिक रूपले पनि लिदीमा ठूलो क्षति हुन पुग्यो । यहाँका नागरिकहरू पहिलेकै आर्थिक अवस्थामा पुग्न र जनजिवन सामान्य बन्न निकै समय लाग्ने निश्चित छ ।

**बस्ती स्थानान्तरणको लागि विज्ञको सिफारिस**

जनधनको नोक्सान कम गर्न केही काम भएको र जोखिम क्षेत्र भनेर पहिचान गरिए पनि समयमै बस्तीलाई स्थानान्तरण नगर्दा धेरैले ज्यान गुमाउनु परेको र कतिपयलाई पहिले नै सावधान गराउँदा समेत उनीहरू थातथलो छोडेर अन्यत्र जान नचाहँदा धेरै क्षति व्यहोर्नु परेको देखिन्छ । स्थानीय स्वयम्ले पनि पटकपटक 'जोखिम भयो बस्ती सारी दिनुपऱ्यो'भन्दै पटकपटक आग्रह गरेका हुन् । त्यस भेगका लाम्फा, सञ्चगाउँ, लिदी, झुल्के, निम्लुङ, बैगानका ५ सयभन्दा बढी घर सार्न माग गरेका थिए ।

पहिरोले ठूलो जनधनको क्षति ब्यहोरेको सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिकाको लिदी लगायतका जोखिममा रहेका बस्तीहरू स्थान्तरण गर्न बिज्ञ समूहको टोलीले सिफारिस गरेको छ । बाढी पहिरोले वर्षाको समयमा ठूलो जनधनको क्षति भएपछि सरकारले सिन्धुपाल्चोक जिल्लालाई विपत् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो । सरकारले उक्त क्षेत्र लगायत आसपासका जोखिम बस्तीको भौगर्भिक अध्ययनका लागि मङ्सिर १७ गते विज्ञहरूको टोली पठाएको थियो । पुननिर्माण प्राधिकरण र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका विज्ञहरूको टोलीले सात दिनसम्म जुगल गाउँपालिकाको विभिन्न चार जोखिम बस्तीहरूको स्थलगत अध्ययन गरेको थियो । स्थलगत अध्ययन गर्न गएको टोलीले पुनर्निर्माण प्राधिकरण र विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अध्ययन टोलीले निकालेको निष्कर्षसहितको प्रतिवेदन हस्तान्तरण गरेको छ । विज्ञहरूको टोलीमा पुनर्निर्माण प्राधिकरणको तर्फबाट सहभागी जिल्ला आयोजना कार्यान्वयन इकाइ (भवन) का प्रमुख सन्तोष निरौलाले पुस २१ गते पत्रकार सम्मेलन गरेर अध्ययन गरिएका चार बस्तीमध्ये दुई बस्ती उच्च जोखिममा रहेको निर्ष्कष निकालिएको जानकारी दिए ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अगुवाइमा भूगर्भविद जिओटेक इन्जिनियर, सहरी योजनाकार, नापी अधिकारीलगायत विज्ञ सम्मिलित प्राविधिक टोलीले जोखिमस्थलको अध्ययन गरेको थियो । जोखिम बस्तीहरूको अध्ययन गर्दा चार बस्ती मध्ये दुई बस्ती स्थान्तरण गर्नुपर्ने देखियो प्रमुख निरौलाले बताए । उनले भने 'लिदी र सानो नाम्फामा अब मानव बस्ती बसाउन नै मिल्दैन ।'

विज्ञहरूको टोलीले जोखिमयुक्त बस्तीको पहिचान गर्ने, पहिचान भइसकेका बस्तीको थप अध्ययन गर्ने, संरक्षण गरेर बस्ती बसाउन मिल्ने नमिल्ने, नमिल्ने भए वैकल्पिक सुरक्षित स्थल खोज्ने लगायत कामको जिम्मेवारी लिएर जोखिमयुक्त बस्तीमा टोली पुगेको थियो । लगातारको बिपत्तिपछि सरकारले जिल्लालाई संकटग्रस्त क्षेत्र घोषणा गरेपश्चात भौगर्भिक अध्ययन र विस्थापित बस्तीको पुनःनिर्माणका लागि विज्ञहरूको टोली जुगल गाउँपालिका पुगेको हो ।

**बस्ती स्थान्तरणको लागि बाँसखर्क उपयुक्त**

जुगल गाउँपालिकाको लिदीमा पहिरोले क्षति पुऱ्याएर बस्ती जोखिममा भएपछि यस क्षेत्रका स्थानीयलाई जुगल गाउँपालिका–१ सेलाङमा रहेको बाँसखर्कमा ल्याएर राखिएको छ । विज्ञहरूको टोलीले विस्थापितहरू बस्दै आएको बाँसखर्क क्षेत्रमा पुगेर त्यहाँ बस्ती बसाउन सकिन्छ की सकिँदैन भनेर अध्ययन गरेको थियो । 'हाम्रो टोलीले अध्ययन गरेकोमध्ये बाँसखर्क सबैभन्दा सुरक्षित देखियो', जिल्ला आयोजना कार्यान्वयन इकाइका प्रमुख सन्तोष निरौलाले बताए ।

विस्थापित भएर बाँखर्कमा बस्दै आएका लिदीका स्थानीयले विज्ञ टोलीसँग आफूहरू अब बाँसखर्कमा बस्न तयार रहे पनि यहाँ सबै संरचना बनाइदिन माग गरेका छन् । बाँसखर्कदेखि लिदीसम्म मोटरबाटो, विद्यालय, मन्दिर, गुम्बालगायतका संरचना समेत बनाइ दिए आफूहरू बाँसखर्कमा बस्न तयार रहेको बताएका छन् ।

**सुझाव**

- नीति कार्यान्वयनका लागि कार्यक्रम कार्यन्यवयनमा जोड दिनुपर्ने,
- अन्तरसरकारी समन्वयमा जोड दिनु पर्ने,
- वितरणमुखी कार्ययोजना भन्दा पूर्वतयारी तथा सक्षमता अभिवृद्धिमा जोड दिनु पर्ने,
- जोखिम सम्मुखतालाई मध्यनजर गर्दै बस्ती विकास एवम् पुनर्स्थापना कार्यलाई अगाडि बढाउनु पर्ने ,
- तीन तहको सरकारबीच प्रभावकारी समन्वय हुनुपर्ने,

- पर्याप्त उद्दार सामग्री र भण्डारणको व्यवस्था गर्नुपर्ने,
- राहत वितरणमा दोहोरोपना हुन नहुने,
- तथ्याङ्क सङ्कलनलाई विश्वसनीय बनाउनु पर्ने,
- विपतसँग सम्बन्धित सङ्घसंस्थाको भूमिकालाई प्रभावकारी बनाउनु पर्ने।

**सन्दर्भ सामाग्री**


जियोलोजी अफ दी नेपाल हिमालय डाक्टर मेघराज धिताल

जिल्ला विपत् व्यवस्थापन समितिको विपत् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७५

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले तयार गरेको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७५

नेपाल रेडक्रस सोसाइटीले विभिन्न जोखिम बस्ती तथा पहिरोका घटनामा तयार गरेको प्रतिवेदनहरू

https://kathmandupost.com/province-no-3/2020/07/26/sindhupalchok-continues-to-get-battered-by-natural-disasters

https://thehimalayantimes.com/nepal/two-die-23-go-missing-as-floods-sweep-away-16-houses-in-sindhupalchok/

http://inseconline.org/np/news/%e0%a4%aa%e0%a4%b9%e0%a4%bf%e0%a4%b0%e0%a5%8b-%e0%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a4%ad%e0%a4%be%e0%a4%b5%e0%a4%bf%e0%a4%a4-%e0%a4%b8%e0%a5%8d%e0%a4%a5%e0%a4%be%e0%a4%a8%e0%a5%80%e0%a4%af%e0%a4%b5%e0%a4%be/

http://neoc.gov.np/uploads/cmsfiles/file/Situation_Report(Sindhupalchowk)_20150119102538.pdf

https://thehimalayantimes.com/nepal/75-killed-40-missing-in-sindhupalchowk-floods-landslides/

https://kathmandupost.com/province-no-3/2020/08/15/friday-s-landslide-a-preventable-tragedy-sindhupalchok-villagers-say

https://myrepublica.nagariknetwork.com/news/sindhupalchowk-devastated-by-landslides-and-floods/

https://nagariknews.nagariknetwork.com/social-affairs/68175-1414741180.html?click_from=category

https://www.ujyaaloonline.com/story/40497/2020/7/20/landslide-flood-geologist-monsoon

https://nagariknews.nagariknetwork.com/social-affairs/186683-1564885020.html?click_from=trending

http://xotkari.com/article?id=5f168f37e3577a494a7655ac

https://www.sallerikhabar.com/archives/128530

https://www.himalayatv.com/tag/%E0%A4%B8%E0%A4%BF%E0%A4%A8%E0%A5%8D%E0%A4%A7%E0%A5%81%E0%A4%AA%E0%A4%BE%E0%A4%B2%E0%A5%8D%E0%A4%9A%E0%A5%8B%E0%A4%95/

https://www.dainikonline.com/story/74865/2020/09/02/

https://ekantipur.com/news/2020/08/16/159754207782434333.html

https://www.himalkhabar.com/news/116356

https://ekantipur.com/news/2020/09/14/160004566501939748.html

https://ekantipur.com/news/2020/07/10/15943482109185110.html

https://www.nepaljapansamaj.com/news/details/weak-topography-puts-bhotekoshi-and-sunk.html

# ३.४ उपेक्षामा नवलपरासी पश्चिम र कपिलवस्तुका उखु किसान

**पृष्ठभूमि**

भौगोलिक अवस्थिति, माटोको उर्वरता, सिंचाइको सुविधा र खेतीयोग्य मौसमका कारण नेपालको तराई भेग अन्न उत्पादनको प्रमुख केन्द्र हो। यहाँको मुख्यबाली धान, गहुँ, मकै, तोरी हो। खेती गर्न सहज र नगदेबालीको रूपमा रहेको उखुखेती पनि उल्लेख्यमात्रामा हुने गर्छ। नेपाल विश्वमा उखु खेती गर्ने देशहरूको सूचीमा ४१ औँ स्थानमा पर्दछ। खेती गरिने क्षेत्रफल (प्रति हेक्टर) का आधारमा ३४ औँ स्थानमा परे पनि उत्पादनको हिसाबले नेपाल विश्वको ३९ औँ बढी उखु उत्पादन गर्ने देशमा पर्दछ। विश्वमा उत्पादन हुने कूल उखुमध्ये ०.१६ प्रतिशत नेपालमा उत्पादन हुने गरेको अध्ययनले देखाउँछ । लुम्बिनी प्रदेशका नवलपरासी पश्चिम र कपिलवस्तु जिल्लाको प्रमुख स्रोत भनेको कृषि हो। कृषिमा पनि मुख्य नगदे बाली उखु हो। त्यही नगदेबाली उखु किसानहरूका लागि समस्याको पहाड बनेर उभिएको छ।

उखु खेती अन्य खेतीभन्दा केही सजिलो खेती हो। एकपल्ट रोपेपछि सामान्य हेरचाह गर्न सके तीन वर्षसम्म लाभ लिन मिल्छ। यो सोझै एकमुस्ठ ठूलो रकम आउन सक्ने नगदे बाली हो। उखु खेती अरू बाली गर्न नसकिने जग्गामा गर्न सकिन्छ । नेपालमा व्यावसायिकरूपमा उखु खेती तराईका १५ जिल्लामा हुन्छ। उखु कृषकमा उखु खेतीको प्राविधिक ज्ञान तथा परामर्श सेवाको अपर्याप्तता, सहुलियतपूर्ण कृषि कर्जामा सरल र सहज पहुँचको अभाव, चिनी मिलबाट उखुको भुक्तानी समयमा उपलब्ध हुन नसकेको, सरकारबाट प्राप्त हुने अनुदान समयमा प्राप्त गर्न कठिनाइ भएको, उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न नसकेको जस्ता मूलभूत समस्या हुन्।

चिनी उद्योगलाई बेचेको उखुको भुक्तानी नपाएपछि एक वर्षको अवधिमा दुईपटक उखु किसान आन्दोलन गर्न काठमाडौँ गए। गत वर्ष पुस महिनामा राजधानीको सडकमा उत्रिएका किसानले सरकारी आश्वासनपछि आन्दोलन रोके । यसपटक उद्योगीले नतिरे सरकारले तिरिदिने आश्वासन पाएपछि किसानले आन्दोलन स्थगित गरे। गत वर्षको पुससम्म १ अर्ब ४० करोड रुपियाँ बक्यौता रहेकामा यो मङ्सिरसम्म यस्तो बक्यौता ६५ करोडमा झरेको देखाउँछ । उद्योगबाट पाउनुपर्ने रकम समयमै नपाएपछि बैङ्कले धितो लिलामीको सूचना पनि जारी गरेको छ। यो आलेखमा कपिलवस्तु र नवलपरासी (पश्चिम) मा उखु खेती र किसानका बारेमा चर्चा गरिएको छ। हुन त देशभरका उखु किसानहरूको समस्या उस्तैउस्तै छन्।

खाद्य र कृषि संगठन कर्पोरेट २०१८ को तथ्याङ्कअनुसार नेपालको कूल खेतीयोग्य जमिनमध्ये ७१ हजार ४ सय ६६ हेक्टर जमिनमा उखुबाली लगाइन्छ। उक्त खेतीबाट बर्सेनी ३२ लाख ३४ हजार ७ सय ११ टन उखु उत्पादन हुने गर्दछ। यो तथ्याङ्कबाट सहजै अनुमान लगाउन सकिन्छ कि उखुबाली नेपालका प्रमुख नगदे बालीमध्येको एक हो । नवलपरासी जिल्लामा कूल खेती योग्य जमिन २५ हजार ९ सय ५५ हेक्टर रहेको छ। जसमध्ये ५, हजार हेक्टर जमिनमा उखु खेती गरिन्छ। कपिलबस्तु जिल्लाका करिब ४ हजार किसानहरूले उखु खेती गर्ने गरेका छन्।

**उखु किसानहरूका प्रमुख समस्याहरू**

- उत्पादनमा कमी आउनु
- रसायनिक मल सहजरूपमा उपलब्ध नहुनु,
- चिनी मिलबाट उखु बिक्रीको रकम लामो समयदेखि नपाउनु,
- माटोको उर्वरतामा कमी आउनु,
- चिनी मिलबाट बक्यौता रकम नपाउनु र सरकारी अनुदानसमेत समयमा नपाउनु।

**अध्ययनको उद्देश्य**

- जिल्लामा हुने गरेको उखु खेतीको वर्तमान अवस्थाको बारे जानकारी लिन।
- उखु किसानका समस्या पहिचान गरी समाधानका लागि सरोकारवालालाई झकझक्याउन

- कृषकहरूले विभिन्न समयमा गर्ने गरेका आन्दोलनको मूल माग र कारणहरूबारे बुझ्न।
- कृषकहरूको समस्या बुझी सरोकारवालाहरूलाई समस्या समाधानका लागि ध्यानाकर्षण गराउन।

**अध्ययनको महत्त्व**

उखु किसानले चिनी मिलबाट पाउनुपर्ने रकम ०७६ सालदेखि पाएनन्। पटकपटक आन्दोलन गर्नुपर्नको कारण बारे थाहा पाउन यो अध्ययनको महत्त्व हुनेछ। कृषकहरूको गुनासोलाई सम्बोधन गर्न भएका कानुनी व्यवस्थाहरूको कार्यान्वयनबारे जानकारी हुने भएकाले अधिकार प्राप्तिको सङ्घर्षमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**अध्ययन विधि**

- स्थलगत भ्रमण अवलोकन
- भेटघाट र छलफल
- विभिन्न अध्ययन प्रतिवेदनहरूको अध्ययन।
- विभिन्न राष्ट्रिय तथा अन्ताराष्ट्रिय कानुन र अनुवन्धहरूको अध्ययन
- अनलाइन तथा प्रिन्ट मिडियामा प्रकाशित विभिन्न समाचारहरूको अध्ययन

**अध्ययनको सीमा**

यस अध्ययन प्रतिवेदनमा नवलपरासी (पश्चिम) जिल्लाको दक्षिणी भेगका सुस्ता गाउँपालिका, प्रतापपुर गाउँपालिका, सरावल गाउँपालिका र पाल्हीनन्दन गाउँपालिका र रामग्राम नगरपालिका यसैगरी, कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका र शिवराजनगर पालिकाका विभिन्न वडाहरू, कृष्णनगर नगरपालिकाको बहादुरगन्ज, शिवराजनपाको जवाभारी, चनई, शिवपुर, बिरपुर लगायतका ठाउँमा व्यवसायिक उखु खेती गर्ने कृषकहरूलाई मात्रै समेटिएको छ। यो अध्ययनको निष्कर्ष अन्य जिल्लाको अवस्थासँग मेल नखान पनि सक्छ।

**समस्याको पहिचान**

क्षेत्रफलको हिसाबमा सबैभन्दा धेरै क्षेत्रफलमा उखु खेती हुने जिल्ला नवलपरासी पश्चिम हो। यहाँ कूल खेती योग्य जमिन २५ हजार ९ सय ५५ हेक्टर जमिनमध्ये ५ हजार ५ सय हेक्टरमा उखुको खेती गरिन्छ। विगतमा ७ हजार हेक्टर जमिनमा खेती गरिने भए पनि पछिल्लो समयमा खेती गरिने क्षेत्रफलमा कमी आउन थालेको छ। जिल्ला उखु कृषक समितिको भनाइ अनुसार उखु खेतीमा कमी आउनुको प्रमुख कारण चिनी मिलले उखु भुक्तानी नगर्नु हो। कृषकहरूले जग्गा बैंकमा धितो राखेर खेतीको लागि खर्च जुटाए पनि उत्पादनको रकम पाउन नसक्दा समस्या परेको छ।

जिल्ला भित्र सञ्चालनमा भएका तीन ओटा चिनी मिलबाट कूल १८ करोड ३४ लाख बक्यौता रकम भुक्तानी पाउन बाँकी छ। जिल्ला उखु उत्पादक सघंका अध्यक्ष उमेशकुमार यादवकाअनुसार सुनवल चिनी मिलले १० करोड, इन्दिरा चिनी मिलले ८ करोड र बागमती चिनी मिलले ३४ लाख ७३ हजार रुपियाँ किसानलाई भुक्तानी गर्न बाँकी छ।

प्रतापपुर गाउँपालिका– ८, गंगापुरका किसान विनोद कलवार भन्छन् ५ प्रतिशत मासिक ब्याजमा कर्जा लिएर उत्पादन गरेको उखुको भुक्तानी तीन वर्षदेखि नपाएपछि दृष्टिबन्धक राखेको जग्गा लिलाम हुने अवस्थामा छ।

सुस्ता गाउँपालिका–५ का सञ्जय श्रेष्ठ भन्छन् विगत तीन वर्षदेखिको रकम नपाउँदा अन्य बाली लगाउनुपर्ने अवस्थामा छौं। तर, जहाँ गए पनि हामीसँग पर्याप्त पैसा नहुँदा, ऋण लिनुपर्ने र फेरि हाम्रो यस्तै विचल्ली हुने डर छ न्न

यी केही प्रतिनिधिमूलक भनाइले यस भेगका उखुकिसानको अवस्था चित्रण गर्छ। आर्थिक उपार्जन हुनु त कता हो कता किसान नै सुकुम्बासीमा परिवर्तन हुनसक्ने भयले उखु किसान त्रस्त छन्।

यसैगरी, कपिलवस्तु जिल्लामा पनि अन्यबालिको तुलनामा उखु खेती उत्पादन बढी हुने तथा चिनी मिल, भेली, क्रेसर तथा उखुको जुस बनाउनेहरूले खरिद गर्ने भए पनि जिल्लामै रहेको महालक्ष्मी सुगर मिल अन्यत्र सरेपछि कपिलवस्तुका किसानहरू उखुको उचित मूल्य पाउनबाट बञ्चित भएका छन । सुगर मिलले करिब ७ करोड बढी भुक्तानी गर्न बाँकी रहेको छ।

सबैभन्दा धेरै बक्यौता रकम तिर्न बाँकी रहेको सुनवलस्थित लुम्बिनी चिनी मिलले १० करोड रुपियाँ किसानलाई बक्यौता तिर्नुपर्नेछ। मिलमा पुग्दा मिल बन्द रहेको छ । सञ्चालकहरू विगत १५ महिनादेखि सम्पर्कमा नरहेको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी जोरसिंह माझीले दिए।

इन्दिरा चिनी मिलका बिक्री व्यवस्थापन प्रमुख दुर्गा चतुर्वेदीले भने 'किसानहरूले पैसा नपाएर दुःखी त छन्। तर, हामीले पनि बजारमा चिनीको बिक्री गर्न

सकेका छैनौँ व्यवसायमा नाफा नभएकाले हामीले पैसा दिन नसकेको हो' । इन्दिरा चिनी मिलबाट ८ करोड भुक्तानी बाँकी रहेको किसान बताउँछन् । तर मिल सञ्चालकका अनुसार ४ देखि ५ करोड मात्रै तिर्न बाँकी छ।

चिनी मिलबाट बक्यौता रकम नपाएका किसान सरकारबाट अनुदान नपाउँदा थप मारमा परेका छन्। समयमै भुक्तानी नदिने उद्योगीलाई सरकारले कानुनी दायरामा ल्याउने भने पनि बिडम्बना सरकारबाट पाउनुपर्ने अनुदान रकम पनि किसानलाई उपलब्ध भएको छैन। भुक्तानी नपाएर चिनी उद्योगीको चरम शोषणमा पर्दै आएका उखु किसानलाई सरकारलेसमेत विभिन्न झन्झटिलो प्रक्रिया र कार्यविधि बनाएर सरकारले अनुदान रकममा झुलाइरहेको जिल्ला उखु उत्पादक संघका अध्यक्ष उमेशकुमार यादवले गुनासो गरे । यसपटकको उखुबाली काट्ने र बिक्री गर्ने बेला भइसक्दा पनि सरकारले अघिल्लो वर्षकै अनुदान रकम किसानलाई दिन सकेको छैन, अनुदानका लागि झन्झटिलो कार्यविधि बनाइदिएका कारण उनीहरू अझ अन्यौल र दुःखमा छन्।

**आन्दोलित किसानहरू र सहमति**

२०७१ सालदेखि चिनी मिलका सञ्चालकहरूबाट भुक्तानी पाउन नसकेपछि ०७६ साल पुस महिनामा नवलपरासी, कपिलवस्तुलगायत देशभरका उखु किसानहरूले काठमाडौँको माइतीघरमा धर्ना बसे । एकातर्फ चिनी मिलबाट उखुको रकम नपाउनु र अर्कातर्फ बैङ्कले कृषकहरूले धितो राखेको जग्गा जफत गरिदिने डर कृषकहरूमा रहेको थियो । सरकार र आन्दोलनरत किसानबीच ०७७ पुस १८ गते भएको सम्झौता अनुसार ०७६ माघ ७ गतेसम्म भुक्तानीका लागिपहल गरिदिने लिखित सम्झौता गरेपछि आन्दोलन स्थगित भयो । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टको उपस्थितिमा किसान र सरकारी टोलीबीच भएको सहमतिअनुसार चिनी मिलबाट भुक्तानी गर्न बाँकी सम्पूर्ण रकम ०७६ माघ ७ भित्र गरिने सम्झौता पत्रमा उखु किसान सङ्घर्ष समितिका सचिव हरेश्याम रायसहित केही किसान र मन्त्रालयका तर्फबाट सहसचिव दिनेश भट्टराईले हस्ताक्षर गरे।

उक्त सम्झौता पत्रमा तपसीलका बुदाँहरू समेटिएका थिए।

१. भुक्तानी उपलब्ध गराउन आपूर्ति मन्त्रालयले समन्वय गर्ने,
२. किसानका समस्या समाधान गर्न कार्यदल,
३. अनुदान रकम पर्याप्त उपलब्ध गराउन गृहकार्य,
४. किसान र चिनी आपूर्तिको समस्या तत्काल समाधान,
५. किसानले आन्दोलन स्थगित गर्ने।

गृह मन्त्रालयको ०७७ मङ्सिर ३० गते बसेको बैठकको निर्णयअनुसार बक्यौता भुक्तानी नगरेको उद्योगका सञ्चालकलाई गिरफ्तार गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गऱ्यो । यस्तै सरकारबाट उखु किसानले पाउनुपर्ने उत्पादन प्रोत्साहन अनुदानका विषयमा सहमति भएको छ । सरकारले घोषणा गरेको प्रोत्साहन अनुदान रकम किसानले अझै पाएका छैनन्। सरकारले प्रति क्विन्टल ६५ रुपियाँ २८ पैसा अनुदान उपलब्ध गराउने घोषणा गरेको थियो । अनुदान रकम किसानले प्राप्त नगरेको विषयमा मन्त्रालयले समयमै पर्याप्त निकासाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अर्थ मन्त्रालयको ध्यानाकर्षण गराउने सहमति गरेको छ । त्यस्तै उखु किसानको भुक्तानी, चिनी आपूर्ति, किसान र चिनी उद्योगीको समस्याका विषयमा सम्बोधन गर्न मन्त्रालयले आपूर्ति व्यवस्थापन महाशाखालाई सम्पर्क महाशाखाका रूपमा तोक्ने तथा पुस ३ गतेदेखि नै उखु किसानले गर्दै आएको आन्दोलन स्थगित गर्ने सहमति भएको छ।

**पलायन भएका कृषक**

कोभिड-१९ का कारण यस वर्ष उखु किसानलाई दुःख थपियो। उनीहरूले ज्यालामजदुरीको अवसर पनि पाएनन् भने चाडपर्व पनि खुसीसँग मनाउन पाएनन्। वर्षौंदेखिको समस्यामा पिल्सिरहेका उनीहरू कृषिबाट नै पलायन हुने अवस्थामा पुगे। विगतमा राम्रो उब्जनी र आर्थिक आम्दानीको बलियो स्रोत बनेको उखु खेती चिनी मिलहरूको शोषणका कारण धरापमा परेको छ। उखु खेतीमा लागेका कृषकहरू पलायन भएर केरा खेती र अन्य तरकारी खेतीमा लागेका छन्। मिलले धेरै उखु लगाउन प्रोत्साहित गर्ने तर सञ्चालकले क्षेत्र तोकेर मात्रै लिने गरेकाले बेच्नसमेत कठिनाइ भएको छ भने सरकारले दिने भनेको अनुदानसमेत नदिएको आन्दोलित किसानको आरोप छ।

**निष्कर्ष**

नेपाल आज पनि मूलत: कृषिप्रधान देश हो । विगतमा हुने गरेको परम्परागत कृषिलाई परिमार्जित गर्दै आधुनिक शैली अपनाउँदै कृषिमा आवद्ध हुनेको युवा जमात पनि ठूलो छ । तर, उखु खेतीमा थोरबहुत आधुनिकता भित्रिए पनि समय अनुसारको प्रविधि उपयोग नुहँदा आम्दानीको स्रोत घट्दै गएको पाइन्छ । आफ्नै उत्पादन माथिको हक आफूले उपभोग गर्न नपाउनाले वर्षौंबाट कृषकहरू आर्थिक तथा व्यवसायिक अधिकारबाट बञ्चित हुँदै आएका छन् । कृषकलाई स्थापित र व्यवसायिक बनाउन उत्पादनको रकम मिल सञ्चालकबाट समयमै दिने व्यवस्था मिलाउने र सरकारी अनुदान समेत समयमा पाउन सके स्थायित्व रहन्छ । सरकार नागरिकको अभिभावक भएकाले किसानहरूले पनि सरकारको अभिभाकत्व महसुस गर्न पाउने गरी योजना बनाउन आवश्यक छ।

**सुझाव**

अध्ययनका क्रममा किसानका सम्पूर्ण समस्यालाई नजिकबाट दृष्टिगोचर गरिसकेपछि विद्यमान समस्याको निराकरण गर्नका लागि उपयोगीहुन सक्ने केही सुझावहरू प्रस्तुत गरिएको छ।

- उखु कृषकहरूले बिक्री गरेको उखुको मूल्य कृषकहरूले यथासक्य छिटो पाउने व्यवस्था गर्नुपर्दछ।
- उखुको बाली तयार हुनु भन्दा पहिले र प्रशोधनमा लागि पठाउनु पूर्व नै उखुको बिक्री मूल्य निधार्रण गरिनु पर्दछ।
- सरकारबाट उखु किसानलाई दिइने अनुदानबापतको रकमपाउने प्रक्रिया सहज र कम झन्झटिलो गराउनु पर्दछ।
- उखु कृषिमा समय अनुसारको वैज्ञानिक प्रविधि र औजारहरू उपयोगमा ल्याउन सरकारका निकायहरूबाट विशेष पहल र निगरानी गरिनु पर्दछ।
- समयमै सिंचाई र मल (कम्पोष्ट र रासायनिक ) को व्यवस्था गरी उखुबालीको उत्पादन वृद्धि गराउनु पर्दछ।

**सन्दर्भ सामग्री**


- https://www.agriculturejournal.org/volume7number2/dynamics-and-economic-analysis-of-sugarcane-production-in-eastern-plains-of-nepal/
- संयुक्त राष्ट्रसङ्घको व्यवसाय र मानव अधिकार सम्बन्धी निर्देशक सिद्धान्त २०११
- http://annapurnapost.com/news/140817(बर्सेनी ठगिँदै उखु किसान )
- नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० – पृष्ठ नं ७०
- https://myrepublica.nagariknetwork.com/news/sugarcane-farming-done-in-81-000-hectares-of-land-but-not-prospering/
- ekantipur.com
- नेपालको संविधान
- उखु कृषकलाई अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७५
- इन्सेक अनलाइनमा प्रकाशित गुलियो खेती गर्नेका तिता अनुभव ०७७ पुस १ गते
- विभिन्न पत्रपत्रिका रासस ,
- बुद्धदपर्ण , राष्ट्रिय दैनिकपत्रिका ,
- लुम्बिनी दैनिक ,
- लुम्बिनी दर्पण साप्ताहिक,
- राष्ट्रिय दैनिक मेचिकाली पत्रिकामा प्रकाशित समाचार
- https://baahrakhari.com/news-details/304902/2021-01-03

परिच्छेद ३

# ३.५ कर्णाली प्रदेशमा बालविवाह : बाल अधिकार उल्लङ्घनको चक्र

**पृष्ठभूमि**

विवाह भन्नाले व्यक्तिहरूबिच सामाजिक सम्बन्ध र संस्थाको रूपमा प्रचलित कानुनी, धार्मिक, सांस्कृतिक र व्यवहारिक अभ्यासलाई बुझिन्छ । जसलाई चलनचल्तीमा 'बिहे' भन्ने गरिन्छ। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ११ को विवाहसम्बन्धी कसुरअन्तर्गत दफा १७३ को उपदफा १ मा विवाहका लागि कानुनी उमेर २० वर्ष तोकिएको छ। हरेक सभ्य समाज एवम् राष्ट्रले विवाहका लागि उमेरको हदबन्दी तोक्ने गर्छन्। विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। आफूले रोजेको वा विवाहका लागि सहमत व्यक्तिसँग आफ्नो परम्परागत संस्कार वा व्यक्तिको चाहना अनुसार विवाह गर्न पाउने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनु पर्दछ।

नेपालको संविधान, २०७२ ले बालविवाहलाई बाल अधिकार हननको विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ। ह्युमन राइट्स वाचले सन् २०१६ मा प्रकाशन गरेको प्रतिवेदनलाई उद्धृत गर्दै बीबीसी नेपाली सेवाले लेखेअनुसार नेपालमा १८ वर्ष नपुग्दै झण्डै ३७ प्रतिशत किशोरीहरूको विवाह भइरहेको छ । सरकारको बालविवाहविरुद्धको रणनीति, २०७२ अनुसार नेपाल दक्षिण एशियामा बालविवाह बढी हुने मुलुकमा बंगलादेश र भारतपछि तेस्रो स्थानमा पर्दछ। त्यसैगरी, युनिसेफले सन् २०१७ मा सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार नेपालमा ४० प्रतिशत बालिकाहरूले आफ्नो १८ औँ जन्म दिन मनाउन नपाउँदै बालविवाह गर्दछन् भने सात प्रतिशतले १५ वर्षअगावै बालविवाह गर्दछन् । यसो हुनुमा महिलाभन्दा पुरूषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैङ्गिक विभेद, गरीबी, अशिक्षा, असुरक्षाजस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन्।

नेपाल बालविवाह हुने मुलुकको सूचीमा १६ औँ स्थानमा पर्ने र बालकको तुलनामा सङ्ख्यात्मक रूपमा धेरै बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको girlsnotbrides.org मा उल्लेख छ। अर्कोतर्फ यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरूको विवाह १८ वर्ष भन्दा कम उमेरमा हुने गरेको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ ले नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नुअगावै भएको उल्लेख गरेको छ । तर, युनिसेफले प्रकाशन गरेको तथ्याङ्कअनुसार सोही उमेर समूहका १० मध्ये १ पुरुषको विवाह बाल्यावस्थामा हुने गरेको छ । बालविवाहले बालबालिकालाई आधारभूत अधिकारबाट बञ्चितमात्र गराउँदैन उनीहरू आफ्नो भावी जीवनको ढाँचा निर्धारण गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन्।

विशेषगरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटा मात्र अधिकारको उल्लङ्घन नभई थप अधिकार उल्लङ्घन र हिंसा वृद्धि हुने अवस्था रहन्छ।

नेपालमा बालविवाहको दर विकास क्षेत्र, बसोवास क्षेत्र, आर्थिक, सामाजिक अवस्था, जातजाति, धर्म, समुदाय तथा शैक्षिक अवस्थाको विविधता र अन्य भिन्नताका आधारमा फरकफरक रहेको छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरूको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ।

राष्ट्रसङ्घीय जनसङ्ख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोवास गर्नेमध्ये ४३ प्रतिशत र शहरमा बस्नेमध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन्। अशिक्षा र कम आयस्रोत भएका परिवारका बालिकाहरू बालविवाहको बढी जोखिममा रहेको पाइएको छ । तथ्याङ्कअनुसार प्रवेशिका वा सोभन्दा धेरै पढेका महिलाहरूको विवाह गर्ने उमेर २२ वर्ष रहेको देखिन्छ भने विद्यालय नगएका महिलाहरूको विवाह गर्ने उमेर १७ वर्ष भएको देखिन्छ। त्यस्तै, आर्थिक अवस्था

सबल भएकाभन्दा कमजोर भएका महिलाहरूको सालाखाला दुई वर्ष कम उमेरमै विवाह भएको पाइन्छ। अध्ययनहरूले सार्वजनिक गरेका प्रतिवेदनअनुसार नेपालमा कर्णाली प्रदेशका जिल्लाहरूमा बालविवाहका कारण हुने बालअधिकार हनन्का घटनाहरू अधिक रहेको र त्यसको न्यूनीकरणका लागि सरकार, समाज र सामाजिक संस्थाहरूको एकीकृत पहलकदमी हुनु आवश्यक देखिन्छ।

**बालविवाहका कारण हुने समस्याहरू**

बालविवाह एक गम्भीर प्रकृतिको मानव अधिकार उल्लङ्घनको घटना हो। बालविवाह भएका बालबालिकाले उमेर नपुग्दै वयस्कहरूजस्तै जिम्मेवारी बहन गर्नुपर्ने भएकोले उनीहरू शिक्षा र रोजगारीका अवसरहरूबाट वञ्चित हुन्छन्। बालविवाहको अन्त्य नहुँदा र बालबालिकामाथि विभिन्न हिंसाका जोखिम बढ्ने र आफ्नो क्षमता अभिवृद्धिका लागि गरिने प्रयत्नमा असुविधा पुग्ने हुन्छ। सक्षमताको कमीका कारण जीवनमा नकारात्मकताको प्रभाव थपिँदै जाने र बहिस्करणको दुस्चक्र फस्दै जाने देखिन्छ। ह्युमन राइट्स वाचले गरेको बालविवाहसम्बन्धी एक अध्ययनका अनुसार बालिकाहरूले छिटो विवाह गर्नुका कारण शिक्षाको अवसरबाट बञ्चित हुनु परेको छ। चेतनाको कमीले गर्दा कम उमेरमै गर्भवती हुने र त्यसको परिणामस्वरूप बालिका आमा बन्ने र सुत्केरी हुन् नसकेर मृत्युसमेत अङ्गालेका घटनाहरूमा वृद्धि भएको पाइन्छ।

२० वर्षभन्दा कम उमेरमा हुने विवाहले गरिबी, बालिका बेचबिखन तथा ओसारपसारका घटनामा वृद्धि भएका छन्। सम्बन्ध विच्छेदका घटनामा वृद्धि हुनु र महिला हिंसाका घटना बर्सेनी थपिनुलाई पनि बालविवाहको नकारात्मक परिणामको रूपमा लिएको छ। जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेद र बहुविवाहका मुद्दा हेर्ने हो भने झण्डै ४० प्रतिशत पीडितहरू २५ वर्षमुनिका छन्। यस्तै, स्वास्थ्य सेवा कार्यालयको तथ्याङ्क केलाउने हो भने प्रसुती सेवा लिएका २५ प्रतिशत महिला २० वर्ष मुनिका छन्। सरकारले बालविवाहको अन्त्यका लागि गरेका प्रतिबद्धता र बालविवाह हुनुका कारण पहिचान गर्नु तथा समस्या समाधानका लागि सामाजिक संस्थाको तर्फबाट सामाजिक परिचालनका अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ।

**अध्ययनको उद्देश्य**

- बालविवाह अन्त्यका लागि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन र आवश्यकतानुसार कानुनको संशोधन एवम् परिमार्जनका लागि सुझाव दिने।
- बालविवाह अन्त्यका लागि राज्यले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयनको अवस्था विश्लेषण गर्ने।
- बालबालिका विशेषतः बालविवाहको जोखिममा रहेका तथा प्रभावितहरूको उत्थानमा अभिवृद्धि गर्न सामाजिक तथा मानव अधिकार संस्थाहरूको सहकार्य सुदृढ गर्न।

**अध्ययनको विधि**

यस आलेख तयार पार्दा बालविवाह अन्त्यका लागि सरकारले विभिन्न समयमा व्यक्त गरेका प्रतिबद्धता, रणनीति, कानुन तथा यस सम्बन्धमा गरिएका पूर्व अध्ययनहरूको समीक्षा गरिएको छ। अध्ययनका लागि कर्णाली प्रदेशको सल्यान जिल्लामा रहेको बालविवाहको तथ्याङ्क जिल्लामा रहेका विभिन्न सरोकारवाला निकायहरू, बालविवाहबाट पीडित बालबालिका, बालविवाहको अन्त्यका लागि लागिरहेका अभियन्ताहरू, विभिन्न सङ्घसंस्था, राजनीतिक दलका प्रतिनिधि, सरकारी कार्यालयका प्रतिनिधि, स्थानीय तहका पदाधिकारी, समाजसेवी, बुद्धिजिवी आदिसँग छलफल गरिएको छ।

स्वास्थ्य सेवा कार्यालय सल्यानको तथ्याङ्क, जिल्ला प्रहरी कार्यालय सल्यान र प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क तथा जिल्ला अदालत सल्यानको तथ्याङ्क प्रयोग गरिएको छ। यसका साथै बालविवाह न्यूनीकरणका लागि विभिन्न व्यक्तिहरूबाट लेखिएका पुस्तक, सञ्चार माध्यमहरूमा प्रकाशित तथा प्रसारित समाचार तथा लेखहरू, सरकारका तीनै तहबाट जारी भएका ऐन, कानुन, रणनीतिहरू, इन्सेकका प्रकाशित र सङ्कलित तथ्याङ्क तथा अन्तर्राष्ट्रिय प्रावधानहरूलाई अध्ययनको सामग्रीको रूपमा लिइएको छ।

**अध्ययनको सीमा**

बालविवाह सल्यानलगायत कर्णालीको मात्र नभई समग्र देशभरि भए तापनि प्रस्तुत अध्ययनले सल्यान जिल्लालाई मात्र समेटेको छ। बालविवाह

अन्त्यका लागि राज्यले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयनका पक्षमा अध्ययन केन्द्रित छ। बालविवाह वर्तमान अवस्था, समस्या, भइरहेका प्रयास तथा हुन नसकेका कामहरू दर्शाउन अध्ययन केन्द्रित छ।

**कर्णाली प्रदेशमा बालविवाहको अवस्था**

राष्ट्रिय जनगणना २०६८, अनुसार कर्णाली प्रदेशमा ५२ प्रतिशतले बालविवाह गर्ने गरेका छन्। सबैभन्दा बढी बालविवाह रुकुम पश्चिममा ७१ प्रतिशत र सबैभन्दा कम डोल्पामा ५० प्रतिशत देखिन्छ। समग्रमा कर्णाली प्रदेशमा बालविवाहको अवस्था उच्च रहेको छ। कर्णालीका सल्यान र जुम्लामा ७० प्रतिशत, दैलेखमा ७१ प्रतिशत, जाजरकोटमा ६६ प्रतिशत, कालीकोटमा ५९ प्रतिशत, मुगुमा ५७ प्रतिशत र हुम्लामा ५२ प्रतिशत रहेको राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कमा उल्लेख गरिएको छ।

कर्णाली प्रदेशमा बालविवाह बाल संरक्षणको प्रमुख सवाल हो। सरकारी तथा गैरसरकारी संस्थाहरूले बालविवाह न्यूनीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। फलस्वरूप बालविवाहविरुद्धको जनचेतना वृद्धि भएर यसका सकारात्मक प्रभाव देखिनुपर्नेमा स्वरूप र कारणमा परिर्वतन आए पनि सङ्ख्यामा भने उल्लेख्य कमी आएको छैन। पहिला बाबुआमाले बालविवाह गरिदिन्थे भने अहिले केटाकेटी आफैँले बालविवाह गर्ने गरेको पाइन्छ।

मुलुकी अपराध संहिता २०७४ को दफा १७३ को उपदफा १ अनुसार विवाह गर्नका लागि केटा र केटीको उमेर २० वर्ष पुगेको हुनुपर्ने व्यवस्था गरेको छ। कर्णाली प्रदेशमा १० वर्ष मुनिकाले पनि विवाह गरेको तलको तालिकाबाट देखिन्छ। बालविवाहका घटनामा अधिकांश बालबालिकाले १५ देखि १९ वर्षभित्र विवाह गर्ने गरेको देखिन्छ।

राष्ट्रिय जनगणना २०६८, अनुसार १५ देखि १९ वर्षभित्र विवाह गर्नेको सङ्ख्या सबैभन्दा बढी सल्यानमा ६२.८८ प्रतिशत देखिन्छ। तर समग्र तथ्याङ्कले दैलेख र जुम्ला जिल्ला सबैभन्दा बढी बालविवाह हुने जिल्ला भएको देखिन्छ। तथ्याङ्कको अध्ययन गरी इन्सेकले यस वर्षको आलेखमा सल्यान जिल्लाभित्रको अवस्था विश्लेषण गरेको छ।

**सल्यानको अवस्था**

सल्यान जिल्लाका ग्रामीण क्षेत्रमा अहिले पनि सानै उमेरमा विवाह गर्ने प्रचलन उच्चदरमा रहेको छ। जिल्लामा बालविवाहको हालको अवस्थाबारे कसैसँग एकीन तथ्याङ्क नभए तापनि अस्पतालमा प्रसुती गराउने सङ्ख्या, अदालतमा पर्ने बालविवाह, बहुविवाह र सम्बन्धविच्छेद मुद्दाका सङ्ख्या तथा प्रहरी कार्यालयको तथ्याङ्क केलाउने हो भने जिल्लाको बालविवाहको अवस्था सहजै देख्न सकिन्छ।

सल्यान जिल्ला अस्पतालले दिएको तथ्याङ्कअनुसार ०७७ वैशाखदेखि कात्तिकसम्मको सात महिनाको अवधिमा ७ सय ७७ महिलाहरूले प्रसुती सेवा लिए। सेवा लिनेमध्ये १ सय ९२ अर्थात् २५ प्रतिशत महिलाहरू २० वर्ष मुनिका थिए भने उमेर नपुगी गर्भाधान गरेर प्रसूति सेवा लिएकामध्ये ६ जनाले बच्चा जन्माउन नसकेर शल्यक्रिया गर्नु परेको अवस्था थियो। यसैगरी, सात जनामा उल्टो बच्चा बस्ने समस्या, तीन जनामा सुत्केरी भएर रगत बगिरहने समस्या, दुई जनाका बच्चाले श्वास फेर्न गाह्रो भएको र एक जनाको पेटमै बच्चा मरेको जस्ता समस्या रहेको देखियो।

जिल्ला अदालत सल्यानको तथ्याङ्कलाई तुलना गर्ने हो भने जिल्लामा बालविवाहको अवस्था भयावह रहेको बुझ्न सकिन्छ। ग्रामीण क्षेत्रमा सानै उमेरमा भएका विवाहहरू सम्बन्ध विच्छेद गर्नुपर्ने र बहुविवाहको मुद्दा दायर गर्नुपर्ने अवस्थामा २० वर्ष पुरा भएपछि मात्रै अदालतमा पुग्छन्। आर्थिक वर्ष ०७६/०७७ मा जिल्ला अदालत सल्यानमा दर्ता भएका सम्बन्ध विच्छेदका १ सय २ मुद्दामध्ये ३९ ओटा मुद्दामा महिलाहरू २५ वर्ष मुनिका छन्। बहुविवाहका १७ मुद्दामध्ये सात ओटा

**जिल्लागत रूपमा २० वर्षमुनि विवाह गर्नेको तथ्याङ्क (प्रतिशत)**



**उमेर अनुसार बाल विवाह गर्नेको सङ्ख्या (प्रतिशत)**

| जिल्ला | १० वर्षमुनि | १० देखि १४ वर्ष | १५ देखि १९ वर्ष |
|---|---|---|---|
| रुकुम पश्चिम | ०.०८ | ९.७१ | ६१.२७ |
| सल्यान | ०.१ | ६.९ | ६२.८८ |
| सुर्खेत | ०.४९ | ९.६९ | ५८.६४ |
| दैलेख | ०.७५ | ११.१९ | ५८.७२ |
| जाजरकोट | ०.२२ | ७.५३ | ५८.११ |
| डोल्पा | ०.११ | ४.११ | ४५.७३ |
| जुम्ला | ०.५२ | १०.७२ | ५८.५२ |
| कालिकोट | ०.४३ | ८.०९ | ५०.६५ |
| मुगु | ०.१४ | ५.०७ | ५२.१८ |
| हुम्ला | ०.१२ | ६.१५ | ४६.११ |

मुद्दामा पीडितको उमेर २५ वर्ष मुनि छन्। उनीहरूमध्ये धेरैको बालविवाह भएको बताइएको छ।

आर्थिक वर्ष ०७६/०७७ मा जिल्ला अदालत सल्यानमा बालविवाहका नौ ओटा मुद्दा दर्ता भएका छन् । जसमा अधिकांश मुद्दामा अविभावकको मञ्जुरीविना बालविवाह भएको र पछि अभिभावकहरूले मञ्जुरी दिएको देखिन्छ। यस अघिका वर्षहरूमा बालविवाहसँग सम्बन्धित मुद्दाहरू कानुनी प्रक्रियामा नगन्यरूपमा मात्रै आउने गरेका थिए।

जिल्लाको पछिल्लो अवस्थालाई हेर्ने हो भने बालविवाह अन्त्यका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रयासहरू भइरहेको देखिन्छ। सल्यान प्रहरीले जिल्लाका स्थानीय तह तथा सबै सरोकारवालासँग मिलेर घरघरमा स्टीकर राख्ने अभियान सुरू गऱ्यो। प्रहरी जिल्लाका सबै नागरिकका घरमा पुगेर प्रहरीका सबै तह

**घटना अध्ययन**

**घटना १**

सल्यान जिल्ला त्रिवेणी गाउँपालिका–५ लुहामकी २१ वर्षीया युवतीको पाँच वर्षअघि १६ वर्षको उमेरमा ०७२ वैशाख ५ गते विवाह भयो। कानुनले गैरकानुनी ठहरिए पनि शारदा नगरपालिका–७ कुरलका आफूभन्दा २ वर्ष बढी उमेरका युवासँग उनको बिहे भयो । उनीहरूबिच पढाइकै सिलसिलामा भएको चिनजान प्रेममा परिणत भएर बिहेको विन्दुसम्म पुग्यो। बिहे हुने बेलामा केटा १८ वर्ष र केटी १६ वर्षका थिए। सानै उमेरमा विवाह भएका कारण उनीहरूमा निर्णय गर्न सक्ने क्षमताको विकास भइसकेको थिएन। विद्यालय पढ्दापढ्दै विवाह गरेका कारण उनीहरूको पढाइले पनि गति पाउन सकेन। विवाहपछि उनीहरूबाट एक छोरीको जन्म भयो । अहिले दुई वर्षकी छन्। कम उमेरमा भएको विवाह, जसका कारणले बिग्रिएको पढाइ, दिनानुदिनको घरायसी कामकाज आदिले उनीहरूबिचको प्रेममा विस्तारै दरार पैदा हुँदै आयो। सानोसानो कुरामा पनि झगडा हुने, एकले अर्कोलाई गाली गर्ने, कुटपिट गर्नेजस्ता घरमा अशान्ति हुने क्रियाकलाप दिनानुदिन बढ्दै आयो। फलस्वरूप ती महिला सम्बन्ध विच्छेद गर्ने निर्णयमा पुगिन्।

०७५ माघ २ गते पतिले बिहानको खाना पकाइरहेको समयमा निलडाम हुने गरी कुटपिट गरेको भन्दै पीडितले २०७७ भदौ १६ गते जिल्ला अदालत सल्यानमा सम्बन्ध विच्छेको मुद्दा दायर गरिन्। कुटपिटको आरोप लगाउँदै सम्बन्ध विच्छेदको आरोपमा मुद्दा दायर गरेको भए तापनि ०७५ जेठ १६ गते छोरी जन्मेपछि माइती बस्न गएदेखि पत्नी नफर्किएको पतिले दावी गरे। यसरी उनीहरूबिच आरोप प्रत्यारोप बढ्दै गयो। अदालतले दिएको मेलमिलापको समयमा समेत उनीहरूबिच मेलमिलाप हुन सकेन। अन्ततः दुवै पक्ष सम्बन्धविच्छेद गर्न राजी भए र सानै उमेरमा विवाह गरेका उनीहरूबिच विवाह गर्ने उमेर भई नसक्दै सम्बन्ध विच्छेद भएर बस्नुपर्ने अवस्था आयो । अदालतले पनि दुवै पक्ष सम्बन्ध विच्छेदको निम्ति राजी भएपछि सम्बन्ध विच्छेदको फैसला सुनायो। सम्बन्ध विच्छेदपछि पीडित महिला अहिले माइतीमै बस्दै आएकी छन् भने पुरुष पनि घरमै बसेर मजदुरी गर्दै आएका छन्। सानै उमेरमा भएको विवाहका कारण उनले न त पढ्न पाइन् न त उनको वैवाहिक जीवन नै सफल बन्यो। उनीजस्ता उमेर नपुग्दै भएको विवाहका कारण सम्बन्ध विच्छेद र बहुविवाहको शिकार हुन पुगेको यो उदाहरण हो।

**घटना २**

राप्ती राजमार्गको सल्यान–दाङ सडकखण्डअन्तर्गत कपुरकोट गाउँपालिकाको कपुरकोट बजारबाट कपुरकोट रिम सडक खण्ड हुँदै करिब ६ किलोमिटर अगाडि बढेपछि कपुरकोट गाउँपालिका–५ रिममा रहेको शितलबजारमा पुग्न सकिन्छ। शितलबजारको सुरूमै प्रहरीको चेक प्वाइन्ट छ। ०७७ साउन १२ गते दिउँसो साढे तीन बजेको समयमा चेक प्वाइन्टमा भे१ ज ३८४ नम्बरको जीप रोकियो। विवाहको जस्तो देखिने गाडीमा चेक जाँचको क्रममा गाडीमा सवार यात्रुमाथि प्रहरीलाई शङ्का लागेपछि सोधपुछ गर्दा बालविवाह भएको खुल्न आयो।

र निकाय, एम्बुलेन्स, प्रशासन, न्यायिक निकाय आदिको फोन नम्बर र बालविवाहविरूद्धका नारा भएको स्टीकर टाँस्ने काम गऱ्यो।

प्रहरीको यो बालविवाह रोक्ने कदमपछि अहिले कुनै घटना हुने बित्तिकै तत्काल प्रहरीलाई फोन आउने गरेको प्रहरीको दावी छ। प्रहरीले बालविवाहका घटनाबारे जानकारी प्राप्त गर्ने बित्तिकै कारबाही प्रक्रियामा अगाडि बढाउने गरेको बताएको छ। इन्सेकले गरेको अभिलेखअनुसार प्रहरीले बालविवाहविरूद्धका पाँच मुद्दामा २३ जनालाई कारबाहीको मागसहित कानुनी प्रक्रिया अघि बढाएको छ। यस्तै प्रहरीले विवाह हुनु पहिले नै थाहा पाएर एक वर्षको अवधिमा १० ओटा बालविवाह हुनबाट रोकी बालबालिकालाई अविभावकको जिम्मा लगाएको छ। बालविवाहका मुद्दामा सल्यान प्रहरीले संलग्नताको आधारमा दुलाहादुलही उनीहरूका आमा बुवा, पण्डित र निम्तो कार्ड छाप्ने छापाखानामाथि समेत मुद्दा प्रक्रिया अघि बढाउने गरेको छ।

**बालविवाहको प्रभाव**

बालबालिकाले आफैले गरेका विवाहका घटनामा अभिभावकले फर्काउने र अविभावकले विवाह गरिदिँदा बालबालिकाले नमान्ने खालका घटनाहरू पनि देखिन्छ। यसले बालबालिकालाई मानसिक समस्यातिर धकेल्न सक्छ। उमेर नपुगेर विवाह गऱ्यो र उनीहरूलाई तुरुन्तै परिवार, प्रहरी गएर फर्काइयो भने अबको बाँकी जीवन बेकार छ, विवाह गर्नु वास्तवमा घातक रहेछ, अब मेरो वैवाहिक जीवन राम्रो हुँदैन भन्ने खालको निराशाभाव पैदा गर्छ। मित्रता, विवाह भनेको पीडा दिने विषय हो भनेर उनीहरूले बुझ्न सक्छन्। कतिपय किशोरीहरूलाई पुरुष भनेको हिंस्रक हुन्छ, यसले नराम्रो व्यवहार गर्छ, पुरूषबाट सुरक्षित हुन सक्दिन भन्ने मनोविज्ञान भएको पाइन्छ। यस्तै कतिपय किशोरहरूमा महिलाहरूप्रति हेर्ने दृष्टिकोण, घरका अविभावकहरूमा पनि विषेशगरी आमा, महिला अविभावकहरूलाई हेर्ने दृष्टिकोणमा एकखालको नकारात्मक सोचाइ विकसित भएर जान सक्छ। बालविवाहका असरहरू तत्कालीन र दीर्घकालीन हुने देखिएकोले निम्न अनुसार प्रस्तुत गरिएको छ।

**स्वास्थ्य सेवा कार्यालय सल्यानमा २० वर्ष नपुग्दै प्रसुति भएका महिलाहरूको त्रीवर्षीय सङ्ख्यात्मक विवरण**

| महिना | आ.व. ०७४/०७५ | | आ. व. २०७५/०७६ | | आ. व. ०७६/०७७ | |
|---|---|---|---|---|---|---|
| महिना | प्रसूति हुने महिलाको जम्मा सङ्ख्या | १४ देखि १९ वर्षभित्र प्रसूति भएका महिलाको सङ्ख्या | प्रसूति हुने महिलाको जम्मा सङ्ख्या | १४ देखि १९ वर्षभित्र प्रसूति भएका महिलाको सङ्ख्या | प्रसूति हुने महिलाको जम्मा सङ्ख्या | १४ देखि १९ वर्षभित्र प्रसूति भएका महिलाको सङ्ख्या |
| साउन | १३८ | ४८ | १६६ | ५९ | १५७ | ४० |
| भदौ | १३१ | ३८ | १०२ | ३२ | १२३ | ३९ |
| असोज | १०० | ४१ | १२७ | ४४ | ११३ | ३१ |
| कात्तिक | १११ | ४० | ९२ | ३० | ११२ | २३ |
| मङ्सिर | ८४ | २५ | ७२ | १९ | १२१ | २२ |
| पुस | १०४ | ३५ | ९५ | ३५ | ९६ | २४ |
| माघ | १०७ | ३१ | ८६ | २५ | ११७ | २३ |
| फागुन | ११४ | ४४ | १११ | ३१ | १२४ | २७ |
| चैत | ८२ | ३९ | १३० | ५२ | ११७ | ३० |
| वैशाख | ११२ | ३४ | १२७ | ४१ | ९३ | २१ |
| जेठ | १२१ | ४० | ११४ | ३५ | ९५ | २९ |
| असार | १११ | ४३ | ७१ | २२ | १३२ | २२ |
| जम्मा | १२१५ | ४५८ | १२९३ | ४२५ | १४१० | ३३१ |

**बालविवाहको तत्कालीन परिणाम**

- शारीरिक तथा मानसिक रोगको शिकार हुने सम्भावना हुन सक्छ।
- सानै उमेरमा सम्बन्ध विच्छेदको सम्भावना बढी हुन्छ।
- बालविवाहपछि स्वास्थ्य र शिक्षाको अधिकारसमेत गुमाउँछन्।
- कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुन्छ।
- अपाङ्गता भएका सन्तान जन्मन सक्छन्।
- गर्भावस्था तथा सुत्केरी हुँदा घरपरिवारबाट सहयोगी व्यवहार नहुने, शारीरिक तथा मानसिक विकास हुन पाउँदैन।

**बालविवाहको दीर्घकालीन परिणाम**

बालविवाह बदर हुँदा बालबालिकाको जीवनमा दीर्घकालीन असर पर्ने सम्भावना धेरै रहन्छ। उनीहरूले जीवनलाई हेर्ने दृष्टिकोण, वैवाहिक जीवनलाई हेर्ने दृष्टिकोण र वैवाहिक जीवनभित्र सुख देख्न नसक्ने खालको असर पर्छ। सानैमा विवाह गर्दा सन्तान छिटो जन्मिने, पढाइ रोकिने, आर्थिक रूपमा असर पर्छ भन्ने उनीहरूले बुझेकै हुँदैनन्। विवाहपछि पतिपत्नीबिच द्वन्द्व, सम्बन्ध विच्छेद, दोस्रो विवाहजस्ता समस्या अहिले पनि बालविवाहले निम्त्याइरहेको छ।

- व्यवहारिक कुरा बुझ्न नपाउँदै जीवन बर्बाद हुन सक्ने, यौनाङ्गमा हानि हुन सक्ने र परिवार चलाउन नसक्ने अवस्थामा पुगिने।
- विवाहपछि बालबालिकाको पढाइ बिग्रने, बिरामी हुने, छिटो बच्चा जन्मिने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट बञ्चित हुने।
- घरमा विभेद र घरेलु हिंसा सहन बाध्य हुने।
- आर्थिक समस्या उत्पन्न हुने।

**पारिवारिक तथा सामाजिक पुनर्मिलनको अवस्था**

अहिले नेपालको कानुनले पनि २० वर्ष मुनिको उमेरमा विवाह गरे बदर हुन्छ भनेको छ। २० वर्षमुनिको विवाह विकासको दृष्टिकोणबाट, मनोवैज्ञानिक दृष्टिकोणबाट सबै किसिमबाट यो सही होइन भनेर उल्लेख छ। यदि बालबालिकाले उमेर नपुग्दै विवाह गरेमा सर्वप्रथम बालबालिकालाई मनोपरामर्श दिन जरुरी छ। तर अहिलेसम्म यस्तो व्यवस्था हुन सकेको देखिँदैन। जिल्ला अदालत सल्यानमा आ.व. ०७६/०७७ मा दर्ता भएका नौ ओटा बालविवाहका मुद्दा तथा प्रहरीले विवाह हुनुपूर्व थाहा पाएका विवाह हुन नपाएका १० घटनामा पीडित बालबालिकालाई कसैले पनि परामर्श दिएको देखिँदैन। त्यसैले सामाजिक पुनर्मिलनका लागि निम्न कार्यहरू गर्न जरुरी देखिन्छ :

- विवाह गरिसकेकालाई अलगअलग राखेर परामर्श दिनुपर्छ।
- बालविवाहले उनीहरूको दाम्पत्य जीवनमा आउन सक्ने अप्ठ्यारा र त्यसलाई समाधान गर्न सक्ने सम्भावना, सीपको बारेमा पनि छलफल गर्नुपर्छ।
- थाहै नपाएर गरेका बालविवाहलाई कानुनको पछाडि लागेर, हाम्रो संस्कारको पछाडि लागेर जबरजस्ती छुट्याउँदा थप समस्याहरू हुन

**जिल्ला अदालत सल्यानका सम्बन्धविच्छेद, बालविवाह र बहुविवाहका मुद्दाका सङ्ख्यात्मक विवरण**

| विवरण | आ.व. ०७५/०७६ | | आ. व. २०७६/०७७ | | आ. व. ०७७/६०७८ को पहिलो ६महिना | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सम्बन्ध विच्छेदको मुद्दा | ११९ | | १०२ | | ८५ | |
| २५ वर्ष नपुग्दैका सम्बन्ध विच्छेदका मुद्दा | ४६ | ३९ | ३९ | ३८ | ३० | ३५ |
| बहुविवाहका मुद्दा (साउन-फागन) | १७ | | १७ | | १५ | |
| २५ वर्ष नपुग्दैका बहुविवाहका मुद्दा (साउन-फागुन) | ८ | ४७ | ७ | ३८ | ५ | ३३ |
| बालविवाहका मुद्दा | ६ | | ९ | | ७ | |

सक्छ। त्यसैले दुवैजनालाई सँगै राखेर उनीहरूको जीवनको बारेमा छलफल गरिसकेपछि मात्र केटाकेटीलाई छुट्याउनुपर्छ । यति गर्दा पनि उनीहरू छुट्टिन मानेनन् भने उमेर पुगेपछि त्यही जोडीबिच विवाह गर्ने भन्ने सहमतिअनुसार उनीहरूको सम्बन्ध मित्रताको रूपमा रूपान्तरण गरी राख्न सकिन्छ।

- उमेर पुगेपछि उनीहरूले विवाह गर्न सक्छन् भन्ने वातावरण सिर्जना गरी केटाकेटी दुवैलाई सहमति गराउन सकिन्छ । प्रेममा असफल भएकै कारणबाट बालबालिकाले आत्महत्या गरेको, डिप्रेसनमा गएका घटनाहरू धेरै छन् । यो दुर्घटनाबाट बचाउनका लागि बालबालिकालाई मनोसामाजिक परामर्श दिनु आवश्यक देखिन्छ।

**संविधान, कानुन र कार्यान्वयनको अवस्था**

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रूपमा पहिचान गरेको छ। नीतिको रणनीति नं. ८.९ मा बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदायस्तरका सङ्घसंस्थाहरूलाई परिचालन गर्ने, बालविवाहविरुद्धको उजुरी सक्रियताका साथ लिने र कारबाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ। यसैगरी, रणनीति नं. ९.३ मा स्थानीयस्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बालविवाहविरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाउँस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चारलगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

**निष्कर्ष:**

- सल्यान जिल्लामा अहिले पनि बालविवाहको स्थिति चिन्ताजनक रहेको देखिन्छ । राज्यका संयन्त्रहरू, स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार तथा सरकारी कार्यालयहरू, राजनीतिक दल, नागरिक समाज सबैले बालविवाहविरुद्धको अभियानमा हातेमालो भएको देखिँदैन।
- बालविवाहको उन्मूलन गर्न राज्यका विभिन्न तहबाट भएका विशेषगरी छोरीहरूको सशक्तीकरण कार्यक्रम प्रभावकारी भएको देखिँदैन।
- बालविवाहसम्बन्धी जोडिएका पुराना परम्परागत संस्कृति र जातीय व्यवस्थाहरू बदलिएका देखिँदैन।
- समुदायसँग नजिक रहेको स्थानीय सरकारसँग बालविवाहविरुद्ध अभियान सञ्चालन गर्न प्रभावकारी रणनीति छैन।

**बालविवाह सम्बन्धी कर्णाली प्रदेश कार्यालयको त्रीवर्षीय सङ्ख्यात्मक विवरण**

| क्र.सं. | जिल्ला | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|
| | | बालविवाह | बालविवाह | बालविवाह |
| १. | सुर्खेत | – | ७ | १ |
| २. | दैलेख | ३ | ७ | २ |
| ३. | जाजरकोट | – | – | – |
| ४. | रुकुम | १ | – | २ |
| ५. | सल्यान | – | ३ | ५ |
| ६. | जुम्ला | – | २ | २ |
| ७. | हुम्ला | – | – | – |
| ८. | मुगु | – | – | – |
| ९. | कालिकोट | – | – | – |
| १०. | डोल्पा | – | – | – |
| जम्मा | | ४ | ४ | ४ |

**सुझाव**

- बालविवाह गर्नु हुन्न भन्ने अभियान देशव्यापी रूपमा सञ्चालन गरी बालबालिकालाई सशक्तिकरण गर्न सबैले प्रतिबद्धता जनाउनु पर्छ।
- बालविवाह परम्परागत संस्कृति र जातीय व्यवस्थासँग जोडिएको विषय भएकाले त्यसलाई बदल्न घर, परिवार, समाज, राष्ट्र सबैको हातेमालो जरुरी छ।
- समुदायसँग नजिक स्थानीय सरकार रहने भएकाले बालविवाहको विषयमा घरदैलो कार्यक्रम गरी चेतना विकास गराउनुको साथै कानुनी कारवाहीलाई अझ बढी क्रियाशील बनाउनु जरुरी छ।

**सन्दर्भ सामग्री**


१. नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ (NDHS, 2011)
२. मुलुकी देवानी संहिता, २०७४
३. नेपालको संविधानको धारा ३९ को उपधारा (५)
४. बाल विवाहविरुद्धको रणनीति, २०७२
५. स्वास्थ्य सेवा कार्यालय सल्यानको तथ्याङ्क
६. जिल्ला प्रहरी कार्यालय सल्यानको तथ्याङ्क
७. जिल्ला अदालत सल्यानको तथ्याङ्क
८. संयुक्त राष्ट्रसङ्घद्वारा पारित विभिन्न महासन्धि र प्रस्तुत प्रतिवेदन
९. https://www.girlsnotbrides.org/child-marriage/nepal/
१०. नेपालमा बालश्रमको अवस्थाः एक विश्लेषण, प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत
११. कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत
१२. बालविवाहमा नेपाल एसियामै तेस्रो - BBC News नेपाली
१३. बालकहरूको बालविवाह धेरै हुने मुलुकहरूमध्ये नेपाल विश्वकै शीर्ष दशमाः युनिसेफ (unicef.org)

परिच्छेद ३

# ३.६ कोभिड-१९ को प्रभाव : भारतबाट फर्किएका सुदूरपश्चिम प्रदेशका नागरिकहरूको आर्थिक, सामाजिक अवस्था

**पृष्ठभूमि**

नेपालमा चीनबाट आएका व्यक्तिमा २०७६ माघ ९ गते पहिलोपटक कोभिड- १९ सङ्क्रमण पुष्टि भएको थियो । त्यसयता फैलिएको सङ्क्रमण यस वर्षको अन्त्यसम्म नियन्त्रणमा आए । सन् २०२० को अन्त्यसम्म नेपालमा कोभिड- १९ को सङ्क्रमणबाट १ हजार ८ सय ५६ जनाको मृत्यु भएको तथा २ लाख ६० हजार ५ सय ९३ जना सङ्क्रमित भएको तथ्याङ्क स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गऱ्यो। सुदूरपश्चिम प्रदेशमा २०७६ चैत १४ गते पहिलो सङ्क्रमित पहिचान गरिएको थियो । यस वर्षको अन्त्यसम्म १४ हजार ३ सय २९ जना कोभिड-१९ सङ्क्रमित भएकामा ६० जनाको मृत्यु भयो । कोभिड सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले चैत ११ गतेदेखि बन्दाबन्दी घोषणा गऱ्यो । भारत सरकारले नेपाल सरकारले भन्दा केही दिन अघि देशव्यापी बन्दाबन्दी घोषणा गरेको थियो। बन्दाबन्दीसँँगै रोजगारीमा परेको सङ्कटका कारण लाखौँ नेपाली विभिन्न तरिकाले भारत-नेपाल सीमामा आइपुगे । रोजगारी गुमाएका, मनोसामाजिक प्रभाव तथा अन्य सामाजिक पारिवारिक कारणले गर्दा बन्दाबन्दीको समयमा नेपाल फर्किएका नागरिकले सीमानादेखि नै हण्डर व्यहोरे । आफ्नो थातथलो फर्किएपछि पनि नेपालको संविधानले सुनिश्चित गरेका आधारभूत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग पाएनन्।

सुदूरपश्चिम प्रदेशका नागरिकहरूको आयआर्जन तथा जिविकोपार्जनका लागि भारतमा रोजगारी गर्न जाने परम्परा र बाध्यता दुवै रहँदै आएको छ । वैदेशिक रोजगारमा हुने श्रम आप्रवासनको इतिहासमा फर्केर हेर्दा वि.सं. १८१६ को नेपाल र तत्कालीन इस्ट इन्डिया कम्पनीबिच सम्पन्न भएको सुगौली सन्धिदेखि वैदेशिक रोजगार श्रम आप्रवासनको सुरु भएको लिखित इतिहास छ। सुगौली सन्धिपछि नेपालीहरू बर्मा, भुटान, भारत, बङ्गलादेश, थाइल्याण्ड, चीनको स्वशासित क्षेत्र तिब्बत, मलेसियालगायतका मुलुकहरूमा स्थायीरूपमा प्रवासन भई नेपाली भाषी सोही देशका नागरिक वा नेपाली आप्रवासीको रूपमा रहन थाले। राष्ट्रिय मानव अधिकार आयोगले प्रकाशन गरेको आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी विषय पुस्तिकाअनुसार नेपालीहरू संस्थागतरूपमा १ सय ८ मुलुकमा र व्यक्तिगत रूपमा विश्वका अधिकांश मुलुकमा आप्रवासनमा छरिएर रहेका छन्।

**रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५** को प्रस्तावनामा प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमताअनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले सङ्घीय संसदले ऐन बनाएको उल्लेख गरी प्रत्येक नागरिकले आफूले चाहेको रोजगारी छनौट गर्ने तथा रोजगारीको हकको ग्यारेन्टी गरिनुको साथै प्रत्येक बेरोजगार व्यक्तिलाई बेरोजगार सहायता पाउने व्यवस्था गरिएको छ। **रोजगारीको हकसम्बन्धी ऐन, २०७५** ले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यो ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्नेसमेत उल्लेख गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले २०६९ सालमा प्रकाशन गरेको आप्रवासी कामदारहरूको अधिकार विषयगत पुस्तिकाअनुसार सन् २००६ को निड्स (NIDS) युनिफेम (UNIFEM) ले गरेको एक अध्ययनअनुसार १५ लाख देखि २० लाखसम्म नेपाली कामदारहरू भारतमा रहेको देखाएको छ।

कोभिड-१९ का कारण भारतका विभिन्न सहरमा रहेका नेपाली नागरिकहरूको रोजगारी गुम्नुको साथै सङ्क्रमित दर बढ्दै गएपछि प्रभावितहरू स्वदेश फर्किन बाध्य भए । आन्तरिक मामिला तथा कानुन मन्त्रालयको अभिलेखअनुसार कोरोना कहर सुरु भए यता २ लाख ३७ हजार ४ सय ९० जना सुदूरपश्चिमेलीहरू स्वदेश फर्किए । नेपाल सरकारले कोभिड सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि

मुलुकभर लकडाउन जारी गर्नुका साथै सीमा नाकाहरू बन्द गऱ्यो । जसकाकारण पनि भारतबाट नेपाली नागरिकहरूले घर पुग्नलाई पनि ठूलो सास्ती खेप्नु पऱ्यो । भारतबाट रोजगारी गुमाएर बालबच्चासहित स्वदेशमा जीविकोपार्जन गर्ने आशामा सास्ती खेप्दै नेपाल फर्किएका उनीहरू नेपाल फर्किएको केही महिनामै कोभिड सङ्क्रमणको जोखिम मोल्दै पुनः भारत फर्कन बाध्य भए।

जुनसुकै अवस्थामा पनि नागरिकको अधिकारको संरक्षण, संवर्द्धन र उनीहरूको अधिकारको परिपूर्ति गर्ने मुख्य दायित्व राज्यको हो। तर, भारतबाट रोजगारी गुमाएर स्वदेश फर्किएका आफ्ना नागरिकहरूप्रतिको दायित्व सरकारले पूरा गर्न सकेन। आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले उनीहरूको अधिकारको संरक्षणमा कुनै टेवा दिन सकेन। नेपालले आप्रवासी कामदाहरूको अधिकारको संरक्षणका लागि ऐन कानुनहरू निर्माण गरेको भए पनि उक्त कानुनले भारतमा काम गर्ने नेपाली कामदारहरूलाई समेट्न सकेको छैन।

**अध्ययनको महत्त्व**

भौगोलिक, आर्थिक, शैक्षिक, औद्योगिकलगायत विभिन्न क्षेत्रबाट पछाडि परेको सुदूरपश्चिम प्रदेशका अधिकांश जिल्लाका नागरिकहरू रोजगारीको खोजीमा परापूर्वकालदेखि नै भारतको विभिन्न सहरमा जाने गरेका छन्। २०७६ चैत महिनादेखि नेपालमा पनि कोभिड-१९ को सङ्क्रमण तीव्र बन्दै गएपछि यसको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले लामो अवधिका लागि लकडाउन सुरु गऱ्यो। उता भारतमा त्यस अगाडि नै लकडाउन सुरु भएकाले त्यहाँ रहेका नेपालीहरू अत्यधिकरूपमा प्रभावित हुन पुगे। सरकारले वैदेशिक कामदारहरूको अधिकारको संरक्षणका लागि बनाइएका ऐन, नीति तथा प्रतिबद्धताहरू र कोभिड-१९ का कारण भारत प्रवासबाट नेपाल फर्केका सुदूरपश्चिम प्रदेशका आमनागरिकको समस्या पहिचान गरी ती समस्याहरूको समाधानका लागि सुझाव उपलब्ध गराउन तथा भारत प्रवासबाट नेपाल फर्केका सुदूरपश्चिम प्रदेशका नागरिकहरूले भोग्नु परेका कठिनाइहरू उजागर गर्दै सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको ध्यानाकर्षण गराउन यस अध्ययनको महत्त्व रहने छ।

**अध्ययनको उद्देश्य**

- कोरोना भाइरस (कोभिड-१९)को कारण भारत प्रवासबाट फर्केका सुदूरपश्चिमका नागरिकको श्रम अवस्था अध्ययन गरी उनीहरूका समस्या पहिचान गर्नु।
- भारत प्रवासबाट फर्केका श्रमिकहरू स्वरोजगारका लागि राज्यले गरेका नीतिगत तथा व्यवहारिक प्रयास तथा प्रतिबद्धताको कार्यान्वयन अवस्था विश्लेषण गर्नु।
- भारत प्रवासबाट फर्केका नेपाली नागरिकहरूको समस्या पहिचान गरी ती समस्या समाधानका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई सुझाव पेश गर्नु।

**अध्ययन विधि**

यो आलेख तयार पार्न कोभिड-१९ को प्रभावका कारण भारत प्रवासमा रोजगारी गुमाएर स्वदेश फर्किएका सुदूरपश्चिमका नागरिकहरू, प्रवासमा रहेका परिवारका सदस्यहरू, विभिन्न सङ्घ/संस्था, स्थानीय तथा प्रदेश तहका जनप्रतिनिधिहरू, सरकारी निकायका प्रतिनिधि, सुरक्षा निकायका अधिकारीहरू, कानुन व्यवसायी, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी तथा बुद्धिजीवीहरूसँग भेटघाट तथा समूहगत छलफल गरिएको छ। त्यसैगरी, विभिन्न सञ्चार माध्यमबाट प्रकाशित प्रसारित समाचार, लेखहरू, अनुसन्धान प्रतिवेदन, सरकारी प्रतिबद्धतालगातयका सन्दर्भहरू अध्ययन सामग्रीका रूपमा प्रयोग गरी विश्लेषण गर्ने प्रयास गरिएको छ।

**अध्ययनको सीमा**

यो अध्ययन सुदूरपश्चिम प्रदेशका नौ जिल्लाबाट रोजगारीका लागि भारत प्रवासमा रहेका व्यक्तिहरू कोभिड-१९ को असरले स्वदेश फर्किएकाहरूको श्रम जीवनमा परेको प्रभावमा अध्ययन केन्द्रित छ। कोभिड-१९ को प्रभावका कारण स्वदेश फर्किएकाहरूको स्वरोजगारीका लागि स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारले ल्याएका नीति, कार्यक्रम र प्रतिबद्धताको कार्यान्वयनको अवस्थाबारे अध्ययन केन्द्रित छ। भारत प्रवासमा रहेका, न्यून ज्यालामा काम गर्ने अदक्ष, अर्धदक्ष मजदुर, श्रमिकहरूलाई स्वदेशमै आम्दानीका दायराहरू सिर्जना गर्न सरकारले गरेका प्रतिबद्धता र कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन केन्द्रित छ। यो अध्ययन सुदूरश्चिम घर भई भारतमा रोजगारी गर्ने मानिसहरूमा मात्रै केन्द्रित रहेकाले यसले देशको समग्र आप्रवासी कामदार र तिनका समस्याका बारेमा उल्लेख गरिएको छैन।

**भारत प्रवासीहरूले गर्ने कामको प्रकृति**

२०५८ को जनगणनामा सुदूरपश्चिमको गरिबी ४४.६ प्रतिशत थियो । त्यसको १० वर्षपछि २०६८ सालमा आइपुग्दा गरिबी दर बढेर ४७.१ प्रतिशत पुग्यो। पछिल्लो अध्ययनअनुसार सुदूरपश्चिमको गरिबी ३३ दशमलब ५६ प्रतिशत रहेको छ । यही गरिबी र विपन्नताका कारण सुदूरपश्चिमका नौ ओटै जिल्लाका अधिकाङ्स नागरिकहरू कामको खोजीमा भारत प्रवासमा जाने प्रचलन विगत लामो समय चल्दै आएको छ । सुदूरपश्चिमका पहाडी तथा हिमाली जिल्लाबाट हरेक वर्ष केही महिनाका लागि तथा लामो समयको कामका लागि भारतमा जाने प्रचलन रहेको छ। भारतको हिमाञ्चल प्रदेशमा रोजगारीका लागि उल्लेख्य सङ्ख्यामा नेपाली कामदार जाने गर्दछन् । सीमलाको स्याउ बगैँचा हेर्ने, स्याउ टिप्ने र ग्रेडिङ गर्नेदेखि बद्रीनाथ, अमरनाथ मन्दिरमा दर्शन गर्न जाने श्रद्धालुहरूको भारी बोक्ने काम गरी नेपालीले अर्थोपार्जन गर्ने गरेका छन् । लद्दाखमा डकर्मी र सिकर्मीका रूपमा काम गर्नेको सङ्ख्या पनि उल्लेख्य छ । न्यून आय हुने ज्याला मजदुरी, ढावा, रेस्टुराँ र मदिरा ठेक्काका क्यान्टिन, घरेलु कामदार एवम् चौकीदारीमा संलग्न रहने गरेका छन् । प्रवासी सङ्गठनहरूले सङ्कलन गरेको विवरणअनुसार झण्डै १० प्रतिशत औपचारिक रोजगारीमा छन् भने सात प्रतिशतको नेपाल–भारत दुवैतर्फ सम्पत्ति छ । सङ्गठनहरूले सङ्कलन गरेको विवरणअनुसार भारतमा तीन प्रकृतिको काममा नेपाली कामदारहरू संलग्न रहेका छन्।

**पहिलो**– ज्याला मजदुरी र चौकीदारी, घरेलु कामदार र दैनिक ज्यालामा काम गर्ने।

**दोस्रो**– भारतमा समेत रासन कार्ड लिइसकेका र नेपाल–भारत दुवैतर्फ सम्पत्ति रहेका मध्यम वर्ग जसलाई कोभिड–१९ ले खासै प्रभाव पारेन।

**तेस्रो**– भारतका सरकारी तथा ठूला उद्योग कारखानामा कार्यरत औपचारिक रोजगारीमा भएका।

**तथ्य तथ्याङ्क**

सुदूरपश्चिम सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार कोभिड–१९ को महामारीको समयदेखि ०७७ पुस १६ गतेसम्ममा भारतबाट नेपाल फर्किने नेपाली नागरिकहरूको सङ्ख्या ३ लाख ५ हजार ९ सय ६३ जना रहेका तथ्याङ्क छ तर सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहसँग कोभिड महामारीको समयमा कति जना भारत प्रवासीहरू स्वदेश फर्किए भन्ने एकीन तथ्याङ्क छैन । केही स्थानीय तहहरूले मात्रै भारतबाट फर्किएकाहरूको तथ्याङ्क राखेको पाइयो । कोभिड–१९ महामारीका बीचमा भारतको विभिन्न क्षेत्रबाट कैलालीमा आउने नेपाली नागरिकहरूको सङ्ख्या ४६ हजार ७ सय २९ जना रहेको कैलाली जिल्ला प्रशासन कार्यालय, कैलालीसँग तथ्याङ्क रहेको छ। तर, नेपालमा रोजगारी नपाएपछि पुनः कति जना भारत फर्किए भन्ने तथ्याङ्क भने कैलाली प्रशासनसँग छैन।

जिल्ला स्वास्थ्य कार्यालय, अछाममा कोभिड–१९ को महामारीपछि भारतलगायत अन्य मुलुकबाट ३ हजार ४ सय ६७ जना महिला, १३ हजार ६ सय ७६ जना पुरुष, १ हजार २१ जना बालबालिका, ९३ जना गर्भवती महिला र २ सय १ जना ज्येष्ठ नागरिक जिल्ला फर्किएको, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा २४ हजार ९ सय २६ जना जिल्लाबासीहरू भारत प्रवासबाट फर्किएका र ०७७ पुस १६ गतेसम्म सुदूरपश्चिमलगायत अन्य प्रदेशबाट कञ्चनपुर नाका हुँदै ५१ हजार ९ सय ९६ जना भारत गएको तथ्याङ्क रहेको छ।

जिल्ला प्रहरी कार्यालय, दार्चुलामा ०७७ मङ्सिर २० गतेसम्म भारतको विभिन्न ठाउँमा रोजगारी गुमाएपछि ३ हजार ९७ जना पुरुष, ६ सय ३८ जना महिला र ९२ जना बालबालिका गरी ३ हजार ८ सय २७ जना नेपाल फर्किएको र १ हजार २ जना पुरुष, ८ सय ५० जना महिला र तीन जना बालबालिका गरी १ हजार ८ सय ५५ जना रोजगारीका लागि भारत गएको तथ्याङ्क रहेको छ। यी जिल्लाका तथ्याङ्क हेर्दा पनि कोभिड महामारीका कारण भारतमा रोजगारी गुमाएर नेपाल फर्किनेहरूको सङ्ख्या बढी भएको पाइयो।

**भारत प्रवासमा रहेका नागरिकहरूका सवालहरू**

- प्रत्येक गाउँपालिका, नगरपालिकाको वडामा भारतमा कामका लागि जाने व्यक्तिहरूको अभिलेख प्रणाली स्थापना गर्न सकेको छैन । वैदेशिक रोजगार ऐन, २०६४ ले कामका लागि भारत जाने कामदारलाई वैदेशिक रोजगारको परिभाषाको रूपमा सम्बोधन नगरेको हुँदा ऐनलाई संशोधन गरी भारतमा रोजगारीका लागि जाने विषयलाई समेत समेटनुपर्ने देखिन्छ । कामका लागि भारत जाने नेपाली नागरिकहरूको तथ्याङ्क राख्न र त्यसको नियमित अद्यावधिक गर्न सीमा क्षेत्र वा नाकामा प्रशासिनक संयन्त्र गठन गरी अभिलेख प्रणाली स्थापना गर्नुपर्ने।
- लामो समयदेखि परिवारको सम्पर्कमा नरहेका, हराएकाहरूको खोजीका लागि कुनै आधिकारिक

**कृषि क्षेत्रमा सुदूरपश्चिम सरकारले अख्तियारी दिएको बजेट**

| क्र.स. | कृषितर्फ | | पशुतर्फ | जम्मा रकम |
|---|---|---|---|---|
| | जिल्ला | रकम | रकम | |
| १. | कैलाली | ६३,५०,००० | १,८७,००,००० | २,५०,५०,००० |
| २. | कञ्चनपुर | ४७,५०,००० | ९९,००,००० | १,४६,५०,००० |
| ३. | डडेल्धुरा | ५२,५०,००० | १,०४,००,००० | १,५६,५०,००० |
| ४. | डोटी | ३२,००,००० | १५५००००० | १,८७,००,००० |
| ५. | अछाम | ४७,५०,००० | १,०४,५०,००० | १,५२,००,००० |
| ६. | बाजुरा | ५२,५०,००० | ९४,५०,००० | १,४७,००,००० |
| ७. | बझाङ | ४२,५०,००० | ७९,००,००० | १,२१,५०,००० |
| ८. | बैतडी | ६३,५०,००० | १,४६,००,००० | २,०९,५०,००० |
| ९. | दार्चुला | ३२,००,००० | ६३,५०,००० | ९५,५०,००० |

*स्रोतः सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय*

निकायबाट पहल हुन नसकेकाले परिवारको जीविकोपार्जनमा समस्या, सामाजिक सेवामा पहुँचमा कमी, सामाजिक सुरक्षा भत्तामा पहुँच नभएको, नागरिकता पाउनमा समस्या, विवाह दर्ता नगरिएको, अंशवण्डामा समस्या आदि रहँदा हराएका व्यक्तिहरूको खोजीका लागि कुटनीतिक पहल गर्नुपर्ने देखिन्छ।

भारतमा रोजगारी गरी घर फर्किने नेपाली श्रमिकहरू सीमा नाका र गन्तव्य बाटोमा विभिन्न किसिमका हिंसात्मक घटनाहरूमा पर्ने गरेको, जस्तैः लुटपाट, चोरी, ज्यान मार्ने, यौनजन्य हिंसा, विषसेवन आदि बारम्बार हुने गर्दा सीमा क्षेत्रमा रहेको नेपाल प्रहरी, सशस्त्र प्रहरी र भारतका समकक्षी निकायहरूसँग नियमित र प्रभावकारी समन्वय गरी नियन्त्रण गर्न सम्बन्धित निकायहरू सक्रिय रहनु पर्ने । त्यसैगरी कामका लागि भारत जानेहरूको जीवन बिमा र कामदार कल्याणकारी कोषको व्यवस्था बाध्यात्मक नगरिएको हुँदा सो कार्यका लागि भारतीय पक्षसँग नेपाल सरकारबाट पहल गरिनु पर्ने।

### कोभिड प्रभावित तथा विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम र प्रभावकारिता

सुदूरपश्चिम प्रदेश सरकारले कोभिड-१९ का कारण प्रभावित भएका नागरिकहरूलाई स्वरोजगार बनाउने उद्देश्यले १५ करोड बजेटको व्यवस्था गरेको छ। सुदूरपश्चिम सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्वरोजगार बन्न चाहने युवाहरूका लागि गाई र भैंसीपालन गर्न ६० हजार, बाख्रा, बङ्गुर, कुखुरा पालन गर्न ४० हजार र माछा पालन गर्न ३० हजार रुपियाँ अनुदान दिने व्यवस्था गरेको छ । कृषि ज्ञान केन्द्रमार्फत तरकारी खेती, फलफूल, च्याउ खेती, मौरीपालन, पुष्प खेती र नर्सरीका लागि जनही ३० हजार अनुदान दिने व्यवस्था छ।

स्थानीय तहहरूले कोभिड प्रभावित युवाहरूका लागि रोजगारी सिर्जना गर्न बजेटको व्यवस्थापन गर्न नसकेको भए पनि कतिपय स्थानीय तहहरूले गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा कार्यक्रम गर्दै आएका छन्। यसरी सुदूरपश्चिम सरकारले कोभिड-१९ बाट प्रभावित नागरिकहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्न लागि बजेटमा व्यवस्था गरेको भए पनि त्यसको कार्यान्वयन पक्ष फितलो रह्यो।

### प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको कार्यक्रम

सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले कार्यान्वयनमा ल्याउन लागेको कोभिड प्रभावित तथा विदेशबाट फर्केका युवालाई लक्षित कार्यक्रमप्रति युवाको आकर्षण नदेखिएपछि तत्काल ५ हजार जनालाई स्वरोजगार बनाउने कार्यक्रम नै असफल बन्ने देखिएको छ। जसमा भारतीय आप्रवासीलाई समेट्न सकेको छैन । लक्षित वर्गले नै स्वरोजगारका लागि आवेदन नदिएकाले सो कार्यक्रमको औचित्य नै समाप्त हुने खतरा देखिएको छ। प्रदेश सरकारले कोरोनाका कारण विदेशमा रोजगारी गुमाएकाहरूका लागि यो कार्यक्रममा समावेश हुन आवेदनसहितको आह्वान गरे पनि थोरै लगानीमा अपेक्षाकृत व्यवसाय गर्न नसकिने युवाहरूको गुनासो रहेको पाइयो।

### पशु सेवा विज्ञ केन्द्रको कार्यक्रम

पशुपालन कार्यक्रममा अनुदानका लागि प्रदेशको भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले आवेदन मागेको थियो। यो कार्यक्रमका लागि विज्ञ सेवा केन्द्र कैलालीले १ करोड ८७ लाख अनुदान उपलब्ध गराएको छ । कैलालीका १३ ओटै स्थानीय तहबाट पहिलो चरणमा पशु सेवा विज्ञ केन्द्रमा १२ हजार ८ सय ५९ युवाले पशुपालन गर्ने भन्दै इच्छापत्र पेश गरेका

**घटना अध्ययन-१**

गत २० वर्षदेखि स-परिवार भारतको करौलवागमा काम गर्दै आएका त्रिवेणी नगरपालिका-८ झालगाउँका धर्म सार्कीले कोभिडको महामारी आउला र बाध्य भएर नेपाल फर्कनु पर्ला भनेर सोचेका पनि थिएनन्। तर, कोभिडका कारण उनले गर्दै आएको काम बन्द भएपछि बाध्य भएर सपरिवार घर फर्किनु पऱ्यो। धर्मको गाउँमा न जग्गा छ न त घर नै। भारतमा रोजगारी गुमेपछि घर फर्किए तर अरुको घरमा शरण लिन बाध्य भए। थोरै जग्गा भए पनि परिवारको पेट पाल्न नसकिने भएपछि १० वर्ष अगाडि सो जग्गा बिक्री गरेर भारतमै काम गरेर परिवारको पालनपोषण गर्दै आएको धर्मले दुःखेसो पोखे। जेनतेन गाउँ पुगेको र १६ दिनसम्म सपरिवार क्वारेण्टाइनमा बसेको उनले बताए। क्वारेण्टाइनबाट बाहिर आएपछि उनी र उनका परिवारलाई बिहान बेलुकाको छाकटार्न समेत समस्या भयो। उनी गाउँलेहरूसँग मागेर आफू र परिवारको पेट पालिरहेका छन्। स्थानीय सरकारले राहत वितरण गर्छ भन्ने सुनेका भए पनि आफूहरूले एक दाना चामल समेत नपाएको उनले गुनासो गरे। उनले भने गाउँमै काम गरौँ भने पनि पाइँदैन रोगले भन्दा पनि भोकले मर्ने भइयो।

**घटना अध्ययन-२**

६ जना छोराछोरी सहित भारतको दिल्लीमा काम गर्दै आएका बुढीनन्दा नगरपालिका-२ कोल्टीकी अम्बिका कार्कीको परिवार पनि ६ वर्षपछि भारतबाट गाउँ फर्कियो। गाउँमा आमाको मृत्यु भएको खबर सुनेपछि काजकिरिया गर्न गंगा कार्की फागुनमा नेपाल आएका थिए। आमाको काजकिरिया गरेर उनी चैतमा भारत जान घरबाट हिँडे। भारत फर्किने बखत घरबाट हिँडेको तेस्रो दिन ०७६ चैत ११ गते नेपालगञ्ज पुगे पनि चैत ११ गतेदेखि नेपालमा लकडाउन सुरु भयो। उनी नेपालगञ्जमै अलपत्र परे। कोभिडका कारण उता भारतमा नोकरी समेत गुमेपछि अम्बिका बालबच्चा लिएर नेपालगञ्ज पुगिन्। लकडाउनमा परेपछि नेपालगञ्जमा डेरामा बस्दै आएका थिए। दुर्घटनामा पतिको मृत्यु भएपछि अम्बिका कार्की र उनका बालबच्चाहरू अरुको सहयोगमा बाजुरा गाउँ पुगे। गाउँ पुगेपछि २५ दिनसम्म सपरिवार जन जनप्रकाश माविको क्वारेण्टाइनमा बसे। हाल जेठाजु नाता पर्नेको घरमा बसिरहेका छन्। अम्बिकाको आफ्नो जग्गा जमिन केही छैन्। पतिको मृत्युपश्चात आफूहरू बेसाहारा भएको आफूहरूलाई स्थानीय सरकारले कुनै सहयोग नगरेको उनले दुखेसो पोखिन्। कार्कीले छोराछोरीको पढाइ लेखाइ र पालनपोषण गर्न कठिन भएको बताउँदै सहयोगको अपिल गरेकी छिन्। उनले भनिन् स्थानीय कोल्टी बजारमा कुनै काम पाइँदैन, बालबच्चा पाल्न समस्या भएको छ, मागेर परिवार पालिरहेको छु। स्थानीय सामाजिक अगुवा तथा शिक्षक जनेश भण्डारीले अम्बिकाको परिवार खाद्य संकटमा परेको बताए।

**घटना अध्ययन-३**

**किरिया गर्न समेत पाएनन्**

चौबीस वर्षदेखि भारतका काम गर्दै आएका बडिमालिका नगरपालिका- २ माझीगाँउका कलमती दमाइका बिरामी पतिसहित ६ जनाको परिवार कोरोनको कहरले नेपाल फर्कियो। कलमती दमाइको परिवार बाजुरा पुगे लगत्तै बडिमालिका नगरपालिका-२ भौनेरामा रहेको सत्यवादी माविको क्वारेन्टाइनमा बसे। क्वारेन्टाइनमा बसेको दुई दिनमा उनका पति भुप्रेन्द्र दमाइले क्वारेण्टाइनमा नै आत्महत्या गरे। भारतको दिल्लीमा बस्दै आएकी कलमतीले श्रीमानको उपचार र परिवार पालिरहेकी थिइन्। कोरोना कहरका कारण भारतमा लकडाउन जारी भएपछि कलमतीको काम बन्द भयो। उनको परिवार नेपाल आयो। गाउँमा कलमतीका जग्गाजमिन केही छैन। बस्नलाई घर समेत नभएकी कलमतीले आर्थिक अभावका कारण पतिको किरिया बस्न सेतो लुगा किन्न समेत सकिनन्। अरुको घरमा बसिरहेको अवस्थामा केही समयमा लागि वडा कार्यालय र गाउँलेले खाद्यान्न सहयोग गरे पनि चार जना छोराछोरी भएकी कलमतीलाई बिहानबेलुकी खान समेत धौधौ पऱ्यो। वडा अध्यक्ष डम्मर महतले कलमतीको परिवारलाई खान लाउन निकै समस्या भएको बताए पनि उनको परिवारलाई आत्मनिर्भर बनाउने तर्फ नगरपालिकाको कुनै कार्यक्रम रहेको पाइएन।

**कोभिड- १९ का कारण भारतबाट घर फर्किएका प्रवासीहरू पुनः भारत जान बाध्य (घटना अध्ययन)**

रोजगारीको लागि भारत गएका युवाहरू कोरोनाको महामारी चलेपछि घर फर्किएका थिए। कोरोना नियन्त्रण नभएपछि र गाउँघरतिर कुनै रोजगारी नपाएपछि कोरोना कहरकैबीच उनीहरू धमाधम भारततिरै फर्किन बाध्य भए। प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत स्थानीय तहले माग गरेका बेरोजगार फारम भरेका युवाहरू रोजगारीका कार्यक्रम सञ्चालन नभएकोपछि पुनः भारत फर्किनु पऱ्यो।

छन्। तर स्वरोजगार कार्यक्रम कार्यविधिको अनुसूची ३ अनुसार कार्ययोजनासहित ४ सय ४१ जनाको मात्रै दोस्रो चरणमा आवेदन परेको छ। अन्तिम नामावली भने सार्वजनिक भएन।

**कृषि ज्ञान केन्द्र**

कृषि पेशामा आबद्ध हुन चाहनेहरूका लागि कृषि ज्ञान केन्द्र, धनगढीमा ६३ लाख ५० हजार बजेट पठाइएको मन्त्रालयले जनाएको छ। कृषि ज्ञान केन्द्रमा पहिलो पटक इच्छापत्र माग गर्दा जिल्लाभरबाट १ हजार २ सय ५६ ओटा आवेदन परेकोमा थप प्रमाण माग्दा ९१ जनाको मात्रै आवेदन दर्ता भएको छ। ९१ निवेदन उपर छानबिन गर्दा ८८ जनाले अनुदान पाउने टुंगो लागेको र थोरै निवेदन आएको कारण आधा रकम मन्त्रालयलाई फिर्ता पठाउनुपर्ने अवस्था आउने कृषि ज्ञान केन्द्र कैलालीका प्रमुख खगेन्द्रप्रसाद शर्माले बताए। तर, यो कार्यक्रमले भारतबाट फर्किएकाहरूलाई लक्षित नगरिएका कारण प्रवासीहरूले सेवा पाएनन्। आवेदन माग गर्दा वैदेशिक रोजगारीमा रहेका भनिएकोले भारतबाट आएका प्रवासी कामदारहरूको प्रमाण खुल्ने कागजपत्र नभएका कारण धेरैजसोले आवेदन नै दिन सकेनन्। स्थानीय तह र प्रदेश सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यलाई जोड दिएको छ। तर रोजगारी कसरी अभिवृद्धि गर्ने भन्ने ठोस योजना सरकारले ल्याएको देखिएन।

**स्थानीय तहद्वारा सञ्चालन गरिएका कार्यक्रमहरू**

कोभिड–१९ को महामारीको प्रभावले भारतीय प्रवासबाट नेपाल फर्केका भारतीय प्रवासी श्रमिकहरू सीप, क्षमता र काम नपाएर बेरोजगार बस्न बाध्य भए। कोभिडको महामारीका कारण भारतबाट स्वदेशमा केही गर्ने इच्छा राखेर आएको लाखौँ नेपालीहरूलाई बिहान बेलुकीको छाक टार्न पनि समस्या भयो। दैनिकरूपमा हजारौँको सङ्ख्यामा भारतमा नै रोजगारीको खोजीमा जान बाध्य भए। यद्यपि भारत प्रवासबाट फर्किएका नेपाली नागरिकहरूका लागि सरकारले खासै प्रभावकारी योजना र कार्यक्रमहरू सञ्चालन गर्न सकेन। केही स्थानीय तहहरूले आप्रवासी कामदारहरूलाई लक्षित गरी केही कार्यक्रमहरू सञ्चालनमा ल्याएको पाइन्छ। सुदूरपश्चिम प्रदेशमा केही स्थानीय तहले सञ्चालन गरेका प्रतिनिधिमूलक कार्यक्रम यस अध्ययनमा समावेश गरिएको छ।

कञ्चनपुरको भीमदत्त नगरपालिकाले मेयर उद्यमशीलता कार्यक्रम सञ्चालनमा ल्याएको छ। नेपाल बैङ्कसँगको सहकार्यमा नगरपालिकाले २ करोड बराबरको कोष खडा गरेको छ। कोषमार्फत नगरपालिकाको उद्यम गर्न चाहाने पुँजी अभाव भएका स्थानीयलाई बिनाव्याज, बिनाधितो ऋण दिने योजना बनाएको र भारीतय प्रवासी श्रमिकहरूलाई सो कार्यक्रममा प्राथमिकता दिइने भीमदत्त नगरपालिकाका प्रमुख सुरेन्द्र विष्टले बताए। नेपाल बैङ्कसँगको सहकार्यमा कार्यक्रम सञ्चालनमा ल्याइएको र नगरपालिकाले १ करोड रकम कोषमा जम्मा गरिसकेको र बाँकी रकम बैङ्कले जम्मा गरेपछि कार्यक्रम कार्यान्वयनमा आउने प्रमुख विष्टले बताए।

मेयर उद्यमशीलता कार्यक्रमबाट नगरपालिकाले पाँच वर्षसम्मका लागि उद्यमीहरूलाई १ देखि ५ लाखसम्म ऋण प्रदान गर्नेछ। कार्यक्रमअन्तर्गत नगरपालिकाले कोभिड–१९ पछि वैदेशिक रोजगारबाट स्वदेश फर्केका युवाहरूलाई प्राथमिकता दिने नगरपालिकाका प्रमुख विष्टले बताए। विदेशमा सिकेको सीपलाई स्वदेशमा उपयोग गर्न नगरपालिकाले उनीहरूको तथ्याङ्क सङ्कलन गरिरहेको नगरप्रमुख सुरेन्द्र विष्टले बताए। भीमदत्त नगरपालिकाले यूएनडीपीको आर्थिक सहयोगमा कोभिड–प्रतिकार्य तथा सामाजिक आर्थिक पुनर्लाभ परियोजनाअन्तर्गत कार्यक्रम सञ्चालन गरेको छ।

कञ्चनपुर जिल्लाको बेलडाँडी गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ४ सय युवाहरूलाई लक्षित गरी १ करोड ५० लाख रुपियाँ बजेट छुट्याएको छ। जसमध्ये २ सय जना वैदेशिक रोजगारीबाट फर्किएकाहरू छन्। सीपमूलक कार्यक्रमका लागि गाउँपालिकाले १५ लाख रुपियाँ बजेट बिनियोजन गरेको छ। बेलडाँडी गाउँपालिकाका अध्यक्ष धनबहादुर थापा क्षेत्रीले बेरोजगार युवाहरूका लागि सञ्चालनमा ल्याइएको रोजगारमुखी कार्यक्रममा युवाहरूले चासो नदिएका कारण कार्यक्रम प्रभावकारी हुन नसकेको बताए। स्थानीयहरूले अनुदान र राहतमूलक कार्यमा चासो दिने गरेको भए पनि स्वरोजगार र उद्यममूलक कार्यक्रमहरूमा युवा तथा भारत प्रवासबाट फर्किएकाहरूले बेवास्ता गर्ने गरेको बेलडाँडी गाउँपालिका–२ का अध्यक्ष प्रेमराज खातीले बताए।

**घटना अध्ययन**

बाजुरा जिल्लाबाट भारतका विभिन्न सहरमा काम गर्दै आएका प्रवासी नागरिकहरू कोभिड –१९ को महामारीबाट प्रभावित भए। भारतमा रोजगारी गुमाएपछि लकडाउन अवधिभर बाजुरा जिल्लामा भारतबाट

आउनेको सङ्ख्या ८ हजार ४ सय ५० थियो । घर फर्किए पनि उनीहरू समस्या मुक्त हुन सकेनन् । लामो समय भारतमै ज्याला मजदुरी र नोकरी गर्दै आएका परिवारहरू घर आएपछि उनीहरूले खाद्य सङ्कट व्यहोर्नु पऱ्यो । कोभिड महामारीका कारण परिवारसहित भारतबाट घर फर्किएका परिवारहरू बढी मारमा परे ।

**कञ्चनपुरको सिमा नाका गड्डा चौकीबाट भारत जान लागेका व्यक्तिहरूमध्येका प्रतिनिधिमूलक घटना अध्ययन**

गाउँ–घरमा काम नपाएपछि परिवार पाल्नकै लागि महामारीकै बीच भारत जानुपरेको दार्चुलाको लेकम गाउँपालिका–४ का तुला गिरीले दुखेसो पोखे । कोरोना देखापरेपछि घर आएको थिएँ, ६/७ महिना यत्तिकै बित्यो, गाउँमा काम पाइँदैन,ँ गड्डाचौकी नाकामा भेट्टिएका गिरीले भने, घर खर्च चलाउनै मुश्किल भएपछि कामको खोजीमा भारत जान बाध्य छौं ।ँ त्यस्तै जीविकोपार्जन गर्न धौ–धौ परेपछि कामका लागि आफू भारत जान लागेको बैतडीको सिगास गाउँपालिकाका तेज धामीले दुखेसो पोखे । स्थानीय तहले नगरपालिकाले भारतबाट फर्किएका युवा जनशक्तिलाई सरकारले स्वदेशमै रोजगारीका अवसर दिन नसक्दा उनीहरू पुनः भारततर्फ जानुपरेको उद्योग वाणिज्य सङ्घ कञ्चनपुरका अध्यक्ष जंगबहादुर मल्लले बताए ।

गड्डाचौकी नाकामा भेटिएका कैलाली जिल्ला घोडाघोडी नगरपालिका– १ सुख्खडकै हरकसिंह धामीले कोभिडका कारण भारतमा बस्न नसकिने अवस्था भएपछि भारत नजाने सोचमा निकै दुख पाएर घर फर्किएको भए पनि घर आएको लामो समयसम्म पनि रोजगारीको अवसर नपाएपछि बाध्य भएर फेरि भारत नै जान लागेको दुःखेसो पोखे ।

**भारतबाट फिर्ता भएपछि स्वरोजगार हुँदै**

डडेल्धुरा जिल्ला गन्यापधुरा गाउँपालिका–४ रुमायलको बन्तोलमा भारतबाट फर्किएका युवाहरूले सामुहिक आलु खेतीको सुरुवात गरेका छन् । कोरोनाका कारण रोजगारी गुमेर भारतबाट घर फर्किएका तीन जना युवाहरूले करिब ३० वर्षदेखि बाँझो रहेको १ सय रोपनी जमिनमा आलु खेती सुरु गरेका हुन् । भारतबाट फर्किएका देवराज भट्ट, जयराज भट्ट, ईश्वरदेव भट्टले गाउँमै बेरोजगार रहेका शिवराज भट्टलाई समेत सामेल गरेर आलु खेती सुरु गरेको गन्यापधुरा गाउँपालिका–४ का वडाध्यक्ष चेतराज भट्टले बताए । बेरोजगार युवाहरूलाई गाउँमै रोजगार दिने गरी हाललाई १ सय रोपनी जमिनमा ६० क्विन्टल आलु, २ क्विन्टल लसुन लगाएर सामूहिक खेती प्रणाली सुरु गरेको वडाध्यक्ष भट्टले बताए । दैनिक ३०/४० जना कामदार लगाएर बारी खनजोत तथा आलु र लसुन लगाउने कार्य भइरहेको र १० ओटा भैँसी पालनका लागि गोठहरूसमेत निर्माण गरिएको स्थानीय लोकेन्द्र पनेरुले बताए । आलु खेती गरिरहेको क्षेत्र बनतोलमा करिब २ सय ५० रोपनी जमिन बाँझो जमिन रहेको र विस्तारै पूरै जमिनमा व्यवसायिकरूपमा तरकारी तथा भैँसीपालन कार्य अगाडि बढाउने योजनाका साथ स्थानीय युवाहरू लागिरहेका छन् । कोभिड– १९ को माहामारीका कारण भारतबाट स्वदेश फिर्ता भएकाहरू लाखौँ नागरिकहरूमध्ये केहीले मात्रै स्वदेशमै काम गरिरहेका भए पनि अधिकांश व्यक्तिहरू आर्थिक अभाव र अवसर नपाएकै कारण रोजगारीको खोजीमा पुनः भारत नै जाने गरेका छन् ।

**सरोकारवालाहरूको भनाइ**

**विष्णु अवस्थी, अध्यक्ष पत्रकार महासङ्घ, कञ्चनपुर**: कोभिड– १९ को महामारीको प्रभावले भारत प्रवासबाट नेपाल फर्केका भारतीय प्रवासी श्रमिकहरू धेरै प्रभावित भएका छन् । नेपाल आउँदा सीमा, क्वारेन्टाइन, बेरोजगारीजस्ता समस्याबाट आक्रान्त भएका आप्रवासीलाई सरकारले न्याय दिन सकेन । उनीहरूले मानव अधिकारका आधारभूत अधिकारबाट समेत वञ्चित हुनु पऱ्यो । सरकारले आप्रवासी नेपालीहरूका लागि स्वरोजगारमुलक कार्यक्रम ल्याउने भने पनि प्रभावकारीरूपमा कार्यक्रम ल्याउन सकेन । जसका कारण आप्रवासी नेपालीहरू भोको मर्नुभन्दा कोरोना लागेर मर्छौं भन्दै फेरि भारततर्फ जान लागेका छन् । राज्यले समयमै ध्यान पुऱ्याएर सम्बोधन गर्नु पर्छ ।

**नरेश सिलाल, अध्यक्ष गैसस महासङ्घ, कञ्चनपुर**: भारतबाट नेपाल फर्केका प्रवासी श्रमिकहरू सुदूरपश्चिममा ठूलो सङ्ख्यामा प्रभावित भएका छन् । लकडाउनका समयमा नेपाल फिर्ता हुँदा सीमामा, क्वाराइन्टाइनमा धेरै दुःख पाए, देशमै केही गर्छु भनेर आएका नेपाली बेरोजगारीका कारण फेरी फिर्ता हुने क्रम चलेको छ । स्थानीयहरूले आप्रवासी नेपालीहरूका लागि स्वरोजगारमूलक कार्यक्रम ल्याउने भने पनि कार्यक्रम ल्याएको देखिएन । सामान्यरूपमा भएका कार्यक्रमहरू पनि प्रभावकारीरूपमा कार्यान्यवन हुन सकेन । जसका कारण आप्रवासी नेपालीहरू भारततर्फ जान लागेका छन् । स्थानीय तहले समयमै ध्यान पुऱ्याएर

आप्रवासी नेपालीहरूलाई रोजगारीका लागि व्यवस्थापन गर्नुपर्छ।

**जङ्गबहादुर मल्ल, अध्यक्ष, उद्योग वाणिज्य सङ्घ, कञ्चनपुर**: स्थानीय तहले भारतबाट फर्किएका युवा जनशक्तिलाई स्वदेशमै रोजगारीका अवसर दिन नसक्दा उनीहरू पुनः भारततर्फ जानुपरेको छ। तीनै तहका सरकारले श्रमशक्तिलाई अवसरमा बदल्न सकेनन्। ठूलो जनशक्ति स्वदेश भित्रिएको थियो। तर, सरकारले सीपमूलक रोजगारी सिर्जना गर्न सकेन। सरकारले केही रणनीतिक योजना नै ल्याएन त्यसैले महामारीमा दुःखकष्ट खेप्दै स्वदेश आएका जनशक्ति पुनः बाहिरिन बाध्य भएका छन्।

**निष्कर्ष**

- कोभिड-१९ को महामारीबाट प्रभावित भई घर फर्किएका भारत प्रवासीहरूका लागि प्रदेश सरकार र स्थानीय तहले आय आर्जनका कार्यक्रमहरू तय गरेको भए पनि कार्यान्वयन पक्ष कमजोर रह्यो।
- प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा स्वरोजगार कोषको प्रबन्ध गरिएको छ। भारतमा रोजगारी गुमेर गाउँ फर्केकाहरूलाई व्यवसाय गर्न सो कोषबाट बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था नगरिएको।
- प्रदेश सरकारले तयार गरेको नीति तथा कार्यक्रमअनुसारका योजना तथा कार्यक्रमहरू सञ्चालन हुन नसकेका कारण भारत तथा विश्वका खाडी मुलकमा उत्पादक युवा शक्ति पलायन भइरहेको छ।
- स्थानीय तह र प्रदेश सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यमा जोड दिएको भए पनि रोजगारी कसरी अभिवृद्धि गर्ने भन्ने ठोस योजना र कार्यक्रम नभएको।
- प्रदेश सरकार र स्थानीय तहले साना, मझौला तथा ठूला उद्योगहरू सञ्चालन गर्न नसकेका कारण बढ्दो बेरोजगारी समस्यालाई सम्बोधन गर्न नसक्नु।

**सुझावहरू**

- वैदेशिक रोजगार ऐन, २०६४ ले भारत प्रवासमा रहेका कामदारहरूलाई समेट्न नसकेको कारण ऐनमा संशोधन गरी भारत प्रवासमा रहेका नेपाली नागरिकहरूको अधिकारको संरक्षण गरिनु पर्ने।
- कोभिड-१९ को महामारीका कारण भारत प्रवासमा रोजगारी गुमाएका व्यक्तिहरू र उनका परिवारहरूका लागि प्रदेश सरकार र स्थानीय सरकारले राहतका कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- भारत प्रवासबाट फर्किएका नागरिकहरूको सीप र क्षमताअनुसार रोजगारीका अवसरहरू सिर्जना गरी स्वदेशमै आत्मनिर्भर र स्वावलम्बी बनाउने नीति तथा योजना तयार गरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- भारत प्रवासमा रोजगारी गुमाएर गाउँ फर्किएकाहरूको यथार्थ तथ्याङ्क नभएको अवस्थामा प्रत्येक स्थानीय तहले तथ्याङ्क सङ्कलन गर्ने गराउन व्यवस्था मिलाउनु पर्ने।
- प्रदेश सरकार र स्थानीय तहले साना, मझौला तथा ठूला उद्योगहरू सञ्चालन गरी बढ्दो बेरोजगारी समस्यालाई सम्बोधन गर्नु पर्ने।

**सन्दर्भ सामग्री**


- नेपालको संविधान भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा १८(१), धारा ३३ र ३४ र धारा ५१
- वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४
- श्रम ऐन, २०७४ को प्रस्तावना
- रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को परिच्छेद ३ को १०(१)
- आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को धारा २ को उपधारा २
- Migration & Remittacces Factbook 2011(The World BanK)
- राष्ट्रिय मानव अधिकार आयोगले २०६९ सालमा प्रकासन गरेको आप्रवासी कामदारहरूको अधिकार विषयगत पुस्तिका
- सन् २००६ को निड्स (NIDS) यूनिफेम (UNIFEM) ले गरेको एक अध्ययन प्रतिवेदन
- विश्व बैङ्कको प्रतिवेदन, २०११
- सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको अध्ययन प्रतिवेदन
- भारतको मुम्बइमा रहेको सुदूरपश्चिमेली नेपाली समाज अन्तर्राष्ट्रिय समितिको अध्ययन प्रतिवेदन
- जिल्ला प्रशासन कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालयहरूका तथ्यतथ्याङ्कहरू विभिन्न पत्रपत्रिका, पुस्तक, विभिन्न कार्यक्रममा प्रस्तुत कार्यपत्रहरू र सरोकारवालाहरूसँगको छलफल, अन्तरक्रिया

# सन् २०२० र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

## उल्लेख गर्नैपर्ने केही कुरा

१. 'यो वर्ष' भन्नाले सन् २०२० (२०७६ पुस १६ गतेदेखि २०७७ पुस १६ गतेसम्म) बुझ्नुपर्छ। यदाकदा घटनाले मागेका ठाउँमा बाहेक यस पुस्तकमा यो अवधिको सीमा नाघ्ने प्रयास भएको छैन । यसमा उल्लिखित घटनाहरू सबैजसो कार्यक्षेत्रमै गएर लिइएका जानकारीमा आधारित छन् । जसलाई प्रहरी, पीडित, आरोपित, न्यायिक आदि क्षेत्रद्वारा पुष्टि गर्ने प्रयास भएको छ।

२. नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।

३. मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्य–तथ्याङ्कलाई दुई प्रकारमा वर्गीकरण गरिएको छ :

(क) राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनालाई राज्यपक्षको तर्फबाट भनी समावेश गरिएको छ।

(ख) राज्यपक्षभन्दा बाहेकबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई अन्यपक्षबाट भनी समावेश गरिएको छ। अन्यपक्ष भन्नाले विभिन्न सशस्त्र समूह, अज्ञात पक्ष, राजनीतिक दल, परिवारजन आदिलाई बुझाउँछ। त्यसको विस्तृत विवरण अनुसूची २ मा रहेको तथ्याङ्कमा दिइएको छ । सामान्यतः व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।

४. पुस्तकमा उल्लेख गरिएका स्थानीय तहका नाममा केही त्रुटी हुन सक्छन् । त्रुटी भएका नामहरू बारे प्रवुद्ध पाठकबाट सुझाव आउने नै छ।

५. अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

६. न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ । कतिपय घटना इन्सेकको जानकारीमा आए पनि पुष्टि नभएकाले प्रकाशन गर्न सकिएन।

७. कारागारका बन्दी र कैदीको सङ्ख्या वर्षको अन्तिम (२०७७ पुस दोस्रो साता) को हो।

८. शिक्षा, कारागार, स्वास्थ्य, न्यायालय जस्ता जानकारी जिल्लास्थित सम्बन्धित कार्यालयका पदाधिकारीबाट लिइएका हुन्।

९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भन्नाले जिल्ला प्रहरी कार्यालयमा हुने पृथक निकाय हो।

१०. पुर्पक्षका लागि थुनामा पठाइएको भन्नुको मतलव मुद्दा जारी छ भन्ने हो। तारेखमा वा धरौटीमा रिहा गरिएको भन्नुको मतलव पनि मुद्दा टुङ्गिएको छैन भन्ने हो।

११. बलात्कारको घटनामा महिलाको नाम र ठेगाना उल्लेख गरिएको छैन भने विवरणहरू दिँदा पनि सकभर पीडित नचिनियुन् भन्नेतर्फ सतर्कता अपनाइएको छ।

१२. जिल्लामा मानव अधिकारका दृष्टिले सबैभन्दा बढी खड्किएको विषयलाई उठान गर्ने जमर्को गरिएको छ ताकि सरोकारवालाको त्यसमा ध्यान पुगोस्।

१३. नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई प्रतिबन्धित नेकपा भनी सम्बोधन गरिएको छ। नेपाल सरकारले २०७५ फागुन २८ गतेदेखि विप्लव नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाउने घोषणा गरेको हो।

१४. जिल्लाका न्यायिक र अर्धन्यायिक निकाय तथा इन्सेक प्रतिनिधिको जानकारीमा नआएका मानव अधिकार उल्लङ्घनका घटना यसमा समावेश छैन।

१५. नेपालको संविधानले नै १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ।

१६. स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि राज्यप्रदत्त यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ।

१७. सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

१८. विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१९. स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ।

२०. जनसङ्ख्या, महिला, परिवार सङ्ख्या, आश्रित जनसङ्ख्या (केन्द्रीय तथ्याङ्क विभागको अनुमान २०१६), गरिबीको रेखामुनि रहेको सङ्ख्या, कामका लागि बाहिरिएका, अपाङ्गता भएका, पाँच वर्षमाथिको साक्षरता प्रतिशत र सरकारी विद्यालय प्रत्येक जिल्लामा उल्लेख गर्नुको कारण यिनले मानव अधिकार प्राप्तिमा जगको काम गर्ने भएकाले हो। जसको आधार केन्द्रीय तथ्याङ्क विभागको विक्रम संवत् २०६८ को जनगणना हो।

२१. तथ्य तथ्याङ्क समावेश गर्दा त्रुटी नहोस् भनी सजगता अपनाइएको छ। भुलवश कुनै त्रुटी भएमा मूल अभिलेखमा भएको तथ्य तथ्याङ्क नै आधिकारिक हुनेछ।

### तथ्याङ्कका अन्य स्रोत


१. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०१३

२. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

३. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

४. १९९२ देखि २०१९ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकहरू

५. वर्ष पुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

६. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्।

७. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# प्रदेश १

- क्षेत्रफल : २५,५०५ वर्ग कि.मि.
- जनसङ्ख्या : ४५,३४,५४३
- साक्षरता प्रतिशत : ७१.१७
- जिल्ला : १४
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५६
- महानगरपालिका : १
- उपमहानगरपालिका : २
- नगरपालिका : ४६
- गाउँपालिका : ८८
- कूल वडा सङ्ख्या : १,१५७

# प्रदेश परिचय १

प्रदेश सभाले वर्षको अन्त्यसम्म सन् २०२० सम्म ५४ कानुन निर्माण गरेको छ । नागरिकको साक्षरता अभिवृद्धि गर्दै आर्थिक वर्ष २०७७ र ७८ भित्र पूर्ण साक्षर प्रदेश घोषणा गर्ने तथा भौगोलिक, लैङ्गिक, शारीरिक, जातीय र वर्गीय विभेदको अवस्था अन्त्य गर्न समावेशी विकासको दृष्टिकोण अघि सारेको छ । मानव अधिकारप्रतिको सचेतनामार्फत जिम्मेवार नागरिक दायित्व र जवाफदेही शासनप्रणाली सुनिश्चित गर्न सामाजिक सङ्घसंस्थासँग सहकार्य गर्ने तथा कारागार, हिरासत, थुनुवा कक्ष, बाल सुधारगृहको अध्ययन गरी आवश्यक सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने घोषणा गरेको छ । जनता आवास कार्यक्रममार्फत ६ सय १३ वटा आवास निर्माण गरी हस्तान्तरण गरिएको छ । कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि २ सय ९६ क्वारेन्टाइन, २४ आइसोलेशन र एउटा कोभिड अस्पताल निर्माण भयो । यस वर्षको अन्त्यसम्म २९ हजार ७ सय ७५ सङ्क्रमितमध्ये ४ सय ६० जना को मृत्यु भयो । एक स्थानीय तह एक अस्पतालन्र कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेश भित्र ८६ वटा अस्पताल भवनको शिलान्यास भयो । यस वर्ष पनि प्रदेश सरकार आफ्नो नाम र राजधानीको नामाकरण गर्न असफल रह्यो ।

सन् २०२० मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ८ सय १३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारीका घटनामा ३१ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय २५ जना, हत्याका घटनामा ८२ जना, बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ९९ जना पीडित भएको अभिलेख छ ।

## सन् २०२० मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# १.१ ताप्लेजुङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,२४,७१४ |
| महिला | ६६,२८६ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ३४,०६६ |
| कामका लागि बाहिरिएका | ५,७५३ |
| अपाङ्गता भएका | ३,७३० |
| ५ वर्षामाथिको साक्षरता प्रतिशत | ७१.३ |
| आश्रित जनसङ्ख्या | ५५,२५४ |

*यस वर्ष ताप्लेजुङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३४ जना महिला, दुई जना पुरुषसहित ३६ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना र महिला अधिकार उल्लङ्घन घटनामा १३ जना पीडित भए।*

## गिरफ्तारी

*यो वर्ष ताप्लेजुङबाट प्रतिबन्धित नेकपाका एकजना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। उनलाई जिल्ला अदालतले सफाइ दियो।*

## कारागार र बन्दी

२५ जना क्षमताको कारागारमा १ सय ३८ जना पुरुष कैदी बन्दी छन्। कारागारमा खाने पानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको जेलर कुलेन्द्र खवासले बताए। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक अहेब दरबन्दी रहेकोमा रिक्त छ। कारागारमा ६० वर्ष नाघेका दुई जना ज्येष्ठ नागरिक (पुरुष) छन्। महिला कैदीलाई प्राय:जसो पाँचथर जिल्ला कारागारमा पठाउने गरिन्छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७० मध्ये २१ थान मुद्दा फैसला भए। दुनियाँवादी फौजदारी मुद्दातर्फ २७ थानमध्ये नौ थान फर्स्यौट भए। देवानी मुद्दातर्फ १ सय ६३ मध्ये ७७ थान मुद्दा फैसला भए। सन् २०१९ को जिम्मेवारी सरेर आएका १ सय ४४ र यो वर्षका १ सय ३१ थान गरी २ सय ७५ थान मुद्दामध्ये कूल १ सय ८ थान फैसला भएको श्रेस्तेदार ऋतु राईले जानकारी दिइन्। १ सय ६७ थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७२ आधारभूत र ५९ मावि छन्। ती विद्यालयमा प्रावि दरबन्दी ९ सय ३७, निमावि दरबन्दी २ सय १ र मावि दरबन्दी १ सय ८ रहेका छन्। यसैगरी राहततर्फ प्राविमा २ सय १, निमाविमा ८६ र माविमा ५८ जना राहत दरबन्दी रहेको

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | १ | | | |
| कुटपिट | | | | ३ | १ | ३ |
| हत्या | | | | ३ | | ३ |
| सबै प्रकारका जातीय विभेद | | | | १ | १ | ३ |
| बाल अधिकार | बलात्कार | | | १३ | | १३ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | बालविवाह | | | १ | | १ |
| | जम्मा | | | १६ | | १६ |
| महिला अधिकार | बलात्कार | | | ६ | | ६ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | बहुविवाह | | | ५ | | ५ |
| | घरेलु हिंसा | | | १ | | १ |
| | जम्मा | | | १३ | | १३ |
| कूल जम्मा | | १ | १ | ३४ | ३ | ३६ |

छन्। यसैगरी इसिडीसहित कक्षा १२ सम्म ३२ हजार ९ सय ४० जना विद्यार्थी छन्।

द्वन्द्वपीडित परिवारका दुई जना बालबालिकाको लागि छात्रवृत्तिबापत २८ हजार रुपियाँ छ। यद्यपि एक जनाले मात्र निवेदन दिएको जिल्ला शिक्षा विकास तथा समन्वय इकाई प्रमुख योगेश्वर निरौलाले बताए। वैदेशिक रोजगारीमा ज्यान गुमाएका परिवारका ११ विद्यार्थीको निवेदन प्राप्त भएको कार्यालयले जनायो।

*यो वर्ष ताप्लेजुङमा बलात्कारका घटनामा १२ जना र यौन दुर्व्यवहारका घटनामा तीन जना पीडित भएका इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये एउटाको फैसला, नौ आरोपित पुर्पक्षका लागि थुनामा, दुई ओटा घटनाका आरोपित बाल सुधार गृहमा र एक जना आरोपित हिरासतमा रहे। यौन दुर्व्यवहारका घटनामध्ये दुई आरोपित धरौटीमा रिहा भए, एक आरोपित पुर्पक्षका लागि थुनामा र एउटा घटनाका आरोपितले सफाइ पाए।*

**बलात्कार**

१० वर्षीया बालिकालाई ०७६ माघ २२ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले भारत सिक्किम गान्तोक-६ स्थायी घर भई सिरीजङ्गा गाउँपालिका-८ मा अस्थायी बसोबास गर्दै आएका ४७ वर्षीय छिरिङ लेप्चा लामा (दोर्जी छिरिङ भोटिया) विरुद्ध पीडित पक्षले माघ २२ गते इलाका प्रहरी कार्यालय, तेल्लोकमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २२ गते गुम्बाबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७६ माघ २३ गते जिल्ला अस्पतालमा भयो । आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा २०७६ फागुन १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कानुनी कारबाही अघि बढाएकोमा जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको ०७६ फागुन १९ को आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा थिए । जिल्ला अदालतको २०७७ असोज १४ गतेको फैसला अनुसार आरोपितलाई १९ वर्ष जेल सजायको फैसला गरेको श्रेस्तेदार ऋतु राईले बताइन्।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०२० मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३९ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये खान लाउन नदिएको ६ ओटा, कुटपिट २० ओटा, नागरिकता नबनाइदिएको दुई ओटा र झैझगडाका १२ ओटा घरेलु हिंसाका उजुरी दर्ता भएका छन्। २४ ओटा घटनामा मेलमिलाप गरिएको छ भने पाँच ओटा प्रक्रियामा रहेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

*यो वर्ष ताप्लेजुङमा घरेलु हिंसाका एक, बलात्कारका घटनामा ६ र यौन दुर्व्यवहार घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कारका चार आरोपित पुर्पक्षका लागि थुनामा, बोलाएका बखत उपस्थित हुने गरी एक आरोपित बालकलाई अभिभावकको जिम्मामा र एउटा घटनाका आरोपित बालकलाई धरौटी लिएर अभिभावकको जिम्मामा पठाउन अदालतले गऱ्यो। यस वर्ष परिवारजनबाट दुई जना महिलाको हत्या भयो। हत्या आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ५० स्वास्थ्य चौकी, दुई ओटा नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा दुई जना विशेषज्ञको दरबन्दीमा रिक्त, पाँच जना स्टाफ नर्सको दरबन्दीमा चार कार्यरत, अनमी दुई जनाको दरबन्दीमा दुई जना कार्यरत छन् । स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अद्यावधिक रहेको पाइएन । यो वर्षको अन्त्यसम्म कोभिड सङ्क्रमणको आशंकामा कूल १ हजार ३ सय ९ जनाको स्वाब सङ्कलन गरियो । तीमध्ये ९१ जनामा सङ्क्रमण पुष्टि भएको थियो । जिल्लामा कोभिड अस्पताल निर्माण भएको छैन ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | १० | १२ |
| यौन दुर्व्यवहार | १ | | २ | ३ |
| बालविवाह | | | १ | १ |
| जम्मा | २ | १ | १३ | १६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | ६ | ६ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| बहुविवाह | १ | | ४ | ५ |
| घरेलु हिंसा | | १ | | १ |
| जम्मा | १ | १ | ११ | १३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# १.२ सङ्खुवासभा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५८,७४२ |
| महिला | ८४,४०० |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ३३,१४६ |
| कामका लागि बाहिरिएका | १४,८६३ |
| अपाङ्गता भएका | ४,०५४ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ८२ |
| आश्रित जनसङ्ख्या | ७०,६३० |

यस वर्ष सङ्खुवासभा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १९ जना महिला, दुई जना पुरुषसहित २१ जना र राज्यपक्षबाट एक जना महिला, ६ जना पुरुषसहित सात जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना र महिला अधिकार उल्लङ्घन घटनामा आठ जना पीडित भए।

## गिरफ्तारी

*यो वर्ष सङ्खुवासभाबाट प्रतिबन्धित नेकपाका एक जना महिला, तीन जना पुरुषसहित चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तार गरिएका चारै जना जिल्लान्तर गर्दै सङ्खुवासभा ल्याइएको हो। पुनः गिरफ्तारी भएका उनीहरूलाई अर्को जिल्लामा पठाइयो।*

## कारागार र बन्दी

२५ जना क्षमताको कारागारमा महिला ११ र पुरुष १ सय २८ गरी १ सय ३९ जना छन्। कारागार मा एक जना आठ महिनाकी बालिका छिन् । ७० वर्ष नाघेका एक जना कैदी र एक जना थुनुवा रहेका छन्। ६० वर्ष नाघेका १२ जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख अधिकारीले बताए। कारागारमा कोभिड-१९ बाट सात जना सङ्क्रमित भएकामा सबै निको भए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतमा यस वर्ष १ सय ८१ थान मुद्दामध्ये १ सय ३० थान मुद्दा फैसला भए। अदालतमा ६६ थान फौजदारी मुद्दामध्ये ३५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय १५ थान मध्ये ९५ थान मुद्दा फैसला भए। दुई वर्ष नाघेका ५ थान फौजदारी मुद्दा फैसला हुन बाँकी रहे। ८ थान देवानी मुद्दामध्ये पाँच थान मुद्दा फैसला भए। यस वर्ष अदालतमा पुनरावेदन भएका ११ थान मुद्दामध्ये ९ थान मुद्दा फैसला भए। सन् २०१९ को जिम्मेवारी सरी आएका १५ थान र २०२० को २२ थान मुद्दामध्ये कुल १३ थान मुद्दा फैसला भए।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३६ आधारभूत र ७३ मावि छन् । सङ्खुवासभामा प्राथमिक तहमा १ हजार ५० दरबन्दी र राहत १ सय ५०, निम्न माध्यमिक तहमा १ सय ६९ दरबन्दी र राहत ९० छन् । माध्यमिक तहतर्फ १ सय ३७ र राहततर्फ ६४ शिक्षक रहेका छन् । द्वन्द्व पीडित परिवारका सात जना बालबालिकाले छात्रवृत्ति पाए । पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा तथा समन्वय इकाइका प्रमुख केशव भट्टराईले बताए ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तार | | १ | ६ | ७ | | | |
| कुटपिट | | | | | | १ | १ |
| घाइते | | | | | | १ | १ |
| हत्या | | | | | ३ | | ३ |
| बाल अधिकार | बलात्कार | | | | ८ | | ८ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | जम्मा | | | | ९ | | ९ |
| महिला अधिकार | बलात्कार | | | | ४ | | ४ |
| | घरेलु हिंसा | | | | ४ | | ४ |
| | जम्मा | | | | ८ | | ८ |
| कूल जम्मा | | १ | ६ | ७ | १९ | ३ | ३१ |

*यो वर्ष सङ्खुवासभामा बलात्कारका घटनामा आठ र यौन दुर्व्यवहारको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । अभिलेखित बलात्कारका घटनामध्ये एउटा घटनाका आरोपित बालकलाई तारेखमा अभिभावकको जिम्मा, ६ ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको छ भने एक मुद्दा फैसला भयो ।*

### बलात्कार

१४ वर्षीया बालिकालाई ०७७ वैशाख १५ गते बलात्कार गरेको आरोपमा चिचिला गाँउपालिका–१ का ३५ वर्षीय भक्त राईविरूद्ध पीडित पक्षले वैशाख १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । प्रहरीले आरोपितलाई वैशाख १५ गते घरबाट गिरफ्तार गर्‍यो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १५ गते भयो । जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको वैशाख ३० को इजलासले आरोपितलाई १३ वर्ष कैद ३० हजार जरिबाना र पीडितलाई ७५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गर्‍यो ।

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा २० जना महिलाले हिंसा पीडित भन्दै निवेदन दिए । जसमा खान लाउन नदिएका चार, गाली गलौजका सात र कुटपिटका नौ जना थिए । सबै घटनाको मेलमिलाप भएको प्रहरीले जनायो ।

यो वर्ष सङ्खुवासभामा घरेलु हिंसाका चार, बलात्कारका घटनामा चार जना गरी आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । अभिलेखित घटनामध्ये जिल्ला अदालतले एक आरोपित बालकलाई अभिभावकको जिम्मामा र तीन ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । अभिलेखित घटनामा तीन जना महिला अपाङ्गता भएका रहे । यस वर्ष परिवाजनबाट एक जना महिलाको हत्या भयो । हत्या आरोपित पुर्पक्षका लागि थुनामा छन् ।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, चार स्वास्थ्य चौकी, १३ नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा १४ जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ । ६ जना स्टाफ नर्सको दरबन्दीमा तीन ओटा खाली छ । पाँच जनाको दरबन्दी रहेको अनमी पदमा तीन जना कार्यरत छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अद्यावधिक भएको पाइएन ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ७ | ८ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | ८ | ९ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | ४ | ४ |
| घरेलु हिंसा | ३ | ३ | | ४ |
| जम्मा | ३ | ३ | ४ | ८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# १.३ सोलुखुम्बु

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,०५,१८७ |
| महिला | ५४,७५५ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २६,९६४ |
| कामका लागि बाहिरिएका | ५,६१७ |
| अपाङ्गता भएका | २,६०९ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६७.५४ |
| आश्रित जनसङ्ख्या | ४५,३१८ |

यस वर्ष सोलुखुम्बु जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २१ जना महिला, ६ जना पुरुषसहित २७ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना र महिला अधिकार उल्लङ्घन घटनामा १२ जना पीडित भए।

## कारागार र बन्दी

२५ जना क्षमताको जिल्ला कारागारमा ७२ कैदी र १५ थुनुवा गरी ८६ जना छन्। यहाँ पाँच जना महिला छन्। यस कारागारको दुई ओटा कोठामध्ये एउटामा पुरुष र एउटामा महिलालाई राखिँदै आएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १० थानमध्ये १३ थान फैसला भए भने देवानी मुद्दातर्फ ७८ थानमध्ये २० थान फैसला भए। यस अदालतमा एक वर्ष भन्दा अघिको ४२ थान मुद्दा फैसला हुन बाँकी रहे। हिमाली जिल्ला भएकाले जोडो मौसममा दुई महिना जिल्ला न्यायाधीश काज सरुवा जाने हुँदा न्याय निरूपणमा केही ढिला हुने गरेको अधिवक्ता विदुर लामिछानेले बताए।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ६८ विद्यालयमध्ये तीन धार्मिक गोन्पा रहेका छन्। यी विद्यालयमा १ हजार २ सय ७३ जना शिक्षक दरबन्दी रहेको छ। स्थानीय तह आएपछि दरबन्दी मिलानको काम बाँकी नरहेको शिक्षा विकास तथा समन्वय इकाइले जनायो। यस वर्ष जिल्लामा बालविकासदेखि माध्यमिक तहसम्म २८ हजार २३ जना विद्यार्थी भर्ना भए। जसमध्ये १४ हजार २ सय ५६ बालक र १३ हजार ७ सय ६७ बालिका भर्ना भए।

यो वर्ष अपाङ्गता भएका १६ बालिका र ५७ बालक भर्ना भए। द्वन्द्वपीडित परिवारका १२ जना

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | ३ | ३ |
| हत्या | | ३ | १ | ३ |
| सबै प्रकारका जातीय विभेद | | | ३ | ३ |
| बाल अधिकार | बलात्कार | ४ | | ४ |
| | यौन दुर्व्यवहार | ३ | १ | ४ |
| | जम्मा | ७ | १ | ८ |
| महिला अधिकार | बहुविवाह | ३ | | ३ |
| | घरेलु हिंसा | १ | | १ |
| | बलात्कार | ८ | | ८ |
| | जम्मा | १३ | | १३ |
| कूल जम्मा | | ३१ | ६ | ३७ |

बालबालिकाले छात्रवृत्ति पाए।

*यो वर्ष सोलुखुम्बुमा बलात्कारका चार र यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका र एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले चार जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका १०, खान/लाउन नदिएको ६ र सामान्य घरायसी झगडाका पाँच घटना छन् । यीमध्ये प्रहरीले १४ ओटा घटना मेलमिलापमा टुङ्गिए । तीन ओटा अदालत गए र चार जना पीडित सम्पर्कमा आएनन् । कार्यालयमा दर्ता भएका उजुरीउपर जनप्रतिनिधि सहितको रोहबरमा सर्वपक्षीय छलफलबाट पीडितको मञ्जुरीमा मेलमिलाप गराउने गरेको प्रहरीले जनायो।

*यो वर्ष सोलुखुम्बुमा घरेलु हिंसाका एक, बलात्कार घटनामा आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये एउटा घटनाका आरोपितलाई सफाइ, सात ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा र एउटा घटनाका आरोपितलाई कैद फैसला सुनायो । यस वर्ष परिवाजनबाट एक जना महिलाको हत्या भयो। हत्या आरोपित पुर्पक्षका लागि थुनामा छन्।*

### बलात्कार

बौद्धिक अपाङ्गता भएकी २१ वर्षीया युवतीलाई ०७६ पुस २८ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले थुलुङदुधकोशी गाउँपालिका–९ का ४४ वर्षीय टिकाबहादुर राईविरूद्ध पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २९ गते घरबाटै गिरफ्तार गऱ्यो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा पुस २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो । पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २ गते भयो। न्यायाधीश महेन्द्रराज काफ्लेको ०७६ माघ २४ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा थिए । न्यायाधीश काफ्लेकै इजलासले ०७७ जेठ २९ गतेको आरोपितलाई आठ वर्ष कैद र २० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

### स्वास्थ्य सेवाको अवस्था

सोलुखुम्बुमा २७ ओटा स्वास्थ्य चौकी, एउटा जिल्ला अस्पताल, आठ ओटा सामुदायिक अस्पताल र नौ ओटा शहरी स्वास्थ्य केन्द्र छन्। तर, जिल्लामा कहाँ कति स्वास्थ्यकर्मी कार्यरत छन् र के कति पद रिक्त छ भन्ने विवरण भने कसैले पनि अद्यावधिक गरेका छैनन्।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | ४ | ४ |
| यौन दुर्व्यवहार | १ | १ | २ |
| जम्मा | १ | ५ | ६ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | | | | ३ | ३ |
| घरेलु हिंसा | | १ | | | १ |
| बलात्कार | १ | | १ | ६ | ८ |
| जम्मा | १ | १ | १ | ९ | १२ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# १.४ ओखलढुङ्गा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,४४,६८० |
| महिला | ७८,४५४ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ३०,०१७ |
| कामका लागि बाहिरिएका | १०,५५२ |
| अपाङ्गता भएका | ३,४५० |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६४.४२ |
| आश्रित जनसङ्ख्या | ६५,७५८ |

*यस वर्ष ओखलढुङ्गा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना र महिला अधिकार उल्लङ्घन घटनामा आठ जना पीडित भए ।*

## कारागार र बन्दी

२५ जना क्षमताको जिल्ला कारागारमा ७८ जना कैदी बन्दी छन् । कारागारको क्षमता महिला १२ जना र पुरुष १३ जनाको हो । महिला पाँच र पुरुष ७३ जना रहेका छन् । कारागारमा ६० वर्ष नाघेका सात जना ज्येष्ठ नागरिक (पुरुष) रहेका छन् । कारागारमा आश्रित बालबालिका छैनन् ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत, विराटनगर इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगरको अस्थायी इजलास, ओखलढुङ्गामा यस वर्षका लागि दुनियावादी देवानीका ५४ थान, दुनियावादी फौजदारीका नौ थान, सरकारवादी फौजदारीका ७३ थान र सुरू क्षेत्राधिकारबाट सात थानसहित जम्मा १ सय ४३ थान मुद्दा जिम्मेवारी सरेका थिए । ०७६ पुस १७ देखि ०७७ पुस १५ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ १ सय ३९ थान उजुरी परे भने अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ४३ थान मुद्दा फैसला भए ।

### जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४५ थान मुद्दामध्ये १४ थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ १ सय २ मध्ये ५६ थान मुद्दा फैसला भए । दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान र देवानी मुद्दा दुई थान बाँकी छन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका १ सय ७७ थान र सन् २०२० का १ सय ४७ थान मुद्दामध्ये ९६ थान मुद्दा फैसला भए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ५९ आधारभूत र ७२ मावि छन् । यस वर्ष सामुदायिक विद्यालयतर्फ १५ हजार ९ सय ४५ छात्रा र १५ हजार ५० छात्र गरी

कूल जम्मा ३१ हजार ४ जना बालबालिका भर्ना भए।

शिक्षा विकास तथा समन्वय इकाइमा अध्यावधिक तथ्याङ्क पाइएन । जिल्लामा अपाङ्गतामैत्री विद्यालय आधारभूत तहका दुई ओटा मात्र छन् । द्वन्द्वपीडित परिवारका पाँच जना बालबालिकाले छात्रवृत्ति पाए । द्वन्द्वपीडित र शहीद परिवारका बालबालिकाका लागि १ लाख ६८ हजार छात्रवृत्ति रकम निकासा भएकोमा पहिचान गरेर वितरण गर्ने तयारी भएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख भीमप्रसाद मिश्रले बताए।

*यो वर्ष ओखलढुङ्गामा बलात्कारका दुई ओटा घटनामा दुई जना बालिका पीडित भए । दुवै घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे । यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये एउटा घटनाको मुद्दा फैसला भयो । दुई जना आरोपित पुर्पक्षका लागि थुनामा रहे । १५ वर्षीया बहिनीलाई १७ वर्षीय दाजुले बलात्कार गरेको घटना इन्सेकले अभिलेख गऱ्यो।*

### यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०७७ जेठ ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले ५४ वर्षीय पुरुषविरूद्ध जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । आरोपितलाई प्रहरीले जेठ ७ गते घर बाटै गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ ७ गते भयो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो । न्यायाधीश दलबहादुर केसीको ०७७ जेठ २९ गतेको आदेशमा ५० हजार रुपियाँ धरौटी माग भयो । सो धरौटी बुझाउन नसक्दा आरोपित पुर्पक्षका लागि थुनामा रहेकोमा २०७७ असोज २० गतेको फैसलाबाट आरोपितलाई १ वर्ष कैद र १० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला भयो।

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ०७६ पुस १६ गतेदेखि ०७७ पुस १६ गतेसम्म घरेलु हिंसा पीडित भन्दै २८ जना महिलाले उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका, यातना दिएका, खान लाउन नदिएका २४, विवाह दर्ता र नागरिकता नबनाएको दुई र सामान्य घरायसी झगडाका दुई घटना छन्। यीमध्ये प्रहरीले २६ ओटामा मेलमिलाप गरायो भने दुई उजुरी अदालतमा कारबाही प्रक्रियामा छन् । प्रहरीमा यसरी उजुरी लिएर आउनेमध्ये घर निकाला गरिएका, खान लाउन नदिएका २४ घटनाका पीडितहरू हाल परिवारमै मिलेर बसेका छन्। अन्य दुई जना कानुनी उपचारको क्रममा अदालत गएका छन्।

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| कुटपिट | | १ | १ |
| हत्या | | १ | १ |
| बाल अधिकार | बालविवाह | २ | २ |
| | बलात्कार | २ | २ |
| | यौन दुर्व्यवहार | ३ | ३ |
| | जम्मा | ७ | ७ |
| महिला अधिकार | बलात्कार | १ | १ |
| | बलात्कार प्रयास | ३ | ३ |
| | यौन दुर्व्यवहार | १ | १ |
| | घरेलु हिंसा | ३ | ३ |
| | जम्मा | ८ | ८ |
| कूल जम्मा | | १७ | १७ |

*यो वर्ष ओखलढुङ्गामा घरेलु हिंसाका तीन, बलात्कारको एक र बलात्कार प्रयासका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित सबै घटनाका आरोपितलाई जिल्ला अदाललते पुर्पक्षका लागि थुनामा पठायो । यौन दुर्व्यवहारको अभिलेखित एउटा घटनाका आरोपित धरौटीमा रिहा भए । यो वर्षको अन्त्यसम्म कुनै पनि मुद्दाको फैसला भएन । यो वर्ष परिवाजनबाट एक जना महिलाको हत्या भयो। हत्या घटनाका आरोपित पुर्पक्षका लागि थुनामा छन्।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ५४ स्वास्थ्य चौकी, एक नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त छ । चार जना स्टाफ नर्सको

दरबन्दीमा सबै कार्यरत छन्, दुई जना अनमीको दरबन्दीमा दुवै कार्यरत छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन । जिल्लामा यो वर्ष ५ हजार ५ सय जनाले बिमा गराएर सेवा लिइरहेका छन् । सबै नागरिक समक्ष यो सेवा पुगेको छैन । दुर्गमका स्वास्थ्य संस्थाहरूमा सरकारले निशुल्क भनी तोकेका सबै किसिमका औषधि नपाइने गुनासो छ । दरबन्दीभन्दा झण्डै आधा मात्र स्वास्थ्यकर्मी कार्यरत हुँदा जनसंख्याको चापअनुसार स्वास्थ्योपचार नागरिकले पाउन सकेका छैनन् ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | १ | २ |
| बलात्कार | | | २ | २ |
| यौन दुर्व्यवहार | १ | | २ | ३ |
| जम्मा | १ | १ | ५ | ७ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | १ |
| बलात्कार प्रयास | | ३ | ३ |
| यौन दुर्व्यवहार | | १ | १ |
| घरेलु हिंसा | २ | १ | ३ |
| जम्मा | २ | ६ | ८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# १.५ खोटाङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५७,१२५ |
| महिला | १,०५,६५२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५१,३१५ |
| कामका लागि बाहिरिएका | १७,६६२ |
| अपाङ्गता भएका | १,१५८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ८७.२ |
| आश्रित जनसङ्ख्या | ५२,२१४ |




यस वर्ष खोटाङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १२ जना महिला, चार जना पुरुषसहित १६ जना र राज्यपक्षबाट दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना र महिला अधिकार उल्लङ्घन घटनामा चार जना पीडित भए।

## गिरफ्तारी

*यो वर्ष खोटाङबाट प्रतिबन्धित नेकपाका दुई जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। आरोपित दुवै प्रहरी हिरासतमा छन्।*

## कारागार र बन्दी

३३ जना महिला र ६६ जना पुरुषको क्षमता रहेको जिल्ला कारागारमा चार जना महिला र १ सय ४३ जना पुरुष गरी १ सय ४७ कैदी/बन्दी छन्। कारागारमा एक जना पाँच वर्षका बालक छन् । कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी रहेकोमा हाल रिक्त छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १६ मध्ये ३६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ९६ मध्ये २५ थान मुद्दा फैसला भए। सन् २०१९ को जिम्मेवारी सरेर आएका १८ र सन् २०२० का १ सय ९४ थान मुद्दामध्ये ६१ थान मुद्दा फैसला भए। १ सय ५१ थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा ४ सय २७ आधारभूत र ९३ ओटा माविं छन्। यस वर्ष ११ हजार ९ सय ९५ बालक र १३ हजार ८ सय २१ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय ५५ बालिका र ७ सय ३२ जना बालक भर्ना भए। द्वन्द्वपीडित परिवारका १७ बालबालिकामध्ये १४ बालिका र तीन बालकले छात्रवृत्ति पाए। दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | २ | २ | | | |
| कुटपिट | | | | १ | १ | २ |
| घाइते | | | | १ | | १ |
| हत्या | | | | ४ | २ | ६ |
| धम्की | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | २ | | २ |
| महिला अधिकार | बलात्कार | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | ४ | | ४ |
| कूल जम्मा | | २ | २ | १२ | ४ | १६ |

व्यवस्था गरिएको छ। यस वर्ष जिल्लाभर २ हजार ४ जना दलित बालक र १ हजार ६ सय १२ जना दलित बालिका विद्यालय भर्ना भए।

*यो वर्ष खोटाङमा यौन दुर्व्यवहारको एक घटनाका दुई जना आरोपित धरौटीमा रिहा भए भने बलात्कार घटनाका एक आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयमा रहेको महिला तथा बालबालिका सेवा केन्द्रमा यस वर्ष २३ ओटा घरेलु हिंसासम्बन्धी उजुरी परेको सेवा केन्द्रले जनायो। घरेलु हिंसाका १७ ओटा उजुरी मेलमिलाप र पाँच ओटा उजुरी प्रक्रियामा रहेको सेवा केन्द्रले जनायो। बहुविवाहका दुई ओटा उजुरी अदालती प्रक्रियामा गएको र अन्य सबै उजुरीमा मेलमिलाप भयो। मेलमिलापपछि कोही पनि पुनः उजुरी लिएर नआएको सेवा केन्द्रले जनायो।

*यो वर्ष खोटाङमा बलात्कारका तीन ओटा घटना इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनाका एक आरोपित धरौटीमा रिहा भए। दुई घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे। अपाङ्गता भएकी ज्येष्ठ नागरिक पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवाजनबाट दुई जना महिलाको हत्या भयो। हत्या आरोपित पुर्पक्षका लागि थुनामा छन्।*

#### इज्जतका नाममा हत्या

खोटाङमा २६ वर्षीया बहिनीलाई आफूले भनेको केटासँग विवाह नगरी आफूखुसी विवाह गरेको भन्दै ३३ वर्षीय दाजूले लाठी प्रहार गरी हत्या गरेको घटना इन्सेकले अभिलेख गऱ्यो। आरोपितलाई प्रहरीले गिरफ्तार गरी यो वर्षको अन्त्यसम्म अनुसन्धान गरिरहेको छ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा सरकारी अस्पताल, दुई ओटा सामुदायिक अस्पताल, ६९ ओटा स्वास्थ्य चौकी, दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र र दुई ओटा नगर स्वास्थ्य केन्द्र छन्। अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी भए पनि रिक्त छ। चार जना स्टाफ नर्सको दरबन्दीमा दुई ओटा रिक्त, दुई जनाको दरबन्दी भएको अनमी मध्ये एक जना कार्यरत छन्। स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अद्यावधिक रहेको पाइएन। जिल्लामा ३६ हजार २ सय जनाले बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बिमा कार्यक्रममा ५ हजार ६ सय जनाको बिमा गरिएको छ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | १ |
| यौन दुर्व्यवहर | | १ | १ |
| जम्मा | १ | १ | २ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १ | ३ | ४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ४ | ५ |

# १.६ भोजपुर

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,७४,८५० |
| महिला | ९३,०७८ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ४४,२६८ |
| कामका लागि बाहिरिएका | १२,१५८ |
| अपाङ्गता भएका | ४,६१८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६५.५ |
| आश्रित जनसङ्ख्या | ७७,१६५ |




यस वर्ष भोजपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २२ जना महिला, १६ जना पुरुषसहित ३८ जना र राज्यपक्षबाट एक जना महिला, ६ जना पुरुषसहित सात जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना र महिला अधिकार उल्लङ्घन घटनामा नौ जना पीडित भए।

## गिरफ्तारी

*यो वर्ष भोजपुरबाट प्रतिबन्धित नेकपाका एक जना महिलासहित सात जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये चार जनालाई जिल्ला अदालतले धरौटी लिएर साधारण तारिखमा रिहा गऱ्यो। एक जनालाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने केन्द्रीय सदस्य उमा भुजेललाई जिल्ला अदालतले रिहा गरेलगत्तै प्रहरीले अदालत परिसरबाट पुनः गिरफ्तार गऱ्यो।*

## कारागार र बन्दी

१० जना महिला र ३० जना पुरुषको क्षमता रहेको कारागारमा महिला ११ र पुरुष ९४ जना गरी १ सय ५ जना रहेका छन् । कारागारमा ७० वर्ष नाघेका तीन जना कैदी रहेका छन् । कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जनाको दरबन्दी छ । कारागारमा कैदीबन्दीहरूमध्ये सामान्य मानसिक रोगी सात जना मानसिक रोगको औषधि उपचार गराइ रहेका छन्। ६० वर्ष नाघेका सात जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख खगेन्द्र अधिकारीले जानकारी दिए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट २ सय ८८ थान मुद्दामध्ये ५५ थान फैसला भए । यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ६७ मध्ये २० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय २१ मध्ये ३५ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष

नाघेका फौजदारी मुद्दा १० थान छन् भने देवानी मुद्दा १२ थान बाँकी छन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका १ सय ७४ र सन् २०२० को १ सय १४ थान मुद्दामध्ये कूल ५५ थान मुद्दा फैसला भए। २ सय ३३ मुद्दा बाँकी छन्।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | ६ | ७ | | | |
| कुटपिट | | | | | | ८ | ८ |
| घाइते | | | | | | ४ | ४ |
| हत्या | | | | | ३ | ३ | ५ |
| बाल अधिकार | नवजात शिशुको हत्या | | | | | १ | १ |
| | बलात्कार | | | | १० | | १० |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | जम्मा | | | | ११ | १ | १३ |
| महिला अधिकार | बलात्कार | | | | ४ | | ४ |
| | बलात्कार प्रयास | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | घरेलु हिंसा | | | | ३ | | ३ |
| | जम्मा | | | | ९ | | ९ |
| कूल जम्मा | | १ | ६ | ७ | ३३ | १६ | ३८ |

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय १५ आधारभूत र ६९ माबि छन्। १ हजार ८ सय ३४ शिक्षक दरबन्दी रहेकामा १३ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष १९ हजार ४ सय २० बालक र १९ हजार ३ सय ५० जना बालिका भर्ना भए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय ५६ ओटा छन्। यस वर्ष जिल्लाभर २ हजार ३ सय ४० दलित बालक र २ हजार २ सय ९० दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएका परिवार का २८ जना बालबालिकाले ८ हजारका दरले २ लाख २४ हजार रुपियाँ छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख रुद्रबहादुर राईले बताए।

*यो वर्ष भोजपुरमा बलात्कारका घटनामा १० जना, यौन दुर्व्यवहारको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । अभिलेखित बलात्कारका घटनामध्ये एउटा घटनाका आरोपित बालकलाई बाल सुधार गृहमा र अन्य नौ ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । यौन दुर्व्यवहारको एउटा घटनाका एक आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा आठ ओटा घरेलु हिंसाका घटना दर्ता भएकोमा सबै मेलमिलाप भए । १३ ओटा कुटपिटका घटना दर्ता भएकोमा १२ मेलमिलाप भए भने एक प्रक्रियामा रहेको छ। त्यसैगरी १६ गालीगलौजका घटना दर्ता भएकोमा सबैमा मेलमिलाप भयो।

यो वर्ष भोजपुरमा घरेलु हिंसाका तीन, बलात्कारका चार, बलात्कार प्रयासको एक र यौन दुर्व्यवहारको एउटा घटना इन्सेकले अभिलेख गर्‍यो । अभिलेखित सबै घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो । यो वर्ष कुनै पनि घटनाको फैसला भएन । यो वर्ष परिवाजनबाट एक जना महिलाको हत्या भयो । हत्या आरेपित पुर्पक्षका लागि थुनामा छन्।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, सात सामुदायिक स्वास्थ्य केन्द्र, ६२ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ६ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रहेको छ । नौ जना स्टाफ नर्स, १ सय १३ जना अनमीको दरबन्दी रहेकामा सबै मा कार्यरत छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइयो। जिल्लामा २५ हजार ८ सय ३३ जनाले बिमा गराएर सेवा लिइरहेका छन् स्वास्थ्य कार्यालय, भोजपुरका प्रमुख

फणिन्द्र थापाले बताए । । ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा कार्यक्रममा पनि ३ हजार ४ सय ८५ जनाको बिमा गरिएको छ । जिल्लामा २७ जना कोरोना सङ्क्रमित भएको २६ जना निको भए एक जनाको मृत्यु भयो ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| नवजात शिशुको हत्या | | १ | १ |
| बलात्कार | | १० | १० |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १ | ११ | १२ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | ४ | ४ |
| बलात्कार प्रयास | | | १ | १ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| घरेलु हिंसा | १ | १ | १ | ३ |
| जम्मा | १ | १ | ७ | ९ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ५ | ५ |

# १.७ धनकुटा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,६२,३०० |
| महिला | ८७,८१७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २५,६७७ |
| कामका लागि बाहिरिएका | १४,४१५ |
| अपाङ्गता भएका | ४,८८१ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ८५ |
| आश्रित जनसङ्ख्या | ६५,९०९ |

यस वर्ष धनकुटा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २५ जना महिला, पाँच जना पुरुषसहित ३० जना पीडित भएको इन्सेकमा अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना र महिला अधिकार उल्लङ्घन घटनामा १७ जना पीडित भए।

## कारागार र बन्दी

२५ जना क्षमता भएको कारागारमा ६७ जना पुरुष र सात जना महिला रहेका छन्। कारागारमा दुई वर्षका बालक एक जना र तीन वर्षकी बालिका एक जना छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत, विराटनगर, धनकुटा इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगर, धनकुटा इजलासमा एक जना मात्र न्यायाधीश कार्यरत छन् । उच्च अदालत विराटनगर, धनकुटा इजलासमा यो वर्ष सरकारवादी फौजदारी मुद्दातर्फ २ सय ४० मध्ये १ सय ८१ थान फैसला भएभने व्यक्तिवादी फौजदारी मुद्दा १५ मध्ये ८ वटा र दुनीयावादी देवानीमुद्दातर्फ ४५ मध्ये ३१ थान फैसला भएका छन्।

### जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २५ मध्ये १० मुद्दा फैसला भयो। देवानी मुद्दातर्फ १ सय ४० मध्ये ७० थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा पाँच थान छन् भने देवानी मुद्दा ६ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका १ सय ४१ र सन् २०२० को १ सय ६५ थान मुद्दामध्ये कुल १ सय ८१ थान मुद्दा फैसला भए। १ सय २५ मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय १० आधारभूत र ७४ मावि छन्। जिल्लामा २ हजार ३ सय ७२ शिक्षक दरबन्दी रहेकामा ४१ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ११ हजार २ सय ४२ बालक र १३ हजार २ सय ५३ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १५ बालिका र १३ बालक भर्ना

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ |
| हत्या | | १ | ४ | ५ |
| बाल अधिकार | बलात्कार | ६ | | ६ |
| | जम्मा | ६ | | ६ |
| महिला अधिकार | बहुविवाह | ३ | | ३ |
| | बलात्कार | ६ | | ६ |
| | घरेलु हिंसा | ८ | | ८ |
| | जम्मा | १६ | | १६ |
| कूल जम्मा | | ३५ | ५ | ३० |

भएका थिए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन ओटा आधारभूत र चार ओटा माध्यमिक विद्यालय छन् । पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख मोहन राईले बताइन् ।

यो वर्ष १ हजार ७ सय ५० दलित छात्रा र १ हजार ४ सय ९३ दलित छात्रले ४ सय रुपियाँका दरले १४ लाख १७ हजार २ सय छात्रवृत्ति पाए । त्यस्तै सामुदायिक विद्यालयमा आधारभूत तहमा अध्ययनरत ९ हजार ७ सय ४६ छात्राले ३८ लाख ९८ हजार ४ सय छात्रवृत्ति पाए । चार जना द्वन्द्वपीडित बालबालिकाले १७ हजार रुपियाँका दरले ६८ हजार छात्रावृत्ति पाए ।

*यो वर्ष धनकुटामा बलात्कारका घटनामा सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये तीन घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको र चार घटनाका आरोपितलाई कैद फैसला भयो ।*

**बलात्कार**

१३ वर्षीया बालिकालाई २०७७ असार २० गते बलात्कार गरेको आरोपमा धनकुटा नगरपालिका–६ का २४ वर्षीय विजन खत्रीविरूद्ध पीडित पक्षले असार २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार २३ गते भयो । आरोपितलाई प्रहरीले असार २३ गते घरबाटै गिरफ्तार गऱ्यो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा साउन १२ गते जबरजस्तीकरणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो । अदालतले मङ्सिर २९ गते फैसला गर्दै मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ख) अनसुार १८ वर्ष कैद र दफा २१९ (ठ) अनसुार थप ६ महिना कैद सजाय र पीडितलाई संहिताको दफा २२८ अनसुार पीडकबाट क्षतिपूर्ति बापत १ लाख रुपियाँ दिन आदेश दियो ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १७ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट १५ र अर्की श्रीमती ल्याएर हेला गरेको २ यीमध्ये प्रहरीले १३ ओटामा मेलमिलाप गरायो भने २ उजुरी कारबाही प्रक्रियामा छन् ।

*यो वर्ष धनकुटामा घरेलु हिंसाका आठ, बलात्कारका सात ओटा घटना इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये पाँच घटनामा कैदको फैसला भयो ।*

**बलात्कार**

१९ वर्षीया युवतीलाई ०७७ भदौ २२ गते बलात्कार गरेको आरोपमा धनकुटा नगरपालिका–१ का २३ वर्षीया निकेश तामाङविरूद्ध पीडित पक्षले भदौ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ २२ गते भयो । आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा भदौ २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो । जिल्ला अदालतले मङ्सिर ३० गते फैसला गर्दै मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ख) अनुसार १८ वर्ष कैद र पीडकबाट पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गरेको छ ।

**स्वास्थ्य सेवाको अवस्था**

धनकुटामा एउटा जिल्ला अस्पताल, ११ स्वास्थ्य चौकी, ३५ उपस्वास्थ्य चौकी र १० स्वास्थ्य क्लिनिक छन् । विशेषज्ञ सहितको सेवा नहुँदा सामान्य उपचारको लागि पनि धरान, विराटनगर धाउनु परेको सेवाग्राहीको गुनासो छ । विशेषज्ञ डाक्टरको धनकुटामा दरबन्दी रहेकोमा ल्याउन पटकपटक पहल गरे पनि त्यस्ता डाक्टर सुविधायुक्त ठाउँ खोज्ने गरेकाले समस्या भएको अस्पताल विकास समितिका अध्यक्ष तथा

जिल्ला समन्वय समितिका प्रमुख टङ्क चुहानले बताए।

जिल्ला अस्पतालमा सरकारले निःशुल्क वितरण गर्ने भनिएको ७२ प्रकार औषधिमध्ये ४३ प्रकारको मात्रै पाइने अस्पतालका सूचना अधिकारी सहायक अधिकृत राजनप्रसाद पोखेलले बताए। जिल्लामा ९ हजार ८ सय ४० जनाले जनाले बिमा गराएर सेवा लिइरहेका छन्।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | ३ | ७ |
| जम्मा | ४ | ३ | ७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | २ | | | २ |
| बलात्कार | ५ | | २ | ७ |
| घरेलु हिंसा | ३ | १ | ४ | ८ |
| जम्मा | १० | १ | ६ | १७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | ३ | ५ |

# १.८ तेह्रथुम




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५७,३५० |
| महिला | ५२,५५३ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १४,६७७ |
| कामका लागि बाहिरिएका | ७,५५१ |
| अपाङ्गता भएका | २,६२६ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६८.३ |
| आश्रित जनसङ्ख्या | ४१,०७५ |

*यस वर्ष तेह्रथुम जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १० जना महिला, दुई जना पुरुषसहित १२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना र महिला अधिकार उल्लङ्घन घटनामा तीन जना पीडित भए।*

### कारागार र बन्दी

३५ जना क्षमताको कारागारमा तीन जना महिला र ७८ जना पुरुष गरी ८१ जना रहेका छन् । कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६० थान मध्ये २४ मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ७७ मध्ये २१ थान मुद्दा फैसला भए । यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा चार थान छन् भने देवानी मुद्दा आठ थान बाँकी रहे।

### बाल अधिकार

#### शिक्षाको अवस्था

यस जिल्लामा १ सय ९३ आधारभूत र ९३ माबि छन्। १ हजार ३ सय २४ शिक्षक दरबन्दी रहेकामा आठ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष १ हजार १ सय २० बालक र १ हजार ६३ बालिका विद्यालय भर्ना भए । जसमा अपाङ्गता भएका सात बालिका र सात बालक भर्ना भएका थिए।

*यो वर्ष तेह्रथुममा बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये दुई घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा एउटा घटनाका आरोपितलाई बाल सुधार गृह र एउटा घटनाका कैद सजायको फैसला भयो।*

#### बलात्कार

१५ वर्षीया बालिकालाई ०७६ पुस १७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले म्याङलुङ नगरपालिका-१ का २४ वर्षीय बिपिन विश्वकर्माविरूद्ध माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । आरोपितलाई

प्रहरीले माघ १३ गते घरबाटै गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १३ गते भयो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा २०७६ माघ २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो । जिल्ला अदालतका न्यायाधीश महेन्द्र पोखरेलेको २०७६ माघ २० गतेको इजलासमा आरोपित पुर्पक्षका लागि थुनामा गए । न्यायाधीश महेन्द्र पोखरेलको २०७७ असोज ११ गतेको इजलासले आरोपितलाई २ वर्ष ६ महिना कैद र १५ हजार क्षतिपूर्तिको सजाय सुनायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा रहेको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यस वर्ष पनि उल्लेख्य घटना दर्ता भएनन् । न्यायिक समितिमा उजुरी परेका बाहेक विभिन्न शीर्षकमा १२ ओटा ठाडो उजुरी दर्ता भए । सबै उजुरीमा मेलमिलाप भयो ।

*यो वर्ष तेह्रथुममा बलात्कारका घटनामा तीन जना महिला पीडित भए । अभिलेखित घटनामध्ये एक घटनाका आरोपितलाई धरौटीमा रिहा र दुई ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । अभिलेखित घटनाका कुनै मुद्दा पनि फैसला भएन । परिवारजनबाट दुई जना महिलाको हत्या भयो । घटनाका आरोपितहरू पुर्पक्षका लागि थुनामा छन् ।*

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| हत्या | | ३ | ३ | ४ |
| बाल अधिकार | बलात्कार | ५ | | ५ |
| | जम्मा | ५ | | ५ |
| महिला अधिकार | बलात्कार | ३ | | ३ |
| | जम्मा | ३ | | ३ |
| कूल जम्मा | | १० | ३ | १३ |

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र दुई , स्वास्थ्य चौकी २९, शहरी स्वास्थ्य केन्द्र दुई, सामुदायिक स्वास्थ्य केन्द्र चार ओटा रहेका छन् । जिल्ला अस्पतालमा नेपाल सरकारबाट वितरण गरिने निःशुल्क औषधि ज्येष्ठ नागरिकको सेवा र अपाङ्गता भएका व्यक्तिहरूलाई समेत विशेष प्राथमिकता दिएर सेवा दिने गरेको जिल्ला अस्पतालका डाक्टर आन्ददेवले बताए । म्याङलुङ नगरपालिकाले प्रसूतिका लागि स्वास्थ्य संस्थामा आउने महिलालाई एम्बुलेन्स सेवा निःशुल्क गरेको छ ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ४ | ५ |
| जम्मा | १ | ४ | ५ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# १.९ पाँचथर




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,८७,४५२ |
| महिला | १,०१,०८३ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २१,७२४ |
| कामका लागि बाहिरिएका | १७,८४२ |
| अपाङ्गता भएका | ५,०४५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७२ |
| आश्रित जनसङ्ख्या | ७५,३१७ |

*यस वर्ष पाँचथर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५६ जना महिला, एक जना पुरुषसहित ५७ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना र महिला अधिकार उल्लङ्घन घटनामा ३२ जना पीडित भए।*

## कारागार र बन्दी

पाँच जना महिला र २० जना पुरुष राख्ने क्षमता भएको पाँचथर कारागारमा १ सय ६६ जना कैदीबन्दी छन्। जसमा महिला १६ र पुरुष १ सय ५० रहेका छन्। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको जेलर सुरेन्द्र मुखियाले बताए। कारागारमा कोभिड-१९ बाट सङ्क्रमित भएका तीन जना नै निको भए। स्वाव सङ्कलन गरिएकाहरू २३ जना रहेका छन्। कोभिडका कारण हुनसक्ने क्षतिको अनुमान गर्दै १ वर्षभन्दा कम सजाय तोकिएका पाँच जनाले कैद वापतको जरिबाना बुझाएर छुटे।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय २४ मध्ये ९८ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ५० मध्ये १ सय ८६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन् भने देवानी मुद्दा चार थान बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ४९ आधारभूत र ८४ मावि छन्। १ हजार ९ सय ३० शिक्षक दरबन्दी रहेकामा १५ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष १ हजार ३ सय ५५ बालक र १ हजार ४ सय १४ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ६८ बालिका र ६२ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गमैत्री विद्यालय ६० मावि र १ सय ५१ आधारभूत गरी २ सय ११ ओटा मात्र छन्। दलित, अपाङ्गतालाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा तथा समन्वय इकाइका प्रमुख युगमणि सवेहाङले बताए। यस वर्ष जिल्लाभर १ हजार १२ दलित बालक र १ हजार १ सय ५८ दलित

बालिका विद्यालय भर्ना भए।

*यो वर्ष पाँचथरमा बलात्कार र यौन दुर्व्यवहारका घटनामा आठ/आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये ६ घटनाका आरोपित पुर्पक्षका लागि थुनामा, एउटा घटनाका आरोपित धरौटीमा रिहा र एउटा घटनाका आरोपित प्रहरी अनुसन्धानमा रहे। यौन दुर्व्यवहारका तीन ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा, तीन ओटा घटनाका आरोपित धरौटीमा रिहा भए भने दुई जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यो वर्ष कुनै पनि घटनाको मुद्दा फैसला भएन।*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | १ | ३ | | ३ |
| घाइते | | | | ३ | | ३ |
| हत्या | | | | ३ | | ३ |
| बाल अधिकार | बालविवाह | | | १ | | १ |
| | नवजात शिशुको हत्या | | | | १ | १ |
| | बलात्कार | | | ८ | | ८ |
| | यौन दुर्व्यवहार | | | ८ | | ८ |
| | जम्मा | | | १७ | १ | १८ |
| महिला अधिकार | बलात्कार | | | १६ | | १६ |
| | बलात्कार प्रयास | | | ४ | | ४ |
| | बहुविवाह | | | १० | | १० |
| | घरेलु हिंसा | | | १ | | १ |
| | जम्मा | | | ३१ | | ३१ |
| कूल जम्मा | | १ | १ | ५५ | १ | ५६ |

## महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै २७ जना महिला तथा बालबालिकाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता भएका सबै उजुरीहरूमा पीडित र आरोपित पक्षलाई छलफल र मध्यस्थकर्ता राखी मेलमिलाप गराइएकोले कुनै पनि घटना कानुनी प्रकृया अनुसार अगाडि नबढाइएको सेवा केन्द्रले जनायो।

*यो वर्ष पाँचथरमा बलात्कारका घटनामा १६ जना र बलात्कार प्रयासका घटनामा चार जना महिला पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कारका १४ ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा र दुई ओटा घटनाका तीन जना आरोपित प्रहरी अनुसन्धानमा रहे। बलात्कार प्रयासका तीन ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा, दुई ओटा घटनाका आरोपित धरौटीमा रिहा भए भने एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे। यो वर्ष कुनै पनि घटनाको मुद्दा फैसला भएन। यो वर्ष परिवाजनबाट एक जना महिलाको हत्या भयो। हत्या आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र दुई, स्वास्थ्य चौकी ४१, नगर स्वास्थ्य केन्द्र एक र सामुदायिक स्वास्थ्य केन्द्र केन्द्र ११ रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा पाँच जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी रिक्त छ। अहेबको दरबन्दी ५५ रहेकोमा २७ मात्र कार्यरत छन् भने २८ जनाको दरबन्दी रिक्त रहेको छ। ६ जना स्टाफ नर्सको दरबन्दीमा सबै जना कार्यरत छन्। यसैगरी ८० जना अनमीको दरबन्दीमा ६२ कार्यरत भने १८ रिक्त रहे।

जिल्लामा सात कोभिड-१९ अस्पताल सञ्चालनमा रहेका छन्। यो वर्षको अन्त्यसम्म ३ हजार ६ सय ८१ जनाको स्वाब सङ्कलन गरिएकामा ९७ जनालाई सङ्क्रमण पुष्टि भयो। कोडिभ-१९ का एक जना सङ्क्रमितको मृत्यु भयो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बाल विवाह | | १ | १ |
| नवजात शिशुको हत्या | | १ | १ |
| बलात्कार | | ८ | ८ |
| यौन दुर्व्यवहार | १ | ७ | ८ |
| जम्मा | १ | १७ | १८ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | १४ | १६ |
| बलात्कारको प्रयास | १ | ३ | ४ |
| बहुविवाह | ३ | ८ | १० |
| घरेलु हिंसा | | १ | १ |
| जम्मा | ५ | ३६ | ३१ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ३ |

# १.१० इलाम




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,५३,३८८ |
| महिला | १,५२,७८१ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २१,००५ |
| कामका लागि बाहिरिएका | ६,६५७ |
| अपाङ्गता भएका | ७,६३६ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५७ |
| आश्रित जनसङ्ख्या | १,०७,३२४ |

यस वर्ष इलाम जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २१जना महिला, ६ जना पुरुषसहित २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना र महिला अधिकार उल्लङ्घनको घटनामा १० जना पीडित भए।

## कारागार र बन्दी

२५ जना महिला र १ सय जना पुरुषको क्षमता भएको जिल्ला कारागारमा १ सय ८० जना कैदीबन्दी छन् । जसमा महिला १७ र पुरुष १ सय ६३ रहेका छन् । कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको जेलर प्रदीप श्रेष्ठले बताए । मिसिलमा कैदीबन्दीको नाम नमिल्दा समस्या भएको उनीहरूले बताए । ६० वर्ष नाघेका पाँच जना ज्येष्ठ नागरिक (पुरुष) रहेको श्रेष्ठले बताए ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत, विराटनगर इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, विराटनगर, इलाम इजलासमा यस वर्षका लागि दुनियावादी देवानीका २ सय १२ थान, दुनियावादी फौजदारीका १ सय २ थान, सरकारवादी फौजदारीका ४ सय ९६ थान र सुरू क्षेत्राधिकारबाट २६ थान मुद्दा जिम्मेवारी सरेका थिए ।

### जिल्ला अदालत

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ७५ मध्ये १ सय ६० मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ४ सय ७४ मध्ये २ सय ७१ थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका ३ सय २० र सन् २०२० को ४ सय २९ थान मुद्दामध्ये कुल ४ सय ४१ थान मुद्दा फैसला भए। ३ सय १८ मुद्दा बाँकी छन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ६ आधारभूत र ९२ मावि छन् । २ हजार ३ सय ५३ शिक्षक दरबन्दी रहेकामा १ सय ६२ ओटा दरबन्दी मिलान हुन बाँकी छन् । यस वर्ष ४ हजार ७६ बालक र ७ हजार ८५ जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका १ सय १९ बालिका र १ सय ९८ बालक भर्ना

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | १ | १ |
| हत्या | | १ | ४ | ५ |
| सबै प्रकारका जातीय विभेद | | १ | | १ |
| बाल अधिकार | बलात्कार | ९ | | ९ |
| | यौन दुर्व्यवहार | | १ | १ |
| | जम्मा | ९ | १ | १० |
| महिला अधिकार | बलात्कार | ५ | | ५ |
| | बहुविवाह | ३ | | ३ |
| | घरेलु हिंसा | ३ | | ३ |
| | जम्मा | १० | | १० |
| कूल जम्मा | | ३१ | ६ | ३७ |

भए । द्वन्द्वपीडित परिवारका १७ जना बालबालिकाले छात्रवृत्ति पाए । यस वर्ष जिल्लाभर १ हजार १ सय ६३ जना दलित बालक र ९ सय ४४ दलित बालिका विद्यालय भर्ना भए । वैदेशिक रोजगारीमा गएका परिवारका ६ जना बालबालिकाले वार्षिक ८ हजार रुपियाँका दरले छात्रवृत्ति पाए । यो वर्ष द्वन्द्वपीडितलाई ४ लाख ३४ हजार रुपियाँ आएको तर छात्रवृत्तिका लागि निवेदन नपरेको शिक्षा विकास तथा समन्वय इकाइले जनायो ।

*यो वर्ष इलाममा बलात्कारका नौ र बलात्कारपछि हत्याको एउटा घटना इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये दुई घटनाको मुद्दा फैसला भयो । पाँच ओटा घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । एक घटनाका आरोपितलाई बाल सुधार गृह पठायो भने एउटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । फैसला भएका घटनामध्ये एउटामा तीन महिना कैद र अर्कोमा पाँच महिना कैद र केही जरिबाना गराएको छ । एउटा घटनामा १६ वर्षीया नातिनीलाई ७१ वर्षीय हजुरबुबाले बलात्कार गरेको आरोपमा आरोपित पुर्पक्षका लागि थुनामा रहे । यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो ।*

**बलात्कार**

इलाम नगरपालिका–८ की १४ वर्षीया बालिका दिलासा दङ्गाल ०७७ जेठ १५ गते झुण्डिएर आत्महत्या गरेको अवस्थामा फेला परिन् । मृत अवस्थामा भेटिएपछि प्रहरीले अनुसन्धान गर्दा उनको साथबाट बलात्कारपछि आत्महत्या गरेको सुसाइड नोट फेला परेको एसपी हिराबहादुर पाण्डेले बताए । सुसाइड नोट अनुसार बलात्कारमा संलग्न रहेको आशङ्कामा प्रहरीले इलाम नगरपालिका–८ का ४३ वर्षीय अमरप्रसाद ढुङ्गानालाई जेठ १६ गते घरबाटै गिरफ्तार गऱ्यो । आरोपितविरूद्ध प्रहरीले बलात्कारपछि आत्महत्या दुरुत्साहन दिएको आरोपमा जिल्ला अदालतमा जेठ १६ गते मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतको ०७७ असार ७ गतको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा गए । न्यायाधीश हरिशचन्द्र इङ्गनामको ०७७ पुस ८ गतेको फैसलाले कसुर गरेको ठहर गर्दै जबरजस्तीकरणी तर्फ १८ वर्ष, हाडनाता करणीमा एक वर्ष, आत्महत्या दुरूत्साहनमा एक वर्ष गरी २० वर्ष कैद तथा हाडनाता तर्फ १० हजार रुपियाँ, आत्महत्या दुरुत्साहनमा १० हजार रुपियाँ जरिबाना र मृतक परिवारलाई ६० हजार क्षतिपूर्ति तथा पीडित राहत कोषमा २२ सय रुपियाँ बुझाउने सजाय सुनाएको अदालतका श्रेस्तेदार फडिन्द्र भट्टराईले बताए । शवको पोष्टमार्टम जेठ १६ गते जिल्ला अस्पतालमा भयो । सोही दिन पीडित पक्षले धार्मिक विधिअनुसार शवको अन्त्येष्टी गऱ्यो ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष जिल्ला प्रहरी कार्यालयका महिला तथा बालबालिका सेवा केन्द्रमा २३ ओटा उजुरी परेको सेवा केन्द्रले जनायो । सबै उजुरीमा मेलमिलाप भयो ।

*यो वर्ष इलाममा बलात्कारका घटनामा पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कारका पाँच ओटै घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

**सबै प्रकारका जातीय विभेद**

माइ नगरपालिका–२ की २७ वर्षीया यामकला आचार्य (विश्वकर्मा) ले ०७७ साउन २० गते बाबु ५२ वर्षीय बाबु चन्द्रप्रसाद आचार्यको मृत्यु भएपछि अन्तिम संस्कारमा माइतीपक्षले सहभागी हुन नदिएको आरोपमा माइ नगरपालिका–२ का २५ वर्षीय टीकाराम आचार्य,३५ वर्षीया पार्वता आचार्य

दङ्गाल विरूद्ध भदौ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । पीडितको उजुरीका आधारमा प्रहरीले आरोपितद्वयलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा भदौ ६ गते जातीय विभेद शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो । जिल्ला अदालतले भदौ १५ गतेको आदेशमा आरोपित ५० हजार रुपियाँ धरौटी बुझाएर रिहा भए । न्यायाधीश हरिशचन्द्र इङ्नामको पुस ७ गते इजलासले आरोपितलाई जनही ५ हजार रुपियाँ जरिबाना, कसुरदारबाट असुल गरी पीडितले पाउने गरी ४५ हजार रुपियाँ र पीडित राहत कोषमा जनही २ सय रुपियाँका दरले जम्मा गर्ने फैसला गऱ्यो ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ४४ स्वास्थ्य चौकी, ४ नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अद्यावधिक रहेको पाइएन । जिल्लामा ९६ हजार ३ सय ६० जनाले बीमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा कार्यक्रममा पनि १० हजार ७ सय ९५ जनाको बिमा गरिएको छ ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ६ | ९ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | ३ | ७ | १० |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | ५ | ५ |
| बहुविवाह | १ | २ | ३ |
| घरेलु हिंसा | २ | | २ |
| जम्मा | ३ | ७ | १० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | २ | ५ |

# १.११ झापा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८,६९,०६४ |
| महिला | ४,६५,०९२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ५ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | १० |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ८५,७३६ |
| कामका लागि बाहिरिएका | ८०,६२५ |
| अपाङ्गता भएका | १५,३६७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७७.७ |
| आश्रित जनसङ्ख्या | ३,५२,००६ |

*यस वर्ष झापा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ६७ जना महिला, १३ जना पुरुषसहित १ सय ८० जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा ९९ जना र महिला अधिकार उल्लङ्घन घटनामा ६४ जना पीडित भए ।*

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्न पाउने अधिकार

### हत्या

**राज्यपक्षबाट**

झापा गाउँपालिका–३ रहीमारी बस्ने ३८ वर्षीय रफिकुल आलमको ०७७ भदौ १० गते टाघनडुब्बा प्रहरी चौकी र सशस्त्र प्रहरी बल टाघनडुब्बाबाट खटिएका प्रहरीको संयुक्त टोलीले प्रहार गरेको गोली लागेर मृत्यु भयो । झापा गाउँपालिका–३ कटुवामारीमा 'पशुचौपाया काटेको' भन्ने सूचनाका आधारमा भदौ १० गते त्यहाँ पुगेको संयुक्त प्रहरी टोलीले 'मासुको टुक्रा' फेला पारी सो कार्यमा संलग्न भएको आरोपमा सोही ठाउँका ५२ वर्षीय अबदुल सलाम र ५० वर्षीय ताजबुल हकलाई गिरफ्तार गऱ्यो । उनीहरूलाई जिल्ला प्रहरी कार्यालय, झापा लैजाने क्रममा झापा गाउँपालिका–३ कामाटोलीमा स्थानीवासीले अवरोध गर्दा सशस्त्र प्रहरी बलले भिडलाई तितरवितर गर्न हवाइफायर गऱ्यो । सो क्रममा भाग्दै गरेका ३८ वर्षीय रफिकुल आलमको ढाडमा गोली लागेको थियो । गोली लागी घाइते भएका आलमको बिर्तामोडको बिएण्डसी अस्पतालमा उपचारका क्रममा सोही दिन मृत्यु भएको प्रहरीले जनायो ।

मृतकका आफन्तजनले मृतकलाई सहिद घोषणा गर्नुपर्ने, मुस्लिम समुदायमाथिको दमन बन्द गरिनुपर्ने र क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने लगायतका माग राखे । गृहमन्त्रालयको तर्फबाट ०७७ भदौ ११ गते छानविन गर्न निर्देशन अनुसार झापाका सहायक प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, झापाका डिएसपी राकेश थापा र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख सुशान्त बराल सदस्य रहेको समिति गठन भयो । जिल्ला प्रशासन कार्यालय, झापामा ०७७ भदौ ११ गते भएको सर्वपक्षीय बैठकले मृतकको काजकिरियाका लागि झापा गाउँपालिकाले ५० हजार रुपियाँ दिने तथा १० लाख रुपियाँ क्षतिपूर्ति र मृतकका छोराछोरीको शिक्षादीक्षाका लागि सरकारसँग पहल

गर्ने सहमति गऱ्यो । १५ दिनभित्र घटनाको सत्यतथ्य पत्ता लगाएर प्रतिवेदन पेस गर्न सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा छानविन समिति गठन गर्ने लगायत चार बुँदे सहमति भएको थियो। सहमति अनुसार गाउँपालिकाले भदौ ११ गते तोकिएको रकम उपलब्ध गराएको झापा गाउँपालिका उपाध्यक्ष कुन्तीदेवी बुढाथोकीले बताइन् । यो वर्षको अन्त्यसम्म पीडित परिवारले १० लाख रुपियाँ क्षतिपूर्ति नपाएको सहायक प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेले बताए । शवको पोष्टमार्टम मेची अस्पतालमा भदौ ११ गते भयो। पीडित परिवारले सोही दिन शव बुझी झापा गाउँपालिका–३ रहीमारमा रहेको कब्रस्थानमा धार्मिक विधिअनुसार सद्गत गऱ्यो।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | | १ | १ |
| घाइते | | | | | १ | १ |
| हत्या | | १ | १ | ६ | ७ | १३ |
| सबै प्रकारका जातीय विभेद | | | | १ | १ | २ |
| बाल अधिकार | नवजात शिशुको हत्या | | | १ | | १ |
| | बलात्कार | | | ६९ | | ६९ |
| | यौन दुर्व्यवहार | | | २६ | ३ | २९ |
| | जम्मा | | | ९६ | ३ | ९९ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | ३ | | ३ |
| | बलात्कार | | | २४ | | २४ |
| | बलात्कार प्रयास | | | ११ | | ११ |
| | बेचबिखन तथा ओसारपसार | | | ३ | | ३ |
| | बहुविवाह | | | २१ | | २१ |
| | घरेलु हिंसा | | | २ | | २ |
| | जम्मा | | | ६४ | | ६४ |
| कूल जम्मा | | १ | १ | १६७ | १३ | १८० |

## कारागार र बन्दी

५० जना महिला र ३ सय ५० पुरुष राख्ने क्षमताको कारागारमा कैदी ५ सय ५५ जना र थुनुवा ५ सय ४० जना छन् । महिला ५० र पुरुष १ हजार ४५ रहेका छन्। कारागारमा दुई जना आश्रित बालक रहेका छन् । ७० वर्ष नाघेका ज्येष्ठ नागरिक कैदी पाँच जना रहेका छन् ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ४७ मध्ये १६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ७ सय २ मध्ये २ सय ७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ४१ थान छन् भने देवानी मुद्दा २ सय ३० थान बाँकी छन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका २ हजार ४ सय ३३ र सन् २०२० को १ हजार ६५ थान मुद्दामध्ये कुल ५ सय ८९ थान मुद्दा फैसला भए। २ हजार ९ थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ४३ सामुदायिक र १ सय १५ संस्थागत गरी जम्मा ३ सय ७८ आधारभूत र १ सय २६ सामुदायिक र ३ सय ५६ संस्थागत गरी ४ सय ८२ मावि छन्। ३ हजार १ सय ६३ स्वीकृत र ५ सय १५ राहत गरी जम्मा ३ हजार ६ सय ७८ शिक्षक दरबन्दी रहेकामा स्थानीय तहमा मिलानको लागि पठाएको छ। यस वर्ष ७ हजार ३ सय ७३ बालक र ७ हजार २ सय ८० जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ४ जना बालिका र ९४ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। यो वर्ष द्वन्द्वपीडित परिवारका १३ जना बालबालिकाले छात्रवृत्ति पाए । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको भए पनि कक्षा ११ र १२ मा शुल्क लिने गरेको पाइयो।

*यो वर्ष झापामा बलात्कारका घटनामा ६९ जना र यौन दुर्व्यवहारका घटनामा २६ जना बालिका र तीन जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले ५६ ओटा*

*घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा, पाँच घटनाका आरोपितलाई बाल सुधार गृहमा, दुई घटनाका आरोपितलाई अभिभावकको जिम्मा, दुई घटनाका आरोपितलाई तारेखमा रिहा गर्ने आदेश दियो । चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । अभिलेखित यौन दुर्व्यवहार १८ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । त्यसैगरी एउटा घटनाका आरोपितलाई बाल सुधार गृहमा, एउटा घटनाका आरोपितलाई अभिभावकको जिम्मामा, तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो । यो वर्षको अन्त्यसम्म तीन घटनाका आरोपित गिरफ्तार भएनन् ।*

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १ सय ओटा उजुरी दर्ता भए । जसमा मादक पदार्थ सेवन गरी भएका कुटपिटका २ ९, घरायसी विवाद र झैझगडा ४८ र खान लाउन नदिएका २३ ओटा उजुरी आएको सेवा केन्द्रले जनायो । कुटपिटका २९ मध्ये २४ ओटा उजुरीमा मेलमिलाप, झैझगडाका ४० उजुरीमा मेलमिलाप र आठ ओटा उजुरी अदालती प्रक्रियामा गए । खानलाउन नदिएका उजुरीमध्ये पाँच जना पीडित सम्पर्कमा नआएको सेवा केन्द्रले जनायो ।

*यो वर्ष झापामा बलात्कारका घटनामा २४ जना र बलात्कार प्रयासका घटनामा ११ जना महिला पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये जिल्ला अदालतले बलात्कारका १९ ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा र पाँच ओटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बलात्कार प्रयासका नौ ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा र एउटा घटनाका आरोपित धरौटीमा रिहा भए । यो वर्षको अन्त्यम्म एक घटनाका आरोपित गिरफ्तार भएनन् । यस वर्ष परिवाजनबाट चार जना महिलाको हत्या भयो । हत्या आरोपितहरू पुर्पक्षका लागि थुनामा छन् ।*

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा दुई सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४३ ओटा स्वास्थ्य चौकी, छ प्राथमिक स्वास्थ्य केन्द्र, ८१ ओटा नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा २१ जना विशेषज्ञको दरबन्दीमा १३ ओटा रिक्त छन् । १८ जना स्टाफ नर्स र चार जना अनमी दरबन्दी अनुसार नै कार्यरत छन् । मेडिकल अधिकृतको ६ दरबन्दी रहेकोमा सबै कार्यरत छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन । जिल्लामा ४ लाख ८ हजार ९ सय २९ जनाले बिमा गराएर सेवा लिइरहेका छन् ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| नवजात शिशुको हत्या | १ | | १ |
| बलात्कार | ८ | ६० | ६८ |
| यौन दुर्व्यवहार | ४ | ३३ | ३६ |
| जम्मा | १३ | ८३ | ९५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | | ३ | ३ |
| बलात्कार | ५ | १९ | ३४ |
| बलात्कार प्रयास | १ | १० | ११ |
| बेचबिखन तथा ओसारपसार | १ | १ | ३ |
| बहुविवाह | ८ | १४ | ३१ |
| घरेलु हिंसा | | ३ | ३ |
| जम्मा | १४ | ४८ | ६३ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | १३ | १४ |

# १.१२ मोरङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १०,१५,४२१ |
| महिला | ५,३३,५३७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ६ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | १२ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,५८,२६१ |
| कामका लागि बाहिरिएका | १७,०५३ |
| अपाङ्गता भएका | ६,२१५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ८६ |
| आश्रित जनसङ्ख्या | ३,५८,५१५ |

यस वर्ष मोरङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ९० जना महिला, १६ जना पुरुषसहित १ सय ६ जना र राज्यपक्षबाट एक जना महिला, पाँच जना पुरुष समेत ६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २९ जना र महिला अधिकार उल्लङ्घन घटनामा ५८ जना पीडित भए।

## गिरफ्तारी

*यो वर्ष मोरङबाट प्रतिबन्धित नेकपाका एक जना बालकसहित चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। अदालतले गिरफ्तार भएका बालकलाई सुधार गृहमा र अन्य तीन जनालाई पुर्पक्षका लागि थुनामा पठायो।*

## हत्या

### अन्य पक्षबाट

मिक्लाजुङ गाउँपालिका–१ बर्खे निवासी मिक्लाजुङ गाउँपालिका–१ स्थित सरस्वती आधारभूत विद्यालयका प्राधानाध्यापक ५४ वर्षीय शिक्षक राजेन्द्र श्रेष्ठको ०७७ मङ्सिर २३ गते प्रतिबन्धित नेकपाका ६ जना कार्यकर्ताको समूहले हत्या गऱ्यो। प्रतिबन्धित नेकपाले सोही दिन एक विज्ञप्ति प्रकाशन गरी आफ्ना सदस्य गिरफ्तारीका लागि सुराकी गरेको आरोप लगाउँदै हत्याको जिम्मा लियो। शवको पोष्टमार्टम मङ्सिर २४ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, सुनसरीमा गरी सोही दिन शव

*प्रतिबन्धित नेकपाका कार्यकर्ताद्वारा घाँटी रेटेर हत्या गरिएका शिक्षक राजेन्द्र श्रेष्ठ*

पीडित पक्षलाई जिम्मा दिइयो । पीडित परिवारले मङ्सिर २५ गते धार्मिक विधिअनुसार मिक्लाजुङ्ग गाउँपालिका–७ स्थित बक्राहा घाटमा शवको सद्गत गऱ्यो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश १ कार्यालयको नेतृत्वमा ६ जना मानव अधिकार कर्मीको टोलीले मङ्सिर २९ गते घटनाको स्थलगत अध्ययन गऱ्यो । प्रतिबन्धित नेकपाका कार्यकर्ताले मङ्सिर २३ गते बिहान घरबाटै अपहरण गरी जङ्गलमा पुऱ्याई हत्या गरेको प्रतिवेदनमा उल्लेख छ । यो वर्षको अन्त्यसम्म हत्यामा संलग्नको पहिचान हुन नसकेकाले कोही पनि गिरफ्तार नभएको प्रहरीले जनायो ।

## कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ३ सय जनाको छ । कारागारमा ९ सय १९ जना कैदी बन्दी छन् । जसमा महिला ८७ र पुरुष ८ सय ३२ रहेका छन्। कारागारमा दुई जना एक र दुई वर्षका आश्रित बालक छन् । कारागारको क्षमता महिला ५० र पुरुष २ सय ५० हो । कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी हुँदा खानबस्न समस्या भएको छ । पुरुष बस्ने एउटा भवन जीर्ण छ । आलोपालो गरेर सत्नुपर्ने अवस्था छ । कोठा अभावले कैदीहरू कोचिएर बस्नुपर्ने अवस्था छ ।

कारागारमा कोभिड–१९ बाट सङ्क्रमित भएका १० जना मध्ये आठ जना निको भए । दुई जनाको मृत्यु भयो ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत

१२ जना न्यायाधीश रहेको उच्च अदालत, विराटनगरबाट यो वर्षका लागि दुनियावादी देवानीका ७ सय ८९ थान, रिट १ सय ८२ थान, दुनियावादी फौजदारीका १ सय ८४ थान, सरकारवादी फौजदारीका ३ सय ८३ थान, सुरू क्षेत्राधिकारबाट १ सय ३२ थान समेत जम्मा १ हजार ६ सय ७० थान मुद्दा जिम्मेवारी सरेका थिए । अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ५ सय २१ थान मुद्दा फैसला भएको अदालतका उपरजिष्ट्रार मणिराम पोखरेलले बताए ।

### जिल्ला अदालत

१० जना न्यायाधीश रहेको जिल्ला अदालत मोरङबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ५ सय २६ मध्ये ४ सय ७२ थान फैसला भए भने देवानी मुद्दा तर्फ १ हजार ७ सय ९९ मध्ये ९ सय ७६ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ७१ र देवानी मुद्दा १ सय २७ थान बाँकी रहेको अदालतका सूचना अधिकारी राजेन्द्रप्रसाद धमलाले बताए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

मोरङमा ३ सय ७९ आधारभूत र १ सय ५८ मावि छन् । ६४ ओटा धार्मिक विद्यालय छन् । मदरसा ५९, आश्रम ४ र गुम्वा १ ओटा छन् । १७ ओटा स्थानीय तहमा राहतसहित ४ हजार १ सय ३४ दरबन्दी रहेकोमा बेलबारी, लेटाङ र पथरीशनिश्चरेले दरबन्दी मिलान गरेका छन् । अन्य स्थानीय तहले पुस १६ गतेसम्म दरबन्दी मिलान नगरेको शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी जीवन गड्तौलाले बताए । यस वर्ष वैदेशिक रोजगारमा गएका परिवार का ६७ जना बालबालिकाले अध्ययनरत तह अनुसार ८ हजार रुपियाँदेखि १२ हजार रुपियाँसम्म छात्रवृत्ति पाए । द्वन्द्वपीडित परिवारका २४ बालबालिकाले अध्ययनरत तहअनुसार १२ हजार रुपियाँदेखि १८ हजार रुपियाँसम्म छात्रवृत्ति पाए ।

कोरोना सङ्क्रमणका कारण ०७६ चैत ७ गतेदेखि बन्द रहेका विद्यालय २०७७ मङ्सिर पहिलो साताबाट सञ्चालनमा आए ।

*यो वर्ष मोरङमा बलात्कारका घटनामा १४ जना र यौन दुर्व्यवहारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले १२ घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक घटनाका आरोपितलाई धरौटीमा रिहा गर्ने आदेश दियो । त्यसैगरी यौन दुर्व्यवहारका घटनामध्ये तीन ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा र एउटा घटनाका आरोपितलाई धरौटीमा रिहा गर्ने आदेश दियो । यौन दुर्व्यवहारको एउटा घटनामा दुई जना बालिका र अर्को एउटा घटनामा एक जना बालिका तथा तीन जना बालक पीडित भए । यो वर्ष कुनै पनि मुद्दाको फैसला भएन ।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यस वर्ष ४६ ओटा उजुरी दर्ता भए । जसमध्ये ४१ उजुरीमा प्रहरीले मेलमिलाप गरायो । बाँकी उजुरी कानुनी प्रकृयामा छन् ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | | ४ | ४ | | | |
| कुटपिट | | | | | | ३ | ३ |
| जेलमा मृत्यु | | | १ | १ | | | |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | | १ | १ |
| घाइते | | | | | १ | ५ | ६ |
| हत्या | | | | | ३ | ५ | ८ |
| सबै प्रकारका जातीय विभेद | | | | | ३ | | ३ |
| बाल अधिकार | बालश्रम | | | | ५ | ३ | ८ |
| | बेचबिखन तथा ओसारपसार | | | | ३ | | ३ |
| | बलात्कार | | | | १४ | | १४ |
| | यौन दुर्व्यवहार | | | | ५ | | ५ |
| | जम्मा | | | | ३६ | ३ | ३९ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | | ३ | | ३ |
| | 'बोक्सी'को आरोप | | | | १ | | १ |
| | बलात्कार | | | | ११ | | ११ |
| | बलात्कार प्रयास | | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | प्रसूति सेवा | १ | | १ | | | |
| | घरेलु हिंसा | | | | ४० | | ४० |
| | जम्मा | १ | | १ | ५८ | | ५८ |
| कूल जम्मा | | १ | ५ | ६ | ९० | १६ | १०६ |

*यो वर्ष मोरङमा बलात्कारका घटनामा ११ जना र बलात्कार प्रयासका घटनामा तीन जना महिला पीडित भएका इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कार घटनाका ६ जना आरोपित अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहे । पञ्चायत बसेर मेलमिलाप गराएको घटना पनि अभिलेखित छ । उक्त घटनाका ६ जना आरोपित गिरफ्तारपछि वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे भने चार जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यस वर्ष परिवारजनबाट दुई जना महिलाको हत्या भयो । हत्या आरोपित पुर्पक्षका लागि थुनामा छन् ।*

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

#### अन्यपक्षबाट

केराबारी गाउँपालिका कार्यालयमा २०७६ माघ १० गते अज्ञात पक्षले बम विष्फोट गराएको प्रहरीले जनायो । विस्फोटबाट कार्यालयको जेनेरेटर, पर्खाल, झ्याल, सीसी क्यामेरा, झ्याल तथा ढोका र कार्यालय नजिकै राखिएको स्थानीयको एउटा स्कुटरमा क्षति पुगेको गाउँपालिका अध्यक्ष रोहित कार्कीले बताए । विष्फोटमा २० लाख रुपियाँ बराबरको क्षति भएको गाउँपालिकाले जनायो । घटनामा संलग्नको पहिचान हुन नसकेकाले वर्षको अन्त्यसम्म गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो ।

### स्वास्थ्य सेवाको अवस्था

मोरङमा एक कोशी (सङ्घीय) अस्पताल, एक प्रादेशिक अस्पताल, ६ ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ६० ओटा स्वास्थ्य चौकी र २० ओटा शहरी स्वास्थ्य केन्द्र रहेका छन् । सदरमुकाम स्थित कोशी अस्पतालमा २ सय ४ जना (नेपाल सरकार र विकास समिति) को दरबन्दीमा २८ जनाको दरबन्दी रिक्त छ । १२६ जना स्टाफनर्स र अनमीको दरबन्दीमा ११६ जना कार्यरत रहेको कोशी अस्पतालका प्रशासन प्रमुख नवराज लुईटेलले बताए ।

समयमा उपचार नपाउँदा धनकुटा नगरपालिका–५ लेगुवाकी ५२ वर्षीया नरदेवी गुरुङको मृत्यु भयो । कोभिड–१९ को सङ्क्रमणको त्रासका कारण विराटनगर का अस्पतालले भर्ना लिन नमानेपछि २०७६ चैत १९ गते मृत्यु भएको पीडित पक्षको

आरोप लगायो। उच्च रक्तचापका कारण बेहोस भएकी नरदेवीलाई परिवारका सदस्यले सुनसरी धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चैत १८ कति गते उपचारका लागि भर्ना गरेका थिए। बीपीले आइसीयू खाली नभएको भन्दै विराटगरको न्यूरो अस्पताल रेफर गरेको थियो। न्युरोमा पनि चिकित्सकले उपचार गर्न नमानेपछि चैत १८ गते विराट नर्सिङ होम लगिएको थियो । कोभिड सङ्क्रमण भएको हुनसक्ने भन्दै चिकित्सकले उपचार गर्न नमान्दा चैत १९ गते नोबेल अस्पताल पुऱ्याएपछि उनको मृत्यु भयो।

कोशी अस्पताल कोभिड–१९ उपचार केन्द्रमा ०७७ साउन २६ गते भर्ना भएका विराटनगर महानगरपालिका–३ का ५७ वर्षीय सिताराम दाहालको उपचारमा लापरबाही भएका कारण साउन २८ गते मृत्यु भएको आरोपमा पीडितकी २२ वर्षीया छोरी निलिमा दहालले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयस्थित कोभिड–१९ निगरानी तथ्याङ्क सङ्कलन तथा अनुगमन सचिवालयसमेतलाई विपक्षी बनाई उच्च अदालत विराटनगरमा भदौ ४ गते मुद्दा दर्ता गराइन् । उच्च अदालत विराटनगरले कोरोना उपचारका क्रममा प्रदेश सरकारले बनाएको नीति, निर्देशिका तथा मापदण्डसहित उपस्थित हुन सामाजिक विकास मन्त्रालयलगायत विपक्षीलाई छलफलका लागि मुख्य न्यायाधीश तिलप्रसाद श्रेष्ठ र न्यायाधीश प्रेमराज कार्कीको संयुक्त इजलासले ०७७ भदौ ८ गते आदेश दियो। अदालतको आदेशपछि सामाजिक विकास मन्त्रालयले उपचारको प्रबन्ध मिलाएको मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले बताए । दाहाल साउन २४ गते कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएपछि साउन २६ गते कोशी अस्पताल कोभिड–१९ उपचार केन्द्र विराटनगरमा भर्ना भएका थिए। उच्च अदालतको आदेशपछि प्रदेश १ सरकारले भदौ ११ गतेदेखि कोभिड–१९ उपचार केन्द्रमा आइसीयू र भेण्टिलेटर सेवाको सुरूआत गऱ्यो।

कानेपोखरी गाउँपालिका–५ की २३ वर्षीया सविना थापा (दर्जी)को उपचार नपाएकै कारण भदौ १६ गते राति मृत्यु भएको पीडित परिवारले आरोप लगायो । परिवारका सदस्यले विराटनगरका नोबेल अस्पताल, विराट शिक्षण अस्पताल, विराट नर्सिङ होम एवम् विराटनगर अस्पताल, ग्रीनक्रस अस्पताल, कोशी अस्पताल, सुरक्षा अस्पताल लगायतका अस्पताल उपचारका लागि पुऱ्याएको थियो । सात ओटा अस्पताल पुऱ्याउँदा पनि सात महिनाकी गर्भवतीको उपचारका लागि कोरोना भाइरसको बहानमा अस्पतालले भर्ना नलिएपछि उपचार नपाएरै मृत्यु भएको पीडित परिवारको भनाइ छ। पीडितले भदौ २० गते प्रमुख जिल्ला अधिकारी कोशहरि निरौला समक्ष ध्यानाकर्षण गराएको स्थानीय पत्रकार दिनेश सुब्बाले बताए। पीडित परिवारले कतै पनि उजुरी गरेनन्।

उदयपुरको कटारी नगरपालिका – ५ का २३ वर्षीय पदमबहादुर राईको साउन ९ गते नोबेल शिक्षण अस्पताल र कोशी अस्पतालले उपचार नगर्दा कोशी अस्पतालको आकस्मिक कक्ष बाहिर मृत्यु भयो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालश्रम | १ | १ |
| बेचबिखन तथा ओसारपसार | २ | २ |
| बलात्कार | १४ | १४ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | २१ | २१ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | | १ | | १ |
| 'बोक्सी'को आरोप | | १ | | १ |
| बलात्कार | | ११ | | ११ |
| बलात्कार प्रयास | | ३ | | ३ |
| यौन दुर्व्यवहार | | १ | | १ |
| प्रसूति सेवा | | | १ | १ |
| घरेलु हिंसा | ३७ | ३ | | ४० |
| जम्मा | ३७ | २० | १ | ५८ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ६ | ८ |

# १.१३ सुनसरी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,३३,५३५ |
| महिला | ३,८१,५६३ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ४ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ८ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ८५,८८८ |
| कामका लागि बाहिरिएका | ५०,२८१ |
| अपाङ्गता भएका | १०,४०५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६४.४६ |
| आश्रित जनसङ्ख्या | ३,२४,०३६ |

यस वर्ष सुनसरी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ९३ जना महिला, ११ जना पुरुषसहित १ सय ४ जना र राज्यपक्षबाट एक जना महिला, १४ जना पुरुषसमेत १५ जना पीडित भएको इन्सेकले गिरफ्तार गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा ४१ जना र महिला अधिकार उल्लङ्घन घटनामा ४४ जना पीडित भए।

## गिरफ्तारी

*यस वर्ष सुनसरीमा एक महिलासहित ६ जना प्रतिबन्धित नेकपाका नेता तथा कार्यकर्ता गिरफ्तार भएका इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारी लगत्तै उनीहरूलाई सङ्खुवासभा प्रहरीले सङ्खुवासभा लग्यो । उनीहरू सबैलाई काठमाडौँबाट जिल्लान्तर गरी सुनसरी ल्याइएको थियो ।*

## कारागार र बन्दी

१ हजार ६ सय जना क्षमताको कारागार मा १ हजार ७ सय ३४ जना पुरुष कैदी/बन्दी छन् । कैदी/बन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको निम्ति जेलर राजेन्द्र कुमार कार्कीले बताए। मुद्दाको छिनोफानो समयमै नहुँदा कारागारमा केही बस्न बाध्य कैदी बन्दी रहेका छन्। यहाँ ७० वर्ष नाघेका ६० जना बन्दी छन् । यो वर्ष चार जना कैदीबन्दीको मृत्यु भएको थियो ।

कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि दुई जना दरबन्दी रहेकोमा हाल एकै जना पनि नभएकाले रामधुनी नगरपालिकाको एक जना सिनियर अहेवले सेवा प्रदान गरिरहेका छन्। कारागारमा १ हजार ७ सय ३४ जना कैदीबन्दीहरूमध्ये जटिल मानसिक रोगी ४५ र सामान्य मानसिक रोगी ८७ जना गरी कूल १ सय ३२ जना मानसिक रोगको औषधि उपचार गराइरहेका छन् । ६० वर्ष नाघेका १ सय १० जना ज्येष्ठ नागरिक छन्। १ सय ५ जनाको स्वाब सङ्कलन गरिएकामा ३२ जनालाई कोभिड-१९ बाट सङ्क्रमित भए । उनीहरू सबै निको भए ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | १ | | १ |
| गिरफ्तारी | | १ | ५ | ६ | | | |
| कुटपिट | | | ९ | ९ | १ | १ | ३ |
| हत्या | | | | | ७ | ९ | १६ |
| बाल अधिकार | बलात्कार | | | | ३६ | | ३६ |
| | यौन दुर्व्यवहार | | | | ४ | १ | ५ |
| | जम्मा | | | | ४० | १ | ४१ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | | १ | | १ |
| | बलात्कार | | | | ३५ | | ३५ |
| | बहुविवाह | | | | १३ | | १३ |
| | घरेलु हिंसा | | | | ५ | | ५ |
| | जम्मा | | | | ४४ | | ४४ |
| कूल जम्मा | | १ | १४ | १५ | ९३ | ११ | १०४ |

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

१० जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार २ सय ७ मध्ये १ हजार ८ थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ३ हजार ७ सय ९५ मध्ये १ हजार ८ सय ५३ थान मुद्दा फैसला भए । यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ४ सय २० थान छन् भने देवानी मुद्दा ५ सय ७९ थान बाँकी छन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका ३ हजार २१ र सन् २०२० को २ हजार ९ सय ८१ थान मुद्दामध्ये कुल २ हजार ८ सय ६१ थान मुद्दा फैसला भए भने ३ हजार १ सय ४९ थान मुद्दा बाँकी छन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय २० आधारभूत र १ सय ४९ मावि छन् । २ हजार ७ सय २८ शिक्षक दरबन्दी रहेकामा २० ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ । यस वर्ष २३ हजार ७ सय २७ बालक र १९ हजार ९ सय ५२ जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका २ सय ५ बालिका र ३ सय ८ बालक भर्ना भएका थिए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय चार मावि र दुई अधारभूत गरी ६ ओटा मात्र छन् । द्वन्द्वपीडित परिवारका ९२ जना बालबालिकाले छात्रवृत्ति पाए । यस वर्ष जिल्लाभर ६ हजार ७ सय १७ दलित बालक र ७ हजार १ सय ४७ दलित बालिका विद्यालय भर्ना भए । कोभिडका कारण २०७६ चैत ११ गतेदेखि २०७७ मङ्सिर १३ गतेसम्म पूर्णरूपमा पठनपाठन बन्द भयो । बन्दाबन्दीको बेला संस्थागत विद्यालयमा अनलाइन कक्षा सञ्चालन गरिएको भए पनि विद्यार्थीको सहभागिता प्रभावकारी भएन । वैदेशिक रोजगारमा गएका परिवारका १ सय १७ जना बालबालिकाले १२ हजार रुपियाँ छात्रवृत्ति पाए । शहीद परिवारका ८२ जनाले १७ हजार र द्वन्द्वपीडित परिवारका ९२ जना बालबालिकाले ७ लाख ३६ हजार रुपियाँ छात्रवृत्ति पाएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख रमेशबहादुर दाहालले बताए ।

*यो वर्ष सुनसरीमा बलात्कारका घटनामा ३६ जना बालिका, यौन दुर्व्यवहारका घटनामा चार जना बालिका र एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले दुई घटनाका आरोपितलाई कैदको फैसला, २३ ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा, चार ओटा घटनाका आरोपित बालकलाई बाल सुधार गृहमा पठायो । सात घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

### बलात्कार

चार वर्षीया बालिकालाई ०७६ पुस २३ गते बलात्कार गरेको आरोपमा बराहक्षेत्र नगरपालिका–२ का ११ वर्षीय बालकविरूद्ध पुस २४ गते इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा उजुरी दियो । आरोपितलाई प्रहरीले पुस २३ गते घरबाटै गिरफ्तार गऱ्यो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा पुस २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो । जिल्ला

अदालतका न्यायाधीश राधाकृष्ण उप्रेतीको फागुन ८ गतेको इजलासले तीन वर्ष कैद तोकिएकोमा बालक भएकाले विराटनगर बाल सुधार गृहमा पठायो । पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २३ गते भयो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७ सय ९ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ९०, खान/लाउन नदिएको १ सय १७, विवाह दर्ता र नागरिकता नबनाएको १ सय ४५, बहुविवाह गरेर अर्की श्रीमती ल्याएर हेला गरेको २४, दाइजो नल्याएको भनी हेला गरेको १३ र सामान्य घरायसी झगडाका ३ सय २० ओटा उजुरी छन् । यीमध्ये प्रहरीले ६ सय १५ ओटा उजुरीमा मेलमिलाप गरायो भने ९४ ओटा उजुरी कारबाही प्रक्रियामा छन् । पीडित र पीडकका बिचमा छलफल गराई मेलमिलापमा टुङ्ग्याउने गरिएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रमुख बिनु बस्नेतले बताइन् ।

*यो वर्ष सुनसरीमा बलात्कारका घटनामा २५ जना महिला पीडित भएका इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये एउटा घटनाका आरोपित धरौटीमा रिहा, पाँच ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । १९ ओटा घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा ६ ओटा सरकारी अस्पताल, चार ओटा सामुदायिक अस्पताल, ४९ ओटा स्वास्थ्य चौकी, पाँच ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ६२ ओटा नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ।

जिल्लामा २ लाख ६७ हजार ९२६ जनाले बीमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा कार्यक्रममा पनि २१ हजार ५ सय ९९ जनाको बिमा गरिएको छ । स्वास्थ्य बिमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि बढी दौडधुप गर्नुपर्ने र सहयोगी लिएर जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो । जिल्लामा पूर्ण अपाङ्गता भएका, दीर्घ रोगी, कुष्ठ रोगी र ज्येष्ठ नागरिक सहित निःशुल्क बिमा कार्यक्रममा ४८ हजार ९ सय ८३ जनाको बिमा गरिएको स्वास्थ्य बिमा बोर्ड सुनसरी शाखाका दर्ता अधिकारी सुभाष लम्सालले बताए । स्वास्थ्य बिमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि बढी दौडधुप गर्नुपर्ने र सहयोगी लिएर जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो ।

सुनसरी जिल्लामा कोभिड-१९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या ८ हजार ३ सय २ जना रहेको, निको हुनेहरुको सङ्ख्या ८ हजार ४ जना, मृत्यु हुनेको सङ्ख्या १ सय ४८ जना रहेको छ । जिल्लामा उपचार हुन नसक्ने अवस्थामा जिल्ला बाहिर पठाइएकाहरूको सङ्ख्या ४ हजार ५ सय ३० रहेको छ । जिल्लामा धरानस्थित एक, इटहरीमा एक, बराहक्षेत्रमा एक, इनरुवामा एक र रामधुनीमा एक कोभिड अस्पताल छन् । जिल्लाका कोभिड अस्पतालहरूमा विषेशज्ञ सेवा, आइसीयू सेवा उपलब्ध छ । स्थानीय स्तरमा इटहरी, बराहक्षेत्र, रामधुनी, इनरुवामा कोभिड अस्पताल बनेको छ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ६ | ३९ | ३६ |
| यौन दुर्व्यवहार | | | ५ | ५ |
| जम्मा | १ | ६ | ३४ | ४१ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | | १ | | १ |
| बहुविवाह | | ३ | १० | १३ |
| बलात्कार | | ५ | ३० | ३५ |
| घरेलु हिंसा | ४ | | १ | ५ |
| जम्मा | ४ | ९ | ३१ | ४४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १५ | १६ |

# १.१४ उदयपुर

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,३०,६१३ |
| महिला | १,७८,४५० |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ८१,६१८ |
| कामका लागि बाहिरिएका | २२,०६० |
| अपाङ्गता भएका | ७,७८१ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६५ |
| आश्रित जनसङ्ख्या | १,४६,६८४ |

यस वर्ष उदयपुर जल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ८२ जना महिला, १३ जना पुरुषसहित ९५ जना र राज्यपक्षबाट एक जना महिला, सात जना पुरुषसमेत आठ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३६ जना र महिला अधिकार उल्लङ्घन घटनामा ४३ जना पीडित भए ।

### बम विस्फोटमा घाइते

कटारी नगरपालिका–८ भाण्टावारीस्थित सौर्य सिमेण्ट उद्योगको खानी क्षेत्रमा ०७७ मङ्सिर १९ गते राति अपरिचित व्यक्तिहरूको समूहले बम विष्फोट गराउँदा पाँच जना मजदुर घाइते भए । विष्फोटमा परेर उद्योगमा कार्यरत कटारी नगरपालिका–८ का २४ वर्षीय विष्णुबहादुर मगर, कटारी नगरपालिका–७ का २३ वर्षीय नविन मगर, उदयपुरगढी गाउँपालिका–२ का २५ वर्षीय दुर्गा तामाङ, मकवानपुर जिल्लाका ३० वर्षीय सागर मोक्तान र १८ वर्षीय शिवशङ्कर मोक्तान घाइते भएको एसपी भीमबहादुर दाहालले बताए । घाइते सबैको उपचार कटारी अस्पतालमा भयो । विष्फोटबाट उद्योगको खानी क्षेत्रमा रहेको बा.१.ख.७९९२ नम्बर को स्काभेटर, स.११.प.२७८६ नम्बरको मोटरसाइकल पूर्णरूपमा जलेर नष्ट भयो । विष्फोटमा तीन ओटा स्काभेटरमा क्षति भयो । खानीका कर्मचारी होम बस्नेतका अनुसार राति १२ बजेको समयमा अपरिचित व्यक्तिहरूको समूहले उद्योगको खानी क्षेत्रलाई लक्षित गरी राखेको बम विष्फोट गराइएपछि भाग्ने क्रममा मजदुर घाइते भएका हुन् । यो वर्षको अन्त्यसम्म विस्फोटनको जिम्मा कसैले लिएन ।

### गिरफ्तारी

*यो वर्ष उदयपुरबाट प्रतिबन्धित नेकपाका एक जना महिला सहित चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये दुई जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गऱ्यो । जिल्ला प्रशासनले धरौटीमा र पार्टी परित्याग गर्ने प्रतिबद्धतापछि जिल्ला प्रशासन कार्यालयले एक जनालाई रिहा गऱ्यो ।*

### कारागार र बन्दी

१५ जना महिला र ३५ जना पुरुषसहित ५० जनाको क्षमता भएको कारागारमा १ सय ४० जना कैदीबन्दी छन् । जसमा महिला आठ र पुरुष १ सय ३२ जना छन् । कारागारमा तीन जना तीन वर्षका बालिका छन् । कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय,

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | ३ | ४ | | | |
| कुटपिट | | | ४ | ४ | | ३ | ३ |
| घाइते | | | | | | ५ | ५ |
| हत्या | | | | | ३ | ५ | ८ |
| बाल अधिकार | बालविवाह | | | | १ | | १ |
| | बलात्कार | | | | ३८ | | ३८ |
| | यौन दुर्व्यवहार | | | | ६ | | ६ |
| | जम्मा | | | | ३६ | | ३६ |
| महिला अधिकार | बलात्कार | | | | १५ | | १५ |
| | बलात्कार प्रयास | | | | ३ | | ३ |
| | बहुविवाह | | | | १५ | | १५ |
| | घरेलु हिंसा | | | | १० | | १० |
| | जम्मा | | | | ४३ | | ४३ |
| कूल जम्मा | | १ | ७ | ८ | ८१ | १३ | ९५ |

पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमवोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर कुमारबहादुर खड्काले बताए।

### झडपमा घाइते

बेलका नगरपालिकाको कार्यालयमा २०७७ साउन १८ गते तालाबन्दी गर्नेक्रममा प्रदर्शनकारी र प्रहरीबिच झडप हुँदा इलाका प्रहरी कार्यालय, रामपुरका प्रहरी जवान ३३ वर्षीय राजकुमार बुढाथोकी, बेलका नपा–९ का ६२ वर्षीय महेन्द्रबहादुर निरौला र सोही नपा–५ का ३७ वर्षीय रविन राई घाइते भए । नगरपालिकाको काम पारदर्शी बनाउन माग गर्दै आन्दोलनमा उत्रिएका नेपाली कांग्रेस लगायत दलका कार्यकर्ताले कालो झण्डा प्रदर्शन गर्दै नगरपालिकामा धर्ना र तालाबन्दी गर्न लागेको भिडलाई रोक्न खोज्दा प्रहरी र प्रदर्शनकारीबिच झडप भएको प्रहरीले जनायो । घाइते तीनै जनाको उपचार स्वास्थ्य केन्द्र रामपुरमा साउन १८ गते भयो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ८६ मध्ये १ सय २३ मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ४ सय ४६ मध्ये १ सय ६४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा चार थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३८ आधारभूत र १ सय १२ मावि छन्। २ हजार १ सय २९ शिक्षक दरबन्दी रहे कामा २ सय १० रिक्त रहेको छ । यस वर्ष ३३ हजार ७ सय ८३ बालक र ३५ हजार ६ सय ७० जना बालिका भर्ना भए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय नौ ओटा मात्र छन्। द्वन्द्वपीडित परिवारका सात जना बालबालिकाले छात्रवृत्ति पाए । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ।

*यो वर्ष उदयपुरमा बलात्कार घटनामा २८ जना र यौन दुर्व्यवहार का घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले १८ घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा, चार ओटा घटनाका मुद्दामा फैसला, एउटा घटनाका आरोपितलाई बाल सुधार गृह, एउटा घटनाका आरोपित अभिभावकको जिम्मामा पठायो भने दुई ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म फरार रहे । दुई ओटा घटनाका आरोपित भने वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा नै रहे । यौन दुर्व्यवहार घटनामा चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना धरौटीमा र एक जना आरोपितलाई तारिखमा रिहा गर्‍यो ।*

#### यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई २०७६ चैत ११ गते पैसा दिने प्रलोभनमा पारी यौन दुर्व्यवहार गरेको आरोपमा सोलुदुधकुण्ड नगरपालिका–६ दोर्पुका १७ वर्षीय र ११ वर्षीय बालकविरूद्ध पीडित पक्षले चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । आरोपितद्वयलाई प्रहरीले चैत १४ गते घरबाटै गिरफ्तार गर्‍यो । आरोपितद्वयविरूद्ध प्रहरीले चैत १३ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गरी

कारबाही अघि बढायो । जिल्ला अदालतका न्यायाधीश महेन्द्रराज काफ्लेको ०७७ कात्तिक १९ गतेको आदेशले ११ वर्षीय बालकलाई प्रमाण नपुगेको भनी सफाइ दियो भने १७ वर्षीय बालकलाई ६ महिना कैद र २० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल फाप्लुमा चैत १४ गते गरियो।

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव

यो वर्ष घरेलुहिंसा अर्न्तगत जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा १ सय १४ उजुरी दर्ता भए। दर्ता भएका धेरेजसो उजुरीमा मेलमलिाप गरिएको सेवा केन्द्रले जनायो।

*यो वर्ष उदयपुरमा घरेलु हिंसाका १०, बलात्कारका घटनामा १५ र बलात्कार प्रयासका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये जिल्ला अदालतले बलात्कारका १० घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा र एउटा घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। तीन ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बलात्कार प्रयासका एक घटनाका आरोपित पुर्पक्षका लागि थुनामा एउटा घटनाका आरोपित तारेखमा रिहा र एउटा घटनाका आरोपित धरौटीमा रिहा भए।*

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति

ताप्ली गाउँपालिकाको कार्यालयको प्रशासनिक भवनलाई लक्षित गरी अपरिचित व्यक्तिहरूको समूहले ०७७ मङ्सिर ६ गते बम विष्फोट गरायो । विष्फोटको आरोपमा प्रहरीले प्रतिबन्धित नेकपाका दुई जना कार्यकर्तालाई मङ्सिर ९ गते गिरफ्तार गरी पुस ६ गते अदालत पेश गरेकामा जिल्ला अदालतले पुस ९ गते जनही १५ हजार रुपियाँ धरौटी लिएर रिहा गऱ्यो । गाउँपालिकाको कार्यालय परिसरको नागरिक सहायता कक्षमा बम विस्फोटनबाट प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, उपाध्यक्षको कार्यकक्षमा रहेका ढोका, भ्याल, कम्प्युटर, प्रिन्टर, टेबल, दराज, सोफालगायतका सामानमा क्षति पुग्यो । गाउँपालिकाका अध्यक्ष उद्धवसिंह थापाका अनुसार बम विस्फोटबाट चारकोठे भवन र कम्प्युटर लगायत गरी ४३ लाख रुपियाँ बराबरको क्षति भयो। यो वर्षको अन्त्यसम्म विस्फोटनको जिम्मा कसैले लिएको छैन।

*अपरिचित व्यक्तिहरूको समूहले बम विस्फोट गराई क्षति पुऱ्याएको ताप्ली गाउँपालिकाको कार्यालय*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा सरकारी अस्पताल, ४६ ओटा स्वास्थ्य चौकी, एउटा प्राथमिक स्वास्थ्य केन्द्र, आठ ओटा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा ६ ओटा दरबन्दी रिक्त छ। ६ जना स्टाफ नर्सको दरबन्दीमा चार रिक्त छन्। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अद्यावधिक रहेको पाइएन।

३ लाख ३० हजार ६ सय १३ जनसङ्ख्या रहेको उदयपुर जिल्लामा जनसङ्ख्या र भौगोलिक विकटताका आधारमा अझै पनि पर्याप्त स्वास्थ्य संस्था छैनन्। ग्रामीण क्षेत्रमा अहिले पनि ५/६ घण्टा लगाएर स्वास्थ्य केन्द्रमा पुग्नु पर्ने समस्या रहेको छ। जनताको पहुँच पुग्ने गरी स्वास्थ्य संस्था नहुँदा बिरामीले मर्का खेप्नु परेको छ। ग्रामीण भेगमा अझै पनि रगत, दिसा, पिसाब, खकार परीक्षण गर्ने प्रविधि र दक्ष जनशक्ति नहुँदा सर्वसाधारण मर्कामा छन्।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | | १ | १ | २ |
| बलात्कार | ६ | | ४ | १८ | २८ |
| यौन दुर्व्यवहार | | १ | | ५ | ६ |
| जम्मा | ६ | १ | ५ | २४ | ३६ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १४ | १५ |
| बलात्कार प्रयास | | ३ | ३ |
| बहुविवाह | १ | १४ | १५ |
| घरेलु हिंसा | | १० | १० |
| जम्मा | २ | ४१ | ४३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ७ | ८ |

# प्रदेश २

- क्षेत्रफल : ५,६६१ वर्ग कि.मि.
- जनसङ्ख्या : ५४,०४,१४५
- साक्षरता प्रतिशत : ४५.७२
- जिल्ला : ८
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६४
- महानगरपालिका : १
- उपमहानगरपालिका : ३
- नगरपालिका : ७३
- गाउँपालिका : ५५
- कूल वडा सङ्ख्या : १,२७१

# प्रदेश परिचय

२

प्रदेश २ सरकारले नागरिकको साक्षरता अभिवृद्धि गर्दै आर्थिक वर्ष २०७७।७८ भित्र पूर्ण साक्षर प्रदेश घोषणा गर्ने तथा भौगोलिक, लैङ्गिक, शारीरिक, जातीय र वर्गीय विभेदको अवस्था अन्त्य गर्न समावेशी विकासको दृष्टिकोण अघि सारेको छ। मानव अधिकारप्रतिको सचेतनामार्फत जिम्मेवार नागरिक दायित्व र जबाफदेही शासन प्रणाली सुनिश्चित गर्न सामाजिक सङ्घ संस्थासँग सहकार्य गर्ने तथा कारागार, हिरासत, थुनुवा कक्ष, बाल सुधारगृहको अध्ययन गरी आवश्यक सुधारका कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ। यस वर्ष प्रदेश २ अन्तर्गत ८ हजार ७ सय ४५ अवास निर्माणका लागि सम्झैता भएकामा ४ हजार ६४ कार्य सम्पन्न भएको छ भने ४ हजार ६ सय ८१ काम सम्पन्न हुन बाँकी रहेको छ। प्रदेश २ मा वर्षको अन्त्यसम्म १७ हजार १ सय ७३ कारोना संक्रमितमध्ये २ सय ९ जनाको मृत्यु भयो। एक स्थानीय सरकार एक अस्पताल कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेशभित्र ५५ अस्पताल भवनको शिलान्यास गरिएको छ।

सन् २०२० मा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ७ सय ७८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तारीका घटनामा १४ जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय २२ जना, हत्याका घटनामा अन्यपक्षबाट ८२ र राज्यपक्षबाट चार जना, बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ४६ जना पीडित भएको अभिलेख छ।

## सन् २०२० मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# २.१ सप्तरी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,६५,४७० |
| महिला | ३,४६,१७३ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ४ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ८ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २,५१,५७५ |
| कामका लागि बाहिरिएका | २६,४३३ |
| अपाङ्गता भएका | ८,०४४ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६५ |
| आश्रित जनसङ्ख्या | २,५६,६५७ |

*यस वर्ष सप्तरी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ६ जना महिला, ५८ जना पुरुषसहित १ सय ६४ जना र राज्यपक्षबाट दुई जना महिला, १३ जना पुरुषसहित १५ पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४७ जना र महिला अधिकार उल्लङ्घन घटनामा ५० जना पीडित भए।*

## गिरफ्तारी

प्रतिबन्धित नेकपाकी केन्द्रीय सदस्य गोरखा जिल्ला अजिरकोट गाउँपालिका–३ हँसपुरकी ४१ वर्षीया उमा भुजेल शिलु र झापा जिल्ला दमक नगरपालिका–२ बेलडाँगीका ३१ वर्षीय सुमनसिंह पौडेललाई ०७७ भदौ ४ गते इलाका प्रहरी कार्यालय कञ्चनरूप, सप्तरीले गिरफ्तार गऱ्यो । भुजेल र पौडेललाई सुनसरीमा तीन ओटा मुद्दा चलाइएकोमा सुनसरी जिल्ला अदालतले भदौ २ गते पुर्पक्षका लागि साधारण तारखिमा रिहा गर्ने आदेश गरेपछि अदालत बाहिर निस्किने बित्तिकै प्रहरीले पुनः गिरफ्तार गरी नियन्त्रणमा लिएर सप्तरी प्रहरीलाई बुझाएको भुजेलले बताइन् । बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतले दुबै जनालाई भदौ १४ गते रिहा गर्ने आदेश गरेबमोजिम सप्तरी जिल्ला अदालत र सप्तरी जिल्ला बार एशोसिएशनको रोहबरमा भदौ १४ गते उनीहरू रिहा भए । रिहा भएलगत्तै पुनः गिरफ्तार गर्न अदालत अगाडि दुई जना इन्स्पेक्टरको नेतृत्वमा रहेको प्रहरी टोलीलाई झुक्याएर दुवै जना सम्पर्कविहीन भए ।

## कुटपिट/दुर्व्यवहार

*कोभिड–१९ नियन्त्रणका नाममा राज्यबाट ६ ओटा कुटपिट र दुर्व्यवहारका घटनामा २० जना पीडित भए । चार ओटा घटनाको उजुरी परेन भने तीन ओटा घटनाका आरोपित तीन जना प्रहरी र एक जना सशस्त्र प्रहरीमाथि कारबाही भयो ।*

### राज्यपक्षबाट

बलान बिहुल गाउँपालिका–३ मौवाहाका २६ वर्षीय हरेकृष्ण साह र २४ वर्षीय चन्द्र यादवलाई ०७६ चैत १६ गते सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट रामनगर कोदरकट्टीका सशस्त्र प्रहरी मनोज चौधरीले कुटपिट गरेर घाइते बनाएको पीडितहरूले बताए । भारत बिहारको लौकहा बजारबाट औषधिलगायत खाद्य सामग्री लिएर नेपाल फर्किने क्रममा चौधरीले दुर्व्यवहार गर्नुका साथै भुइँमा घोप्टो पारेर निर्घात कुटपिट गरेको भिडिओ र फोटोहरू सामाजिक सञ्जालमा सार्वजनिक भए । घाइते दुवैको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो । भारतबाट अवैध रूपमा निरन्तर समान ओसारपसार

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | १ | २ | | | |
| कुटपिट | | | ११ | ११ | ६ | १७ | २३ |
| अमानवीय व्यवहार | | १ | १ | २ | | १ | १ |
| हत्या | | | | | ४ | ७ | ११ |
| घाइते | | | | | ५ | २६ | ३१ |
| धम्की | | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | | २६ | | २६ |
| | विद्यालयमा शारीरिक सजाय | | | | | ५ | ५ |
| | यौन दुर्व्यवहार | | | | १२ | १ | १३ |
| | बेचबिखन तथा ओसारपसार | | | | ३ | | ३ |
| | जम्मा | | | | ४१ | ६ | ४७ |
| महिला अधिकार | 'बोक्सी'को आरोप | | | | ३ | | ३ |
| | बलात्कार | | | | १२ | | १२ |
| | बलात्कार प्रयास | | | | ९ | | ९ |
| | बहुविवाह | | | | १३ | | १३ |
| | घरेलु हिंसा | | | | १० | | १० |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | जम्मा | | | | ५० | | ५० |
| कूल जम्मा | | २ | १३ | १५ | १०६ | ५८ | १६४ |

गर्नेहरूलाई पटक-पटक सम्झाउँदा पनि नेपाल-भारत सीमा नाका बन्द र लकडाउनको उपेक्षा

*हरेकृष्ण साह र चन्द्र यादवलाई कुटपिट गर्दै प्रहरी*

गरेको र सो क्रममा सम्झाउँदा गालीगलौज गरेपछि कुटपिट गरेको आरोपित चौधरीले बताए । आरोपित चौधरीलाई सशस्त्र प्रहरी बलले ०७६ चैत १९ गते निलम्बन गऱ्यो ।

बोदेबर्साइन नपा-५ स्थित चन्द्र नमूना माविमको क्वारेण्टाइनमा बसेका बोदेबर्साइन नपा-७ का ३२ वर्षीय पुरुष, बोदेबर्साइन नपा-९ देउरीका ३०, ३८ र ३८ वर्षीय पुरुष र सोही नपा-१० का ३० र ३४ वर्षीय पुरुषहरूलाई ०७७ असार २३ गते राति प्रहरी जवान ३२ वर्षीय घनश्याम थापा मगर र ३० वर्षीय छविलाल बम्जनले कुटपिट गरी घाइते बनाए । घाइतेहरूको बोदेबर्साइन स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूले क्वारेण्टाइनमै उपचार गरे । क्वारेण्टाइनस्थल रहेको विद्यालयको मूल ढोकामा १५ जना बसिरहेका बेला प्रहरीले एक्कासि कुटपिट गरेको घाइतेहरूले बताए । कुटपिट घटनामा संलग्न प्रहरीलाई इलाका प्रहरी कार्यालय, कडरबोनाबाट खटिएको टोलीले असार २३ गते राति कडरबोना ल्यायो। आरोपितहरूले क्वारेण्टाइनमा रहेका व्यक्तिहरू बजारतिर हिँडडुल गरिरहेको देखेपछि सम्झाउँदा अपशब्द प्रयोग गरेकाले सामान्य कुटपिट गरेको बताए। आरोपितहरूमाथि असार २४ गते स्पष्टिकरण सोधिएकोमा साउन २१ गते कारबाही स्वरूप सख्त चेतावनी दिइएको जिल्ला प्रहरी कार्यालयले जनायो ।

**अन्य पक्षबाट**

डाक्नेश्वरी नगरपालिका प्रमुख ६८ वर्षीय शिवनारायण साहमाथि ०७६ माघ २१ गते डाक्नेश्वरी नपा- ३ का ४० वर्षीय राजीवकुमार राय, डाक्नेश्वरी नपा-५ का ३२ वर्षीय अमरेन्द्रकुमार यादव,

४५ वर्षीय महेश्वरप्रसाद यादव, डाक्नेश्वरी नपा–७ का २६ वर्षीय अर्जुनकुमार यादव र ३० वर्षीय गजेन्द्रप्रसाद साहले दुर्व्यवहार र हातपात गरेको भन्दै नगर प्रमुख साहले माघ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । माघ २३ गते घटनास्थलबाटै गिरफ्तार भएका राजीव, अमरेन्द्र र अर्जुनसहित पाँच जनाविरुद्ध जिल्ला प्रशासन कार्यालयमा अमानवीय अपमानजनक व्यवहार को उजुरी दर्ता गर्दै कारबाही अगाडि बढायो । महेश्वर र गजेन्द्र गिरफ्तार भएनन् । जिल्ला अदालतमा ०७७ कात्तिक २४ गते हाजिर भएका महेश्वरप्रसाद सोही दिन २५ हजार धरौटी राखी पुर्पक्षका लागि रिहा भए । अन्य आरोपितहरू हालसम्म हाजिर भएका छैनन् ।

कञ्चनरूप नगरपालिका–१ बैरवास्थित लक्ष्मीनारायण माविको क्वारेण्टाइनको सुरक्षार्थ खटिएका प्रहरी २१ वर्षीय कमलेश साहलाई ०७७ जेठ १७ गते कञ्चनरूप नगरपालिका–२ का २६ वर्षीय युवराज भनिने इबराज शेख, २६ वर्षीय सरिक भनिने सरिफ शेख, २७ वर्षीय फरियाद शेख, २२ वर्षीय असपाक शेख, २० वर्षीय रजाबुल शेख, २२ वर्षीय जुनेर शेख, २२ वर्षीय कुदरत शेख, २० वर्षीय अरवान शेखले कुटपिट गरेको भन्दै इलाका प्रहरी कार्यालय, कञ्चनरूपले अभद्र व्यवहारको उजुरी दर्ता गऱ्यो । असई अरुणकुमार बैठाको प्रतिवेदनका आधारमा अभद्र व्यवहारको उजुरी दर्ता गरी इबराज, सरिफ, फरियाद र असपाकलाई प्रहरीले जेठ १७ गते गिरफ्तार गऱ्यो । क्वारेण्टाइनमा बसेकाहरूसँग भेट्न आएका आफन्तहरूलाई दूरी कायम राखी बस्न भनेपछि क्वारेण्टाइनमा बसेका र उनलाई भेट्न आएकाहरूले मिलेर कुटपिट गरेको घाइते प्रहरी साहले बताए । साहको दाहिने घुँडाको माथिल्लो भाग भाँचिएको कञ्चनरूप नगरपालिका स्वास्थ्य शाखाका सहसंयोजक सिनियर अहेव डम्बरप्रसाद गुप्ताले बताए । गिरफ्तार भएका चार जनालाई जनही १० हजार रुपियाँ धरौटी र ३ हजार रुपियाँ घाइतेको औषधी खर्चवापत लिएर तारिखमा छाडेको छ । अन्य आरोपितहरू हालसम्म हाजिर भएनन् ।

माउण्टेन टेलिभिजनका सप्तरी सम्वाददाता राजविराज नपा–४ का २७ वर्षीय दिवाकर साहलाई असार ११ गते गहिल कन्ट्रक्सनका सञ्चालक राजविराज नपा–९ मलेठका ५१ वर्षीय भिमराज यादवले मार्ने धम्की दिएको भन्दै पीडितले जिल्ला प्रशासन कार्यालयमा ०७७ असार १२ गते उजुरी दिए। समाचारको विषयलाई लिएर मार्ने धम्की दिएपछि 'जिउधनको सुरक्षा गरी पाउँ' भनी साहले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए । यो वर्षको अन्त्यसम्म कुनै कारबाही भएन । प्रहरीले मिलापत्र गराउन खोजे पनि पीडितले मानेनन् ।

## कारागार र बन्दी

१० जना महिला र १ सय १५ जना पुरुष राख्ने क्षमताको जिल्ला कारागारमा ३ सय ७० जना कैदीबन्दी छन् । जसमा महिला १७ र पुरुष ३ सय ५३ रहेका छन् । एक जना तीन वर्षीय आश्रित बालक छन् ।

### कारागारमा मृत्यु

यो वर्ष कारागारमा कर्तव्य ज्यान मुद्दामा कैदीजीवन बिताइरहेका ज्येष्ठ नागरिक ७५ वर्षीय दीपनारायण चौधरी, ६६ वर्षीया सुमित्रादेवी साह र ७७ वर्षीय पञ्चु मण्डलको उपचारको क्रममा राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा मृत्यु भएको कारागार प्रशासनले जनायो ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

१० जना न्यायाधीश रहेको सप्तरी जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ८ सय ७३ मध्ये ४ सय ४८ मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ४ हजार ४ सय २३ मध्ये १ हजार ३ सय ४० थान मुद्दा फैसला भए । यस अदालतमा साधारण २ सय ७५ र सरकारवादी ३४ गरी दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ९ थान छन् । पुनरावेदन फौजदारी चार र पुनरावेदन देवानी १० थान छन् । दुई वर्ष नाघेका देवानी मुद्दा ७ सय ८४ थान बाँकी छन् । सन् २०१९ को जिम्मेवारी सरेर आएको ४ हजार ४ सय २१ र सन् २०२० को २ हजार २ सय ७४ थान मुद्दामध्ये कुल १ हजार ८ सय ६३ थान मुद्दा फैसला भए । जिम्मेवारी सरेर आएकामध्ये १ हजार ३ सय ७७ र नयाँ दर्तामध्ये ४ सय ८६ थान गरी कुल १ हजार ८ सय ६३ थान मुद्दा फैसला भएपछि ४ हजार ८ सय ३२ थान मुद्दा बाँकी छन् ।

### उच्च अदालत, जनकपुर इजलास

११ जना न्यायाधीश रहेको उच्च अदालत जनकपुर, राजविराज इजलासमा यस वर्षका लागि दुनियावादी देवानीका ७ सय १६ थान, दुनियावादी फौजदारीका १ सय ७२ थान, सरकारवादी फौजदारीका २ सय ३४ थान र सुरू क्षेत्राधिकारबाट ३७

थान मुद्दा जिम्मेवारी सरेका थिए । फौजदारी मुद्दाको सरकारवादीतर्फ १ सय ५१ थान उजुरी परे भने अघिल्लो वर्षको जिम्मेवारी सरेका समेत ३ सय ३१ थान मुद्दा फैसला भए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

सप्तरी जिल्लामा ३ सय ३५ आधारभूत र ८१ ओटा मावि छन् । राजविराजमा एउटा सरकारी महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस रहेको छ । अपाङ्गतामैत्री विद्यालय पाँच ओटा छन् । यस वर्ष सामुदायिकतर्फ पढ्ने उमेरका ५० हजार २ सय २९ बालक र ५७ हजार ३ सय ७० जना बालिका भर्ना भएका छन् । अपाङ्गता भएका २ सय ३६ बालिका र २ सय ८४ बालक भर्ना भए । यसवर्ष जिल्लाभर ४ हजार ६ सय ७० जना दलित बालक र ५ हजार ५ सय ३२ जना दलित बालिका विद्यालयमा भर्ना भए । उल्लेखित छात्र–छात्राहरूसमेत गरी जम्मा ३९ हजार ३ सय २७ दलित विद्यार्थीमध्ये थप १५ हजार १ सय ४१ जना छात्रा र १३ हजार ९ सय ८४ छात्र रहेका छन् ।

वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाहरूका बालबालिका ८१ जनाले ७ लाख १२ हजार रकम छात्रवृति प्राप्त गरे । शहीद परिवारका चार जनाले ७२ हजार रुपियाँ र द्वन्द्वपीडित परिवार का नौ जना बालबालिकाले १ लाख ४६ हजार रुपियाँ छात्रवृत्ति पाए ।

*बलात्कारको २६ घटनामा ४ देखि १७ वर्षीया २६ जना बालिका पीडित भए । जसमा एक बालिकाले बलात्कारपछि आत्महत्या गरिन् । आरोपित सात वर्षदेखि ४५ वर्षका ३४ जना रहे । आरोपितमध्ये १६ जना पुर्पक्षका लागि थुनामा र एक बालक बालसुधार गृहमा छन् भने सात र आठ वर्षीय दुई बालकमाथि मुद्दा चल्न नसकेर अभिभावकको जिम्मा लगाइएको छ । एक जना धरौटीमा रिहा भएका छन् । आरोपितमध्ये एक जना अपरिचित र एक जना बालिकाका बुवा समेत १४ जना गिरफ्तार भएका छैनन् । यौन दुर्व्यवहारका १३ घटनामा सातदेखि १७ वर्षीया १४ जना बालिका पीडित भए । आरोपितमा १८ देखि ७६ वर्षीय २३ जना छन् । जसमध्ये दुई जना पुर्पक्षका लागि थुनामा रहे । सात जना धरौटीमा रिहा भए, दुई जना वर्षको अन्त्यतिर गिरफ्तार भएकाले प्रहरी अनुसन्धानमा रहे भने १२ जना आरोपित वर्षको अन्त्यसमम गिरफ्तार भएनन् । यो अवधिमा एक पाँच वर्षीय बालकलाई यौन दुर्व्यवहार गरेको घटनाका २० वर्षीय आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

### विद्यालयमा शारीरिक दण्ड सजाय

अग्नीसाइर कृष्णसवरण गाउँपालिका–६ स्थित आदर्श सेकेण्डरी स्कूलमा अध्ययनरत १३ वर्षीय तीन जना र १४ वर्षीय दुई जना बालकलाई ०७६ फागुन १३ गते विद्यालय प्रशासनका कर्मचारीले कुटपिट गरी घाइते बनाएको भन्दै पीडितका अभिभावकहरूले महुली प्रहरीमा फागुन १३ गते उजुरी दिए । विद्यार्थीहरू अनुशासनमा नबसेको भन्दै दण्डस्वरूप आरोपितले अन्य शिक्षकहरूकै सामुन्ने बाँसको भाटाले गोडा र पिठ्यँमा प्रहार गर्दा चोटपटक र निलडाम बसेको थियो । घाइतेहरूको उपचार राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा फागुन १३ गते गरियो । आरोपितविरुद्ध कुनै कारबाही नभएको पीडित पक्षले जनायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०२० को एक वर्षको अवधिमा घरेलु हिंसापीडित भन्दै २ सय १३ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ५६, खान/लाउन नदिएका ८९, विवाह दर्ता र नागरिकता नबनाएको ४१, दाइजो नल्याएको भनी हेला गरेको २१ र सामान्य घरायसी झगडाका ६ घटना छन् । यीमध्ये प्रहरीले १ सय ९० ओटामा सहमति गरायो भने २३ ओटा उजुरी कारवाही प्रक्रियामा छन् ।

*यो वर्ष बलात्कारका १० घटनामा १२ जना महिला पीडित भए । एक सामूहिक बलात्कारसहित १२ बलात्कारको घटनामा १४ जना आरोपितहरू छन् । जसमा सात जना थुनामा र ६ जना यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । एउटा घटनामा गाउँमै सहमति भयो । बलात्कार प्रयासका नौ घटनामा १९ देखि ५६ वर्षीया महिला पीडित भए । घटनाका ११ जना आरोपितमध्ये एक जना थुनामा रहे भने दुई जना धरौटीमा रिहा र दुई जना साधारण तारिखमा रिहा भए । एक जना जमानीमा रिहा भए भने ६ जना यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यौन दुर्व्यवहारको एउटा घटनाका दुई जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

**परिवारजनबाट हत्या**

३१ वर्षीया महिलालाई ०७६ माघ २० गते पति, ससुरा र सासूले कुटपिट गरी घाँटी थिचेर रुखमा झुण्ड्याएको भन्दै मृतकका माइती पक्षले माघ २७ गते इलाका प्रहरी कार्यालय,कल्याणपुरमा उजुरी दियो । पीडित पक्षले माघ २८ गते जिल्ला हुलाक कार्यालयमार्फत पनि उजुरी गऱ्यो । फोनगरेको पीडितको चरित्रमाथि शङ्का गरी आरोपित पतिले बार म्बार कुटपिट गरी घर निकाला गर्ने गरेकोमा सम्झाई बुझाइ गरेर माइतबाट घर पठाउने गरेको माइती पक्षले जनायो । प्रहरीले उजुरी दर्ता नगरेपछि मृतककी आमाले उच्च अदालत जनकपुर राजविराज इजलासमा फागुन २ गते परमादेशको निवेदन दिइन् । इलाका प्रहरी कार्यालय, कल्याणपुरले फागुन २३ गते प्रतिउत्तर पठायो । यो वर्षको अन्त्यसम्म परमादेश जारी भएन र उजुरी पनि दर्ता भएन ।

**हत्या प्रयास**

३० वर्षीया महिलाको गर्दनमा खुकुरी प्रहार गरी ३२ वर्षीय पतिले ०७६ पुस २२ गते घाइते बनाए । आफ्नो नागरिकता र छोराहरूको जन्मदर्ता सच्याउन राजविराज नगरपालिका–१२ नम्बर वडा कार्यालय पुगेर फर्किरहेका बेला मोटरसाइकल चढी आएका आरोपितले 'तँलाई नागरिकता चाहियो, मलाई तनाव मात्रै दिन्छेस्' भन्दै खुकुरी प्रहार गरेर भागेको पीडित पक्षले जनायो । पीडितको टाउको र घाँटीमा गरी ३६ ओटा टाँका लगाइयो । राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा प्राथमिक उपचार पश्चात घाइतेको थप उपचार विराटनगरस्थित गोल्डेन अस्पतालमा दुई सातासम्म गरियो । आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।

२० वर्षीया महिलालाई ०७६ माघ १७ गते ससुरा, सासू, जेठाजु र जेठानीले आगो लगाई मार्ने प्रयास गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा माघ २० गते उजुरी दिइन् । जलेर घाइते भएकी पीडितको उपचार नगरी घरपरिवारले तीन दिन घरभित्रै बन्धक बनाएर राखे । पीडितकी आमाले घटना भएको तीन दिनपछि थाहा पाएर राजविराजस्थित अस्पताल र निजी क्लिनिकमा उपचार गराइन् । जिल्ला प्रहरी कार्यालयले पीडितबाट तेस्रो पटक उजुरी परिवर्तन गर्न लगाई ससुराविरुद्ध मात्र उजुरी दर्ता गऱ्यो । आरोपित ससुरालाई माघ २१ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयले आगो लगाई ज्यान मार्ने उद्योगमा उजुरी दर्ता गऱ्यो । जिल्ला अदालतमा ०७६ फागुन १६ गते उजुरी दायर भएकोमा अदालतको आदेशमा आरोपित फागुन १८ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

**'बोक्सी'को आरोप**

३५ वर्षीया महिलालाई ०७६ माघ १२ गते ५८ वर्षीय, ४५ वर्षीय, ४४ वर्षीया, २२ वर्षीय र ४१ वर्षीय छिमेकीहरूले 'बोक्सी'को आरोपमा कुटपिट गरे । पीडितका पतिले इलाका प्रहरी कार्यालयमा माघ १५ गते उजुरी दिए । जिल्ला प्रहरी कार्यालय, सप्तरीको आदेशमा घाइतेको स्वास्थ्य जाँच कोशी अस्पताल, विराटनगरमा माघ १४ गते गरियो । जिल्ला सरकारी वकिल कार्यालयले इलाका प्रहरी कार्यालय, कडरबोनाको नाममा उजुरी दर्ताका लागि पत्राचार गरे पनि दर्ता नभएको भन्दै पीडित र उनका पतिले असार ५ गते राजविराजमा पत्रकार सम्मेलन गरे । पीडितको घर आएका आरोपितमध्ये एक जनाले पीडितलाई देखाउँदै 'तँ यसको तान्त्रिक विद्याले बर्बाद गर्ने भई' भन्दै तन्त्रविद्या सखाप पार्न 'अभक्ष कोच्याएर कुटपिट गर्' भनी आदेश दिने बित्तिकै आरोपितहरूले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो । पीडितको उपचार न्युरो अस्पताल, विराटनगरमा गरियो । यो वर्षको अन्त्यसम्म उजुरी दर्ता भएन ।

## सबै प्रकारका जातीय विभेद

राजगढ गाउँपालिका–४ बेल्ही चपेना बस्ने दलित मुसहरका १४ घर माघ १८ गते सोही ठाउँका ५८ वर्षीय रामबहादुर मण्डलले भत्काएर विस्थापित बनाएको भन्दै पीडितहरूले ०७६ माघ १९ गते जिल्ला प्रशासन कार्यालय, सप्तरीमा ज्ञापन–पत्र बुझाए । अदालतको फैसला बमोजिम अदालत, प्रहरी, गाउँपालिकाको उपस्थितिमा घर भत्काइएको आरोपितले बताए । तीन पुस्तादेखि बस्दै आएको जमिनका घरहरू भत्काइ घरवारविहिन बनाइएपछि बिचल्लीमा परेका उनीहरूले जनता माबि बेल्ही चपेनामा रहेको आँपको बगैँचामा आश्रय लिए । यो वर्षको अन्त्यसम्म पीडितहरू बगैँचामा बस्दै आएका छन् । तीन तहकै सरकारले उनीहरूको बसोबासको व्यवस्था गरेनन् ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक, सामाजिक तथा सांस्कृतिक

अधिकारअन्तर्गत यो वर्ष चार ओटा घटना अभिलेख भएको छ। चार घटनामा दलित मुसहर समुदायको १४ घर भत्काइएको जस्ता घटना अभिलेख भयो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, सात सामुदायिक स्वास्थ्य इकाई, १११ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, १९ आधारभूत स्वास्थ्य केन्द्र, पाँच नगर स्वास्थ्य केन्द्र छन्। गजेन्द्रनारायण सिंह अस्पतालमा १ सय १ जनाको दरबन्दीमा ५० जनाको दरबन्दी रिक्त छ । गजेन्द्रनारायण सिंह अस्पतालमा ०७६ चैत ५ गते ६ बेडको कोरोना आइसोलेशन वार्ड तयार भई थप २० बेड गरी जम्मा २६ बेडको आइसोलेशन वार्ड सञ्चालन भएकोमा ०७७ जेठ ११ गतेदेखि अस्पतालकै मातहतमा रहने गरी बन्द रहेको साइकृष्णा मेडिकल कलेज एण्ड हस्पिटल व्यवस्थापन गरी १ सय ७८ बेडको अस्थायी कोभिड अस्पताल सञ्चालन गरियो। सन् २०२० को अन्त्यसम्म १ हजार ८ सय २९ जना कोरोना संक्रमति भए । सङ्क्रमणका कारण आठ महिलासहित ४१ जनाको मृत्यु भयो।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | १ | १ | | २ |
| विद्यालयमा शारीरिक सजाय | | | | १ | १ |
| बलात्कार | १ | ५ | ३० | | ३६ |
| यौन दुर्व्यवहार | | ३ | ९ | १ | १३ |
| जम्मा | १ | ८ | ३० | ३ | ४१ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| 'बोक्सी'को आरोप | | | १ | १ | १ | ३ |
| बलात्कार | | १ | ४ | | ७ | १२ |
| बलात्कार प्रयास | | | ४ | १ | ४ | ९ |
| यौन दुर्व्यवहार | | | | | ३ | ३ |
| घरेलु हिंसा | १ | ३ | | १ | ६ | १० |
| बहुविवाह | १ | | ३ | | ९ | १३ |
| जम्मा | ३ | ३ | १२ | ३ | ३० | ५० |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ११ | ११ |

# २.२ सिरहा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,६५,८५८ |
| महिला | ३,४५,०४४ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ४ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ८ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २,१५,३३५ |
| कामका लागि बाहिरिएका | ४५,७५० |
| अपाङ्गता भएका | ६,६६५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५८.०५ |
| आश्रित जनसङ्ख्या | ३,०५,२५१ |

*यस वर्ष सिरहा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय १३ जना महिला, चार जना पुरुषसहित १ सय १७ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४७ जना र महिला अधिकार उल्लङ्घन घटनामा ५७ जना पीडित भए।*

## कारागार र बन्दी

१ सय ५० जनाको क्षमता भएको कारागार मा ४ सय २३ जना थुनुवा र १ सय ९० जना कैदी गरी ६ सय १३ जना छन्। जसमा ५ सय ९२ पुरुष र २१ महिला छन्। कारागारमा दुई वर्षीय एक बालक र तीन वर्षीया एक बालिका छन्। ७० वर्ष नाघेका पाँच जना र ६० वर्ष नाघेका नौ जना ज्येष्ठ नागरिक कारागारमा रहेका छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

जिल्ला अदालतमा आठ जना न्यायाधीशको दरबन्दी रहेकामा आठ जना नै कार्यरत छन्। यस वर्षको अन्तसम्ममा १ हजार ७ सय ६८ फौजदारी मुद्दा मध्ये ३ सय ६६ र ३ हजार ८ सय ३७ देवानी मुद्दा मध्ये १ हजार ४ सय ८७ मुद्दा फैसला भए। दुई वर्षभन्दा पुराना देवानी मुद्दा ३ सय २७ र फौजदारी मुद्दा २ सय ४ थान रहेको जिल्ला अदालतका श्रेस्तेदार जगदिश्वर भट्टराईले बताए। सन् २०१९ को जिम्मेबारी सरेर आएका २ हजार ८ सय ५१ थान र सन् २०२० को २ हजार ८ सय ५३ थान गरी कूल ५ हजार ७ सय ४ थान मुद्दा मध्ये कूल १ हजार ८ सय ८९ थान मुद्दा फैसला भई हाल ३ हजार ८ सय १५ थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ४२ आधारभूत विद्यालय र ८२ ओटा माध्यमिक विद्यालय छन्। यस वर्ष ४६ हजार ९ सय ९५ बालक र ५२ हजार २ सय ८८ बालिका भर्ना भए। जसमा १ सय ३३ अपाङ्ग बालिका र ७० बालक भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइले जनाएको छ। यस वर्ष १६ हजार २ सय ६९ दलित बालक र १६ हजार ३ सय ४६ बालिका भर्ना भए। त्यसैगरी वैदेशिक रोजगारीमा गएका परिवारका ६१ जनाले ५ लाख ३६ हजार रुपियाँ छात्रवृत्ति

पाए भने २३ जना द्वन्द्व पीडित तथा सहिद परिवारका बालबालिकाले २ लाख ९८ हजार रुपियाँ छात्रवृत्ति र कम पाएको शिक्षा समन्वय इकाइले जनायो।

*यो वर्ष सिरहामा बलात्कारका घटनामा ३१ जना र यौन दुर्व्यवहारका घटनामा १४ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतको आदेशमा १९ जना पुर्पक्षका लागि थुनामा एउटा घटनाका आरोपितलाई कैद सजायको फैसला, एउटा घटनाका आरोपितलाई अभिभावकको जिम्मामा र सात ओटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। त्यसैगरी यौन दुर्व्यवहारका घटनामध्ये चार ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे। जिल्ला अदालतले तीन ओटा घटनाका आरोपित धरौटीमा रिहा, एउटा घटनाका आरोपित साधारण तारेखमा रिहा गऱ्यो भने एउटा घटनाका आरोपितलाई अभिभावकको जिम्मा लगायो भने पाँच ओटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

**बलात्कार**

१४ वर्षीया बालिकालाई ०७६ माघ २ गते धनगढीमाई नपा–१० का १९ वर्षीय विनोद महराले बलात्कार गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय लहानमा माघ २ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते जिल्ला अस्पताल सिरहामा भयो। इलाका प्रहरी कार्यालय, लहानका डिएसपी शरतकुमार थापा क्षेत्रीले घटनाको जानकारी हुनासाथ आरोपितलाई माघ २ गते गिरफ्तार गरी कारबाही प्रकृया अगाडि बढाएको बताए। जिल्ला अदालतको आदेशमा आरोपित माघ २७ गतेदेखि पुर्पक्षका लागि थुनामा रहे। जिल्ला अदालतका न्यायाधीश पुष्पराज थपलियाको इजलासले पुस १३ गते आरोपितलाई १२ वर्ष कैद र १ लाख रुपियाँ जरिबानाको फैसला गऱ्यो।

**परिवारजनबाट हत्या**

यस वर्ष परिवारजनबाट तीन जना बालिकाको हत्या भएको अभिलेख भयो। जसमा १५ महिनाकी बालिका पनि रहे। घटनाका एक जना आरोपित पुर्पक्षका लागि थुनामा रहे भने एक जना धरौटीमा रिहा भए। एक जना आरोपित अभिभावकको जिम्मामा रहे।

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| हत्या | | १० | ३ | १३ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | १ | | १ |
| | विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| | बलात्कार | ३१ | | ३१ |
| | यौन दुर्व्यवहार | १४ | | १४ |
| | जम्मा | ४६ | १ | ४७ |
| महिला अधिकार | 'बोक्सी'को आरोप | १० | | १० |
| | बहुविवाह | १३ | | १३ |
| | बलात्कार | ३३ | | ३३ |
| | बलात्कार प्रयास | ११ | | ११ |
| | जम्मा | ५७ | | ५७ |
| कूल जम्मा | | ११३ | ४ | ११७ |

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६४ जना महिलाले महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ४१ उजुरीमा मेलमिलाप भयो भने बाँकी प्रकृयामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी शालिग्राम शर्मा पौडेलले बताए।

*यो वर्ष सिरहामा बलात्कारका घटनामा २३ जना र बलात्कार प्रयासका घटनामा ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले अभिलेखित घटनामध्ये बलात्कारको एउटा घटनाका आरोपित बालकलाई बाल सुधार गृह र एक जनालाई पुर्पक्षका लागि थुनामा पठायो। त्यसैगरी १० ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे। एउटा घटनाका आरोपित साधारण तारेखमा रिहा भए भने आठ ओटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका दुई ओटा घटनाका आरोपित धरौटीमा रिहा, दुई ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे। एउटा घटनाका आरोपित साधारण तारेखमा रिहा भए भने एउटा घटनाका आरोपितले सफाइ पाए। पाँच घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यस वर्ष परिवारजनबाट पाँच जना महिलाको हत्या भयो। कुनै पनि मुद्दा फैसला भएन। घटनाका दुई जना*

*आरोपित पुर्पक्षका लागि थुनामा रहे। एक जना धरौटीमा र एक जना साधारण तारेखमा रिहा भए । ६ जना आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक जना अनुसन्धानका लागि हिरासतमा रहे।*

**"बोक्सी"को आरोप**

यस वर्ष "बोक्सी"को आरोपका १० घटनामा १० जना महिला पीडित भएको अभिलेख भयो । कुनै पनि मुद्दा फैसला भएन । घटनाहरूमा एक जना आरोपित पुर्पक्षका लागि थुनामा रहे भने पाँच जना धरौटीमा रिहा भए । ३५ जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।

**स्वास्थ्य सेवाको अवस्था**

सिरहा जिल्लामा तीन अस्पताल, १ सय ४ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र र एक उपस्वास्थ्य चौकी छन् ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | १ |
| बलात्कार | १ | ७ | २३ | ३१ |
| यौन दुर्व्यवहार | | ४ | १० | १४ |
| जम्मा | १ | ११ | ३५ | ४७ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| 'बोक्सी'को आरोप | ६ | ४ | १० |
| बहुविवाह | ३ | १० | १३ |
| बलात्कार | ९ | १४ | २३ |
| बलात्कार प्रयास | ६ | ५ | ११ |
| जम्मा | २४ | ३३ | ५७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १२ | १३ |

# २.३ धनुषा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,५१,२५३ |
| महिला | ३,५०,८५३ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ४ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ८ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,७४,०७१ |
| कामका लागि बाहिरिएका | ६०,४०० |
| अपाङ्गता भएका | ८,४१२ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५०.४४ |
| आश्रित जनसङ्ख्या | ३,४६,८२४ |




यस वर्ष धनुषा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय १८ जना महिला, ३५ जना पुरुषसहित १ सय ५३ जना र राज्यपक्षबाट एक जना महिला र १२ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३९ जना र महिला अधिकार उल्लङ्घन घटनामा ६० जना पीडित भए।

### गिरफ्तारी

*यो वर्ष धनुषाबाट प्रतिबन्धित नेकपाका चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। प्रतिबन्धित नेकपाका पोलिटब्युरो सदस्य अनिल शर्मा 'बिरही'लाई प्रहरीले भदौ २४ गते जिल्ला अदालतको गेटबाट पुनः गिरफ्तार गऱ्यो । उनलाई धनुषबाट सप्तरी लगियो । अन्य तीन जना जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागि कारागार चलान भए।*

### प्रहरी हिरासतमा मृत्यु

सबैला नपा–१२ रघुनाथपुर बस्ने २२ वर्षीय शम्भु सदाको शव इलाका प्रहरी कार्यालय, सबैलाको

*प्रहरी हिरासतमा मृत्यु भएका शम्भु सदा*

हिरासत कक्षको शौचालयमा झुण्डिरहेको अवस्थामा फेला पऱ्यो । पीडित परिवारले शम्भुको हत्या गरी झुण्ड्याइएको आरोप लगायो । पोस्टमार्टमको लागि जेठ २८ गते बिहान प्रादेशिक अस्पताल, जनकपुर मा शव ल्याइएको भए पनि पीडित परिवारको असहमतिका कारण आठ दिन पश्चात असार ३ गतेमात्रै पोस्टमार्टम भयो । सरकारी वकिलको कार्यालयमार्फत इलाका प्रहरी कार्यालय, सबैलाका इञ्चार्ज इन्स्पेक्टर ३८ वर्षीय चन्द्रभूषण यादव, सबैला नगरपालिका–२ का अध्यक्ष ३९ वर्षीय पारस साह, वडा नम्बर ३ का अध्यक्ष ४३ वर्षीय सन्तोष साह, वडा नम्बर ४ बस्ने ५० वर्षीय राजकुमार यादव, वडा नम्बर २ बस्ने ५५ वर्षीय कारी यादव र ४५ वर्षीय सञ्जय साह, वडा नम्बर ३ बस्ने ५२ वर्षीय कालीप्रसाद साहविरुद्ध शम्भुकी आमा सियालीदेवीले उजुरी दिइन् । यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन् ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | | १ | १ |
| गिरफ्तारी | | | ४ | ४ | | | |
| कुटपिट | | १ | ५ | ६ | ३ | १६ | १८ |
| हिरासत वा थुनामा मृत्यु | | | १ | १ | | | |
| अमानवीय व्यवहार | | | | | | ३ | ३ |
| घाइते | | | | | ५ | ६ | ११ |
| हत्या | | | | | १३ | ८ | ३० |
| धम्की | | | १ | १ | | ३ | ३ |
| यातना | | | १ | १ | | | |
| बाल अधिकार | बलात्कार | | | | ३० | | ३० |
| | यौन दुर्व्यवहार | | | | ९ | | ९ |
| | जम्मा | | | | ३९ | | ३९ |
| महिला अधिकार | बलात्कार | | | | १७ | | १७ |
| | बलात्कार प्रयास | | | | ३ | | ३ |
| | बहुविवाह | | | | १३ | | १३ |
| | बेचबिखन तथा ओसारपसार | | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | | ५ | | ५ |
| | घरेलु हिंसा | | | | १६ | | १६ |
| | 'बोक्सी'को आरोप | | | | ४ | | ४ |
| | जम्मा | | | | ६० | | ६० |
| कूल जम्मा | | १ | १३ | १३ | ११८ | ३५ | १५३ |

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत, जनकपुर इजलास

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत जनकपुरमा १० जना न्यायाधीश र ६ बेन्च रहेको छ। सन् २०२० मा यस वर्षका लागि दुनियावादी देवानीका ९ सय ८४ थान, दुनियावादी फौजदारीका १ हजार १ सय ६१ थान, सरकारवादी फौजदारीका ८ सय ४२ थान र सुरू क्षेत्राधिकारबाट ४ सय ८७ थान मुद्दा जिम्मेवारी सरेका थिए।

### जिल्ला अदालत

आठ जना न्यायाधीश रहेको धनुषा जिल्ला, अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय ६५ मध्ये ६४ थान फैसला भए भने देवानी मुद्दातर्फ ३ हजार ४ सय ४७ मध्ये ४ सय २१ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ५ थान र देवानी मुद्दा ४ सय १८ थान बाँकी रहेको जिल्ला अदालतका प्रशासन अधिकृत गङ्गाप्रसाद मिश्रले बताए। सन् २०१९ को जिम्मेवारी सरेर आएका ३ हजार ३ सय ७९ थान र सन् २०२० को २ हजार ३ सय ८४ थान मुद्दामध्ये कुल ४ सय ९६ थान फैसला भए। ४ हजार २ सय ६७ मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय २२ आधारभूत र ८५

माबि छन् । ९२ ओटा मदरसा दर्ता रहेकोमा ७२ ओटा सञ्चालित छन् । कोभिडको समयमा धनुषाका १८ ओटै स्थानीय तहमा चैत ११ गतेदेखि जेठ मसान्तसम्म पठनपाठन पूर्ण रूपमा ठप्प भयो । जेठपछि केही स्थानीय तहमा बालविकासदेखि कक्षा पाँचसम्मका विद्यार्थीहरूलाई स्थानीय तहको निर्देशन र समन्वयमा टोल–टोलमा कक्षा सञ्चालन गरियो । कक्षा ६ देखि माथिल्लो कक्षाका विद्यार्थीहरूलाई अनलाइन कक्षा रेडियो, टेलिभिजनबाट शिक्षण सिकाइ गराइएको शिक्षा तथा तथा समन्वय इकाइ धनुषाले जनायो । कोभिडको महामारीकै बिचमा स्थानीय तहहरूले असोजको अन्तिम सप्ताहदेखि औपचारिक रूपमा कक्षाहरू सञ्चालन गरे ।

*यो वर्ष धनुषामा बलात्कार घटनामा २४ जना, यौन दुर्व्यवहारका घटनामा नौ जना र सामूहिक बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये २० ओटा घटनाका आरोपित जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा रहे भने चार ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यौन दुर्व्यवहारका चार ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे भने तीन ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

*सामूहिक बलात्कार घटनामध्ये दुई ओटा घटनाका दुई/दुई जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । एउटा घटनाका तीन जना आरोपित बालकलाई अदालतले अभिभावकको जिम्मा लगायो । दुई ओटा घटनाका दुई/दुई जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो । एउटा घटनाका दुई जना आरोपित पुर्पक्षका लागि थुनामा रहे भने एक जना जमानतमा रिहा भए ।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय १६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिटमा १ सय १९ जना, घर निकाला गरिएका १२ जना, खान/लाउन नदिएको ३२ जना, धाकधम्की दिने २२ जना, गालीलगौज १५ जना, बहुविवाह नौ जना, नागरिकता नबनाएको दुई जना, दाइजोसम्बन्धी अपहेलना तीन जना, अपशब्द तथा दुर्व्यवहार, कुटपिट तथा वादविवादमा २ सय २ जना पीडित भएर आएका छन् । यीमध्ये प्रहरीले ६० वटामा मिलापत्र गरायो भने १ सय ९० घटनामा मातहत पठाएको छ । १० वटा अदालतमा पठाएको छ भने १ सय ५६ उजुरी कारबाही प्रक्रियामा छन् ।

*यो वर्ष धनुषामा घरेलु हिंसाका १६, बलात्कार घटनामा १७ जना र बलात्कार प्रयासका घटनामा तीन जना, 'बोक्सी' को आरोपमा चार जना महिला पीडित भएका इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये १३ ओटा घटनाका आरोपित अदालतको आदेशबाट पुर्पक्षका लागि थुनामा रहे । चार ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बलात्कार प्रयासका घटनामध्ये एउटा घटनाका आरोपित अदालतको आदेशबाट पुर्पक्षका लागि थुनामा रहे । एउटा घटनाका आरोपित धरौटीमा रिहा भए भने दुई ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

## दाइजोका कारण हत्या

बटेश्वर गाउँपालिका–२ की २० वर्षीया संगीता कापरको ०७७ जेठ १६ गते पति २५ वर्षीय अनिल कापरले दाइजोको निहुँमा हत्या गरेको माइतीपक्षले आरोप लगायो । ज्वाँइले पटक–पटक थप दाइजो माग्दै छोरीलाई शारीरिक र मानसिक यातना दिँदै आएकोमा जेठ १६ गते दिउँसो कुटपिट गरेर साँझ ६ बजे झुण्डयाएर हत्या गरेको मृतक संगीताका बुबा रामअयोध कापरले दावी गरे । बुवा रामअयोध कापरका अनुसार शवको मुखबाट रगत बगेको, एउटा दाँत भाँचिएको र शरीरका विभिन्न ठाउँमा नीलडाम देखिएको थियो । पीडित पक्षले इलाका प्रहरी कार्यालय, महेन्जनगरमा जेठ १७ गते दिएको उजुरी दर्ता भएन । आरोपितविरुद्ध साउन ७ गते जिल्ला प्रहरी कार्यालय, धनुषामा उजुरी दर्ता भयो । आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।

## एसिड प्रहार

जनकपुरधाम उपमहानगरपालिका–२० घर भई जनकपुरधाम–७ जानकीनगरमा डेरामा बस्दै आएकी २१ वर्षीया आरती साह र तीन वर्षीया बालिकामाथि एसीड प्रहार गरेको आरोपमा २४ वर्षीय सञ्जीव साहलाई जिल्ला प्रहरी कार्यालय, धनुषाले कात्तिक २९ गते गिरफतार गऱ्यो । कात्तिक २८ गते बिहान १० बजे आरोपित साहले पत्नी र छोरीको शरीरमा एसीड प्रहार गरी फरार भएका थिए । जनकपुरको जानकी हेल्थ केयर एण्ड टिचिङ

हस्पिटलमा प्राथमिक उपचार गरी पीडितलाई थप उपचारको लागि कात्तिक २९ गते साँझ नै तीन वर्षीया छोरीसहित काठमाडौँ पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका इन्स्पेक्टर राजेश सिग्देलले बताए। आरोपितविरुद्ध मङ्सिर ३ गते जिल्ला अदालतमा मुद्दा दर्ता भयो। जिल्ला अदालत धनुषाको मङ्सिर ११ गते को आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

## स्वास्थ्य सेवाको अवस्था

धनुषामा एक प्रादेशिक अस्पताल, ९८ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जनकपुरस्थित प्रादेशिक अस्पतालमा १ सय ४० जनाको दरबन्दीमध्ये ८६ जनाको पदपूर्ति भएको छ भने ५६ दरबन्दी रिक्त रहेको छ। नेपाल सरकारको स्वीकृत १ सय बेड र अस्पताल व्यवस्थापन तथा सञ्चालक समितिद्वारा स्वीकृत १ सय बेड गरी २ सय बेड स्वीकृति पाएकोमा हाल ३ सय १५ बेड सञ्चालनमा रहेको छ। प्रादेशिक अस्पतालमा ११ औँ श्रेणीका १० जना डाक्टरको दरबन्दी रहेकोमा १० जना नै रिक्त रहेका छन्। ९/१० औँ श्रेणीका २५ जना डाक्टरको दरबन्दी रहेकोमा ११ जना रिक्त रहेका छन्।

### 'समयमा उपचार नहुँदा' मृत्यु

हंसपुर नपा–७ का १५ वर्षीय राजु सदाको प्रादेशिक अस्पताल, जनकपुरमा ०७७ असार ८ गते राति ३ बजे उपचार अभावमा मृत्यु भएको बुबाका असे सदाले बताए । इमरजेन्सी वार्डमा भर्ना गरिएको भए पनि चेकजाँच गरिएन, औषधी दिइएन र राति छोरा छटपटिएर बेडबाट भुइँमा लड्दासमेत कुनै चासो नलिएकाले उपचार अभावमा छटपटिएर मृत्यु भएको मृतकका बुबाले बताए। असार ८ गते बेलुका ४ बजे जनकपुरको प्रादेशिक अस्पतालकै कोरोना विशेष अस्पतालबाट प्रादेशिक अस्पतालको इमरजेन्सी वार्डमा भर्ना गरिएको थियो । इमरजेन्सी वार्डमा भर्ना गरिएको करिब १० घण्टापछि सदाको छटपटिएर मृत्यु भएको मृतक काका वीरेन्द्र सदाले बताए । भारतको अहमदावादबाट जेठ ३ गते गाउँ आएका सदालाई १७ दिन हंसपुर नगरपालिकाको नौवाखोर प्रसाहीस्थित क्वारेन्टाइनमा राखिएको थियो । क्वारेन्टाइनमा कोरोना परीक्षण गर्दा निगेटिभ आएको तर, झाडापखाला लागेको भन्दै प्रादेशिक अस्पताल जनकपुरको कोभिड विशेष अस्पतालमा भर्ना गरिएको थियो। १३ दिन जनकपुरस्थित कोरोना विशेष अस्पतालमा राखिएको राजुको रिर्पोट निगेटिभ आएपछि असार ८ गते प्रादेशिक अस्पतालको इमरजेन्सी वार्डमा उपचारको लागि सिफ्ट गरिएकोमा राति नै मृत्यु भएको अस्पतालका आइसोलेशन संयोजक डा. जामुन सिंहले इन्सेक धनुषा प्रतिनिधिलाई बताए। प्रदेश २ सरकारले पीडित परिवारलाई ५ लाख रुपियाँ आर्थिक सहयोग गऱ्यो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | ४ | २५ | १ | ३० |
| यौन दुर्व्यवहार | ४ | ५ | | ९ |
| जम्मा | ८ | ३० | १ | ३९ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | | ४ | १२ | १ | १६ |
| बलात्कार प्रयास | १ | १ | १ | | ३ |
| बहुविवाह | | ८ | ५ | | १३ |
| बेचबिखन तथा ओसारपसार | | | २ | | २ |
| घरेलु हिंसा | ५ | ४ | ३ | ३ | १५ |
| 'बोक्सी'को आरोप | | २ | १ | १ | ४ |
| यौन दुर्व्यवहार | | १ | २ | २ | ५ |
| जम्मा | ६ | २० | २६ | ७ | ५८ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ७ | १३ | २० |

# २.४ महोत्तरी

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,६०,३७४ |
| महिला | ३,३५,६०२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ४ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ८ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,००,५४४ |
| कामका लागि बाहिरिएका | ४०,५४१ |
| अपाङ्गता भएका | १०,१६६ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ४७ |
| आश्रित जनसङ्ख्या | ३,१५,७६७ |




*यस वर्ष महोत्तरी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४५ जना महिला, आठ जना पुरुषसहित ५३ जना र राज्यपक्षबाट चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३२ जना र महिला अधिकार उल्लङ्घन घटनामा १४ जना पीडित भए ।*

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

**राज्यपक्षबाट**

रामगोपालपुर नपा–७ सहसौलाका १६ वर्षीय राजन यादवको ०७७ जेठ ११ गते राति लागुऔषध कारोबारीसँग प्रहरीको भीडन्त हुँदा प्रहरीले चलाएको गोली लागी घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका एसपी श्यामकृष्ण अधिकारीले बताए । लागुऔषध कारोबार भइरहेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएका सादा पोशाकका प्रहरी र लागुऔषध कारोबारीबिच रामगोपालपुर नपा–७ स्थित सडकमा राति ८ बजेतिर भीडन्त हुँदा लागुऔषध कारोबारीले चारैतिरबाट घेरा हाली आक्रमण गर्न खोज्दा आत्मरक्षाका लागि गोली चलाउँदा राजन मारिएको एसपी अधिकारीले बताए । मृतक राजनको शरीरका विभिन्न भागमा ६ राउण्ड गोली लागेको

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | २ | २ | | | |
| हत्या | | २ | २ | | ३ | ३ |
| बाल अधिकार | बलात्कार | | | ३९ | | ३९ |
| | यौन दुर्व्यवहार | | | २ | १ | ३ |
| | जम्मा | | | ३१ | १ | ३२ |
| महिला अधिकार | 'बोक्सी'को आरोप | | | १ | | १ |
| | बलात्कार | | | ९ | | ९ |
| | बहुविवाह | | | ४ | | ४ |
| | जम्मा | | | १४ | | १४ |
| कूल जम्मा | | ४ | ४ | ४५ | ८ | ५३ |

थियो । शवको पोष्टमार्टम जिल्ला अस्पताल, जलेश्वर मा जेठ १२ गते भयो । लागुऔषध कारोबारी भनिएका सोही ठाउँका ५० वर्षीय सुरेन्द्र यादव र २७ वर्षीय राहुल यादवलाई जेठ ११ गते गिरफ्तार गरेको एसपी अधिकारीले बताए । प्रहरी हबल्दार २६ वर्षीय सञ्जीव पासवान, प्रहरी जवान २४ वर्षीय रामबिहारी पासवान, २८ वर्षीय मनोज साह र २६ वर्षीय लालबाबु यादव घटनामा घाइते भएका थिए । घाइतेहरूको उपचार जिल्ला अस्पताल, जलेश्वरमा जेठ ११ र १२ गते भयो । मृतकका परिवारले यस वर्षको अन्त्यसम्म कहीँ उजुरी दिएन ।

बर्दिवास नपा–१४ की ६ वर्षीया बालिका गुलबसा खातुनको बलात्कारपछि हत्या भएको भन्दै गरिएको विरोध प्रदर्शनमा प्रहरीको गोली लागेर २०७७ मङ्सिर ९ गते घाइते भएका बर्दिवास नपा–१ का सञ्जय भनिने ४२ वर्षीय बुद्धिराज न्यौपानेको मङ्सिर ९ गते राति काठमाडौँको ग्राण्डी अस्पतालमा मृत्यु भयो । प्रहरीको गोली लागी घाइते भएका बर्दिवास नपा–५ का २८ वर्षीय श्याम कार्की र २५ वर्षीय अफताव आलमलाई मङ्सिर ९ गते दिउँसो थप उपचारका लागि काठमाडौँ लगिएको थियो । घटनाबारे छानबिन गर्न गृह मन्त्रालयले मङ्सिर ११ गते उपसचिवको नेतृत्वमा तीन सदस्यीय उच्चस्तरीय छानबिन समिति गठन गऱ्यो । मन्त्रालयले गुलबसा खातुन र

*प्रहरीको गोली लागी घाइते भई उपचारको क्रममा मृत्यु भएका बुद्धिराज न्यौपाने*

*गोलीको छर्रा लागी घाइते भएका अफताव आलम*

न्यौपानेको परिवारलाई राहत तथा क्षतिपूर्ति र घाइते हरूको उपचार खर्च व्यहोर्ने प्रक्रिया अगाडि बढाएको जनायो । यस वर्षको अन्त्यसम्म छानबिन जारी रह्यो ।

## कारागार र बन्दी

१ सय ३५ जना क्षमता रहेको जलेश्वर कारागारमा ४ सय ८५ पुरुष र ४३ महिला गरी ५ सय २८ जना कैदीबन्दी छन् । यहाँ चार जना आश्रित बालबालिका छन् । जलेश्वर कारागार महोत्तरी, धनुषा र

केही वर्षदेखि सर्लाही जिल्लाको समेत संयुक्त कारागारका रूपमा रहेको छ। कैदी/बन्दीको चापलाई नियन्त्रण गर्न कारागारबाट केही कैदीबन्दीलाई अन्य कारागारमा सरुवा गरिदिन र यस कारागारमा थप कैदी/बन्दी नपठाइदिन सम्बन्धित निकायलाई पत्राचार गरेको कारागार कार्यालयका कामु जेलर मकसुदन महासेठले बताए। कारागारमा थुनुवा र कैदीका लागि अलगअलग कोठा छुट्याइएको छैन। कैद ठहर भएका कैदीसँगै पुर्पक्षका थुनुवालाई समेत राख्ने गरेको छ। पुरुष कैदीबन्दीहरूका लागि १० ओटा शौचालय छन्। शौचालय जानका लागि बिहान ३ बजेदेखि १० बजेसम्म समय छुट्याइएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीशको दरबन्दी रहेकोमा सातै जना कार्यरत छन्। जिल्ला अदालत महोत्तरीबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय ४७ मध्ये १ सय ३६ थान फैसला भए भने देवानी मुद्दातर्फ २ हजार ६ सय ५३ मध्ये ८ सय ५७ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ७८ र देवानी मुद्दा २ सय ६ थान बाँकी छन्। यस वर्ष कोभिडको कारण लकडाउनले काम सम्पादनमा ढिलाइ हुने र काम गराइमा कम भएको १ नम्बर बेन्चको न्यायाधीश दीपककुमार खरेलले बताए।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय २९ आधारभूत विद्यालय र ८३ माध्यमिक विद्यालय छन्। १ हजार ५ सय ५ शिक्षक दरबन्दी रहेकोमा ५५ दरबन्दी रिक्त छ। यस वर्ष ४८ हजार ६ सय ५३ बालक र ४२ हजार ६ सय ११ बालिका भर्ना भए। जिल्लामा १६ अपाङ्गमैत्री विद्यालय छन्। आधारभूत विद्यालयस्तर मा २० हजार २ सय ५३ र माविस्तरमा २ हजार २ सय ८९ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका २९ बालबालिकालाई छात्रवृत्ति दिइयो।

*यस वर्ष महोत्तरी जिल्लामा बलात्कार को घटनामा २९ जना बालिका पीडित भएको घटना अभिलेख भयो। जसमा कुनै पनि मुद्दा फैसला भएन। घटनाका ३३ जना आरोपितहरूमध्ये १५ जना पुर्पक्षका लागि थुनामा रहे। ६ जना धरौटी राखी तारेखमा रिहा भए। पाँच जना बालक भएकाले बालसुधार गृह गए भने एक जना धरौटी तिर्न नसकी थुनामा रहे। ६ जना यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भएको अभिलेख भयो। जसमा कुँन पनि मुद्दाको फैसला भएन। एक जना आरोपित साधारण तारेखमा रिहा भए भने दुई जना पुर्पक्षका लागि थुनामा रहे। यस वर्ष एक जना बालकको परिवारजनबाट हत्या भएको पाइयो।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०२० मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ५९ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र जलेश्वरमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरेका १ सय ४४, बोक्सीको आरोप लागेका एक, पतिले विवाह गरी नागरिकता, जन्मदर्ता, विवाह दर्ता नगरिदिएको आठ, खानलाउन नदिइ घरमासमेत बस्न नदिएका ५७, पतिले अर्को पत्नी ल्याएर हेला गरेका १०, पत्नी माइती घरबाट आउन नमानेका ३० र पतिले अर्को विवाह गर्न लागेका नौ उजुरी थिए। ती घटनाहरूमध्ये १ सय ७३ घटनामा मिलापत्र गराएको र ७४ उजुरीउपर अनुसन्धान भइरहे को र १२ अदालतमा प्रकृयामा गएको केन्द्रले जनायो।

*यस वर्ष बलात्कारका घटनामा नौ जना महिला पीडित भएको अभिलेख भयो। जसमा कुनै पनि मुद्दा फैसला भएन। घटनाका ६ जना आरोपित पुर्पक्षका लागि थुनामा रहे। चार जना धरौटीमा रिहा भए। तीन जना यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यसैगरी, बहुविवाहका घटनामा चार जना महिला पीडित भएको अभिलेख भयो। जसमा कुनै पनि मुद्दा फैसला भएन। घटनाका एक जना आरोपित पुर्पक्षका लागि थुनामा रहे। दुई जना धरौटीमा रिहा भए भने तीन जना धरौटी राख्न नसकी थुनामा रहे।*

### 'बोक्सी'को आरोप

५५ वर्षीया महिलालाई ०७७ भदौ ५ गते 'बोक्सी'को आरोपमा कुटपिट गरी घाइते बनाएको आरोपमा २३ वर्षीय व्यक्तिविरुद्ध भदौ ७ गते जिल्ला प्रहरी कार्यालय,जलेश्वरमा परिवारले उजुरी दर्ता गऱ्यो। पीडित महिलाको उपचार जिल्ला अस्पताल जलेश्वरमा भदौ ६ गते भयो। आरोपितलाई गिरफ्तार गरी अदालत पेश गरे भदौ २४ गते जिल्ला अदालतले २५ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा जलेश्वर र बर्दिवासमा गरी दुई ओटा जिल्ला अस्पताल, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, १८ स्वास्थ्य चौकी र ५२ उपस्वास्थ्य चौकी रहेको छ । प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा जिल्ला अस्पताल, जलेश्वरमा पाँच बेडको भेन्टिलेटर सेवा सुरु भएको छ । ५० शैयाको लागि चाहिने जनशक्ति तथा साधन स्रोत उपलब्ध गराउन प्रकृया थालिएको छ । महोत्तरीमा १५ शैयाको जलेश्वर अस्पतालमा २७ जनाको दरबन्दी छ । एक जनामात्रै कार्यरत छन् । दुई जना मेडिकल अधिकृत, तीन स्टाफ नर्ससहित नौ जनाको दरबन्दी रिक्त छ । स्वास्थ्य मन्त्रालयको सहयोगमा दुई वर्षअघि १९ करोड १८ लाख रुपियाँ लागतमा निर्माण भएको महोत्तरीको जिल्ला अस्पताल जलेश्वरको नयाँ भवन निर्माण छ । तर, महोत्तरी जिल्लाकै सबैभन्दा ठूलो स्वास्थ्य प्रतिष्ठान महोत्तरी जिल्ला अस्पताल रेफर सेन्टरमै सीमित भएको जस्तो छ। दरबन्दी अनुसार चिकित्सक नभएकाले यहाँ लामो समयदेखि सामान्य शल्यक्रियासमेत हुन सकेको छैन।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | १५ | १९ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| जम्मा | ४ | १८ | २२ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| 'बोक्सी'को आरोप | | | १ | १ |
| बहुविवाह | | | ४ | ४ |
| बलात्कार | १ | १ | ७ | ९ |
| जम्मा | १ | १ | १२ | १४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| हत्या | ३ | २ | ५ |

# २.५ सर्लाही

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८,३१,०६७ |
| महिला | ४,१४,०६७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ४ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ८ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,३५,२६८ |
| कामका लागि बाहिरिएका | २१,४०१ |
| अपाङ्गता भएका | ५,५८५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ८५ |
| आश्रित जनसङ्ख्या | ३,८६,५७६ |




यस वर्ष सर्लाही जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट नौ जना महिला, ५६ जना पुरुषसहित ६५ जना र राज्यपक्षबाट तीन जना महिला, आठ जना पुरुषसहित ११ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना र महिला अधिकारका घटनामा चार जना पीडित भए।

पर्सा गाउँपालिकास्थित नारायणपुरमा २०७७ जेठ ३० गते सशस्त्र प्रहरी र भारतीय नागरिकबिच भएको झडपमा गोली लागी एक भारतीय नागरिकको मृत्यु भएको घटना इन्सेकले अभिलेख गऱ्यो र सो क्रममा दुई जना प्रहरी घाइते भए।

### गोली/विष्फोटक पदार्थबाट घाइते

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कार्यकर्ता र नेपाली कांग्रेस कार्यकताहरूबिच धनकौल गाउँपालिका–२ हरकठवामा असार १४ गते साँझ झडप हुँदा गोलीको छर्रा लागेर नेपाली कांग्रेसका कार्यकर्ता धनकौल गाउँपालिका–२ हरकठबाका ६५ वर्षीय रामचन्द्र हजारी, ५५ वर्षीय नागेश्वर सहनी, २४ वर्षीय मेहबुब अंसारी, २५ वर्षीय राकेशकुमार सिंह, २३ वर्षीय राम विनय हजारी, ३४ वर्षीय बिलास राय, २४ वर्षीय विजय साह, २२ वर्षीय सुरजकुमार सिंह, २५ वर्षीय सुनिल महतो, ३५ वर्षीय विजय सिंह, २५ वर्षीय मोहमद शेख इन्ताज, १९ वर्षीय सुनिल साह, २३ वर्षीय नितेश कुमार सिंह, १९ वर्षीय रञ्जित यादव, ३१ वर्षीय अरुण यादव घाइते भए। झडपमा नेकपाका कार्यकर्ता धनकौल–२ हरकठवाका ५५ वर्षीय लक्ष्मण साह, ४३ वर्षीय रधिर रञ्जन बर्मा र ४७ वर्षीय बैधनाथ सहनी घाइते भए। घाइते सबै जनाको उपचार जिल्ला अस्पताल मलङ्गवामा सोही दिन उपचार भयो। रामनगर गाउँपालिका–४ निवासी नेकपाका स्थानीय नेता ६० वर्षीय रामजुलुम यादवको असार ७ गते हत्या भएको घटनालाई लिएर नेकपाले धनकौल गाउँपालिकामा असार १४ गते साँझ निकालेको च्यालीकै क्रममा झडप भएको थियो। वडा अध्यक्ष रामनरेस महतोसँग बाटो बनाउने विषयमा विवाद भएपछि नेकपा कार्यकर्ता रामजुलुमको हत्या भएको नेकपाले आरोप लगायो।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | ३ | ३ | | १३ | १३ |
| घाइते | | ३ | ४ | ७ | १ | ३६ | ३७ |
| हत्या | | | १ | १ | ३ | ७ | ९ |
| धम्की | | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | | ३ | | ३ |
| | जम्मा | | | | ३ | | ३ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | | ४ | | ४ |
| | जम्मा | | | | ४ | | ४ |
| कूल जम्मा | | ३ | ८ | ११ | ९ | ५६ | ६५ |

### झडप

नेपाली कांग्रेसका कार्यकर्ता र सुरक्षाकर्मीबिच २०७७ असोज २८ गते मलङ्गवामा भएको झडपमा जिल्ला प्रहरी कार्यालयका डिएसपी ४२ वर्षीय मदन कुँवरसहित इलाका प्रहरी कार्यालय, बरहथवाका डिएसपी ३८ वर्षीय उद्धव भाट, इलाका प्रहरी कार्यालय हरिपुरका इन्स्पेक्टर ३६ वर्षीय विक्रम साह र इन्स्पेक्टर ३७ वर्षीय रविभुषण यादव घाइते भए । घाइतेहरूको उपचार सोही दिन जिल्ला अस्पताल, मलङ्गवामा भयो । झडपमा एभिन्युज टेलिभिजनका संवाददाता ३६ वर्षीय बखतियार अली, कांग्रेस कार्यकर्ता बरहथवा नपा–३ का ६५ वर्षीया अनुखिया देवी, रामनगर गाउँपालिका–७ का ६२ वर्षीया किरणीया देवी, ५७ वर्षीया सोमरीया देवी र ३२ वर्षीय जदुनन्दन राम घाइते भए । घाइतेमध्ये रामनगर गाउँपालिका २ का ५६ वर्षीया अनुखिया, ४० वर्षीया किरिणीया देवी र ६२ वर्षीया मृतककी पत्नी सोमरीया देवीलाई जिल्ला अस्पताल मलङ्गवामा उपचार गरी पर्साको बीरगञ्जमा थप उपचार गरियो । रामनगर गाउँपालिका–७ का ६४ वर्षीय नेपाली कांगेसका कार्यकर्ता महेन्द्र रामको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै कांग्रेसका नेता तथा कार्यकर्ताहरूले गरेको प्रदर्शन रोक्न खोज्दा झडप भएको हो। जिल्ला प्रशासन कार्यालयले पुस १० गते मृतककी पत्नी सुकमरीया देवीलाई ५ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गरायो ।

### कारागार र बन्दी

जिल्ला कारागार जीर्ण भएपछि करिब नौ वर्षदेखि यहाँका कैदीबन्दीलाई सुनसरी, महोत्तरी, रौतहट जिल्लाका कारागारमा पठाउने गरिएको छ । २०६२ सालमा तत्कालीन नेकपा माओवादीको आक्रमणले कारागार को पर्खाल र २०६८ सालमा भूकम्पमा छत चर्किएकाले २ सय जना पुरुष र १ सय जना महिलाको क्षमता रहने गरी नयाँ भवन निर्माण भइरहेको छ ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ८ थानमध्ये ८७ थान फैसला भए । देवानी मुद्दातर्फ ३ सय ८ थान मध्ये ९७ थान थान फैसला भए । यस जिल्ला अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३६ थान र देवानी मुद्दा ४६ थान बाँकी रहे ।

### बाल अधिकार

#### शिक्षाको अवस्था

यस जिल्लामा ६ सय ८१ आधारभूत विद्यालय छन् । मदरसाको सङ्ख्या ८४ ओटा छ । जिल्लाका सम्पुर्ण विद्यालयमा पाठ्यपुस्तकको व्यवस्था भएको र अपाङ्ग, दलित, पिछडिएको समुदायलाई निःशुल्क व्यवस्था छ ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यो वर्ष १ सय ९६ ओटा उजुरी दर्ता भयो । जससमध्ये १ सय ७२ ओटा उजुरीमा मेलमिलाप भयो भने ६ ओटा उजुरी गाउँमा नै मेलमिलाप भयो । सेवा केन्द्रमा आउने सबै उजुरीमा दुबै पक्षलाई राखेर एक आपसमा संवाद, छलफल गराई सहमति गराउने गरिन्छ । कुनै कुनै उजुरीहरूमा राजनीतिककरण समेत भइरहने जिल्ला प्रहरी कार्यालयका डिएसपी मदन कुँवरले जानकारी गराए । पीडितको सुरक्षा र गोपनीयता ख्याल गर्दै कार्य सम्पादन गर्ने गरिएको डिएसपीले कुँवरले बताए ।

**परिवारजनबाट हत्या**

५० वर्षीय आमालाई ढुङ्गा प्रहार गरी हत्या गरेको आरोपमा ३२ वर्षीय छोरालाई २०७७ भदौ ८ गते प्रहरीले गिरफ्तार गऱ्यो । जिल्ला अदालतले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लाका प्रत्येक स्वास्थ्य चौकीमा एक सि.अहेव/अहेव/हेल्थ असिस्टेन्टको नेतृत्वमा तीन अहेव र दुई अनमी कार्यरत छन्। कालाज्वर, मलेरिया, कुष्ठरोग, क्षयरोग आदि लगायत ७० प्रकारका निःशुल्क औषधि उपलब्ध गराइरहेको सर्लाही जिल्ला अस्पतालका प्रशासन फाँटका कुलप्रसाद नेपालीले बताए।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | १ | १ |
| जम्मा | १ | १ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| हत्या | ३ | ६ | १ | १० |

# २.६ रौतहट




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,५३,२०५ |
| महिला | ३,७०,१०२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ४ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ८ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २,२७,००० |
| कामका लागि बाहिरिएका | ५,३३१ |
| अपाङ्गता भएका | ८,६५८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ४७ |
| आश्रित जनसङ्ख्या | २,६४,७५१ |

यस वर्ष रौतहट जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २२ जना महिला, १३ जना पुरुषसहित ३५ जना र राज्यपक्षबाट तीन जना महिला, सात जना पुरुषसहित १० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा १५ जना र महिला अधिकार उल्लङ्घन घटनामा पाँच जना पीडित भए।

### गिरफ्तारी

*यो वर्ष रौतहटबाट प्रतिबन्धित नेकपाका ६ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये तीन जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जनालाई जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयले छुट्टाछुट्टै आदेशमा धरौटी लिएर रिहा गऱ्यो।*

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय २० जनाको छ। कारागारमा कैदी १ सय ४९ र थुनुवा २ सय १९ गरी जम्मा ३ सय ६८ जना छन्। महिला १९ र पुरुष ३ सय ४९ रहेका छन्। कारागारमा यस वर्ष आश्रित बालबालिका नभएको कारागारले जनायो । पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा तीन गुणा बढी छ। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ।

### हिरासतमा मृत्यु

गुजरा नगरपालिका–२ कटानीका ३० वर्षीय राधिका भनिने रेवतीकुमारी राउतको असोज १५ गते माहिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, गरुडाको हिरासतमा मृत्यु भयो। महिलाको हिरासतमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, रौतहटका डिएसपी भरत श्रेष्ठले पुष्टि गरे । पत्नीले अनैतिक सम्बन्ध राखेको भन्दै पति सुमन राउतले

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ३ | ४ | ६ | | | |
| कुटपिट | | | | | | ४ | ४ |
| हिरासत वा थुनामा मृत्यु | | १ | | १ | | | |
| घाइते | | | ३ | ३ | | १ | १ |
| हत्या | | | १ | १ | ३ | ७ | १० |
| बाल अधिकार | बलात्कार | | | | १० | | १० |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | विद्यालयमा शारीरिक सजाय | | | | | १ | १ |
| | बालविवाह | | | | १ | | १ |
| | जम्मा | | | | १४ | १ | १५ |
| महिला अधिकार | घरेलु हिंसा | | | | १ | | १ |
| | बलात्कार | | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | जम्मा | | | | ५ | | ५ |
| कूल जम्मा | | ३ | ७ | १० | ३३ | १३ | ३५ |

असोज १४ गते साँझ वडा अध्यक्ष अशोककुमार थारुको रोहबरमा पीडितलाई सिमराभवानीपुर प्रहरी चौकीमा बुझाएका थिए। इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहापुरले हिरासतमा राख्न भनी गरुडामा रहेको महिला तथा बालबालिका सेवा केन्द्रमा पीडितलाई पठाएको थियो । हिरासतामा राख्नु अघि गरिएको स्वास्थ्य परीक्षणमा आफू छारे रोग बिरामी भएको पीडितले बताएको डिएसपी श्रेष्ठले जानकारी दिए । शवको पोष्टमार्टम जिल्ला अस्पताल, गौरमा असोज १५ गते भएको थियो। शवलाई मृतकको पति सुमन राउतलाई असोज १५ गते जिम्मा लगाई अन्तिम संस्कार भएको डीएसपी श्रेष्ठले बताए । इलाका प्रहरी कार्यालय, गरुडामा ०७७ असोज १९ गते दर्ता भई फुटकर ज्यानमा मुद्दामा प्रहरीले अनुसन्धान गरिरहेको छ। हालसम्म अदालतमा मुद्दा पेश भएन।

**यातनाका कारण मृत्यु**

गरुडा नगरपालिका–८ का १९ वर्षीय विजय महराको इलाका प्रहरी कार्यालय, गरुडाको हिरासतमा २०७७ भदौ ११ गते प्रहरीले दिएको यातनाका कारण मृत्यु भएको भन्दै विजयका बाबु पनिलाल महराले भदौ २४ गते जिल्ला प्रहरी कार्यालय, गौरमा यातना तथा ज्यानसम्बन्धी कसुरमा उजुरी दिए। घटनामा संलग्न रहेको भन्दै इन्स्पेक्टर नवीन सिंह, प्रहरी हवल्दारद्वय हिरोजमिया धुनिया र मन्नुकुमार सिंहलाई प्रहरीले निलम्बन गर्‍यो । एसपी रविराज खड्कालाई प्रहरी प्रधान कार्यालय, काठमाडौँ र डिएसपी ज्ञानकुमार महतो र सई वीरेन्द्र यादवलाई प्रदेश प्रहरी कार्यालय, जनकपुरधाम झिकाइयो। जिल्ला सरकारी वकिलको कार्यालयबाट पत्र प्राप्त भएको र अध्ययन भइरहेको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनायो । यो वर्षको अन्त्यसम्म मुद्दा अदालतमा दर्ता भएन। शवको पोष्टमार्टम टिचिङ अस्पताल, काडमाडौँमा भदौ १२ गते भयो । मृतकका बुबा पनिलाल महराले ०७७ भदौ ३१ गते शव बुझी सोही दिन दाहसंस्कार गरे।

*यातनाका कारण मृत्यु भएका विजय महरा*

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ३ सय ४२ मध्ये ३ सय २४ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार २ सय ७६ मध्ये ३ सय १५ थान मुद्दा फैसला भए। यस अदालतमा २ वर्ष नाघेका फौजदारी मुद्दा ३ सय १३ थान छन् भने देवानी मुद्दा १ सय २७ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका १ हजार ४ सय ३४ र सन् २०२० को १ हजार ५ सय १५ थान मुद्दामध्ये कूल ३ सय ७७ थान मुद्दा फैसला भए। २ हजार ५ सय ७२ मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ५ आधारभूत र ७९ माध्यमिक विद्यालय छन्। ३ हजर ७ सय ६ शिक्षक दरबन्दी रहेकामा १ हजार ७ सय दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष १ लाख ५२ हजार ४ सय २८ जना विद्यार्थी कक्षा १ देखि १२ कक्षासम्म भर्ना भए। जसमध्ये ५७ हजार २ सय ७६ जना बालिका भर्ना भए। अपाङ्गता भएका १ सय ४२ बालिका र १ सय ५४ बालक भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री आधारभूत विद्यालय ५० र माध्यमिक विद्यालय १२ गरी ६२ ओटा छन्। द्वन्द्वपीडित परिवार का ३ सय २ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ३५ हजार दलित बालक र २१ हजार ९२ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएका परिवारका ६३ जना बालबालिकाले ७ लाख ५६ हजार रुपियाँ छात्रवृत्ति पाए। सहिद परिवार का २० जनाले २ सय ८० हजार र द्वन्द्वपीडित परिवारका ९० बालबालिकाले १ हजार २ सय ६० हजार रुपियाँका दरले छात्रवृत्ति पाए।

*यो वर्ष रौतहटमा बलात्कारका घटनामा १० जना र यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। अभिलेखित बलात्कारका घटनामध्ये आठ घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा, एक घटनाका आरोपितका बारेमा परेको उजुरी लिएर अनुसन्धान थालेको इन्सेकमा अभिलेख छ। जिल्ला अदालतले यौन दुर्व्यवहारका दुई ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा र एक जनालाई साधारण तारेखमा अभिभावकको जिम्मा लगायो।*

### इज्जतका नाममा हत्या

१७ वर्षीया बालिकालाई कात्तिक २६ गते राति आमाबाबुले गोली हानी हत्या गरेको आरोपमा प्रहरीले आमाबुबा सहित ६ जनालाई मङ्सिर १४ गते गिरफ्तार गर्‍यो। बालिकाको दायाँ कन्चटमा लागेको गोलीबाट घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो। गाउँकै एक जना युवकसँग बालिकाको प्रेम सम्बन्ध रहेको भन्दै मृतकका बाबुआमाले २०७६ फागुनमा सर्लाहीमा विवाह गरिदिएका थिए। २०७७ असारमा सम्बन्ध विच्छेद गरी माइती आएकी थिइन्। शवको पोष्टमार्टम जिल्ला अस्पताल गौरमा कात्तिक २७ भएको थियो यो वर्षको अन्त्यसम्म आरोपितहरू प्रहरी अनुसन्धानमा रहे।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ७४ जना महिलाले महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र गरुडामा उजुरी दर्ता गराए। दर्ता भएका ९० ओटा उजुरीमा मिलापत्र गरिएको र बाँकी २ सय ८४ वटा घटनाका उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रले जनायो।

*यो वर्ष रौतहटमा घरेलु हिंसाका एक जना, बलात्कार घटनामा तीन जना, यौन दुर्व्यवहार घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।*

## स्वास्थ्य सेवाको अवस्था

रौतहटमा दुई ओटा जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र चार ओटा, स्वास्थ्य चौकी ९२ ओटा र ३३ वटा सामुदायिक अस्पताल रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १६ जना विशेषज्ञको दरबन्दीमा १२ जनाको दरबन्दी रिक्त छ। सात जना स्टाफ नर्सको दरबन्दी रहेकोमा चार रिक्त छ। त्यस्तै पाँच जना अनमीको दरबन्दी रहेकोमा एक जना कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन। जिल्लामा ५ सय जनाले बिमा गराएर सेवा लिइरहेका छन्।

ज्येष्ठ नागरिकका लागि निःशुल्क बिमा कार्यक्रम अन्तर्गत १ सय ५० जनाको बिमा गरिएको छ। स्वास्थ्य बिमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो। जिल्लामा

कोभिड– १९ का २ हजार ७० सङ्क्रमित रहेकोमा १० जना सङ्क्रमितको मृत्यु भयो।

### विगतको अनुगमन

रौतहटस्थित इँटाभट्टामा २०६४ चैत २७ गते जिउँदै मान्छे जलाएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले राजपुर नगरपालिका–६ का ३४ वर्षीय शेष सरोजलाई प्रहरीले बाराको सिम्रौनगढ नगरपालिकाको नेपाल भारत सीमा क्षेत्रबाट ०७७ असार १८ गते गिरफ्तार गऱ्यो । उनलाई आवश्यक कारबाहीको लागि प्रहरीले जिल्ला अदालत रौतहटमा असार १९ गते पेश गऱ्यो । उक्त घटनाको मुख्य योजनाकार मानिएका कांग्रेस नेता मोहम्मद आफताव आलम अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् । शेष ०७७ असार २८ गते जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि कारागार चलान भए।

उक्त इटा भट्टाका हेडमिस्त्री बाराको सिम्रौनगढ नगरपालिका–४ का ५५ वर्षीय बद्रि सहनीलाई बौधिमाइ नगरपालिका–७ स्थित बङ्कुल बजारबाट प्रहरीले २०७७ असोज १६ गते गिरफ्तार गऱ्यो। अदालतमा ०७७ असोज १७ गते मुद्दा पेश भएकोमा जिल्ला अदालतको असोज २३ गतेको आदेशले २ लाख रुपियाँ धरौटीमा तारेखमा रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

त्यसैगरी ४६ वर्षीय महताव आलमलाई प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालय रौतहटले बौधिमाइ नगरपालिका–७ स्थित बङ्कुल बजारबाट २०७७ मङ्सिर २२ गते गिरफ्तार गऱ्यो । जिल्ला अदालतमा ०७६ मङ्सिर २३ गते मुद्दा पेश भएको मा ०७७ कात्तिक २८ गते जिल्ला अदालतको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा छन् । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सो विष्फोटनमा परेर सरुअठाका २४ वर्षका त्रिलोक प्रताप सिंह र २२ वर्षका ओसी अख्तरको मृत्यु भएको थियो। घटना लगत्तै मृतक त्रिलोक प्रताप सिंह को बुवा श्रीनारायण सिंह र ओसी अख्तरका आमा रोक्साना खातुनले सासंद मोहम्मद आफताव आलम सहित महताव आलम, मोविन आलम, शेख भदइ र शेख सरोजविरुद्ध किटानी उजुरी दिएका थिए।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | | | १ |
| बलात्कार | | १ | ९ | १० |
| यौन दुर्व्यवहार | | | ३ | ३ |
| जम्मा | १ | १ | १३ | १५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | १ | १ |
| बलात्कार | | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १ | ४ | ५ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ११ | ११ |

# २.७ बारा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,४७,१०५ |
| महिला | ३,६७,५६८ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ४ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ८ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २,०३,४८४ |
| कामका लागि बाहिरिएका | १२,५३० |
| अपाङ्गता भएका | ११,६४५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५२ |
| आश्रित जनसङ्ख्या | ३,४३,५५७ |

*यस वर्ष बारा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५१ जना महिला, आठ जना पुरुषसहित ५९ जना र राज्यपक्षबाट चारजना पुरुष पीडित भए। बाल अधिकार उल्लङ्घनका घटनामा २४ जना र महिला अधिकार उल्लङ्घन घटनामा २२ जना पीडित भए।*

### झडपमा घाइते

सुवर्ण गाउँपालिका–२ कबहीगोठ बजारमा रहेको इलाका प्रहरी कार्यालय अगाडि कात्तिक १२ गते स्थानीयसँग भएको झडपमा प्रहरीको गोली लागी सोही वडाका १४ वर्षीय रञ्जनकुमार यादव र ४९ वर्षीय शिवनाथ यादव घाइते भए। उनीहरूको उपचार बयोधा अस्पताल, बीरगञ्जमा भयो। प्रहरीले चलाएको गोलीको छर्रा र लाठी लागेर सोही ठाउँका ३६ वर्षीय धर्मवीर यादव घाइते भए। त्यसैगरी प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लागेर २८ वर्षीय प्रहरी हवल्दार सञ्जय यादव र २५ वर्षीय प्रहरी जवान सुजित यादव घाइते भए । उनीहरूको उपचार स्थानीय एसआरपी अस्पतालमा भयो।

### सुगम, निष्पक्ष तथा न्यायिक अधिकार

सात जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ४ सय ३ मध्ये ३ सय ६६ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार २ सय ९९ मध्ये १ हजार २८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ७४ थान छन् भने देवानी मुद्दा २ सय ६२ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका २ हजार ६ सय २६ र सन् २०२० को ४ हजार ७ सय २ थान मुद्दामध्ये कुल १ हजार ३ सय ९४ थान मुद्दा फैसला भए। ३ हजार ३ सय ८ मुद्दा बाँकी छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

जिल्लामा ५ सय २३ आधारभूत र ७५

माध्यमिक विद्यालय छन्। २ हजार ३ सय ४१ शिक्षक दरबन्दी रहेकामा १ हजार ६ सय २३ ओटा दरबन्दी रिक्त रहेको छ। यस वर्ष ७ हजार ५ सय १४ बालक र ५ हजार ९ सय २९ जना बालिका भर्ना भए । जिल्लामा अपाङ्गमैत्री ६० माध्यमिक विद्यालय छन्। द्वन्द्वपीडित परिवारका दुई जना बालबालिकाले छात्रवृत्ति पाएका छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइका प्रमुख बृजकिशोर प्रसादले बताए।

*यो वर्ष बारामा बलात्कार का घटनामा १८ जना र यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले १३ घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा, एउटा घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो।*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | १ | १ | २ |
| गिरफ्तारी | | १ | १ | | | |
| कुटपिट | | १ | १ | २ | ४ | ६ |
| घाइते | | २ | २ | | | |
| हत्या | | | | २ | ३ | ५ |
| बाल अधिकार | बालविवाह | | | ३ | | ३ |
| | बलात्कार | | | १८ | | १८ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | जम्मा | | | २४ | | २४ |
| महिला अधिकार | 'बोक्सी'को आरोप | | | ४ | | ४ |
| | बहुविवाह | | | ४ | | ४ |
| | बलात्कार | | | १० | | १० |
| | बलात्कार प्रयास | | | ४ | | ४ |
| | जम्मा | | | ११ | | ११ |
| कूल जम्मा | | ४ | ४ | ५१ | ८ | ५९ |

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

बारामा यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ हजार ६ सय ४ महिलाले महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा ७ सय १३ उजुरीमा मिलापत्र गरायो भने घरेलु हिंसाका उजुरी दर्ता गराएर सर्म्मकमा नआएको १ हजार ५ सय ३९ र उजुरी परेका घरेलु हिंसामा काम भइरहेको संख्या ३ सय ५२ छन्।

यो वर्ष बारामा बलात्कारका घटनामा १० र बलात्कार प्रयासका घटनामा चार जना महिला पीडित भएका इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कारको एउटा घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । अन्य तीन घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे भने दुई घटनाका आरोपित साधारण तारेखमा रिहा भए । चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बलात्कार प्रयासका दुई घटनाका आरोपित पुर्पक्षका लागि थुनामा, एक घटनाका आरोपित धरौटीमा रिहा र एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा कलैया अस्पताल एक सरकारी अस्पताल, १ सय १९ स्वास्थ्य चौकी, दुई ओटा नगर स्वास्थ्य केन्द्र छन् । प्राथमिक स्वास्थ्य केन्द्र पाँच ओटा छन् । शहरी स्वास्थ्य केन्द्र १४ ओटा रहेका छन्। जिल्लामा ७७ डाक्टरको दरबन्दी रहेकामा ४३ जना कार्यरत छन्। अहेवको ३ सय ३९ दरबन्दी रहेकामा ३ सय ३९ जना कार्यरत छन्।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | ३ | ३ |
| बलात्कार | ५ | १३ | १८ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| जम्मा | ५ | १९ | २४ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| 'बोक्सी'को आरोप | १ | | १ | २ |
| बहुविवाह | | १ | ३ | ४ |
| बलात्कार | | ४ | ६ | १० |
| बलात्कार प्रयास | | १ | ३ | ४ |
| जम्मा | १ | ६ | १३ | २० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ४ | ५ |

# २.८ पर्सा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,४८,३८१ |
| महिला | ३,१२,४५० |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ४ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ८ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,७२,५९९ |
| कामका लागि बाहिरिएका | ८,०५३ |
| अपाङ्गता भएका | ६,२१५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ८० |
| आश्रित जनसङ्ख्या | २,८७,५७८ |




*यस वर्ष पर्सा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५६ जना महिला, १६ जना पुरुषसहित ७२ जना र राज्यपक्षबाट तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४० जना र महिला अधिकार उल्लङ्घन घटनामा १० जना पीडित भए।*

### नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार झडपमा मृत्यु

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पर्साले बिन्दवासनी गाउँपालिकामा कात्तिक ६ गते आयोजना गरेको शपथ ग्रहण कार्यक्रममा भएको झडपमा परी घाइते भएका बिन्दवासीनी गाउँपालिका–१ बहुअर्वाभाठाका ३७ वर्षीय मुकेश चौरसियाको मृत्यु भयो। झडपमा चौरसियाको टाउकोमा चोट लागेको थियो। बीरगंजस्थित न्यूरो अस्पतालमा उपचारार्थ चौरसियाको मृत्यु कात्तिक ७ गते बिहान भएको अस्पतालले जनायो। चौरसियालाई न्यूरो अस्पतालको अइसीयूमा राखेर उपचार गराइएको थियो। नेकपाको एउटा पक्षले कात्तिक ६ गते बिन्दवासनी गाउँपालिका–५ पर्सौनीभाठामा गाउँपालिका कमिटीको शपथ ग्रहण कार्यक्रम आयोजना गरेको थियो। कमिटीको शपथ ग्रहण कार्यक्रममा असन्तुष्ट पक्षलाई नसमेटिएको भन्दै विरोध गरेपछि झडप

*झडपमा घाइते भई उपचारको क्रममा मृत्यु भएका मुकेश चौरसिया*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | १ | | | |
| कुटपिट | | ३ | ३ | | | |
| घाइते | | | | ३ | ८ | १० |
| हत्या | | | | ५ | ६ | ११ |
| धम्की | | | | | १ | १ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | १ | | १ |
| | बलात्कार | | | ३० | | ३० |
| | यौन दुर्व्यवहार | | | ८ | १ | ९ |
| | जम्मा | | | ३९ | १ | ४० |
| महिला अधिकार | 'बोक्सी'को आरोप | | | १ | | १ |
| | बलात्कार | | | ६ | | ६ |
| | बलात्कार प्रयास | | | ३ | | ३ |
| | जम्मा | | | १० | | १० |
| कूल जम्मा | | ३ | ३ | ५६ | १६ | ७३ |

भएको थियो । झडपमा बिन्दवासीनी गाउँपालिका–४ का ३५ वर्षीय उत्तम तिवारी र ४३ वर्षीय चिन्टु तिवारी घाइते भएका थिए । प्रहरीले झडपमा संलग्न रहेको आरोपमा बिन्दवासीनी गाउँपालिका–३ का ३४ वर्षीय हनिफ अन्सारी र ३२ वर्षीय देव सहनीलाई गिरफ्तार गऱ्यो । चौरसिया तत्कालीन माओवादी केन्द्रबाट गाउँपालिकाको वडानम्बर २ को वडा अध्यक्षका उम्मेदवार थिए । चौरसिया पार्टीको जिल्ला कमिटीका सदस्य तथा गाउँपालिका कमिटीका सचिव थिए ।

## कारागार र बन्दी

१ हजार जनाको क्षमता भएको जिल्ला कारागारमा कैदी ५ सय ६७ पुरुष ३९ महिला र ६ सय ३१ थुनुवा पुरुष तथा ३६ थुनुवा महिला छन् । कारागारमा तीन जना बालक र दुई जना बालिका छन् । आश्रित बालवालिका कारागारमै रहेको समता विद्यालयमा अध्ययनरत रहेका छन् । यस कारागारमा रहेका कैदी बन्दीहरूको सामान्य उपचार का लागि कारागारमा स्वास्थ्य चौकी र एक जना अहेवको २४ घण्टा सेवा उपलब्ध छ । ६५ वर्ष नाघेका ४५ जना कैदी बन्दी छन् । कारागारमा कोभिड–१९ बाट सङ्क्रमित भएका ३३ कैदी सबै निको भए ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत, जनकपुर इजलास

१५ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, जनकपुरको अस्थायी इजलास बीरगञ्जमा १२ जना न्यायाधीश कार्यरत रहेका छन् । ४ सय ७४ फौजदारी मुद्दा, १४ सय ७ देवानी मुद्दा मुद्दा दर्ता भए । गत वर्षको जिम्मेवारी सरेर आएका मुद्दाको सङ्ख्या ३ हजार २ सय ४७ रहेकोमा १ हजार ४ सय ४६ मुद्दा मात्र फैसला भयो । २ वर्ष महिना नाघेको मुद्दा सङ्ख्या ७४ रहेको छ । मुद्दा र फैसलाको अनुपात हेर्दा फैसला लक्ष्य अनरूप देखिँदैन ।

### जिल्ला अदालत

नौ न्यायाधीशको दरबन्दी रहेको पर्सा जिल्ला अदालतमा नौ जना न्यायाधीश कार्यरत रहेका छन् । यो ०७५ को पुस १७ देखि ०७६ को पुस १६ गतेसम्ममा यस अदालतमा ९ सय ३८ फौजदारी मुद्दा दर्ता भएकोमा ५ सय ५७ फैसला भए । १ हजार ९ सय ८१ देवानी मुद्दा दर्ता भएकोमा १ हजार ३ सय ८९ फैसला भए । अदालतमा २ वर्ष भन्दा माथिका फौजदारी मुद्दाको संख्या १५ रहेको छ भने देवानी मुद्दा सङ्ख्या २१ रहेको छ ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ६७ आधारभूत विद्यालय र ५१ माध्यमिक विद्यालय छन् । १ हजार ९ सय ७८ शिक्षक दरबन्दी रहेकोमा ३५ दरबन्दी रिक्त छ । यसवर्ष ०७६ चैत ११ देखिको लकडाउनका कारण भर्ना अभियान प्रभावित भयो । आधारभूत तहको विद्यालय वर्षको अन्त्यसम्म सञ्चालनमा आएनन् । जिल्लामा ३३ अपाङ्गमैत्री विद्यालय छन् ।

*यो वर्ष पर्सामा बलात्कारका घटनामा ३० जना र यौन दुर्व्यवहारको घटनामा नौ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले १७ ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा, दुई आरोपित बाल सुधार गृहमा, तीन आरोपितलाई धरौटीमा रिहा गऱ्यो। आठ ओटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यो वर्ष कुनै पनि घटनाको मुद्दा फैसला भएन ।*

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

सन् २०२० मा घरेलु हिंसा पीडित भन्दै ४ सय ८७ महिलाले निवेदन महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरि घरनिकाला गरिएको २ सय ५०, खानलाउन नदिएको १ सय २, मादक पदार्थ सेवन गरी कुटपिट गर्ने यातना दिने १ सय १५, बच्चा जन्मदर्ता नबनाइदिएको पाँच, विवाह दर्ता नगरेको र नागरिकता नबनाइदिएको भन्दै १५ ओटा ढाडो निवेदन पऱ्यो । जसमा ४ सय ३५ उजुरीमा मेलमिलाप भयो । ५२ उजुरी प्रक्रियामा छन् । अन्य निवेदकहरू सम्पर्कमा आएका छैनन् । प्रहरीमा निवेदन परेपछि घर समाजमै मिलाउने प्रचलन रहेका कारण पनि निवेदकहरू कुरा मिलेपछि प्रहरी कार्यालयमा नआउने गरेको सेवा केन्द्रमा कार्यरत प्रहरी हबल्दार राजकुमारी थापाको भनाइ छ।

*यो वर्ष पर्सामा बलात्कारका घटनामा सात जना र बलात्कार प्रयास घटनामा दुई जना महिला पीडित भएका इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये जिल्ला अदालतले बलात्कार का पाँच घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो । यो वर्षको अन्त्यसम्म दुई ओटा घटनाका आरोपित गिरफ्तार भएनन् । यौन दुर्व्यवहार घटनाका आरोपितलाई अदालतले बाल सुधार गृह पठायो। यो वर्ष कुनै पनि घटनाको मुद्दा फैसला भएन।*

**परिवारजनबाट हत्या**

परिवारजनबाट हत्याका चार घटना इन्सेकले अभिलेख गऱ्यो । चार मध्ये दुई जना बालिकाको पनि हत्या भयो । घटनाका सबै आरोपित पुर्पक्षका लागि थुनामा छन् । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**दाइजोका कारण हत्या**

२० वर्षीया महिलालाई दाइजो नल्याएको भन्दै आगो लगाएर हत्या गरेको आरोपमा प्रहरीले सासू, पति, ससुरालाई ०७७ जेठ २२ गते गिरफ्तार गऱ्यो । आगोले जलेर घाइते भएकी महिलाको उपचारको क्रममा काठमाडौँको, कीर्तिपुरस्थित अस्पतालमा जेठ २१ गते मृत्यु भयो । गिरफ्तार भएका सबैलाई जिल्ला अदालतले ०७७ असार १७ गते पुर्पक्षका लागि थुनामा पठायो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

**स्वास्थ्य सेवाको अवस्था**

पर्सामा एक उपक्षेत्रीयस्तरको अस्पताल, एक जिल्ला अस्पताल आधारभूतसहित ९२ ओटा स्वास्थ्य चौकी तीन ओटा प्रथामिक स्वास्थ्य केन्द्र, नगरस्वास्थ्य केन्द्र चार रहेका छन्। पर्सा जिल्लामा १२ हजार ४ सय ४३ पुरुष र ६ हजार ९ सय ९३ महिला र ९ हजार १ सय ६६ जेष्ठ नागरिक सहित २५ हजार १ सय ४१ जनाले बिमा गराए । पर्सामा हाल सम्म ३ हजार १ सय ४० जना कोरोना भाइरसको सङ्क्रमणबाट सङ्क्रमित भए । हालसम्म भाइरसको सङ्क्रमणको कारण पर्साका ५३ जनाको ज्यान गएको छ । पर्सामा मात्र २९ हजार ८ सय ५० को पीसीआर टेष्ट भएको छ । बीरगञ्जमा उपचार हुन नसकेपछि काठमाडौं लगिएका बिरामीको सङ्ख्या १३ जना रहेकोमा उपचारको क्रममा पाँच जनाको मृत्यु भयो । पर्सा जिल्लामा बीरगंज महानगरपालिकाले सञ्चालन गरेको गण्डक अस्पताल, नेपाल सरकारले सञ्चालन गरेको बीरगञ्ज हेल्थ केयर अस्पताल र नेशनल मेडिकल कलेज अस्थायी कोराना अस्पताल गरी तीन ओटा कोभिड अस्पताल सञ्चालन भएकोमा वर्षको अन्त्यमा नेशनल मेडिकल कलेजको कोरोना अस्पताल मात्र सञ्चालनमा छ । स्थानीयस्तरमा पर्साको पोखरियामा रहेको १५ शैयाको जिल्ला अस्पताललाई पनि कोभिड अस्पतालको रूपमा सञ्चालन गरिएको थियो । हाल अस्पतालमा जनरल सेवा सुरु गरिएको छ । अन्य स्थानीय तहले क्वारेन्टिनको व्यवस्थापन गरेका थिए।

बीरगञ्ज महानगरपालिका–११ श्रीपुरका ६४ वर्षीय चलितर महतोको बीरगञ्जस्थित नेशनल मेडिकल कलेज शिक्षण अस्पताललले उपचार गर्न नमान्दा साउन २२ गते बिहान मृत्यु भयो । यसैगरी, बीरगञ्ज महानगरपालिका–२ छपकैयाकी २० वर्षीया विष्णु लामालाई कोरोना सङ्क्रमित भएको

आशङ्कामा बीरगञ्जमा रहेका अस्पतालहरूले भर्ना लिन मानेनन् । उनको साउन २४ गते बिहान मृत्यु भयो। बारा जिल्ला बारागढी गाउँपालिका–२ सुखीपत्रा निवासी ९ वर्षीय सुशीलकुमार साहको समयमै अस्पतालले उपचार गर्न नमानेकोले साउन २७ गते बिहान बीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा मृत्यु भयो।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | | १ |
| बलात्कार | ५ | ३५ | ३० |
| यौन दुर्व्यवहार | १ | ७ | ८ |
| जम्मा | ७ | ३३ | ३९ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| 'बोक्सी'को आरोप | | १ | १ |
| बलात्कार | २ | ५ | ७ |
| बलात्कार प्रयास | | २ | २ |
| जम्मा | २ | ८ | १० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | ९ | ११ |

# बागमती प्रदेश

- क्षेत्रफल : २०,३०० वर्ग कि.मि.
- जनसङ्ख्या : ५५,२५,४५२
- साक्षरता प्रतिशत : ६८.४६
- जिल्ला : १३
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३३
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६६
- महानगरपालिका : ३
- उप-महानगरपालिका : १
- नगरपालिका : ४१
- गाउँपालिका : ७४
- कूल वडा सङ्ख्या : १,१२१

# बागमती प्रदेश परिचय ३

प्रदेश सरकारले यस वर्ष आफ्नो प्रदेशको नाम र राजधानी टुङ्गो लगायो । प्रदेश सभाको दुई तिहाई बहुमतले प्रदेशको नाम बागमती र राजधानी हेटौँडालाई कायम गर्ने निर्णय गऱ्यो ।

प्रदेश सरकारले सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरूमा शहादत प्राप्त गरेका सहिद, बेपत्ता परिवार एवम् घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई 'द्वन्द्वपीडितका साथ प्रदेश सरकार' भन्ने कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रम सञ्चालन गरेको छ । नसर्ने रोगको समयमै पहिचान र रोकथाम गरी नागरिकको जनधनको रक्षा गर्न 'जनता स्वास्थ्य परीक्षण' कार्यक्रम सहित एकीकृत स्वास्थ्य सेवा कार्यक्रम लागु गरी मातृ तथा नवजात शिशु सेवा, महिलाहरूमा विद्यमान आङ खस्ने समस्याको रोकथाम र उपचार, कुपोषण लगायत बाल स्वास्थ्य समस्याहरूको रोकथामलाई प्राथमिकतामा राखेको छ । साथै सामुदायिक विद्यालयहरूमा स्वास्थ्य सेवा बाल स्वास्थ्य प्रवर्धन प्रजनन् तथा यौन स्वास्थ्य परामर्श जस्ता सेवाका लागि एक माध्यामिक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत प्रत्येक स्थानीय तहका दुई माध्यामिक विद्यालयमा नर्सको व्यवस्थापन भइसकेको छ । छोरी बुहारी उच्च शिक्षा छात्रवृति, सहयोगापेक्षी सडक मानव मुक्त प्रदेश, बाल विवाह मुक्त प्रदेश बागमती प्रदेशका जनता लक्षित महत्वपूर्ण कार्यक्रम हुन् । कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि ७ हजार ४ सय ७७ क्वारेन्टाइन बेड स्थापना, ४ जार ७ सय ७ ओटा आइसोलेसन बेड, ४ सय १५ ओटा सघन उपचार कक्ष, १ सय ६० ओटा भेन्टिलेटरको व्यवस्थापन भएको छ । वर्षको अन्त्यसम्म १ लाख ४२ हजार ७ सय १ जना सङ्क्रमित मध्ये ९ सय २२ जनाको मृत्यु भयो । 'एक स्थानीय तह एक अस्पताल' कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेशभित्र ५० अस्पताल भवनको शिलान्यास गरिएको छ ।

सन् २०२० मा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १ हजार ९२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारीका घटनामा १ सय ६ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय १९ जना, हत्याका घटनामा अन्यपक्षबाट ४८ र राज्यपक्षबाट एक जना, बाल अधिकार उल्लङ्घनका घटनामा ३ सय ४० जना पीडित भएको अभिलेख छ ।

## सन् २०२० मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ३.१ दोलखा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,८०,०३२ |
| महिला | ८२,३०२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ४८,०६४ |
| कामका लागि बाहिरिएका | १०,१२१ |
| अपाङ्गता भएका | ५,५८७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५५.४१ |
| आश्रित जनसङ्ख्या | ८६,७७२ |

*यस वर्ष दोलखा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३१ महिला, दुई पुरुषसहित ३३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २१ जना र महिला अधिकार उल्लङ्घन घटनामा ११ जना पीडित भए ।*

## कारागार र बन्दी

१७ जनाको क्षमता रहेको जिल्ला कारागारमा कैदी १ सय र थुनुवा ५४ जना छन् । महिला कैदीबन्दी राख्ने व्यवस्था नभएकाले छिमेकी जिल्ला रामेछाप, सिन्धुपाल्चोक वा अन्य कारागारमा पठाइने गरेको छ । कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एकजना अहेवको दरबन्दी रहेको छ ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना जिल्ला न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ७९ मध्ये सय ७० थान फैसला भए भने देवानी मुद्दातर्फ ३ सय ४६ मध्ये १ सय ७३ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी ३ र देवानी ११ मुद्दा बाँकी छन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका १ सय ९६ र २०२० को ३ सय २९ थान मुद्दामध्ये कुल २ सय ४३ थान मुद्दा फैसला भए । २ सय ८४ थान मुद्दा बाँकी छन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ५९ आधारभूत र ८३ माविं छन् । स्वीकृत दरबन्दी शिक्षक १ हजार २ सय ९८ र राहत कोटा अनुदान ५ सय ५६ रहेको छ । दरबन्दी मिलान स्थानीय तहसँग समन्वय गरी स्थानीय तह र जिल्ला तहले गर्दै रहेको छ । यस वर्ष १९ हजार ८ सय २७ बालक र २० हजार ७ सय ५४ जना बालिका गरी कूल ४० हजार ५ सय ८१ जना बिद्यालय भर्ना भए । जसमा अपाङ्गता भएका २ सय ७८ बालिका र ३ सय १७ बालक थिए । द्वन्द्वपीडित परिवारका १९ जना बालबालिकाले २ लाख ३० हजार रुपियाँ छात्रवृत्ति पाए ।

*यो वर्ष दोलखामा बलात्कारका घटनामा १०जना र यौन दुर्व्यवहारका घटनामा १० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले पाँच जना आरोपितलाई बाल सुधार गृहमा पठायो भने*

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ |
| बाल अधिकार | बलात्कार | १० | | १० |
| | यौन दुर्व्यवहार | १० | १ | ११ |
| | जम्मा | ३० | १ | ३१ |
| महिला अधिकार | 'बोक्सी'को आरोप | १ | | १ |
| | बलात्कार | ६ | | ६ |
| | बलात्कार प्रयास | ३ | | ३ |
| | जम्मा | ११ | | ११ |
| कूल जम्मा | | ३१ | ३ | ३३ |

*तीन जना आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। पाँच जना आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । त्यसैगरी यौन दुर्व्यवहारका दुई आरोपित बाल सुधार गृहमा, तीन आरोपित धरौटीमा रिहा भए भने एक आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो । एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाका १६ उजुरी दर्ता भएकोमा आठ उजुरीमा मेलमिलाप भए। पाँच उजुरी कानुनी प्रकृयामा अगाडि बढे भने तीन उजुरी बाँकी रहे।

*यो वर्ष दोलखामा बलात्कारका घटनामा सात जना पीडित भएका इन्सेकले अभिलेख गर्‍यो। अभिलेखित सबै घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ५५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य चौकी, ६ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी रिक्त छ। ६ जना स्टाफ नर्सको दरबन्दी छ। दोलखा जिल्लामा कोभिड–१९ बाट सङ्ख्या ३ सय १९ जना सङ्क्रमित भएकोमा एक जनाको मृत्यु भयो। जिल्लामा चार कोभिड अस्पताल छन्।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १० | १० |
| यौन दुर्व्यवहार | ११ | ११ |
| जम्मा | ३१ | ३१ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| 'बोक्सी'को आरोप | १ | | १ |
| बलात्कार | १ | ६ | ६ |
| बलात्कार प्रयास | | ३ | ३ |
| जम्मा | ३ | ९ | ११ |

# ३.२ सिन्धुपाल्चोक

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,८०,५६० |
| महिला | १,४७,७२३ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ७२,६१३ |
| कामका लागि बाहिरिएका | १५,७१२ |
| अपाङ्गता भएका | ६,६०८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५८.८५ |
| आश्रित जनसङ्ख्या | १,२२,७८५ |

*यस वर्ष सिन्धुपाल्चोक जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३३ जना महिला, आठ जना पुरुषसहित ४१ जना र राज्यपक्षबाट चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २२ जना र महिला अधिकार उल्लङ्घन घटनामा नौ जना पीडित भए।*

### कारागार र बन्दी

सात जना महिलाको क्षमता भएको कारागार मा १ सय २४ जना पुरुष कैदी बन्दी छन् । कारागारमा महिला कैदीबन्दीलाई राख्ने गरिएको छैन । क्षमताभन्दा बढी कैदी बन्दी भएकाले सुत्न तथा शौचालय प्रयोग गर्न समस्या भएको कैदी बन्दीले बताए।

### धम्की/कुटपिट

#### अन्यपक्षबाट

इन्द्रावती गाउँपालिका–११ बोडगाउँस्थित भीमटार स्वस्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी २८ वर्षीय वासुदेव न्यौपानेलाई २०७७ वैशाख १५ गते बिहान स्वास्थ्य चौकीको आवास भवनमा बसेको अवस्थामा ढुङ्गा प्रहार गरी घरमा आगो लगाएर जलाएर मार्ने धम्की दिएर अभद्र व्यवहार गरेको आरोपमा इन्द्रवती गाउँपालिका- ११ बाडेगाउँका ४८ वर्षीय प्रदीप मगर माझीलाई वैशाख २६ गते प्रहरीले गिरफ्तार गऱ्यो । आरोपितले स्वास्थ्यकर्मी बसेको घरको झ्यालमा ढुङ्गा हानी कोठाको झ्यालमा क्षति पुऱ्याएको इन्द्रावती गाउँपालिका–११ का वडा अध्यक्ष मने माझीले बताए। बिहान निवासमा बसेको अवस्थामा ढुङ्गा प्रहार गरी घरमा आगो लगाएर मार्ने धम्की दिएपछि सुरक्षाको लागि प्रहरी चौकीमा खबर गरेको स्वास्थ्य कर्मी बासुदेव न्यौपानेले बताए। जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार आरोपितलाई गिरफ्तार गरी अभद्र व्यवहार कसुरमा इलाका प्रहरी कार्यालय, नवलपुरले वैशाख २६ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गऱ्यो । जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको ०७७ जेठ ९ गतेको इजलासले आरोपितलाई ५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए।

पाँचपोखरी थाम्पाल गाउँपालिका-४ स्थित मानेखर्क प्रहरी चौकीमा कार्यरत असइ बिगबहादुर

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ४ | ४ | | | |
| कुटपिट | | | | | ५ | ५ |
| हत्या | | | | ३ | | ३ |
| सबै प्रकारका जातीय विभेद | | | | | ३ | ३ |
| धम्की | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | १९ | | १९ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | जम्मा | | | ३३ | | ३३ |
| महिला अधिकार | 'बोक्सी'को आरोप | | | १ | | १ |
| | बहुविवाह | | | १ | | १ |
| | बलात्कार | | | ६ | | ६ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | ९ | | ९ |
| कूल जम्मा | | ४ | ४ | ३३ | ८ | ४१ |

तामाङलाई कुटपिट गरी घाइते बनाएको आरोपमा सोही ठाउँका २८ वर्षीय आकाश तामाङलाई ०७७ जेठ ७ गते बेलुका प्रहरीले घरबाट गिरफ्तार गऱ्यो । चौकी अगाडी डिउटीमा बसेका प्रहरीले लकडाउनको समयमा बिनापास किन मोटरसाइकल चलाएको भनी सम्झाइ बुझाइ गर्दा आरोपित आकाश तामाङले असई तामाङलाई 'वडा अध्यक्षको छोरा हुँ जे पनि हुन सक्छ' भन्दै धम्की दिई ढुङ्गा प्रहार गरी घाइते बनाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवप्रसाद काफ्लेले बताए । घाइतेको धुलिखेल अस्पतालको शाखा मानेखर्कमा उपचार भयो। आरोपित सोही गाउँपालिका– ४ का वडा अध्यक्षका छोरा भएको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर फलबहादुर तामाङले बताए। आरोपितलाई इलाका प्रहरी कार्यालय मेलम्चीले गिरफ्तार गरी कुटपिट तथा अङ्गभङ्ग सम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधिश टिकाराम आचार्यको ०७७ जेठ २९ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट १ हजार ४१ थान मुद्दामध्ये ५ सय ५ थान मुद्दा फैसला भए । यो वर्ष फौजदारी मुद्दातर्फ दर्ता भएका १ सय ५० थानमध्ये १२ थान र देवानी मुद्दातर्फ २ सय ४५ थान मध्ये ६२ थान मुद्दा फैसला भए । अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान र देवानी मुद्दा तीन थान बाँकी छन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ४१ आधारभूत र १ सय ३८ मावि छन् । २ हजार ४ सय ६६ शिक्षक दरबन्दी रहेकोमा सबै कार्यरत रहेका छन्। यस वर्ष ४२ हजार ८ सय १८ जना बालक र ४६ हजार ७ सय ३५ जना बालिका भर्ना भए । द्वन्द्वपीडित परिवारका २३ जना बालबालिकाले छात्रवृत्ति पाए । यो वर्ष जिल्लाभर २ हजार ५ सय ६३ दलित बालक र २ हजार ७ सय ८७ जना दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएका परिवारका तीन जना बालबालिकाले छात्रवृत्ति पाए।

*यो वर्ष बलात्कारका घटनामा १९ जना र यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले ११ आरोपितलाई पुर्पक्षका लागि थुनामा, तीन आरोपितलाई अभिभावकको जिम्मामा र दुई आरोपितलाई बाल सुधार गृह पठायो । एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने दुई आरोपित हिरासतमा छन् ।*

## महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८४ जना महिलाले प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । ५९ उजुरी मेलमिलापमा टुङ्गिए । २५ उजुरी कारबाही प्रक्रियामा छन् । घरेलु हिंसा पीडित भन्दै दिएका निवेदनमध्ये खानलाउन नदिएर बेवास्ता गरेका १९ ओटा उजुरी थिए । तीमध्ये १३ उजुरीमा पीडित र आरोपितबिच मेलमिलाप भयो भने ६ उजुरीकर्ता सम्पर्कमा आएनन् । कुटपिट घटनाका ३६ ओटा उजुरीमध्ये २४ ओटामा मेलमिलाप भयो। १२ ओटा उजुरी प्रक्रियामा रहेका छन् । गालीगलौजका २९ उजुरी दर्ता भएकामा

२२ ओटा मेलमिलापमा टुङ्गिए भने सात जना उजरीकर्ता सम्पर्कमा आएनन् । सेवा केन्द्रमा मेलमिलाप गरी घर गएकाहरू उजुरी लिएर पुनः नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रकाश सापकोटाले बताए।

*यो वर्ष सिन्धुपाल्चोकमा बलात्कारका घटनामा ६ जना र यौन दुर्व्यवहारको घटनामा एक जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कार घटनाका चार जना आरोपित पुर्पक्षका लागि थुनामा रहे । सामूहिक बलात्कार घटनाका दुई जना आरोपित पुर्पक्षका लागि थुनामा रहे भने दुई जना यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । वैवाहिक बलात्कारको एउटा घटनाका आरोपित धरौटीमा रिहा भए। यौन दुर्व्यवहारको एउटा घटनाका आरोपित धरौटीमा रिहा भए । अदालतमा दर्ता भएका यौन हिंसासम्बन्धी कुनै पनि मुद्दा फैसला भएनन् । यो वर्ष दुई छुट्टाछुट्टै घटनामा पतिले पत्नीको हत्या गरेका घटना इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित दुवै घटनाका आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् ।*

## स्वास्थ्य सेवाको अवस्था

सिन्धुपाल्चोकमा एक जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तीन र स्वास्थ्य चौकी ७९ रहेका छन् । जिल्लामा डाक्टरको दरबन्दी सङ्ख्या सात रहेकामा करारका सहित १४ जना डाक्टर कार्यरत छन् । वर्षको अन्त्यसम्म ६ हजार ६ सय ६९ जनामा कोभिड परीक्षण भएकोमा ८ सय ६३ जनामा सङ्क्रमित भए । सङ्क्रमितमध्ये चार जना महिला र १३ जना पुरुष गरी १७ जनाको मृत्यु भयो । सिन्धुपाल्चोकका १५ महिला र २५ पुरुष गरी ४० जना स्वास्थ्यकर्मी संक्रमित भए । स्वास्थ्यकर्मीमा कोरोना पोजेटिभ देखिएपछि ०७६ चैत १६ गतेदेखि २९ गतेसम्म जिल्लाका सबै स्वास्थ्य संस्थाहरूमा आकस्मिक बाहेक अरु सेवा अवरुद्ध भयो।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | १६ | १९ |
| यौन दुर्व्यवहार | १ | २ | ३ |
| जम्मा | ४ | १८ | २२ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| 'बोक्सी'को आरोप | १ | १ |
| बहुविवाह | १ | १ |
| बलात्कार | ६ | ६ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ९ | ९ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# ३.३ रसुवा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४२,७७३ |
| महिला | २२,००७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १३,३२४ |
| कामका लागि बाहिरिएका | ३,१०८ |
| अपाङ्गता भएका | १,०१६ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५५.५ |
| आश्रित जनसङ्ख्या | १८,७५८ |

*यस वर्ष रसुवा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये महिला अधिकार उल्लङ्घनका घटनामा ११ जना पीडित भए।*

## कारागार र बन्दी

२५ जना क्षमताको कारागारमा १ सय २४ जना छन् । जसमा महिला पाँच जना छन् । ६० वर्षमाथिका चार पुरुष छन् । क्षमताभन्दा चार गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । राष्ट्रिय मानव अधिकार आयोग र इन्सेकले समय समयमा कारागारको अनुगमन गर्ने गरेका छन् । कोचिएर बस्नुपर्ने, मास्क, सेनिटाइजर जस्ता स्वास्थ्य सामग्री समेत अभाव भएको अनुगमनका क्रममा बन्दीले गुनासो गरे।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतमा यसवर्ष देवानी प्रकृतिका १५ मुद्दा दर्ता भएकोमा ११ थान फैसला भए भने चार थान बाँकी छन् । फौजदारी प्रकृतिका मुद्दा १८ थान दर्ता भएकोमा चार थान मुद्दा फर्स्यौट भए भने १४ ओटा बाँकी रहे । जिल्ला अदातलमा गतवर्षको जिम्मेवारी सरेर आएका देवानी नौमध्ये चार थान फर्स्यौट भए भने पाँच थान मुद्दा बाँकी रहेका छन् । फौजदारी ३० थान मध्ये १२ थान मुद्दा फैसला भए भने १८ थान मुद्दा फैसला हुन बाँकी रहे।

## बाल अधिकार

### शिक्षाको अवस्था

रसुवामा ७२ आधारभूत र १९ माबि गरी ९१ ओटा सामुदायिक विद्यालय छन् । संस्थागत विद्यालय १२ ओटा छन् । ७७ प्रारम्भिक बाल विकास केन्द्र, राहत ३९ जना शिक्षक छन् भने दरबन्दीका ४ सय ५४ सहित ५ सय ४७ जना शिक्षक छन् । कुल १३ हजार १ सय विद्यार्थी अध्ययनरत छन् । १–८ कक्षाका छात्रा १ सय ५६ जना र दलित छात्रवृत्ति ३५ जना तथा ९–१२ कक्षाका विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम अनुरूप २ सय २४ विद्यार्थीले छात्रवृत्ति पाए। द्वन्द्वपीडित, सहिद तथा बेपत्ता परिवारका दुई जनालाई १४ हजार रुपियाँका दरले छात्रवृत्ति प्रदान गरिएको शिक्षा समन्वय इकाइले जनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा, अभद्र व्यवहार गरेको, मानसिक यातना दिएको, दुर्व्यवहार गरेको, कुटपिट गरी शारीरिक यातना दिएको तथा बेवास्ता गरेको जस्ता उजुरी छन् । केन्द्रले यी सबै उजुरीमा दुवै पक्षको सहमति गरी मेलमिलाप गरायो ।

*महिला अधिकार उल्लङ्घनका घटनामा यस वर्ष ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार प्रयास घटनाका एक आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहे । बहुविवाह घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने घरेलु हिंसाका सबै घटनामा मेलमिलाप भएको अभिलेख भयो ।*

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| हत्या | | १ | १ |
| महिला अधिकार | घरेलु हिंसा | ६ | ६ |
| | बहुविवाह | १ | १ |
| | बलात्कारको प्रयास | ४ | ४ |
| | जम्मा | ११ | ११ |
| कूल जम्मा | | १३ | १३ |

**स्वास्थ्य सेवाको अवस्था**

रसुवामा एक जिल्ला अस्पताल, १७ ओटा स्वास्थ्य चौकी र एक ग्रामीण अस्पताल छ । तीन जना डक्टर दरबन्दी अनुसार नै कार्यरत छन् । जिल्लाभरका लागि ४० अहेवको दरबन्दी रहेकोमा १८ जना कार्यरत छन् भने ४० जना स्टाफनर्सको दरबन्दी रहेकोमा २७ जना कार्यरत छन्। यसवर्ष तीन स्थानीय तहमा कोरोना अस्पताल शिलान्यास भयो । जिल्लामा कोभिड-१९ बाट १ सय ८९ जना सङ्क्रमित भए ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | मुद्दा टुङ्गिएको | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| घरेलु हिंसा | ३ | २ | १ | | ६ |
| बहुविवाह | | | १ | | १ |
| बलात्कार प्रयास | | | १ | ३ | ४ |
| जम्मा | ३ | २ | ३ | ३ | ११ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ३.४ धादिङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,३५,१८८ |
| महिला | १,८०,४५६ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ६२,६२१ |
| कामका लागि बाहिरिएका | २२,५३७ |
| अपाङ्गता भएका | ७,८२७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५८ |
| आश्रित जनसङ्ख्या | १,४८,७७१ |

*यस वर्ष धादिङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २६ जना महिला, ६ जना पुरुषसहित ३२ जना र राज्यपक्षबाट पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २० जना र महिला अधिकार उल्लङ्घन घटनामा आठ जना पीडित भए।*

### कारागार र बन्दी

१ सय ५० जनाको क्षमता भएको जिल्ला कारागारमा ३ सय ३० जना कैदीबन्दी छन्। जसमध्ये महिला आठ र पुरुष ३ सय २२ जना रहेका छन्। एकजना आश्रित बालक छन्। ६५ वर्ष नाघेका १२ जना ज्येष्ठ नागरिक (पुरुष) कारागारमा छन्।

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

सिद्धलेक गाँउपालिका–५ का ४० वर्षीय जीतबहादुर घले, ३५ वर्षीय अशोक श्रेष्ठ, ३३ वर्षीय कमल सिलवाल, ३४ वर्षीय राजु उपाध्याय, ३२ वर्षीय अरुण थपलिया, ३५ वर्षीय अशोक श्रेष्ठलाई २०७६ चैत १९ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा सशस्त्र प्रहरीले सिद्धलेक गाउँपालिका–५ बुङचुङमा कुटपिट गरेको उनीहरूले आरोप लगाए। लकडाउनको समयमा निर्माण व्यवसायीले कामदारलाई घर फर्काउने सम्बन्धमा छलफल गरिरहेको बेला सशस्त्र प्रहरी घरभित्र छिरेर कुटपिट गरेको कमल कन्ट्रक्सन प्रालिका प्रमुख केशव सिलवालले बताए। आफ्ना कामदारहरूलाई घर फर्काउने विषयमा निर्माण व्यवसायी अशोक श्रेष्ठको घरमा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने भन्ने विषयमा छलफल गर्दै गर्दा एक्कासि सशस्त्र प्रहरी धादिङका सहायक निरीक्षक हरिबहादुर केसीको नेतृत्वमा आएको टोलीले घरभित्रै छिरेर कुटपिट गरेको सिलवालले बताए। घाइते हरूको उपचार स्थानीय मेडिकल भयो। आँखामा चोट लागेका जीतबहादुरको थप उपचार काठमाडौँ स्थित त्रिपुरेश्वर आँखा अस्पतालमा भयो । सशस्त्र प्रहरी बल धादिङका प्रमुख डिएस्पी धिरेन्द्रराज न्यौपानेले घटनाका विषयमा सशस्त्र प्रहरीले सम्झाइ बुझाइ मात्र गरेको र कुटपिट नगरेको बताए।

**अन्यपक्षबाट**

त्रिपुरासुन्दरी गाउँपालिका– ५ निवासी युवा सङ्घ धादिङका सदस्य ३० वर्षीय शम्भु थापालाई ०७६ माघ १४ गते सोही गाउँपालिका–७ सुकौरामा विवाहको भोज खाएर घर फर्कन लागेको अवस्थामा त्रिपुरासुन्दरी गाउँपालिका–५ का २७ वर्षीय बलराम खड्का र सोही गाउँपालिका–७ का २७ वर्षीय केशव थापा मगरले आक्रमण गरी घाइते बनाए । घाइतेको प्राथमिक उपचार स्थानीय स्वास्थ्य चौकीमा र थप उपचार काठमाडौँको ग्रान्डी अस्पतालमा भएको जिल्ला प्रहरी कार्यालय, धादिङका प्रमुख एसपी रविन्द्र रेग्मीले बताए । आरोपितहरूको खोजी कार्य भइरहेको प्रहरीले बतायो ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | ५ | ५ | | १ | १ |
| हत्या | | | | १ | २ | ३ |
| बाल अधिकार | बालविवाह | | | १ | | १ |
| | नवजात शिशुको हत्या | | | | १ | १ |
| | बलात्कार | | | १५ | | १५ |
| | यौन दुर्व्यवहार | | | १ | २ | ३ |
| | जम्मा | | | १७ | ३ | २० |
| महिला अधिकार | घरेलु हिंसा | | | २ | | २ |
| | बहुविवाह | | | १ | | १ |
| | बलात्कार | | | ३ | | ३ |
| | बलात्कार प्रयास | | | २ | | २ |
| | जम्मा | | | ८ | | ८ |
| कूल जम्मा | | ५ | ५ | २६ | ६ | ३२ |

**सुगम तथा निष्पक्ष न्यायिक अधिकार**

दुई न्यायाधीश रहेको जिल्ला अदालतबाट यस वर्ष फौजदारी मुद्दातर्फ ५ सय ७ मध्ये ९६ थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ७ सय २२ मध्ये ३ सय थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दातर्फ १४ थान छन् भने देवानी मुद्दातर्फ १३ थान बाँकी छन् । वर्षको अन्त्यमा जिल्ला अदालतमा ८ सय ३६ थान मुद्दा बाँकी रहे ।

**बाल अधिकार**

**शिक्षाको अवस्था**

यस जिल्लामा ४ सय ४६ आधारभूत र १ सय ५० मावि छन् । १ हजार ६ सय ४३ शिक्षक दरबन्दी रहेकामा ३६ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ । यस वर्ष ३५ हजार ३ सय ९३ बालक र ३७ हजार ७ सय ९५ जना बालिका विद्यालय भर्ना भए । जसमध्ये २ सय ६ बालिका र २ सय ३० बालक अपाङ्गता भएका छन् । जिल्लामा पाँच ओटा अपाङ्गतामैत्री विद्यालय छन् । द्वन्द्वपीडित परिवारका ११ जना बालबालिकाले १ लाख ६८ हजार रुपियाँ छात्रवृत्ति पाए । यस वर्ष ५ हजार ६ सय ९१ दलित बालक र ६ हजार ३ सय ४७ दलित बालिका विद्यालय भर्ना भए । वैदेशिक रोजगारमा गएका परिवारका ६० जना बालबालिकाले ५ लाख ५६ हजार रुपियाँ छात्रवृत्ति पाए ।

*यो वर्ष धादिङमा बलात्कार घटनामा १५ जना र यौन दुर्व्यवहारका घटनामा एक जना बालिका र दुई जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कारका घटनाका नौ आरोपित पुर्पक्षका लागि थुनामा, तीन आरोपित बाल सुधारगृहमा, एक घटनाका आरोपित तीन जनामध्ये एक जना फरार र दुई जना पुर्पक्षका लागि कारागार चलान भए । एक आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यौन दुर्व्यवहार घटनाका एक आरोपित पुर्पक्षका लागि थुनामा, एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठाउन अदालतले आदेश गऱ्यो । एक घटनाका आरोपित बालक पुर्पक्षका लागि थुनामा छन् ।*

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय १४ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमध्ये कुटपिट गरेको, घरनिकाला गरेको आरोपमा ८३ जनाले उजुरी दिएकोमा ५० उजुरीमा मेलमिलाप भयो । गालीगलौज र धाकधम्की दिएको भन्दै १ सय १४ जनाले उजुरी दिएकोमा ७१ जनाको उजुरीउपर मेलमिलाप, पालनपोषण खर्च नदिएको भन्दै १७ जनाले उजुरी दिएकोमा चार उजुरीमा मेलमिलाप भएको

सेवा केन्द्रकी इन्सपेक्टर जयन्ती थापाले बताइन्। बाँकी उजुरीउपर कारबाही प्रकृया जारी रहेको छ।

*यस वर्ष धादिङमा बलात्कारका घटनामा तीन जना र बलात्कार प्रयासका घटनामा दुई जना पीडित भएको घटना इन्सेकले अभिलेख गर्‍यो । अभिलेखित घटनामध्ये बलात्कार घटनाका दुई आरोपित पुर्पक्षका लागि थुनामा र एक घटनाका आरोपित प्रहरी अनुसन्धानमा रहे । बलात्कार प्रयासका घटनाका दुई आरोपितलाई जिल्ला अदाललते पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो ।*

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, १ सय १ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १३ जना विशेषज्ञको दरबन्दी रहेको ११ दरबन्दी रिक्त छ । १ सय १८ जना स्टाफ नर्सको दरबन्दीमा २७ रिक्त छ । अनमी १ सय ३८ जनाको दरबन्दीमा १ सय ८ जना कार्यरत छन्। जिल्लामा १२ हजार ६ सय जनाले स्वास्थ्य बिमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिक लागि निःशुल्क बीमा कार्यक्रममा पनि ४६ जनाको बिमा गरिएको छ । कोभिड महामारीपछि वर्षको अन्त्यमा धादिङ अस्पतालमा आइसीयु र भेन्टिलेटरको सेवा सुरु भएको छ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | १ |
| नवजात शिशुको हत्या | १ | | १ |
| बलात्कार | १ | १४ | १५ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| जम्मा | ३ | १८ | ३० |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | १ | | १ | ३ |
| बहुविवाह | | १ | | १ |
| बलात्कार | | | ३ | ३ |
| बलात्कार प्रयास | | १ | १ | ३ |
| जम्मा | १ | ३ | ५ | ८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ३.५ नुवाकोट




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,७३,२६७ |
| महिला | १,४४,२६१ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५५,८५५ |
| कामका लागि बाहिरिएका | १४,३११ |
| अपाङ्गता भएका | ४,६५० |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५८.१५ |
| आश्रित जनसङ्ख्या | १,१३,५८२ |

*यस वर्ष नुवाकोट जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३९ जना महिला, दुई जना पुरुषसहित ४१ जना र राज्यपक्षबाट पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना र महिला अधिकार उल्लङ्घन घटनामा २३ जना पीडित भए।*

## गिरफ्तारी

*यो वर्ष नुवाकोटबाट प्रतिबन्धित नेकपाका पाँच जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये तीन जनालाई जिल्ला प्रशासन कार्यालयले साधारण तारिखमा, एक जनालाई जिल्ला अदालतले साधारण तारिखमा र एक जनालाई जिल्ला अदालतले धरौटी तारिखमा रिहा गऱ्यो।*

## कारागार र बन्दी

२० जना महिला र ५० जना पुरुष राख्ने क्षमताको कारागारमा १ सय ५४ जना कैदीबन्दी छन्। जसमा महिला १६ र पुरुष १ सय ३८ रहेका छन्। एक जना भारतीय नागरिक पनि छन्। क्षमताभन्दा बढी कैदी बन्दी भएकाले ४० देखि ४५ जना कैदी बन्दी कारागारभित्रको खुल्ला आँगनमा सुत्नु पर्ने बाध्यता रहेको छ । कारागारमा एक जना अहेवको दरबन्दी रहेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ३८ थानमध्ये २५ थान मुद्दा फैसला भए भने २ सय १३ फैसला हुन बाँकी रहे। देवानीमुद्दातर्फ ४ सय ९ मध्ये १ सय ९६ थान फैसला भए भने ३ सय १३ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दातर्फ २४ थान बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दातर्फ १९ थान रहेका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

विद्यालयमा पहुँच नभएका विद्यार्थीको आधिकारिक तथ्याङ्क शिक्षा विकास तथा समन्वय इकाइसँग नभएको र स्थानीय तहहरूले त्यसको तथ्याङ्क अद्यावधिक गरेको पाइएन । यस वर्ष २ हजार १ सय ८२ दलित बालक र २ हजार ५ सय ३८ दलित बालिकाले छात्रवृत्ति पाए । २४ जना द्वन्द्वपीडित बालबालिकाले छात्रवृति पाए । प्राथमिक

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ५ | ५ | | | |
| हत्या | | | | | ३ | ३ |
| बाल अधिकार | नवजात शिशुको हत्या | | | १ | | १ |
| | बलात्कार | | | ९ | | ९ |
| | यौन दुर्व्यवहार | | | ६ | | ६ |
| | जम्मा | | | १६ | | १६ |
| महिला अधिकार | घरेलु हिंसा | | | १० | | १० |
| | 'बोक्सी'को आरोप | | | १ | | १ |
| | बहुविवाह | | | ६ | | ६ |
| | बलात्कार | | | ४ | | ४ |
| | बलात्कार प्रयास | | | ३ | | ३ |
| | जम्मा | | | ३३ | | ३३ |
| कूल जम्मा | | ५ | ५ | ३९ | ३ | ४१ |

तहतर्फ १ हजार ४ सय ६०, निमावि तहतर्फ ३ सय ३५, माध्यमिक तहतर्फ २ सय ५८ र उच्चमावि तहतर्फ ९० जना शिक्षकहरू कार्यरत रहेको शिक्षा विकास तथा समन्वय इकाइले जनायो । भूकम्पपछि निर्माण भएका सबै विद्यालयको भुइँतलामात्रै अपाङ्गमैत्री रहेका छन् ।

*यो वर्ष नुवाकोटमा बलात्कारका घटनामा नौ जना र यौन दुर्व्यवहारका घटनामा ६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेख भएका बलात्कारका घटनामध्ये जिल्ला अदालतले ६ जना आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक घटनाका आरोपितलाई बाल सुधार गृह पठाउने आदेश गऱ्यो । यौन दुर्व्यवहारका घटनाका तीन आरोपित धरौटीमा रिहा भए भने दुई आरोपित पुर्पक्षका लागि थुनामा छन् । एक घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ६९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ६, खान/लाउन नदिएको ११, मानसिक यातना दिएको २० र सामान्य घरायसी झगडाका ३२ घटना छन् । यीमध्ये प्रहरीले ५१ ओटामा मेलमिलाप गरायो भने आठ उजुरी कानुनी प्रक्रियामा छन् । १० जना उजुरीकर्ता सम्पर्कमा आएका छैनन् । घरनिकाला गरिएकाहरू मेलमिलापपछि ६ जना घर फर्किए ।

*यो वर्ष नुवाकोटमा बलात्कारका घटनामा चार जना र बलात्कार प्रयासका घटनामा दुई जना पीडित भएका इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कारको एक घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । एक आरोपित धरौटीमा रिहा भए भने एक आरोपित यो वर्षको अन्त्यसमम प्रहरी अनुसन्धानमा रहे । एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

### स्वास्थ्य सेवाको अवस्था

एक अस्पताल, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ६४ ओटा स्वास्थ्य चौकी, पाँच सामुदायिक स्वास्थ्य क्लिनिक, १ सय ८१ ओटा गाउँघर स्वास्थ्य चौकी, चार नगर स्वास्थ्य क्लिनिक, २ सय ४० खोप केन्द्र र एक सामुदायिक आँखा केन्द्र रहेको छ । त्रिशुली जिल्ला अस्पतालमा विषेशज्ञ चिकित्सकसहित १५ जना डाक्टरको दरबन्दी रहेकोमा एक जना विशेषज्ञ चिकित्सक कार्यरत छन् ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| नवजात शिशुको हत्या | १ | १ |
| बलात्कार | ९ | ९ |
| यौन दुर्व्यवहार | ६ | ६ |
| जम्मा | १६ | १६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ५ | | ५ | १० |
| 'बोक्सी' को आरोप | | १ | | १ |
| बहुविवाह | | १ | ५ | ६ |
| बलात्कार | | ३ | ३ | ४ |
| बलात्कार प्रयास | | | ३ | ३ |
| जम्मा | ५ | ४ | १४ | ३३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ३.६ काठमाडौँ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २१,११,६५१ |
| महिला | १०,१३,५४१ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १० |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २० |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,२८,५७३ |
| कामका लागि बाहिरिएका | ५५.८०५ |
| अपाङ्गता भएका | १७,१२२ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७६.४ |
| आश्रित जनसङ्ख्या | ६,०३,१२१ |

*यस वर्ष काठमाडौं जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २ सय ९२ जना महिला, पाँच जना पुरुषसहित २ सय ९७ जना र राज्यपक्षबाट नौ जना महिला, १ सय २५ जना पुरुषसहित १ सय ३४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा १ सय ८ जना र महिला अधिकार उल्लङ्घन घटनामा १ सय ८३ जना पीडित भए।*

### नागरिक तथा राजनीतिक अधिकार
### सम्मानित रूपले बाँच्न पाउने अधिकार
### गोली प्रहारबाट घाइते
**राज्यपक्षबाट**

सिन्धुपाल्चोक जिल्ला जुगल गाउँपालिका–३ बस्ने २८ वर्षीय विष्णु लामा २०७६ पुस २७ गते गोकर्णेश्वर नगरपालिका–६ नारायणटारमा प्रहरीले चलाएको गोली लागी घाइते भए। लामाको बायाँ गोडाको पिँडुलामा गोली लागेको र उनको उपचार पुस २७ गते वीर अस्पतालमा भयो। नेपाल मेडिकल कलेज, जोरपाटी नजिक खाजा खाइरहेको बेला सादा पोशाकमा आएका प्रहरीले उनलाई गिरफ्तार गरेको थियो। दुई घण्टा भन्दा बढी समय ट्याक्सीमा घुमाउँदै अन्दाजी साँझ ६ बजेतिर गोकर्णेश्वर नगरपालिका–६, नारायणटारको जम्बुडाँडा भन्ने ठाउँमा खोलाको किनार नजिक पुऱ्याई आफूलाई प्रहरीले गोली प्रहार गरेको पीडितले बताए। सर्वाधिक खोजीमा रहेका लामालाई नियन्त्रणमा लिन गोली चलाउनु परेको महानगरीय प्रहरी वृत्त, बौद्धका डीएसपी रमेशबहादुर सिंहले जानकारी दिए। तामाङमाथि २०७५ साल भदौमा मेडिकल कलेजका

*प्रहरीको गोली प्रहारबाट घाइते भएका विष्णु लामाको विर अस्पतालमा उपचार हुँदै*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ५ | ६१ | ६६ | | | |
| कुटपिट | | | ३ | ३ | | | |
| कारागारमा मृत्यु | | १ | ३५ | ३६ | | | |
| अमानवीय व्यवहार | | | | | | २ | २ |
| घाइते | | | २ | २ | १ | | १ |
| अभिव्यक्ति, भेला र सङ्गठित हुने अधिकार | | ३ | २४ | २७ | | | |
| हत्या | | | | | २ | १ | ३ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | ६ | | ६ |
| | विद्यालयमा शारीरिक सजाय | | | | | १ | १ |
| | बलात्कार | | | | ८० | | ८० |
| | यौन दुर्व्यवहार | | | | २० | १ | २१ |
| | जम्मा | | | | १०६ | २ | १०८ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | | २ | | २ |
| | घरेलु हिंसा | | | | ३८ | | ३८ |
| | 'बोक्सी'को आरोप | | | | १ | | १ |
| | बहुविवाह | | | | ३३ | | ३३ |
| | बलात्कार | | | | ९४ | | ९४ |
| | बलात्कार प्रयास | | | | १४ | | १४ |
| | बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| | जम्मा | | | | १८३ | | १८३ |
| कूल जम्मा | | ९ | १३५ | १३४ | २९३ | ५ | २९८ |

विद्यार्थीलाई खुकुरी प्रहार गरेर घाइते बनाएको र २०७३ सालमा सिन्धुपाल्चोकमा भएको विवादका क्रममा १७ महिने बालिकाको हत्या गरेको अभियोग रहेको प्रहरीले जनायो । तामाङ पुर्पक्षका लागि सुन्धारा कारागारमा थुनामा रहेका छन् । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन । घटनाको इन्सेक तथा एड्भोकेसी फोरमले स्थलगत अध्ययन गरेको थियो । अध्ययनका क्रममा निशस्त्र व्यक्तिलाई गिरफ्तार गरेको चार-पाँच घण्टापछि साँझ पारेर बागमती खोला किनारमा गोली प्रहार गरिनु दण्डहीनता भएको र सो घटनामा संलग्न प्रहरी र निर्देशन दिने अधिकारीलाई समेत कारबाही गर्नुपर्ने सुझाव राष्ट्रिय मानव अधिकारलाई बुझाएको प्रतिवेदनमा उल्लेख छ ।

## गिरफ्तारी

*यो वर्ष काठमाडौँबाट प्रतिबन्धित नेकपाका ६१ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये ३० जना बन्दीप्रत्यक्षीकरण रिटबाट रिहा भए । जिल्ला अदालतबाट तीन जना पुर्पक्षका लागि थुनामा, चार जना धरौटीमा रिहा भए भने एक जना कोभिडका कारण साधारण तारेखमा रिहा भए । त्यसैगरी जिल्ला प्रशासनबाट १५ जना धरौटीमा रिहा भए, दुई जना तारेखमा रिहा भए, एक जना परिवारको जिम्मामा रिहा भए । अभिलेख गरिएका घटनामा चार जना पुनः गिरफ्तार भए ।*

### धम्की

काठमाडौँ महानगरपालिका–३१, बानेश्वर स्थित मिलनचोकको लर्ड बुद्ध गर्ल्स एण्ड ब्वाइज होस्टलका सञ्चालक रोहित रानालाई स्थानीयले भदौ ६ गते बिहान गालीगलौज गर्दै स्वास्थ्यकर्मी नराख्न भन्दै धम्की दिए। बलभद्र मार्गका टोल विकास समितिका अध्यक्ष सुदर्शन गौतम र सचिव दिनेश खड्काको नेतृत्वमा आएका ५० र ६० जनाको एक समूहले कोरोना भाइरसको महामारीको समयमा अनुमति बिना स्वास्थ्यकर्मीलाई होस्टलमा राखेको भन्दै दुर्व्यवहार गरेको होस्टल सञ्चालक रानाले बताए । सिभिल अस्पतालसँग ०७७ भदौ ४ भएको सम्झौता अनुसार स्वास्थ्यकर्मी राखेको रानाले बताए।

### कारागार र बन्दी

काठमाडौँ जिल्लामा जगन्नाथदेवल र डिल्लीबजार गरी दुई कारागार रहेका छन् । जगन्नाथदेवल कारागारको क्षमता १ हजार ५ सय जना रहेकोमा कैदी र थुनुवा गरी ३ हजार १ सय ४२ जना छन्। जसमध्ये महिला ३ सय ७३ र पुरुष २ हजार ७ सय ७२ जना रहेका छन्। कारागारमा १२ जना आश्रित बालबालिका रहेका छन्। कारागारमा कोभिड–१९ बाट ७३ जना सङ्क्रमित भएकोमा, ६६ जना सङ्क्रमणमुक्त भए भने सात जनाको मृत्यु भयो । कारागारमा जम्मा ३६ जनाको मृत्यु भयो । कोभिडका कारण हुनसक्ने क्षतिको अनुमान गर्दै कैदीबन्दीले आममाफीको माग राखी आन्दोलन गरे।

२ सय जनाको क्षमता रहेको डिल्लीबजार कारागारमा ५ सय १७ जना कैदीबन्दी रहेका छन् । यस कारागारमा पुरुषहरू मात्र छन्। ३४ जनामा को भिड–१९ को सङ्क्रमण पुष्टि भए पनि उनीहरू सबै सङ्क्रमण मुक्त भए।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

यस वर्ष काठमाडौँमा भेला तथा संगठित हुने अधिकार उल्लङ्घनका घटनामा २७ जना पीडित भएको अभिलेख भयो। बन्दाबन्दीको उल्लंघन गरेको आरोपमा पत्रकार तथा सर्वसाधारण नागरिकमाथि प्रहरीले दुर्व्यवहार गरेका घटनाहरू पनि अभिलेख छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

३६ न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ९ सय ३९ मध्ये ९७ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ७ हजार ५ सय २४ मध्ये ५ सय ४४ थान मुद्दा फैसला भए। यस अदालतमा २ वर्ष नाघेका फौजदारी मुद्दा ५ सय ६९ थान छन् भने देवानी मुद्दा एक हजार एक सय ८४ थान बाँकी छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा १ हजार ७ सय ३ आधारभूत र ९ सय २२ मावि छन्। ५ हजार १ सय ५५ शिक्षक दरबन्दी रहेकामा ८ सय २९ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष एक लाख ७६ हजार ९ सय ६० बालक र एक लाख ४७ हजार ६ सय ८० जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका २ हजार ९१ बालिका र २ हजार ४ सय ८० बालक भर्ना भएका थिए। यस वर्ष जिल्लाभर ६ हजार ६ सय ९६ दलित बालक र ६ हजार २ सय ८५ दलित बालिका विद्यालय भर्ना भए।

*यो वर्ष काठमाडौँमा बलात्कारका घटनामा ८० जना र यौन दुर्व्यवहारका घटनामा २१ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये ७० आरोपित पुर्पक्षका लागि थुनामा, तीन आरोपित बाल सुधारगृह र पाँच आरोपितले सफाइ पाए। दुई जना आरोपितलाई कसुरको फैसला गरे पनि सजाय निर्धारण गर्न बाँकी र ह्यो। चार जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष काठमाडौँमा बलात्कारका घटनामा ९४ जना र बलात्कार प्रयासका घटनामा १४ जना महिला पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कारका ८६ ओटा घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि कारागार पठाउने आदेश गऱ्यो । त्यसैगरी नौ आरोपितले सफाइ पाए भने वर्षको अन्त्यसम्म १० जना आरोपित गिरफ्तार भएनन्। बलात्कार प्रयास घटनाका १४ जना आरोपित पुर्पक्षका लागि थुनामा छन् । दुई घटनाका आरोपितलले सफाइ पाए । एक घटनाका आरोपितलाई साक्षी बुझ्ने भन्दै रिहा गरियो । एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यो वर्ष काठमाडौँमा दुई जना महिलालाई कुटपिट गरी पतिले हत्या गरेका घटना इन्सेकले*

*अभिलेख गऱ्यो। दुवै घटनाका आरोपितलाई गिरफ्तार गरी प्रहरीले अदालत पेस गरेकामा अदालतले दुवै घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।*

### स्वास्थ्य सेवाको अवस्था

काठमाडौँ जिल्लामा २ सय ९९ ओटा स्वास्थ्य संस्थाहरू रहेका छन्। त्यसमध्य अपग्रेड भएका तीन र प्राथमिक स्वास्थ्य केन्द्र ६ ओटा रहेका छन्। यस्तै हेल्थपोष्ट ५८ ओटा,खोप केन्द्र २ सय ३५ ओटा र गाउँघर क्लिनिक एक सय ४२ ओटा रहेका छन्। यसमा काठमाडौँ जिल्ला भित्रका ठूला अस्पतालहरूको गणना गरिएको छैन।

बागमती प्रदेशका जनस्वास्थ्य प्रयोगशाला, हेटौँडाका निर्देशक डा. नारायण कार्कीलाई काठमाडौँको नागढुङ्गामा २०७७ जेठ २ गते बन्दाबन्दीको उल्लङ्घन गरेर गाडी चलाएको आरोपमा स्वयम्सेवक बताउने उत्तम कार्कीले दुर्व्यवहार गरेको भिडियो सार्वजनिक भयो। आफूमाथि दुर्व्यवहार भइरहँदा घटनास्थलमा रहेका प्रहरी मुकदर्शक भएको डाक्टर कार्कीले बताए। घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरेकोमा केही दिनपछि रिहा गऱ्यो।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | १ | ३ | | ४ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | | १ |
| बलात्कार | १ | १३ | ६६ | १ | ८० |
| यौन दुर्व्यवहार | | ३ | १९ | | ३१ |
| जम्मा | १ | १५ | ८९ | १ | १०६ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | | | १ | १ |
| घरेलु हिंसा | १ | ३ | ८ | ३ | ३४ | ३८ |
| 'बोक्सी'को आरोपमा | | | | | १ | १ |
| बहुविवाह | | | | | ३३ | ३३ |
| बलात्कार | | | | ३१ | ६३ | ९४ |
| बलात्कार प्रयास | | | | १ | १३ | १४ |
| बेचबिखन तथा ओसारपसार | | | | | १ | १ |
| जम्मा | १ | ३ | ८ | ३५ | १४६ | १८३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ३.७ भक्तपुर




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,४३,६३३ |
| महिला | १,६५,०३७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ३६,५५५ |
| कामका लागि बाहिरिएका | १०,२१५ |
| अपाङ्गता भएका | ३,२०४ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५६.५ |
| आश्रित जनसङ्ख्या | १,०४,६८८ |

*यस वर्ष भक्तपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३७ जना महिला, पाँच जना पुरुषसहित ४२ जना र राज्यपक्षबाट तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा २० जना र महिला अधिकार उल्लङ्घन घटनामा १३ जना पीडित भए।*

### गिरफ्तार

*यो वर्ष भक्तपुरबाट प्रतिबन्धित नेकपाका तीन जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। सबै जना जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।*

### बाल सुधारगृह, सानोठिमी

जिल्लामा गैरसरकारी संस्था यूसेपको सहयोगमा २०५८ सालदेखि बाल सुधार गृह सञ्चालनमा आएको छ। बालसुधार गृहको क्षमता १ सय जना बालक र १० जना बालिका गरी कूल १ सय १० जनाको छ। जसमा कैद भुक्तान एवम् थुनुवा गरी १ सय ८९ बालबालिका बाल सुधार गुहमा छन्। जसमध्ये १ सय ६२ जना बालक र २७ जना बालिका रहेका छन्। कक्षा १२ सम्ममा अध्ययन गर्न लागि कक्षा कोठा थप सहित भवन निर्माण भएको छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार १ सय ४९ मध्ये १ सय ८८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार ३ सय ४८ मध्ये ६ सय ८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय २१ थान छन् भने देवानी मुद्दा ३ सय ६७ थान बाँकी रहे। सन् २०१९ को जिम्मेवारी सरेर आएका २ हजार ४ सय ११ रहेका छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

यस जिल्लामा आधारभूत ७९ र ३० माबि, महिला विद्यालय एक, अपाङ्ग विद्यालय दुई र बाल सुधार गृहको विद्यालय एउटा छन्। जिल्लामा आधार भूत १ हजार ४ सय ७ शिक्षक दरबन्दी रहेकामा ९३ शिक्षक करारमा रहेका छन् भने ४३ जना राहत शिक्षक रहेका छन्।

*यो वर्ष भक्तपुरमा बलात्कारका घटनामा १७ जना र यौन दुर्व्यवहारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।*

*अभिलेखित बलात्कारका घटनामध्ये १४ ओटा घटनाका १५ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, दुई आरोपितलाई बाल सुधार गृहमा पठाउने आदेश गऱ्यो । तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यौन दुर्व्यवहार घटनाका दुई आरोपित पुर्पक्षका लागि थुनामा रहे ।*

| घटनाको प्रकार | | अन्यपक्षबाट | | | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ३ | ३ | | | |
| अपहरण | | | | १ | | १ |
| हत्या | | | | ३ | ५ | ८ |
| बाल अधिकार | नवजात शिशुको हत्या | | | १ | | १ |
| | बलात्कार | | | १७ | | १७ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | जम्मा | | | ३० | | ३० |
| महिला अधिकार | बहुविवाह | | | १ | | १ |
| | बलात्कार | | | १३ | | १३ |
| | जम्मा | | | १३ | | १३ |
| कूल जम्मा | | ३ | ३ | ३७ | ५ | ४३ |

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालय, भक्तपुरको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाबाट पीडित भन्दै ४८ जना महिलाले उजुरी दर्ता गराए । जसमा शारीरिक यातना, कुटपिट गरी घर निकाला गरिएकोमा २७ उजुरी दर्ता गरिएकोमा १४ ओटामा मेलमिलाप गराएको, दुई ओटा न्यायका लागि अदालत पठाएको र चार ओटा उजुरी उपर कारबाही भइरहेको महानगरीय प्रहरी परिसर भक्तपुर महिला तथा बालबालिका सेवा केन्द्रकी सई सानु श्रेष्ठले जानकारी दिइन् ।

त्यस्तै शारीरिक तथा मानसिक र आर्थिक यातना दिएको १४ उजुरी दर्ता भएकोमा ११ उजुरीमा मेलमिलाप भएको र तीन उजुरीकर्ता सम्पर्कमा नै नआएकाले त्यसको अवस्थाबारे जानकारी नभएको पाइयो ।

*यो वर्ष भक्तपुरमा बलात्कारका घटनामा १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये नौ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । वैवाहिक बलात्कारको घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो । त्यसैगरी अर्को एउटा घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । यो वर्ष भक्तपुरमा कुनै पनि मुद्दाको फैसला भएन ।*

### परिवारजनबाट हत्या

यो वर्ष भक्तपुरमा परिवारजनबाट हत्याका दुई घटना इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित एउटा घटनामा पत्नी हत्या गरेको आरोपमा पतिलाई गिरफ्तार गरी अदालत पेस गरेकामा अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा १६ अस्पताल छन् । जसमा चार ओटा सरकारी अस्पताल रहेका छन् । प्रदेशस्तर को अस्पतालको रुपमा भक्तपुर अस्पतालमा भने मेडिकल सुपरिटेण्डेण्टसहित १ सय २ दरबन्दी रहेकोमा ५४ दरबन्दी रिक्त रहेको, १९ जना करारमा रहेको र ५३ जना अस्पताल विकास समितिमार्फत कार्यरत रहेको व्यवस्थापन समितिका अध्यक्ष मिलन सुवालले जानकारी दिए ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| नवजात शिशुको हत्या | | १ | १ |
| बलात्कार | २ | १४ | १६ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | २ | १७ | १९ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | १ | १ |
| बलात्कार | १२ | १२ |
| जम्मा | १३ | १३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ८ | ८ |

# ३.८ ललितपुर




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,३३,४१० |
| महिला | २,६२,५४५ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ३ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ६ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ३४,५५४ |
| कामका लागि बाहिरिएका | २४,३८६ |
| अपाङ्गता भएका | ४,५३४ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५८.४ |
| आश्रित जनसङ्ख्या | १,६२,४४७ |

*यस वर्ष ललितपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३९ जना महिला, सात जना पुरुषसहित ४६ जना र राज्यपक्षबाट नौ जना महिला, ३४ जना पुरुषसहित ४३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १७ जना र महिला अधिकार उल्लङ्घन घटनामा १८ जना पीडित भए ।*

## गिरफ्तारी

*यो वर्ष ललितपुरबाट प्रतिबन्धित नेकपाका पाँच जना महिला र आठ जना पुरुष गरी १३ जना नेता कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये चार जनालाई जिल्ला प्रशासन कार्यालयले साधारण तारिखमा, दुई जनालाई धरौटी तारिखमा रिहा गऱ्यो । पाँच जनालाई जिल्ला अदालतले साधारण तारिखमा र दुई जनालाई जिल्ला अदालतले धरौटी तारिखमा रिहा गऱ्यो । चार जना सुनसरी र एक जना काठमाडौँ जिल्ला स्थानान्तरण गरिए ।*

## धम्की/कुटपिट

### राज्यपक्षबाट

सङ्खुवासभा जिल्ला पाँचखपन नगरपालिका–९ जलजला घर भइ काठमाडौँ कागेश्वरी मनोहरा नगरपालिका–८ बस्ने ३३ वर्षीया हेमा श्रेष्ठलाई १० महिनाको बच्चा पिठ्युँमा च्यापेर हिँडिरहेको अवस्थामा महानगरीय प्रहरी प्रभाग बुंगमती, भैंसेपाटीका इन्सपेक्टर देवीप्रसाद पौडेलले ०७६ फागुन १५ गते दिउँसो दुर्व्यहार गरे । पीडित श्रेष्ठ ललितपुर महानगरपालिका–२५, भैंसेपाटीस्थित पूर्व जर्नेल हेम खत्रीको घरमा गएर अभद्र व्यवहार तथा हुलइज्जत गरेको आरोपमा प्रहरीले लाठी प्रहार गरेको इन्सपेक्टर पौडेलले बताए । महिलाको समूह घरभित्र छिरेर तोडफोड गर्न थालेपछि त्यहाँबाट हटाउन खोज्दा स्थिति त्यस्तो भएको इन्सपेक्टर पौडेलले बताए ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | १ | | १ |
| गिरफ्तारी | | ५ | ८ | १३ | | | |
| कुटपिट | | १ | | १ | ३ | ३ | ५ |
| हत्या | | | | | ३ | ३ | ५ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | ३ | ३६ | ३९ | | | |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| | विद्यालयमा शारीरिक सजाय | | | | | १ | १ |
| | बलात्कार | | | | १३ | | १३ |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | जम्मा | | | | १६ | १ | १७ |
| महिला अधिकार | घरेलु हिंसा | | | | १ | | १ |
| | बहुविवाह | | | | ३ | | ३ |
| | बलात्कार | | | | १० | | १० |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | बेचबिखन तथा ओसारपसार | | | | ३ | | ३ |
| | जम्मा | | | | १८ | | १८ |
| कूल जम्मा | | ९ | ३४ | ४३ | ३९ | ७ | ४६ |

श्रेष्ठको स्वास्थ्य उपचार फागुन १५ गते ग्रिनसिटी अस्पताल, काठमाडौँमा भयो । पीडितले दुर्व्यवहार गर्ने इन्सपेक्टर पौडेल विरुद्ध फागुन १८ गतेसम्म कतै उजुरी नगरेको तर इन्सेक ललितपुर जिल्ला प्रतिनिधिलाई न्यायको लागि पहल गरिदिन निवेदन दिएकी थिइन्। श्रेष्ठले महिलामाथि दुर्व्यवहार गरेको आरोपमा छानबिनका लागि महानगरीय प्रहरी परिसरका एसपी दुर्गा सिंहको संयोजकत्वमा गठित समितिले फागुन २५ गते इन्सपेक्टर पौडेललाई विभागीय कारबाहीका लागि सिफारिस गऱ्यो । विभागीय कारबाहीका कारण बढुवा तथा वृत्ति विकासमा अवरोध पुगेको इन्सपेक्टर पौडेल स्वयम्ले बताए।

### कारागार र बन्दी

६ सय जनाको क्षमता भएको नख्खु कारागारमा १ हजार ६ सय ५२ जना कैदी बन्दी छन्। यहाँ महिला कैदी बन्दीलाई राखिँदैन । कैदी बन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री व्यवस्था गरिएको जेलर राजुप्रसाद पौडेलले बताए।

कारागारमा १ सय ६६ जना कैदीबन्दीहरू जटिल मानसिक रोगी र २ सय ७५ जना सामान्य मानसिक रोगी छन्। ६० वर्ष नाघेका २३ जना ज्येष्ठ नागरिक (पुरुष) रहेका जिल्ला कारागार प्रमुख राजुप्रसाद पौडेलले जानकारी दिए । कारागारमा कोभिड-१९ बाट सात जना सङ्क्रमिकत भए ।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

रातो मत्स्येन्द्रनाथको रथ तान्ने क्रममा २०७७ भदौ १८ गते झडप हुँदा सात प्रहरी र एक जना युवा घाइते भएको घटना इन्सेकले अभिलेख गऱ्यो। कोभिड सङ्क्रमणलाई न्यूनीकरण गर्न भन्दै जारी गरिएको निषेधाज्ञाको उल्लङ्घन गरी रथ तान्ने क्रममा झडप भएको थियो। प्रहरीले भिडलाई तितरवितर पार्न पानीको फोहोरा र अश्रुग्यास हानेको थियो । प्रहरीले पृथ्विन्दु महर्जन, असोजकुमार महर्जन, रवि शाक्य, र विन शाक्य, महेश बज्राचार्य, सुविन शाक्य, ध्रुवराज बज्राचार्य, श्याम श्रेष्ठ, यादवलाल कायस्थ, दलबहादुर देउला, शुकबहादुर देउला, अनिस महर्जन, कानिरज बादे, प्रविण शाक्य, रत्नलाल श्रेष्ठ, नरेश शाक्य, अनिल खड्गी, करन देउला, देवेन्द्र देउला सुविन शाक्य (२५), पुनम शाक्य, लक्ष्मण महर्जन, अशोक शाक्य, विनोद डंगोललाई गिरफ्तार गऱ्यो । उनीहरू जिल्ला प्रशासन कार्यालयमा भदौ २५ गते जनही ५ हजार रुपियाँ धरौटी राखी हाजिरी जमानीमा रिहा भए । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

ललितपुर मनपा–३ पुल्चोकमा ट्राफिक व्यवस्थापनमा खटिएका ट्राफिक जवान कमलप्रसाद घिमिरेलाई निषेधाज्ञाको अवज्ञा गर्दै रातो मत्स्येन्द्रनाथको रथ तान्न सहभागी भएको एक समूहले भदौ १८ गते कुटपिट गऱ्यो । कुटपिटबाट टाउको, हात र खुट्टामा चोट लागेका घिमिरेरको अल्का अस्पताल जाउलाखेलमा उपचार भयो । स्थानीय प्रशासनको निषेध आदेश उल्लङ्घन गरी कोभिड–१९ (कोरोना भाइरस) को महामारीकाबिच रातो मत्स्येन्द्रनाथको रथ तान्न जम्मा भएका युवाहरूको समूहले सवारी साधनलाई व्यवस्थापन गर्न खटिएका घिमिरेमाथि कुटपिट गरेको थियो । घटनामा संलग्न भएको आरोपमा २४ जनालाई प्रहरीले सङ्क्रमण ऐन, कुटपिट र निषेधाज्ञा उल्लङ्घटन गरेको आरोपमा गिरफ्तार गरी मुद्दा चलाएकोमा जिल्ला अदालतको भदौ २५ गतेको आदेशमा जनही ५ हजार धरौटी लिएर तारेखमा रिहा भए । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

सात जना न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ४५ मध्ये १ सय ७२ थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ १ हजार ८ सय ८६ मध्ये ३ सय ८१ थान मुद्दा फैसला भए । यस अदालतमा १८ महिना नाघेका फौजदारी मुद्दा १ सय ८६ थान र देवानी मुद्दा ३ सय ७९ थान बाँकी रहे । सन् २०१९ को जिम्मेवारी सरेर आएका १ हजार ८ सय ५५ र सन् २०२० को १ हजार ५२ थान मुद्दामध्ये ५ सय ६९ थान मुद्दा फैसला भए । २ हजार ३ सय ३८ मुद्दा बाँकी छन् ।

### उच्च अदालत

३६ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, पाटनमा यस वर्षका लागि दुनियावादी देवानीका १ हजार २ सय १६ थान, दुनियावादी फौजदारीका ४ सय ६ थान, सरकारवादी फौजदारीका २ हजार ८ सय २४ थान र सुरू क्षेत्राधिकारबाट ९ सय रिट थान, सरकारवादी फौजदारी मुद्दाहरू २ हजार ७ सय ३२ थान मुद्दा जिम्मेवारी सरेका थिए । यो वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ २ हजार ८ सय २४ थान उजुरी परे भने अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत २ हजार ९ सय ४८ थान मुद्दा फैसला भए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा १ सय १५ आधारभूत र ७५ मावि छन् । यस वर्ष कोभिड–१९ का कारण २०७७ असोज महिनासम्म भौतिक उपस्थितिमा विद्यालय सञ्चालनमा आएनन् । भर्ना भएका विद्यार्थीको सङ्ख्या कोभिडका कारण एकीन गर्न नसकिएको शिक्षा तथा समन्वय इकाइ ललितपुरका प्रमुख रमेशप्रसाद मैनालीले बताए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय आदर्शसौल मावि र पाटन मावि गरी दुई ओटा छन् ।

*यो वर्ष ललितपुरमा बलात्कार घटनामा १२ जना र यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये नौ ओटा घटनाका आरोपित अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहे । एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो । त्यसैगरी यौन दुर्व्यवहारका दुई ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे । एउटा घटनाका आरोपितलाई कोभिड–१९ को सङ्क्रमण पुष्टि भयो । २०७७ असोज १९ गतेदेखि २०७७ पुस १५ गतेसम्म ६ पटक कोभिड–१९ पोजिटिभ देखिएपछि सातामा हाजिर हुने गरी जिल्ला अदालतले पुस १५ गते आरोपितकै घर पठायो ।*

## महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

यस वर्ष महानगरीय प्रहरी परिसर ललितपुरको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाका ३ सय ९० ओटा उजुरी दर्ता भए । जसमा आर्थिक तथा मानसिक यातनाका ३ सय ६१ ओटा र शारीरिक यातनाका २९ ओटा उजुरी थिए । दर्ता भएकामध्ये ३ सय ६१ उजुरीमा मेलमिलाप भयो । २९ ओटा उजुरीको समाधान गर्न बाँकी रहेको सेवा केन्द्रले जनायो ।

*यो वर्ष ललितपुरमा बलात्कारका घटनामा १० जना र यौन दुर्व्यवहारका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कारका नौ ओटा घटनाका नौ जना आरोपितलाई जिल्ला अदाललते पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका एक आरोपितलाई धरौटीमा रिहा गऱ्यो । दुई ओटा घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरी यो वर्षको अन्त्यसमम अनुसन्धानमा राख्यो ।*

### स्वास्थ्य सेवाको अवस्था

ललितपुरमा सरकारी, निजी र सहकारी गरी २४ अस्पताल रहेका छन् । ललितपुरमा केन्द्रीयस्तरको ५० शैयाको मानसिक अस्पताल छ। शिक्षण अस्पताल तीन, नगर अस्पताल एक, कोन्ज्योसोम गाउँपालिकामा एक चिकित्सक र दुई जना नर्ससहितको अस्थायी कोभिड अस्पताल एक, स्वास्थ्यचौकी ३८, सहरी स्वास्थ्य केन्द्र ६ ओटा र प्राथमिक स्वास्थ्य केन्द्र तीन ओटा छन् । गोदावरी नगरपालिका–११ मा १५ शैयाको बज्रबाराही चापागाउँ अस्पताल छ। दुई जना डक्टरको दरबन्दी रहेकामा एउटा दरबन्दी रिक्त छ। ललितपुर जिल्लाभर १ सय २३ जना एचए र अहेवको दरबन्दी रहेकामा १ सय १६ जना कार्यरत छन् । २०७६ सालदेखि नेपालभर कार्यान्वयन हुनुपर्ने स्वास्थ्य बिमा कार्यक्रम ललितपुरमा यो वर्ष पनि कार्यान्वयनमा आएन ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | | | १ |
| बलात्कार | | ३ | ९ | ११ |
| यौन दुर्व्यवहार | १ | | ३ | ३ |
| जम्मा | ३ | ३ | १३ | १६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | | १ | १ |
| बहुविवाह | | | ३ | ३ |
| बलात्कार | १ | १ | ८ | १० |
| यौन दुर्व्यवहार | | | ३ | ३ |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| जम्मा | १ | १ | १५ | १६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ४ | १ | ५ |

# ३.९ काभ्रेपलाञ्चोक

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,८०,५०४ |
| महिला | १,५५,९१९ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५२,०१८ |
| कामका लागि बाहिरिएका | १४,५३१ |
| अपाङ्गता भएका | ६,६७० |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६५.८ |
| आश्रित जनसङ्ख्या | १,४७,२८५ |

*यस वर्ष काभ्रेपलाञ्चोक जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५१ जना महिला, चार जना पुरुषसहित ५५ जना र राज्यपक्षबाट ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १७ जना र महिला अधिकार उल्लङ्घन घटनामा ३० जना पीडित भए ।*

## गिरफ्तारी

*यो वर्ष काभ्रेपलाञ्चोकबाट प्रतिबन्धित नेकपाका तीन जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये एक जनालाई पार्टीको गतिविधिमा नरहने प्रतिबद्धतापछि जिल्ला प्रशासन कार्यालयले रिहा गऱ्यो । एक जनालाई जिल्ला प्रशासन कार्यालयले धरौटीमा रिहा गऱ्यो । एक जना जिल्लान्तर हुँदै काभ्रे ल्याइएकामा बन्दीप्रत्यक्षीकरणको आदेशमा काभ्रेबाट रिहा भए ।*

## कारागार र बन्दी

७५ जना क्षमताको कारागारमा ३ सय ३९ जना कैदी/बन्दी छन् । जसमध्ये १ सय ३६ जना पुरुष छन् । कारागारमा खानेपानी र शौचालयको समस्या रहेको छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन र पुस्तकालयको व्यवस्था गरिएको जेलर गायित्रीप्रसाद अधिकारीले बताए । ७० वर्ष नाघेका तीन जना कैदी बन्दी छन् ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ३३ मध्ये १ सय ७९ मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ६ सय ६८ मध्ये ४ सय ६४ थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १६ थान र देवानी मुद्दा चार थान बाँकी छन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका १ हजार २९ र सन् २०२० को ९ सय ९६ थान मुद्दामध्ये ६ सय ५० थान मुद्दा फैसला भए । १ हजार ३ सय ७५ मुद्दा फैसाला हुन बाँकी रहे ।

## बाल अधिकार

### शिक्षाको अवस्था

काभ्रेपलाञ्चोक जिल्लामा ३ सय ७२ आधार भूत र १ सय ४५ ओटा माध्यमिक विद्यालय छन् । संस्थागत विद्यालयतर्फ १ सय ५९ आधारभूत तह र ९२

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | १ | १ | २ |
| गिरफ्तारी | | ३ | ३ | | | |
| कुटपिट | | | | १ | १ | २ |
| हत्या | | | | २ | २ | ४ |
| धम्की | | ३ | ३ | | | |
| बाल अधिकार | बलात्कार | | | १० | | १० |
| | यौन दुर्व्यवहार | | | ६ | | ६ |
| | जम्मा | | | १६ | | १६ |
| महिला अधिकार | बलात्कार | | | २० | | २० |
| | बहुविवाह | | | ५ | | ५ |
| | 'बोक्सी'को आरोप | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | ४ | | ४ |
| | जम्मा | | | ३० | | ३० |
| कूल जम्मा | | ६ | ६ | ५१ | ४ | ५५ |

माबि तह छन्। यो वर्ष कक्षा एकमा सामुदायिक तर्फ १ हजार २ सय २ बालक र १ हजार २ सय ८ बालिका भर्ना भए। जिल्लामा ४ सय ९३ ओटा बालविकास केन्द्रमा १ हजार २ सय ४ बालक र १ हजार २ सय ७ जना बालिका भर्ना भएका छन्। मण्डनदेउपुर नगरपालिका र इको हिमाल नेपालले लकडाउनका बेला रेडियो स्कुल मार्फत कक्षा सञ्चालन गरे।

*यो वर्ष काभ्रेपलाञ्चोकमा बलात्कार का १० जना र यौन दुर्व्यवहारका घटनामा सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये जिल्ला अदालतले १० घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा, दुई घटनाका आरोपितलाई बाल सुधार गृह र एक घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका दुई ओटा घटनाका आरोपित धरौटीमा रिहा भए भने जिल्ला अदालतले एउटा घटनाका तीन जना आरोपितलाई १ लाख रुपियाँ धरौटी लिएर रिहा गऱ्यो।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाका ९६ ओटा उजुरी दर्ता भए। ६३ ओटा घटनामा मेलमिलाप भयो। जसमा आर्थिक तथा मानसिक यातनाका ४४ ओटा उजुरी छन्। त्यस्तै शारीरिक यातनाका ५२ ओटा उजुरी दर्ता भए।

*यो वर्ष काभ्रेपलाञ्चोकमा बलात्कारका घटनामा २० जना र यौन दुर्व्यवहारको घटनामा चार जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये जिल्ला अदालतले बलात्कार घटनाका १३ जनालाई पुर्पक्षका लागि थुनामा, पाँच जना धरौटीमा रिहा, एक जनाले सफाइ पाए। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा नै रहे। तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारको घटनाका एक जना आरोपित धरौटीमा रिहा भए।*

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा सरकारी अस्पताल र एउटा सामुदायिक अस्पताल रहेको छ। ८५ ओटा स्वास्थ्य चौकी, चार ओटा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकाम स्थित सरकारी अस्पतालमा सात जना विशेषज्ञको दरबन्दीमा रहेको छ। ६ जना स्टाफ नर्स सहित १ सय २ जना कार्यरत छन्। जिल्लाका १३ स्थानीय तहमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा रहेको छ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | | ७ | १० |
| यौन दुर्व्यवहार | २ | २ | १ | ५ |
| जम्मा | ५ | २ | ८ | १५ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| 'बोक्सी'को आरोप | | १ | | | १ |
| बहुविवाह | | २ | १ | २ | ५ |
| बलात्कार | १ | ७ | १ | ११ | २० |
| यौन दुर्व्यवहार | | २ | १ | १ | ४ |
| जम्मा | १ | १२ | ३ | १४ | ३० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ३ |

# ३.१० रामेछाप




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५८,५१२ |
| महिला | १,०८,३५५ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५१,४६७ |
| कामका लागि बाहिरिएका | ११,१५५ |
| अपाङ्गता भएका | ४,४१८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५७ |
| आश्रित जनसङ्ख्या | ८८,८६१ |

*यस वर्ष रामेछाप जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २६ जना महिला, चार जना पुरुषसहित ३० जना र राज्यपक्षबाट एक जना महिला, सात जना पुरुषसहित आठ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना र महिला अधिकार उल्लङ्घन घटनामा आठजना पीडित भए।*

## कारागार र बन्दी

१ सय जना क्षमता भएको रामेछाप कारागारमा महिला २२ र पुरुष ३ सय ४२ जना कैदी बन्दी छन्। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा ६० वर्ष नाघेका एक महिला र नौ पुरुष छन्। त्यस्तै ७० वर्ष नाघेका चार जना पुरुष छन्। यस वर्ष दुई जना सुत्केरी महिलाले नियमानुसार पाउने बिदा कारागारबाट पाए। कारागारमा सिन्धुलीबाट सरुवा गरी ल्याइएका एकजना कैदीमा कोभिड-१९ को सङ्क्रमण देखिएकोमा उनको कारागारकै आइसोलेशनमा उपचार भयो।

## झडप

### रामेछाप

उमाकुण्ड गाउँपालिका-१ गुम्देलको टाङ्गिङमा ०७६ फागुन २८ गते प्रहरी र स्थानीय बिच झडप हुँदा २ प्रहरी सहित १४ जना घाइते भए। लिखु १ जलविद्युत आयोजनाले नागरिकका माग पूरा नगरेको भन्दै आन्दोलनमा उत्रिएका स्थानीय र प्रहरी बीच झडप हुँदा प्रहरीले कुटपिट गर्दा उमाकुण्ड गाउँपालिका-१ गुम्देलका ३५ वर्षीय ग्युर्मे शेर्पा, ३८ वर्षीय आङभाई शेर्पा, ३२ वर्षीय कान्छिमा शेर्पा, ३० वर्षीय दाली शेर्पा, २८ वर्षीय युग्याल्जे शेर्पा, ३४ वर्षीय पेमाकुङा शेर्पा, ३६ वर्षीय पेम्बा शेर्पा लगायत घाइते भए। घाइतेको स्थानीय मेडिकलमा उपचार भयो। नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले स्थानीय माथि बुट र बन्दुकको कून्दाले प्रहार गरेको स्थानीयले आरोप छ। रामेछापका प्रहरी प्रवक्ता टेकेन्द्र पौडेलले भने आयोजनाको तोडफोडमा संलग्नलाई प्रहरीले गिरफ्तार गर्न खोज्दा स्थानीयले प्रहरी माथि नै आक्रमण गर्न खोजेपछि सामान्य झडप भएको बताए। आयो जना पुग्ने प्रवेश मार्ग निर्माण गर्दा स्थानीयलाई मुआब्जा नदिएको, सामाजिक उत्तरदायित्व निर्वाह नगरेको, स्थानीयलाई रोजगारी नदिएको लगायतको

स्थानीयले गुनासो गरेका छन्। यस बारेमा पटक/पटक आयोजनाको निर्माण कम्पनि दुगड समूहसँग छलफल गर्दा पनि चासो नदिएको गाउँपालिका अध्यक्ष शेरबहादुर सुनुवारले बताए। प्रहरीले दुई जना प्रहरी घाइते भएको बताए पनि उनीहरूको नाम बताएन।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | | १ | १ | | | |
| कुटपिट | | १ | ६ | ७ | | ४ | ४ |
| हत्या | | | | | १ | | १ |
| सबै प्रकारका जातीय विभेद | | | | | १ | | १ |
| बाल अधिकार | बलात्कार | | | | ११ | | ११ |
| | यौन दुर्व्यवहार | | | | ५ | | ५ |
| | जम्मा | | | | १६ | | १६ |
| महिला अधिकार | बलात्कार | | | | ६ | | ६ |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | जम्मा | | | | ८ | | ८ |
| कूल जम्मा | | १ | ७ | ८ | ३६ | ४ | ३० |

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालत, रामेछापबाट यो वर्ष फौजदारी मुद्दातर्फ सरकारवादी ३३ थान र दुनियावादी १७ थान मुद्दा फैसला भए। देवानीतर्फ १ सय ७३ थान मुद्दा फैसला भए। यस वर्ष जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी ५३ थान तथा दुनियावादी फौजदारी २१ र देवानीतर्फ ९९ थान मुद्दा छन्। यसैगरी फौजदारीतर्फ सरकारवादी ६९ र दुनियावादी सात थान मुद्दा नयाँ दर्ता भए। देवानीतर्फ ९७ थान नयाँ मुद्दा दर्ता भए। अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा २ सय ८५ आधारभूत र ९१ माध्यमिक विद्यालय छन्। एउटा धार्मिक आधारभूत विद्यालय पनि सञ्चालनमा छ। कोरोना भाइरसको सङ्क्रमणका कारण यो वर्षको अन्त्यसम्म पनि विद्यालयमा नियमित पठनपाठन हुन सकेन। विद्यालय भर्ना अभियान समेत सङ्क्रमणको कारण प्रभावित भयो। यो वर्षको अन्त्यसम्म कति विद्यार्थी भर्ना भए भन्ने अभिलेखसमेत जिल्ला शिक्षा विकास तथा समन्वय इकाइले तयार पारेन। विद्यालयबाट अभिलेख नै आउन नसकेको कार्यालय प्रमुख भरतबहादुर भट्टराईले जानकारी दिए। समन्वय इकाइमार्फत २५ जनाले वैदेशिक रोजगार छात्रवृत्ति पाए।

*यो वर्ष रामेछापमा बलात्कारका १० घटनामा ११ जना र यौन दुर्व्यवहारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये दुई घटनाका आरोपितलाई बाल सुधार गृहमा ६ घटनाका ६ आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। त्यसैगरी यौन दुर्व्यवहारका चार घटनाका चार आरोपित पुर्पक्षका लागि थुनामा र एउटा घटनाका आरोपित धरौटीमा रिहा भए। एउटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे।*

## महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालय, रामेछापको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाका २८ ओटा उजुरी दर्ता भए। जसमा आर्थिक तथा मानसिक यातनाका १२ ओटा उजुरी छन्। त्यस्तै शारीरिक यातनाका १६ ओटा उजुरी दर्ता भए। दर्ता भएका सबै उजुरीमा मिलापत्र भएको महिला तथा बालबालिका सेलले जनाकारी दियो।

*यो वर्ष रामेछापमा बलात्कारका घटनामा ६ जना र यौन दुर्व्यवहार घटनामा दुई जना महिला पीडित भएका इन्सेकले अभिलेख गऱ्यो। अभिलेख भएका घटनामध्ये बलात्कारका चार घटनाका चार आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एउटा घटनाका एक आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। त्यसैगरी यौन दुर्व्यवहारका दुई घटनाका दुई आरोपित अदालतको आदेशबाट पुर्पक्षका लागि थुनामा रहे। एउटा घटनाका*

*एक आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, एक प्राथमिक अस्पताल र निजी तथा गैरसरकारी तीन अस्पताल छन् । त्यस्तै पाँच ओटा निजी पोलिक्लिनिक, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र र ५१ ओटा स्वास्थ्य चौकी छन्। यसैगरी १४ ओटा शहरी स्वास्थ्य केन्द्र, १० ओटा सामुदायिक स्वास्थ्य इकाइ, ६ ओटा आधारभूत स्वास्थ्य केन्द्र, एक ओटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र एक आयुर्वेद औषधालय जिल्लामा छन्। जिल्लामा कूल ८८ सरकारी स्वास्थ्य संस्था र आठ ओटा निजी तथा गैरसरकारी स्वास्थ्य संस्था रहेका छन्।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | ९ | १० |
| यौन दुर्व्यवहार | १ | १ | ३ | ५ |
| जम्मा | २ | १ | १२ | १५ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | ४ | ६ |
| यौन दुर्व्यवहार | | | २ | २ |
| जम्मा | १ | १ | ६ | ८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ३.११ सिन्धुली

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,०३,११४ |
| महिला | १,५५,८३८ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,१२,३०२ |
| कामका लागि बाहिरिएका | १५,२८७ |
| अपाङ्गता भएका | ६,४६६ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७५ |
| आश्रित जनसङ्ख्या | १,४१,८७० |

*यस वर्ष सिन्धुली जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५३ जना महिला, ६ जना पुरुषसहित ५९ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना र महिला अधिकार उल्लङ्घन घटनामा ३५ जना पीडित भए।*

## कारागार र बन्दी

५० जनाको क्षमता भएको जिल्ला कारागारमा ३ सय ९७ कैदी/बन्दी रहेका छन्। ५ सय कैदीबन्दी राख्न सक्ने क्षमताको कारागार भवन निर्माणाधीन अवस्थामा रहेको र हाल ८० जना क्षमताको भवन निर्माण सम्पन्न भई कैदीबन्दी राख्न थालिएको छ। कारागारमा १२ जना भारतीय नागरिक रहेका छन्। उनीहरूलाई अन्य कैदीबन्दी सरहको सेवा सुविधा समयमै उपलब्ध गराइँदै आएको छ। यस कारागारमा कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक स्थायी सिनियर अहेवको व्यवस्था छ। कारागारमा टिभी, पत्रपत्रिका र पुस्तकालयको सेवा उपलब्ध छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना जिल्ला न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ८१ र देवानी तर्फ २ सय ६४ गरी ४ सय ४५ थान मुद्दा दर्ता भए। ती मध्ये फौजदारी मुद्दातर्फ १८ र देवानी मुद्दा तर्फ ८७ मुद्दा गरी १ सय ५ मुद्दा फैसला भए। यस अदालतमा २ वर्ष नाघेका फौजदारी मुद्दा पाँच थान र देवानी मुद्दा १० थानसहित १५ थान मुद्दा बाँकी रहेका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा आधारभूत २ सय ८१ र १ सय २० माध्यमिक विद्यालय रहेका छन्। यस जिल्लामा १ हजार २ सय ९० शिक्षक दरबन्दी रहेकोमा १ सय ६१ ओटा दरबन्दी मिलान हुन बाँकी अर्थात अस्थायी दरबन्दीमा काम गरिरहेका छन्। यस्तै जिल्लामा ९ सय ६१ जना शिक्षकहरू राहतमा र ८६ जना शिक्षकहरू अनुदानमा कार्यरत छन्। यस वर्ष बाल विकासदेखि कक्षा १२ सम्म ७९ हजार १ सय ३३ बालबालिका विद्यालय भर्ना भए। जसमा ३८ हजार १ सय ३५ बालक र ४० हजार ९ सय ९८ जना बालिका थिए। अपाङ्गता भएका ६ सय ३ बालबालिका भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विशेष

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | १ | १ |
| गिरफ्तारी | | १ | १ | | | |
| कुटपिट | | | | | ३ | ३ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| हत्या | | | | १ | १ | ३ |
| बाल अधिकार | बालविवाह | | | ३ | | ३ |
| | नवजात शिशुको हत्या | | | १ | १ | ३ |
| | बलात्कार | | | १० | | १० |
| | यौन दुर्व्यवहार | | | ४ | | ४ |
| | जम्मा | | | १७ | १ | १८ |
| महिला अधिकार | घरेलु हिंसा | | | ९ | | ९ |
| | 'बोक्सी'को आरोप | | | ३ | | ३ |
| | बहुविवाह | | | १० | | १० |
| | बलात्कार | | | १० | | १० |
| | बलात्कार प्रयास | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | जम्मा | | | ३५ | | ३५ |
| कूल जम्मा | | १ | १ | ५३ | ६ | ५९ |

विद्यालय तीन ओटा छन्। अपाङ्गमैत्री संरचना भनिएका विद्यालयहरूका भौतिक संरचना अपाङ्गमैत्री मापदण्डमा रहेका छैनन्। यो वर्ष द्वन्द्वपीडित परिवार का आठ जना बालबालिकाले १ सय ४२ हजार रुपियाँ छात्रवृत्ति पाए। वैदेशिक रोजगारमा गई मृत्यु भएका वा अङ्गभङ्ग हुनेका छोराछोरी ५८ जनाले छात्रवृत्ति पाए।

*यो वर्ष सिन्धुलीमा बलात्कारका घटनामा १० जना र यौन दुर्व्यवहारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये सात घटनाका सात आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। एक घटनाका दुई जना आरोपित अभिभावकको जिम्मामा रिहा भए। एक घटना एक आरोपितले सफाइ पाए भने एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एकघटनाका एक आरोपित प्रहरी हिरासतमा छन्। त्यसैगरी यौन दुर्व्यवहारका तीन घटनामध्ये जिल्ला अदालतले एक घटनाका एक आरोपितलाई पुर्पक्षका लागि थुनामा, एउटा घटनाका एक आरोपितलाई धरौटीमा रिहा गर्ने आदेश दियो। एक घटनाका आरोपित एक बालकलाई अदालतले बाल सुधार गृहमा पठाउने आदेश दियो।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालय सिन्धुलीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ५४ ओटा घरेलु हिंसाका उजुरी दर्ता भए। जसमध्ये ३६ ओटा शारीरिक हिंसा, १७ ओटा मानसिक हिंसा, एक आर्थिक हिंसा अर्थात खानलाउन नदिएको थियो। तीन उजुरी कानुनी प्रकृयामा, २५ उजुरीमा मेलमिलाप र २७ उजुरीउपर कारबाही भइरहेको छ।

*यो वर्ष सिन्धुलीमा बलात्कारका घटनामा १० जना र बलात्कार प्रयासका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये ६ जना आरोपित पुर्पक्षका लागि थुनामा रहे। एउटा आरोपितलाई जिल्ला अदालतले अभिभावकको जिम्मा लगायो। तीन जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासको एक घटनामा एक जना महिला पीडित भए। बलात्कार प्रयास घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ५१ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। बर्थिङ सेन्टर ३२, गाउँघर क्लिनिक १ सय ९५, खोप क्लिनिक २ सय ५ छन्। स्वास्थ्य कार्यालय, सिन्धुलीका अनुसार जिल्लामा एक वर्षमा १३ जना शिशुको ज्यान गयो। कमलामाई नगरपालिका र दुधौली नगरपालिकामा चार-चार जना, तीनपाटन गाउँपालिकामा एक, मरिण गाउँपालिकामा

तीन र सुनकोशी गाउँपालिकामा एक जनाको ज्यान गयो । कम तौल भएका, मास नपुगेका, निसास्सिएर र इन्फेक्सनका कारण २८ दिनभित्रका शिशुको ज्यान गएको स्वास्थ्य कार्यालय, सिन्धुलीले जनायो ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | १ | १ | | २ |
| नवजात शिशुको हत्या | १ | | १ | २ |
| बलात्कार | ३ | | ७ | १० |
| यौन दुर्व्यवहार | १ | १ | २ | ४ |
| जम्मा | ६ | २ | १० | १८ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अपूर्ण | कानुनी दायरामा ल्य( इएका | जम्मा |
| घरेलु हिंसा | १ | ७ | १ | | ९ |
| 'बोक्सी'को आरोप | | | १ | २ | ३ |
| बहुविवाह | १ | | ८ | १ | १० |
| बलात्कार | | | ४ | ६ | १० |
| बलात्कार प्रयास | | | | १ | १ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | २ | ७ | १४ | ११ | ३४ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# ३.१२ मकवानपुर




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४,३२,२५२ |
| महिला | २,२२,५१२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,१५,४७३ |
| कामका लागि बाहिरिएका | १६,५४७ |
| अपाङ्गता भएका | ८,४६७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५८ |
| आश्रित जनसङ्ख्या | १,७५,७३७ |

*यस वर्ष मकवानपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५१ जना महिला, नौ जना पुरुष र तेस्रो लिङ्गी एक जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १९ जना र महिला अधिकार उल्लङ्घन घटनामा २७ जना पीडित भए।*

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

**अन्यपक्षबाट**

हेटौंडा उपमहानगरपालिका–११ की तेस्रो लिङ्गी अजिता भुजेलको शव ०७६ माघ ४ गते र ाती घाँटीमा तार बेरिएको र अर्धनग्न अवस्थामा हेटौंडा उपमहानगरपालिका–५ क्याम्पाडाँडामा फेला पर्‍यो। शवको पोष्टमार्टम माघ ७ गते त्रिवि शिक्षण अस्पताल, काठमाडौंमा भयो । प्रहरीले घटनामा संलग्न रहेको आरोपमा हेटौंडा उपमहानगरपालिका–९ का १८ वर्षीय सिमोन परियार, सोही उपमनपा–११ की २० वर्षीया एलिसा पाखिन, सोही उपमनपा–४ का २५ वर्षीय सुशील थापा मगर, २४ वर्षीय आशिष बल र २१ वर्षीय बुद्ध लामालाई माघ २१ गते गिरफ्तार गर्‍यो । प्रहरीले उनीहरूविरुद्ध जिल्ला अदालत, मकवानपुरमा ०७६ माघ २१ गते मुद्दा दर्ता गर्‍यो । प्रहरीका अनुसार ना ६ ख ६५२७ नम्बरको ट्रकका सहचालक परियार र थापा मगरले भुजेलसँग हेटौंडा उपमनपा–११ थानाभन्याङमा यौन सम्पर्क गरेको र सो क्रममा विवाद भएपछि उनीहरूसहित चार जनाले हत्या भुजेलको हत्या गरेका थिए । जिल्ला अदालतका न्यायाधीश कमलराज विष्टको फागुन १९ गतेको आदेशले आरोपितहरू पुर्पक्षका लागि थुनामा पठायो भने एलिशा पाखिनलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्न अदालतले आदेश दियो । पाखिनले तत्काल १ लाख रुपियाँ धरौटी बुझाउन नसकेपछि उनलाई थुनामा पठाइएको जिल्ला अदालतका श्रेस्तेदार केशवराज कौशिकले बताए। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## कारागार र बन्दी

१ हजार २ सय जनाको क्षमता रहेको भीमफेदीस्थित क्षेत्रीय कारागारमा ९ सय २३ जना पुरुष कैदी बन्दी छन् । क र ख दुबै ब्लकमा पुरुष बन्दीहरू राखिएका छन् । पानीको सुविधा भए पनि अपर्याप्त रहेका कारण भीमफेदी गाउँपालिकाले बृहत् खानेपानी योजना अघि बढाएको गाउँपालिकाकी उपाध्यक्ष पार्वती

रानाले बताइन् । स्वास्थ्य उपचारका लागि कारागार भित्र अहेवसहित क्लिनिक छ । भीमफेदीमा प्राथमिक स्वास्थ्य केन्द्र मात्र भएकाले बन्दीहरूलाई उपचारमा समस्या छ। सन् २०२० कारागारमा एकजना कैदीको मृत्यु भयो।

| घटनाको प्रकार | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|
| | | तेस्रो लिङ्गी | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | ३ | ३ |
| अमानवीय व्यवहार | | | १ | | १ |
| घाइते | | | ३ | ३ | ५ |
| हत्या | | १ | ३ | ३ | ६ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | १ | | १ |
| | बलात्कार | | १३ | | १३ |
| | यौन दुर्व्यवहार | | ६ | | ६ |
| | जम्मा | | १९ | | १९ |
| महिला अधिकार | घरेलु हिंसा | | १ | | १ |
| | बलात्कार | | ३३ | | ३३ |
| | बलात्कार प्रयास | | ३ | | ३ |
| | जम्मा | | ३७ | | ३७ |
| कूल जम्मा | | १ | ५१ | ९ | ६१ |

**बाल सुधार गृह**

जिल्लामा एउटा बाल सुधार गृह छ। सङ्घीय सरकार मातहतको बाल सुधार गृहलाई जिल्ला प्रशासन कार्यालयले हेर्ने गरेको छ। सुधारगृहमा ५२ जना बालकहरू रहेका छन् । बालबिज्याइ गरी अदालतको आदेशबाट दण्ड सजाय सुनाइएका बालकहरूलाई राख्ने गरिन्छ। उनीहरूलाई पढ्ने, खेल्ने व्यवस्थासहित उचित सुरक्षा मिलाइएको छ। सन् २०२० मा बालगृहमा रहेका एक बालकको मृत्यु भयो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

**उच्च अदालत**

सात जना न्यायाधीशको दरबन्दी रहेको पाटन उच्च अदालत, हेटौँडा इजलासमा गत वर्ष जिम्मेवारी सरेर आएका ४ सय ८ ओटा र यस वर्ष दर्ता भएका ५ सय ३१ गरी ९ सय ५९ ओटा रहेकोमा १ सय ३० ओटा मात्रै फर्स्यौट भए भने ८ सय २९ ओटा फर्स्यौट हुन बाँकी रहे । फर्स्यौट हुन बाँकी रहेकामध्ये १८ महिना नाघेका आठ थान मुद्दा छन्। कोभिड-१९ को कारण चैतदेखि असोजसम्म मुद्दा फर्स्यौटमा समस्या भयो।

**जिल्ला अदालत**

चार न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ८६ मध्ये १ सय ३८ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय ५० मध्ये १ सय ६७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १३ थान छन् भने देवानी मुद्दा ३ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका ९ सय १४ र सन् २०२० को ५ सय २२ थान मुद्दामध्ये ३ सय ५ थान मुद्दा फैसला भए। १ हजार १ सय ३१ मुद्दा बाँकी छन्।

## बाल अधिकार

**शिक्षाको अवस्था**

यस जिल्लामा सामुदायिक पाँचसय १६ र संस्थागत ७६ ओटा गरेर ५ सय ९२ विद्यालय छन् । जिल्लामा ३ सय ७५ अपाङ्ग मैत्री विद्यालय र ५ सय ९३ प्रारम्भिक बाल विकास केन्द्र छन् । अपाङ्गता भएका बालबालिकाका लागि एक बहिरा तथा सुस्त श्रवण विद्यालय, एक दृष्टिविहीन विद्यालय र एक आशा विशेष स्कूल रहेको छ। जिल्लामा भूकम्पपछि पुनर्निर्माण भएका केही नयाँ विद्यालयहरू अपाङ्गतामैत्री छन् भने पूर्ण रूपले अपाङ्गमैत्री विद्यालय छैनन्। द्वन्द्वपीडित परिवारका १ सय २१ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यो वर्ष १ हजार ६ सय ६३ दलित बालक र १ हजार ७ सय ५७ जना दलित बालिकालाई स्थानीय तहले छात्रवृत्ति प्रदान गरे।

*यो वर्ष मकवानपुरमा बलात्कारका घटनामा १२ जना र यौन दुर्व्यवहारका पाँच घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो ।*

*अभिलेखित बलात्कारका घटनामध्ये दुई ओटा घटनाका १० आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । त्यसैगरी यौन दुर्व्यवहारका चार घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए। एक घटनामा दुई जना बालिका पीडित भए।*

**बलात्कार**

१६ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा ४० वर्षीय बाबुविरुद्ध पीडितले ०७६ फागुन २४ गते जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा उजुरी दिइन । प्रहरीले आरोपितलाई फागुन २४ गते गिरफ्तार गऱ्यो । न्यायाधीश सीता शर्मा अधिकारीको इजलासले २०७७ मङ्सिर ११ गते बलात्कार ठहर गर्दै आरोपितलाई जबरजस्तीकरणीतर्फ १२ वर्ष र हाडनाता करणीतर्फ जन्मकैदको फैसला सुनायो।

**बलात्कारपछि हत्या**

चार वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा १४ वर्षीय बालकलाई प्रहरीले गिरफ्तार गरी अदालत पेस गरेकामा जिल्ला अदालतले आरोपितलाई बाल सुधार गृहमा पठायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा तीन सय १४ उजुरी परे। जसमा २ सय ८४ उजुरी मेलमिलाप भए भने ३० ओटा उजुरी कानुनी प्रकृयामा छन्। बहुबिवाहका १३ ओटा उजुरीमा आठ उजुरीमा मेलमिलाप भयो भने पाँच उजुरी अदालती प्रकृयामा छन्। यस वर्ष महिलामाथि हुने हिंसाबाट ५८ जना पीडित भए। जसमध्ये बलात्कार का घटनामा ३७ जना, यौन दुर्व्यवहारका घटनामा ११, परिवारजनबाट भएका हत्या घटनामा दुई जना पीडित भए।

*यो वर्ष मकवानपुरमा बलात्कारका घटनामा २३ जना र बलात्कार प्रयासका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कारका दुई ओटा घटनाको मुद्दा जिल्ला अदालतले फैसला गऱ्यो भने नौ घटनाका आरोपितलाई पुर्पक्षका थुनामा पठायो। त्यसैगरी बलात्कार प्रयासका दुई ओटै घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।*

**बलात्कार**

१९ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले हेटौंडा उपमहानगरपालिका–११ का ३२ वर्षीय केशव चौलागाईंलाई ०७६ फागुन २३ गते गिरफ्तार गऱ्यो । आरोपितले ०७६ फागुन ११ गते गरेको भनी पीडित महिलाले ०७६ फागुन २३ गते जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा उजुरी दिइन्। न्यायाधीश सीता शर्मा अधिकारीको इजलासले ०७७ मङ्सिर १५ गते कसुर ठहर गर्दै एक वर्ष ६ महिना कैद र १५ हजार रुपियाँ जरिबाना र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

**परिवारजनबाट हत्या**

यस वर्ष मकवानपुरमा परिवारजनबाट हत्याका दुई ओटा घटना इन्सेकले अभिलेख गऱ्यो । एक घटनाका आरोपित पतिलाई प्रहरीले गिरफ्तार गरी अदालत पेस गरेकामा अदालतले पुर्पक्षका लागि थुनामा पठायो। अर्को घटनाका आरोपित ससुरा, सासू, नन्द र अमाजुलाई प्रहरीले गिरफ्तार गरी अदालत पेस गरेकामा अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, एक आँखा अस्पताल, चार निजी अस्पताल, ४० स्वास्थ्य चौकी, १० वटा स्थानीय पालिकास्तरका स्वास्थ्य केन्द्र, १८ नगर स्वास्थ्य केन्द्र छन्। अस्पताल परिसरमा सरकारबाट प्रदान हुने निःशुल्क औषधिको सूची राखिएको छ। अस्पताल र स्वास्थ्य चौकीहरूबाट निःशुल्क औषधी वितरण हुने गरेको छ। जिल्लामा कोभिड–१९ बाट ०७७ पुस १६ गतेसम्म ४ हजार ३ सय ३९ जना सङ्क्रमित भए। कोभिडका कारण जिल्लाका ३२ जनाको मृत्यु भयो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बलात्कार | १ | ११ | १२ |
| यौन दुर्व्यवहार | | ५ | ५ |
| जम्मा | १ | १७ | १८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | | १ | १ |
| बलात्कार | १ | ५ | १६ | २२ |
| बलात्कार प्रयास | | | ३ | ३ |
| जम्मा | १ | ५ | २० | २६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ६ | ६ |

# ३.१३ चितवन




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,२५,५७८ |
| महिला | ३,३१,०६४ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ३ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ६ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५०,४५४ |
| कामका लागि बाहिरिएका | ५०,४२१ |
| अपाङ्गता भएका | १२,५३७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५७.५ |
| आश्रित जनसङ्ख्या | २,३०,३७३ |

यस वर्ष चितवन जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ९१ जना महिला, १४ जना पुरुषसहित १ सय ५ जना र राज्यपक्षबाट २५ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४६ जना र महिला अधिकार उल्लङ्घन घटनामा ४३ जना पीडित भए।

## गिरफ्तारी

*यो वर्ष चितवनबाट प्रतिबन्धित नेकपाका १० जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये तीन जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । चार जनालाई जिल्ला अदालतले सादा तारिखमा रिहा गर्ने आदेश दियो । प्रतिबन्धित नेकपाका पोलिटब्युरो सदस्य अनिल शर्मा विरहीलाई प्रहरीले ०७७ वैशाख २४ गते गिरफ्तार गऱ्यो । वैशाख २३ गते घरमै लडेर घाइते भएका शर्मालाई भरतपुरस्थित कलेज अफ मेडिकल साइन्समा उपचार गराइरहेकै बेला प्रहरीले गिरफ्तार गरेको थियो । उनलाई अन्य जिल्लामा मुद्दा रहेको भन्दै जिल्लान्तर गरी धनुषा लगियो ।*

## नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

**राज्यपक्षबाट**

राप्ती नगरपालिकाका २४ वर्षीय राजकुमार चेपाङ साउन १ गते दिउँसो राप्ती नपा–१ मा ज्युडी खोलामा घुँगी टिप्न गएका बेला सोही स्थानमा रहेको नेपाली सेना लिगलिगे पोष्टमा कार्यरत ४० वर्षीय चिरण बुढाले शरीरको विभिन्न अङ्गमा कुटपिट गरी घाइते बनाए । पीडितको उपचारका क्रममा भरतपुर अस्पतालमा साउन ८ गते बिहान ९ बजे मृत्यु भयो । पीडित पक्षले साउन ११ गते जिल्ला प्रहरी कार्यालय, चितवनमा बेनामे र भदौ २५ गते किटानी जाहेरी दियो । शवको पोष्टमार्टम साउन १२ गते शिक्षण अस्पताल, काठमाडौँमा भयो भने परिवारजनले शव साउन १६ गते जिम्मा लिएर सद्गत गऱ्यो । प्रहरीले आरोपितलाई असोज ४ गते गिरफ्तार गऱ्यो । आरोपितविरुद्ध प्रहरीले असोज २६ गते जिल्ला अदालतमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश हेमन्त रावलको असोज २७ गतेको इजलासको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन् । यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन ।

सोही घटनामा सेनाको कुटपिटबाट राप्ती नगरपालिका–२ मिलनटोलका २३ वर्षीय पूर्ण चेपाङ, सोही ठाउँका ३२ वर्षीय सन्तलाल प्रजा, ३२ वर्षीय बमबहादुर मगर र ३२ वर्षीय गोपीराम प्रजा समेत घाइते भए । घाइतेहरूको साउन १४ गते भरतपुर अस्पतालमा उपचार भयो।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १० | १० | | | |
| कुटपिट | | १ | १ | | १ | १ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | ११ | ११ | | | |
| अमानवीय व्यवहार | | ३ | ३ | | १ | १ |
| हत्या | | १ | १ | ४ | ७ | ११ |
| सबै प्रकारका जातीय विभेद | | | | | १ | १ |
| धम्की | | | | | ३ | ३ |
| बाल अधिकार | बलात्कार | | | ३० | | ३० |
| | यौन दुर्व्यवहार | | | १४ | ३ | १६ |
| | जम्मा | | | ४४ | ३ | ४६ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | ३ | | ३ |
| | बहुविवाह | | | १५ | | १५ |
| | बलात्कार | | | १५ | | १५ |
| | बलात्कार प्रयास | | | ५ | | ५ |
| | बेचबिखन तथा ओसारपसार | | | ३ | | ३ |
| | जम्मा | | | ४३ | | ४३ |
| कूल जम्मा | | ३५ | ३५ | ९१ | १४ | १०५ |

### धम्की/कुटपिट

**अन्यपक्षबाट**

भरतपुर महानगरनगर पालिका–४ त्रिचोक निवासी डाक्टर विश्वबन्धु बगाले को घरमा साउन ३० गते स्थानीयले यो कोरोना सङ्क्रमितको घर हो भन्दै ब्यानर टाँसे। रत्ननगर बकुलहर अस्पतालका मेसु डाक्टर विश्ववन्धु बगालेले आफू र पत्नी पनि कोरोना पोजेटिभ भएपछि घरमै आइसोलेशनमा रहे पनि सङ्क्रमितको घर हो भनी सूचना टाँस्न भरतपुर महानगरपालिका–४ का टोलवासी घरमा आइपुगेको डाक्टर बगालेले बताए। स्वास्थ्यकर्मीलाई निरूत्साहित पार्ने उद्देश्यले टोलवासीबाट भएको काम खेदजनक रहेको नेपाल चिकित्सक सङ्घ चितवनका अध्यक्ष लोकबहादुर सेढाइले बताए।

### कारागार र बन्दी

२ सय ५५ जनाको क्षमता रहेको जिल्ला कार गारमा ६१ जना महिला र ६ सय ३५ पुरुष गरी ६ सय ९६ जना कैदी/बन्दी रहेका छन्। कारागारमा दुई जना डेढ वर्षका आश्रित बालिकाहरू छन् । कारागारको क्षमता महिला २५ र पुरुष २ सय ५५ हो। तर, पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा तीन गुणा बढी रहेको छ। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। ६० वर्ष नाघेका ३२ जना ज्येष्ठ नागरिक (पुरुष ३० र महिला दुई) रहेको जिल्ला कारागार प्रमुख काफ्लेले जानकारी दिए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ३२ मध्ये ५ सय ९७ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार १ सय ७ मध्ये ८ सय २१ थान मुद्दा फैसला भए। यस अदालतमा २ वर्ष नाघेका फौजदारी मुद्दा ३ थान छन् भने देवानी मुद्दा ७ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका ३ सय ३ र सन् २०२० को १ हजार ३ सय थान मुद्दामध्ये कुल ८ सय १८ थान मुद्दा फैसला भए। ४ सय ८ थान मुद्दा बाँकी छन्। अदालतले आठ जना कर्मचारी करारमा नियुक्त गरेको छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ८ आधारभूत र २ सय २२ मावि छन् । २ हजार ४ सय ६६ शिक्षक दरबन्दी रहेकामा १ सय २५ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २६ हजार बालक र १९ हजार जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका ३३ बालिका र ४७ बालक भर्ना भएका थिए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय ११ ओटा मात्र छन्। द्वन्द्वपीडित परिवारका ५५ जना बालबालिकाले छात्रवृत्ति पाएका छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। यस वर्ष जिल्लाभर ४ हजार दलित बालक र २ हजार १ सय दलित बालिका विद्यालय भर्ना भए । वैदेशिक रोजगारमा गएका परिवारका १५ जना बालबालिकाले १ लाख ३६ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका ५५ जना बालबालिकाले ६ लाख ४० हजार हजार रुपियाँ छात्रवृत्ति पाए ।

*यो वर्ष चितवनमा बलात्कार घटनमा ३० जना र यौन दुर्व्यवहारका घटनामा १४ जना बालिका र दुई जना बालक पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । अभिलेखित बलात्कारका ६ जना आरोपितविरुद्ध अदालतले फैसला सुनायो । १७ जना आरोपित पुर्पक्षका लागि थुनामा रहे । त्यसैगरी चार जना आरोपित अभिभावकको जिम्मामा, एक जना आरोपित बाल सुधार गृहमा र सात जना आरोपितले सफाइ पाए । तीन जना आरोपित यस वर्षका अन्त्यसम्म हिरासतमा रहे । दुई घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । त्यसैगरी, यौन दुर्व्यवहारका ६ जना आरोपितलाई जिल्ला अदालतले कैद सजायको फैसला गर्‍यो । दुई घटनाका आरोपितले सफाइ पाए । एक घटनाका आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे। पाँच जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

### यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई ०७६ माघ ७ गते भरतपुर मनपा–९, शुक्रनगरका ६० वर्षीय गङ्गाधर कँडेलले यौन दुर्व्यवहार भन्दै पीडितले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । आरोपितलाई माघ १३ गते प्रहरीले गिरफ्तार गर्‍यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १३ गते भरतपुर अस्पतालमा गरियो । आरोपितविरुद्ध प्रहरीले फागुन ६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकामा प्रकाशकुमार अधिकारीको फागुन ६ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेकोमा ०७७ भदौ ३० गते सात वर्ष कैद हुने फैसला अदालतले सुनायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ८३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्र जिल्ला प्रहरी कार्यालय, भरतपुरमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका २३, खान/लाउन नदिएको ३५, गाली बेइज्जती गरेको २५ उजुरी छन्। सबै मुद्दामा मेलमिलाप भएको प्रहरीले जनाएको छ । घरेलु हिंसा भनी प्राप्त निवेदन उपर छलफल हुने गरेको महिला बालबालिका तथा जेष्ठ नागरिक सेल चितवनकी प्रमख प्रहरी निरीक्षक प्रविना गिरीले बताइन् ।

*यो वर्ष चितवनमा बलात्कारका घटनामा १५ जना र बलात्कार प्रयासका घटनामा पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । अभिलेखित घटनामध्ये बलात्कार घटनामध्ये जिल्ला अदालतले चार ओटा मुद्दा फैसला गर्‍यो । पाँच जना आरोपित पुर्पक्षका लागि थुनामा र दुई आरोपितले सफाइ पाए । बलात्कार प्रयासका तीन ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा, एउटा घटनाका आरोपितले सफाइ पाए भने एक घटनाका आरोपितलाई जन्मकैदको फैसला भयो। एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

### बलात्कार

७० वर्षीया महिलालाई भरतपुर महानगर पालिका–२७ सिसौघारीका २७ वर्षीय बेलबहादुर गन्धर्वले ०७६ फागुन १० गते बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दियो । आरोपितलाई फागुन ११ गते प्रहरीले घरबाटै गिरफ्तार गर्‍यो । पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ११ गते भरतपुर अस्पतालमा गरियो । आरोपितविरुद्ध प्रहरीले चैत ४ गते जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ता भयो । न्यायाधीश हेमन्त रावलको चैत ४ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका आरोपितलाई ०७७ असोज १५ गते न्यायाधीश रावलकै इजलासले जन्मकैदको फैसला सुनायो ।

### परिवारजनबाट हत्या

यो वर्ष चितवनमा खुकुरी प्रहार गरी पत्नी हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी अदालत पेस गरेकामा एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### आर्थिक सामाजिक सांस्कृतिक अधिकार

माडी नगरपालिका–९ कुसमखोलाका ५२ वर्षीय काजिमान चेपाङ, ४७ वर्षीय जीतबहादुर चेपाङ ५० वर्षीय काजिमान चेपाङ ४४ जीतबहादुर चेपाङ र ५० वर्षीय राजकुमार चेपाङ, ४८ वर्षीय बलराम चेपाङ, ५१ वर्षीय अजितकुमार चेपाङ, ४७ जित्रालाल चेपाङ, ४६ झमबहादुर चेपाङ, ४४ विष्णुहरि चेपाङ ५२ बमबहादुर चेपाङ र ३९ वर्षीय नेत्रलाल चेपाङको घर निकुञ्ज प्रशासनले हात्ती लगाएर भत्कायो । घर भत्काइएपछि उनीहरूलाई त्यो ठाउँ छाड्न निकुञ्ज प्रशासनले एक हप्ताको समय दिएको थियो। तर, उनीहरू पुरानै ठाउँमा छन्। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले कुसुमखोलामा बस्नका लागि हाललाई निकुञ्जले कुनै गाह्रो अप्ठेरो नपारेको बताउनुभयो। सर्वोच्च अदालतका न्यायाधीश टंकबहादुर मोक्तानको साउन १५ गतेको एकल इजलासले कुसुम खोलाको चेपाङ बस्तीमा नहटाउन अन्तरिम आदेश दियो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा भरतपुर अस्पताल केन्द्रीय अस्पताल रहेको छ । वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल राष्ट्रिय स्तरको सेवा दिइरहेको छ । चार जिल्लास्तरीय अस्पताल, ३६ स्वास्थ्य चौकी र ४ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ३५ डाक्टरको दरबन्दी रहेकामा २९ जना कार्यरत छन्। त्यस्तै अहेवको ४२ दरबन्दी रहेकामा ३५ जना कार्यरत छन्। सरकारी स्वामित्वको प्रदेशस्तरको रत्ननगर अस्पताल छ। त्यस्तै जुटपानी अस्पताल, भण्डारा र बघौडा अस्पताल सञ्चालनमा छन् । चितवनमा गत वर्ष १ लाख २० हजारले स्वास्थ्य बिमा गराएका छन् । यस वर्षको अन्त्यसम्म ६ हजार ३ सय ८१ कोरोना संक्रमित भएको मा १ सय १ जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय,चितवनले जनायो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ६ | १ | २३ | ३० |
| यौन दुर्व्यवहार | ४ | ३ | ७ | १४ |
| जम्मा | १० | ४ | ३० | ४४ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | १ | १ |
| घरेलु हिंसा | | | ३ | ३ |
| बहुविवाह | | १ | १४ | १५ |
| बलात्कार | ४ | ५ | ६ | १५ |
| बलात्कार प्रयास | १ | | ४ | ५ |
| बेचबिखन तथा ओसारपसार | | | ३ | ३ |
| जम्मा | ५ | ६ | ३० | ४१ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | १ | ८ | १२ |

# गण्डकी प्रदेश

- क्षेत्रफल : २१,८२८ वर्ग कि.मि.
- जनसङ्ख्या : २४,१३,५०८
- साक्षरता प्रतिशत : ७३.३३
- जिल्ला : ११
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३६
- महानगरपालिका : १
- नगरपालिका : २६
- गाउँपालिका : ५८
- कूल वडा सङ्ख्या : ७५५

# गण्डकी प्रदेश परिचय ४

यो वर्षको अन्त्यसम्म प्रदेश सभाले ४६ कानुन निर्माण गऱ्यो । प्रदेश सरकारले आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोगको नीति लिएको छ । प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन, सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण नीति ल्याएको छ । कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि २ सय ८५ क्वारेन्टाइन, ३० ओटा आइसोलेशन र कोभिड-१९ बाट संक्रमितहरूको लागि उपचार गर्न प्रदेशभित्र १७ वटा अस्पताल तोकिएको थियो । गण्डकी प्रदेशमा यस वर्षको अन्त्यसम्म १४ हजार ५ सय ८८ संक्रमित भएकामध्ये १ सय ९२ को मृत्यु, १ हजार १३ जना उपचारत, १३ हजार ३ सय ८६ संक्रमणमुक्त भए। 'एक स्थानीय तह एक अस्पताल' कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेश भित्र ५३ पालिकामा अस्पताल भवनको शिलान्यास गरिएको छ।

सन् २०२० मा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ४ सय ७७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारीका घटनामा ६१ जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय २५ जना, हत्याका घटनामा अन्यपक्षबाट २० जना र बाल अधिकार उल्लङ्घनका घटनामा १ सय २१ जना पीडित भएको अभिलेख छ।

## सन् २०२० मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ४.१ गोरखा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,६४,६३७ |
| महिला | १,४८,५६२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५४,८७५ |
| कामका लागि बाहिरिएका | २८,१०४ |
| अपाङ्गता भएका | १२,५३७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६६.०३ |
| आश्रित जनसङ्ख्या | १,१५,३३४ |

*यस वर्ष गोरखा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४७ जना महिला, तीन जना पुरुषसहित ५० जना र राज्यपक्षबाट एक जना महिला, ११ जना पुरुषसहित १२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना र महिला अधिकार उल्लङ्घन घटनामा ३१ जना पीडित भए।*

## गिरफ्तारी

*यो वर्ष गोरखाबाट प्रतिबन्धित नेकपाका एक जना महिलासहित १२ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये पाँच जनालाई जिल्ला प्रशासन कार्यालयले साधारण तारिखमा, एक जनालाई जिल्ला अदालतले साधारण तारिख र पाँच जनालाई जिल्ला अदालतले धरौटी तारिखमा रिहा गऱ्यो भने एक जनालाई जिल्ला अदालतले धरौटी तारिखमा रिहा गरे लगत्तै अदालत परिसरबाट प्रहरीले पुनः गिरफ्तार गऱ्यो।*

## पुनः गिरफ्तारी

अजीरकोट गाउँपालिका–४ काफलडाँडो निवासी प्रतिबन्धित नेकपाकी केन्द्रीय सदस्य ४२ वर्षीय उमा भुजेललाई २०७७ जेठ २० गते जिल्ला प्रहरी कार्यालय, कैलालीले गोरखा प्रहरीको जिम्मा लगायो। उनको स्वास्थ्य परीक्षण जेठ २० गते जिल्ला अस्पताल, गोरखामा भयो । उनीविरुद्ध प्रहरीले जेठ २१ गते सार्वजनिक शान्ति विरुद्धको कसुरमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले भुजेललाई जेठ २२ गते ५ हजार रुपियाँ धरौटी तारिखमा रिहा गर्ने आदेश दिएको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी बासुदेव खतिवडाले बताए। भुजेललाई प्रहरीले जेठ २२ गते पुनः अदालत परिसरबाट गिरफ्तार गऱ्यो । उनलाई हातहतियार तथा खरखजना मुद्दामा अनुसन्धानका लागि जेठ २२ गते ललिपुर जिल्ला पठाइएको जिल्ला प्रहरी कार्यालयका एसपी ओम अधिकारीले बताए।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | ११ | १२ | | | |
| अमानवीय व्यवहार | | | | | | ३ | ३ |
| धम्की | | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | | १२ | | १२ |
| | यौन दुर्व्यवहार | | | | ४ | | ४ |
| | जम्मा | | | | १६ | | १६ |
| महिला अधिकार | बलात्कार | | | | ३ | | ३ |
| | बलात्कार प्रयास | | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | घरेलु हिंसा | | | | ३६ | | ३६ |
| | जम्मा | | | | ३१ | | ३१ |
| कूल जम्मा | | १ | ११ | १२ | ४७ | ३ | ५० |

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता ५५ जनाको छ । कारागारमा कैदी र थुनुवा १ सय १६ जना छन् । जसमा महिला नौ र पुरुष १ सय ७ रहेका छन् । कारागारमा आश्रित बालबालिका छैनन् । कारागारको क्षमता महिला २० र पुरुष ३५ हो । पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर तथा भान्छामासमेत सुत्नुपर्ने बाध्यता छ । खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको कारागार का नायब सुब्बा रविलाल सुवेदीले बताए । मुद्दाको छिनोफानो समयमै नहुँदा कारागारमा बस्न बाध्य कैदी/बन्दी ६८ जना रहेका छन् । ७० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक कारागारमा रहेका छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि अहेव दरबन्दी रहेको छ। ६० वर्ष नाघेका १३ जना ज्येष्ठ नागरिक (पुरुष तथा महिला) रहेको सुवेदीले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ४९ थान मध्ये १४ थान मुद्दा फैसला भए, १ सय ३५ थान बाँकी छन् । देवानी मुद्दातर्फ ३ सय ८ थान मध्ये ६५ थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा चार थान छन् भने देवानी मुद्दा १० थान बाँकी छन् । डेढ वर्ष नाघेका ४९ देवानी र ११ फौजदारी गरी ६० थान बाँकी छन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका ३ सय १३ थान मध्ये ३६ थान मुद्दा फैसला भए भने २ सय ७७ थान मुद्दा बाँकी छन् ।

कोभिड- १९ का कारण मुद्दा फैसलामा समस्या परेको जिल्ला अदालतका न्यायाधीश रमेशकान्त अधिकारीले बताए । मुद्दा फैसला गर्ने मुख्य महिना चैत, वैशाख र जेठमा कोभिडको असरले लक्ष्य अनुसार मुद्दा फर्स्यौट गर्न नसकिएको उनले बताए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ३२ सामुदायिक र १ सय १२ आधारभूत तथा ३६ संस्थागत विद्यालय छन् । संस्थागत तर्फ १० वटा मावि छन् । प्राथमिक तहमा १ हजार ५ सय ५५, निमावि तहमा २ सय ७६ र माध्यमिक ९-१० मा २ सय ३८ शिक्षक दरबन्दी छन् । यसवर्ष ३० हजार ९ सय ६७ बालक र ३० हजार ७ सय ३९ जना बालिका विद्यालय भर्ना भए । जसमा अपाङ्गता भएका १ सय ७२ बालिका र १ सय ५७ बालक भर्ना भएका छन् । जिल्लामा अपाङ्गमैत्री विद्यालय बहिरा एक, नेत्रहीन एक, मावि दुई वटा छन् । तर अन्य विद्यालयहरूमा पनि सामान्य अपाङ्गता भएकाहरूलाई अध्ययन गर्ने व्यवस्था छ। पूर्वाधार क्रमशः अपाङ्गमैत्री हुँदै छन् । द्वन्द्वपीडित परिवारका १६ जना बालबालिकाले छात्रवृत्ति पाएका छन् । दलित अपाङ्गतालाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको शिक्षा तथा समन्वय इकाइका सूचना अधिकारी सुवास आचार्यले बताए । ६ हजार ५ सय ९७ दलित बालक र ६ हजार ६ सय २० दलित बालिका विद्यालय भर्ना भए । संस्थागत तर्फ ९ हजार ७ सय ७७ विद्यार्थी र सामुदायिकतर्फ ५१ हजार ७ सय १ विद्यार्थी अध्ययनरत छन्। राहत शिक्षक दरबन्दी २ सय १४ प्रावि, १ सय २७ निमावि, ९१ मावि र १ सय ९ उच्च मावि रहेको छ।

कोभिड- १९ पछि जिल्लाका सुगम क्षेत्रका विद्यालयले अनलाइनमार्फत पठनपाठन

गरे पनि प्रभावकारी देखिएन । गोरखा नगरपालिका र पालुङटार नगरपालिकाका सामुदायिक विद्यालयले अनलाइन मार्फत पठनपाठनको सुरुआत गरेका थिए । तर विद्यार्थीहरूको इन्टरनेटमा पहुँच नहुँदा अनलाइन शिक्षा प्रभावकारी नभएको जिल्ला शिक्षा तथा समन्वय इकाइका सूचना अधिकारी सुवास आचार्यले बताए ।

*यो वर्ष गोरखामा यौन दुर्व्यवहारको घटनामा चार जना, बलात्कारका घटनामा १२ जना गरी १६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये दुई घटनाका आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृह कास्की स्थित सराङकोटमा, एक घटनाका आरोपितलाई अभिभावकको जिम्मा, एक घटनाका आरोपितलाई दावी पुग्न नसकेको भन्दै अदालतले रिहा गऱ्यो भने सात घटनाका आरोपितहरूलाई अदालतले पुर्पक्षका लागि थुनामा र एक घटनाका आरोपित यस वर्षको अन्त्यसम्म गिरतार भएनन् । त्यसैगरी यौन दुर्व्यवहारका चार घटनामध्ये दुई ओटा घटनाका आरोपितहरूलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपितलाई अदालतले ६० हजार रुपियाँ र ५० हजार रुपियाँ धरौटी तारिखमा रिहा गर्ने आदेश दियो ।*

### महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७४ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । कुटपिट गरेको ३२, खान/लाउन नदिएको १३, हेरविचार नगरेको अर्की श्रीमती ल्याएर हेलाँ गरेको भन्दै एक र बहुविवाहका चार उजुरी दर्ता भए । जसमध्ये ४३ उजुरीमा मेलमिलाप भयो । पाँच कानुनी प्रक्रियामा रहेको, २६ अदालती प्रक्रियामा रहेका छन् । घर निकाला गरिएका अधिकांश उजुरी उपर छलफल गरी मेलमिलापमा टुङ्गयाएको केन्द्रले जनायो ।

*यो वर्ष गोरखामा घरेलु हिंसाका २६, बलात्कारका दुई, यौन दुर्व्यवहारको एक, र बलात्कार प्रयासका दुई गरी ३१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा भने एक जना आरोपितलाई दावी पुग्न नसकेको भन्दै रिहा गर्ने आदेश दियो । बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ६६ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन् । गोरखा अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दी छ । जिल्ला अस्पतालका सूचना अधिकारी कृष्ण ढकालकाअनुसार १० जना विशेषज्ञ हाल कार्यरत छन् । स्वास्थ्य मन्त्रालयले करार मा जनशक्ति थप पठाएपछि स्वास्थ्य प्रवाहमा सहज भएको उनले बताए ।

गोरखामा ५४ हजार ८ सस ६९ स्वास्थ्य बिमाका बिमित सदस्य छन् । २६ हजार २४ पुरुष र २८ हजार ८ सय ४५ महिला बीमित सदस्य रहेको स्वास्थ्य बिमा बोर्ड गोरखाका प्रमुख विशाल लौडारीले बताए । ७० वर्ष नाघेका ९ हजार ८ सय २ जना ज्येष्ठ नागरिक पनि बिमित छन् । स्वास्थ्य बिमा गरेकाहरूको गोरखा अस्पताल, आँपपिपल अस्पताल तथा जौवारी, मकै सिङ र आरुचनौटे प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार हुँदै आएको छ ।

यस वर्ष जिल्लामा कोभिड– १९ बाट ७ सय ४७ जना सङ्क्रमित भए । कोभिड– १९ का कारण गोरखा जिल्लामा तीन जनाको मृत्यु भयो । गोरखामा कोभिड अस्पताल छैन । कोरोना सङ्क्रमितको सङ्ख्या बढेपछि गोरखा क्याम्पसमा ७० बेड क्षमताको आइसोलेशनकक्षसञ्चालनमाल्याइयो।जटिलअवस्थाका बिरामीलाई गोरखा अस्पतालको आइसोलेशनमा राखेर उपचार गरिँदै आएको छ । गोरखा अस्पतालमा भेन्टिलिटर सहितको आवश्यक सुविधा उपलब्ध छ । ११ वटै स्थानीय तहका जटिल खाले सङ्क्रमितलाई गोरखा अस्पतालमा ल्याएर उपचार गरिँदै आएको छ ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ११ | १२ |
| यौन दुर्व्यवहार | | ४ | ४ |
| जम्मा | १ | १५ | १६ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | २ | २ |
| बलात्कार प्रयास | | २ | २ |
| यौन दुर्व्यवहार | | १ | १ |
| घरेलु हिंसा | ३६ | | ३६ |
| जम्मा | ३६ | ५ | ३१ |

# ४.२ मनाङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,६१८ |
| महिला | २,३५४ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २,१५० |
| कामका लागि बाहिरिएका | २७५ |
| अपाङ्गता भएका | २०४ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७४.८ |
| आश्रित जनसङ्ख्या | १,७४७ |

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता २५ जनाको छ । कारागारमा कैदी र थुनुवा गरी सात जना पुरुष छन् । कारागारमा आश्रित बालबालिका छैनन् । चिसोका कारण कैदीहरूलाई बस्न कष्ट भएको कारागार प्रमुख नारायणप्रसाद पन्थीले बताए । कारगारमा कोरोनाबाट कोही पनि सङ्क्रमित भएनन् ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ कुनै मुद्दा फैसला भएनन् । देवानी मुद्दातर्फ दुई मध्ये एक थान मुद्दा फैसला भए । फैसला भएका दुवै सम्बन्धविच्छेदको रहेको जिल्ला न्यायाधिश रामचन्द्र अधिकारीले बताए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २३ वटा आधारभूत र चार वटा माबि छन् । २ सय जना शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । भौगोलिक विकटताको कारण शिक्षक नियमित नहुने मनाङ जिल्लाको समस्या भएको शिक्षा समन्वय इकाइका प्रमुख नारायणप्रसाद रेग्मीले बताए । यस जिल्लामा यो वर्ष ६ सय ५१ जना विद्यार्थीहरू भर्ना भए । जसमध्ये ३ सय छात्र र ३ सय २१ छात्र रहेको प्रमुख रेग्मीले बताए । जिल्लामा छात्र २५ र छात्रा ३३ गरी ५८ जना दलितले छात्रवृत्ति पाए ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयमा घरेलु हिंसा विरुद्ध कुनै पनि उजुरी नपरेको प्रहरी प्रमुख डिएसपी मेखबहादुर कुँवरले बताए ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, तीन डाक्टर दरबन्दी रहेकोमा सबै कार्यरत छन् । जिल्लाको चामेमा बाहेक तीन वटा पालिकामा आधारभूत स्वास्थ्य इकाइ केन्द्र स्थापना गरिएको छ । ७५ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा ४० जना मात्र कार्यरत रहेको स्वास्थ्य प्रमुख बद्री आचार्यले बताए । भौगोलिक विकटताको कारण कर्मचारीहरू सम्बन्धित ठाउँमा काम गर्न नजाने काजमा बाहिर नै काम गर्ने गरेको प्रमुख आचार्यले बताए । कोरोनाको स्वाब परीक्षणको लागि मनाङबाट पोखरा पठाउनु पर्ने भएकोले जिल्लामा समस्या भएको आचार्यले इन्सेकलाई बताए । मनाङमा १५ जना कोरोना सङ्क्रमित भए ।

# ४.३ मुस्ताङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १२,८५० |
| महिला | ६,१५० |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ४,६३२ |
| कामका लागि बाहिरिएका | १,४२५ |
| अपाङ्गता भएका | २०४ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६६.२ |
| आश्रित जनसङ्ख्या | ४,३४२ |

*यस वर्ष मुस्ताङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना र महिला अधिकार उल्लङ्घन घटनामा एकजना पीडित भए।*

यस जिल्लाका जनता स्वास्थ्य, शिक्षा, रोजगार जस्ता मौलिक अधिकारको उपभोग गर्ने सुविधाबाट भने बञ्चित रहेका छन्। जिल्लामा मुखिया प्रथा यथावत् नै रहेकोले कतिपय सवालहरू गाउँमै छिनोफानो हुने गरेको पाइन्छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना सहजै न्यायिक निकायसम्म आइपुग्दैनन्। बजार अनुगमन फितलो हुने गरेको, यातायातको भरपर्दो व्यवस्था नहुँदा जिल्लामा उपचार सम्भव नभई अन्यत्र रेफर गर्नुपर्ने बिरामीलाई पठाउन असहज हुने गरेको, स्थानीय उत्पादनलाई सहजै निर्यात गर्न नसकिएको प्रमुख जिल्ला अधिकारी हिरादेवी पौडेलले बताइन्।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको छ। अहिले सात जना कैदी र चार जना बन्दी छन्। सबै पुरुष रहेका छन्। कारागारमा पर्खालको व्यवस्था नहुँदा कैदी/बन्दीले कोठामै बस्नुपर्ने बाध्यता छ भने सुरक्षाको दृष्टिकोणले समेत कारागारको संरचना अनुपयुक्त छ। सुधारगृह भनिने गरेको भए पनि यहाँको कारागार निकै जटिल अवस्थाको मान्न सकिन्छ। बाहिर निस्कन मिल्ने सम्भावना नरहेको निमित्त जेलर सरीता परियारले बताइन्। कारागारमा कोभिड-१९ बाट दुई जना सङ्क्रमित भई निको भए।

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| बाल अधिकार | बलात्कार | ३ | ३ |
| | जम्मा | ३ | ३ |
| महिला अधिकार | बलात्कार | १ | १ |
| | जम्मा | १ | १ |
| कूल जम्मा | | ३ | ३ |

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा जिम्मेवारी सरेकासहित १९ थान मुद्दा रहेका छन् । ६ थान फैसला भए भने १३ थान बाँकी रहेको छ । फौजदारी चार थान मुद्दा दर्ता भएकामा दुई थान मुद्दा फैसला हुन बाँकी रहे । जिल्लामा दुई वर्ष नाघेका पुराना मुद्दा छैनन् । जिल्ला अदालतमा यस वर्ष दर्ता भएका मुद्दामा अभद्र व्यवहारका बढी रहेको जिल्ला अदालतका कम्प्युटर अपरेटर अमृत सुवेदीले बताए। मुस्ताङ जिल्लामा स्थानीय कानुन व्यवसायीहरू छैनन् । कानुन व्यवसायी आवश्यक परेमा अन्यत्र जिल्लाबाट पुग्ने गर्दछन् । बन्दाबन्दीका कारण मुद्दाको फैसलामा केही ढिलाइ भएको सुवेदीले बताए ।

### बाल अधिकार

#### शिक्षाको अवस्था

जिल्लामा सामुदायिक ५३ ओटा, कम्पनी विद्यालय चार ओटा र गुम्बा विद्यालय आठ ओटा गरी ६५ ओटा विद्यालय छन् । जिल्लामा चालु शैक्षिक सत्रका लागि कक्षा १–१० सम्म ३ हजार ९१ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । शिक्षक दरबन्दी आधारभूतमा २ सय २८, माध्यमिक विद्यालयमा (कक्षा ८ देखि १०) ५२, कक्षा ११–१२ मा ४२ दरबन्दी रहेको मा सबै कार्यरत छन् । यस वर्ष विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न सकिएन । हिमाली जिल्लाहरूमा नेपाल सरकारले फागुन १ गतेबाट शैक्षिक सत्र सुरु हुने र मङ्सिरमा परीक्षा हुने व्यवस्था गरेको शिक्षा विकास तथा समन्वय इकाइ मुस्ताङका प्रमुख टंकराज बरालले बताए ।

*यो वर्ष मुस्ताङमा दुई जना बालिका बलात्कार घटनामा पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कार घटनामा दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष मुस्ताङमा एक जना महिला बलात्कार घटनामा पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कार घटनामा एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

### स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल, एक प्राथामिक स्वास्थ्य केन्द्र र १५ स्वास्थ्य चौकी छन् । १८ जना स्वास्थ्य कर्मचारीको दरबन्दी रहेकोमा १३ जना कार्यरत रहेका छन् भने दुई डाक्टरको दरबन्दी रहेकोमा एक जना कार्यरत् छन् । विशेषज्ञ डाक्टर अभाव रहेको छ । जिल्ला अस्पतालमा तीन अहेवको दरबन्दी रहेकामा एक जना कार्यरत रहेका छन् । अनमीको दुई दरबन्दी रहेकामा कुनै कार्यरत छैन भने स्टाफ नर्स दुई जनाको दरबन्दी रहेकामा दुई जना कार्यरत रहेका छन् । जिल्ला अस्पतालमा मौसमी ज्वरो, रुघा/ खोकी, उच्च उचाइमा लेक लाग्ने जस्ता समस्या लिएर बिरामी आउने गरेका छन् । गम्भीर प्रकारका बिरामीलाई थप उपचारका लागि पोखरा तथा काठमाडौँमा पठाइने गरिएको जिल्ला स्वास्थ्य कार्यालयका डाक्टर शिव भण्डारीले बताए । जिल्ला अस्पताललाई कोभिड विशेष अस्पताल बनाइएको छ । बाह्रगुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकामा पाँच बेडको अस्पताल शिलन्यास गरिएको छ । हाल यस्ता विरामीलाई बेनी पठाउने गरिएको छ । यस वर्ष जिल्लामा कोभिड–१९ बाट ३२ जना सङ्क्रमित भए ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

# ४.४ म्याग्दी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,१३,३४० |
| महिला | ६२,६४१ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ३१,३२३ |
| कामका लागि बाहिरिएका | १४,३१४ |
| अपाङ्गता भएका | ६,१२२ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७१.५ |
| आश्रित जनसङ्ख्या | ५२,१५७ |

*यस वर्ष म्याग्दी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १५ जना महिला र राज्यपक्षबाट सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना र महिला अधिकार उल्लङ्घन घटनामा सात जना पीडित भए ।*

## गिरफ्तारी

*यस वर्ष म्याग्दीबाट प्रतिबन्धित नेकपाका सात जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये दुई जनालाई सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरणको आदेशमा रिहा गर्ने आदेश दियो । जिल्ला अदालतले एक जनालाई पुर्पक्षका लागि थुनामा, दुई जनालाई जनही १५ हजार रुपियाँ धरौटीमा रिहा र दुई जनालाई जिल्ला प्रशासन कार्यालयले साधारण तारिखमा रिहा गर्ने आदेश दियो ।*

## कारागार र बन्दी

कारागारको क्षमता ३२ जनाको छ । २५ जना पुरुष र सात जना महिलाको क्षमता रहेको कारागारमा ७३ जना कैदी र ५२ जना बन्दी गरी १ सय २५ जना छन् । जसमा १० जना महिला छन् । कारागारमा आश्रित बालबालिका छैनन् । क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ । कारागारमा पुस्तकालय, टेलिभिजन, खेलकुद सामग्रीलगायतका सुविधा उपलब्ध छन् । आवश्यकता अनुसार बेनी अस्पतालका स्वास्थ्यकर्मी आएर कारागारमै वा बेनी अस्पतालमा पुऱ्याई कैदी/बन्दीको उपचार गरिन्छ । कारागारमा अहेबको दरबन्दी रहेको भए पनि गत वर्ष फागुनमा समायोजन भएर गएपछि रिक्त रहेको छ । इन्सेकले मासिक रूपमा कारागारमा भेटघाट गर्ने गरेको भए पनि अन्य अधिकारकर्मीहरूले भने कारागारको अनुगमन नगरेको कारागारका जेलर राजेन्द्र शर्माले बताए। कारागारमा ७० वर्ष माथिका दुई जना पुरुष ज्येष्ठ नागरिक छन् ।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यस वर्ष सरकारवादी फौजदारी ८३, दुनियावादी फौजदारी १४, देवानी १ सय ६८ रिट परेको थियो । जसमा सरकारवादी फौजदारी १७, दुनियावादी फौजदारी दुई र देवानी ७८ फर्स्यौट भइसकेका छन् । दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन् । जिल्लामा रहेको न्यायाधीशको दरबन्दी र मुद्दाको चापमा खासै फरक छैन । प्रक्रियागत त्रुटिहरूको बारेमा अहिलेसम्म कतैबाट पनि गुनासो आएको छैन । बन्दाबन्दीको

प्रभावले मुद्दाको फैसला हुन ढिलाइ भएको जिल्ला अदालत म्याग्दीका श्रेस्तेदार खिलप्रसाद बुर्लाकोटीले बताए।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | |
|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | जम्मा |
| गिरफ्तारी | | ७ | ७ | | |
| हत्या | | | | ३ | ३ |
| बाल अधिकार | बालविवाह | | | १ | १ |
| | बलात्कार | | | ४ | ४ |
| | यौन दुर्व्यवहार | | | १ | १ |
| | जम्मा | | | ६ | ६ |
| महिला अधिकार | बलात्कार | | | ३ | ३ |
| | बलात्कार प्रयास | | | १ | १ |
| | यौन दुर्व्यवहार | | | ३ | ३ |
| | घरेलु हिंसा | | | १ | १ |
| | जम्मा | | | ७ | ७ |
| कूल जम्मा | | ७ | ७ | १५ | १५ |

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा १ सय ७४ आधारभूत र ६० माध्यमिक विद्यालय छन् । १ हजार २ सय ८० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । अपाङ्गमैत्री विद्यालय नभएको भए पनि धौलागिरी माध्यमिक विद्यालय बेनी नगरपालिका–४ सिङ्गामा बहिरा कक्षा, बालजागृति आधारभूत विद्यालय बेनी नगरपालिका–५ चुत्रेनीमा बौद्धिक अपाङ्गता र ज्ञानोदय मावि रघुगङ्गा गाउँपालिका–३ मौवाफाँटमा दृष्टिविहीन कक्षा सञ्चालनमा आएका छन् । अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी विद्यालय खुले पनि अपाङ्गमैत्री विद्यालय भने जिल्लामा छैनन्।

जिल्ला सदरमुकामका विद्यालयमा अनलाइन शिक्षाबाट पठनपाठनको व्यवस्था भए। जिल्लामा टिभी र रेडियोमार्फत् दूर शिक्षा प्रदान गर्ने प्रयास भएको भए पनि सदरमुकाम बाहेकका ग्रामीण क्षेत्रमा प्रभावकारी हुन नसकेको शिक्षा विभाग तथा समन्वय इकाइ प्रमुख दलबहादुर थापा मगरले बताए।

*यस वर्ष बलात्कारका घटनामा चार जना, यौन दुर्व्यवहारका घटनामा एक जना, बालविवाह घटनामा एक जना बालिका गरी ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहे। यौन दुर्व्यवहार घटनाका एक आरोपितलाई जिल्ला अदालतले २५ दिन कैद र ३ हजार रुपियाँ जरिवानाको फैसला सुनायो । बालविवाहका दुई आरोपितलाई जिल्ला अदालतले क्रमशः २ लाख रुपियाँ र १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।*

### यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७७ असार २९ गते यौन दुर्व्यवहार गरेको भन्दै बेनी नगरपालिका–६ चुत्रेनीका २३ वर्षीय सञ्जिव हमालविरुद्ध पीडित पक्षले असार २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार २ ९ गते बेनी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असार २९ गते घरबाट गिरफ्तार गऱ्यो । प्रहरीले आरोपित विरुद्ध साउन २२ गते जिल्ला अदालत, म्याग्दीमा जबरजस्तीकरणी उद्योग शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश माधवेन्द्रराज रेग्मीको साउन २३ गतेको इजालसले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गरेकोमा जिल्ला अदालत म्याग्दीका न्यायाधीश माधवेन्द्रराज रेग्मीको पुस २ गतेको इजलासले आरोपितलाई २५ दिन कैद र ३ हजार रुपियाँ जरिवाना तिराउने फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। प्रहरीले ४१ उजुरीमा मेलमिलाप गरायो भने चार उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय, म्याग्दीका इन्स्पेक्टर डाक्टरप्रसाद चौधरीले बताए।

*यस वर्ष घरेलु हिंसाका एक, बलात्कारका घटनामा तीन जना, बलात्कार प्रयासका घटनामा एकजना र यौन दुर्व्यवहार घटनामा दुई जना गरी सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका तीन जना र बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई*

*जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । एक जना आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो । दुर्व्यवहार घटनाका एक जना आरोपितविरुद्ध प्रहरीले विद्युतीय अपराध अन्तर्गत काठमाडौँ जिल्ला अदालतमा मुद्दा चलायो । परिवारजनबाट दुई जना महिलाको हत्या भयो । हत्या आरोपितहरू पुर्पक्षका लागि थुनामा छन् ।*

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सम्पत्ति क्षति

#### अन्यपक्षबाट

मालिका गाउँपालिका–६ तोलाबाङमा रहेको क्याराभान कन्स्ट्रक्सनको बा २ क ७४४ नम्बरको जेसिभी र पीसी २१० को बा २ क ९२१० नम्बरको एक्जाभेटरमा पहिचान नखुलेको समूहले २०७६ चैत २ गते राती आगजनी गरेको इलाका प्रहरी कार्यालय, दरवाङका इन्सपेक्टर राजेन्द्र अधिकारीले बताए । आगजनीबाट दुई ओटा मेसिन जलेर नष्ट हुँदा १ करोड ५० लाख रुपियाँको क्षति भएको निर्माण व्यवसायी संघ म्याग्दीका अध्यक्ष नारायण जिसीले बताए ।

### स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल, ४० स्वास्थ्य चौकी र एक प्राथामिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा यस वर्ष १५ डाक्टरको दरबन्दी भए पनि चार जनामात्र कार्यरत छन् । स्त्रीरोग विशेषज्ञको दरबन्दी रहेको भएपनि रिक्त छ । जिल्लाका स्वास्थ्य चौकीमा प्यारामेडिक्सको दरबन्दी १ सय ५८ रहेकोमा हाल ५८ रिक्त रहेको छ । त्यस्तै नर्सिङतर्फ १ सय २३ दरबन्दी रहेकोमा ३३ रिक्त रहेको स्वास्थ्य कार्यालय म्याग्दीका निमित्त प्रमुख एकनारायण लम्सालले बताए । जिल्लामा निर्माण गरिएको अस्थायी कोभिड अस्पताल २० बेडको रहेको छ । यस वर्षको अन्त्यसम्म जिल्लामा २ सय १ जना कोभिड–१९ बाट सङ्क्रमित भए । १ सय ७४ जना निको भए भने २४ जना सक्रिय सङ्क्रमित रहेका

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारवाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | १ |
| बलात्कार | | ४ | ४ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १ | ५ | ६ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | ३ | ३ |
| बलात्कारको प्रयास | | १ | १ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| घरेलु हिंसा | १ | | १ |
| जम्मा | १ | ६ | ७ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# ४.५ कास्की

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,४५,४२४ |
| महिला | २,८४,६८६ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ३ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ६ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १५,३३० |
| कामका लागि बाहिरिएका | ५७,३०५ |
| अपाङ्गता भएका | ५,२१५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ८२.०४ |
| आश्रित जनसङ्ख्या | १,५६,५१५ |

*यस वर्ष कास्की जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३९ जना महिला, नौ जना पुरुषसहित ४८ जना र राज्यपक्षबाट एक महिला, २५ जना पुरुषसहित २६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २३ जना र महिला अधिकार उल्लङ्घन घटनामा १९ जना पीडित भएको इन्सेकमा अभिलेख भयो ।*

## गिरफ्तारी

*यस वर्ष कास्कीबाट प्रतिबन्धित नेकपाका नौ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये जिल्ला अदालतले तीन जनालाई जनही ५ हजार रुपियाँ धरौटीमा, तीन जनालाई जनही ५०, ४० र ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो । तीन जनालाई जिल्ला प्रशासन कार्यालयले जनही ३ हजार रुपियाँ धरौटीमा रिहा गरेको थियो ।*

## कुटपिट/धम्की

यस वर्ष कास्की जिल्लाबाट कुटपिट घटनामा एक जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा कुटपिट घटनाका आरोपितलाई जिल्ला प्रशासन कार्यालयले ६ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो ।

## कारागार र बन्दी

कास्की कारागारको बन्दी क्षमता ४ सय २० जनाको छ । कारागारमा ५ सय ६७ कैदी र थुनुवा ३ सय ४९ जना छन् । महिला कैदी ४७ र २३ थुनुवा छन् । पुरुष ५ सय २० कैदी र थुनुवा ३ सय २६ रहेका छन् । कारागारमा ६ जना आश्रित बालिका रहेका छन् । ६५ वर्ष नाघेका १४ जना ज्येष्ठ नागरिक (पुरुष) रहेका छन् । कारागारमा पुरुष कक्षतर्फ कैदी बन्दी बढी हुँदा भऱ्याङको तल्लो भागमा समेत कोचिएर बस्नुपर्ने बाध्यता छ । कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको जिल्ला कारागार प्रमुख केशव लामिछानेले बताए । कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेबको दरबन्दी रहेको छ । कारागारमा महिलाहरूलाई तान बुन्ने, धागोबाट टोपी, स्वीटर बुन्ने तालिमको पनि

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | | १ | १ |
| गिरफ्तारी | | १ | १९ | ३० | | | |
| कुटपिट | | | | | | १ | १ |
| अभिव्यक्ति, भेला/सङ्गठित हुने अधिकार | | | ५ | ५ | | | |
| अमानवीय व्यवहार | | | १ | १ | | | |
| हत्या | | | | | | ३ | ३ |
| सबै प्रकारका जातीय विभेद | | | | | | १ | १ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| | बलात्कार | | | | ७ | | ७ |
| | यौन दुर्व्यवहार | | | | ११ | ३ | १४ |
| | बालविवाह | | | | १ | | १ |
| | जम्मा | | | | ३० | ३ | ३३ |
| महिला अधिकार | बलात्कार | | | | ६ | | ६ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | बेचबिखन तथा ओसारपसार | | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | | १० | | १० |
| | जम्मा | | | | १९ | | १९ |
| कूल जम्मा | | १ | ३५ | ३६ | ३९ | ९ | ४८ |

व्यवस्था गरिएको र उत्पादित सामान कारागारको गेटमा बिक्रीका लागि राख्ने गरिएको कारागार प्रमुख लामिछानेले बताए।

कोभिड माहामारीलाई कम गर्न भन्दै सर्वोच्च अदालतको चैत ७ गतेको पूर्ण बैठकले प्रति दिनको ३ सय रुपियाँ तिरेर सजाय किन्न सक्ने व्यवस्था लागू गर्ने निर्णय गरेपछि कास्की कारागारका १२ जना कैदी/बन्दी तोकिए बमोजिम रकम तिरी रिहा भए ।

### अभिव्यक्ति, भेला/सङ्गठित हुने अधिकार

पोखरा मनपा- १० निवासी नेपाल विद्यार्थी सङ्घ जनप्रिय क्याम्पसका कार्यकर्ताहरू २१ वर्षीय निर्दोषविक्रम पौडेल र पोखरा मनपा- ९ बस्ने २२ वर्षीय अशीम सुवेदीलाई २०७६ फागुन १२ गते पोखरा मनपा-७ स्थित पोखरा विमानस्थल नजिक प्रधानमन्त्रीलाई कालो झण्डा देखाउने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार गरिएकाहरूलाई वडा प्रहरी कार्यालय बैदाममा राखी फागुन १२ गते साँझ रिहा गरिएको जिल्ला प्रहरी कार्यलयका डिएसपी राजकुमार केसीले बताए।

अन्नपूर्ण गाउँपालिका- ३ लुम्ले निवासी समाजवादी विद्यार्थीका केन्द्रीय उपाध्यक्ष ३२ वर्षीय नेत्र चापागाई, पोखरा महानगरपालिका-१ बगर बस्ने ३१ वर्षीय रेशम सापकोटा, पोखरा मनपा-२८ कालिका बस्ने २५ वर्षीय विशाल तिमल्सिनालाई २०७६ फागुन १२ गते पोखरा मनपा-९ सभागृह चोकमा प्रधानमन्त्रीलाई कालो झण्डा देखाउने क्रममा प्रहरीले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी राजकुमार केसीले बताए । गिरफ्तार गरिएकाहरूलाई वडा प्रहरी कार्यालय, बैदाममा राखी फागुन १२ गते साँझ रिहा गरिएको डिएसपी राजकुमार केसीले बताए।

पोखरा महानगरपालिका-१९ निवासी राष्ट्रिय युवा सङ्घ कास्कीका सदस्य २९ वर्षीय वसन्त बास्तोलालाई २०७७ पुस १३ गते साँझ प्रहरीले पोखरा महानगरपालिका-९ स्थित पृथ्वीचोकमा मसाल जुलुस प्रदर्शन गर्ने क्रममा झडप हुँदा गिरफ्तार गऱ्यो। संसद विघटनको विरोधमा आन्दोलनरत नेकपाका पुष्पकमल दाहाल र माधवकुमार नेपाल पक्षधर युवा विद्यार्थीले मसाल जुलुस निकाल्ने क्रममा पृथ्वीचोकमा प्रहरीसँग झडप भएको थियो । झडपमा कोही पनि घाइते भएनन्। बास्तोलालाई वडा प्रहरी कार्यालय बैदाममा राखी एक घण्टापछि रिहा गरिएको जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी सुवास हमालले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, पोखरामा यस वर्ष दुनियावादी देवानीका १ सय ७८, दुनियावादी फौजदारीका ७२ र सरकारीवादी फौजदारीका ५ सय ६९ थान उजुरी परे । जसमा सरकारवादी फौजदारी १ सय ७७, दुनियावादी फौजदारीका १ सय २३ थान, सरकारवादी फौजदारीको ३ सय ९२ र सुरु क्षेत्राधिकारबाट ९४ थान मुद्दा जिम्मेवारी सरेर आएका थिए।

### जिल्ला अदालत

सात जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ८ सय ७४ मध्ये १ सय ५७ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ९७ मध्ये ५ सय १९ थान मुद्दा फैसला भए।

## बालअधिकार

### शिक्षाको अवस्था

कास्की जिल्लामा ३ सय ४५ आधारभूत र २ सय ८७ माबि रहेका छन्। पोखरा महानगरपालिकामा १ सय २७ आधारभूत र ७६ मावि छन् । ३२ हजार ५ सय ४१ बालक र २८ हजार ९ सय २४ बालिका भर्ना भए । दलित बालिका ७ हजार ९ सय ७१ र बालक ८ हजार १ सय ४३ छन्। जिल्लामा मावि ३ सय ८०, प्रावि १ हजार ६ सय २५ र निमावी तहमा ३ सय ८३ दरबन्दी रहेको छ। ३४ जना द्वन्द्व पीडित बालबालिकाले छात्रवृत्ति प्राप्त गरे । यस्तै वैदेशिक रोजगारीमा गएका परिवारका आधारभूत तह र माध्यमिक तहका ४४ जना बालबालिकाले ८ हजार र १२ हजार रुपियाँका दरले छात्रावृत्ति प्राप्त गरेको शिक्षा समन्वय इकाइका निलकण्ठ ढकालले बताए। कोभिड- १९ बाट प्रभावित बालबालिकालाई शिक्षाको पहुँच पुऱ्याउनका लागि अनलाइन शिक्षा प्रणाली अपानाइएको भएता पनि त्यसको प्रभावकारीता शहरी क्षेत्रमा मात्रै देखियो।

*यस वर्ष यौन दुर्व्यवहारका घटनामा १४ जना, बलात्कारका घटनामा सात, बालविवाहका घटनामा एक जना, बेचबिखन तथा ओसारपसार घटनामा एक जना बालिका गरी २३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा यौन दुर्व्यवहार घटनाका नौ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक आरोपितलाई बाल सुधार गृह सराङकोटमा पठायो भने आरोपितहरू एक जनालाई २ लाख रुपियाँ धरौटी, तीन जनालाई जनही ५० हजारु रुपियाँ धरौटीमा र एक जनालाई ३० हजार रुपियाँ धरौटी सहित साधारण तारिखमा रिहा गऱ्यो। बलात्कार घटनाका आठ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरो पितलाई जनही ४ लाख र ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। बालविवाहका एक आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। बेचबिखन तथा ओसारपसार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।*

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ४१ महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएकामा २०, खान/लाउन नदिएकोमा ४०, विवाह दर्ता र नागरिकता नबनाएको १४, अर्की पत्नि ल्याएर हेला गरेको १२ र सामान्य घर यसी झगडाका ५५ वटा घटना छन्। सेवा केन्द्र प्रमुख चोनु गुरुङका अनुसार गम्भीर प्रकृतिका फौजदारी अन्तर्गतका घटनाहरू भने कानुनी प्रक्रिया अनुरुप मुद्दा दर्ता गरिँदै आएको छ। मेलमिलाप भएका घटनामा फेरि पीडित फर्किएर आउने गरेका केही घटना छन्।

*यस वर्ष घरेलु हिंसाका घटनामा १० जना, बलात्कारका घटनामा ६ जना, यौन दुर्व्यवहार का घटनामा एक जना गरी १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका ६ जना र यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । बेचबिखन तथा ओसारपसार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।*

### सबै प्रकारका जातीय विभेद

पोखरा महानगरपालिका-१६ का ६० वर्षीय मोहन सुनारले पोखरा मनपा-१६ मा रहेको किरियापुत्री घरमा दलित समुदायलाई रोक लगाइएको भन्दै पोखरा महानगरपालिका-१६ बाटुलेचौरका ४० वर्षीय जनक थापा, ४३ वर्षीय देवबहादुर थापा र ४८ वर्षीय राम जिसीविरुद्ध २०७७ वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपितहरूलाई प्रहरीले वैशाख २३ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजकुमार केसीले बताए ।

आरोपितले दलित समुदायलाई काजकिरिया बस्न दिन मिल्दैन भनी ४९ वर्षीय दाजु सम्मरबहादुर सुनारको काजकिरिया गरिरहेका मोहन सुनारलाई घरमै पुगी छुवाछूतजन्य जातीय अपमान, गाली र धाकधम्की दिँदै सामुदायिक किरियापुत्री घरमा निषेध गरेको पीडितले बताए। प्रहरीले जातीय छुवाछूत अभियोगमा जिल्ला अदालत कास्कीमा वैशाख २६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दण्डपाणी शर्माको वैशाख ३१ गतेको इजलासले रामबहादुर जीसी, जनक थापा र देवबहादुर थापालाई जनही १ लाख ७० हजार रुपियाँ धरौटी राखी तारिखमा रिहा गर्ने आदेश दिएको र सोही दिन रिहा भएको कास्की जिल्ला अदालतका कार्यवाहक श्रेस्तेदार हरिश्चन्द्र गौतमले बताए । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालका श्रेस्तेदार रामप्रसाद पौडेलले बताए।

## स्वास्थ्यको अधिकार

कास्की जिल्लामा चार अस्पताल, एक सामुदायिक अस्पताल, ४३ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य चौकी र १८ नगर स्वास्थ्य केन्द्र रहेका छन्। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ६० जना मेडिकल कन्सल्टेन्टको दरबन्दी रहेकोमा २६ रिक्त रहेको छ। कास्कीको रूपा, अन्नपूर्ण र मादी गाउँपालिकामा अस्पताल शिलान्यास भयो भने माछापुच्छ्रे गाउँपालिका अस्पताल भवनका लागि जमिनको टुङ्गो नलागेकाले शिलान्यास हुन सकेन।

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, सरुवा तथा संक्रामक रोग अस्पताल कोभिड अस्पतालको रूपमा रहेका थिए भने निजीतर्फ गण्डकी मेडिकल कलेज, लेकसिटी अस्पताल, फिस्टेल अस्पताल अस्पतालमा केही बेड कोभिड संक्रमितका लागि व्यवस्थापन गरिएको थियो । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठनमा दैनिक ७ सयको हाराहारीमा स्वास्थ्य बीमा सेवा लिन जाने नागरिकहरूका लागि सेवाप्रक्रिया झन्झ्टिलो रहेको छ। प्रतिष्ठानका अनुसार प्रमुख अर्जुन आचार्यका अनुसार कोभिड १९ पछि भने सेवा लिने सेवाग्राहीको सङ्ख्यामा कमी आएको छ।

जिल्लामा कोभिड- १९ सङ्क्रमितको सङ्ख्या ६ हजार ७ सय ४४ रहेको छ । जसमा ६ हजार २३ जना निको भएका छन् भने १ सय ७ जनाको मृत्यु भएको छ। जिल्लामा ६ वटा कोभिड अस्पताल रहेका छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अद्यावधिक रहेको पाइएन । पुस १६ गतेसम्म जिल्लामा ६ हजार ७ सय ४४ जना सङ्क्रमित भए।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बलात्कार | ७ | ७ |
| यौन दुर्व्यवहार | १२ | १२ |
| बालविवाह | १ | १ |
| जम्मा | २१ | २१ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बलात्कार | | ६ | ६ |
| यौन दुर्व्यवहार | | १ | १ |
| घरेलु हिंसा | १० | | १० |
| जम्मा | १० | ८ | १८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ४.६ लमजुङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,६४,१५७ |
| महिला | ९१,०४९ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २७,८९५ |
| कामका लागि बाहिरिएका | २१,१६१ |
| अपाङ्गता भएका | ४,७४५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७१.१ |
| आश्रित जनसङ्ख्या | ७१,८९९ |

*यस वर्ष लमजुङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३२ जना महिला, दुई जना पुरुषसहित ३४ जना र राज्यपक्षबाट ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना र महिला अधिकार उल्लङ्घन घटनामा १७ जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष लमजुङबाट प्रतिबन्धित नेकपाका ६ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गर्‍यो। गिरफ्तार गरिएकाहरूलाई जिल्ला अदालतले साधारण तारिखमा रिहा भए लगत्तै प्रहरीले पुनः गिरफ्तार गर्‍यो ।*

रोल्पा जिल्ला गङ्गादेव गाउँपालिका घर भएका प्रतिबन्धित नेकपाका लमजुङ जिल्ला इन्चार्ज ४२ वर्षीय जङ्गबहादुर भण्डारी (आक्रोश), दोर्दी गाउँपालिका–७ निवासी जिल्ला सेक्रेटरी ४६ वर्षीय बिलबहादुर गुरुङ (गौरव), मध्यनेपाल नगरपालिका–४ निवासी जिल्ला सदस्य ६२ वर्षीय नारायणबहादुर कुँवर, राइनस नगरपालिका–६ निवासी जिल्ला सदस्य ३४ वर्षीय रविन्द्र नखोला, दोर्दी गाउँपालिका–७ का २२ वर्षीय दुर्गालाल तामाङ र मध्यनेपाल नगर पालिका–१० निवासी जिल्ला सदस्य सुजन थापालाई २०७७ मङ्सिर ८ गते जिल्ला प्रहरी कार्यालय, लमजुङबाट खटिएको प्रहरीले दोर्दी गाउँपालिका–८ खिन्चोकबाट विस्फोटक पदार्थ, नगद रसिदको प्याड र सिसाको छर्रासहित गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी गंगाबहादुर थापाले बताए । उनीहरूको स्वास्थ्य परीक्षण मङ्सिर ९ गते जिल्ला सामुदायिक अस्पतालमा भएको जिल्ला सामुदायिक अस्पतालका प्रमुख हेमन्त श्रेष्ठले बताए । प्रहरीले उनीहरू विरुद्ध मङ्सिर ३० गते जिल्ला अदालतमा विष्फोटक पदार्थ र चन्दासम्बन्धी मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालतको पुस १ गतेको आदेशले उनीहरूलाई साधारण तारिखमा रिहा गरेलगत्तै अदालत परिसरबाट प्रहरीले पुनः गिरफ्तार गरी तनहुँको खैरेनीटार लगिएको जिल्ला अदालतका श्रेस्तेदार उदयराज काफ्लेले बताए। तनहुँमा उनीहरू विरुद्ध अभद्र व्यवहारमा मुद्दा थियो।

## कारागार र बन्दी

लमजुङ कारागारको बन्दी क्षमता ३५ जनाको छ । कारागारमा कैदी/बन्दी गरी ८५ जना छन् । महिला नौ र पुरुष ७६ रहेका छन् । कारागारमा आश्रित बालबालिका छैनन् । कारागारको क्षमता महिला १० जना र पुरुष २५ जनाको हो । कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । कैदी/बन्दीका आफन्तजनलाई भेटघाटगर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीलगायत पुस्तकालयको व्यवस्था गरिएको जेलर रामवीर साहले बताए । ७० वर्ष नाघेका ज्येष्ठ नागरिक कैदी/बन्दी कारागारमा छैनन् ।

बन्दीहरू बिरामी हुँदा कारागारमै रहेका स्वास्थ्यकर्मीबाट उपचार गरिन्छ । यस वर्ष राष्ट्रिय मानवअधिकार आयोग र इन्सेकले तीन पटक कारागार अनुगमन गरे । क्षमता भन्दा बढी सङ्ख्यामा कैदी भएको हुँदा शौचालय फोहोर हुनुका साथै कैदी/बन्दीहरूलाई सुत्नको लागि समस्या भएको अनुगमनका क्रममा पाइयो ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ६ | ६ | | | |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| हत्या | | | | ३ | | ३ |
| बाल अधिकार | नवजात शिशुको हत्या | | | | १ | १ |
| | बलात्कार | | | ९ | | ९ |
| | यौन दुर्व्यवहार | | | ४ | | ४ |
| | जम्मा | | | १३ | १ | १४ |
| महिला अधिकार | 'बोक्सी'को आरोपमा | | | १ | | १ |
| | बलात्कार | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | १३ | | १३ |
| | जम्मा | | | १७ | | १७ |
| कूल जम्मा | | ६ | ६ | ३३ | ३ | ३४ |

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ८० मध्ये ५२ थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ २ सय ४९ मध्ये २ सय २९ थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १६ थान छन् भने देवानी मुद्दा ४७ थान बाँकी छ । सन् २०१९ को जिम्मेवारी सरेर आएका र सन् २०२० को १ सय ८१ थान मुद्दामध्ये कुल १ सय २५ थान मुद्दा फैसला भए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ६८ आधारभूत र १ सय २३ माविं छन् । १ हजार ९ सय ९० शिक्षक दरबन्दी रहेकामा ९७ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ । यस वर्ष १९ हजार ७ सय ६९ बालक र २१ हजार ८ सय ५६ जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका ३० बालबालिका भर्ना भएका थिए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय ५८ ओटा रहेका छन् । द्वन्द्वपीडित परिवारका १५ जना बालबालिकाले यस वर्ष छात्रवृत्ति पाएका छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख बीरबहादुर गुरुङले बताए । यस वर्ष जिल्लाभर ५ हजार ३ सय ८ दलित बालक र ४ हजार ९ सय ५७ दलित बालिका विद्यालय भर्ना भए । त्यसमध्ये ८ हजार ७ सय ६५ दलित विद्यार्थी मध्ये ४ हजार १ सय ७२ छात्रा र ४ हजार ५ सय ९३ छात्र रहेका छन् ।

*यस वर्ष बलात्कारका घटनामा नौ जना, यौन दुर्व्यवहारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका सात जना, यौन दुर्व्यवहार घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । १४ दिनको नवजात शिशुको हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेका दुई जना पुर्पक्षका लागि थुनामा छन् ।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ४१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, लमजुङमा उजुरी दर्ता गराए । जसमा घरनिकाला गरेर माइती बस्दै आएका नौ जनामा सबै घरमा गएर बसेका महिला सेल प्रमुख नन्दु

अधिकारीले बताइन् । खाना लाउन नदिएको भनी १८ जनाले निवेदन दिएकोमा ११ उजुरीमा मेलमिलाप भएको र सात जना उजुरीकर्ता सम्पर्कमा नआएको अधिकारीले बताइन्।

*यस वर्ष लमजुङ जिल्लामा घरेलु हिंसाका घटनामा १३ जना, बलात्कारका घटनामा एक जना र यौन दुर्व्यवहार घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । परिवाजनबाट एक जना महिलाको हत्या भएको अभिलेख भयो । घटनाका आरोपित यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहे।*

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, दुई वटा सामुदायिक अस्पताल, ५९ स्वास्थ्य चौकी, ११ प्राथमिक स्वास्थ्य केन्द्र, १६ नगर स्वास्थ्य केन्द्र र आठ सामुदायिक स्वस्थ्य इकाइ रहेको छ । डाक्टरको ६ जना दरबन्दी रहेकोमा तीन जना मात्र कार्यरत छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा विशेषज्ञको दरबन्दी छैन । १ सय ३४ स्टाफ नर्स र अनमीको दरबन्दीमा ३१ खाली छन् भने १ सय ३ कार्यरत छन्। त्यसैगरी जिल्लामा हेल्थ असिसटेन्ट र अहेव गरी १ सय ९७ रहेकोमा १ सय ५६ जना कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको अद्यावधिक विवरण जिल्ला स्वास्थ्य कार्यालयमा नआइपुगेको कार्यालय प्रमुख अमर दवाडीले बताए । जिल्लामा स्वस्थ्य बिमा कार्यक्रम सञ्चालनमा आएको छैन।

यस वर्षको अन्त्यसम्म जिल्लामा कोभिड-१९ बाट ८ सय ७३ जना सङ्क्रमित रहेका छन् भने ७ सय ५६ जना निको भएका छन्। पाँच जनाको मृत्यु भयो। वर्षको अन्त्यसम्म १ सय १२ जना सक्रिय सङ्क्रमित रहेका छन्।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| नवजात शिशुको हत्या | १ | १ |
| बलात्कार | ७ | ७ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | १२ | १२ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अपूर्ण | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढाइएका | जम्मा |
| 'बोक्सी'को आरोपमा | १ | | | | १ |
| बलात्कार | | | १ | | १ |
| यौन दुर्व्यवहार | | | २ | | २ |
| घरेलु हिंसा | १० | १ | | २ | १३ |
| जम्मा | ११ | १ | ३ | २ | १७ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# ४.७ तनहुँ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,२६,७४५ |
| महिला | १,८४,६६४ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ४७,५३५ |
| कामका लागि बाहिरिएका | ४६,३८७ |
| अपाङ्गता भएका | ६.६६८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७४.०८ |
| आश्रित जनसङ्ख्या | १,४१,३०० |

*यस वर्ष तनहुँ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५७ जना महिला, ६ जना पुरुषसहित ६३ जना र राज्यपक्षबाट तीन महिला, २४ जना पुरुषसहित २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २० जना र महिला अधिकार उल्लङ्घन घटनामा ३४ जना पीडित भयो।*

## गिरफ्तारी

*यस वर्ष तनहुँबाट प्रतिबन्धित नेकपाका दुई जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये जिल्ला प्रशासन कार्यालयले दुई जनालाई जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। प्रहरीले एक जनालाई पुनः गिरफ्तार गरी गोरखा जिल्ला पठाएको घटना इन्सेकले अभिलेख गऱ्यो।*

बन्दीपुर गाउँपालिका–६ निवासी प्रतिबन्धित नेकपाका तनहुँ जिल्ला इन्चार्ज ४० वर्षीय पूर्णजित पुन र बन्दिपुर गाउँपालिका–४ निवासी प्रतिबन्धित नेकपाका जिल्ला सदस्य १८ वर्षीय पर्वत सेढाइँलाई ०७६ माघ २८ गते राती प्रहरीले म्याग्दे गाउँपालिका–२ जामुनेबाट गिरफ्तार गऱ्यो। उनीहरूको स्वास्थ्य परीक्षण सोही राती नै दमौली अस्पतालमा भयो। प्रतिबन्धित नेकपाले फागुन १ गते जनयुद्ध दिवस मनाउन प्रचार प्रसारका लागि पोष्टर टाँस्दै गरेका पुन र सेढाइँलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय, तनहुँका एसपी बिनोद सिलवाललेे बताए। गिरफ्तार भएका दुवैलाई माघ २९ गते जिल्ला प्रशासन कार्यालयबाट म्याद थप गरी थप अनुसन्धानका लागि हिरासतमा राखिएकोमा फागुन २८ गते जिल्ला प्रशासनले ५ हजार रुपियाँ धरौटी राखी तारिखमा रिहा गर्ने आदेश दियो। सेढाइ ५ हजार रुपियाँ धरौटी बुझाइ सोही दिन रिहा भए भने प्रशासनको आदेश विपरीत पुनलाई फागुन २८ गते प्रहरीले पुनः गिरफ्तार गरी गोरखा पठायो। उनीविरुद्ध मुद्दा रहेको कारण गोरखा पठाइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी लीलाराज लामिछानेले बताए।

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता १ सय ५ जनाको छ। कारागारमा कैदी १ सय ८७ जना र थुनुवा ८२ जना गरी जम्मा २ सय ६९ जना छन्। कारागार मा आश्रित बालबालिका छैनन्। ६० वर्षमाथिका १८ जना पुरुष र ७० वर्षमाथिका ६ जना पुरुष ज्येष्ठ नागरिक रहेका छन्। कारागारमा क्षमता भन्दा धेरै कैदी/बन्दी रहेको कारण कोचिएर बस्नुपर्ने बाध्यता छ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | | १ | १ |
| गिरफ्तारी | | | ३ | ३ | | | |
| कुटपिट | | | ३ | ३ | | ३ | ३ |
| अभिव्यक्ति, भेला/सङ्गठित हुने अधिकार | | ३ | १८ | २१ | | | |
| अमानवीय व्यवहार | | | १ | १ | | | |
| हत्या | | | | | ३ | ३ | ६ |
| बाल अधिकार | विद्यालयमा शारीरिक सजाय | | | | १ | | १ |
| | बलात्कार | | | | १५ | | १५ |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | बालविवाह | | | | १ | | १ |
| | जम्मा | | | | २० | | २० |
| | बलात्कार | | | | ४ | | ४ |
| | घरेलु हिंसा | | | | ३० | | ३० |
| | जम्मा | | | | ३४ | | ३४ |
| कूल जम्मा | | ३ | २४ | २६ | ५६ | ६ | ६३ |

कैदी/बन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको, खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री, पुस्तकालयको व्यवस्था गरिएको सूचना अधिकारी नारायणप्रसाद अधिकारीले बताए । यस वर्ष राष्ट्रिय मानव अधिकार आयोग र इन्सेकले कारागार अनुगमन गरेका थिए । कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्नुपर्ने विषय अनुगमनका क्रममा कैदी बन्दीले ध्यानाकर्षण गराए ।

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

पूर्व सभामुख/पूर्व उपप्रधानमन्त्री एवं नेपाली कांग्रेसका वरिष्ठ नेता ७६ वर्षीय रामचन्द्र पौडेल, भीमाद नपा–४ घर भएका ५५ वर्षीय जितप्रकाश आले, भीमाद नपा– ६ घर भएका भीमाद नगर सभापति ४० वर्षका आनन्ददेव श्रेष्ठ, भीमाद नगर कोषाध्यक्ष ३८ वर्षका चित्र राना, भीमाद कार्यसमितिका पूर्वसचिव ३७ वर्षीय अरविन श्रेष्ठ, नेविसंघ आदिकवि क्याम्पस इकाइका सचिव व्यास नपा– १३ का २८ वर्षीय गौरव पन्थ, जनज्योति क्याम्पस, भीमादका स्ववियु सभापति भीमाद नपा–५ का २५ वर्षीय सुनिल श्रेष्ठ, नेपाल महिला संघ व्यास नगर सचिव व्यास नपा–४ की ४० वर्षीया नारायणी अधिकारी, मानव अधिकार सङ्गठन तनहुँकी अध्यक्ष व्यास नपा–२ की ४० वर्षीया कल्पना लम्साल, नेविसंघ जिल्ला सदस्य भीमाद नपा–६ का २६ वर्षीय सुरज लम्साल र तरुण दलका कार्यकर्ता व्यास नपा–२ का ४० वर्षीय सुरेश वाग्लेलाई ०७७ मङ्सिर १७ गते व्यास नपा– १ तालघरेबाट प्रहरीले गिरफ्तार गऱ्यो । व्यास नपा १ र १० जोड्ने बुल्दी खोलाको पुल उद्घाटन गर्न जाने क्रममा प्रहरीले नेता पौडेलसहितका कार्यकर्तालाई गिरफ्तार गरेको नेपाली कांग्रेसले जनायो । उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखी तीन घन्टापछि रिहा गरिएको थियो । सो क्रममा भएको झडपमा संविधानसभाका सदस्य व्यास नपा– ११ घर भएका ७० वर्षीय रामचन्द्र पोखेल, नेपाली कांग्रेसका जिल्ला सचिव भानु नगरपालिका घर भएका ५२ वर्षीय लक्ष्मी आचार्य, बन्दिपुर गाउँपालिका घर भएका महासमिति सदस्य ५५ वर्षका

*गिरफ्तार गरिएका*
*नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल*

रामचन्द्र अधिकारी, व्यास नपा–३ निवासी नेपाल महिला संघ जिल्ला सभापति एवं जिल्ला समन्वय समितिकी उपप्रमुख ५० वर्षीया पवित्रा पौडेल, महासमिति सदस्य एवं ऋषिङ गाउँपालिकाका अध्यक्ष ४५ वर्षीय राजेन्द्रकृष्ण श्रेष्ठ, व्यास नपा १ घर भएका नेपाल ट्रेड युनियन कांग्रेसका जिल्ला सभापति ४५ वर्षीय सूर्यचन्द्र हड्खले घाइते भएको नेपाली कांग्रेस तनहुँले जनायो। घाइतेहरूको स्थानीय मेडिकलमा उपचार भयो। पुल उद्घाटन गर्ने विषयमा सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेसबिच विवाद भई झडपसमेत हुन सक्ने सम्भावना भएको भन्दै जिल्ला प्रशासन कार्यालयले पुल उद्घाटन हुने क्षेत्र तालघरे वरपर मध्यान्न १२ बजेदेखि साँझ ६ बजेसम्म निषोधाज्ञा जारी गरेको थियो। निषेधाज्ञाको उल्लंघन गर्दै नेपाली कांग्रेसका वरिष्ठ नेता पौडेलको नेतृत्वमा सयौँ नेपाली कांग्रेसका कार्यकर्ता पुल उद्घाटन गर्न गएपछि उनीहरूलाई नियन्त्रणमा लिनुपरेको जिल्ला प्रहरी कार्यालयका एसपी अरुण पौडेलले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ३० मध्ये २९ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ६ सय २५ मध्ये २ सय ९७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका ३४ थान मुद्दा मध्ये फौजदारी मुद्दा १० थान छन् भने देवानी मुद्दा २४ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका २ सय १५ र सन् २०२० को ८ सय ९४ थान मुद्दामध्ये कुल ४ सय २९ थान मुद्दा फैसला भए भने ४ सय ६५ मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा ३ सय १५ प्रावि, ७३ आधारभूत र १ सय ८ सामुदायिक मावि छन्। कोभिड–१९ को जोखिमको कारण यस वर्ष सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीको आधिकारिक तथ्याङ्क कुनै पनि स्थानीय तह र जिल्ला शिक्षा समन्वय इकाइसँग छैन। यस वर्ष विद्यार्थी भर्ना अभियान सञ्चालन भएन। शैक्षिक संस्थाहरू पूर्णरूपमा बन्द हुँदा सदरमुकामका केही शैक्षिक संस्थाहरूले अनलाइन प्रविधिको माध्यमबाट जेठ पहिलो सातादेखि पठन पाठन सुचारु गरेका थिए भने ग्रामीण क्षेत्रका विद्यालयहरूमा अनलाइन प्रविधिको प्रयोग भएन।

*यस वर्ष यौन दुर्व्यवहारका घटनामा तीन जना, बलात्कारका घटनामा १५ जना, बालविवाहका घटनामा एक जना बालिका र विद्यालयमा शारीरिक सजायबाट एक जना गरी २० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका तीन जना आरोपितहरूलाई जिल्ला अदालतले जनही १ लाख, ४५ हजार, ५० हजार रुपियाँ धरौटी राखी साधारण तारिखमा रिहा गर्ने आदेश दियो। बलात्कार घटनाका १० जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई तारिखमा अभिभावकको जिम्मामा, एक जना आरोपितलाई बाल सुधार गृह पोखरामा पठायो भने एक जना आरोपित जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहे।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडितभन्दै ४२ जनाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएको ३५ वटा दर्ता भएको मा २८ उजुरी मेलमिलाप भयो। पाँच उजुरी अदालत गयो भने सात वटा बाँकी नै रहेको छ। त्यसैगरी गालीगलौज गरेको तथा वास्ता नगरेको भन्दै सात उजुरी दर्ता भएकोमा सबैमा मेलमिलाप भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रमुख प्रहरी निरीक्षक सविता केसीले बताइन्। प्रहरी कार्यालयमा मेलमिलाप भएर गएकाहरू पुनः निवेदन लिएर आएका छैनन्। मेलमिलाप नभई अदालती प्रक्रियामा गएकाहरूको मुद्दा कानुनी प्रक्रियामा नै रहेको छ। निवेदनकै आधारमा प्रहरी कार्यालयबाट कारबाही भएको छैन। मेलमिलापको लागि प्रहरीको भूमिका नभएको जिल्ला प्रहरी कार्यालयका एसपी अरुण पौडेलले बताए। बाहिरबाट नै मेलमिलाप गरी प्रहरीमा कागज गर्नेहरू धेरै हुने गरेका छन्। केही प्रहरीकै रोहबरमा मेलमिलाप गरेको पनि पाइन्छ। तर, कसैलाई पनि मेलमिलापको लागि दबाब वा प्रोत्साहन नदिने एसपी पौडेलले बताए। सबै उजुरीको विषयमा दुवै पक्षबिच पहिलो चरणमा छलफल गराइने र पीडितको इच्छा अनुसार कानुनी प्रक्रिया या मेलमिलापमा जाने भन्ने निर्णय हुने उनले बताए।

*यस वर्ष घरेलु हिंसाका घटनामा ३० जना, बलात्कारका घटनामा चार जना महिला पीडित भएको*

*इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका दुई जना आरोपित मध्ये एक जनालाई जिल्ला अदालतले साढे सात वर्ष कैद र ५० हजार रुपियाँ जरिवाना, एक जनालाई जन्मकैदको फैसला सुनायो भने एक जनालाई पुर्पक्षका लागि थुनामा र एक जना आरोपितलाई बाल सुधार गृह पोखरामा पठाउने आदेश दियो ।*

**बलात्कार**

४७ वर्षीया महिलालाई ०७७ असोज ५ गते बलात्कार गरेको पुरुष ३० वर्षीय विरुद्ध पीडितले असोज ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । प्रहरीले घटना पश्चात फरार रहेका आरोपितलाई असोज १९ गते घरबाटै गिरफ्तार गऱ्यो । प्रहरीले आरोपित विरुद्ध असोज १९ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो । पीडितको असोज ७ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो । जिल्ला अदालतले ०७७ कात्तिक १५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो । जिल्ला अदालतका न्यायाधीश बासुदेव पौडेलको इजलासले आरोपितलाई पुस १४ गते जन्मकैदको फैसला सुनायो ।

## आर्थिक सामाजिक तथा साास्कृतिक अधिकार

**सम्पत्ति क्षति**

भीमाद नपा–५ मिर्छुलुङमा रहेको एनसेलको टावरमा ०७६ पुस २६ गते राती पहिचान नखुलेको समूहले आगजनी गऱ्यो । आगजनीबाट टावरको सबै उपकरण जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय भीमादका प्रमुख प्रहरी नायब निरीक्षक भेषराज रेग्मीले बताए । आगजनीबाट टावरको जेनेरेटर, ब्याट्री, टावरका तार लगायतका सामग्री जलेको थियो । आगजनी कसले र किन गरेको भन्ने विषयमा थाहा नभएको र आगजनी गर्नेको खोजी कार्य तीब्र पारिएको प्रहरीले जनायो । यस वर्षको अन्त्यसम्म आगजनी कस्ले गरेको भन्ने बारेमा कुनै पहिचान नभएको रेग्मीले बताए ।

## स्वास्थ्य सेवाको अवस्था

तनहुँमा तीन वटा अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ५० स्वास्थ्य चौकी र १ सय १३ वटा आधारभुत स्वास्थ्य केन्द्र छन् । २३ जना डाक्टर दरबन्दी रहेकोमा सात जना नै कार्यरत छन् भने करार सेवामा थप १० जना डाक्टर कार्यरत छन् । हेल्थ असिस्टेन्ट २ सय २० जना दरबन्दी रहेकोमा स्थायीतर्फ १ सय ६ जना र करारतर्फ ५८ जना कार्यरत छन् । स्टाफ नर्स १ सय ८९ जना दरबन्दी रहेकोमा स्थायीतर्फ ९६ जना र करारतर्फ ७१ जना कार्यरत रहेका छन् । ल्यावतर्फ १० जनाको दरबन्दी रहेकोमा सात जना कार्यरत छन् । तनहुँमा प्रति डाक्टर जनसङ्ख्याको अनुपात ६८ हजार ७ सय ८१ रहेको स्वास्थ्य कार्यालय, तनहुँले जनायो । त्यसैगरी स्टाफ नर्सको अनुपात २ हजार ५९ रहेको छ । त्यसैगरी १ लाख ७१ हजार ४ सय ५१ जनसङ्ख्याको लागि १ वटा अस्पताल, ८१ हजार ५ सय ४८ जनसङ्ख्याको लागि एक वटा प्राथमिक स्वास्थ्य केन्द्र, ८ हजार ५ सय ५ जनसङ्ख्याको लागि एक वटा स्वास्थ्य चौकी रहेको स्वास्थ्य कार्यालय, तनहुँका प्रमुख शंकरबाबु अधिकारीले बताए ।

**कोभिडको अवस्था**

तनहुँमा २ हजार ८ सय ८२ जना महिला र ९ हजार ४ सय ५४ जना पुरुष गरी १२ हजार २ सय ७६ जनाको स्वाव परीक्षण गरिएकोमा ४ सय ५ जना महिला र ९ सय ७७ जना पुरुष गरी १ हजार ३ सय ८२ जनालाई कोरोना सङ्क्रमण भएको थियो । संक्रमित मध्ये १ हजार ३ सय ७ जना निको भयो भने सक्रिय सङ्क्रमितको सङ्ख्या ५१ रहेको छ । २९ जनालाई सङ्क्रमितलाई थप उपचारको लागि जिल्ला बाहेक कास्की, चितवन र काठमाडौँ पठाइएको छ । यस्तै तनहुँमा ७ जना महिला र १७ जना पुरुष गरी २४ जनाको कोभिडको कारण मृत्यु भएको स्वास्थ्य कार्यालय तनहुँले जनायो । तनहुँमा बन्दीपुर अस्पताल, दमौली अस्पताल र जी पी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई कोभिड अस्पताल बनाइएको छ । कोभिड अस्पताल भए पनि ती अस्पतालहरूमा कोभिड बाहेकका अन्य स्वास्थ्य सेवाहरू पनि उपलब्ध भइरहेको छ ।

यस वर्षको अन्त्यमा देवघाट गाउँपालिका, म्याग्दे गाउँपालिका, भीमाद नगरपालिका र शुक्लागण्डकी नगरपालिकामा १०–१० शैयाको अस्पताल शिलान्यास भयो भने भानु नगरपालिकामा अस्पताल बनाउने स्थानको विषयलाई लिएर विवाद हुँदा शिलान्यास हुन नसकेको नगरापलिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रदेव पाण्डेले बताए ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| बलात्कार | १३ | | १३ |
| यौन दुर्व्यवहार | ३ | | ३ |
| बालविवाह | १ | | १ |
| जम्मा | १६ | १ | १७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | | २ | ४ |
| घरेलु हिंसा | १ | २५ | ४ | ३० |
| जम्मा | ३ | २५ | ६ | ३४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | ४ | ६ |

# ४.८ नवलपरासी पूर्व




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,२१,७५५ |
| महिला | १,६५,५१७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | उपलब्ध नभएको |
| कामका लागि बाहिरिएका | उपलब्ध नभएको |
| अपाङ्गता भएका | उपलब्ध नभएको |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७०.७६ |
| आश्रित जनसङ्ख्या | उपलब्ध नभएको |

*यस वर्ष नवलपरासी पूर्व जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३५ जना महिला, पाँच जना पुरुषसहित ४० जना र राज्यपक्षबाट एक महिला, चार जना पुरुषसहित पाँच जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना र महिला अधिकार उल्लङ्घन घटनामा १८ जना पीडित भए।*

### नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

### गोली प्रहारबाट घाइते

**राज्यपक्षबाट**

मध्यविन्दु नपा–२ नन्दपुरका ३४ वर्षीय प्रेम महतो २०७६ फागुन २४ गते कोल्हुवा प्रहरी चौकी मध्यविन्दु नपा– ३ का सई गङ्गाराम कोइरीले चलाएको गोली लागेर घाइते भए । महतो को कोखा र गोडामा गोली लागेको थियो । घाइते महतोको उपचार भरतपुर चितवनमा रहेको पुरानो मेडिकल कलेजमा फागुन २४ देखि चैत ११ गतेसम्म भयो। सई कोइरीको नेतृत्वमा गस्तीमा रहेको टोलीमाथि ढुङ्गामुढा सहित खुकुरी प्रहार गर्न खोज्दा प्रहरीले आत्मरक्षाका लागि गोली प्रहार गरेको जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वका एसपी दीपक रेग्मीले बताए । गस्तीमा रहेको टोलीले एउटा मोटरसाइकलमा तीन जना चढेर आएको देखेपछि रोकेर चेकजाँच गर्न खोज्दा नरोकी भाग्न खोजेको र मोटरसाइकलले सई कोइरीलाई लडाउनुका साथै ढुङ्गा प्रहार गरेपछि आत्मरक्षाका लागि गोली चलाएको एसपी रेग्मीले बताए । उनीहरूको साथबाट एक थान खुकुरी र उनीहरूले प्रयोग गरेको ना ४९ प ६५१३ नम्बर को मोटरसाइकल बरामद गरेको रेग्मीले बताए । नवलपरासी (सुस्ता पूर्व) को जिल्ला प्रशासन कार्यालयले उपचार खर्च भुक्तानीको लागि गृह मन्त्रालयमा साउन ११ गते आवश्यक कागजात पेस गरेको छ । भदौ २१ गते पुनः पत्र पठाइयो । यो वर्षको अन्त्यसम्म उपचारको खर्च अस्पतालमा भुक्तानी नभएको र लेखापढी भइरहेको जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रशासकीय अधिकृत आनन्द भुसालले बताए।

### गिरफ्तारी

*यस वर्ष नवलपरासी पूर्वबाट प्रतिबन्धित नेकपाका चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये जिल्ला प्रशासन कार्यालयले एक जनालाई*

*२ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएपछि पुनः गिरफ्तार गरियो भने एक जनालाई ७ हजार रुपियाँ धरौटीमा र एक जनालाई साधारण तारिखमा रिहा गरेको इन्सेकले अभिलेख गऱ्यो।*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | ३ | ४ | | | |
| घाइते | | | १ | १ | | | |
| कुटपिट | | | | | | ३ | ३ |
| हत्या | | | | | १ | १ | ३ |
| बाल अधिकार | विद्यालयमा शारीरिक सजाय | | | | | १ | १ |
| | बलात्कार | | | | १३ | | १३ |
| | यौन दुर्व्यवहार | | | | ३ | १ | ४ |
| | बाल विवाह | | | | १ | | १ |
| | जम्मा | | | | १६ | ३ | १८ |
| महिला अधिकार | बलात्कार | | | | ६ | | ६ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | घरेलु हिंसा | | | | ११ | | ११ |
| | जम्मा | | | | १८ | | १८ |
| कूल जम्मा | | १ | ४ | ५ | ३५ | ५ | ४० |

## कुटपिट

**अन्यपक्षबाट**

सुस्ता गाउँपालिका–३ का कृष्णप्रसाद आचार्यलाई २०७७ साउन २८ गते विद्यालयको शिक्षण शुल्कवापतको बक्यौता रकम भुक्तानी नगरेको भन्दै विनयी त्रिवेणी गाउँपालिका– ६ रानीनगर स्थित उज्वल शिशु इङ्ग्लिस सेकेन्डरी स्कुलका प्रिन्सिपल दीपक कुँवरले कुटपिट गरे । पीडित पक्षले साउन ३१ गते इलाका प्रहरी कार्यालय, दुम्कीबासमा उजुरी दियो । कुटपिटबाट आचार्यको दाहिने खुट्टाको जोर्नी खुस्किएको पीडित आचार्यका छोरा लक्ष्मण आचार्यले बताए । आचार्यको लुम्बिनी सिटी अस्पताल, बुटवलमा साउन २८ देखि असोज २ गतेसम्म उपचार भयो । पीडित पक्षले भदौ १० गते आरोपित कुँवरविरुद्ध जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा अंगभंग शीर्षकमा उजुरी दर्ता गरायो। घटनापछि फरार रहेका आरोपितलाई प्रहरीले २०७७ असोज २० गते गाउँबाट गिरफ्तार गऱ्यो । जिल्ला अदालतले आरोपितलाई असोज २७ गते १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो । यस वर्षको अन्त्यसम्म मुद्दा फैसलानभएको जिल्ला अदालतका नायब सुब्बा सन्तोष सिग्देलले बताए।

## कारागार र बन्दी

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा कारागार नरहेको कारण यस जिल्लाबाट कारागार चलान भएकाहरूलाई छिमेकी जिल्ला चितवन र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका जिल्ला कारागारहरूमा पठाउने गरिएको डिएसपी मोहन बहादुर खाँणले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई न्यायाधीश रहेको नवलपुर जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय ६० जना मध्ये ७५ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ७ सय ६९ मध्ये २ सय २१ थान मुद्दा फैसला भए। गत वर्षको जिम्मेवारी सरेर आएका ७ सय ८४ र यस वर्षको ४ सय ५५ थान मुद्दामध्ये कुल ३ सय ८ थान मुद्दा फैसला भए। ९ सय ३१ मुद्दा बाँकी छन्। यस वर्ष कोभिड–१९ को कारण लकडाउनको अवधिमा इजालास स्थगित भएका कारण यो अवधिमा मुद्दा फैसलाको सङ्ख्या न्यून छ। कोभिड– १९ का कारण मुद्दाहरूको फैसला ढिलो भएको अधिवक्ता भुपेन्द्र खनालले बताए।

## बाल अधिकार

यस जिल्लामा सामुदायिकतर्फ ३ सय ४९ पूर्व प्राथमिक, २ सय ३६ आधारभूत र ७७ मावि छन् भने संस्थागत तर्फ १ सय १२ पूर्व प्राथमिक, ४१ आधारभूत र ५३ मावि छन्। जिल्लामा राहतसहित १ हजार ७ सय ८७ जना शिक्षक दरबन्दी रहेकामा दरबन्दी अनुसार शिक्षक कायम छन्। यस वर्ष ४८ हजार १ सय ८४

बालक र ४३ हजार १ सय ४५ जना बालिका भर्ना भएको तथ्याङ्क जिल्ला शिक्षा तथा समन्वय इकाइमा छ । जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय ५१ छन् । कोभिडका कारण जिल्लाको विभिन्न स्थानमा विद्यार्थी अभिलेखिकरणको काम प्रभावित भएको छ।

*यस वर्ष यौन दुर्व्यवहारका घटनामा चार जना, बलात्कारका घटनामा १२ जना बालिका गरी १८ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले अभिभावकको जिम्मामा लगायो, दुई जनालाई पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई ६० हजार रुपियाँ धरौटीमा रिहा र एक जना आरोपितलाई अभियोग दावी नपुगेको भन्दै सफाइ दियो। बलात्कार घटनाका १० जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका थुनामा पठायो भने दुई जनालाई बाल सुधार गृह, भैरहवा पठायो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

### विद्यालयमा शारीरिक दण्ड

विनयी त्रिवेणी गाउँपालिका–५ मा रहेको भानुदय माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत १६ वर्षीय बालकलाई सोही विद्यालयका कम्प्युटर शिक्षक शिव केसीले २०७६ माघ १४ गते कुटपिट गरेको भन्दै पीडितकी आमा बसन्ती खाम्चाले माघ २१ गते इन्सेक नवलपुर र प्रहरीमा उजुरी दिइन् । कुटपिटबाट बालकको कानको जाली चर्केको र कानमा रगत जमेको देखिएको बालककी आमाले बताइन् । पीडित बालकको उपचार कतै भएन । पीडित पक्षको माग बमोजिम बालकलाई कुटपिट गर्ने शिक्षकलाई माघ २८ गतेदेखि शैक्षिक सत्र २०७६ को लागि विद्यालय प्रशासनले निलम्बन गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यस वर्ष ९८ जना महिलाले आफू घरेलु हिंसामा परेको भन्दै उजुरी दिए । उजुरी दिएकामध्ये ८६ वटा घटनामा मेलमिलाप गराई घर पठाइएको र बाँकी १२ वटा प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रमुख बिन्दु बि.क.ले बताइन्।

यस वर्ष घरेलु हिंसाका घटनामा ११ जना, बलात्कारका घटनामा ६ जना, यौन दुर्व्यवहार घटनामा एकजना गरी १८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका ६ जना र यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । बलात्कारका दुई जना आरोपित जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहे भने एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन्।

### दुर्व्यवहार

७० वर्षीया महिलालाई २०७६ फागुन २९ गते दुर्व्यवहार गरेको भन्दै मध्यविन्दु नपा–४ का ४० वर्षीय लिलाराज पोखेलविरुद्ध पीडितले फागुन ३० गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण २०७६ फागुन ३० गते चितवन जिल्ला अस्पताल, भरतपुरमा भयो । प्रहरीले आरोपितलाई फागुन २९ गते घरबाट गिरफ्तार गऱ्यो । प्रहरीले जिल्ला प्रशासन कार्यालयमा चैत ९ गते अभद्र व्यवहार अर्न्तगत मुद्दा चलायो । जिल्ला प्रशासन कार्यालयले आरोपिलाई चैत १२ गते १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । प्रमुख जिल्ला अधिकारी पिताम्बर घिमिरेको इजलासले भदौ १८ गते आरोपितलाई १२ दिन कैद र १० हजार रुपियाँ जरिवाना गर्ने फैसला सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३३ स्वास्थ्य चौकी रहेका छन् । ती मध्ये बौदिकालिका गाउँपालिका र देवचुली नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र र गैँडाकोट नगरपालिकाको एक स्वास्थ्य चौकी १५ शैयाको अस्पतालमा स्तरउन्नतिको काम भइरहेको छ। सदरमुकामस्थित जिल्ला अस्पतालमा मेसु एक जना, मेडिकल अफिसर दुई जना, जनस्वास्थ्य निरीक्षक एक जना, मेडिकल रेकर्ड सुपरभाइजर एक जना, ल्याव टेक्निसियन एक जना, ल्याव असिस्टेन्ट एक जना, स्टाफ नर्स ६ जना, अनमी दुई जना, अहेव दुई जना, रेडियोग्राफर एक जना, कार्यालय सहयोग ११ जना, खरदार एक जना र सुब्बा एक जना दरबन्दी कायम रहेकोमा हाल मेडिकल अधिकृत एक जना, जनस्वास्थ्य निरीक्षक एक जना, मेडिकल रेकडर सुपर भाइजर एक जना, ल्याब टेक्निसियन एक जना र स्टाफ नर्स दुई जना मात्रै कार्यरत रहेका छन्।

प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन। जिल्लामा आर्थिक वर्ष २०७६/०७७ मा बिमा कार्यक्रम लागु गर्ने तयारी गरिएको भएपनि कोभिड-१९ को कारणले सो कार्यक्रम अझै लागु हुन सकेको छैन।

यस वर्षको अन्त्यसम्म जिल्लामा २ हजार ४ सय ७२ जना कोभिड-१९ को सङ्क्रमित भए। जसमध्ये २ हजार ३ सय ८७ जना संक्रमणबाट निको भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख केशवप्रसाद चापागाईंले बताए। जिल्लामा यो वर्षको अन्त्यमा कोभिड-१९ का सक्रिय सङ्क्रमितको सङ्ख्या ५५ जना रहेको छ। जिल्लामा कोभिड-१९ को सङ्क्रमणबाट ३० जनाको मृत्यु भयो। मध्यबिन्दु जिल्ला अस्पतालमा केन्द्रीय सरकारको सहयोगमा पीसीआर परीक्षण मेसिन उपलब्ध भएको भए पनि आवश्यक भौतिक संरचनाको अभावमा यो वर्षको अन्त्यसम्म सञ्चालनमा आउन सकेन। प्राकृतिक चिकित्सालय अस्पताल, रजहरलाई कोभिड अस्पताल बनाइएको छ। तर अहिले प्रयोगमा छैन।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| विद्यालयमा शारीरिक सजाय | १ | | | १ |
| बलात्कार | | १ | ११ | १२ |
| यौन दुर्व्यवहार | | | ४ | ४ |
| बालविवाह | | | १ | १ |
| जम्मा | १ | १ | १६ | १८ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | १ | ५ | ६ |
| यौन दुर्व्यवहार | १ | | | | १ |
| घरेलु हिंसा | | ९ | | २ | ११ |
| जम्मा | १ | ९ | १ | ७ | १८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# ४.९ स्याङ्जा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,७८,६८८ |
| महिला | १,५५,३३७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ३३,५०५ |
| कामका लागि बाहिरिएका | ५०,४७६ |
| अपाङ्गता भएका | ४,४५१ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७६.६ |
| आश्रित जनसङ्ख्या | १,२१,८२३ |

*यस वर्ष स्याङ्जा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३० जना महिला, दुई जना पुरुषसहित ३२ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना र महिला अधिकार उल्लङ्घन घटनामा २२ जना पीडित भए।*

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता ५० जनाको छ । कारागारमा कैदी र थुनुवा १ सय ४८ जना छन्। महिला १० र पुरुष १ सय ३८ रहेका छन्। कारागारमा बालबालिका छैनन् । कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। ६५ वर्ष नाघेका ५ जना पुरुष बन्दी रहेका छन्।

यसको वर्षको अन्त्यमा इन्सेकले कारागार अनुगमन गर्‍यो । भवन पुरानो र जीर्ण हुँदै गएको, खानेपानीको अभाव भएको र शौचालयको पनि असुविधा रहेको अनुगमनका क्रममा पाइयो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ८२ मध्ये ५६ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ३९ मध्ये १ सय २७ थान मुद्दा फैसला भए । यस अदालतमा २ वर्ष नाघेका फौजदारी मुद्दा ४८ थान छन् भने देवानी मुद्दा ६९ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका १ सय ८२ मुद्दामध्ये कुल ५६ थान मुद्दा फैसला भए। १ सय २६ मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ८२ आधारभूत र १ सय ६७ माविं छन्। २ हजार ६ सय ४९ शिक्षक दर बन्दी रहेको छ। यस वर्ष २८ हजार ९ सय ८ जना बालक र २६ हजार २ सय ८५ जना बालिका भर्ना भए । जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन् । द्वन्द्वपीडित परिवारका बालबालिकाले यो वर्ष छात्रवृत्ति पाए नपाएको तथ्याङ्क उपलब्ध नभएको, दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। यस वर्ष जिल्लाभर ५ हजार १ सय ४७ दलित बालक र ५ हजार १ सय ८८ दलित बालिका विद्यालय भर्ना भए।

*यस वर्ष बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख*

*गर्‍यो । जसमा बलात्कार घटनाका पाँच जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई १८ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति साथै पीडित राहत कोषमा २ हजार ५० रुपियाँ भर्ने फैसला सुनायो ।*

**बलात्कार**

१५ वर्षीया बालिकालाई २०७६ पुस २१ गते बलात्कार गरेको भन्दै गल्याङ नगरपालिका–७ का २१ वर्षीय राजन बिकविरुद्ध पीडित पक्षले माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । पीडितको स्वास्थ्य परीक्षण माघ ५ गते जिल्ला अस्पतालमा भयो । आरोपितलाई प्रहरीले माघ ५ गते घर बाट गिरफ्तार गर्‍यो । आरोपितविरुद्ध माघ ६ गते जिल्ला अदालतमा जबरजस्तीकरणी शीर्षक अन्तरगत मुद्दा दर्ता भयो । जिल्ला अदालत, स्याङ्जाका न्यायाधीश सूर्यबहादुर थापाको ०७७ पुस १४ गतेको इजलासले कसुर ठहर गर्दै जबरजस्तीकरणी कसुरमा १८ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति साथै पीडित राहत कोषमा २ हजार ५० रुपियाँ भर्ने गरी फैसला सुनाएको स्याङ्जा, जिल्ला अदालतका श्रेस्तेदार विश्वप्रसाद रेग्मीले बताए ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५८ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए । जसमा प्रहरीले ३८ वटामा मिलापत्र गरायो भने आठ वटा उजुरी अदालतमा पुगेका छन् भने १२ वटा उजुरी कारबाही प्रक्रियामा रहेका छन् । गल्ती नदोहोर्‍याउने शर्त र परीक्षणको लागि तारेखमा बोलाइ समझदारीमा आएपछि दुवैको सहमतिमा मेलमिलापमा गर्ने गरिएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र इन्चार्ज प्रहरी सहायक निरीक्षक विष्णुदेवी गैरेले बताइन् ।

*यस वर्ष घरेलु हिंसाका घटनामा १० जना, बलात्कारका घटनामा चार जना, बलात्कार प्रयासका घटनामा एक जना, यौन दुर्व्यवहार घटनामा एक जना र बहुविवाहका ६ जना गरी २२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । बलात्कार घटनाका चार जना, बलात्कार प्रयास घटनाका एक जना, यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो ।*

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | | १ |
| हत्या | | १ | २ | ३ |
| बाल अधिकार | बलात्कार | ६ | | ६ |
| | जम्मा | ६ | | ६ |
| महिला अधिकार | बलात्कार | ४ | | ४ |
| | बलात्कार प्रयास | १ | | १ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | बहुविवाह | ६ | | ६ |
| | घरेलु हिंसा | १० | | १० |
| | जम्मा | २२ | | २२ |
| कूल जम्मा | | ३० | २ | ३२ |

**स्वास्थ्य सेवाको अवस्था**

एक जिल्ला अस्पताल, ६४ वटा स्वास्थ्य चौकी र स्थानीय अस्पताल एक रहेका छन् । प्राथमिक स्वास्थ्य केन्द्रमा दुई जना डाक्टर दरबन्दी अनुसार नै कार्यरत रहेका छन् । अस्पतालमा दुई जना डाक्टरको दरबन्दी रहेकोमा १० जना कार्यरत रहेका छन् । जसमा सात जना डाक्टर करारमा रहेका छन् । तीन जना स्टाफ नर्स कार्यरत छन् । चार जना अनमी छन् । स्वास्थ्य बिमा गराएकाहरूले गह्रौ अस्पताल–वालिङ नगरपालिका, वालिङ हस्पिटल प्रालि–भकुण्डे, चापाकोट सरकारी अस्पताल–चापाकोट, मालुङगा प्राथमिक स्वास्थ्य केन्द्र–गल्याङ, पञ्चमूल प्राथमिक स्वास्थ्य केन्द्र–अर्जुनचौपारी, स्याङ्जा जिल्ला अस्पतालबाट सहज सेवा पाएका छन् । अस्पतालले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको छ । जिल्लामा कोभिड–१९ बाट यो वर्षको अन्त्यसम्म ८ सय १२ सङ्क्रमित भए । भने ७ सय ७४ जना निको भएको छन् । कोभिड–१९ बाट १४ जनाको मृत्यु भयो । कालिका सामुदायिक अस्पताललाई नै कोभिड अस्पतालमा परिणत गरी सङ्क्रमितहरूको उपचार र आइसोलेशनको व्यवस्था गरिएको छ । जिल्लामा को भिड–१९ बाट सङ्क्रमित भएकाहरूमध्ये ८१ जनालाई बाहिरी जिल्लामा उपचारको लागि पठाइएको स्वास्थ्य कार्यालय, स्याङ्जाका सूचना अधिकारी विष्णुप्रसाद सुवेदीले बताए ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ४ | ५ |
| जम्मा | १ | ४ | ५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | ४ | ४ |
| बलात्कार प्रयास | | १ | १ |
| यौन दुर्व्यवहार | | १ | १ |
| बहुविवाह | | ६ | ६ |
| घरेलु हिंसा | १० | | १० |
| जम्मा | १० | १२ | २२ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ४.१० पर्वत

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,४२,३७४ |
| महिला | ७५,८५४ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १८,४२६ |
| कामका लागि बाहिरिएका | २१,७३५ |
| अपाङ्गता भएका | ३,६५३ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७३.८ |
| आश्रित जनसङ्ख्या | ६२,४८८ |




*यस वर्ष पर्वत जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३३ जना महिला, तीन जना पुरुषसहित ३६ जना र राज्यपक्षबाट पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना र महिला अधिकार उल्लङ्घन घटनामा २० जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष पर्वतमा प्रतिबन्धित नेकपाका पाँच जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरे को इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये चार जना सर्वोच्च अदालतको बन्दी प्रत्यक्षीकरणको आदेशमा रिहा भए। एक जनालाई जिल्ला अदालतले ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए पनि तोकिएको धरौटी रकम बुझाउन नसक्दा थुनामा पठाएकोमा उनको उपचारको क्रममा मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो।*

म्याग्दी जिल्ला मालिका गाउँपालिका– ३ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेपाल नेकपाका सदस्य ५४ बर्षीय जगेन्द्रबहादुर पुनलाई ०७७ कात्तिक ५ गते जिल्ला प्रहरी कार्यालय पर्वतले कुश्मा नगरपालिका–१ पांगको मालढुङ्गाबाट गिरफ्तार गऱ्यो । प्रहरीले उनीविरुद्ध कार्तिक १६ गते पर्वत जिल्ला अदालतबाट राज्यविरुद्धको कसुर गरेको आरोपमा मुद्दा दर्ता गरी हिरासतमा राख्यो। उनको स्वास्थ्य परीक्षण कार्तिक ५ गते जिल्ला अस्पतालमा भयो। पर्वत जिल्ला अदालतले २०७७ मङ्सिर ३ गते पुनलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अदालतले तोकेको धरौटी रकम बुझाउन नसके पछि कारागार चलान भएका पुनको मंसिर २९ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचारको

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ५ | ५ | | | |
| कुटपिट | | | | १ | ३ | ३ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| हत्या | | | | १ | | १ |
| बाल अधिकार | बलात्कार | | | ५ | | ५ |
| | यौन दुर्व्यवहार | | | ६ | | ६ |
| | जम्मा | | | ११ | | ११ |
| महिला अधिकार | बलात्कार | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | १८ | | १८ |
| | जम्मा | | | ३० | | ३० |
| कूल जम्मा | | ५ | ५ | ३३ | ३ | ३६ |

क्रममा मृत्यु भयो । उनको शव यो वर्षको अन्त्यसम्म परिवारले जिम्मा नलिएको मृतकका भाई थमबहादुर पुनले बताए। उनका अनुसार पर्वत कारागारमा नियमित स्वास्थ्य जाँच नभएका कारण गम्भीर बिरामी भएपछि मात्रै अस्पताल लगेको भन्दै क्षतिपूर्तिको मागसहित शव नबुझेको थमबहादुरले बताए । शव अस्पतालमा नै रहेको र परिवारसँग शव व्यवस्थापनका लागि समन्वय भइरहेको कास्की कारागार प्रमुख केशव लामिछानेले बताए ।

## कुटपिट/धम्की

### गैरराज्यपक्षबाट

बिहादी गाउँपालिका–२ बर्राचौरमा सञ्चालित आम्बारी माध्यमिक विद्यालयमा अध्यापनरत शिक्षक ३६ वर्षीय कृष्ण ढकाललाई कुटपिट गरेको आरोपमा २०७६ फागुन ३० गते सोही ठाउँका २८ वर्षीय विमल पराजुली र २६ वर्षीय गणेश पराजुलीलाई जिल्ला प्रहरी कार्यालय, पर्वतले चैत ३ गते गिरफ्तार गऱ्यो । फागुन ३० गते विद्यालयमा पठनपाठन सकेर घर फर्किँदै गरेका ढकाललाई विमल पराजुली र गणेश पराजुलीले बाटोमा कुटपिट गरेका थिए ।कुटपिटबाट ढकालको आँखामा चोट लाग्यो । पीडित ढकालले चैत १ गते जिल्ला प्रहरी कार्यालय, पर्वतमा किटानी उजुरी दिए । आरोपित विमल पराजुलीका बाबु कृष्ण पराजुलीले आम्बारी माध्यमिक विद्यालयका लागि चन्दा स्वरुप बोलेको रकम नदिएको र पीडित शिक्षकले नाम सार्वजनिक गरी आफ्ना बाबुको सार्वजनिक बेइज्जती गरेको भन्दै शिक्षक ढकाललाई कुटपिट गरेका थिए । प्रहरीले आरोपित दुवै युवाहरूलाई सार्वजनिक हित विपरीत कार्य गरेको भन्दै जिल्ला प्रशासन कार्यालय पर्वतबाट चैत ४ गते थप अनुसन्धानका लागि सात दिनको म्याद थप गरेको इन्स्पेक्टर विकास थापाले बताए । जिल्ला प्रशासन कार्यालय, पर्वतका मुद्दा शाखाका सुब्बा नारायण पौडेलका इजलासले २०७७ साउन २९ गते आरोपित विमल पराजुलीलाई ३ हजार ५ सय रुपियाँ र अर्का आरोपित गणेश पराजुलीलाई ६ हजार ५ सय रुपियाँ जरिवाना सजाय तोकेर रिहा गर्ने फैसला गऱ्यो । पीडित ढकालको फागुन ३१ गते पर्वत जिल्ला अस्पतालमा उपचार भयो ।

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता २५ जनाको छ । कारागारमा कैदी र थुनुवा गरी ९४ जना छन् । भौतिक संरचना अभावमा पर्वतमा महिला कैदीबन्दी छैनन् । कारागारमा पुरुष कैदीबन्दीलाई मात्र राख्ने गरिन्छ। क्षमता भन्दा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नु पर्ने बाध्यता छ। कारागारमा खानेपानी, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको छ । पर्वत कारागारमा तीन जना ६० वर्ष उमेर पुगेका पुरुष कैदीहरू रहेका छन् ।

कारागारमा रहेका कैदी बन्दीहरूले विगतदेखि नै मुढा बनाउने र बिक्री गर्ने गरेका छन् । सीपमूलक तालिमको व्यवस्था नभए पनि उनीहरू आपसमा नै काम सिको गरेर मुढा बनाउँदै आएका हुन् । कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा २०७६ असोज २८ गतेदेखि सो दरबन्दी खाली छ। कारागारमा ६ जना कैदीबन्दीहरू दीर्घरोगी रहेका छन् ।

कारागारमा कोभिड–१९ बाट सङ्क्रमिकत भएर निको भएकाहरू दुई जना रहेका छन् । उनीहरू कारागार जानु अगावै स्वास्थ्य परीक्षणका क्रममा सङ्क्रमण देखिएपछि निको भएर कारागार चलान गरिएको हो ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको पर्वत जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४९ मध्ये २१ थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ७९ मध्ये

२८ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २८ थान छन् भने देवानी मुद्दा ३९ थान बाँकी छन्।

यस वर्ष कोभिड १९ का कारण मुद्दा समयमा फैसला नहुँदा पीडितलाई समस्या भयो। कोभिड- १९ को संक्रमणका क्रममा मुद्दाको दुवै पक्षकालाई उपस्थित गराउन नसक्दा मद्दा सुनुवाइ प्रक्रियामा समस्या भएको अदालतका तहसिलदार नन्दप्रसाद आचार्यले बताए।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा १ सय ७५ प्राथमिक विद्यालय, ३५ आधारभूत र ७८ मावि छन्। १ हजार ६ सय ९९ शिक्षक दरबन्दी रहेकामा २ सय ६ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। कोभिड- १९ का कारण पर्वतमा कुनै पनि विद्यालयमा नयाँ भर्ना कार्यक्रम सञ्चालन हुन सकेन। निजी विद्यालयहरूले अनलाइन कक्षा सञ्चालन गरेपनि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू अनलाइन कक्षाबाट बञ्चितिमा परे । जिल्लामा ५ ओटा अपाङ्गतामैत्री विद्यालय छन् । द्वन्द्वपीडित परिवारका बालबालिकामध्ये पर्वतको बिहादी गाउँपालिका २ बर्राचौरका कमल पराजुलीका दुई छोराछोरीले जिल्ला शिक्षा समन्वय इकाइमा नाम दर्ता गराए पनि छात्रवृत्ति पाएनन् । पराजुलीको कुनै पनि तथ्याङ्कमा द्वन्द्वपीडित भएको घटना अद्यावधिक नभएपछि छात्रवृत्ति दिन नसकिएको जिल्ला समन्वय समिति पर्वतका प्रमुख उद्धिमराज पौडेलले बताए । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ।

वैदेशिक रोजगारीमा गएका परिवारका दुई जना बालबालिकाले वार्षिक १८ हजार रुपियाँ छात्रवृत्ति पाए । शहीद परिवारका बालबालिका छात्रवृत्तिमा सम्मिलित छैनन्।

*यस वर्ष यौन दुर्व्यवहारका घटनामा ६ जना, बलात्कारका घटनामा पाँच जना बालिका गरी ११ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, दुई जना आरोपितलाई जनही १ लाख र १ लाख ७० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो भने तीन जनालाई जनही १ वर्ष ६ महिना कैद र १० हजार रुपियाँ जरिवानाको फैसला सुनायो। बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृहमा पठायो।*

### यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७७ असार १२ गते यौन दुर्व्यवहार गरेको आरोपमा जलजला गाउँपालिका-२ घर भई हाल जलजला गाउँपालिका-४ बस्ने ५० वर्षीय सर्भलाल परियारविरुद्ध पीडित पक्षले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १३ गते जलजला गाउँपालिका-४ मल्लाजबाट गिरफ्तार गऱ्यो । आरोपितविरूद्ध असार १३ गते बालयौन दुरूपयोग अपराध शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता भयो। पीडितको स्वास्थ्य परीक्षण असार १३ गते जिल्ला अस्पताल, पर्वतमा भयो। जिल्ला अदालतको ०७७ असार २४ गतेको आदेशले आरोपितलाई ८० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा जिल्ला अदालतका न्यायाधीश बलराम त्रिपाठीको ०७७ पुस १६ गतेको इजलासले आरोपितलाई १ वर्ष ६ महिना कैद र १० हजार रुपियाँ जरिवानाको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए । जसमा २५ वटा उजुरी मेलमिलाप भएर फर्स्यौट भएका छन् भने २ वटा उजुरी अदालतमा जान सल्लाह दिइएको महिला बालबालिका सेवा केन्द्र जिल्ला प्रहरी कार्यालय पर्वतका इञ्चार्ज असई विराज ढकालले बताए । अन्य पाँच वटा उजुरीहरू न्यायिक प्रक्रियामा रहेका छन् । पति पत्नीबिच सामान्य घरायसी झगडा भएका उजुरीहरूमा मेलमिलाप गराउने गरिएको छ । पर्वतको मोदी गाउँपालिका- ८ राम्जाकी ५० वर्षीय खगेश्वरी केसीले पति ५० वर्षीय रुद्रबहादुर क्षेत्रीले बहुविवाह गरेर खानलाउन नदिएको र छोराछोरीको शिक्षा दीक्षामा पनि ध्यान नदिएको भन्दै उजुरी दिएको र पटक पटक उजुरी परेपछि अदालत जान सल्लाह दिएको ढकालले बताए।

*यस वर्ष घरेलु हिंसाका घटनामा १८ जना, बलात्कारका घटनामा दुई जना गरी २० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। यस वर्ष परिवारजनबाट*

*एकजना महिलाको हत्या भयो । हत्या आरोपित यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा रहे।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ५२ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र र चार नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञ दरबन्दी रहेको छ। एक जना मेडिकल अधिकृतको दरबन्दी रहेको छ। जसमध्ये सात जना मेडिकल अधिकृत करारमा कार्यरत छन्। ६ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा दरबन्दीमा एक जना मात्रै कार्यरत छन् भने १० जना करार सेवामा रहेका छन्। अनमी पाँच जनाको दरबन्दीमा एक जना पनि कार्यरत छैनन्। पाँच जना करार सेवामा कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र नगर स्वास्थ्य केन्द्रलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन । जिल्लामा करिब २० हजार जनाले स्वास्थ्य बिमा गराएको जिल्ला अस्पतालका अधिकृत गुणराज शर्माले बताए।

यस वर्ष कोभिड- १९ बाट पर्वतमा १ सय ९२ जना सङ्क्रमित भए भने एक जनाको मृत्यु भयो। पर्वत जिल्लामा सबै स्थानीय तह मिलेर १ सय शैयाको भिड अस्पताल सञ्चालनमा ल्याए पनि त्यहाँ कार्यरत स्वास्थ्यकर्मीहरूले २०७७ असारदेखि जोखिम भत्ता पाएका छैनन्।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | ५ | ५ |
| यौन दुर्व्यवहार | ३ | ३ | ६ |
| जम्मा | ३ | ८ | ११ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | | | ३ | | ३ |
| घरेलु हिंसा | १३ | १ | ३ | ३ | १८ |
| जम्मा | १३ | १ | ४ | ३ | ३० |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ४.११ बागलुङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,६८,६०५ |
| महिला | १,५२,७५१ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ६१,१६३ |
| कामका लागि बाहिरिएका | ४२,६२३ |
| अपाङ्गता भएका | ६,१७५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७१.५ |
| आश्रित जनसङ्ख्या | १,२१,५३५ |

*यस वर्ष बागलुङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६२ जना महिला, दुई जना पुरुषसहित ६४ जना र राज्यपक्षबाट चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना र महिला अधिकार उल्लङ्घन घटनामा ५६ जना पीडित भएको इन्सेकमा अभिलेख भयो।*

## गिरफ्तारी

*यस वर्ष बागलुङबाट प्रतिबन्धित नेकपाका चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये जिल्ला प्रशासन कार्यालयले दुई जनालाई साधारण तारिखमा रिहा गऱ्यो भने दुई जना पार्टी परित्यागको घोषणा गरेपछि रिहा भए।*

## कारागार र बन्दी

३५ जनाको क्षमता रहेको बागलुङ कारागारमा १ सय ३९ कैदी/बन्दी छन्। जसमध्ये महिला १५ र पुरुष १ सय २४ रहेका छन्। कारागारमा आश्रित बाल बालिका छैनन्। कारागारको क्षमता भन्दा बढी पुरुष कैदी बन्दी हरेको हुँदा कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीको व्यवस्था गरिएको जेलर मोहनप्रसाद उपाध्यायले बताए। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। ६० वर्ष नाघेका पाँच जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जेलर उपाध्यायले जानकारी दिए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत बागलुङमा यस वर्षका लागि दुनियावादी देवानीका २४ थान, दुनियावादी फौजदारीका १८ थान, सरकारवादी फौजदारीका ३६ थान र सुरू क्षेत्राधिकार बाट १ सय ३४ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७६ पुस १७ देखि ०७७ पुस १५ गतेसम्म फौजदारी मुद्दाको सरकारवादीतर्फ ३५ थान मुद्दा फैसला भए।

### जिल्ला अदालत

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७२ थानमध्ये पाँच थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८४ मध्ये १८ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका १ सय

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | १ | | १ |
| गिरफ्तारी | | ४ | ४ | | | |
| कुटपिट | | | | | १ | १ |
| हत्या | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | बालविवाह | | | १ | | १ |
| | जम्मा | | | ५ | | ५ |
| महिला अधिकार | 'बोक्सी'को आरोपमा | | | १ | | १ |
| | बलात्कार | | | ७ | | ७ |
| | बलात्कारको प्रयास | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | बहुविवाह | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | ४३ | | ४३ |
| | जम्मा | | | ५६ | | ५६ |
| कूल जम्मा | | ४ | ४ | ६३ | ३ | ६४ |

३२ र २ वर्ष नाघेका ११ थान मुद्दा छन्। सन् २०१९ को जिम्मेवारी सरेर आएका २ सय ९८ र सन् २०२० को १ सय ५६ थान मुद्दामध्ये कूल १ सय थान मुद्दा फैसला भए। ३ सय ७२ थान मुद्दा बाँकी छन्।

## बालअधिकार

यस जिल्लामा ३ सय २१ प्राथमिक, ८४ आधारभूत र १ सय ६ मावि छन्। प्राथमिक तहमा १ हजार ३ सय ९८ जना शिक्षकको स्वीकृत दरबन्दी र ३ सय २४ जना राहत अनुदान गरी १ हजार ७ सय १३ जना शिक्षक कार्यरत छन्। त्यसैगरी आधारभूत र माध्यमिक तहमा ४ सय ८७ शिक्षक दरबन्दी रहेकोमा दरबन्दी सहित अस्थायी र राहत कोटामा गरी ९ सय ४३ जना शिक्षक कार्यरत छन्। यस वर्ष ३१ हजार १ सय ५ बालक र ३२ हजार १ सय ५० जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ९५ बालक र २ सय ४३ बालिक भर्ना भएका थिए। द्वन्द्वपीडित परिवारका ३ जना बालिकाले १४ हजार रुपियाँका दरले छात्रवृत्ति पाएका छन्। यसवर्ष जिल्लाभर १२ हजार ९ सय ८४ दलित बालक र १२ हजार ८ सय ७३ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएका परिवारका ३५ जना बालबालिकाले छात्रवृत्ति पाए । कोरोना महामारीको बिचमा बागलुङ जिल्लाका ग्रामीण भेगमा रहेका विद्यालयहरूले घुम्ती कक्षा सञ्चालन गरे।

*यस वर्ष यौन दुर्व्यवहार का घटनामा दुई जना, बलात्कार का घटनामा दुई जना, बालविवाहका घटनामा एक जना बालिका गरी पाँच जना बालिका पीडित भएको इन्से कले अभिलेख गऱ्यो । जसमा यौ न दुर्व्यवहार घटनाका एक जना आरो पित पुर्पक्षका लागि थुनामा र अर्का आरोपित यस वर्षको अन्तसम्म प्रहरी हिरासतमा रहे। बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले बाल सुधार गृह सराङकोट पठायो भने एक जना आरोपित यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहे।*

## महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५५ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । दर्ता भएका उजुरीमध्ये २७ उजुरीमा मेलमिलाप भए । २७ उजुरीका पीडित परिवारमा पुनर्स्थापना भए । ११ उजुरीमाथि पटक-पटक पीडित र आरोपितबिच छलफल हुँदा मेलमिलाप हुन नसकेपछि उनीहरू प्रहरीबाट अदालत जान्छौं भनी गए। तर उनीहरूका उजुरी यो वर्षको अन्त्यसम्म अदालत पुगेको छैन। १७ उजुरी प्रहरीमा छलफलको क्रममा रहेको छ।

*यस वर्ष घरेलु हिंसाका घटनामा ४३ जना, बलात्कारका घटनामा सात जना, बलात्कार प्रयासका घटनामा एक जना, यौन दुर्व्यवहार घटनामा एक जना, बहुविवाहका तीन जना गरी ५६ जना महिला पीडित भएको इन्सेकले अभिलेख*

*गर्‍यो । बलात्कार घटनाका सात जना र बलात्कार प्रयास घटनाका एक जना, यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । कथित बोक्सीको आरोपमा एक जना महिलामाथि दुर्व्यवहार भयो । घटनाका आरोपितहरूलाई प्रहरी हिरासतमा छन् ।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ५८ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, १५ सहरी स्वास्थ्य केन्द्र, १८ सामुदायिक स्वास्थ्य इकाइ छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा १६ जना विशेषज्ञको दरबन्दीमा १५ जनाको दरबन्दी रिक्त छ। २५ जना स्टाफ नर्सको दरबन्दीमा १० रिक्त, अनमी चार जनाको दरबन्दीमा चार जना कार्यरत छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अद्यावधिक रहेको पाइएन। जिल्लामा ६३ हजार ७ सय ९ जनाले बिमा गराएर सेवा लिइरहेका छन्। कोभिड–१९ बाट बागलुङ जिल्लामा आठ जनाको मृत्यु भयो । ८ सय ९४ जनालाई कोरोना सङ्क्रमण पुष्टि भए पनि हाल सक्रिय संक्रमितको सङ्ख्या ४६ जना रहेका छन्। ८ सय ४० जना संक्रमण मुक्त भएर डिसचार्ज भएका छन्।

बागलुङ जिल्लाका पाँच स्थानीय तहमा आधारभूत अस्पताल निर्माण शिलान्यास गरिएको छ। जिल्लाको बरेङ गाउँपालिका, ताराखोला गाउँपालिका, बडीगाड गाउँपालिका, निसीखोला गाउँपालिका र तमानखोला गाउँपालिकामा नेपाल सरकारले एक साथ ३ सय ९६ आधरभूत अस्पताल शिलान्यास गर्ने अभियान अर्न्तगतका आधारभूत अस्पतालको शिलान्यास गरिएको हो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ | २ |
| बालविवाह | | १ | १ |
| जम्मा | १ | ४ | ५ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | | | ७ | | ७ |
| बलात्कार प्रयास | | | १ | | १ |
| यौन दुर्व्यवहार | | | १ | | १ |
| 'बोक्सी'को आरोपमा | | १ | | | १ |
| बहुविवाह | | | ३ | | ३ |
| घरेलु हिंसा | ३३ | | ४ | ६ | ४३ |
| जम्मा | ३३ | १ | १६ | ६ | ५६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# लुम्बिनी प्रदेश

- क्षेत्रफल : १५,७३७ वर्ग कि.मि.
- जनसङ्ख्या : ४४,८८,५५५
- साक्षरता प्रतिशत : ६७.६७
- जिल्ला : १२
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५२
- उपमहानगरपालिका : ४
- नगरपालिका : ३२
- गाउँपालिका : ७३
- कूल वडा सङ्ख्या : ५८३

# लुम्बिनी प्रदेश परिचय ५

प्रदेश सरकारले यस वर्ष आफ्नो प्रदेशको नाम र राजधानी टुङ्गो लगायो । प्रदेश सभाको दुई तिहाइ बहुमतले प्रदेशको नाम लुम्बिनी र राजधानी दाङको भालुवाङलाई तोक्यो । प्रदेश सरकारले नागरिकको साक्षरता अभिवृद्धि गर्दै आर्थिक वर्ष २०७७/७८ भित्र पूर्ण साक्षर प्रदेश घोषणा गर्ने तथा भौगोलिक, लैङ्गिक, शारीरिक, जातीय र वर्गीय विभेदको अवस्था अन्त्य गर्न समावेशी विकासको दृष्टिकोण अघि सारेको छ। मानव अधिकारप्रतिको सचेतना मार्फत जिम्मेवार नागरिक दायित्व र जबाफदेही शासन प्रणाली सुनिश्चित गर्न सामाजिक सङ्घसंस्थासँग सहकार्य गर्ने तथा कारागार, हिरासत, थुनुवा कक्ष, बाल सुधारगृहको अध्ययन गरी आवश्यक सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने घोषणा गरेको छ। जनता आवास कार्यक्रम अन्तर्गरत ३ हजार ३ सय घर निर्माण गरी हस्तान्तरण गरिएको छ। यस वर्षको अन्त्यसम्म २६ हजार १ सय ४३ कोरोना सङ्क्रमितमध्ये ३ सय ५१ को मृत्यु भयो । 'एक स्थानीय तह एक अस्पताल' कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेश भित्र ३५ अस्पताल भवनको शिलान्यास गरिएको छ।

सन् २०२० मा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १ हजार ३ सय ८२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारीका घटनामा ९१ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ८ सय ८४ जना, हत्याका घटनामा अन्यपक्षबाट ४१ जना र बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ८० जना पीडित भएको अभिलेख छ।

## सन् २०२० मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ५.१ रुकुम पूर्व

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५३,०१८ |
| महिला | २७,८१२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | उपलब्ध नभएको |
| कामका लागि बाहिरिएका | उपलब्ध नभएको |
| अपाङ्गता भएका | उपलब्ध नभएको |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६२.०५ |
| आश्रित जनसङ्ख्या | उपलब्ध नभएको |

*यस वर्ष रुकुम (पूर्व) जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट नौ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना र महिला अधिकार उल्लङ्घन घटनामा सात जना पीडित भए।*

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

एक जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २२ थानमध्ये पाँच थान फैसला भए भने देवानी मुद्दातर्फ ४९ थान मध्ये २३ थान फैसला भए। अदालतमा फौजदारी मुद्दा १७ थान र देवानी मुद्दा २६ थान फैसला हुन् बाँकी रहेको अदालतका श्रेष्तेदार कुबेर पाण्डेले बताए।

## बाल अधिकार

### शिक्षाको अवस्था

रुकुम पूर्वमा ९२ आधारभूत र २४ माध्यमिक विद्यालय छन् । सामुदायिक विद्यालयतर्फ ८७ बाल विकास कक्षा सञ्चालन रहेका छन्। संस्थागत विद्यालयतर्फ एक मावि र आठ आधारभूत तह छन्। जिल्लामा आधारभूत तह अन्तर्गत २ सय ६९ दरबन्दी, ८९ राहत शिक्षक रहेका छन्। त्यसैगरी माध्यमिक तहअन्तर्गत ३६ दरबन्दी र २७ राहत शिक्षक रहेका छन् । आधारभूत तहका लागि रिक्त स्थायी दरबन्दी १८ र राहत दुई रहेको छ भने माविमा सात स्थायी दरबन्दी रिक्त रहेको छ। सिस्ने गाउँपालिकामा ७ हजार ३ सय ६२, भूमे गाउँपलिकामा ५ हजार १ सय ६३ जना र पुथाउत्तरगंगा गाउँपालिकामा ५ हजार ८ सय ४२ गरी जम्मा १७ हजार ६ सय ४ जना विद्यार्थी विद्यालय भर्ना भए। दलित, सीमान्तकृत र पिछडा वर्गका लागि दिइने छात्रवृत्ति पनि पाइरहेका छन्। साथै शहीद परिवारका र द्वन्द्वपीडित परिवारका बालबालिकाले पनि छात्रवृत्ति पाउने गरेका छन्।

*यस वर्ष बलात्कारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कसुर ठहर गऱ्यो।*

### बलात्कार

१३ वर्षीया बालिकालाई ०७७ असार ७ गते भूमे गाउँपालिका–२ खाबाङ गाउँस्थित शङ्कर टोलका ३१ वर्षीय टिकाराम श्रीषले र ०७७ असार ९ गते सोही ठाउँका ३० वर्षीय कमल रेग्मीले बलात्कार गरेको भन्दै पीडित पक्षले ०७७ असार १२ गते इलाका

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| हत्या | | १ | १ |
| बाल अधिकार | बलात्कार | १ | १ |
| | जम्मा | १ | १ |
| महिला अधिकार | बलात्कार | ३ | ३ |
| | घरेलु हिंसा | ५ | ५ |
| | जम्मा | ८ | ८ |
| कूल जम्मा | | ९ | ९ |

प्रहरी कार्यालय, भूमेमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार १२ गते रुकुमपश्चिमको जिल्ला अस्पताल सल्लेमा भयो । प्रहरीले आरोपितहरूलाई असार १२ गते उनीहरूकै घरबाट गिरफ्तार गऱ्यो । जिल्ला अदालत रुकुमपूर्वका न्यायाधीश सनतचन्द्र लवतको ०७७ पुस १ गतेको आदेशले आरोपितलाई कसुर ठहर गरेकोमा फैसला नतोकेको जिल्ला अदालतका श्रेस्तेदार कुबेर पाण्डेले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसा पीडित भन्दै १५ जना महिलाले उजुरी दिए । उजुरीमध्ये ११ उजुरीमा मेलमिलाप भयो। बाँकी उजुरी कानुनी प्रकृयामा छन्।

*यस वर्ष घरेलु हिंसाका घटनामा पाँच जना, बलात्कारका घटनामा दुई जना गरी सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि रुकुम पश्चिमको कारागार मा पठायो।*

### परिवारजनबाट हत्या

भूमे गाउँपालिका–३ सिमाकी ६० वर्षीया दिलमाया पुनलाई २०७६ माघ २६ गते कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले पति ७९ वर्षीय नरबहादुर पुनलाई २०७६ माघ २७ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपित पुनले मादक पदार्थ सेवन गरी पत्नीलाई कुटपिट गरेको भन्दै पीडित पक्षले ०७६ माघ २६ गते जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्वमा उजुरी दियो । कुटपिटबाट गम्भीर घाइते भएकी दिलमायाको जिल्ला अस्पताल, रुकुमकोटमा उपचारको क्रममा माघ २७ गते मृत्यु भएको प्रहरीले जनायो । शवको पोष्टर्माटम माघ २७ गते जिल्ला अस्पताल, रुकुमकोटमा गरिएको प्रहरीले जनायो । जिल्ला अदालतका न्यायाधीश सनतचन्द्र लवटको २०७७ असार २३ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक जिल्ला अस्पताल र एक प्राथामिक स्वास्थ्य केन्द्र रहेको छ भने १५ वटा स्वास्थ्य चौकी र २२ वटा सामुदायिक स्वास्थ्य इकाइ रहेका छन् । जिल्ला अस्पतालमा चार जना डाक्टरसहित ३१ जना दरबन्दी अनुसार नै कार्यरत छन् भने प्राथमिक स्वास्थ्य केन्द्रमा एक डाक्टर, एक नर्स र एक एचए दरबन्दी रिक्त रहेको छ । जिल्ला अस्पतालमा जनशक्ति भएता पनि आवश्यक सामग्री तथा उपकरण र भौतिक पूर्वाधारको समस्याले जिल्लास्तरको सबै सेवा दिन नसकिएको बताइएको छ । स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइमा भने रिक्त रहेका दरबन्दीका लागि स्थानीय तहले नै करार कर्मचारी राखेर सेवा प्रवाह गरिरहेका छन्। जिल्लामा ९४ जना कोरोना सङ्क्रमित भएकोमा सबै जना निको भए।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ५ | | ५ |
| बलात्कार | | ३ | ३ |
| जम्मा | ५ | ३ | ८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| हत्या | १ | १ |

# ५.२ रोल्पा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,३०,७३५ |
| महिला | १,२७,०३० |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५७,५०४ |
| कामका लागि बाहिरिएका | २३,५५७ |
| अपाङ्गता भएका | ७,४५८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५८.३ |
| आश्रित जनसङ्ख्या | १,१३,५०३ |

*यस वर्ष रोल्पा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३२ जना महिला, चार जना पुरुषसहित ३६ जना र राज्यपक्षबाट पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना र महिला अधिकार उल्लङ्घन घटनामा २६ जना पीडित भए।*

### बम विष्फोटबाट मृत्यु

त्रिवेणी गाउँपालिका–७ का १४ वर्षीय लोकीराम डाँगी, ११ वर्षीया बिमला डाँगी, १३ वर्षीय गौरव नेपाली र ५ वर्षीय विजय खत्रीको २०७७ वैशाख १८ गते सोही गाउँपालिकास्थित गैरीगाउँमा बम विष्फोट हुँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी चित्रबहादुर गुरुङले बताए । बेवारिसे अवस्थामा फेला परेको बम बालबालिकाले भेट्टाएर खेलाउने क्रममा विस्फोट भएको हुनसक्ने उनले बताए । शवको पोष्टमार्टम वैशाख १९ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङमा गरी प्रहरीले परिवारजनलाई बुझायो । मृतकहरूको नाममा संघीय सरकारबाट जनही ५ लाख रुपियाँ र प्रदेश सरकारबाट जनही १ लाख रुपियाँ जिल्ला प्रशासन कार्यालयमा आए पनि पीडित पक्षले जनही १० लाख रुपियाँ पाउनु पर्ने भन्दै उक्त रकम नलिएको त्रिवेणी गाउँपालिका अध्यक्ष शान्तकुमार वलीले बताए। मृतकहरूको अन्तिम संस्कार वैशाख २० गते गाँउमै भयो।

### गिरफ्तारी

*यस वर्ष रोल्पाबाट प्रतिबन्धित नेकपाका पाँच जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये दुई जनामध्ये एक जनालाई जिल्ला अदालतले थुनमा पठायो भने एक जनालाई पुनः गिरफ्तार गरी अर्घाखाँची कारागार पठाइयो । एक जनालाई जिल्ला प्रशासन कार्यालयले १ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो भने एक जनालाई ४५ हजार रुपियाँ धरौटीमा जिल्ला अदालतले रिहा गयो।*

### कारागार र बन्दी

५० जनाको क्षमताको कारागारमा महिला १० र पुरुष ८० जना गरी ९० जना रहेका छन्। कारागारमा आश्रित बालबालिका छैनन्। कारागारको क्षमता महिला १५ र पुरुष ३५ हो। कारागारमा पुरुष कक्षतर्फ झण्डै

दुई गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। ६० वर्ष नाघेका पाँच जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख यामलाल वलीले बताए।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ५ | ५ | | | |
| कुटपिट | | | | | १ | १ |
| हत्या | | | | १ | ३ | ४ |
| बाल अधिकार | बलात्कार | | | ५ | | ५ |
| | जम्मा | | | ५ | | ५ |
| महिला अधिकार | बलात्कार | | | ९ | | ९ |
| | घरेलु हिंसा | | | १७ | | १७ |
| | जम्मा | | | ३६ | | ३६ |
| कूल जम्मा | | ५ | ५ | ३३ | ४ | ३६ |

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष दुनियावादी फौजदारी मुद्दातर्फ १६ थानमध्ये सात थान मुद्दा फैसला भए। सरकारवादी फौजदारी मुद्दातर्फ ५२ थान मध्ये १६ थान मुद्दा फैसला भए। दुनियावादी देवानी मुद्दातर्फ २ सय ६७ थान मध्ये १ सय २२ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन्। सन् २०२० को ६३ थान मुद्दामध्ये कुल २४ थान मुद्दा फैसला भए। ३९ थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

यस जिल्लामा ३ सय २० आधारभूत र ९३ मावि छन्। १ हजार ४७ दरबन्दी र २ सय ८८ र ाहत गरी १ हजार ३ सय ३५ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष ३७ हजार २ सय ७९ जना बालक र ३८ हजार ३ सय ९८ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ हजार ६ बालिका र ९ सय ७१ बालक भर्ना भएका थिए। दलित, अपाङ् गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विभिन्न कारणले विद्यालय भर्ना नभएको शिक्षा तथा समन्वय इकाइका निमित्त प्रमुख फणिन्द्रराज देवकोटाले बताए। यस वर्ष जिल्लाभर ७ हजार ३२ दलित बालक र ७ हजार १ सय १२ दलित बालिका विद्यालय भर्ना भए। ।

*यस वर्ष बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमा बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। तीन जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९६ जना महिलाले महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ४५, खान/लाउन नदिएको ५१ उजुरी थिए । यीमध्ये प्रहरीले ५० वटामा मेलमिलाप गरायो भने २५ वटा अदालत गए। १९ वटा उजुरी कारबाही प्रक्रियामा रहेको प्रहरी जवान जितबहादुर बुढाथोकीले बताए।

*यस वर्ष घरेलु हिंसाका घटनामा १७ जना, बलात्कारका घटनामा नौ जना गरी २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमा बलात्कार घटनाका पाँच जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। चार जना आरोपित यस वर्षको अन्त्यसम्म अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयको थुनामा रहे।*

## स्वास्थ्य सेवाको अवस्था

एक सरकारी अस्पताल, ४९ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र दुई, आधारभूत स्वास्थ्य केन्द्र १९, सामुदायिक स्वास्थ्य एकाइ १३, शहरी स्वास्थ्य केन्द्र चार रहेको निमित्त जनस्वास्थ्य प्रमुख नोखराज पोखेलले बताए । सदरमुकामस्थित सरकारी अस्पतालमा दुई जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त छ । मेडिकल अफिसर चार जना कार्यरत छन्। चार जना स्टाफ नर्सको दरबन्दीमा एक खाली, सात जना करारमा कार्यरत छन्। चार जना करारमा कार्यरत भएको जिल्ला अस्पतालका अहेव कुलबहादुर डाँगीले बताए । जिल्लामा २२ हजार ८ सय ७२ जनाले बिमा गराएर

सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा कार्यक्रममा पनि ३ हजार ६ सय २० जनाको बिमा गरिएको स्वास्थ्य बिमा प्रमुख सागर पौडेलले बताए ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | ३ | ५ |
| जम्मा | २ | ३ | ५ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | २ | १० | | ५ | १७ |
| बलात्कार | | | १ | ८ | ९ |
| जम्मा | २ | १० | १ | १३ | २६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| हत्या | १ | १ |

# ५.३ प्यूठान

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,३४,८२४ |
| महिला | १,३४,०५८ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ७२,७५१ |
| कामका लागि बाहिरिएका | ३६,८५८ |
| अपाङ्गता भएका | ५,५३० |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५७.७७ |
| आश्रित जनसङ्ख्या | १,१५,३६१ |

*यस वर्ष प्यूठान जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १६ जना महिला, चार जना पुरुषसहित २० जना र राज्यपक्षबाट एक जना महिला, आठ जना पुरुषसहित नौ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना र महिला अधिकार उल्लङ्घन घटनामा १० जना पीडित भए ।*

## गिरफ्तारी

*यस वर्ष प्यूठानबाट प्रतिबन्धित नेकपाका आठ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये सात जनालाई जिल्ला प्रशासन कार्यालयले जनही २ हजार रुपियाँ धरौटी राखी साधारण तारिखमा र एक जना सर्वोच्च अदालतको बन्दी प्रत्यक्षीकरण आदेशमा रिहा भए ।*

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता २५ जनाको छ । महिला १० र पुरुष ६५ गरी ७५ जना रहेका छन् । कारागारमा तीन र चार वर्षीया आश्रित बालिका रहेका छन् । दुई आश्रित बालिकालाई कारागार प्रशासनले कारागारको आन्तिरक खर्चबाट पालनपोषण तथा हेरचार गर्ने गरेको जेलर सूर्यबहादुर पन्तले बताए । स्वर्गद्वारी नपा– ३ घर भई जिल्ला कारागारमा ०७२ साउन १७ गतेदेखि कर्तव्य ज्यान मुद्दाका कैदी ७२ वर्षीय खगीराम रामजाली मगरको ०७७ जेठ २८ गते मुटु दुखेपछि उपचारका लागि जिल्ला अस्पताल, बिजुवार लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको जेलर सूर्यबहादुर पन्तले बताए ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ७ मध्ये ३४ मुद्दा फैसला भए । देवानी मुद्दातर्फ १ सय ९३ मध्ये ६४ थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन् । सन् २०२० को १ सय ४८ थान मुद्दामध्ये कुल ४६ थान मुद्दा फैसला भए । १ सय २ थान मुद्दा बाँकी छन् ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | ७ | ८ | | | |
| कुटपिट | | | | | | १ | १ |
| कारागारमा मृत्यु | | | १ | १ | | | |
| हत्या | | | | | ३ | ३ | ५ |
| बाल अधिकार | बलात्कार | | | | ४ | | ४ |
| | जम्मा | | | | ४ | | ४ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ८ | | ८ |
| | बलात्कार | | | | ३ | | ३ |
| | जम्मा | | | | १० | | १० |
| कूल जम्मा | | १ | ८ | ९ | १६ | ४ | ३० |

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय २३ आधारभूत र ७२ मावि छन्। १ हजार ५ सय ११ शिक्षक दरबन्दी रहेकोमा मल्लरानी गाउँपालिकाका दुई ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ३३ हजार ८ सय ८१ बालक र ३५ हजार ६ सय आठ जना बालिका भर्ना भए । जिल्लामा अपाङ्गमैत्री विद्यालय १ सय आभारभूत र ५० मावि गरी १ सय ५० ओटा मात्र छन्। द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाए । दलित, अपाङ्गता भएकालाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख शिवराज पण्डितले बताए। यस वर्ष जिल्लाभर ८ हजार ९४ दलित बालक र ८ हजार ५ सय ९६ दलित बालिका विद्यालय भर्ना भए । यसवर्षको शैक्षिक सत्र कोभिडका–१९ का कारण प्रभावित भयो । वैदेशिक रोजगारमा गएका परिवारका १४ जना बालबालिकाले १ लाख ४४ हजार रुपियाँ छात्रवृत्ति पाए। शहीद परिवारका र द्वन्द्वपीडित परिवारका १२ बालबालिकाले १ लख ६४ हजार रुपियाँ छात्रवृत्ति पाए।

*यस वर्ष बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । बालिका हत्याको घटनामा एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।*

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै २९ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए । यीमध्ये प्रहरीमा २४ ओटा उजुरीमा मेलमिलाप भएको र पाँच उजुरी कानुनी प्रकृयामा गएको महिला बालबालिका सेवा केन्द्र प्रमुख असई सरोजकुमार रानाले बताए।

*यस वर्ष घरेलु हिंसाका घटनामा आठ जना, बलात्कारका घटनामा दुई जना, परिवारजनबाट हत्याका एक जना गरी ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। परिवारजनबाट हत्या घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्ला सरकारी अस्पतालमा आठ जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ । छ जना स्टाफ नर्सको दरबन्दीमा छ जना नै कार्यरत, अनमी चार जनाको दरबन्दीमा चार जना कार्यरत छन्। जिल्लामा ३७ हजार ९ सय ५६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा कार्यक्रममा पनि ३ हजार ७ सय ५ जनाको बिमा गरिएको छ। जिल्लामा कोभिड अस्पाताल नभए पनि एउटा जिल्लास्तरीय ५० बेडको आइसोलेशन केन्द्र रहेको छ। यस जिल्लामा ०७७ पुस १६ गते सम्म कोभिड –१९ बाट ८ सय ९९ जना संक्रमित भए ८ सय ९१ जना निको भए । ६ जनाको मृत्यु भयो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | ४ |
| जम्मा | ४ | ४ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | ३ | ३ |
| घरेलु हिंसा | ८ | | ८ |
| जम्मा | ८ | ३ | १० |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ५ | ५ |

# ५.४ गुल्मी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,७३,९३५ |
| महिला | १,५७,७०२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ७१,३६९ |
| कामका लागि बाहिरिएका | ५८,५६१ |
| अपाङ्गता भएका | ७,६७१ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७२.६ |
| आश्रित जनसङ्ख्या | १,२५,२२४ |

*यस वर्ष गुल्मी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ७३ जना महिला, दुई जना पुरुषसहित ७५ जना र राज्यपक्षबाट चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १५ जना र महिला अधिकार उल्लङ्घन घटनामा ५७ जना पीडित भए।*

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता २५ जनाको छ । कारागारमा कैदी/बन्दी ८५ जना छन् । जसमा महिला सात र पुरुष ७८ जना रहेका छन् । कारागारमा दुई जना ३ र ६ वर्षका आश्रित बालिका छन् । ६५ वर्ष माथिका एक/एक जना पुरुष कैदीबन्दी रहेका छन् । पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा झण्डै चार गुणा बढी रहेकोले भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा र पुस्तकालयको व्यवस्था गरिएको कारागार प्रमुख भेषराज पन्तले बताए । एउटा मात्रै शौचालय भएकाले दैनिक एक/आधा घण्टा कुर्नुपर्ने बाध्यतामा कैदीबन्दी रहेको नाइके बुद्ध नेपालीले बताए।

## गिरफ्तारी

*यस वर्ष गुल्मीबाट प्रतिबन्धित नेकपाका चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये दुई जनालाई जिल्ला प्रशासन कार्यालयले जनही १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो भने एक जनालाई १२ दिनको कैद सफला सुनायो । एक जनाले साधारण जीवनयापन गर्ने बताएपछि जिल्ला प्रशासन कार्यालयले रिहा गऱ्यो।*

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना मात्र न्यायाधीश रहेको जिल्ला अदालत गुल्मीबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९६ थान मध्ये २१ थान मुद्दा फैसला भई ७५ थान बाँकी छन् । देवानी मुद्दातर्फ २ सय ३३ थान मध्ये १ सय २ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा बाँकी छैनन् भने देवानी मुद्दा २ थान बाँकी छ। गत वर्ष जिम्मेवारी सरेर आएका १ सय ६६ थान मुद्दा र यो वर्षका १ सय ६३ थान मुद्दा गरेर ३ सय २९ मुद्दामध्ये कुल १ सय २३ थान मुद्दा फैसला भए। २ सय ६ थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा ५ सय ८१ बाल विकास केन्द्रहरू रहेका छन् । ४ सय २० आधारभूत र १ सय ४५ मावि छन् । ११ क्याम्पस, २४ सामुदायिक सिकाइ केन्द्र, १७ प्राविधिक तथा व्यावसायिक धारका विद्यालय, दुई मदरसा, एक गुरुकुल, चार नमूना विद्यालयहरू रहेको शिक्षा तथा समन्वय इकाइ, गुल्मीका प्रमुख लोकनाथ मरासिनीले बताए । यस वर्ष जिल्लामा ३५ हजार २ सय ७ बालक र ३४ हजार ६ सय ११ जना बालिका विद्यालय भर्ना भएको मर ासिनीले बताए । दलित १९ हजार ७ सय ३ मध्ये ९ हजार ४ सय ५८ बालक र १० हजार २ सय ४५ बालिका विद्यालय भर्ना भए । अपाङ्गता भएका १ हजार ६ बालबालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गता मैत्री विद्यालय २२ मावि र १५ आधारभूत विद्यालय छन् । द्वन्द्वपीडित परिवारका आठ जना बालबालिकाले १ लाख २ हजार छात्रवृत्ति पाए । जिल्लाको साक्षरता दर ७२.५६ प्रतिशत रहेको छ । जसमा पुरुष ८१.६५ प्रतिशत र महिला ६५.९६ प्रतिशत रहेको छ ।

*यस वर्ष बलात्कारका घटनामा ११ जना, यौन दुर्व्यवहारका घटनामा एक बालकसहित चार जना गरी १५ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका १३ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृह, भैरहवा पठायो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई अभिभावको जिम्मा लगायो । एक जना आरोपितलाई जिल्ला अदालतले १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ४ | ४ | | | |
| सबै प्रकारका जातीय विभेद | | | | | १ | १ |
| हत्या | | | | ३ | | ३ |
| बालअधिकार | बलात्कार | | | ११ | | ११ |
| | यौन दुर्व्यवहार | | | ३ | १ | ४ |
| | जम्मा | | | १४ | १ | १५ |
| महिला अधिकार | बलात्कार | | | ३ | | ३ |
| | बलात्कारको प्रयास | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | बहुविवाह | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | ४९ | | ४९ |
| | जम्मा | | | ५६ | | ५६ |
| कूल जम्मा | | ४ | ४ | ६३ | ३ | ६५ |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष महिला, बालकबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ३३ वटा घरेलु हिंसाका उजुरी दर्ता भएको डिएसपी केदारराज पन्तले बताए। जसमध्ये २७ मेलमिलाप, चार अदालत र दुई उजुरीको काम बाँकी रहेको पन्तले बताए ।

*यस वर्ष घरेलु हिंसाका घटनामा ४९ जना, बलात्कारका घटनामा दुई जना, बलात्कार प्रयासका घटनामा एक जना, बहुविवाहका घटनामा तीन जना, परिवारजनबाट हत्याका एक जना गरी ५८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने तीन जना आरोपितलाई जनही १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । बलात्कार प्रयास घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । परिवारजनबाट हत्या घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । बहुविवाहका घटनामा तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन जनालाई धरौटीमा रिहा गऱ्यो ।*

### सबै प्रकारका जातीय विभेद

कालीगण्डकी गाउँपालिका– ५ फोक्सिङमा २८ वर्षीय श्यामबहादुर परियारलाई २०७७ जेठ ५ गते सोही ठाउँका ४३ वर्षीय नेत्र काउछाको घरमा प्रवेश गरेको भन्दै स्थानीयले १ हजार ५ सय रुपियाँ जरिवाना गरे। पीडित परिवारले जातीय छुवाछूतको आरोप

लगाउँदै नेत्र काउचाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा जेठ ६ गते उजुरी दिए। काउचालाई प्रहरीले जेठ ८ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा जेठ ३० मा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतको आदेशले काउछा ६० हजार रुपियाँ धरौटीमा जेठ ३२ गते रिहा भए। जिल्ला अदालतका न्यायाधीश रामकृष्ण उप्रेतीको साउन २९ गतेको आदेशले काउछालाई ३ महिना कैद, ५० हजार रुपियाँ जरिवाना र १० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनाए।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ७६ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३० सामुदायिक स्वास्थ्य इकाइ, चार शहरी स्वास्थ्य केन्द्र र ११ आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १० जना विशेषज्ञको दरबन्दीमा नौ जनाको दरबन्दी रिक्त छ। आठ जना स्टाफ नर्सको दरबन्दीमा ६ रिक्त छ। अनमी दुई जनाको दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा ३४ हजारले बिमा गराएर सेवा लिइरहेका छन्। गुल्मी अस्पतालमा सञ्चालन भएको सामाजिक सुरक्षा इकाइ र एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत पनि गरिब ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय, यौन र शारीरिक हिंसा पीडितहरूले सेवा पाइरहेका गुल्मी अस्पतालका प्रमुख उत्तम पच्याले बताए। जिल्लामा 'एक स्थानीय तह एक अस्पताल' अन्तरगत १५ शैयाको अस्पताल निर्माणको काम सुरु भएको छ । बर्थिङ्ग सेन्टर सञ्चालन, सामुदायिक स्वास्थ्य केन्द्र स्थापना, औषधी खरिद, ल्याब सेवा सञ्चालन, विभिन्न विशेषज्ञसहितको बृहत् स्वास्थ्य शिविर गाउँ तथा समुदायस्तरमै हुन थालेकाले नागरिकलाई सहज भएको अधिकारकर्मी हिरा कुँवरले बताइन्। जिल्लामा कोभिड- १९ बाट ९ सय ३६ जना संक्रमित भए। १३ जना सङ्क्रमितको मृत्यु भयो।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १० | ११ |
| यौन दुर्व्यवहार | १ | ३ | ४ |
| जम्मा | २ | १३ | १५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | २ | २ |
| बलात्कार प्रयास | | १ | १ |
| यौन दुर्व्यवहार | | २ | २ |
| बहुविवाह | | ३ | ३ |
| घरेलु हिंसा | ४८ | १ | ४९ |
| जम्मा | ४८ | ९ | ५७ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# ५.५ अर्घाखाँची

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५३,६३१ |
| महिला | १,११,०५७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५६,७३५ |
| कामका लागि बाहिरिएका | ३५,५२५ |
| अपाङ्गता भएका | ५,१६५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७२.६ |
| आश्रित जनसङ्ख्या | ५१,८२४ |




*यस वर्ष अर्घाखाँची जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४८ जना महिला, दुई जना पुरुष, लिङ्ग नखुलेको एक जनासहित ५१ जना र राज्यपक्षबाट तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना र महिला अधिकार उल्लङ्घन घटनामा ४१ जना पीडित भए।*

## गिरफ्तार

*यस वर्ष अर्घाखाँची जिल्लाबाट प्रतिबन्धित नेकपाका तीन जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गर्‍यो । जसमध्ये एक जनालाई उच्च अदालत, बुटवल इजलासले बन्दी प्रत्यक्षीकरणको आदेशमा रिहा गर्न आदेश दियो। एक जनालाई उच्च अदालत तुल्सीपुर, बुटवल इजलासबाट बन्दी प्रत्यक्षीकरणको आदेशमा रिहा गर्‍यो । पार्टी परित्याग गरेको विज्ञप्ति प्रकाशनपछि एक जनालाई जिल्ला प्रशासन कार्यालयले रिहा गर्‍यो।*

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा कैदी ४९ र थुनुवा १५ गरी ६४ जना छन्। महिला १५ र पुरुष ४९ गरी ६४ जना रहेका छन्। कारागारको क्षमता महिला २५ र पुरुष २५ जना हो। कारागारमा पुरुष कक्षतर्फ झण्डै दुई गुणा कैदी/बन्दी बढी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। ६० जना पुरुष कैदी/बन्दीका लागि एउटा मात्रै शौचालय भएकाले पालो बस्नुपर्ने बाध्यता छ। ६० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक (पुरुष) र एक महिला गरी पाँच जना रहेको रहेको जिल्ला कारागार प्रमुख नुमलाल पन्थीले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६७ मध्ये १८ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ९१ थानमध्ये ७३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन्। सन् २०१९ को जिम्मेवारी सरेर आएका १ सय ४९ र सन् २०२० को १ सय ९ थान मुद्दामध्ये कूल ९१ थान मुद्दा फैसला भए। १ सय ६७ मुद्दा बाँकी छन्।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| गिरफ्तारी | | ३ | ३ | | | | |
| कुटपिट | | | | | १ | | १ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | | १ | १ |
| हत्या | | | | १ | | | १ |
| सबै प्रकारका जातीय विभेद | | | | | १ | | १ |
| बाल अधिकार | बलात्कार | | | ६ | | | ६ |
| | जम्मा | | | ६ | | | ६ |
| महिला अधिकार | बलात्कार | | | ३ | | | ३ |
| | बहुविवाह | | | ३ | | | ३ |
| | घरेलु हिंसा | | | ३६ | | | ३६ |
| | जम्मा | | | ४१ | | | ४१ |
| कूल जम्मा | | ३ | ३ | ४८ | ३ | १ | ५१ |

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय १४ आधारभूत र ८२ मावि छन् । २ हजार ५० शिक्षक दरबन्दी रहेकामा २ सय ६१ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २२ हजार ६२ बालक र २१ हजार १ सय ८५ जना बालिका विद्यालय भर्ना भए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय २५ आधारभूत र ३५ मावि गरी १ सय ६० ओटा मात्र छन् । द्वन्द्वपीडित परिवारका ६ जना बालबालिकाले छात्रवृत्ति पाए । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख मणिराम पराजुलीले बताए। यस वर्ष जिल्लाभर ६ हजार १ सय ३१ दलित बालक र ६ हजार ३ सय ६३ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएका परिवारका २६ जना बालबालिकाले २ लाख १८ हजार रुपियाँ छात्रवृत्ति पाए । द्वन्द्वपीडित परिवारका ६ बालबालिकाले ७४ हजार रुपियाँ छात्रवृत्ति पाए।

कोभिड- १९ को कारणले विद्यार्थी भर्ना अभियान नभएको शिक्षा विकास तथा समन्वय इकाइले जनायो । कोभिड- १९ का कारण सीमान्तकृत बालबालिकाको विद्यालय पहुँच पुग्न नसकेको शिक्षा विकास तथा समन्वय इकालका प्रमुख मणिराम पराजुलीले बताए।

*यस वर्ष बलात्कार घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । बलात्कार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । एक जनालाई पुर्पक्षका लागि बाल सुधार गृह पठायो । तीन जनालाई जनही ५० हजार रुपियाँ धरौटीमा तारिखमा रिहा भए ।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । ६६ घटनामध्ये ६५ ओटा घटनामा मेलमिलाप भयो । एउटा घटना अदालत पठाएको महिला बाल बालिका तथा ज्यष्ठ नागरिक सेवा केन्द्रको सुष्मा कुँवरले बताइन ।

*यस वर्ष घरेलु हिंसाका घटनामा ३६ जना, बलात्कारका घटनामा तीन जना, बहुविवाहका घटनामा दुई जना गरी ४१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । बलात्कार घटनाका एक आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहे । बहुविवाहका दुई जना आरोपितलाई जिल्ला अदालतले साधारण तारिखमा*

*रिहा गऱ्यो। एक जनालाई जिल्ला अदालतले १ लाख २० हजार धरौटी र एक जनालाई २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ४० स्वास्थ्य चौकी, दुई प्राथामिक स्वास्थ्य केन्द्र रहेका छन्। जिल्लामा यस अघि १५ शैयाको रहेको जिल्ला अस्पताल यो वर्ष स्तरोन्नति भई ५० शैयाको भयो। ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा कार्यक्रम अन्तर्गत १ हजार ३ सय ६४ जनाले बिमा गराए। स्वास्थ्य बिमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि प्रादेशिक अस्पताल, बुटवल जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ५ | ६ |
| जम्मा | १ | ५ | ६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | ३ | ३ |
| बहुविवाह | | | ३ | ३ |
| घरेलु हिंसा | ३५ | | १ | ३६ |
| जम्मा | ३५ | १ | ५ | ४१ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ५.६ पाल्पा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,५८,४२५ |
| महिला | १,४६,०८७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५५,५१० |
| कामका लागि बाहिरिएका | ३८,५०४ |
| अपाङ्गता भएका | ६,५३७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७६.२ |
| आश्रित जनसङ्ख्या | १,१०,५४७ |

*यस वर्ष पाल्पा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६१ जना महिला, दुई जना पुरुषसहित ६३ जना र राज्यपक्षबाट तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना र महिला अधिकार उल्लङ्घन घटनामा ४८ जना पीडित भए।*

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता ३ सय जनाको छ। कारागारमा कैदी र थुनुवा २ सय ६९ जना छन्। महिला ५० र पुरुष २ सय १९ रहेका छन्। कारागार मा ६ जना २ देखि ४ वर्षका बालक पाँच जना र एक बालिका आश्रित रहेका छन्। कारागारको क्षमता महिला १ सय ५० र पुरुष १ सय ५० हो। हाल कारागारमा पुरुष र महिला बन्दीहरू नयाँ भवनमा बस्न थालेका छन्। ६० वर्ष नाघेका पाँच जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख भक्तिसरा थापाले बताइन्। कारागारमा छुट्टाछुट्टै भवनमा महिला तथा पुरुष कैदी/बन्दीहरूलाई राख्ने गरिन्छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष सन् २०२० को अवधिमा फौजदारी मद्दातर्फ १ सय ६१ थान मद्दामध्ये ५३ थान मुद्दा फैसला भए भने देवानी मद्दातर्फ २ सय ७४ थान मध्ये १ सय ३१ थान फैसला भए। अदालतमा दुई वर्ष नाघेका फौजदारी/देवानी मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

पाल्पामा ४ सय ९४ विद्यालय सञ्चालनमा छन्। जसमा सामुदायिकतर्फ प्राथमिक २ सय, संस्थागत ५९, आधारभूत तहमा सामुदायिक ८८, संस्थागत १२, मावि तहमा सामुदायिक १ सय १५, संस्थागत २० विद्यालय छन्। जिल्लाका १२ विद्यालयमा शिक्षकको दरबन्दी नै नभएको र दरबन्दी अनुसारका शिक्षकहरू समेत नहुँदा पठनपाठनमा समस्या भएको छ। जिल्लाको तानसेन, माथागढी बगनासकाली, रम्भा र रामपुरका बोटे र कुमाल समुदायका ५० प्रतिशत बढी बालबालिकाहरू नियमित विद्यालय जाँदैनन्। उनीहरूलाई सरकारले दिवा खाजाबापत दैनिक १५ रुपैयाँ उपलब्ध गराउँदै आए पनि त्यसको प्रभाव कम देखिएको बगनासकाली–७ खानीगाउँका बोटे समुदायका अगुवा गजबीर बोटेले बताए। पाल्पामा सरकारी स्तरबाटै दृष्टिविहीन बालबालिकाहरूका लागि दमकडा

माध्यमिक विद्यालयमा अध्ययनको व्यवस्था गरिएको छ । त्यस्तै कान नसुन्ने बालबालिकाहरूका लागि पप माबि र भवानी माध्यमिक विद्यालयमा अध्ययनको व्यवस्था गरिएको छ । जिल्लामा ३ सय ४५ वटा विद्यालयका नवनिर्मित भवन मात्रै अपाङ्गमैत्री छन् ।

कोरोना महामारी फैलिन थालेपछि २०७६ चैत ११ गतेदेखि झण्डै ८ महिनासम्म विद्यालयहरू पूर्ण रूपमा बन्द भए । कोरोना महामारीका कारण यस वर्ष भर्ना अभियान नभएको र त्यसको तथ्याङ्क पनि उपलब्ध नभएको शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाका प्रमुख रमेशराज पौडेलले बताए ।

*यस वर्ष बलात्कारका घटनामा आठ जना, यौन दुर्व्यवहारका घटनामा चार जना गरी १३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका सात जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपितलाई जनही ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । एक जना आरोपितलाई जिल्ला अदालतले बाल सुधार गृह, भैरहवा पठायो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई जिल्ला अदालतले ३० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ३ | ३ | | | |
| सबै प्रकारका जातीय विभेद | | | | १ | १ | ३ |
| बाल अधिकार | नवजात शिशुको हत्या | | | | १ | १ |
| | बलात्कार | | | ८ | | ८ |
| | यौन दुर्व्यवहार | | | ४ | | ४ |
| | जम्मा | | | १३ | १ | १३ |
| महिला अधिकार | बलात्कार | | | ५ | | ५ |
| | बलात्कारको प्रयास | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | घरेलु हिंसा | | | ३९ | | ३९ |
| | जम्मा | | | ४८ | | ४८ |
| कूल जम्मा | | ३ | ३ | ६१ | ३ | ६३ |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ३६ जना महिलाले घरेलु हिंसा पीडित भन्दै उजुरी दर्ता गराए । ३१ उजुरीमा दुवै पक्षबीच लिखितरूपमा मेलमिलाप भई घर परिवारसँगै बस्न थालेका छन् । बाँकी पाँच ओटा घटना न्यायिक प्रक्रियामा गएका छन् ।

*यस वर्ष घरेलु हिंसाका घटनामा ३९ जना, बलात्कारका घटनामा पाँच जना, बलात्कार प्रयासका घटनामा तीन जना, यौन दुर्व्यवहारका घटनामा एक जना गरी ४८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एक जना आरोपित यस वर्षको अन्त्यसम्म प्रहरी कार्यालयका थुनामा रहेका छन् ।*

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति

बगनासकाली गाउँपालिका–९ चापपानी बगनासमा रहेको एनसेल टावरमा २०७६ माघ १२ गते बेलुकी अपरिचत व्यक्तिहरूले आजगनी गरेको जिल्ला प्रहरी कार्यालय, पाल्पाका एसपी दीपेन्द्र जिसीले बताए । आगजनीबाट टावरको जेनेरेटर, बीटिएस सिस्टम, जिएसएम एन्टेना, ब्याट्री प्यानल, मिटर बक्ससहित तार पूर्णरूपमा जलेर नष्ट भएको जिसीले बताए ।

#### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई वटा सरकारी अस्पताल, ६२ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र दुई वटा रहेका छन् । पाँच नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दी रहेकोमा एक रिक्त छ । अहेब तीन

जनाको दरबन्दी रहेकोमा एक रिक्त छ। जिल्लामा ४८ हजार ७ सय ७५ परिवारका १ लाख ९१ हजार ७ सय ४५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक लागि निःशुल्क बीमा कार्यक्रममा पनि ९ हजार ९ सय १० जनाको बीमा गरिएको छ।

जिल्लामा यस वर्षको अत्यससम्म १ हजार ७ सय ५२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। कोरोनाकै कारण २९ जनाको मृत्यु भयो। जटिल प्रकारका सङ्क्रमितहरूको उपचारको खर्चको प्रबन्ध स्थानीय तहहरूले गर्दै आएको बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालले बताए।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ६ | ७ |
| यौन दुर्व्यवहार | | ४ | ४ |
| नवजात शिशुको हत्या | | १ | १ |
| जम्मा | १ | ११ | १२ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | ४ | ५ |
| बलात्कारको प्रयास | | १ | २ | ३ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| घरेलु हिंसा | ३५ | | ४ | ३९ |
| जम्मा | ३५ | २ | ११ | ४८ |

# ५.७ नवलपरासी पश्चिम

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,२१,७५३ |
| महिला | १,६५,८२६ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | उपलब्ध नभएको |
| कामका लागि बाहिरिएका | उपलब्ध नभएको |
| अपाङ्गता भएका | उपलब्ध नभएको |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७०.७६ |
| आश्रित जनसङ्ख्या | उपलब्ध नभएको |

*यस वर्ष नवलपरासी पश्चिम जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ९६ जना महिला, सात जना पुरुषसहित १ सय ३ जना र राज्यपक्षबाट तीन जना महिला, २२ जना पुरुषसहित २५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २७ जना र महिला अधिकार उल्लङ्घन घटनामा ५८ जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष नवलपरासी पश्चिमबाट प्रतिबन्धित नेकपाका ६ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये चार जना बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतको आदेशमा रिहा भए। एक जना जिल्ला अदालतको आदेशमा ५५ हजार रुपियाँ धरौटीमा रिहा भए भने एक जनालाई तोकिएको २५ हजार रुपियाँ धरौटी बुझाउन नसकेपछि थुनामा पठायो।*

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता १ सय ७५ जनाको छ। कारागारमा कैदी र थुनुवा ४ सय ५५ जना छन्। महिला ६६ र पुरुष ३ सय ८९ रहेका छन्। कारागारमा दुई जना ८ महिना र १ वर्ष ६ महिनाका आश्रित बालक रहेका छन् । कारागारको क्षमता महिला २५ र पुरुष १ सय ५० हो। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। ७० वर्ष नाघेका तीन जना पुरुष बन्दी छन्।

## कारागारमा मृत्यु

रूपन्देही जिल्ला सैनामैना नपा–१ रानीबगीया घर भई मानव बेचबिखन मुद्दामा नवलपरासी पश्चिम जिल्ला कारागारमा कैद जीवन बिताइ रहेका ३५ वर्षीय शिव परियारको २०७६ चैत २६ गते उपचारको क्रममा पृथ्वीचन्द्र जिल्ला अस्पतालमा मृत्यु भयो। मृतक मधुमेह र जन्डिस रोगको बिरामी भएको जेलर जगतबहादुर बस्नेतले बताए। शवको पोष्टमार्टम कहिले ०७६ चैत २६ गते पृथ्वी चन्द्र जिल्ला अस्पतालमा भयो।

पाल्हीनन्दन गाउँपालिका– ३ घर भई कर्तव्य ज्यान मुद्दामा कैद जीवन बिताइरहेका ७० वर्षीय शिबालक कोहार बेहोस भएपछि उपचारका लागि

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | ३ | | ३ |
| गिरफ्तारी | | | ८ | ८ | | | |
| कुटपिट | | ३ | ११ | १४ | | १ | १ |
| कारागारमा मृत्यु | | | ३ | ३ | | | |
| हत्या | | | | | ४ | ४ | ८ |
| सबै प्रकारका जातीय विभेद | | | | | ४ | ३ | ६ |
| यातना | | | १ | १ | | | |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | ३ | | ३ |
| | बलात्कार | | | | ३३ | | ३३ |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | जम्मा | | | | ३६ | | ३६ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | | ५ | | ५ |
| | घरेलु हिंसा | | | | ३१ | | ३१ |
| | बहुविवाह | | | | ४ | | ४ |
| | बलात्कार | | | | ९ | | ९ |
| | बलात्कारको प्रयास | | | | ४ | | ४ |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | बेचबिखन तथा ओसारपसार | | | | ३ | | ३ |
| | जम्मा | | | | ५८ | | ५८ |
| कूल जम्मा | | ३ | ३३ | ३५ | ९६ | ७ | १०३ |

०७७ कात्तिक १२ गतेपृथ्वी चन्द्र जिल्ला अस्पताल लगिएकोमा अस्पताललले मृत घोषणा गर्‍यो। उनी लामो समय देखि मधुमेह र उच्च रक्तचापको बिरामी रहेको जेलर जगतबहादुर बस्नेतले बताए। उनी २०७२ सालको चैत ३ गते देखि कारागारमा सजाय भुक्तान गरिरहेको पनि जेलर बस्नेतले बताए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा ०७७ कार्तिक १२ गते भयो।

### झडप

सरावल गाउँपालिकास्थित गोबरैया प्रहरी चौकीका असई ३५ वर्षीय चमबहादुर वली २०७७ वैशाख १२ गते रामग्राम नपा- १७ वडा कार्यालयमा लगाएको ताला खुलाउन गएको बेला स्थानीय व्यक्तिले आक्रमण गर्दा घाइते भए । वडा कार्यालयबाट राहत वितरणमा अनियमितता भएको भन्दै स्थानीयहरूले तालाबन्दी गर्दा वलीको नेतृत्वमा रहेको प्रहरी टोलीमाथि आक्रमण भएको थियो । आक्रमणबाट टाउकोमा चोट लागेका वलीको पृथ्वीचन्द्र जिल्ला अस्पतालमा उपचार भयो । घटनामा संलग्न रहेको आरोपमा प्रहरीले रामग्राम नपा- १७ का ४८ वर्षीय रमेश गिरी, ४५ वर्षीय उमेश गिरी, ४८ वर्षीया मञ्जुदेवी हरिजन, ४२ वर्षीय शंकर बनिया र ४४ वर्षीय दीपेन्द्र गिरीलाई जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले गिरफ्तार गरी हिरासतमा राखेकोमा ०७७ वैशाख १८ गतेको जिल्ला प्रशासनको आदेशमा जनही ४ हजार ५ सय रुपिया धरौटीमा रिहा भए । आक्रमण संलग्न उमेश गिरी यो वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी राजु लामाले बताए।

प्रतापपुर गाउँपालिका- ५ बसैयास्थित नेपाल भारत सिमामा ०७७ जेठ २५ गते स्थानीय र सशस्त्र प्रहरीबीच रासायानिक मल ल्याउने क्रममा महिलामाथि प्रहरीले कुटपिट गरेको विरोधमा झडप हुँदा प्रतापपुर गाउँपालिका- ६ का ३४ वर्षीया बिन्दादेवी चमार, सोही गाउँपालिका-५ का २३ वर्षीय रमेश कुर्मी, सोही ठाउँका ४५ वर्षीय लक्ष्मण राजभर ६० वर्षीय रामआश्रेय कुर्मी, ३५ वर्षीय सन्दीप कुर्मी, १८ वर्षीय अनुप कुर्मी, सशस्त्र प्रहरीतर्फ वरिष्ठ हवल्दार २८ वर्षीय ईश्वरी पुन, सहायक वरिष्ठ हवल्दार ३२ वर्षीय धनबहादुर फलाल, जवानह; २६ वर्षीय दिपेन्द्र बानिया, ३३ वर्षीय कोमल रावल, २५ वर्षीय मुकुन्द घिमिरे २९ वर्षीय गणेश ज्ञावली घाइते भए। घाइतेहरूको प्रारम्भिक उपचार पृथ्वीचन्द्र जिल्ला

अस्पतालमा भयो भने आँखामा गम्भीर चोट लागेका कोमल रावल र गणेश ज्ञवालीको भैरहवा मेडिकल कलेजमा उपचार भयो । लकडाउनका कारणले रासायनिक मल नपाएपछि भारतबाट मल ल्याउने क्रममा सशस्त्र प्रहरीले सीमामा रोकेपछि झडप भएको थियो ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँच जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय १४ थान मध्ये १ सय ५८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ९ सय ५४ थान मध्ये ७ सय ५७ थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १२ थान छन् भने देवानी मुद्दा २९ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका १ हजार ५० थान र सन् २०२० को ६ सय ५८ थान मुद्दामध्ये कुल ५ सय ७ थान मुद्दा फैसला भए। १ हजार ३ सय थान मुद्दा बाँकी छन् । अदालतले आठ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने दुई जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे ।

## बाल अधिकार

जिल्लामा २ सय २१ आधारभूत र १ सय १५ मावि छन् । १ हजार २ सय ५७ शिक्षक दरबन्दी रहेकामा स्थानीय सरकारले दरबन्दी मिलान गरिसकेको छ। यस वर्ष ४२ हजार २ सय ४४ बालक र ४१ हजार २ सय ८० जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गता मैत्री विद्यालय १ सय ८५ आधारभूत र ९० मावि गरी जम्मा २ सय ७५ ओटा छन् । द्वन्द्वपीडित परिवारका ३३ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर ८ हजार १ सय ५९ दलित बालक र ६ हजार ९ सय ७९ दलित बालिका विद्यालय भर्ना भए । त्यसमध्ये १६ हजार १ सय २८ दलित विद्यार्थी मध्ये ७ हजार ९ सय ६९ छात्रा र ८ हजार १ सय ५१ छात्र रहेका छन् ।

*यस वर्ष बलात्कारका घटनामा २२, यौन दुर्व्यवहारका घटनामा तीन जना, बेचबिखन तथा ओसार पसार घटनामा दुई जना गरी २७ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका १३ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपित १ लाख ६० हजार रुपियाँ धरौटीमा रिहा, ६ जना आरोपितलाई धरौटीमा रिहा गऱ्यो। चार जना आरोपितलाई जिल्ला अदालतले अभिभावकको जिम्मा लगायो । एक जना आरोपित जिल्ला प्रहरी कार्यालयको थुनामा रहेका छन् भने एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । अपहरण घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । बेचबिखन तथा ओसारपसार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो ।*

## महिला विरुद्ध हुने सबै प्रकारका हिसां,भेदभाव

जिल्ला प्रहरी कार्यालयको महिला बाल बालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा हिंसा पीडित भएको भन्दै १ सय २१ उजुरी दर्ता भयो । प्रहरीले आपसी सहमतिमा १ सय १ उजुरीमा मेलमिलाप गरायो। २० ओटा उजुरी कानुनी प्रकृयामा गए।

*यस वर्ष घरेलु हिंसाका घटनामा ३१ जना, बलात्कारका घटनामा नौ जना, बलात्कार प्रयास घटनामा चार जना, यौन दुर्व्यवहार घटनामा तीन जना, परिवारजनबाट हत्याका घटनामा दुई जना, बहुविवाहका घटनामा चार जना, मानव बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा सात जना गरी ५८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका चार जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। एक जना आरोपितलाई जिल्ला अदालतले ८ वर्ष कैद र ३० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो । दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बलात्कार घटनामा एक जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने दुई जनालाई क्रमशः २५ हजार रुपियाँ र २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यौन दुर्व्यवहारका एक जना आरोपित यसवर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

*परिवारजनबाट हत्याका घटनामा एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने एक जना साधारण तारि खमा, एक जना ५० हजार रुपियाँ धरौटीमा रिहा भए । एक जना आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए पनि तोकिएको रकम बुझाउन नसकेपछि थुनामा छन् । तीन जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बहुविवाह घटनाका ६ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपितलाई सफाइ दियो । मानव बेचबिखन तथा ओसार पसार घटनामा चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपित कोरोना पुष्टि भएपछि*

*जिल्ला प्रहरी कार्यालयले हाजिरी जमानीमा रिहा गऱ्यो । तीन जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

**बलात्कार**

५३ वर्षीया अशक्त महिलालाई २०७७ असार २३ गते बलात्कार गरेको भन्दै बर्दघाट नपा– २ सुखौराका ३७ वर्षीय भुपालबहादुर तरामी विरुद्ध पीडित पक्षले असार २४ गते इलाका प्रहरी कार्यालय बर्दघाटमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार २४ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार २४ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो । प्रहरीले आरोपित विरुद्ध साउन १६ गते जिल्ला अदालतमा जबरजस्तीकरणी अभियोगमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश ध्रुवकुमार शाहको साउन २२ गतेको इजलासले आरोपितलाई आठ वर्ष कैद र ३० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा दुई सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ४० स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, तीन नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालम आठ जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी रिक्त छ । २०२० को अन्त्यसम्म जिल्लामा १ हजार ४ सय ३ जना कोरोना संक्रमित भए। कोरोना संक्रमणबाट ३१ जनाको मृत्यु भयो ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बलात्कार | ११ | ११ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | १८ | १८ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार प्रयास | | | | १ | १ |
| बलात्कार | १ | | १ | ६ | ९ |
| बलात्कार प्रयास | | | | ४ | ४ |
| बहुविवाह | | | | ४ | ४ |
| बेचबिखन तथा ओसारपसार | | | १ | | १ |
| घरेलु हिंसा | | १८ | | ३ | ३१ |
| यौन दुर्व्यवहार | | | १ | १ | ३ |
| जम्मा | १ | १८ | ४ | ११ | ५४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ७ | ८ |

# ५.८ रूपन्देही

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,६०,४११ |
| महिला | ४,५५,८३६ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ५ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | १० |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,५१,१७१ |
| कामका लागि बाहिरिएका | ६२,५०४ |
| अपाङ्गता भएका | ५,८५० |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६५.८ |
| आश्रित जनसङ्ख्या | ३,८४,६४३ |

*यस वर्ष रूपन्देही जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३ सय ८९ जना महिला, ६ जना पुरुषसहित ३ सय ९५ जना र राज्यपक्षबाट एक जना महिला, १६ जना पुरुषसहित १७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५६ जना र महिला अधिकार उल्लङ्घन घटनामा ३ सय २ ९ जना पीडित भए ।*

## नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

तिलोत्तमा नपा–१० मैनहवामा रहेको गंगादेवी कृषि फर्ममा ०७७ जेठ २७ गते सैनामैना नपा–५ बालापुरका ४० वर्षीय माधव मुसहर र उनकी पत्नी ३७ वर्षीया जानकी मुसहर, १४ वर्षीय पोखराज मुसहर र तिलोत्तमा नगरपालिका–१० मैनहवाका १६ वर्षीय करण चौधरी र १५ वर्षीय आशिष चौधरीको सामूहिक हत्या गरेको आरोपमा प्रहरीले सुर्खेत जिल्ला लेखबेसी नपा–५ स्थायी घरभई तिलोत्तमा नपा– १० स्थित गंगादेवी कृषि फर्मका ३२ वर्षीय झसेन्द्र सिंजाली मगरलाई जेठ २७ गते तिलोत्तमाबाटै गिरफ्तार गऱ्यो । आरोपितविरुद्ध मृतकका आफन्त करण मुसहरले जेठ २८ गते इलाका प्रहरी कार्यालयमामा कर्तव्य ज्यानसम्बन्धी कसुरमा उजुरी दिए। शवहरूको जेठ २८ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा पोष्टमार्टम पछि आफन्तले सदगत् गरे । जिल्ला अदालतले २०७७ पुस ३ गते आरोपितलाई जन्मकैदको फैसला सुनायो।

### गिरफ्तारी

*यस वर्ष रूपन्देहीबाट प्रतिबन्धित नेकपाका १३ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये तीन*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | १४ | १५ | | | |
| कुटपिट | | | १ | १ | | | |
| हत्या | | | | | ४ | ४ | ८ |
| सबै प्रकारका जातीय विभेद | | | | | २ | | २ |
| धम्की | | | १ | १ | | | |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| | विद्यालयमा शारीरिक सजाय | | | | | २ | २ |
| | बलात्कार | | | | ३७ | | ३७ |
| | यौन दुर्व्यवहार | | | | १६ | | १६ |
| | जम्मा | | | | ५४ | २ | ५६ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | | ३८९ | | ३८९ |
| | बहुविवाह | | | | २ | | २ |
| | बलात्कार | | | | २७ | | २७ |
| | बलात्कारको प्रयास | | | | ५ | | ५ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | बेचबिखन तथा ओसारपसार | | | | २ | | २ |
| | जम्मा | | | | ३३९ | | ३३९ |
| कूल जम्मा | | १ | १६ | १७ | ३८९ | ६ | ३९५ |

*जनालाई उच्च अदालत तुल्सीपुर बुटवल इजलासबाट बन्दीप्रत्यक्षीकरणको आदेशमा रिहा भए । आठ जना आरोपितलाई जिल्ला अदालतले जनही ७ हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो भने दुई जनालाई पुर्पक्षका लागि जिल्ला कारागार कपिलवस्तु पठायो ।*

### कारागार र बन्दी

१ सय ५० को क्षमताको जिल्ला कारागारमा १ सय २४ जना कैदी र ३ सय १४ जना बन्दीहरू गरी जम्मा ४ सय ३८ जना रहेका छन्। ७२ वर्षका एक जना ज्येष्ठ नागरिक रहेको छन्। कारागारमा क्षमता भन्दा बढी कैदी/बन्दीहरूको सङ्ख्या भएकोले सुत्न, बस्न कठिन र पालो कुरेर सुत्नुपर्ने बाध्यता रहेको भाइ नाइके सन्दीप कहारले बताए । कारागारमा पुरुष बन्दीहरूलाई मात्र राखिन्छ।

### बालसुधार गृह

भैरहवामा रहेको बाल सुधार गृहमा ७९ जना बालकहरू रहेका छन् भने दुई जना फरार भएको लामो समयसम्म अझ भेटिएको छैनन् । सबैभन्दा बढी बलात्कारका ३७ जना आरोपित रहेका छन् भने अन्य चोरी, डकैती, लागु औषध दुर्व्यसन लगायतका आरोपितहरू रहेका छन् । मापदण्ड अनुसारको सुधार गृह नहुँदा समस्या भएको गुनासो बालकहरूको छ । सरकारले बाल सुधार गृहमा ओड्ने ओछ्याउने व्यवस्था नगर्दा जाडो कसरी कटाउने भन्ने चिन्ताले पिरोल्ने गरेको बाल सुधार गृहकी प्रमुख सुभद्रा गौतमले बताइन्।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत

१२ जना न्यायाधीशको दरबन्दी रहेको यस उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा ११ जना न्यायाधीश नै कार्यरत छन् भने एक जना अन्यत्रै काजमा कार्यरत छन् । यो वर्ष फौजदारी मुद्दातर्फ अघिल्लो वर्षको जिम्मेवारी सरेको दुनियाँवादी देवानी ३ सय ११ थान, दुनियाँवादी फौजदारी ८० थान, सरकारवादी फौजदारी २ सय ९४ थान, सुरु क्षेत्राधिकार ७५ थान र रिट तर्फ ५५ थान गरी जम्मा ८ सय १५ थान रहेका छन्। ०७६ पुस १६ गतेदेखि ०७७ पुस ९ गतेसम्म नयाँ दर्ता भएको सङ्ख्या सरकारवादी फौजदारी ४ सय ३४ थान रहेको छ। जसमध्ये फैसला भएको सङ्ख्या २ सय ८७ रहेको उच्च अदालत तुल्सीपुर बुटवल इजलासका प्रशासकीय अधिकृत सुवर्ण खनालले बताए।

### जिल्ला अदालत

आठ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतबाट यो वर्ष चालु मुद्दा सङ्ख्या १ हजार १ सय ३९ थान रहेको छ भने अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको मुद्दा सङ्ख्या १ हजार ४ सय ५३ थान रहेको छ। जसमध्ये फैसला भएको फौजदारी मुद्दातर्फ ४ सय ३७ थान र देवानी ६ सय ३७ थान गरी जम्मा १ हजार ८३ थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ५१ थान र देवानी मुद्दा ४ सय ३५ थान बाँकी भएको श्रेस्तेदार नेत्रप्रसाद भुसालले बताए।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा २ सय १९ आधारभूत (कक्षा १ देखि ८) र १ सय ७० माबि (कक्षा ९ र १०) छन्। यस वर्ष ९० हजार ६ सय १० जना बालक र १ लाख १० हजार २ सय १२ जना बालिका विद्यालय भर्ना भए। जसमा विशेष अपाङ्गता भएका १२ जना बालिका र ११ जना बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री अन्तर्गत विशेष विद्यालय एक माबि रहेको छ र तीन ओटा विद्यालयमा स्रोतकक्षा समेत गरी चार ओटा छन्। द्वन्द्वपीडित परिवारका २० जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख दीपेन्द्र ढकालले बताए। यस वर्ष जिल्लाभर २५ हजार २ सय दलित बालक र ३० हजार ६ सय दलित बालिका विद्यालय भर्ना भए। त्यसमध्ये ५५ हजार ८ सय दलित विद्यार्थीमध्ये ३० हजार ६ सय छात्रा र २५ हजार २ सय छात्र रहेका छन्। वैदेशिक रोजगारमा गएका परिवारका ४३ जना बालबालिकाले ४२ हजार रुपियाँ छात्रवृत्ति पाए। सहिद परिवारका दुई जनाले ३६ हजार र द्वन्द्वपीडित परिवारका १८ बालबालिकाले २ लाख ७२ हजार रुपियाँ छात्रवृत्ति पाए।

*यस वर्ष बलात्कारका घटनामा ३७ जना, यौन दुर्व्यवहारका घटनामा १६ जना, बेचबिखन तथा ओसारपसार घटनामा एक जना बालिका पीडित भएको र परिवारजनबाट हत्याका घटनामा एक जना बालकको मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका ३३ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने तीन जना आरोपितलाई बाल सुधार गृह भैरहवा पठायो । १२ जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यौन दुर्व्यवहार घटनामा १२ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । एक जना आरोपितलाई बाल सुधार गृह पठायो भने एक जना आरोपित यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहेका छन् । सात जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । मानव बेचबिखन तथा ओसार पसार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। परिवारजनबाट हत्याको घटनामा एक जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो।*

### बलात्कारपछि हत्या

देवदह नपा–११ की १३ वर्षीया बालिकालाई २०७७ जेठ ९ गते साँझ बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले सोही ठाउँका २५ वर्षीय कोइला भनिने वीरेन्द्र भर, भरकी आमा ५० वर्षीया अकाली भर र ५५ वर्षीया सितली भर विरुद्ध जेठ १३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो । आरोपित वीरेन्द्र भरले बालिकालाई गाउँ नजिकैको खरियानमा बलात्कार गरेको र गाउँलेहरूले देखेपछि नियन्त्रणमा लिई जेठ १० गते बिहान देवदह नपा–११ का वडा अध्यक्ष अमरबहादुर चौधरीसहित गाउँलेले पीडित बालिकालाई आरोपित भरको जिम्मा लगाएको पीडित परिवारले आरोप लगायो । आरोपित कथित माथिल्लो जात भनिने र बालिका दलित समुदायको भएकोले बलात्कारको घटनाबाट जोगाउन बालिकालाई जेठ १० गते भरको जिम्मा लगाएर पठाइएको थियो । आरोपित भरले बालिकालाई आफ्नो घरमा लगेपछि वीरेन्द्रको आमा र ठूली आमाले 'हाम्रो जात मिल्दैन यसलाई घरमा पस्न दिँदैनौ' भनी, कुटपिट तथा लछारपछार गरेपछि वीरेन्द्रले देवदह नपा–२ पेटवनियास्थित अर्को आफ्नै घर लिएर गएको स्थानीय प्रत्यक्षदर्शीले बताए। बालिका जेठ १० गते साँझ देवदह नपा–२ पेटवनियाको घरदेखि पश्चिमतर्फ रहेको रोहिणी खोलाको छेउमा रहेको भेलोरको रुखमा झुण्डिएको, शरीरमा लगाएको माथिल्लो बस्त्र दुई तीन ठाउँमा च्यातिएको, शरीरमा निलडामहरू देखिएको, आरोपित वीरेन्द्र भरले लगाएको चाँदीको सिक्री मृतकको भित्री बस्त्रमा अड्किएको अवस्थामा फेला परेकाले बालिकाले आत्महत्या गरेको नभई झुण्ड्याएर मारिएको पीडित पक्षले आरोप लगायो । पीडित पक्षले घटना

बारेमा जेठ १२ गते उजुरी दिँदा प्रहरीले नलिएपछि अधिकारकर्मीहरूको पहल र दबाबमा जेठ १३ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दर्ता भयो । प्रहरीले जेठ १५ गते आरोपितहरूलाई गिरफ्तार गरेर जिल्ला अदालत रूपन्देहीबाट सात दिनको म्याद थपेर हिरासतमा राख्यो । प्रहरीले आरोपितहरू विरुद्ध जातीय छुवाछूत, जबरजस्तीकरणी र आत्महत्या दुरुत्साहन अभियोगमा साउन २१ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले साउन २१ गते आरोपितहरूलाई पुपर्क्षका लागि थुनामा पठायो। आरोपितहरूको तर्फबाट उच्च अदालत तुल्सीपुर इजलासमा असोज २६ गते बन्दीप्रत्यक्षीकरणको रिट दर्ता भयो । उच्च अदालत, तुल्सीपुर इजलासका न्यायाधीश सुदर्शन भट्ट र बाबुराम रेग्मीको मङ्सिर ४ गतेको आदेशले आरोपितहरूमध्ये अकाली भर र सितली भरलाई साधारण तारिखमा रिहा गऱ्यो । यस वर्षको अन्तिमसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका श्रेस्तेदार नेत्रप्रसाद भुसाललले बताए । इन्सेकले घटनाका बारेमा जेठ १५ देखि १७ गतेसम्म स्थलगत अध्ययन गऱ्यो । बालिकामाथि भएको बलात्कार जस्तो जघन्य अपराधमा कानुनी उपचारको साटो आरोपितको जिम्मा लगाउने कार्य भएकोले जनप्रतिनिधि र समाजका अगुवाले नै कानुन विपरीत कार्य गर्दा थप अपराध जन्मिएको देखिन्छ । घटना गम्भीर मानव अधिकारको उल्लङ्घन, जातीय भेदभाव र रहस्यमय मृत्यु भएकाले अनुसन्धानको दायरा फराकिलो बनाउँदै पीडितलाई न्याय दिलाउन प्रहरी प्रशासनले गहिरो अनुसन्धान गर्नुपर्ने साउन ४ गते सार्वजनिक गरिएको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष रूपन्देही जिल्लामा घरेलु हिंसा पीडित भन्दै ३ सय ५९ जना महिलाले जिल्ला प्रहरी कार्यालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी गरिएका २ सय ५२ , खान/लाउन नदिएको ९२, विवाह दर्ता र नागरिकता नबनाएको चार, अर्की श्रीमती ल्याएर हेला गरेको तीन, दाइजो नल्याएको भनी हेला गरेको ६ उजुरी छन् । यीमध्ये प्रहरीले २ सय १० उजुरीमा मेलमिलाप गरायो भने ४४ उजुरी कारबाही प्रक्रियामा रहेको ४४ जना अदालत जान्छौ भनी गएको र ५८ जना सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालय महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका सई शेषनारायण भारतीले बताए।

*यस वर्ष घरेलु हिंसाका घटनामा २ सय ८९ जना, बलात्कारका घटनामा २७ जना, बलात्कार प्रयासका घटनामा पाँच जना, यौन दुर्व्यवहार घटनामा एक जना, बहुविवाह घटनामा दुई जना, बेचबिखन तथा ओसारपसार तथा प्रयास घटनामा पाँच जना, परिवारजनबाट हत्याका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका १५ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । सात जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बलात्कार प्रयासका घटनामा दुई आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । तीन जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बहुविवाहका घटनाका दुई जना, बेचबिखन तथा ओसारपसार घटनाका तीन जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । परिवार जनबाट हत्याका घटनामा दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई जिल्ला अदालतले कैद सजायको फैसला सुनायो।*

### सबै प्रकारका जातीय विभेद

शुद्धोधन गाउँपालिका–१ की २४ वर्षीया शोभा हरिजनलाई २०७७ असोज २० गते जातीय विभेद तथा कुटपिट गरेको अरोपमा शुद्धोधन गाउँपालिका–१ का ४० वर्षीय सन्तराम लोनिया, सोही ठाउँका ३५ वर्षीय रामकेश लोनिया, ३७ वर्षीय बिहारी मल्लाह, ३९ वर्षीया श्रीकान्ति मल्लाह, ३० वर्षीया नर्मदा मल्लाहविरुद्ध पीडितले असोज २२ गते इलाका प्रहरी कार्यालय, बुटवलमा जातीय छुवाछूत तथा कसुर सजाय ऐन् २०६८ सम्बन्धी कसुरमा उजुरी दिएको इलाका प्रहरी कार्यालय, बुटवलका डिएसपी प्रतितसिंह राठोरले बताए । आरो पितहरूलाई प्रहरीले असोज २२ गते गिरफ्तार गऱ्यो । आरोपितहरूले पीडित महिलालाई जग्गा र घर बनाउने क्रममा लछारपछार गर्दै तल्लो जात 'डुम' भन्दै, विभिन्न गालीगलौज गरी जातीय विभेद गरेको भनी पीडितले बताइन् । पीडितको स्वास्थ्य परीक्षण असोज २१ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो । प्रहरीले आरोपितहरू विरुद्ध जिल्ला अदालत

रुपन्देहीमा असोज २९ गते जातीय छुवाछूत तथा कसुर सजाय ऐन् २०६८ सम्बन्धी कसुरमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत रूपन्देहीका न्यायाधीश कृष्णप्रसाद पौडेलको असोज २९ गतेको इजलासले जनही २०/२० हजार रुपियाँ घरौटीमा रिहा गर्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका श्रेस्तेदार नेत्रप्रसाद भुसालले बताए।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा प्रादेशिक अस्पताल र एउटा जिल्ला अस्पताल गरी दुई ओटा रहेका छन् । प्राथमिक स्वास्थ्य केन्द्र पाँच, उप-स्वास्थ्य चौकी ६४, शहरी स्वास्थ्य केन्द्र १३, सामुदायिक इकाइ पाँच, खोप क्लिनिक २ सय ७१, महिला स्वास्थ्य स्वयम्सेविका १ हजार ५ सय ११ जना, पाँच प्रकारकै परिवार नियोजनका साधन उपलब्धता भएको संस्था १३, बर्थिङ्ग सेन्टर २२, काइक्रोस्कोपिक्स सेण्टर पालिकाको सहयोगमा १३ र नेपाल सरकारको सात, सुरक्षित गर्भपतन सेवा उपलब्ध भएको संस्था २२, ओटीसी सेवा सञ्चालन भएको संस्था १६ (कुपोषित बच्चाहरूको स्याहार सुसार तथा उपचार), एआरटी सेवा सञ्चालित संस्था दुई, न्यू वर्न कर्नर स्थापना भएको संस्था चार (जहाँ नयाँ बच्चा जन्मिएको बर्थिङ्ग सेन्टरमा बच्चा राख्नको लागि बनाइएको हुन्छ) हरूको स्थापना भएको छ । जिल्लामा ०७७ मङ्सिर महिनादेखि स्वास्थ्य बीमा तथा ज्येष्ठ नागरिक बीमा सुरु भएको छ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ | २ |
| बलात्कार | ३ | | ३४ | ३७ |
| यौन दुर्व्यवहार | १ | | १५ | १६ |
| जम्मा | ४ | १ | ५१ | ५६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | २ | २ |
| घरेलु हिंसा | २६२ | | २७ | २८९ |
| बहुविवाह | | | २ | २ |
| बलात्कार | | २ | २४ | २६ |
| बलात्कार प्रयास | | १ | ४ | ५ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| बेचबिखन तथा ओसारपसार | | | २ | २ |
| जम्मा | २६२ | ३ | ६२ | ३२७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ३ | ४ |

# ५.९ कपिलवस्तु




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,२२,४५५ |
| महिला | ३,१०,३६१ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ३ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ६ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २,०१,७७२ |
| कामका लागि बाहिरिएका | २५,७५२ |
| अपाङ्गता भएका | ७,३३३ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५४.५ |
| आश्रित जनसङ्ख्या | २,७७,८३४ |

*यस वर्ष कपिलवस्तु जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ६० जना महिला, तीन जना पुरुषसहित १ सय ६३ जना र राज्यपक्षबाट दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४९ जना र महिला अधिकार उल्लङ्घन घटनामा १ सय ७ जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष कपिलवस्तुबाट प्रतिबन्धित नेकपाका एक जनालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । उनलाई जिल्ला प्रशासन कार्यालयले साधारण तारिखमा रिहा गऱ्यो।*

## कारागार र बन्दी

२ सय ५२ जना क्षमताको जिल्ला कारागार कार्यालयमा २ सय ४९ जना कैदी र १ सय ३ जना थुनुवा गरी ३ सय ९७ जना छन्। यहाँ महिला कैदीबन्दी छैनन्। ६० वर्षमाथिका ६ जना ७० वर्ष माथिका पाँच जना जेष्ठ नागरिक छन्। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कोठा अभावले कैदी/बन्दीलाई सुत्ने ठाउँ नपुगेर कोचाकोच गरेर सुत्नु पर्ने बाध्यता छ। खानेपानी तथा शौचालयको उत्तिकै समस्या हुँदा लाईन लागेर शौचालय जानुपर्ने र खाने पानी भर्दा, नुहाउदा र कपडा धुँदा पालो कुर्नुपर्ने बन्दी नाइकेले गुनासो गरे।

## हिरासतमा मृत्यु

वाणगङ्गा नपा–८ घर भई इलाका प्रहरी कार्यालय, पिपराको हिरासतमा रहेका ३८ वर्षीय 'किस्मत' भनिने राजु श्रेष्ठले २०७६ चैत २० गते तन्नाको पासो लगाएर आत्महत्या गरेको प्रहरीले जनायो । हिरासतभित्रको शौचालयमा पासो लगाएर झुण्डिएको अवस्थामा उनको शव बिहान ७ बजे फेला परेको थियो । उनलाई प्रहरीले फागुन १८ गते गिरफ्तार गरेको थियो। कोराना भाइरस सङ्क्रमण फैलिएका कारण लामो समय हिरासतमा राख्नु परेको प्रहरीले जनायो । जिल्लाका विभिन्न सरोकारवालाहरूको रोहवरमा मुचुल्का तयार गरी शवको पोष्टमार्टम चैत २१ गते जिल्ला अस्पताल,

तौलिहवामा भयो । पोष्टमार्टम पश्चात शव आफन्तलाई बुझाइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुनिल मल्लले बताए । यो वर्षको अन्त्यसम्म मृतक पक्षले कहीँ पनि उजुरी दिएन ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँच जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ३३ थान मुद्दा दर्ता भए । जसमध्ये १ सय ६१ थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ १ हजार ७ सय ५५ थान मध्ये ८ सय २ थान फैसला भए । दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या १० रहेको जिल्ला अदालतका श्रेस्तेदार हिरण्यप्रसाद भण्डारीले बताए । दुई वर्ष भन्दाबढी समय फैसला नभएका मुद्दामा सरकारवादी फौजदारी दुई, दुनियाँवादी दुई र देवानी मुद्दा ६ थान रहेका छन् ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | १ | | | |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | |
| घाइते | | | | १ | | १ |
| हत्या | | | | ३ | ३ | ५ |
| सबै प्रकारका जातीय विभेद | | | | १ | | १ |
| बाल अधिकार | बलात्कार | | | ३३ | | ३३ |
| | यौन दुर्व्यवहार | | | १७ | | १७ |
| | जम्मा | | | ४९ | | ४९ |
| महिला अधिकार | घरेलु हिंसा | | | ८० | | ८० |
| | बहुविवाह | | | ६ | | ६ |
| | बलात्कार | | | १३ | | १३ |
| | बलात्कारको प्रयास | | | ४ | | ४ |
| | बेचबिखन तथा ओसारपसार | | | ५ | | ५ |
| | जम्मा | | | १०६ | | १०६ |
| कूल जम्मा | | ३ | ३ | १६० | ३ | १६३ |

## बालअधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ९२ आधारभूत र १ सय ३९ मावि छन् । १ हजार ९ सय ९२ शिक्षक दरबन्दी रहेकोमा कुनै विद्यालयमा दरबन्दी मिलान हुन सकेको छैन । ६० हजार ६ सय १५ बालक र ५८ हजार २ सय ७४ जना बालिका विद्यालय भर्ना भए । जसमा अपाङ्गता भएका ८ सय बालिका र ७ सय बालक थिए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय १ आधारभूत र ५० मावि गरी १ सय ५१ ओटा छन् । द्वन्द्वपीडित परिवारका २८ जना बालबालिकाले छात्रवृत्ति पाएका छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइ प्रमुख थानेश्वर घिमिरेले बताए । द्वन्द्वपीडित परिवारका २८ जना बालबालिकाले ३ लाख ६२ हजार रुपियाँ छात्रवृत्ति पाए ।

*यस वर्ष बलात्कारका घटनामा ३२ जना, यौन दुर्व्यवहारका घटनामा १७ जना गरी ४९ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । जसमा बलात्कार घटनाका २३ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । दुई जना आरोपितलाई क्रमशः बाल सुधार गृह नेपालगञ्ज र भैरहवा पठायो । चार जना आरोपित जिल्ला अदालतको २ लाख रुपियाँ धरौटीमा रिहा भए भने तीन जना आरोपित अभिभावकको जिम्मा साधारण तारिखमा रिहा भए । दुई जना आरोपितलाई जिल्ला अदालतले क्रमशः दुई वर्ष कैद, २० हजार रुपियाँ जरिबाना र १२ वर्ष कैद, ५० हजार रुपियाँ क्षतिपूर्ति र १ हजार ८ सय रुपियाँ जरिबानाको फैसला सुनायो । पाँच जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यौन दुर्व्यवहारका घटनाका आठ जना आरोपितलाई जिल्ला अदालतले धरौटीमा रिहा गर्‍यो भने चार जना आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो । एक जना आरोपितलाई बाल सुधार गृह नेपालगञ्ज पठायो भने एक जना आरोपितलाई अभिभावकको जिम्मा लगायो । एकजना आरोपितलाई साधारण तारिखमा रिहा गर्‍यो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

**बलात्कार**

१५ वर्षीया बालिकालाई २०७६ फागुन २५ गते बलात्कार गरेको आरोपमा कपिलवस्तु नपा– ६ गोबरीका २० वर्षीय अकवाल मियाविरुद्ध पीडितका बाबुले २०७७ असोज २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण असोज २२ गते कपिलवस्तु अस्पतालमा भयो । आरोपितलाई प्रहरीले असोज २२ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विष्णु सुवेदीको मङ्सिर २६ गते को इजलासले आरोपितलाई १२ वर्ष कैद, ५० हजार रुपियाँ क्षतिपूर्ति र १ हजार ८ सय जरिबानाको सजाय तोकेको श्रेस्तेदार हिरण्यप्रसाद भण्डारीले बताए।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय १५ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यीमध्ये प्रहरीले १ सय १७ वटामा मिलापत्र गरायो भने १३ ओटा घटना अदालत पठाएको छ भने बाँकी ८५ उजुरी कारबाही प्रक्रियामा रहेका छन्।

*यस वर्ष घरेलु हिंसाका घटनामा ८० जना, बलात्कारका घटनामा १२ जना, बलात्कार प्रयासका घटनामा चार जना, बहुविवाहका घटनामा ६ जना, बेचबिखन तथा ओसारपसार घटनामा पाँच जना, एसिड प्रहारबाट घाइते एक जना, परिवारजनबाट हत्याका घटनामा एक जना गरी १ सय ९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका तीन जना आरोपित धरौटीमा रिहा, एक जना आरोपितलाई बाल सुधार गृह नेपालगञ्ज पठायो भने तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । ६ जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बलात्कार प्रयासका तीन जना आरोपितलाई जिल्ला अदालतले धरौटीमा रिहा गऱ्यो । बेचबिखन तथा ओसारपसार घटनाका दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । एसिड प्रहार गर्ने एक जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका दुई जना आरोपितलाई जिल्ला अदालतले तारिखमा रिहा गऱ्यो भने चार जना आरोपितलाई धरौटीमा रिहा, एक जनालाई पुर्पक्षका लागि थुनामा पठायो । दुई जना आरोपितलाई जिल्ला अदालतले तोकेको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो । दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

**एसिड प्रहारबाट घाइते**

महाराजगञ्ज नपा–१ की ६२ वर्षीया बेदमतीदेवी गुप्तालाई २०७६ फागुन २३ गते सोही ठाँउका ३९ वर्षीय हरिनारायण बरइले एसिड प्रहार गरेको भन्दै पीडितका छोरा २१ वर्षीय हनुमान गुप्ताले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालबालिकाले क्रिकेटको ब्याट भाँचेको विषयमा भएको विवाद चर्किँदै गएपछि आरोपितले एसिड प्रहार गरेका थिए । एसिड प्रहारबाट घाइते गुप्ताको सामान्य उपचार शिवराज अस्ततालमा र थप उपचार युनिर्भसल मेडिकल कलेज भैरहवा भयो । आरोपितलाई प्रहरीले फागुन २४ गते गिरफ्तार गऱ्यो । प्रहरीले फागुन २५ गते ज्यान मार्ने उद्योगको मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो । जिल्ला अदालतको २०७७ वैशाख २ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा तीन सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ७३ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, पाँच नगरस्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा तीन रहेका छन् भने तीन जना करारमा कार्यरत छन् । दुई जना स्टाफ नर्सको दरबन्दीमा दुई जना नै रहेका छन् भने, अनमी चार जनाको दरबन्दीमा सबै जना कार्यरत छन् । जिल्लामा ३८ हजार जनाले बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बिमा कार्यक्रममा पनि १ हजार ९ सय ३१ जनाको बिमा गरिएको छ। स्वास्थ्य बिमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि बाहिरी जिल्लामा जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो । कोभिड–१९ वाट सङ्क्रमित हुने सङ्ख्या पुस १५ सम्म १ हजार ९ सय ९५ जना, निको हुनेको सङ्ख्या १ हजार ९ सय २७ जना रहेको छ भने मृत्यु हुनेको सङ्ख्या २३ जना रहेको छ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | २ | ३ | २७ | | ३२ |
| यौन दुर्व्यवहार | | १ | १३ | १ | १५ |
| जम्मा | २ | ४ | ४० | १ | ४७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ७८ | | २ | ८० |
| बहुविवाह | | १ | ५ | ६ |
| बलात्कार | | ५ | ७ | १२ |
| बलात्कार प्रयास | | १ | ३ | ४ |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| जम्मा | ७८ | ७ | १८ | १०३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ४ | ५ |

# ५.१० दाङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,५३,७५७ |
| महिला | ३,१८,६३० |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ३ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ६ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,३७,२५५ |
| कामका लागि बाहिरिएका | ४३,१६० |
| अपाङ्गता भएका | १२,८८१ |
| ५ वर्षामाथिको साक्षरता प्रतिशत | ५६.८ |
| आश्रित जनसङ्ख्या | २,४७,३६८ |

*यस वर्ष दाङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ६१ जना महिला, १९ जना पुरुषसहित १ सय ८०जना र राज्यपक्षबाट तीन जना महिला, ४० जना पुरुषसहित ४३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४९ जना र महिला अधिकार उल्लङ्घन घटनामा १ सय ६ जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष दाङबाट प्रतिबन्धित नेकपाका ३३ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये दुई जना जिल्ला प्रशासन कार्यालयबाट २५ हजार रुपियाँ धरौटीमा रिहा भए। चार जना जिल्ला अदालतबाट साधारण तारिखमा रिहा भए। १३ जना सर्वोच्च अदालतको बन्दी प्रत्यक्षीकरणको आदेशमा रिहा भए। तीन जना पार्टी परित्यागको घोषणापछि जिल्ला प्रशासन कार्यालयबाट रिहा भए। चार जना प्रहरीले पुनः गिरफ्तारपछि जिल्ला अदालत बाँकेबाट रिहा भए। चार जना प्रहरीले आवश्यक परेको बेला उपस्थित हुने गरी प्रहरी कार्यालयबाट रिहा भए। एक जनालाई जिल्ला अदालतले तारिखमा र तीन जनालाई धरौटीमा रिहा गऱ्यो।*

## कारागार र बन्दी

### घोराही कारागार

७० जना क्षमताको कारागार कार्यालय, घोराहीमा १ सय ५२ कैदी र १ सय २२ थुनुवा गरी २ सय ७४ कैदी/बन्दी छन्। क्षमता भन्दा तीनगुणा बढी कैदी/बन्दी रहेको कारागारमा बस्ने समस्या भएपछि टहरामा बस्नुपर्ने बाध्यता छ। कारागारमा पुरुष कैदी/बन्दी मात्र राखिएको छ। कारागारमा ६० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक कैदी/बन्दी छन्। खानेपानी, पत्रपत्रिका, टेलिभिजन, खेलकुदका सामग्री उपलब्ध छन्।

घोराही कारागार प्रशासनले कारागार भित्रै कैदी/बन्दीका लागि कानुनी सहायता केन्द्र स्थापना गरेको छ। ०७६ असारदेखि सुरु गरिएको कानुनी सहायता केन्द्रमा विभिन्न कानुनी शिक्षाका सामग्री राखिएको छ। पुस्तकालयसमेत रहेको जिल्ला कारागारमा समाजमा हुने विभिन्न खालका

अपराधजन्य घटनामा संलग्न हुँदा भोग्नुपर्ने सजाय र अपराध गरिहाले उसका मानव अधिकारका विषय समेटिएका सामग्री राखिएको जेलर विष्णुप्रसाद पाण्डेले बताए । उनका अनुसार कैदी/बन्दीले कानुन र अन्य कानुनी सचेतनाका सामग्री पढेर आफ्ना कानुन व्यवसायीलाई सोधपुछ गर्ने र छिटोछरितो न्याय निरूपणमा टेवा पुगेको छ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ३ | ३० | ३३ | | | |
| कुटपिट | | | ३ | ३ | ३ | ११ | १३ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | ३ | | ३ |
| अमानवीय व्यवहार | | | | | १ | ३ | ३ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | | ५ | ५ | | | |
| सबै प्रकारका जातीय विभेद | | | | | १ | | १ |
| हत्या | | | | | ३ | | ३ |
| धम्की | | | १ | १ | १ | ३ | ४ |
| यातना | | | १ | १ | | | |
| बाल अधिकार | बालविवाह | | | | १ | | १ |
| | बलात्कार | | | | ३५ | | ३५ |
| | विद्यालयमा शारीरिक सजाय | | | | | ३ | ३ |
| | यौन दुर्व्यवहार | | | | ३० | | ३० |
| | जम्मा | | | | ४६ | ३ | ४९ |
| महिला अधिकार | 'बोक्सी'को आरोप | | | | ११ | | ११ |
| | बलात्कार | | | | ३० | | ३० |
| | बलात्कार प्रयास | | | | ८ | | ८ |
| | बहुविवाह | | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | | ६१ | | ६१ |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | जम्मा | | | | १०६ | | १०६ |
| कूल जम्मा | | ३ | ४० | ४३ | १६१ | १९ | १८० |

**तुलसीपुर कारागार**

पुरुष ३ सय र महिला २० जना क्षमताको तुलसीपुर कारागारमा ४ सय ३८ पुरुषमध्ये ४ सय कैदी, ३८ बन्दी छन् भने ३० महिलामध्ये २० कैदी १० बन्दी छन् । जसमा दुई महिनादेखि तीन वर्षसम्मका दुई बालक र दुई बालिका आश्रित गरी जम्मा ४ सय ७२ कैदी/बन्दी रहेका छन् । ७० वर्षमाथिका चार जना र ६० वर्ष नाघेका १७ जना ज्येष्ठ नागरिक छन् । जसमा दुई महिला छन् । खानेपानी, खेलकुद, टेलिभिजन, पत्रपत्रिकाको व्यवस्था रहेको कारागारको आफ्नै गाडी भएकाले कैदी/बन्दीलाई अदालत र अस्पताल लैजान सहज भएको जेलर युवराज परियारले बताए।

## कुटपिट

**अन्यपक्षबाट**

इलाका प्रहरी कार्यालय, खिलतपुर दाङमा कार्यरत प्रहरी इन्स्पेक्टर ३४ वर्षीय मोहनविक्रम केसीलाई ०७७ जेठ २२ गते बबई गाउँपालिका–६ का ४९ वर्षीय चित्रबहादुर डाँगी र उनका छोरा २७ वर्षीय हेमराज डाँगीले कुटपिट गरेको भन्दै पीडित पक्षले इप्रका तुलसीपुरमा ०७७ जेठ २३ गते जाहेरी दिए । मादक पदार्थ सेवन गरी स्थानीय क्वारेन्टाइन नजिकै होहल्ला गर्दा सम्झाउन गएका इन्स्पेक्टर केसीलाई ड्युटीमै रहेका बेला ढुङ्गाले टाउकोमा हानेको र टाउको फुटेको पीडितले बताए । घाइते इन्स्पेक्टरको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा जेठ २२ गते उपचार भयो । प्रहरीले प्रहरी कुटपिटमा संलग्न डाँगीका बाबु/छोरालाई जेठ २२ गते घटनास्थलबाटै गिरफ्तार गरी सार्वजनिक शान्तिविरुद्धको मुद्दा चलाएकोमा

जिल्ला प्रशासनले ०७७ असार ७ गते जनही ५०/५० हजार जरिबानामा रिहा गऱ्यो ।

शान्तिनगर गाउँपालिका–२ का वडाध्यक्ष ४३ वर्षीय फर्साराम डाँगीलाई ०७७ असार १६ गते ६/७ जनाको संख्यामा मास्क लगाएर आएको एक समूहले कुटपिट गऱ्यो । कार्यकक्षमै रहेका डाँगीमाथि लाठी प्रहार गर्दा टाउकोमा चोट तथा देब्रे हात र दायाँ खुट्टा भाँचिएर बेहोस भए । डाँगीलाई राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा प्राथमिक उपचार पछि थप उपचारका लागि हेलिकोप्टरबाट काठमाडौंको ह्याम्स हस्पिटलमा लगियो । असार १६ गते नै विप्लव नेतृत्वको प्रतिवन्धित नेकपाको शान्तिनगर गाउँपालिका पार्टीका सेक्रेटरी कमल सिंहले विज्ञप्ति निकालेर घटनाको जिम्मेवारी लिए । वडाध्यक्ष निर्वाचित भएदेखि दर्जन बढी सर्वसाधारणलाई कुटपिट गरेको, भ्रष्टाचार गरेको आरोप लगाउँदै सामाजिक कारबाही गरिएको विज्ञप्तिमा उल्लेख छ। प्रहरीले असार १६ गते राति वडाध्यक्ष कुटपिट घटनामा संलग्न भएको आरोपमा तुलसीपुर उपमनपा–५ का २९ वर्षीय अर्जुन शाही, शान्तिनगर गापा–२ का ५१ वर्षीय इन्द्रबहादुर वली र ३८ वर्षीय रेशमबहादुर विकलाई गिरफ्तार गरी ०७७ साउन ८ गते मुद्दा चलायो । जिल्ला अदालतले ०७७ साउन ९ गते आरोपित तीनै जनालाई २५/२५ हजार धरौटीमा रिहा गऱ्यो । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको श्रेस्तेदार धनसिङ गिरीले बताए।

घोराही उपमनपा–१५ निवासी नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष ४० वर्षीय सविन प्रियासनलाई ०७७ जेठ २९ गते घोराही उपमनपा–१५ का ३७ वर्षीय साजन भण्डारीले दुर्व्यवहार गरेको भन्दै पीडितले जेठ ३० गते जिल्ला प्रहरी कार्यालय, दाङमा उजुरी दिए । सोनापुर सिमेन्ट कारखानाका लागि चुनढुंगा बोकेका टिप्पर घोराही–१५ का स्थानीयले रोके पछि समाचार संकलनका लागि गएका प्रियासनको मोटरसाइकलको चाबी खोस्ने, अपशब्द बोल्नेलगायत दुर्व्यवहार गरेको पीडितले बताए । नेपाल पत्रकार महासंघ दाङ शाखाका सचिव भुपेन्द्र वलीले जेठ ३० गते विज्ञप्ति निकालेर घटनाका दोषीमाथि कारबाहीको माग गरे। प्रहरीले आरोपितलाई असार ७ गते गिरफ्तार गरी सार्वजनिक ऐनसम्बन्धी मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालयले ०७७ असार ९ गते एक हजार जरिवाना तिराइ रिहा गऱ्यो ।

**डेराबाट निकाला**

तुलसीपुर उपमनपा–१६ घरभई हाल घोराही उपमनपा–१८ डेरा गरिबस्ने बुद्ध इन्टरनेशनल हस्पिटल घोराहीमा कार्यरत २० वर्षीया स्टाफ नर्स सिर्जना खड्कालाई घरबेटी घोराही उपमनपा–१८ घर भई घोराही–२ का वडासचिव ४० वर्षीय नारायण आचार्यले कोरोना सार्न सक्ने भन्दै ०७६ चैत १५ गते घरबाट निकाला गरे । आरोपितहरूले ०७६ मङ्सिरदेखि उनीहरूको घरमा डेरा बस्दै आएकी खड्कालाई लगातार दवाव दिएपछि डेराबाट निस्किएर दुई दिन होटेलमा बसेकोमा चैत १५ गते अर्को कोठा लिएर बसिन्। घरनिकाला गरिएको समाचार बाहिरिएपछि प्रहरीले वडा सचिव आचार्यलाई चैत १५ गते गिरफ्तार गऱ्यो । तर पीडित खड्काले आफूले अर्को कोठा पाइसकेकोले घटना अघि नबढाउने भन्दै घरबेटी विरुद्ध उजुरी नदिएपछि प्रहरीले चैत १६ गते आचार्यलाई हिरासतमुक्त गऱ्यो ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

**उच्च अदालत**

चार न्यायाधीश दरबन्दी रहेको उच्च अदालत तुलसीपुरमा सबैजना कार्यरत छन् । यो वर्ष २७ रिटसहित ४ सय २४ थान मुद्दा दर्ता भएकोमा १ सय ७२ थान फैसला भए भने २ सय ५२ थान फैसला हुन बाँकी छन्। फौजदारीतर्फ ३ सय ४१ थान मध्ये १ सय ३४ थान फैसला भए भने २ सय ७ थान फैसला हुन बाँकी छन्। त्यस्तै देवानीतर्फ ४३ थान मध्ये १४ थान फैसला भए भने २९ थान बाँकी छन्। त्यस्तै २७ रिट दर्ता भएकोमा १३ थान फैसला भए भने १४ थान फैसला हुन बाँकी छन्। दुईवर्ष नाघेका मुद्दा छैनन्। फैसला हुन बाँकी २ सय ५२ थान मध्ये ६ महिनाभित्रका १ सय ६१ थान, छ देखि १२ महिनाभित्रका ५८ थान, १२ देखि १८ महिनाभित्रका ३३ थान मुद्दा छन्।

**जिल्ला अदालत**

चार न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा हाल चारै जना न्यायाधीश कार्यरत छन् । यस जिल्ला अदालतमा यो वर्ष देवानीतर्फ १ हजार ३ सय ५५ थान मध्ये ३ सय १६ थान मुद्दा फैसला भए जसमा १ हजार ३९ थान मुद्दा फैसला भएनन्। त्यस्तै फौजदारीतर्फ ८ सय ७८ थान मध्ये १ सय ७३ थान मुद्दा फैसला भए । ७ सय ५ थान मुद्दा फैसला हुन बाँकी छन्। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा ७६

छन्। त्यस्तै १८ महिना नाघेका १ सय ९० थान, एक वर्षभित्रका ३ सय १८ थान, ६ महिना माथिका ४ सय ९७ थान र ६ महिनाभित्रका ६ सय ६३ थान मुद्दा छन्।

### यातना

घोराही उपमनपा–१५ का २३ वर्षीय रोशन रानालाई जिल्ला प्रहरी कार्यालय, दाङमा कार्यरत प्रहरी जवान ३० वर्षीय इन्द्र खत्रीले अभियोग स्वीकार्न भन्दै ०७७ मङ्सिर ३ गते हिरासतमा यातना दिएको पीडितले बताए। घोराही बजारमा फ्रेस हाउस सञ्चालन गरी बसेका रानालाई नजिकै रहेको फूलबारी गेष्ट हाउसमा मङ्सिर २ गते चोरी भएपछि अनुसन्धानका लागि मङ्सिर ३ गते गिरफ्तार गरी चोरी गरेको अभियोग स्वीकार्न भन्दै मङ्सिर ३ गते बिहान ८ बजे देखि अपरान्ह ४ बजेसम्म घोप्टो पारेर राख्ने, सुताएर पैतालामा लाठीले हानेको र होटेल चोर्ने व्यक्ति अरू नै भएको फेला परेपछि ८ घण्टा पछि रिहा गरेको इन्सेक प्रतिनिधिलाई बताए। प्रहरीले हिरासतमा निर्दोष मान्छे लाई यातना दिएको भन्दै मङ्सिर ४ गते पीडित पक्षले मौखिक गुनासो राख्दै दोषीमाथि कारबाहीको माग गरे। तर, प्रहरीले बेवास्ता गरेपछि पीडित पक्षले घटनाबारे पत्रकार सम्मेलन गरी घटनाबारे जानकारी गराउने जनायो। प्रहरीले मङ्सिर ५ गते पीडित पक्षलाई कार्यालयमा बोलाएर कुटपिट गर्ने प्रहरीलाई विभागीय कारबाही गर्ने भन्दै माफी मागेपछि पीडित पक्षले लिखित उजुरी दिएन।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा ३ सय २५ आधारभूत, ९८ माध्यमिक गरी कूल ४ सय २३ सामुदायिक विद्यालय छन् भने संस्थागततर्फ १ सय १२ आधारभूत, १ सय २२ माध्यमिक गरी २ सय ३४ विद्यालय छन्। जिल्लामा सामुदायिक र संस्थागत गरी ६ सय ५८ विद्यालय सञ्चालनमा छन्। यसैगरी ११ मदरसा, दुई खुला विद्यालय, पाँच प्रौढ कक्षा, ३२ सामुदायिक सिकाई केन्द्र र ६ सय १८ पूर्वप्राथमिक कक्षा सञ्चालनमा छन्। सबै विद्यालयमा शौचालयको व्यवस्था छ भने सबै विद्यालय अपाङ्गमैत्री छैनन्। राहत ७ सय ४५ सहित जिल्लाको शिक्षक दरबन्दी २ हजार ५ सय १० रहेकोमा सबै दरबन्दीमा कार्यरत छन्।

यस वर्षको अन्त्यसम्म सामुदायिकतर्फ ४५ हजार ८ सय ४९ बालिका र ४१ हजार ८ सय ३९ बालक गरी कुल ८७ हजार ६ सय ८८ बालबालिका विद्यालय भर्ना भएको जिल्ला शिक्षा समन्वय इकाइ प्रमुख देवमणि चौधरीले बताए। यो वर्ष २२ छात्रा, ९ छात्र गरी ३१ द्वन्दपीडित र ५१ जना वैदेशिक रोजगारीमा ज्यान गुमाएका सन्तानलाई छात्रवृत्ति प्रदान गरिएको छ।

*यस वर्ष बलात्कारका घटनामा २५ जना, यौन दुर्व्यवहारका घटनामा २० जना, बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमा बलात्कार घटनामा २१ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई अभिभावकको जिम्मा लगायो। एक जनालाई १ लाख ५० हजार रुपियाँ र एक जना आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो। चार जना आरोपितलाई जिल्ला अदालतले आवश्यक परेको बेलामा उपस्थित हुने गरी रिहा गर्‍यो। एक जना आरोपितलाई उच्च अदालत तुलसीपुरले साधारण तारिखमा रिहा गर्‍यो। एक जना आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयमा हिरासतमा रहे भने सात जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

*यौन दुर्व्यवहार घटनामा पाँच जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, दुई जनालाई अभिभावकको जिम्मा, दुई जना ५० हजार रुपियाँ धरौटीमा र एक जना ४० हजार रुपियाँ, एक जना २० हजार रुपियाँ धरौटीमा रिहा भए भने एक जना साधारण तारिखमा रिहा भए। एक जना आरोपित उच्च अदालत तुलसीपुरबाट साधारण तारिखमा रिहा भए। एक जना आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयमा थुनामा रहे भने चार जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

*बालविवाहका घटनामा बालक र बालिकाका बाबुलाई जिल्ला अदालतले जनही ३० हजार रुपियाँ र बालिकालाई २० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो भने बालबालिका सहित चार जनालाई हाजिरी जमानीमा रिहा गर्‍यो। दुई जनालाई जिल्ला अदालतले सफाइको फैसला सुनायो।*

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दूर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ८३ वटा निवेदन जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, दाङमा दर्ता भएकोमा १ सय १७ मा मेलमिलाप भएको

र ३९ वटा मुद्दा अदालत रिफर गरिएको छ भने २७ वटा प्रक्रियामा छन् । जसमा जन्मदर्ता, नागरिकता, विवाह दर्ताका ५६ उजुरी परेकोमा जन्मदर्ता, नागरिक र विवाह दर्ता गरिदिएपछि ४२ उजुरीमा मेलमिलाप भयो । त्यस्तै घरनिकालाका २१ मुद्दामा नौ मेलमिलाप भएर घरमै पुनस्थापना गरिएको र १२ मुद्दा सम्बन्धविच्छेदका लागि अदालत पठाइयो भने खान लाउन नदिएको भन्दै २६ मुद्दा परेकामा ११ मा मेलमिलाप भएको १५ उजुरी सम्बन्धविच्छेदका लागि अदालत पठाइयो ।

*यस वर्ष घरेलु हिंसाका घटनामा ६१ जना, बलात्कारका घटनामा २० जना, बलात्कार प्रयास घटनामा आठ जना, यौन दुर्व्यवहार घटनामा तीन जना, परिवारजनबाट हत्याका घटनामा दुई जना, बहुविवाह घटनामा तीन जना, 'बोक्सी' आरोप घटनामा ११ जना गरी १ सय ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनामा ११ जना पुर्पक्षमा थुनामा, दुई जना अभिभावकको जिम्मामा, एक जना साधारण तारिखमा रिहा, एक जना १ लाख रुपियाँ र एक जना आरोपितलाई १ लाख २५ हजार रुपियाँ धरौटीमा जिल्ला अदालतले रिहा गऱ्यो । दुई जना यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहे भने सात जना यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बलात्कार प्रयासका घटनामा जिल्ला अदालतले चार जना पुर्पक्षमा थुनामा, एक जना २५ हजार रुपियाँ, एक जना ५० हजार रुपियाँ धरौटीमा रिहा, एक जना आरोपितलाई हाजिरी जमानीमा रिहा गऱ्यो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यौन दुर्व्यवहार घटनामा जिल्ला अदालतले एक जनालाई पुर्पक्षमा थुनामा पठायो भने दुई जनालाई क्रमशः १ हजार रुपियाँ जरिवाना तिराइ रिहा र १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । एक जना आरोपितलाई जिल्ला अदालतले सफाइको फैसला सुनायो । बहुविवाहका घटनामा जिल्ला अदालतले दुई जनालाई क्रमशः २५ हजार र १० हजार रुपियाँ धरौटी, दुई जनालाई क्रमशः ४० हजार रुपियाँ र साधारण तारिखमा, दुई जनालाई क्रमशः साधारण तारिख र १ लाख ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । परिवारजनबाट हत्याका घटनामा दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । अमानवीय व्यवहारका घटनामा सात जना आरोपित मध्ये दुई जनालाई जनही ३५ हजार रुपियाँ धरौटीमा र पाँच जनालाई जिल्ला अदालतले साधारण तारिखमा रिहा गऱ्यो । 'बोक्सी' आरोप घटनामा तीन जनालाई जिल्ला अदालतले जनही ३० हजार रुपियाँ, तीन जना आरोपितलाई जनही २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । एक जना आरोपित वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे ।*

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई प्रादेशिक अस्पताल, दुई जिल्ला अस्पताल, ३३ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, तीन शहरी स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र ३१, १२ सामुदायिक स्वास्थ्य इकाइ, स्वास्थ्य इकाइ दुई, आधारभूत स्वास्थ्य केन्द्र २१ र निजी स्वास्थ्य संस्थाको सङ्ख्या ३३ छ । निजी बाहेक सरकारी स्वास्थ्य संस्थामा मेसुको दुईवटा दरबन्दी भएपनि रिक्त छ भने १७ विशेषज्ञ डाक्टरको दरबन्दीमा ११ कार्यरत छन् भने ६ रिक्त छ। यस्तै जिल्लामा १४ मेडिकल अधिकृतको दरबन्दीमध्ये ११ कार्यरत, तीन रिक्त भए पनि पालिकाहरूले थप पाँच मेडिकल अधिकृत करारमा नियुक्त गरेकाले १६ मेडिकल अधिकृत कार्यरत छन्। त्यस्तै १ सय ४३ प्यारामेडिक्सको दरबन्दी रहेकोमा ३१ करारसहित १ सय ७४ कार्यरत छन्। एक पद रिक्त छ । ११ स्टाफ नर्सको दरबन्दीमा दुई करारसहित १३ कार्यरत छन् । त्यस्तै १ सय २१ अनमीको दरबन्दीमा ५५ करारसहित १ सय ७४ कार्यरत छन् भने एक पद रिक्त छ। ३९ हेल्थ असिष्टेन्टको दरबन्दीमा ३७ कार्यरत छन भने दुई रिक्त र एक बिदामा छन्। यसवर्ष घोराही उपमहानगरपालिका, राप्ती गाउँपालिका, बबई गाउँपालिका, दंगीशरण गाउँपालिका र बंगलाचुली गाउँपालिकामा १५/१५ बेडका अस्पतालको एकैचोटी शिलान्यास भयो ।

कोरोना महामारीपछि दाङमा एउटा प्रादेशिक स्तरको कोरोना विशेष अस्थायी अस्पताल स्थापना भयो । १० आइसीयु बेडसहित ८५ बेडको अस्पतालमा सात विशेषज्ञ चिकित्सक, सात मेडिकल अधिकृत, १३ स्टाफ नर्स, तीन ल्याव टेक्निसियन, एक प्यारामेडिक्स र सात कार्यालय सहयोग कार्यरत छन् । अस्पतालमा १९ एचडीयु तथा ६ भेन्टिलेटर सञ्चालनमा छन् । यस अस्पतालमा यो वर्षको अन्त्यसम्म ५ सय ९० जना सङ्क्रमित भर्ना भएकोमा ५ सय ६७ निको भए । नौ जना जिल्ला बाहिर रिफर भए । अस्पतालमा भर्ना भएकामध्ये ६ को मृत्यु भएको अस्पतालका व्यवस्थापक द्रोण वलीले बताए । दाङमा यो वर्षको

अन्त्यसम्म २३ हजार ५३ जनाले स्वाव परीक्षण गरेको मा ३ हजार ३ सय ७१ जनामा कोरोना सङ्क्रमण पुष्टि भयो भने ४४ जनाको मृत्यु भयो। ३ हजार २ सय ३ जना कोरोनामुक्त भएको जिल्ला स्वास्थ्य कार्यालय, दाङका कोरोना फोकल पर्सन कमल चन्दले बताए।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्यायएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
|---|---|---|---|---|---|
| बालविवाह | | | १ | | १ |
| बलात्कार | | ५ | १९ | १ | २५ |
| विद्यालयमा शारीरिक सजाय | २ | | | | २ |
| यौन दुर्व्यवहार | | ३ | ११ | | १४ |
| जम्मा | २ | ८ | ३१ | १ | ४२ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
|---|---|---|---|---|---|---|
| घरेलु हिंसा | | ५४ | १ | ४ | १ | ६० |
| 'बोक्सी'को आरोपमा | | २ | १ | ४ | १ | ८ |
| बहुविवाह | | | | ३ | | ३ |
| बलात्कार | | | ५ | १५ | | २० |
| बलात्कार प्रयास | | | १ | ७ | | ८ |
| यौन दुर्व्यवहार | १ | | | २ | | ३ |
| जम्मा | १ | ५६ | ८ | ३५ | २ | १०२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

# ५.११ बाँके




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,४१,३४४ |
| महिला | २,७५,८१४ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ३ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ६ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,२७,६९० |
| कामका लागि बाहिरिएका | २१,३५५ |
| अपाङ्गता भएका | ७,४६८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५१ |
| आश्रित जनसङ्ख्या | २,२४,८३५ |

*यस वर्ष बाँके जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ८९ जना महिला, पाँच जना पुरुषसहित ९४ जना र राज्यपक्षबाट नौ जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २२ जना र महिला अधिकार उल्लङ्घन घटनामा ६५ जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष बाँकेबाट प्रतिबन्धित नेकपाका चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये एक जनालाई जिल्ला अदालतले २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा तोकिएको धरौटी बुझाउन नसकेपछि थुनामा पठायो भने एक जनालाई २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।*

## यातना

कोहलपुर नगरपालिका–१५ का १८ वर्षीय दीपक यादवलाई जिल्ला प्रहरी कार्यालयले चोरीको आरोपमा कारकाँदोबाट गिरफ्तार गरी यातना दिएको भन्दै पीडित पक्षले ०७६ पुस २३ गते राष्ट्रिय मानव अधिकार आयोग, नेपालगञ्जमा उजुरी दियो। दीपक सहचालक रहेको भे १ ख २२३९ नम्बरको बसमा पुस १३ गते यात्रारत एक महिलाको झोला र आवश्यक कागजात हराएको भन्दै प्रहरीले कारकाँदो चोकमा यात्रु बसबाट झारी चालक कोहलपुर नपा–६ बस्ने सुवास थारु , कन्डक्टर कोहलपुर नपा–७ बस्ने जंगली थारु र सहचालक दीपक यादवलाई जिल्ला प्रहरी कार्यालय लिएर गएको थियो। प्रहरी कार्यालयमा पुऱ्याए लगत्तै 'समान कहाँ छ भन्दै' लात्ताले ढाड, खुट्टा, टाउकोमा हानेको, खुट्टा पसार्न लगाई दुबै खुट्टामा बुटले कुल्चँदै शरीरका विभिन्न भागमा जथाभावी कुटपिट गर्नुको साथै र खुट्टाको पैतालामा लाठीले कुटपिट गरेको दीपकले बताए। पीडितको नेपालगञ्ज नर्सिङ होममा पुस १७ गते र पुनः पुस २१ गते उपचार गरिएको पीडितका बुवाले बताए। जिल्ला प्रहरी कार्यालयका एसपी विरबहादुर वलीले कुटपिट गर्ने प्रहरी जिल्ला प्रहरी कार्यालयमा काजमा रहेकोले रमाना दिएर सुर्खेत पठाइएको बताए।

## धम्की/कुटपिट

*यस वर्ष कुटपिटका घटनामा एक जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा तीन*

*जना आरोपितलाई जिल्ला अदालतले जनही १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अहपरण | | | | | १ | १ |
| गिरफ्तारी | | ४ | ४ | | | |
| कुटपिट | | १ | १ | | ३ | ३ |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | |
| कारागारमा मृत्यु | | ३ | ३ | | | |
| हत्या | | | | ३ | ३ | ४ |
| यातना | | १ | १ | | | |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | ६ | | ६ |
| | बलात्कार | | | १३ | | १३ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | जम्मा | | | ३३ | | ३३ |
| महिला अधिकार | बलात्कार | | | ११ | | ११ |
| | बेचबिखन तथा ओसारपसार प्रयास | | | १ | | १ |
| | घरेलु हिंसा | | | ५१ | | ५१ |
| | बेचबिखन तथा ओसारपसार | | | १ | | १ |
| | 'बोक्सी'को आरोपमा | | | १ | | १ |
| | जम्मा | | | ६५ | | ६५ |
| कूल जम्मा | | ९ | ९ | ८९ | ५ | ९४ |

## कारागार र बन्दी

कारागारको क्षमता ३ सय जनाको छ । कार ागारमा कैदी ४ सय ११ र थुनुवा ३ सय ७६ जना छन्। बाँके कारागारमा महिला कैदी/बन्दी भने छैनन् । कारागारमा आश्रित बालबालिका पनि छैनन् । कारागारमा महिला छैनन् । क्षमता भन्दा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारका आठ जनामा कोभिड-१९ पोजेटिभ देखियो।

### बाल सुधार गृह

बाँकेको डुडुवा गाउँपालिका-६ मा रहेको बालसुधार गृहको क्षमता ७५ जनाको रहेको छ। बाल सुधार गृहमा १ सय २६ जना बालकहरू रहेका छन्।

### हिरासत /कारागारमा मृत्यु

नेपालगञ्ज उपमनपा-८ का ६० वर्षीय अस्ताक अहमद सिद्दिकीको ०७६ चैत १७ गते बाँके कारागारमा मृत्यु भयो । मृतक सिद्दिकी ३ वर्षदेखि कारागारमा कैद सजाय भोगिरहेका थिए । उनी मधुमेह रोगका बिरामी रहेको र एक्कासि बेहोस भएपछि उपचारका लागि भेरी अस्पतालमा पुऱ्याए लगत्तै मृत्यु भएको कारागारका जेलर देवेन्द्र श्रेष्ठले बताए। भेरी अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डाक्टर प्रकाश थापाले मृतक मधुमेह रोगी रहेको बताए। सिद्दिकी ०७४ फागुन २३ गतेको जिल्ला अदालतको आदेश अनुसार अपराधिक लाभको मुद्दामा ३ वर्ष कैद र ३० हजार जरिवानाको सजाय तोकेको थियो। शवको पोष्टमार्टम चैत १८ गते भेरी अस्पतालमा गरी परिवारको जिम्मा लगाएको कारागार प्रशासनले जनायो।

नेपालगञ्ज उपमनपा-४ घर भई कारगारमा कैद भोगिरहेका ६१ वर्षीय सिताराम वैश्यको ०७७ वैशाख २५ गते उपचारको क्रममा भेरी अस्पतालमा मृत्यु भयो। जिल्ला अदालतबाट पाँच वर्ष कैद सजाय तोकिएका वैश्य ०७३ सालदेखि लागू औषध मुद्दामा कारागारमा कैद सजाय भोगिरहेका थिए। उनी मधुमेह र जन्डिसको बिरामी रहेको र वैशाख २० गतेदेखि भेरी अस्पतालमा नियमित उपचार भइरहेको कारागार जेलर देवेन्द्र श्रेष्ठले बताए । भेरी अस्पतालका मेडिकल सुपरिण्डेण्ट डाक्टर प्रकाश थापाले वैश्यको उपचारका क्रममा मृत्यु भएको र दीर्घरोगी भएकाले शवको पोष्टमार्टम नगरिएको बताए। वैशाख २५ गते शव परिवारको जिम्मा लगाइयो।

**हिरासतमा आत्महत्या**

जिल्ला प्रहरी कार्यालय, बाँकेको हिरासतमा रहेका डुडुवा गाउँपालिका –३ बनकट्टीका ३५ वर्षीय बाबुलाल रैदासले २०७७ मङ्सिर ४ गते राति झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय, बाँकेका डिएसपी सुवास खड्काले बताए । डुडुवा गाउँपालिका–३ का १२ वर्षीय बालक सुनिल हरिजनलाई कात्तिक ११ गते अपहरण गरी हत्या गरेको आरोपमा प्रहरीले कात्तिक १४ गते रैदासलाई गिरफ्तार गरी म्याद थप गरी अनुसन्धानका राखेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुवास खड्काले बताए । डिएसपी खड्का अनुसार रैदास प्रहरीको हिरासत कक्षको शौचालयको भेण्टिलेटरमा कपडाको पासो बनाएर झुण्डिएको अवस्थामा मङ्सिर ५ गते बिहान मृत फेला परेका थिए। मृतकका आफन्त, वडा कार्यालयका जनप्रतिनिधि, चिकित्सक, मानव अधिकारकर्मी, प्रशासन लगायतका निकायलाई खबर गरेर घटनास्थलको मुचुल्का तयार गरेको डिएसपी खड्काले बताए । शवको पोष्टमार्टम मङ्सिर ५ गते भेरी अस्पताल, नेपालगञ्ज गरी शव आफन्तको जिम्मा लगाइयो । बालक हत्या घटनाको आरोपमा प्रहरीले डुडुवा गाउँपालिका–३ का १३ वर्षीय विजय सोनकर, २१ वर्षीय अजय सोनीलाई प्रहरीले कात्तिक ११ गते सोधपुछको लागि बोलाएर सोधपुछ गरी रिहा गऱ्यो । यस वर्षको अन्त्यसम्म घटना अनुसन्धानको क्रममै रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी खड्काले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

**उच्च अदालत**

६ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासमा यस वर्षका दुनियावादी देवानीका १ सय ३८ थान, दुनियावादी फौजदारीका तीन थान, सरकारवादी फौजदारीका २ सय ९५ थान र सुरु क्षेत्राधिकारबाट पाँच थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७६ पुस १७ देखि ०७७ पुस १५ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकार वादीतर्फ ३ सय थान उजुरी परे भने अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ५ सय १५ थान मुद्दा फैसला भए।

**जिल्ला अदालत**

आठ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ६ सय ४ मध्ये ४ सय १२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार ८ सय ७ थान मध्ये ६ सय ७६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय २८ थान छन् भने देवानी मुद्दा २ सय ३५ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका ३ हजार १६ र सन् २०२० को १ हजार ३ सय ९५ थान मुद्दामध्ये कुल १ हजार ८८ थान मुद्दा फैसला भए। ३ हजार ३ सय २३ मुद्दा बाँकी छन्।

## बाल अधिकार

**शिक्षाको अवस्था**

जिल्लामा ८० ओटा आधारभूत र ८२ ओटा मावि र १ सय ६ वटा मदर्शा विद्यालय रहेका छन्। प्राविहरूमा शिक्षक ८ सय १३ जना दरबन्दी, राह( तमा ४ सय ६० शिक्षक , आधारभूत तहमा शिक्षक दरबन्दी १ सय ८३ रहेको छ भने राहतमा १ सय २ रहेको छ। मावि तहमा शिक्षक १ सय ७३ र राहतमा ९३ रहेका छन् भने दरबन्दी रिक्त छैन । जिल्लामा अपाङ्गतामैत्री विद्यालय पाँच ओटा मात्र छन् । कोरोनाका कारण यस वर्ष विद्यालयहरू बन्द भएको कारण विद्यार्थी भर्ना गराउनमा केही समस्या रहेको र कोभिडका कारण अभिभावकहरूले पनि आफ्नो छोराछोरी विद्यालय पठाउन नमानेकोले विद्यार्थी भर्नामा असर परेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख राम सुरेश यादवले बताए।

*यस वर्ष यौन दुर्व्यवहारका घटनामा तीन जना, बलात्कारका घटनामा १३, बेचबिखन तथा ओसारपसार घटनामा ६ जना बालिका पीडित भएको र अपहरण घटनामा एक बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। बलात्कार घटनाका सात जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई बाल सुधार गृहमा पठायो। दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् । बेचबिखन तथा ओसारपसार घटनाका चार*

*जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई ५० हजार धरौटीमा रिहा गऱ्यो । बालक अपहरण घटनामा एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

## महिला विरूद्ध हुने सबै प्रकारका विभेद

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ७८ जना महिलाले जिल्ला प्रहरी कार्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । प्रहरीले २ सय २५ ओटा घटना मेलमिलापमा टुङ्ग्यायो । ३६ ओटा अदालत गए र आठ जना पीडित सम्पर्कमा आएनन् । १ सय १८ ओटा उजुरी बाँकी रहेका छन् । ठाडो उजुरीमा ७० ओटा उजुरी दर्ता भएका छन् जसमा ३० ओटा मिलापत्र भयो भने ४० ओटा उजुरी बाँकी रहेको जिल्ला प्रहरी कार्यालय बाँके को महिला तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी सइ रमा श्रेष्ठले बताइन् ।

*यस वर्ष घरेलु हिंसाका घटनामा ५१ जना, बलात्कारका घटनामा ११ जना, परिवारजनबाट हत्याका घटनामा दुई जना, 'बोक्सी' को आरोपमा एक जना महिला गरी ६५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका पाँच जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने एक जना आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । 'बोक्सी' को आरोप घटनामा दुई जना आरोपित ६० हजार रुपियाँ धरौटीमा रिहा भए । परिवारजनबाट हत्याका घटनामा दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । बेचबिखन तथा ओसारपसार घटनाका एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

## स्वास्थ्य सेवाको अवस्था

बाँके जिल्लामा एक केन्द्रीय अस्पताल, १७ आधारभूत स्वास्थ्य केन्द्र, १० सहरी स्वास्थ्य केन्द्र, तीन प्रथामिक स्वास्थ्य केन्द्र रहेका छन् । आठ ओटै स्थानीय तहमा रहेका प्रत्येक स्वास्थ्य चौकीमा ६/६ जना, प्रत्येक आधारभूत स्वास्थ्य केन्द्रमा तीन/तीन जना, प्रत्येक स्थानीय तहमा भएका प्रथामिक स्वास्थ्य केन्द्रमा १३ जना दरबन्दी अनुसारकै कर्मचारी रहेका छन् भने तीन जनाको डाक्टर दरबन्दी रहेकोमा तीन जना रहेका छन् । स्वास्थ्य कार्यालय बाँकेका प्रमुख धिरजंग शाहले स्वास्थ्य केन्द्र तथा मानवीय स्रोतको अवस्थामा धेरै समस्या नभएको बताए ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | ४ | ४ |
| बलात्कार | ३ | ९ | १२ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | ३ | १५ | १८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ४८ | | ३ | ५१ |
| 'बोक्सी'को आरोपमा | | | १ | १ |
| बलात्कार | | २ | ८ | १० |
| बेचबिखन तथा ओसारपसार | | १ | | १ |
| जम्मा | ४८ | ३ | १२ | ६३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ३ | ४ |

# ५.१२ बर्दिया

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४,४५,७८५ |
| महिला | २,३५,५१४ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,२१,१७८ |
| कामका लागि बाहिरिएका | २५,०४४ |
| अपाङ्गता भएका | ८,१५७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५८ |
| आश्रित जनसङ्ख्या | १,७८,००५ |

*यस वर्ष बर्दिया जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६६ जना महिला र राज्यपक्षबाट एक जना महिला, ६ जना पुरुषसहित सात जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३३ जना र महिला अधिकार उल्लङ्घन घटनामा ३० जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष बर्दियाबाट प्रतिबन्धित नेकपाका सात जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये पाँच जनालाई जिल्ला प्रशासन कार्यालयले साधारण तारिखमा रिहा गऱ्यो। एक जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने एक जनालाई १० लाख ९ हजार ५ सय धरौटी माग गरेकोमा तोकिएको धरौटी रकम बुझ्काउन नसकेपछि थुनामा पठायो।*

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता १ सय २५ जनाको छ। कारागारमा कैदी र थुनुवा ३ सय १३ जना छन्। महिला ३३ र पुरुष २ सय ८० रहेका छन्। कारागारमा एक जना ५ वर्षका आश्रित बालक र एक जना ३ वर्षीया आश्रित बालिका रहेका छन्। कारागार को क्षमता महिला २५ र पुरुष २५ हो। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। ७० वर्ष नाघेका बन्दी तीन जना रहेका छन्।

कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि सिनियर अहेव दरबन्दी रहेकोमा एक वर्षदेखि रिक्त छ। गुलरिया नगरपालिका कार्यालयको स्वास्थ्य शाखाबाट एक जना स्वास्थ्यकर्मीले सेवा प्रदान गरिरहेका छन्। ६० वर्ष नाघेका नौ जना ज्येष्ठ नागरिक (पुरुष) रहेका छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ५२ थान मध्ये ५८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ६ सय ५६ थान मध्ये १ सय ५३ थान मुद्दा फैसला भए। यस अदालतमा २ वर्ष नाघेका फौजदारी मुद्दा २ थान छन् भने देवानी मुद्दा २६ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | जम्मा |
| गिरफ्तारी | | १ | ६ | ७ | | |
| हत्या | | | | | १ | १ |
| सबै प्रकारका जातीय विभेद | | | | | ३ | ३ |
| बाल अधिकार | बलात्कार | | | | ११ | ११ |
| | यौन दुर्व्यवहार | | | | ६ | ६ |
| | बेचबिखन तथा ओसारपसार | | | | ४ | ४ |
| | बालविवाह | | | | १ | १ |
| | जम्मा | | | | ३३ | ३३ |
| महिला अधिकार | बलात्कार | | | | १३ | १३ |
| | बलात्कार प्रयास | | | | ५ | ५ |
| | यौन दुर्व्यवहार | | | | ३ | ३ |
| | बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| | 'बोक्सी' को आरोपमा | | | | ३ | ३ |
| | बहुविवाह | | | | ५ | ५ |
| | घरेलु हिंसा | | | | ३ | ३ |
| | जम्मा | | | | ३० | ३० |
| कूल जम्मा | | १ | ६ | ७ | ६६ | ६६ |

६ सय ५९ थान र सन् २०२० को ४ सय १ थान मुद्दामध्ये कुल २ सय ३९ थान मुद्दा फैसला भए । ८ सय २१ थान मुद्दा बाँकी छन् । अदालतले पाँच जना कर्मचारी करारमा नियुक्त गरेको छ भने सात जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा १ सय ९३ प्रावि, ८४ आधारभूत र १ सय ९ माबि छन् । १ हजार १ सय ९९ शिक्षक दरबन्दी रहेकामा १ हजार १ सय ९९ ओटा दरबन्दी मिलान भएको देखिन्छ । यस वर्ष ४३ हजार ६ सय ४२ बालक र २८ हजार ८ सय ६३ जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका बालिका र बालक भर्ना भएकाहरूको व्यवस्थित तथ्याङ्क राखिएको भेटिएन । द्वन्द्वपीडित परिवारका ६१ जना बालबालिकाले ८ लाख ८० हजार छात्रवृत्ति पाएका छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । यस वर्ष जिल्लाभर ८ हजार ९ सय ९० दलित बालक र ८ हजार ६ सय ७६ छात्रा दलित बालिका विद्यालय भर्ना भए । त्यसमध्ये १७ हजार ६ सय ६६ दलित विद्यार्थी मध्ये ८ हजार ६ सय ७६ छात्रा र ८ हजार ९ सय ९० छात्र रहेका छन् ।

*यस वर्ष बलात्कारका घटनामा २२ जना, यौन दुर्व्यवहार घटनामा ६ जना, बेचबिखन तथा ओसारपसार घटनामा चार जना गरी ३३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका १३ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने पाँच जना आरोपितलाई बाल सुधार गृह, नेपालगञ्ज र दुई जना आरोपितलाई बाल सुधार गृह भक्तपुर पठायो । तीन जना आरोपितलाई अभिभावकको जिम्मा लगायो । एक जना आरोपितलाई २ लाख ५० हजार रुपियाँ तारिखमा, एक जनालाई ५० हजार रुपियाँ धरौटीमा, एक जनालाई १ लाख ७५ हजार रुपियाँ धरौटीमा जिल्ला अदालतले रिहा गऱ्यो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् । एक जना आरोपित पक्षले सामाजिक अगुवा र जनप्रतिनिधिमार्फत् पीडितलाई १ लाख १० हजार रुपियाँ दिएर कानुनी प्रक्रियामा जानबाट रोके । बेचबिखन तथा ओसारपसार घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ५२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घरनिकाला गरिएका १३, खान/लाउन नदिएको २५, विवाह दर्ता र नागरिकता नबनाएको तीन, अर्की श्रीमती ल्याएर हेला गरेको उजुरी परेन र सामान्य घरायसी झगडाका १३ उजुरी छन् । यी मध्ये प्रहरीले ४८ उजुरीमा मेलमिलाप गरायो भने चार उजुरी कानुनी प्रक्रियामा छन् ।

*यस वर्ष घरेलु हिंसाका घटनामा दुई जना, बलात्कारका घटनामा १३ जना, बलात्कार प्रयासका घटनामा पाँच जना, परिवारजनबाट हत्याका घटनामा एक जना, 'बोक्सी'को आरोपमा दुई जना, बहुविवाहका घटनामा पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका नौ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई १ लाख ९ हजार ५ सय रुपियाँ धरौटीमा तारिखमा रिहा, एक जना आरोपितलाई १ ला २० हजार रुपियाँ धरौटीमा तारिखमा जिल्ला अदालतले रिहा गऱ्यो । दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् । बलात्कार प्रयासका घटनामा दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई १ लाख २५ हजार रुपियाँ धरौटी माग गरेकोमा तोकिएको रकम बुझाउन नसकेपछि थुनामा पठायो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् । बोक्सीका को आरोप घटनामा तीन आरोपितलाई जिल्ला अदालतले १ लाख ९ हजार रुपियाँमा धरौटी माग गरेको दुई जनाले तोकिएको धरौटी बुझाई रिहा भए भने एक जना तोकिएको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो । जिल्ला अदालतले बहुविवाहका घटनाका दुई जना आरोपितलाई जनही १ लाख २० हजार रुपियाँ धरौटी माग गरेको तोकिएको रकम बुझाउन नसकेपछि पुर्पक्षका लागि थुनामा पठायो । दुई जना आरोपित जनही २ लाख २० हजार रुपियाँ धरौटी रकम बुझाई रिहा भए । दुई जना आरोपित १ लाख २५ हजार रुपियाँ धरौटीमा बुझाइ तारिखमा रिहा भए । दुई जना आरोपित जनही १ लाख ९ हजार ५ सय रुपियाँ धरौटी रकम बुझाइ तारिखमा रिहा भए । मानव बेचबिखन तथा ओसार पसार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले जनही २ लाख ५० हजार रुपियाँ धरौटीमा साधारण तारिखमा रिहा गऱ्यो ।*

## सबै प्रकारका जातीय विभेद

*यस वर्ष जातीय विभेदका घटनामा दुई जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा ६ जना आरोपितहरू यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।*

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, २३ स्वास्थ्य चौकी र ४० आधारभूत, तीन शहरी स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित बर्दिया अस्पतालमा १० जना विशेषज्ञ चिकित्सकको दरबन्दीमा नौ जनाको दरबन्दी रिक्त छ । आठौँ तहको चिकित्सक चार जना दरबन्दी रहेकामा दुई रिक्त छ । जिल्लामा ९४ हजार १ सय ९७ जनाले बिमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिक निःशुल्क बिमा कार्यक्रम अन्तर्गत १४ हजार २ सय ६० जनाको बिमा गरिएको छ । जिल्लामा कोभिड–१९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या १ हजार ४ सय ६७ र मृत्यु हुनेको सङ्ख्या १९ रहेको छ ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बालविवाह | | | १ | १ |
| बेचबिखन तथा ओसारपसार | | ४ | | ४ |
| बलात्कार | १ | २० | १ | २२ |
| यौन दुर्व्यवहार | | ४ | २ | ६ |
| जम्मा | १ | २८ | ४ | ३३ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | | | २ | १० | १ | १३ |
| बलात्कार प्रयास | | | | ४ | १ | ५ |
| बहुविवाह | | | १ | ४ | | ५ |
| बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| यौन दुर्व्यवहार | २ | | | | | २ |
| घरेलु हिंसा | | | १ | १ | | २ |
| 'बोक्सी'को आरोपमा | | १ | | १ | | २ |
| जम्मा | २ | १ | ४ | २१ | २ | ३० |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# कर्णाली प्रदेश

- क्षेत्रफल : ३०,२११ वर्ग कि.मि.
- जनसङ्ख्या : १५,७०,५८४
- साक्षरता प्रतिशत : ५८.४५
- जिल्ला : १०
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : २४
- नगरपालिका : २५
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७१८

# कर्णाली प्रदेश परिचय ६

यस वर्ष प्रदेश सरकारले चार वटा कानुन निर्माण गऱ्यो । कर्णाली सरकारले नीति तथा कार्यक्रम मार्फत भौगोलिक, लैङ्गिक, शारीरिक, जातीय र वर्गीय विभेदको अवस्था अन्त्य गर्न समावेशी विकासको दृष्टिकोण अघि सारेको छ। मानव अधिकार प्रतिको सचेतनामार्फत जिम्मेवार नागरिक दायित्व र जबाफदेही शासन प्रणाली सुनिश्चित गर्न सामाजिक संघसंस्थासँग सहकार्य गर्ने तथा कारागार, हिरासत, थुनुवा कक्ष, बाल सुधारगृहको अध्ययन गरी आवश्यक सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने घोषणा गरेको छ। कोरोना भाइरस संक्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि १ हजार ९सय क्वारेन्टाइन, ४ सय आइसोलेसन र पाँच वटा कोभिड अस्पताल निर्माण गरिएको छ । कर्णाली प्रदेशमा वर्षको अन्त्यसम्म ६ हजार ४ सय ४५ संक्रमितमध्ये २५ को मृत्यु, १ सय १२ उपाचारत र ६ हजार ३ सय ८ सङ्क्रमणमुक्त भएका छन् । एक स्थानीय तह एक अस्पतालः कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेशभित्र १७ अस्पताल भवनको शिलान्यास गरिएको छ।

सन् २०२० मा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ४ सय ८४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारीका घटनामा २७ जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय २० जना, हत्याका घटनामा अन्यपक्षबाट ३१ जना, राज्यपक्षबाट एक जना र बाल अधिकार उल्लङ्घनका घटनामा ९३ जना पीडित भएको अभिलेख छ।

## सन् २०२० मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ६.१ डोल्पा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३६,७०० |
| महिला | १८,४६२ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १५,४५५ |
| कामका लागि बाहिरिएका | ४४७ |
| अपाङ्गता भएका | ७४५८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५४.१५ |
| आश्रित जनसङ्ख्या | २१,०३५ |

*यस वर्ष डोल्पा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट पाँच जना महिला, पाँच जना पुरुषसहित १० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये महिला अधिकार उल्लङ्घन घटनामा तीन जना पीडित भए।*

## कारागार र बन्दी

१ सय जनाको क्षमता भएको कारागारमा कैदी १८ र थुनुवा १६ गरी ३४ जना छन् । महिला १० जना छन् । नवनिर्मित भवन भएकाले कैदी/बन्दीहरूलाई एकापसमा कोचिएर बस्नु पर्ने समस्या नरहेको निमित्त जेलर देवराज गिरीले बताए। कारागारमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री साथै पुस्तकालयको व्यवस्था समेत गरिएको निमित्त जेलर देवराज गिरीले बताए। स्वास्थ्य जाँचका लागि एक जना अहेबको दरबन्दी रहेको भए पनि रिक्त छ। हप्तामा तीन दिन कैदी बन्दीको स्वास्थ्य परीक्षण जिल्ला स्वास्थ्य सेवा कार्यालयमा गराइने गरिएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३४ थान मध्ये चार थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १२ थान मध्ये आठ थान मुद्दा फैसला भए। यस अदालतमा नौ वर्ष नाघेका फौजदारी मुद्दा नौ थान छन् भने देवानी मुद्दा छैनन्। न्यायाधीशको सरुवा र प्रकृयागत त्रुटिका कारण न्याय सम्पादनमा ढिलाइ हुने गरेको र यो वर्ष विशेषत: कोभिड–१९ का कारणले अदालतका काम कारबाही प्रभावित भए।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ९९ आधारभूत र १५ माबि छन्। आधारभूत ३ सय ८५ माबि ३६ र निमाबि ५५ गरेर ४ सय ७६ शिक्षक दरबन्दी रहेको छ। दरबन्दी मिलान हुन बाँकी छैन । यस वर्ष १० हजार ५ सय २१ बालक र ८ हजार १ सय ५० जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका ५० बालिका र २ सय ३० बालक भर्ना भएका थिए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैन। द्वन्द्वपीडित तथा सहित परिवारका ३० जना बालबालिकाले छात्रवृत्ति पाए।

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | ४ | ४ |
| धम्की | | | १ | १ |
| जातीय विभेद | | २ | | २ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | १ | | १ |
| | घरेलु हिंसा | २ | | २ |
| | जम्मा | ३ | | ३ |
| जम्मा | | ५ | ५ | १० |

**महिलाबिरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार घरेलु हिंसा**

शे फोक्सुण्डो गाउँपालिका–४ भिजेरकी ४० वर्षीया छेवाङ लामालाई २०७७ मङ्सिर २० गते पति कुङका लामाले कुटपिट गरी घाइते बनाए । पतिले मदिरा सेवन गरेर कुटपिट गरेको भन्दै चार दिनको पैदल हिँडेर पीडितले सदरमुकाम दुनैमा मङ्सिर ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । कुटपिटबाट दायाँ आँखा, टाउको र बाँया खुट्टामा गहिरो चोट लागेको र गाउँमा रहेको स्वास्थ्य चौकीमा प्राथमिक उपचार गरी थप उपचार जिल्ला अस्पतालमा भयो । जिल्ला प्रहरी कार्यालयका डिएसपी राजु पाण्डेले पीडित महिलाको ठाडो निवेदन बुझेको, उपल्लो डोल्पामा पर्ने भिजेरमा कुटपिटका आरोपित रहेको र गिरफ्तार गर्न जान सम्भव नभएकाले सम्बन्धित वडाका अध्यक्षलाई खबर गरिएको बताए । उपल्लो डोल्पामा रहेका प्रहरी चौकीहरू जाडो बढेसँगै खाली गरिएकाले यतिखेर सुरक्षाकर्मी नहुँदा सुरक्षामा समस्या आएको फोक्सुण्डो गाउँपालिका– ८ का अध्यक्ष निमा लामाले बताए ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक सरकारी अस्पताल, आठ सामुदायिक स्वास्थ्य इकाइ केन्द्र, २३ स्वास्थ्य चौकी छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा सबै रिक्त छ । पाँच जना स्टाफ नर्सको दरबन्दीमा चार खाली, अनमी तीन जनाको दरबन्दीमा सबै खाली छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन । जिल्लामा १ हजार जनाले स्वास्थ्य बिमा गराएर सेवा लिइरहेका छन् । स्वास्थ्य बिमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि नेपालगन्ज लगायतका सुविधासम्पन्न अस्पतालमा जानुपर्ने बाध्यात्मक अवस्था छ । जिल्लाका २ हजार ४ सय २ जनाको पीसीआर तथा आरडीटी परीक्षण गरिएको मा २६ जना सङ्क्रमित र १६ जना निको भए । दुई जनाको मृत्यु भयो भने सात जनाको आइसोलेशनमा राखेर उपचार भइरहेको डाक्टर सिजन रावलले बताए ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | १ | | | १ |
| घरेलु हिंसा | | १ | १ | २ |
| जम्मा | १ | १ | १ | ३ |

# ६.२ मुगु

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५५,२८६ |
| महिला | २७,२६१ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २५,७८४ |
| कामका लागि बाहिरिएका | ६५५ |
| अपाङ्गता भएका | १,५१७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५१.२५ |
| आश्रित जनसङ्ख्या | ३५,४०१ |

*यस वर्ष मुगु जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १८ जना महिला, दुई जना पुरुषसहित २० जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना र महिला अधिकार उल्लङ्घन घटनामा ११ जना पीडित भए।*

## गिरफ्तारी

*यो वर्ष मुगुबाट प्रतिबन्धित नेकपाका एक कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला प्रशासन कार्यालयको साउन ३२ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।*

## कारागार र बन्दी

मुगुमा १६ जनाको क्षमता रहेको कारागारमा एक महिला र १५ जना पुरुष रहेका छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५० थान मध्ये १३ थान मुद्दा फैसला भए। देवानीतर्फ २६ थान मध्ये ६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान छन्। देवानीमुद्दा १ थान बाँकी छ। हरेक वर्ष पुस पहिलो हप्ताबाट माघ मसान्तसम्म जिल्ला न्यायाधीश काजमा अन्य जिल्लामा बस्नुपर्ने हुँदा समयमै मुद्दा फैसला हुन नसकेको जिल्ला अदालतका सूचना अधिकारी अष्ट अधिकारीले बताए। सर्वोच्च अदालतले हिमाली जिल्ला अदालतका न्यायाधीशलाई पुसदेखि माघ मसान्तसम्म जिल्ला बाहिर काजमा राखिनाले समयमै फैसला हुनुपर्ने मुद्दा तथा अन्य कानुनी प्रक्रियामा ढिलाइ हुँदै आएको नेपाल बार एशोसियसन मुगुका कुबेरजङ शाहीले बताए।

## धम्की/कुटपिट

### अन्यपक्षबाट

रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका–१९ घर भई छाँयानाथ रारा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ५६ वर्षीय रमाकान्त पाण्डेयलाई ०७७ जेठ ३० गते छाँयानाथ रारा नगरपालिका–१ निवासी रारा बहुमुखी क्याम्पसका स्ववियु सभापति २९ वर्षीय चन्द्रप्रकाश मल्ल र सोही नगरपालिका–१ का २७ वर्षीय रबिन मल्लले ठेक्कापट्टाको सूचना गोप्य

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तार | | १ | १ | | | |
| कुटपिट | | | | ३ | १ | ४ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| बाल अधिकार | बालविवाह | | | १ | | १ |
| | बलात्कार | | | ३ | | ३ |
| | जम्मा | | | ४ | | ४ |
| महिला अधिकार | बलात्कार | | | १ | | १ |
| | बलात्कार प्रयास | | | ५ | | ५ |
| | बहुविवाह | | | ३ | | ३ |
| | 'बोक्सी'को आरोप | | | १ | | १ |
| | घरेलु हिंसा | | | ३ | | ३ |
| | जम्मा | | | ११ | | ११ |
| जम्मा | | १ | १ | १८ | ३ | ३० |

राखेको आरोपमा कुटपिट गरे । आफूलाई कुटपिट गरेको भन्दै प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले जिल्ला प्रशासन कार्यालयले उजुरी दर्ता नगरे को पाण्डेयले बताए।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा १ सय २६ आधारभूत र २४ माबि छन् । ४ सय ८३ शिक्षक दरबन्दी रहेकामा स्थानीय निकायकाका कारण ६ सय ८३ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष १ हजार ५ सय २१ बालक र १ हजार २ सय ५७ जना बालिका विद्यालय भर्ना भए । जसमा अपाङ्गता भएका १ सय ५० बालिका र १ सय १४ बालक भर्ना भएका थिए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन् । द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाएका छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइका प्रमुख सूर्य खत्रिलेले बताए । विशेषगरी नगर/ग्रामीण क्षेत्रमा अभिभावकको रोजगारीका कारण सबै बालबालिकालाई विद्यालय प्रवेश गराउन नसकिएको उनले बताए । यस वर्ष जिल्लाभर ५ सय ५४ दलित बालक र २ सय ५४ दलित बालिका विद्यालय भर्ना भए । दलित विद्यार्थी मध्ये ५ सय ५४ छात्रा र २ सय ५४ छात्र रहेका छन् ।

*यस वर्ष बलात्कारका घटनामा तीन जना, बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जनालाई ५० हजार रुपियाँ धरौटी साधारण तारिखमा रिहा, एक जनालाई बाल सुधार गृहमा पठायो भने एक जना यो वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् । बालविवाहका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै पाँच जना महिलाले महिला, बा( लबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट एक, बहुविवाह एक, अर्की श्रीमती ल्याएर हेला गरेको एक, सामान्य घरायसी झगडाका दुई उजुरी छन् । यीमध्ये प्रहरीले पाँच ओटा उजुरीमा मेलमिलाप गरायो ।

*यस वर्ष मुगु जिल्लामा घरेलु हिंसाका घटनामा दुई जना, बलात्कारका घटनामा एक जना, बलात्कार प्रयासका घटनामा पाँच जना, बहुविवाहका घटनामा दुई जना गरी ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो । बलात्कार प्रयासका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा, तीन जना आरोपितलाई अभिभावकको जिम्मा लगायो ।*

#### 'बोक्सी' को आरोप

छाँयानाथ रारा नगरपालिका–७ की २६ वर्षीय महिलालाई ०७६ पुस २५ गते पति २८ वर्षीय लोकजङ्ग नेपाली र छिमेकी ३६ वर्षीय जयबहादुर शाहीले 'बोक्सी' को आरोपमा कुटपिट तथा अभद्र व्यवहार गरेको भन्दै पीडितले पुस २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । पीडितको स्वास्थ्य

परीक्षण पुस २६ गते जिल्ला अस्पतालमा भयो । प्रहरीले आरोपित पतिलाई पुस २६ गते घरबाट गिरफ्तार गऱ्यो भने अर्का आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर भीमदत्त जोशीले बताए । प्रहरीले जिल्ला अदालतमा लोकजंग नेपालीविरुद्ध माघ १० गते मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका श्रेस्तेदार निर्मलाकुमारी खड्काले माघ १२ गते आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिइन् । जिल्ला अदालतमा न्यायाधीश नभएकाले श्रेस्तेदारले रिहा गर्ने आदेश दिएकी थिइन् । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका सूचना अधिकारी अष्ट अधिकारीले बताए ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

नेपाल खाद्य संस्थानबाट ढुवानीको जिम्मा लिएको ठेकेदारले खाद्यान्न ढुवानी नगर्दा जिल्लाका सोरु गाउँपालिकाको सोरु डिपो, सोही गाँउपालिका–९ कालै बिक्री केन्द्र र मुगुम कार्मारोङ गाउँपालिकाको पुलु डिपोबाट सर्वसाधारणले यो वर्षको अन्त्यसम्म सहुलियतको खाद्यान्न पाउन सकेनन् ।

सोरु गाउँपालिकाको सोरुकोट खाद्यान्न डिपो तथा सोही गाउँपालिका–९को कालै बिक्री केन्द्रका साथै मुगुम कार्मारोङ गाउँपालिकाको पुलु बगरमा रहेको पुलु डिपोमा खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी प्रादेशिक कार्यालय, सुर्खेतसँग ढुवानीको जिम्मा लिएको शर्मा ढुवानी सेवाले खाद्यान्न ढुवानी नगर्दा यी दुई गाउँपालिकाका सर्वसाधारण खाद्यान्न पाउनबाट बञ्चित भएको खाद्य संस्थान मुगु शाखाका निमित्त प्रमुख पुस्कर भामले बताए ।

आफ्नो उत्पादनले ६ महिनासम्म मुस्किलले खान पुग्ने र बाँकी ६ महिना खाद्य डिपोकै भरमा बाँच्नु पर्ने हुन्छ । ठेकेदारले कहिल्यै समयमै खाद्यान्न ढुवानी गर्दैनन् । बिहान बेलुका छाक टार्नलाई ज्याल मजदुरी गरेर कमाएको पैसाले गाउँ नजिक रहेका पसलबाट डिपोमा सहुलियतमा पाइने खाद्यान्न भन्दा २ सय देखि ३ सय बढी मूल्य तिरेर किन्नुपरेको कालै गाउँका सिंह बिकले बताए । खाद्य डिपो तथा बिक्री केन्द्रमा सहुलियतमा प्रति बोरा ३० केजीको १ हजार ५ सय मूल्यमा पाइने खाद्यान्न स्थानीय पसलहरूमा ३० केजी बोराको १ हजार ८ सय देखि २ हजारमा किन्नु परेको स्थानीयको भनाइ छ ।

## स्वास्थ्यको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र एक सामुदायिक अस्पताल छन् । प्राथमिक स्वास्थ्य केन्द्र रातापानीमा मानवीय स्रोतसाधन भए पनि त्यहाँ उपकरण औषधी अभाव वर्षेनी हुने गरेको छ । मुगुम कार्मारोङ गाउँपालिकामा एक वर्ष अगाडि स्थापना भएको सामुदायिक अस्पतालमा मानवीय स्रोत साधन तथा उपकरणको अभाव रहेको छ । जिल्ला अस्पतालमा हाल दुई जना विशेषज्ञ सहित पाँच जना डाक्टरहरू कार्यरत रहेको भए पनि नेपाल सरकारबाट निःशुल्क प्रदान गरिने औषधी अभाव हुने गरेकाले सेवाग्राहीले निजी मेडिकलबाट औषधी किन्नु पर्ने बाध्यता रहेको नागरिक समाजका अगुवा रूपबहादुर मल्लले बताए । सोरु गाउँपालिकामा एक वर्ष अगाडि १५ शैयाको सामुदायिक अस्पताल निमार्णको शिलान्यास गरेको भएपनि हालसम्म निर्माण प्रक्रिया अगाडि बढ्न सकेको छैन । जिल्लामा कोभिड– १९ बाट सङ्क्रमित हुनेहरुको सङ्ख्या ४०, निको हुनेहरुको ४० रहेको छ । जिल्लामा प्रारम्भिक आइसोलेसन ५५ बेडका चारै स्थानीय तहमा रहेका छन । जिल्लामा कोभिड अस्पताल छैन ।

जिल्लामा सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, २४ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ । सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी रिक्त छ । पाँच जना स्टाफ नर्सको दरबन्दीमा हाल एक जना कार्यरत, एक नर्स दरबन्दी खाली रहेको, दुई जना अध्ययन बिदामा, अनमी पाँच जना स्थायी दरबन्दीमा र २६ जना करारमा कार्यरत छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अद्यावधिक रहेको पाइएन ।

यो वर्षको अन्त्यसम्म क्षेत्रीय मेडिकल स्टोर नेपालगञ्जबाट उपलब्ध हुने निःशुल्क औषधी समयमै ढुवानी नहुँदा जिल्लाभरका स्वास्थ्य संस्थामा अभाव भयो । जिल्ला अस्पतालमा निःशुल्क पाउने ७० प्रकारको औषधी अभाव हुँदा जिल्ला अस्पताललले आफ्नै स्रोतबाट १५ लाख रुपियाँ बराबरको औषधी खरिद गरेको उक्त औषधी पनि हाल स्टोरमा केही मात्र बाँकी रहेको जिल्ला अस्पातलका प्रमुख डाक्टर निर्मल नगरकोटीले बताए ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ३ | ३ |
| जम्मा | ४ | ४ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | १ |
| बलात्कार प्रयास | | ५ | ५ |
| बहुविवाह | | २ | २ |
| 'बोक्सी'को आरोपमा | | १ | १ |
| घरेलु हिंसा | १ | १ | २ |
| जम्मा | १ | १० | ११ |

# ६.३ हुम्ला




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५०,८५८ |
| महिला | २५,०२५ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २७,५६२ |
| कामका लागि बाहिरिएका | ६८२ |
| अपाङ्गता भएका | २,४११ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ४७.८२ |
| आश्रित जनसङ्ख्या | २७,०१६ |

*यस वर्ष हुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ११ जना महिला, १९ जना पुरुषसहित ३० जना र राज्यपक्षबाट ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये महिला अधिकार उल्लङ्घन घटनामा ६ जना पीडित भए। यस वर्ष हुम्लाबाट प्रतिबन्धित नेकपाका दुई जना कार्यकर्ता गिरफ्तार भएकोमा जिल्ला अदालतको ओदशमा रिहा भए।*

## धम्की /कुटपिट

### अन्यपक्षबाट

अदानचुली गाउँपालिका–३ घर भई सोही गाउँपालिकाका सूचना प्रविधि अधिकृत २४ वर्षीय सुरेन्द्र फडेरा र सोही ठाउँ घर भई हाल गाउँपालिकाका कृषि जेटिए २४ वर्षीय कमल नेपाली र सोही गाउँपालिका–३ का ३५ वर्षीय स्थानीय मोहन फडेरालाई २०७७ जेठ ९ गते सोही गाउँपालिका–२ का नेपाली काँग्रेस समर्थक २४ वर्षीय बालक भण्डारी, सोही ठाउँका २१ वर्षीय अकिल भण्डारी, २१ वर्षीय धिरेन्द्र बुढा, २४ वर्षीय भरत भण्डारी, २३ वर्षीय मान भण्डारी र २१ वर्षीय विष्णु भण्डारी र दुईजना १७ वर्षीय बालकले कुटपिट गरे। कुटपिटबाट मोबाइल, कम्प्युटरको हार्डडिक्स, क्यामरा लगायतका सामग्री हराएको तथा फुटेको भन्दै पीडित पक्षले २०७७ जेठ ९ गते जिल्ला प्रशासन कार्यालय, हुम्ला र जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले साउन २६ गते आरोपित चारै जनालाई गाउँबाट गिरफ्तार गऱ्यो। २०७७ भदौ ३ गते अभद्र व्यवहार अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा प्रहरीले मुद्दा पेश गऱ्यो। जिल्ला प्रशासनको २०७७ भदौ ५ को आदेश अनुसार दुई बालक परिवारको रोहवरमा रिहा भए भने चार आरोपित जनही ५५ हजार रुपियाँ धरौटीमा रिहा भए।

## कारागार र बन्दी

जिल्लामा कारागार नभएको हुँदा प्रहरी हिरासतमा हाल चार जना कैदी र नौ जना थुनुवा गरी १३ जना रहेका छन्। जिल्ला कारागारको भवनको निर्माण भइरहेकाले कैदी/बन्दीहरूलाई प्रहरीको हिरासतमा एकापसमा कोचिएर बस्नु पर्ने समस्या छ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ३ | ३ | | | |
| कुटपिट | | १ | १ | ३ | १४ | १७ |
| अमानवीय व्यवहार | | | | | ३ | ३ |
| हत्या | | | | ३ | १ | ३ |
| सबै प्रकारका जातीय विभेद | | | | | ३ | ३ |
| धम्की | | ३ | ३ | | | |
| महिला अधिकार | बहुविवाह | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | ३ | | ३ |
| | जम्मा | | | ६ | | ६ |
| जम्मा | | ६ | ६ | ११ | १९ | ३० |

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५० मध्ये ११ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४० मध्ये १० थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १२ थान छन् भने देवानी मुद्दा १३ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका देवानी मुद्दा १० र सन् २०२० को फौजदारी मुद्दा ११ थान मुद्दा मध्ये कूल २१ थान मुद्दा फैसला भए। ६१ थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा १ सय १८ आधारभूत र २८ मावि छन्। ४ सय १८ शिक्षक दरबन्दी रहेको छ। दरबन्दी मिलान हुन बाँकी छैन। यस वर्ष ९ हजार ४ सय २१ बालक र १० हजार १ सय ६६ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ६८ बालिका र ३ सय २८ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। द्वन्द्वपीडित तथा सहिद परिवारका १ सय ४२ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। हुम्लामा दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छैन। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख विष्णुबहादुर शाहीले बताए। यस वर्ष जिल्लाभर १ हजार २ सय ८५ दलित बालक र १ हजार १ सय ४५ दलित बालिका विद्यालय भर्ना भए। शहीद परिवारका १ सय जनाले १० लाख र द्वन्द्वपीडित परिवारका ४२ बालबालिकाले ४ लाख २० हजार रुपियाँ छात्रवृत्ति पाए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै १४ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका दुई, खान/लाउन नदिएको आठ, विवाह दर्ता र नागरिकता नबनाएको छन्। अर्की श्रीमती ल्याएर हेला गरेको तीन र सामान्य घरायसी झगडाका एक घटना छन्। यीमध्ये प्रहरीले ११ वटामा मेलमिलाप गरायो। जसमध्ये अर्की श्रीमती ल्याएको तीन ओटा छलफल हुन बाँकी रहेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो। अधिकांश उजुरी आपसी सहमतिमा टुङ्गिएकाले कुनै पनि महिला घरनिकाला हुन परेको पाइँदैन। मेलमिलापले दुवै पक्षलाई स्थापित गराउन सहज भएको छ।

*यस वर्ष हुम्ला जिल्लामा घरेलु हिंसाका घटनामा तीन जना, बहुविवाहका घटनामा तीन जना गरी ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारजनबाट भएको हत्या घटनाका आरोपित पुर्पक्षका लागि थुनामा छन्।*

## सबै प्रकारका जातीय विभेद

खार्पुनाथ गाउँपालिका–२ का ४८ वर्षीय गड्के दमाई र २५ वर्षीय छोरा राजेन्द्र दमाइलाई २०७६ चैत २८ गते सोही ठाउँका ३० वर्षीय लालु रावल, ४० वर्षीय भक्ति रावल, ३० वर्षीय बुद्धि रावलले 'डुम' भनी जातीय विभेद गरेको र कुटपिट गरेको भन्दै पीडितले २०७६ चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा जातीय विभेद र ज्यान मार्ने उद्योगसम्बन्धी उजुरी दिए। ओखरको हाँगो काटेको आरोपमा दुई बाबु छोरालाई ढुङ्गा, काठ, भाला, दाउराले टाउको तथा शरीरका विभिन्न भागमा प्रहार गर्दा गड्केको टाउकोमा र छोराको आँखामा चोट लागेको थियो। घाइतेको उपचार २०७६ चैत २९ गते जिल्ला स्वास्थ्य सेवा कार्यालयमा भयो। आरोपितहरू गिरफ्तार भएनन्।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, २६ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द र नगर स्वास्थ्य केन्द्र छैन । सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना विशेषज्ञको दरबन्दीमा सात जनाको दरबन्दी रिक्त छ। १४ जना स्टाफ नर्सको दरबन्दीमा तीन जना खाली रहे को छ भने हाल कुनै पनि स्वास्थ्यकर्मी बिदामा छैनन्। अनमी ८९ जनाको दरबन्दीमा ८२ कार्यरत सात रिक्त छ। जिल्लामा २ सय ५० जनाले बिमा गराएर सेवा लिइरहेका छन्।१ सय ज्येष्ठ नागरिकको नि:शुल्क बिमा गरिएको छ। जिल्लामा कोभिड- १९ बाट ८२ जना सङ्क्रमित भए।

जिल्लामा कोभिड अस्पताल छैन। तर जिल्ला अस्पतालहरूलाई नै कोभिड अस्पतालको रूपमा विस्तार गरिएको छ । अस्पतालमा अक्सिजन, भेन्टिलेटर, आइसीयु बेडलगायतका सेवा उपलब्ध छ। हुम्लाको खार्पुनाथ गाउँपालिका एक सामुदायिक अस्पताल र सदरमुकाम सिमकोटमा रहेको सिमकोट गाउँपालिकामा एक अस्पताल रहेकाले सो क्षेत्रबाट सेवाप्रवाह भएको छ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | १ | | ३ | ३ |
| घरेलु हिंसा | | ३ | १ | ३ |
| जम्मा | १ | ३ | ३ | ६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ६.४ जुम्ला




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,०८,५२१ |
| महिला | ५४,०२३ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५२,६०२ |
| कामका लागि बाहिरिएका | १,४६३ |
| अपाङ्गता भएका | ३,२४८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५४.६६ |
| आश्रित जनसङ्ख्या | ६१,५१६ |

*यस वर्ष जुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १३ जना महिला, ६ जना पुरुषसहित १९ जना र राज्यपक्षबाट दुई जना महिला, नौ जना पुरुषसहित ११ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना र महिला अधिकार उल्लङ्घन घटनामा चार जना पीडित भए ।*

## गिरफ्तारी

*यस वर्ष जुम्लाबाट प्रतिबन्धित नेकपाका पाँच जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार गरिएका एक जनालाई जिल्ला प्रशासन कार्यालयले ५ हजार ५ सय रुपियाँ धरौटीमा रिहा गऱ्यो । तीन जनालाई जिल्ला अदालतले जनही १ लाख, ५० हजार र ७ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो भने एक जना बालिकालाई प्रहरीले गाडी भाडा ६ सय रुपियाँ दिई घर पठायो ।*

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

हिमा गाउँपालिका–३ मोफ्लाकी १६ वर्षीया बबिना रोकायाको हत्या गरिएको भन्दै आरोपितलाई कारबाहीको माग गर्दै पीडित पक्षले ०७७ कात्तिक १९ गते सदरमुकाम खलंगामा प्रदर्शन गर्दा प्रहरीसँग झडप भयो। झडपमा २२ वर्षीय प्रहरी जवान निमेश रोकाया, सशस्त्र प्रहरीका सहायक हवल्दार २२ वर्षीय उदयबहादुर खत्री र ३० वर्षीय राजबहादुर रावत घाइते भए। त्यसैगरी प्रदर्शनकारीतर्फ ४० वर्षीय खाम्बा रोकाया, ४२ वर्षीय हरिभक्त कठायत र २८ वर्षीया सुबी कठायत घाइते भए । घाइतेहरूको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लामा कात्तिक १९ गते उपचार भयो । आन्दोलनरत पक्षले दुङ्गा प्रहार गरी जिल्ला प्रशासन कार्यालय, जुम्लामा क्षति पुऱ्याएको आरोपमा कात्तिक १९ गते प्रशासन परिसरबाटै पूर्ण रोकाय, हरिभक्त कठायत र गगनबहादुर रावतलाई प्रहरीले गिरफ्तार गऱ्यो । भिड तितरबितर गर्न प्रहरीले २ राउण्ड अश्रुग्याससहित लाठी प्रहार गरे को थियो ।

## धम्की/कुटपिट

### अन्यपक्षबाट

सिंजा गाउँपालिका– १ धापा गाउँका गाउँपालिका अध्यक्ष ५२ वर्षीय देवलसिंह रावललाई ०७६ चैत ४ गते सोही गाउँपालिकाका–२ विष्टवाडाका ६० वर्षीय देवीकृष्ण शर्माले लाठी प्रहार गरी दुर्व्यवहार

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | | १ | १ |
| गिरफ्तारी | | १ | ४ | ५ | | | |
| कुटपिट | | | | | | ३ | ३ |
| हत्या | | | | | १ | ३ | ४ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | १ | ५ | ६ | | | |
| बाल अधिकार | बलात्कार | | | | ५ | | ५ |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | जम्मा | | | | ८ | | ८ |
| महिला अधिकार | बलात्कार | | | | १ | | १ |
| | बहुविवाह | | | | ३ | | ३ |
| | जम्मा | | | | ४ | | ४ |
| जम्मा | | ३ | ९ | ११ | १३ | ६ | १९ |

गरे । आरोपित विरुद्ध देवलसिंहले चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । अध्यक्ष रावललाई आरोपित शर्माले गाउँपालिका कार्यालय अगाडिको चौरमा लाठी प्रहार गरी दुर्व्यवहार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजेन्द्र चन्दले बताए । प्रहरीले आरोपितलाई चैत ४ गते गिरफ्तार गऱ्यो । देवलसिंह र आरोपितबिच नदीजन्य पदार्थ उत्खनन् गर्ने विषयमा विवाद रहेको थियो । आरोपित शर्मा जिल्ला प्रशासन कार्यालय, जुम्लामा चैत १० गते १ हजार १ सय रुपियाँ धरौटी बुझाइ रिहा भए । यस वर्षको अन्त्यसम्म जिल्ला प्रशासन कार्यालयले मुद्दाको फैसला नगरेको सहायक प्रमुख जिल्ला अधिकारी ओमप्रकाश देवकोटाले बताए ।

कनकासुन्दरी गाउँपालिका गोठीज्यूलास्थित प्रहरी चौकीमा कार्यरत प्रहरी जवान २८ वर्षीय कमलसिंह विष्टलाई ०७७ कात्तिक ९ गते सोही ठाउँका ४२ वर्षीय सुजित घर्ती, ३६ वर्षीय प्रेम खत्री र ३० वर्षीय दानवबहादुर बोहरा, २६ वर्षीया सत्यदेवी बोहोरा र २८ वर्षीय खगेन्द्र खत्रीले कुटपिट गरी घाइते बनाए । आरोपितहरूलाई प्रहरीले कात्तिक ९ गते घरबाट गिरफ्तार गरी सोही दिन अभद्र व्यवहारको मुद्दा जिल्ला प्रशासन कार्यालयमा दर्ता गऱ्यो । घाइतेको उपचार कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लामा भयो । आरोपितहरू जिल्ला प्रशासन कार्यालय, जुम्लामा जनही १५ हजार रुपियाँ धरौटी बुझाएर कात्तिक २५ गते रिहा भए । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी ओमप्रकाश देवकोटाले बताए ।

### बेपत्ता

#### अन्यपक्षबाट

चन्दननाथ नगरपालिका- ९ बयालकाटिया घर भई लु.३ त ९६२२ नम्बरको ट्याक्टरका चालक २५ वर्षीय धन गिरी ०७७ असोज १५ गतेदेखि गुठीचौर गाउँपालिका- ५ देपालगाउँको लामाकारबाट बेपत्ता भए । आफ्नो भाइलाई बेपत्ता पारेको भन्दै गिरीका दाजु ३५ वर्षीय भैरे गिरीले गुठीचौर गाउँपालिका- ५ का २३ वर्षीय विमल महत, १८ वर्षीय द्वन्द्वबहादुर शाही, १८ वर्षीय सागर गिरी, २१ वर्षीय विनोद गिरी विरुद्ध असोज १७ गते जिल्ला प्रहरी कार्यालयमा अपहरण तथा व्यक्ति बेपत्तासम्बन्धी उजुरी दिए । प्रहरीले आरोपितहरूलाई असोज १६ गते घरबाट गिरफ्तार गऱ्यो । प्रहरीले छानबिनका लागि ट्याक्टर मालिक चन्दननाथ नगरपालिका-५ कालेखोलीकी ३८ वर्षीया रेणु शाहीलाई कात्तिक १३ गते घरबाट गिरफ्तार गऱ्यो । चालक गिरीले असोज १५ गते गुठीचौर गाउँपालिका-१ मुणिसाँघुका कर्ण बस्नेतको घरमा सामान छोडेर रित्तो ट्याक्टर लिएर जुम्लाको सदरमुकाम खलंगा फर्कने क्रममा गुठीचौर गाउँपालिका-५ लामाकार भन्ने स्थानबाट बेपत्ता पारिएको थियो । जिल्ला प्रहरी कार्यालयले आरोपितहरू विरुद्ध कात्तिक १९ गते जिल्ला अदालतमा अपहरण बेपत्ता मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतको कार्तिक १९ गतेको आदेशले द्वन्द्व र सागरलाई उमेर नपुगेकाले साधारण तारिखमा अभिभावकको जिम्मा लगायो भने रेणु शाहीलाई ५० हजार धरौटीमा रिहा गर्नुका साथै बिमल महत र बिनोद गिरीलाई जनही २ लाख २५ हजार रुपियाँ धरौटीमा

रिहा गर्ने आदेश दियो । बिमल र बिनोदले अदालतले तोकेको धरौटी रकम बुझाउन नसकेपछि पुर्पक्षका लागि थुनामा पठायो। पुर्पक्षका लागि थुनामा पठाइएका बिमल तोकिएको धरौटी रकम बुझाइ कात्तिक २८ गते र बिनोद गिरी मंसिर ७ गते रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका निमित्त श्रेस्तेदार चेतराज पन्तले बताए । पीडितका दाजु तुलाराज गिरीले भाइको मृत्यु भएको भए शव र जिउँदो भए सम्पर्क हुनुपर्नेमा हालसम्म दुवै नभएको बताए।

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता २ सय जनाको छ । कारागारमा कैदी र थुनुवा १ सय १२ जना छन्। महिला तीन र पुरुष १ सय ९ जना रहेका छन्। कारागारको क्षमता महिला ८० र पुरुष १ सय २० जना रहेको छ। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री, पुस्तकालयको व्यवस्था गरिएको जेलर गयाप्रसाद पाण्डले बताए।

सीपमूलक तालिमको व्यवस्था पनि रहेको छ। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेबको दरबन्दी भए पनि अहिले रिक्त रहेको छ। कैदी/बन्दीलाई स्वास्थ्य सेवा तथा उपचारका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल लैजाने गरिएको जेलर पाण्डेले बताए । ६० वर्ष नाघेका एक जना र ७० वर्ष नाघेका ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख जेलर पाण्डेले बताए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत सुर्खेत जुम्ला, इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, सुर्खेत जुम्ला इजलासमा एक जना न्यायधीश काजमा रहेका छन् । यस वर्ष दुनियावादी देवानीका चार थान, दुनियावादी फौजदारीका आठ थान, सरकारवादी फौजदारीका ७६ थान, रिटतर्फ १७ थान र सुरू क्षेत्राधिकारबाट ६ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७६ पुस १७ देखि ०७७ पुस १५ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ १ सय ४५ थान उजुरी परे भने अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत २५ थान मुद्दा फैसला भए।

### जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७९ मध्ये ११ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ७८ मध्ये १७ थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा तीन थान छन् भने देवानी मुद्दा पाँच थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका १ सय १९ र सन् २०२० को ६३ थान मुद्दामध्ये कुल ३२ थान मुद्दा फैसला भए। १ सय ५० मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा १ सय २३ आधारभूत र ४७ माबि छन्। ८ सय ५७ शिक्षक दरबन्दी रहेकामा सबै पदपूर्ति भएको छ। यस वर्ष १४ हजार ७९ बालक र १६ हजार ६ सय ४६ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ५ सय ६० जना बालबालिका भर्ना भएका थिए । जिल्लामा आंशिकरूपमा अपाङ्गतामैत्री विद्यालय ९१ ओटा मात्र छन् । द्वन्द्वपीडित परिवारका १ सय ३ जना बालबालिकाले छात्रवृत्ति पाए। दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ।

द्वन्द्वपीडित र शहीद परिवारका १ सय ३ जना बालबालिकाले १२ लाख ७४ हजार रुपियाँ छात्रवृत्ति पाए।

*यस वर्ष बलात्कारका घटनामा पाँच जना, यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले बाल सुधार गृह नेपालगञ्ज पठायो भने तीन जनालाई पुर्पक्षको लागि थुनामा पठायो । बलात्कार घटनाका दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् । यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले जनही १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो भने एक जना आरोपितलाई साधारण तारिखमा अभिभावकको जिम्मा लगायो।*

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३८ महिलाले महिला तथा बालबालिका सेवा तथा ज्येष्ठ नागरिक केन्द्रमा उजुरी दर्ता गराए । जसमा घरेलु हिंसा २९ कुटपिट गरी घरनिकाला गरिएका एक, खान/लाउन

नदिएको दुई, विवाह दर्ता र नागरिकता नबनाएको तीन, जन्म दर्ता नबनाएको एक बहुविवाहका दुई वटा घटना छन् । यीमध्ये प्रहरीले २९ ओटामा मेलमिलाप गरायो भने नौ कारबाही प्रक्रियामा रहेका छन् ।

*यस वर्ष जुम्ला जिल्लामा बलात्कारका घटनामा एक जना विदेशी महिला, बहुविवाहका घटनामा तीन जना गरी चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो ।*

### स्वास्थ्य सेवाको अवस्था

२९ सामुदायिक अस्पताल, एक स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र र सात ओटा स्वास्थ्य इकाइ छन् । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लामा ०७७ वैशाख २० गतेदेखि कोरोना परीक्षण ल्याव सञ्चालनमा आएपछि पुस १६ गतेसम्म ११ हजार ६ सय ६३ जनाको कोरोना परीक्षण भएको छ। यसमध्ये ४ सय ६३ जना नागरिकमा कोरोना सङ्क्रमण देखिएको जिल्ला प्रशासन कार्यालय, जुम्लाले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ। संक्रमित मध्ये ४ सय ५१ जना निको भएर घर फिर्ता भएका छन् भने १२ जना सक्रिय सङ्क्रमित रहेको प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले बताए ।

जिल्लामा ४७ हजार ८ सय ८२ जनाले बिमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा कार्यक्रममा पनि १ हजार ९ सय ७८ जनाको बिमा गरिएको छ । निःशुल्क बिमा कार्यक्रममा महिला स्वयम्सेविका १ सय ८० जना, पूर्ण अपाङ्गता भएका व्यक्ति २६ र एचआईभी संक्रमित एक जना रहेका छन् । स्वास्थ्य बिमा गराएकाहरूले सदरमुकाम खलंगास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालबाट मात्रै सेवा पाउने गरेका छन् ।

जुम्लाको चन्दनाथ नगरपालिकाबाहेक अन्य सात वटा स्थानीय तहमा संघीय सरकारले १० लाखका दरले ७० लाख बजेट विनियोजन गरेर पाँच बेडका कोभिड अस्पताल निर्माण गरेको भए पनि आवश्यक चिकित्सक र उपकरणको व्यवस्थापन हुन सकेन ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ | ५ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| जम्मा | ३ | ६ | ८ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | १ |
| बहुविवाह | १ | ३ | ३ |
| जम्मा | १ | ३ | ४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ३ | ४ |

# ६.५ कालीकोट




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,३६,५४८ |
| महिला | ६८,११५ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ७८,७४५ |
| कामका लागि बाहिरिएका | २,०५६ |
| अपाङ्गता भएका | ५,२६२ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५६.८३ |
| आश्रित जनसङ्ख्या | २०,५१२ |

*यस वर्ष कालीकोट जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३५ जना महिला, आठ जना पुरुषसहित ४३ जना र राज्यपक्षबाट एक जना महिला, दुई जना पुरुषसहित तीन जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना र महिला अधिकार उल्लङ्घन घटनामा २४ जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष कालिकोटबाट प्रतिबन्धित नेकपाका तीन जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार गरिएका दुई जनालाई सर्वोच्च अदालतबाट बन्दी प्रत्यक्षीकरणको आदेशमा रिहा गऱ्यो भने एक जना यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका छन्।*

## धम्की/कुटपिट

### अन्यपक्षबाट

शुभकालिका गाउँपालिका-५ निवासी ३२ वर्षीय पत्रकार नन्दकेश अधिकारीलाई सोही गाउँपालिका अध्यक्ष ४५ वर्षीय खडानन्द चौलागाईंले मार्ने धम्की दिएको भन्दै पीडितले साउन ११ गते जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए । पत्रकार अधिकारीले गाउँपालिकाको समाचार सामाजिक सञ्जालमा पोष्ट गरेको भन्दै जता भेटायो 'त्यतै मारिदिन' कार्यकर्तालाई निर्देशन दिएको फोन रेकर्डसहित उजुरी आएको र घटनाको अनुसन्धान हुने डीएसपी श्याम ओलियाले बताए। नेपाल पत्रकार महासंघ, कालीकोट शाखाले साउन ११ गते विज्ञप्ति निकालेर घटनाबारे ध्यानाकर्षण भएको भन्दै आरोपित अध्यक्षलाई गैरजिम्मेवार भनाइ फिर्ता लिएर पत्रकारलाई आफ्नो काम गर्ने वातावरण बनाउन माग गरेको थियो। आरोपित गाउँपालिका अध्यक्ष चौलागाईंले आफूले मार्ने धम्की नदिएको बताए । पीडितले दिएको उजुरीमाथि कुनै कारबाही भएन ।

पचालझरना गाउँपालिका-१ निवासी सोही वडाका अध्यक्ष ५२ वर्षीय रत्नलाल न्यौपानेमाथि उपभोक्ता समितिको विषयलाई लिएर सोही वडाका तरुण दलका सदस्य २० वर्षीय पारस न्यौपाने, २२ वर्षीय उमेश न्यौपाने, २१ वर्षीय तिलक न्यौपाने, १९ वर्षीय कल न्यौपाने र २३ वर्षीय कमल न्यौपानेले धारिलो हतियार प्रहार गरी घाइते बनाएको भन्दै

पीडित पक्षले वैशाख १७ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । टाउकोमा चोट लागेका घाइतेको उपचार वैशाख १९ गते कोहलपुर मेडिकल कले जमा भयो । प्रहरीले आरोपित सबैलाई वैशाख १७ गते गिरफ्तार गऱ्यो । जिल्ला अदालत कालीकोटको जेठ ३ गतेको आदेशले आरोपितहरू पुर्पक्षका लागि थुनामा छन् । यस वर्षको अन्त्यसम्म आरोपितहरू थुनामा छन् ।

पलाँता गाउँपालिका–८ निवासी सोही गाउँपालिका अध्यक्ष ३५ वर्षीय लक्ष्मणबहादुर बम, उनकी पत्नी ३२ वर्षीया गोरीकला बमलाई २०७७ वैशाख २७ गते ग्रामीण सडक योजनाको उपभोक्ता समिति गठन गर्ने क्रममा नेकपा पलाँता गाउँपालिका कमिटी अध्यक्ष ३७ वर्षीय इन्द्र रोकाया, वडा नम्बर–२ का वडाध्यक्ष ४२ वर्षीय मानबहादुर भण्डारीको समूहले कुटपिट गऱ्यो । कुटपिटबाट घाइते बमको स्थानीय मेडिकलमार उनकी पत्नीको वैशाख २७ गते कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा उपचार भयो । पीडित पक्षले वैशाख २८ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । आरोपितहरूलाई प्रहरीले जेठ १ गते गिरफ्तार गऱ्यो । जिल्ला अदालतका न्यायाधीश माधव सुवेदीको जेठ १५ गतेको इजलासले आरोपितहरूलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | ३ | ३ | | | |
| कुटपिट | | | | | १ | ४ | ५ |
| सबै प्रकारका जातीय विभेद | | | | | | ३ | ३ |
| धम्की | | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | | ५ | | ५ |
| | बालविवाह | | | | ३ | | ३ |
| | जम्मा | | | | १० | | १० |
| महिला अधिकार | बलात्कार | | | | ४ | | ४ |
| | बलात्कार प्रयास | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | 'बोक्सी'को आरोपमा | | | | ४ | | ४ |
| | घरेलु हिंसा | | | | १४ | | १४ |
| | जम्मा | | | | २४ | | २४ |
| जम्मा | | १ | ३ | ३ | ३५ | ८ | ४३ |

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता २५ जनाको छ । कारागारमा ४१ जना कैदी र २१ जना थुनुवा छन् । महिला सात र पुरुष ५५ जना रहेका छन् । कारागार मा २ जना २/३ वर्षका आश्रित बालक रहेका छन् । कारागारको क्षमता महिला १० र पुरुष १५ हो । तर, पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा तीन गुणा बढी छ । कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । कारागार प्रशासनले माथिको आदेश भन्दै कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्न दिएको छैन र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, टेलिभिजनको अभाव रहेको भए पनि खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको निमित्त जेलर भूमिप्रसाद प्याकुरेलले बताए ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६९ मध्ये १४ मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ८४ मध्ये २८ थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन् भने देवानी मुद्दा पनि छैनन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका र सन् २०२० को २ सय ८४ थान मुद्दामध्ये कूल ८४ थान मुद्दा फैसला भए । २ सय थान मुद्दा बाँकी छन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ७६ आधारभूत र ६९ मावि

छन् । ५ सय ९८ शिक्षक दरबन्दी रहेकामा सबै स्थानीय तहमा दरबन्दी मिलान हुन बाँकी रहेको छ । यस वर्ष २४ हजार ९४ जना बालक र २५ हजार १५ जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका २ बालिका र १३ बालक भर्ना भएका थिए । जिल्लामा अपाङ्गतामैत्री १५ प्राबि र १० माबि गरी २५ ओटा मात्र छन् । द्वन्द्वपीडित परिवार का ७६ जना बालबालिकाले छात्रवृत्ति पाए । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख महेशदत्त देवकोटाले बताउनु भयो ।

*यस वर्ष बलात्कारका घटनामा दुई जना, यौन दुर्व्यवहारका घटनामा पाँच जना बालिका, बालविवाह घटनाका तीन जना गरी १० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका चार जना आरोपित पुर्पक्षका लागि थुनामा छन् । यौन दुर्व्यवहार घटनाका दुई जना आरोपित पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई साधारण तारिखमा रिहा एक जना धरौटीमा रिहा भए ।*

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १४ उजुरी दर्ता भए । जसमध्ये तीन वटा उजुरी मात्र कानुनी प्रक्रियामा गएको छ । अन्य निवेदकहरू फर्केर नआएको जिल्ला प्रहरी कार्यालयले जनायो ।

*यस वर्ष कालीकोट जिल्लामा घरेलु हिंसाका घटनामा १४ जना, बलात्कारका घटनाका चार जना, बलात्कार प्रयासका घटनामा एक जना, यौन दुर्व्यवहार घटनामा एक जना, 'बोक्सी'को आरोपमा चार जना गरी २४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले साधारण तारिखमा र एक जनालाई पुर्पक्षको लागि थुनामा पठायो । बलात्कार प्रयासका घटनामा एक जनालाई जिल्ला अदालतले २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो भने यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई साधारण तारिखमा रिहा गर्ने आदेश दियो ।*

### 'बोक्सी' को आरोपमा

खाँडाचक्र नपा–२ का २४ वर्षीया कमला खड्कालाई उनका देवर १६ वर्षीयले 'बोक्सी' आरोपमा ०७६ फगुन ११ गते कुटपिट गरी घरनिकाला गरे । घरनिकाला गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा फागुन १२ गते उजुरी दिइन् । पतिले बहुविवाह गरेपछि आफूलाई देवरले 'बोक्सीले घरमा बस्ने अधिकार छैन' भन्दै अपमान गर्नुको साथै लाठी र मुक्काले कुटपिट गरी घाइते बनाएको पीडितले बताइन् । पीडितको स्वास्थ्य परीक्षण फागुन १२ गते जिल्ला अस्पतालमा भयो । कुटपिट शीर्षकमा मुद्दा दर्ता भयो । आरोपिलाई जिल्ला अदालतको न्यायाधीश लालकाजी श्रेष्ठको इजलासले साधारण तारेखमा रिहा गर्ने आदेश गऱ्यो ।

खाँडाचक्र नगरपालिका– १ का २० वर्षीया जानकी खत्रीलाई उनका पति ५० वर्षीय कविराज खत्रीले 'बोक्सी'को आरोप लगाउदै ०७६ फागुन २ गते कुटपिट गरी घरनिकाला गरे । पीडितले जिल्ला प्रहरी कार्यालयमा फागुन ३ गते उजुरी दिए पनि कारबाही प्रक्रिया अगाडि बढेन ।

### सबै प्रकारका जातीय भेदभाव

सान्नीत्रिवेणी गाउँपालिका–६ निवासी सोही वडाका अध्यक्ष ४५ वर्षीय रङ्गराज सार्कीलाई २०७६ फागुन २१ गते सोही ठाउँ घर भई वडा कार्यालयमा कार्यरत कार्यालय सहायक ३९ वर्षीय र ामप्रसाद सञ्ज्यालले जातीय विभेद गरेको भन्दै पीडितले फागुन २५ गते जिल्ला प्रहरी कार्यालय, कालीकोटमा उजुरी दिए । वडा अध्यक्ष सार्कीले फागुन २४ गते मान्मा पत्रकार सम्मेलन गर्दै वडा सहायक सञ्ज्यालले कार्यालयमा मदिरा सेवन गरेर आउने र कार्यालयको काममा बाधा पुऱ्याउने गरेकाले सोही विषयमा विवाद हुँदा आफूलाई जातीय अपमान र भेदभाव गरेको अध्यक्ष सार्कीले बताए । यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन् ।

शुभकालिका गाँपालिका–८ का २५ वर्षीय पंख विकलाई मन्दिर प्रवेशमा रोक लगाउँदै २०७७ साउन २६ गते कुटपिट गरेको आरोपमा सोही ठाउँका अर्जुन शाही, कमल शाही युवराज शाहीलाई प्रहरीले भदौ ५ गते गिरफ्तार गऱ्यो । जिल्ला अदालतको भदौ ११ गतेको आदेशमा आरोपितहरू धरौटीमा रिहा भए ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, एक सामुदायिक अस्पताल २८ स्वास्थ्य चौकी, एक

प्राथमिक स्वास्थ्य केन्द्र  सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा चार जनाको दरबन्दी रिक्त छ । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीसम्बन्धी व्यवस्थापन स्थानीय तहबाटै गरिन्छ । जिल्लामा ३४ हजार ६ सय जनाले बिमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा अन्तर्गत ९ सय जनाको ,गरिब निशुल्क बिमा कार्यक्रममा २५ हजार जनाको बिमा गरिएको छ । जिल्लामा कोभिड- १९ बाट सङ्क्रमित हुनेको सङ्ख्या ५ सय २३ रहेको छ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| बालविवाह | ३ | ३ |
| जम्मा | १० | १० |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | ४ | ४ |
| बलात्कार प्रयास | | | १ | १ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| 'बोक्सी'को आरोपमा | १ | ३ | १ | ४ |
| घरेलु हिंसा | ९ | | ५ | १४ |
| जम्मा | १० | ३ | १३ | ३४ |

# ६.६ दैलेख




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,६१,७७० |
| महिला | १,३४,७८० |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ५३,४२८ |
| कामका लागि बाहिरिएका | ११,२२१ |
| अपाङ्गता भएका | ७,६०७ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६२.४७ |
| आश्रित जनसङ्ख्या | १,३७,४०५ |

*यस वर्ष दैलेख जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६५ जना महिला, ६ जना पुरुषसहित ७१ जना र राज्यपक्षबाट एक जना महिला, सात जना पुरुषसहित आठ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २१ जना र महिला अधिकार उल्लङ्घन घटनामा ३८ जना पीडित भए। यस वर्ष गिरफ्तार भएका प्रतिबन्धित नेकपाका एक जना कार्यकर्ता अदालतको आदेशमा रिहा भए।*

### कुटपिट/धम्की

**राज्यपक्षबाट**

महाबु गाउँपालिका–१ की वडा सदस्य ४६ वर्षीया गोमा ढकाल, सोही ठाउँका ३६ वर्षीय रमेशप्रसाद रोकाय र सोही ठाउँका ४३ वर्षीय मणिराम जैसीलाई २०७७ जेठ १९ गते क्वारेन्टाइनमा बसेका व्यक्तिलाई भड्काएको आरोपमा नेपाली सेनाको इन्द्रदल गुल्मका सहसेनानी (क्याप्टेन) ऐनबहादुर गुरुङको नेतृत्वमा रहेको १५ जनाको टोलीले पैँयुँको लाठी र २० एमएमको पाइपले कुटपिट गरेको पीडितहरूले बताए । क्वारेन्टाइन व्यवस्थापनका विषयमा छलफल गर्नुछ भनेर गाउँपालिका कार्यालय जाउँ भनी खरिगैराबाट ६ किलोमिटर टाढा महाबु गाउँपालिका–४ गैँडाबाजमा लगी कुटपिट गरेको पीडितहरूले बताए। मष्टा नेरा आधारभूत विद्यालय दवाडा क्वारेन्टाइनमा बसेका नागरिकलाई खानबस्नको व्यवस्थापन सुधारका लागि सुझाव दिँदा भड्काएको भन्दै वडा नं. १ का वडाध्यक्ष हरिप्रसाद उपाध्यायको निर्देशनमा नेपाली सेनाको सुरक्षा टोलीले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो । वडा सदस्य गोमा ढकाल उपचारका लागि अहमदाबाद पुगेको बेला लकडाउनमा परेर तीन महिना उतै रोकिएर रोजगारीका लागि भारतबाट फर्किरहेकाहरूसँग २०७७ जेठ ११ गते दैलेख फर्किई मष्टा नेरा आधारभूत विद्यालय दवाडाकामा क्वारेन्टाइनमा बस्दै आएकी थिइन् । पीडितहरूलाई त्यहाँ औषधि पनि गरिएन। पीडितहरूले राष्ट्रिय मानव अधिकार आयोगले जिल्लामा गठन गरेको मानव अधिकार अवस्था अनुगमन समितिमार्फत असार ११ गते आयोगमा उजुरी दिए। राष्ट्रिय मानव अधिकार आयोगले साउन ६ गते गाउँपालिका र नेपाली सेनासँग घटनाबारे जानकारी माग गऱ्यो । तर, दुवैले जवाफ नपठाएको राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका प्रमुख रमेशकुमार थापाले बताए।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | | १ | १ | | | |
| कुटपिट | | १ | ६ | ७ | ३ | १ | ४ |
| हत्या | | | | | २ | ३ | ५ |
| सबै प्रकारका जातीय विभेद | | | | | २ | १ | ३ |
| बाल अधिकार | बलात्कार | | | | १३ | | १३ |
| | यौन दुर्व्यवहार | | | | १ | १ | २ |
| | बालविवाह | | | | ७ | | ७ |
| | जम्मा | | | | २० | १ | २१ |
| महिला अधिकार | बलात्कार | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | ९ | | ९ |
| | बहुविवाह | | | | १९ | | १९ |
| | घरेलु हिंसा | | | | ९ | | ९ |
| | जम्मा | | | | ३८ | | ३८ |
| जम्मा | | १ | ७ | ८ | ६५ | ६ | ७१ |

नारायण नपा–६ का २८ वर्षीय राजन नेपाली, सोही ठाउँका २७ वर्षीय देवेन्द्रप्रसाद रेग्मी, सोही ठाउँका २१ वर्षीय विवेक सोनी र नारायण नपा–४ देवलकाँडाका १६ वर्षीय निरक नेपालीलाई त्रिभुवन मावि क्वारेन्टाइनमा आन्दोलन गरेको आरोपमा २०७७ जेठ ३१ गते प्रहरीले कुटपिट गऱ्यो । कोरोना सङ्क्रमितको दोस्रो पटक परीक्षणको रिपोर्ट दुई हप्तासम्म नआएको भन्दै घर जान पाउनुपर्ने माग राखी क्वारेन्टाइनमा आन्दोलन गरेर जनप्रतिनिधि विरूद्ध नाराबाजी गरिरहेको बेला प्रहरीले रोक्न खोज्दा भएको विवादमा प्रहरीले लाठी चार्ज गर्दा उनीहरू घाइते भए । क्वारेन्टाइनबाट बाहिर निस्केका सात जनालाई सम्झाउँदा पनि नमाने पछि लाठी चार्ज गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर उपेन्द्र आचार्यले बताए । घाइतेहरूको उपचार सोही दिन सरस्वती मावि तर्ताङ्गस्थित आइसोलेशनमा भयो । राष्ट्रिय मानव अधिकार आयोगले जिल्लामा गठन गरेको मानव अधिकार अवस्था अनुगमन समितिमार्फत पीडितले आयोगमा असार ११ गते उजुरी दिए। आयोगले प्रहरीलाई साउन ६ गते पत्र पठाए पनि जवाफ नपठाएको राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय, जुम्लाले जनायो।

## कारागार र बन्दी

१ सय जनाको क्षमता भएको कारागारमा १ सय ३० कैदी र ५५ थुनुवा गरी १ सय ८५ जना छन् । जसमा महिला ४३ जना छन् । ती मध्ये ६० वर्ष उमेर पुगेका दुई जना पुरुष ज्येष्ठ नागरिक छन्, ७० वर्ष नाघेका कोही छैनन् । क्षमता भन्दा दोब्बर कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश दरबन्दी भएको दैलेख जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ एक सय ३२ मध्ये ६५ थान फैसला भए भने देवानी मुद्दातर्फ तीन सय तीन मध्ये २ सय १९ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा ४ सय ३२ आधारभूत र ९१ मावि छन् । १ हजार ८ सय ६४ शिक्षक दरबन्दी रहेकामा १७ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ । यस वर्ष ३७ हजार ९ सय १३ जना बालक र ३५ हजार ७ सय ३९ जना बालिका विद्यालय भर्ना भए । जसमा अपाङ्गता भएका १ सय ४८ बालिका र २ सय १९ बालक छन्। दुल्लूमा दृष्टि बिहीनका लागि र सदरमुकाम दैलेख बजारमा बाहिराहरूका लागि अपाङ्गतामैत्री आधारभूत तहको आवासीय विद्यालय सञ्चालनमा ल्याइएको छ। यस वर्ष दैलेखमा १ हजार ९ सय १७ जनाले ५ सय २५ रुपियाँका दरले छात्रवृत्ति पाए । द्वन्द्वपीडित परिवारका २६ बालबालिकाले कक्षा अनुसार वार्षिक १२ देखि १८ हजारको दरले छात्रवृत्ति पाए । वैदेशिक रोजगारका क्रममा ज्यान गुमाएका र अपाङ्गता भएका परिवारका चारजना बालबालिकालाई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले बालबालिकाका

अभिभावकको बैंक खातामा जम्मा हुने गरी १२ देखि ३६ हजार रुपियाँ छात्रवृत्ति पठाएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख तेजबहादुर थापाले बताए।

*यस वर्ष बलात्कारका घटनामा १२ जना, यौन दुर्व्यवहारका घटनामा दुई जना, बालविवाहका घटनामा सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका पाँच जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, दुई जना आरोपितलाई अभिभावकको जिम्मा, एक जना आरोपितलाई जिल्ला अदालतले सफाइ दियो भने एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई ६० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। बालविवाहका ६ जना आरोपितलाई जिल्ला अदालतले अभिभावकको जिम्मा लगायो भने एक जना आरोपितलाई १ लाख ६० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ७३ जनाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका २७, खान/लाउन नदिएको १३, विवाह दर्ता र नागरिकता नबनाएको २१, अर्की श्रीमती ल्याएर हैंला गरेको २७, सामान्य घरायसी झगडाका ८५ घटना छन्। यी मध्ये प्रहरीले १ सय ३३ ओटा घटनामा मेलमिलाप गरायो भने ४० उजुरी कारबाही प्रक्रियामा छन्।

*यस वर्ष दैलेख जिल्लामा घरेलु हिंसाका घटनामा नौ जना, बलात्कारका घटनामा एक जना, यौन दुर्व्यवहार घटनामा नौ जना, बहुविवाहका घटनामा १९ जना गरी ३८ जना महिला पीडित भएको इन्से कले अभिलेख गऱ्यो। यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले ४ वर्ष कैद ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो भने एक जना आरोपितलाई २५ हजा रुपियाँ धरौटीमा रिहा, एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहार घटनाका एक जना र बलात्कार घटनाका दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यस वर्ष परिवारजनबाट एक जना महिलाको हत्या भयो। हत्या आरोपित पुर्पक्षका लागि थुनामा छन्।*

### यौन दुर्व्यवहार

३९ वर्षीया बोल्न नसक्ने महिलालाई २०७६ माघ ७ गते यौन दुर्व्यवहार गरेको आरोपमा भगवतीमाई गाउँपालिका–१ गन्मका ६१ वर्षीय मानबहादुर थापा विरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १२ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध फागुन २ गते जिल्ला अदालतमा जबरजस्तीकरणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको इजलासले आरोपितलाई ४ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो। पीडित महिलाको बकपत्रका लागि अदालतले दोभाषेको व्यवस्था गरेको थियो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ५६ स्वास्थ्य चौकी र दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्रमा १९ सामुदायिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा सात जना विशेषज्ञको दरबन्दीमा एक जना पनि विशेषज्ञ डाक्टर छैनन्। १० जना मेडिकल अधिकृतहरूमा एक जना दरबन्दीका डाक्टरमध्ये एक जना दरबन्दीका र बाँकी सात जना करार सेवामा कार्यरत छन्।

ठाँटीकाँध गाउँपालिका–१ सिराडीकी २३ वर्षीया सुत्केरी पार्वती शाहीको प्रदेश अस्पताल सुर्खेत लैजाँदै गर्दा बाटोमै मृत्यु भयो। यो वर्षको अन्त्यसम्म कोरोना (कोभिड–१९) बाट सङ्क्रमित हुने हरूको सङ्ख्या १ हजार ४ सय ९३ जना मध्ये १ हजार ४ सय ७८ जना निको भए। आठ जनाको कोरोनाका कारण मृत्यु भयो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बालविवाह | | ५ | २ | ७ |
| बलात्कार | १ | ११ | | १२ |
| यौन दुर्व्यवहार | | ३ | | ३ |
| जम्मा | १ | १८ | २ | २१ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | | | १ | | | १ |
| यौन दुर्व्यवहार | १ | २ | १ | २ | | ६ |
| बहुविवाह | १ | | ५ | १३ | | १९ |
| घरेलु हिंसा | | १ | ३ | ४ | १ | ९ |
| जम्मा | २ | ३ | १० | १९ | १ | ३५ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ५ | ५ |

# ६.७ जाजरकोट

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,७१,३०४ |
| महिला | ८५,७६७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ६४,१७५ |
| कामका लागि बाहिरिएका | ४,१७४ |
| अपाङ्गता भएका | ६,८४८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५७.२७ |
| आश्रित जनसङ्ख्या | ५८,५१२ |

*यस वर्ष जाजरकोट जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २० जना महिला, १० जना पुरुषसहित ३० जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना र महिला अधिकार उल्लङ्घन घटनामा सात जना पीडित भए।*

## कुटपिट

भेरी नगरपालिका–६ निवासी भेरी नगरपालिकाका प्रमुख ३८ वर्षीय चन्द्रप्रकाश घर्तीलाई २०७७ वैशाख १३ गते भेरी नगरपालिका–७ पिन्माका ३२ वर्षीय दीपेन्द्र शाहीको समूहले योजनाका बारेमा छलफल गरौं भन्दै कुटपिट गरी घाइते बनायो। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। घटनामा संलग्न दीपेन्द्र शाहीको समूहले ०७७ वैशाख १८ गते प्रहरी समक्ष आत्मसमर्पण गऱ्यो। प्रहरीले आरोपितहरू विरुद्ध ०७७ वैशाख २३ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयको जेठ १६ गतेको आदेशमा आरोपितहरू जनही १० हजार रुपियाँ धरौटी राखी रिहा भए।

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता १५ जना पुरुष र १० जना महिलासमेत गरी २५ जनाको छ। कारागारमा कैदी तथा थुनुवा ५८ जना पुरुष छन्। कारागारमा आश्रित बालबालिका छैनन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै चार गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको जेलर तेजविक्रम शाहले बताए। कारागारमा ७० वर्ष नाघेका बन्दी एक जना पुरुष छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १४ मध्ये ४१ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ९७ मध्ये ९२ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन्। सन् २०१९ को जिम्मेवारी सरेर आएका १६ र सन् २०२० को जिम्मेवारी सरेर आएका १ सय ११ थान मुद्दामध्ये कुल १ सय १५ थान मुद्दा फैसला भए भने १२ थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा ३ सय ६९ आधारभूत र १ सय २८ मावि छन्। ७ सय ९९ शिक्षक दरबन्दी रहेकामा १४ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष कोभिड- १९ का कारण विद्यालयमा विद्यार्थी भर्ना अभियान भएन । जिल्लामा आधारभूत तहको एक र मावि तहको एक अपाङ्गतामैत्री विद्यालय छ । पढ्ने उमेरका सबै बालबालिका कोभिड- १९ का कारण विद्यालय सञ्चालन नहुँदा विद्यालयमा भर्ना नभएको र जाजरकोट जिल्लामा दूरशिक्षा तथा अनलाइन कक्षा समेत सञ्चालन हुन नसकेको शिक्षा तथा समन्वय इकाइ कार्यालयका प्राविधिक सहायक दलविर पुनले बताए।

*यस वर्ष बलात्कारका घटनामा ६ जना, यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका पाँच जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने चार जनालाई बाल सुधार गृह ने पालगञ्ज पठायो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयमा अनुसन्धानमै रहे । यौन दुर्व्यवहार घटनामा तीन जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, दुई जना आरोपितलाई साधारण तारिखमा रिहा र एक जना आरोपितलाई एक वर्षको कैद सजायको फैसला सुनायो।*

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | ३ | ३ |
| घाइते | | | १ | १ |
| हत्या | | १ | ७ | ८ |
| सबै प्रकारका जातीय विभेद | | १ | | १ |
| बाल अधिकार | बलात्कार | ६ | | ६ |
| | यौन दुर्व्यवहार | ३ | | ३ |
| | विद्यालयमा शारीरिक सजाय | १ | | १ |
| | जम्मा | १० | | १० |
| महिला अधिकार | बलात्कार | ३ | | ३ |
| | बलात्कार प्रयास | १ | | १ |
| | बहुविवाह | ३ | | ३ |
| | घरेलु हिंसा | ३ | | ३ |
| | जम्मा | ७ | | ७ |
| जम्मा | | ३० | १० | ३० |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४४ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ३५, खान/लाउन नदिएको पाँच, विवाह दर्ता र नागरिकता नबनाएको तीन, साँध सिमाका बिषयमा एक वटा घटना छन। यी मध्ये प्रहरीले ३१ ओटामा मेलमिलाप गरायो भने आठ वटा घटनाको समाधानका लागि अन्य निकायमा पठाएको छ । त्यस्तै पाँच वटा उजुरीमा छलफल भएन।

*यस वर्ष घरेलु हिंसाका घटनामा दुई जना, बलात्कारका घटनामा दुई जना, बलात्कार प्रयासका घटनामा एक जना, बहुविवाह घटनामा दुई जना गरी सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जनालाई ५ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए पनि तोकिएको धरौटी रुपियाँ बुझाउन नसकेपछि थुनामा पठायो। बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले अभियोग दावी नपुग्ने भन्दै सफाइको फैसला सुनायो।*

### सबै प्रकारका जातीय विभेद

भेरी नगरपालिका-३ ठाँटीकी ३० वर्षीया संगीता सुनारलाई ०७७ असोज २७ गते दिउँसो सोही ठाउँका ३८ वर्षीय मनोज शाह र उनकी पत्नी ३३ वर्षीया अस्मितासिंह शाहले पानी भरेको गाग्री छोइदिएको आरोपमा गालीबेइज्जती तथा जातीय विभेद गरेको भन्दै असोज २८ गते जिल्ला प्रहरी कार्यालय, जाजरकोटमा उजुरी दिइन् । प्रहरीले आरोपितहरूलाई असोज २८ गते गिर तार गऱ्यो। प्रहरीले

आरोपितहरू विरुद्ध कात्तिक ६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको कात्तिक २० गतेको आदेशले आरोपितहरूलाई जनही १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, ३१ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित ५० शैयाको जिल्ला अस्पता( लमा एक जना व्यवस्थापक, एक जना जनस्वास्थ्य अधिकृत, पाँच जना वरिष्ठ चिकित्सक, एक जना डेण्टल सर्जन, एक जना आयुर्वेद चिकित्सक, एक जना फिजियो थेरापी सहायकको दरबन्दी रहेकामा सबै रिक्त छ। आठ जना स्टाफ नर्समा एक जना कार्यरत छन्। जिल्लामा ३७ हजार ९ सय ९० जनाले बिमा गराएर सेवा लिइरहेका छन् । स्वास्थ्य बिमा गराएका १ हजार ३ सय ५७ जनाले जिल्ला स्वास्थ्य सेवा कार्यालय, जाजर कोटबाट सेवा लिइरहेका छन् । बिमाकर्ताले वार्षिक ३ हजार ५ सय रुपियाँ तिरेर १ लाख रुपियाँसम्मको औषधि उपचार नि:शुल्क पाउनु पर्ने हो । तर अस्पतालको फार्मेसीमा पर्याप्त औषधि नहुँदा निजी फार्मेसीमा गएर औषधि किन्नु पर्ने बाध्यता छ।

यस वर्ष कोरोना भाइरस (कोभिड–१९) बाट जिल्लामा ६ सय ४६ महिला र ४ हजार १ सय ३७ जना पुरुष गरी जम्मा ४ हजार ७ सय ८३ सङ्क्रमित भए।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
|---|---|---|---|---|---|
| विद्यालयमा शारीरिक सजाय | | | | १ | १ |
| बलात्कार | | ३ | ३ | | ६ |
| यौन दुर्व्यवहार | १ | | २ | | ३ |
| जम्मा | १ | ३ | ५ | १ | १० |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | | | २ | २ |
| बलात्कारको प्रयास | | | १ | १ |
| बहुविवाह | १ | | १ | २ |
| घरेलु हिंसा | | १ | १ | २ |
| जम्मा | १ | १ | ५ | ७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | ३ | ५ | ८ |

# ६.८ रुकुम पश्चिम

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५५,५४५ |
| महिला | ८१,५९६ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | उपलब्ध नभएको |
| कामका लागि बाहिरिएका | उपलब्ध नभएको |
| अपाङ्गता भएका | उपलब्ध नभएको |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६२.०५ |
| आश्रित जनसङ्ख्या | उपलब्ध नभएको |

*यस वर्ष रुकुम (पश्चिम) जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३९ जना महिला, ३० जना पुरुषसहित ६९ जना र राज्यपक्षबाट एक जना महिला, सात जना पुरुष सहित आठ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसयमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना र महिला अधिकार उल्लङ्घन घटनामा ३४ जना पीडित भए ।*

### नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार हत्या

**अन्यपक्षबाट**

जाजरकोट जिल्ला भेरी नगरपालिका–४ का २१ वर्षीय नवराज बिकसहित १८ जना रुकुम पश्चिम जिल्लाको चौरजहारी नगरपालिकाकी १७ वर्षीया बालिकालाई लिन भनी २०७७ जेठ १० गते चौरजहारी नगरपालिका–८ सोती पुग्दा सोती स्थानीयले उनीहरूलाई लखेद्दै भेरी नदीको किनारमा पुऱ्याई कुटपिट तथा आक्रमण गरे । आक्रमणमा परी नवराज विकसहित रुकुम पश्चिम जिल्ला चौरजहारी नपा–१ का २० वर्षीय टिकाराम नेपाली, जाजरकोट जिल्ला भेरी नगरपालिका–४ का २१ वर्षीय सन्जु बिक, १७ वर्षीय गोविन्द शाही, १७ वर्षीय गणेश बीएम, सोही नगरपालिका–११ का १८ वर्षीय लोकेन्द्र सुनारको मृत्यु भयो । उनीहरू सबैको शव फरक–फरक मितिमा भेरी नदीमा भेटियो । घटनामा भेरी नगरपालिका–४ का १९ वर्षीय मदन शाही, १९ वर्षीय सुदीप खड्का, १७ वर्षीय लालबहादुर खड्का, १७ वर्षीय सरोज भँडेल, १८ वर्षीय इन्द्रजंग शाह, २१ वर्षीय डिल्ली सुनार, १८ वर्षीय विभाग पुन, १५ वर्षीय गोविन्द विक, १७ वर्षीय भोला विक, १७ वर्षीय सरोज खड्का, सोही नगरपालिका– ३ का १८ वर्षीय मनिष कार्की र सोही नगरपालिका–११ का १७ वर्षीय गोविन्द सुनार घाइते भए । घाइते सबैको उपचार चौरजहारीस्थित मिसन अस्पतालमा भयो । नवराज र टिकारामको शव जेठ ११ गते, गणेशको शव जेठ १२ गते, लोकेन्द्रको शव जेठ १४ गते, सन्जुको शव

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | | ७ | ७ | | | |
| कुटपिट | | १ | | १ | १ | ३१ | ३३ |
| हत्या | | | | | | ९ | ९ |
| बाल अधिकार | बालविवाह | | | | १ | | १ |
| | बलात्कार | | | | ३ | | ३ |
| | जम्मा | | | | ४ | | ४ |
| महिला अधिकार | बलात्कार | | | | ५ | | ५ |
| | बलात्कार प्रयास | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | ४ | | ४ |
| | बहुविवाह | | | | ६ | | ६ |
| | घरेलु हिंसा | | | | १८ | | १८ |
| | जम्मा | | | | ३४ | | ३४ |
| जम्मा | | १ | ७ | ८ | ३९ | ३० | ६९ |

जेठ १६ गते र गोविन्द शाहीको शव जेठ २१ गते फेला पऱ्यो । शवको पोष्टमार्टम जेठ १३ गतेदेखि जेठ २१ गतेसम्म जिल्ला अस्पताल, जाजरकोटमा भयो । मृतक नवराज विक र चौरजहारी नपाकी बालिकाबिच प्रेमसम्बन्ध रहेको थियो । पीडित परिवारले जात नमिलेकै कारण आफ्नो छोराको हत्या गरिएको र सत्य तथ्य पत्ता लगाइ दोषीलाई कारबाहीको माग गर्दै जेठ १३ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमार्फत जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिममा उजुरी दर्ता गरे । जिल्ला प्रहरी कार्यालय, रुकुम पश्चिमले ३४ जनाविरूद्ध कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र जातीय भेदभाव कसुरमा जेठ ३२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। असार ७ गतेदेखि सुरु भएको थुनछेक बहस सकिएपछि रुकुम जिल्ला अदालतका न्यायाधीश विद्याराज पौडेलको असार १० गतेको इजलासले २३ जनालाई पुर्पक्षका लागि थुनामा पठायो भने ३९ वर्षीया बालिकाकी आमा प्रकाशी मल्ललाई १ लाख रुपियाँ धरौटीमा र चौरजहारी नपा–८ सोतीका २० वर्षीय दीपेन्द्र चन्द, सोही ठाउँका ५२ वर्षीय तुलबहादुर मल्ल र ५३ वर्षीय इन्द्रबहादुर मल्ललाई साधारण तारेखमा रिहा गर्न आदेश दियो । थुनामा पठाइएकाहरूमा चौरजहारी नपा–८ सोतीका वडाध्यक्ष ४१ वर्षीय डम्मर मल्ल, सोही ठाउँका ४२ वर्षीय डिल्ली मल्ल, ३९ वर्षीय प्रेमबहादुर ठकुरी, २६ वर्षीय सन्तोष मल्ल, ४२ वर्षीय मानबहादुर मल्ल, ३७ वर्षीय टोपबहादुर मल्ल, ४१ वर्षीय बालिकाका बुवा वीरबहादुर मल्ल, ३५ वर्षीय तिलक चन्द, ४६ वर्षीय हर्कबहादुर मल्ल, २१ वर्षीय विनोद मल्ल, ४१ वर्षीय नेत्रबहादुर मल्ल, ३१ वर्षीय रेशमबहादुर मल्ल, १९ वर्षीय विष्णु मल्ल, ५४ वर्षीय नन्दु मल्ल, ४२ वर्षीय इन्द्र भनिने इन्द्रबहादुरठकुरी, ४९ वर्षीयलिपेन्द्रकुमारमल्ल, २४ वर्षीय धनराज राना, २५ वर्षीय कोविराज पुन मगर, ३४ वर्षीय भीमबहादुर पुन, २५ वर्षीय रेशम पुन, २४ वर्षीय सर्वजित भनिने सविन पुन, २८ वर्षीय मोहन पुन, २५ वर्षीय नविनकुमार घर्तीमगर रहेका छन् । जिल्ला अदालतका श्रेस्तेदार कृतबहादुर बोहराका अनुसार घटनामा संलग्न १७ वर्षीया बालिकालाई बाल सुधार केन्द्र काठमाडौँ र १७ वर्षीय बालकलाई ०७७ असार १ गतेको जिल्ला अदालतको आदेशले बालसुधार गृह नेपालगञ्जमा पठाइएको थियो । यसैगरी ०७७ असार ३० गते जिल्ला अदालतले चौरजहारी नगरपालिका–८

*मृतकहरू क्रमशः नवराज विक, टिकाराम सुनार, गणेश बीएम, लोकेन्द्र सुनार, सन्जु विक र गोविन्द शाही*

का ३१ वर्षीय तुलाराम घर्ती, ३९ वर्षीय डिल्ली घर्ती, २७ वर्षीय लोकेन्द्र घर्ती, २१ वर्षीय सौरभ पुन र ३८ वर्षीय भिमबहादुर बुढालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो । घटनामा मृत्यु भएका व्यक्तिका परिवारलाई ०७७ साउन २६ गते सङ्घीय सरकारले प्रति १० लाख रुपियाँ उपलब्ध गराउने घोषणा गऱ्यो । यो वर्षको अन्त्यसम्म पीडित परिवारले राहत रकम पाएका छैनन् ।

इन्सेकसहित मानव अधिकार संस्थाका प्रतिनिधिहरूले जेठ १३ गतेदेखि जेठ १५ गतेसम्म घटनाको स्थलगत अध्ययन गरे । स्थलगत अध्ययन पश्चात् जेठ २७ गते सार्वजनिक गरिएको प्रतिवेदनमा पूर्ववत योजना अनुसार सामूहिक हत्याको घटना भएको उल्लेख थियो । रुकुम जिल्ला अदालतको आदेशमा चित्त नबुझेपछि आरोपित पक्षले उच्च अदालत, सुर्खेतमा निवेदन दियो । सुर्खेत उच्च अदालतले ०७७ असोज ६ गते दुई जना नाबालकलाई अविभावकको जिम्मा लगाउने आदेश गऱ्यो । २०७७ मङ्सिर १४ गतेको मुख्य न्यायाधीश नहकुल सुवेदीको एकल एजलासले ३४ जना अभियुक्त मध्येका भीमबहादुर बुढा, डिल्ली घर्ती, लोकेन्द्र घर्ती र सौरभ पुनलाई घटना हुँदाका बखत घटनास्थलमा नभएको ठहर गर्दै जनही १ लाख रुपियाँ धरौटीमा छोड्न आदेश दियो । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका श्रेस्तेदार कृतबहादुर बोहराले बताए ।

## गिरफ्तारी

*यस वर्ष रुकुम (पश्चिम) बाट प्रतिबन्धित नेकपाका सात जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार गरिएका चार जनालाई जिल्ला प्रशासन कार्यालयले जनही १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । तीन जना यो वर्षको अन्त्यसम्म प्रहरीको हिरासतमा रहे ।*

## धम्की/कुटपिट

### राज्यपक्षबाट

आठबीसकोट नपा–९ की २१ वर्षीया नेहा विष्टलाई २०७७ जेठ १ गते मदिरा सेवन गरेर जथाभावी बोलेको आरोपमा प्रहरीले कुटपिट गर्दै गरेको भिडियो सामाजिक सञ्जालमा असार २३ गते सार्वजनिक भयो । कुटपिट गरेको आरोपमा इलाका प्रहरी कार्यालय आठविसकोट काजमा रहेका हबल्दार ३५ वर्षीय पृथ्वीबहादुर आग्री, प्रहरी जवान ३२ वर्षीय शक्तिबहादुर परियार र आठबिसकोट नगर प्रहरी आठविसकोट नपा–६ की २१ वर्षीया निर्मला विकलाई निलम्बन गरिएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनायो । हवल्दार आग्री र जवान परियारलाई कर्णाली प्रदेश प्रहरीले असार ३१ गते र नगर प्रहरी विकलाई आठबिसकोट नपाले असार २५ गते निलम्बन गऱ्यो । कुटपिटबाट हातमा चोट लागेकी पीडितको उपचार आठबीसकोटको नगर अस्पतालमा जेठ १ गते भयो । पीडितले यस वर्षको अन्त्यसम्म घटनाका विषयमा कतै उजुरी दिइनन् । निलम्बित हवल्दार आग्री, जवान परियार, र नगरप्रहरी विकको ०७७ भदौ २८ गते पुनर्बहाली भयो ।

### अन्यपक्षबाट

इलाका प्रहरी कार्यालय चौरजहारीका हबल्दार ३८ वर्षीय मोहन परियार र हबल्दार ३८ वर्षीय पूर्णबहादुर थापालाई ०७७ भदौ ३ गते कुटपिट गरेको भन्दै प्रहरीले सोही दिन चौरजहारी नगरपालिका–८ चिप्लेटीका २१ वर्षीय विक्रम भनिने रोशन घर्ती, चौरजहारी नपा–३ घारीपाखाका २२ वर्षीय टिकाराम वली, सोही ठाउँका २१ वर्षीय गोपाल बुढाथोकी र २२ वर्षीय भाष्कर बस्नेतलाई गिरफ्तार गऱ्यो । मदिरा सेवन गरेर बजारमा झगडा गरिरहेका उनीहरूलाई सम्झाउन खोज्दा प्रहरीलाई कुटेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका डिएसपी ठगबहादुर केसीले बताए । पीडितले ०७७ भदौ ४ गते प्रहरीमा उजुरी दिए । घाइते दुवै प्रहरीको नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्जमा उपचार भयो । जिल्ला अदालत रुकुमपश्चिममा ०७७ भदौ २३ गते ज्यान मार्ने उद्योग अभियोगमा मुद्दा दर्ता भएकोमा ०७७ भदौ २५ गतेको जिल्ला न्यायाधीश विद्याराज पौडेलको आदेशले आरोपित रोशन घर्ती १ लाख रुपियाँ धरौटीमा रिहा भए भने अन्य तीन जना जनही ५० हजार रुपियाँ धरौटीमा रिहा भए । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका श्रेस्तेदार कृतबहादुर बोहराले बताए ।

## कारागार र बन्दी

२५ जनाको क्षमताको कारागारमा ४१ कैदी र १ सय ४ थुनुवा गरी १ सय ४७ जना कैदी बन्दी रहेका छन् । जसमा १२ महिला र दुई जना एक वर्षमुनिका नाबालक रहेका छन् । ६५ वर्षमाथिका पाँच पुरुष छन् । क्षमताभन्दा झण्डै ५ गुणा बढी कैदी

बन्दी भएकाले शौचालयको समस्या रहेको छ । सानो कम्पाउण्ड भएकोले थप शौचालय निर्माण गर्न नसकिएको र पुरुष कैदी/बन्दीको लागि दुई वटा मात्र भएकोले एक घण्टा पालो कुर्नुपर्ने जेलर गौमता पुनले बताइन् । सुत्न पालो गर्नुपर्ने र खानेपानीको समस्या छ ।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ३१ थान मध्ये १६ थान मुद्दा फैसला भए भने १ सय १५ थान मुद्दा फैसला हुन बाँकी रहे । देवानी मुद्दातर्फ २ सय ९९ थान मध्ये ८४ थान मुद्दा फैसला भए भने २ सय १५ थान मुद्दा फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन् ।

### बाल अधिकार

#### शिक्षाको अधिकार

यस जिल्लामा २ सय ११ आधारभूत र ७७ माबि छन् । १ हजार १ सय १ शिक्षक दरबन्दी रहेकामा प्राबि तर्फ १५ दरबन्दी खाली रहेको र निमावी तर्फ ४ दरबन्दी रिक्त रहेको छ । यसवर्ष कोभिड- १९ का कारण भर्ना भएका बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न नसकिएको जिल्ला शिक्षा तथा समन्वय इकाई रुकुमका प्रमुख तारा पुनले बताए । जिल्लामा चार वटा अपाङ्गमैत्री विद्यालय छन् । द्वन्द्वपीडित परिवारका २३ बालबालिकाले भने छात्रवृत्ति पाए ।

*यस वर्ष बलात्कारका घटनामा तीन जना, बालविवाहका घटनामा एक जना गरी चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले अभिावकको जिम्मा, एक जना आरोपितलाई बाल सुधार गृह नेपालगञ्ज पठायो भने एक जना आरोपित यस वर्षको अन्तयसम्म गिरफ्तार हुन सकेनन् । बालविवाहका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै १६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घरनिकाला गरिएका दुई, खान/लाउन नदिएको एक, अर्की श्रीमती ल्याएर हेला गरेका ६ र सामान्य घरायसी झगडाका १३ घटना रहेका छन् । सेवा केन्द्रकी प्रहरी सरस्वती कार्कीका अनुसार घटना मध्ये नौ वटामा मेलमिलाप भयो भने पाँच उजुरी कानुनी प्रक्रियामा छन् । बाँकी रहेको एक उजुरी छलफल हुन बाँकी छ ।

*यस वर्ष घरेलु हिंसाका घटनामा १८ जना, बलात्कारका घटनामा पाँच जना, बलात्कार प्रयासका घटनामा एक जना, यौन दुर्व्यवहारका घटनामा चार जना, बहुविवाह घटनामा ६ जना गरी ३४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले साधारण तारिखमा रिहा गऱ्यो भने दुई जना आरोपितलाई सफाइको फैसला सुनायो । एक जना आरोपितलाई जिल्ला अदालतले १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो । तीन जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् ।*

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति

मुसीकोट नगरपालिका- १३ नम्बर वडाका वडाअध्यक्ष दीपक केसी नेतृत्वको समूहले मुसीकोट नगरपालिका-१४ छिवाङ्गमा रहेको अस्थायी प्रहरी चौकी तोडफोड गऱ्यो । वडाअध्यक्ष मोटरसाइकलमा आएको र चेक जाँचका लागि सडकमा राखिएको ढाट हटाउन ढिला गरेको भन्दै वडाअध्यक्ष केसीले ०७७ जेठ २० गते साँझ ८:३० बजेको समयमा प्रहरीसँग झगडा सुरु गरेपछि स्थानीय २०/२५ जना युवाले प्रहरी पोष्टमा तोडफोड सुरु गरे । बिना कुनै कारण वडाअध्यक्षकै नेतृत्वमा रहेको समूहले चौकीमा तोडफोड गरी क्षति पुऱ्याएको अस्थायी प्रहरी चौकी इन्चार्ज प्रहरी सहायक निरीक्षक धनबहादुर साउदले बताए । आक्रमणबाट प्रहरी चौकी चेकजाँचका लागि सडकमा राखिएका सबै सामग्री, काठको बार, कुर्सीलगायतका सामग्रीमा क्षति पुग्यो । जिल्ला प्रशासन कार्यालयमा ०७७ असार ५ गते मुद्दा दर्ता भएकोमा सोही दिन प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेलको आदेशले ५ हजार रुपैयाँ धरौटीमा आरोपित रिहा भए । प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले ०७७ असोज ७ गते आरोपित दीपक केसीले ५ हजार रुपियाँ जरिवाना र अस्थायी प्रहरी पोष्ट मर्म्मत गर्न ५ हजार २ सय रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला सुनाए ।

**तोडफोड/आगजनी**

रुकुम पश्चिमको बाँफीकोट गाउँपालिका–९ नम्बर वडा कार्यालयमा ०७६ माघ १२ गते राती अज्ञात पक्षले आगजनी गऱ्यो । वडा कार्यालयमा तोडफोड गरी त्यहाँ रहेका कम्प्युटर, प्रिन्टर, क्यामेरा लगायत सामान जलाएको प्रहरीले जनायो। कार्यालयको सामग्री कोठा बाहिर निकालेर आगो लगाइएको जिल्ला प्रहरी कार्यालय, रुकुम पश्चिमका डीएसपी ठगबहादुर केसीले बताउनु भयो। आगजनीबाट वडा कार्यालयको ३ लाख रुपियाँ बराबरको सामग्री क्षति भएको भनाइ छ। घटनामा संलग्नको खोजी भइरहेको र अझ पनि पत्ता नलागेको जिल्ला प्रहरी कार्यालयले जनायो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, दुईनगर अस्पताल, २७ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा दुई डाक्टरको दरबन्दी रहेकामा दरबन्दीको एक जना र करारमा सात जनासहित आठ जना डाक्टरहरू कार्यरत छन् । जिल्लामा विशेषज्ञ डाक्टरको दरबन्दी छैन । त्यस्तै अहेबको तीन दरबन्दी रहेकामा सबै पद रिक्त छ । करारमा तीन जना अहेब कार्यरत छन् । जिल्ला अस्पतालमा स्टाफ नर्सको चार वटा दरबन्दी रहेकामा सबै कार्यरत छन् ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | | १ | १ |
| बलात्कार | १ | १ | १ | ३ |
| जम्मा | १ | १ | २ | ४ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | | | २ | ३ | | ५ |
| बलात्कार प्रयास | | | | १ | | १ |
| यौन दुर्व्यवहार | | | १ | ३ | | ४ |
| बहुविवाह | १ | | | ४ | १ | ६ |
| घरेलु हिंसा | | १० | | ६ | २ | १८ |
| जम्मा | १ | १० | ३ | १७ | ३ | ३४ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ४ | ४ |

# ६.९ सल्यान

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,४२,४४४ |
| महिला | १,२६,४७५ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ६५,६०५ |
| कामका लागि बाहिरिएका | १४,२१३ |
| अपाङ्गता भएका | ६,२३३ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६४.०४ |
| आश्रित जनसङ्ख्या | २०,१७४ |

*यस वर्ष सल्यान जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४४ जना महिला, पाँच जना पुरुषसहित ४९ जना र राज्यपक्षबाट ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना र महिला अधिकार उल्लङ्घन घटनामा २१ जना पीडित भए।*

## गिरफ्तार

*यस वर्ष सल्यानबाट प्रतिबन्धित नेकपाका ६ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तार गरिएका दुई जनालाई जिल्ला प्रशासन कार्यालयले १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। एक जनालाई जिल्ला अदालतले ५० हजार रुपियाँ धरौटीमा रिहा र एक जनालाई अभिभावकको जिम्मा लगायो। दुई जना जिल्ला प्रशासन कार्यालयमा जनही १०/१० हजार रुपियाँ धरौटी राखी रिहा भए।*

## कारागार र बन्दी

३५ जनाको क्षमता भएको कारागारमा कैदी र थुनुवा १ सय ५८ जना छन्। महिला २५ र पुरुष १ सय ३३ रहेका छन्। कारागारमा सात जना ६ महिनादेखि ५ वर्षसम्मका आश्रित बालक दुई र बालिका पाँच जना रहेका छन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै पाँच गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। यस वर्ष इन्सेकले मात्रै कारागार अनुगमन गरेको थियो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ६३ मध्ये ४४ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ३ मध्ये ९९ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा चार थान छन् भने देवानी मुद्दा ६ थान बाँकी छ। सन् २०१९ को जिम्मेवारी सरेर आएका ११ र सन् २०२० को ३ सय ५५ थान मुद्दामध्ये कुल १ सय ४३ थान मुद्दा फैसला भए। २ सय २३ मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा ४ सय २७ आधारभूत र ७७ माविं छन्। स्थायी १ हजार २४ राहत ५ सय १८ गरी १ हजार ५ सय ४२ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष २८ हजार ४ सय ६१ बालक र २९ हजार २ सय ६२ बालिका भर्ना भए। जसमा अपाङ्गता भएका बालिका र बालकको तथ्याङ्क छैन। जिल्लामा

अपाङ्गता मैत्री विद्यालय कति छन् भनेर एकीन तथ्याङ्क पनि छैन । तर नयाँ बनेका सबै विद्यालयका भवनहरू अपाङ्गमैत्री छन् । द्वन्द्वपीडित परिवारका २८ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। यस वर्ष जिल्लाभर ६ हजार २ सय ४० दलित बालक र ५ हजार ३ सय ९६ दलित बालिका विद्यालय भर्ना भए। कोभिडका कारण जिल्लाका आठ महिना बन्द भएका सबै विद्यालय मङ्सिरदेखि सञ्चालनमा आए। वैकल्पिक विधिबाट गरिएको पठनपाठन अनुसार रेडियो र सिकाइ केन्द्रमा बालबालिकाको पहुँच पुगे पनि अनलाइन शिक्षामा बहुसङ्ख्यक बालबालिकाहरूको पहुँच पुग्न सकेन।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ६ | ६ | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | १ | | १ |
| हत्या | | | | १ | १ | २ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | १ | | १ |
| | बालविवाह | | | ४ | २ | ६ |
| | बलात्कार | | | १४ | | १४ |
| | विद्यालयमा शारीरिक सजाय | | | | १ | १ |
| | यौन दुर्व्यवहार | | | २ | | २ |
| | हत्याको प्रयास | | | | १ | १ |
| | जम्मा | | | २१ | ४ | २५ |
| महिला अधिकार | बलात्कार | | | १० | | १० |
| | बलात्कार प्रयास | | | १ | | १ |
| | बहुविवाह | | | ६ | | ६ |
| | 'बोक्सी'को आरोप | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | १ | | १ |
| | जम्मा | | | ३१ | | ३१ |
| जम्मा | | ६ | ६ | ४४ | ५ | ४९ |

*यस वर्ष बलात्कारका घटनामा १४ जना, यौन दुर्व्यवहार घटनामा दुई जना, बालविवाहका घटनामा ६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । जसमा बलात्कार घटनाका सात जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन जनालाई बाल सुधार गृह, नेपालगञ्ज पठायो। दुई जना आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहे भने तीन जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् । बाल विवाहका पाँच ओटा घटनाका आरोपितहरूको मुद्दा जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म विचाराधीन अवस्थामा रहे।*

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष महिला, बालकालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसा पीडित भएको भन्दै २० ओटा उजुरी पर्‍यो । उजुरीमध्ये १७ ओटामा मेलमिलाप भयो भने तीन ओटा उजुरी अदालतमा पठाएको कार्यालयले जनायो।

*यस वर्ष घरेलु हिंसाका घटनामा एक जना, बलात्कारका घटनामा १० जना, बलात्कार प्रयासका घटनामा एक जना, बहुविवाह घटनामा ६ जना गरी २१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । बलात्कार घटनाका नौ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन्।*

**'बोक्सी' को आरोप**

शारदा नगरपालिका–१ श्रीनगरकी ६० वर्षीया पार्वती थापालाई ०७७ भदौ ५ गते 'बोक्सी' भनेको आरोपमा सोही ठाउँका २१ वर्षीया सरीता खड्का, २४ वर्षीया गीता खड्का र २३ वर्षीया जयन्ती रोकालाई प्रहरीले ०७७ असोज १२ गते घरबाट गिरफ्तार गर्‍यो । जिल्ला अदालतमा मंसिर १५ गते मुद्दा दर्ता भयो । जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेको ०७७ असोज १६ गतेको इजलासले आरोपित

सरीता खड्का र गीता खड्कालाई जनही ४० हजार रुपियाँ र जयन्ती रोकालाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेको मङ्सिर २१ गतेको इजलासले जयन्ती खड्कालाई ६ महिना कैद र ५ हजार रुपियाँ जरिवानाको फैसला सुनायो भने अन्य दुईजना सरीता खड्का र गीता खड्कालाई जनही तीन महिना कैद र २ हजार ५ सय रुपियाँ जरिवानाको फैसला सुनायो। साथै पीडित महिलालाई आरोपित तीनै जनाले जनही १०/१० हजार क्षतिपूर्ति दिनुपर्ने फैसला पनि गऱ्यो।

## सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति,सल्यान

कपुरकोट गाउँपालिका–५ को वडा कार्यालयमा २०७६ माघ १५ गते राति पहिचान नखुलेको समूहले आगजनी गर्दा सम्पूर्ण कागजात र सामग्री जलेर नष्ट भएको वडा कार्यालयले जनायो। वडा कार्यालयले माघ २६ गते इलाका प्रहरी कार्यालय, लुहाममा उजुरी दियो। आगजनीबाट ७ लाख रुपियाँ बराबरको क्षति भएको वडा कार्यालयले जनायो। यसवर्षको अन्त्यसम्म घटनामा संलग्नको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, सल्यानका डिएसपी गोविन्द थापाले जानकारी दिनुभयो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, १३ सामुदायिक स्वास्थ्य इकाइ, ४५ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र दुई, आधारभूत स्वास्थ्य केन्द्र २६ वटा, जिल्लाका १० वटा पालिकामध्ये तीन वटा नगरपालिकामा एक/एकवटा नगर स्वास्थ्य शाखा र सात वटा गाउँपालिकामा एक/एकवटा गाउँ स्वास्थ्य शाखा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ६ जना विशेषज्ञको दरबन्दीमा ६ जनाको दरबन्दी रिक्त छ। आठ जना स्टाफ नर्सको दरबन्दीमा सात खाली, अनमी तीन जनाको दरबन्दीमा एक जना कार्यरत छन्। कोभिड–१९ बाट ७ सय २४ सङ्क्रमित भए भने एक जनाको मृत्यु भयो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्यायएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| हत्याको प्रयास | | | १ | | १ |
| बालविवाह | | १ | ४ | | ५ |
| बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | | | | १ |
| बलात्कार | | ४ | १० | | १४ |
| यौन दुर्व्यवहार | | | २ | | २ |
| जम्मा | १ | ५ | १६ | १ | २४ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | १० | १० |
| बलात्कार प्रयास | | | १ | | १ |
| बहुविवाह | | | ३ | ३ | ६ |
| 'बोक्सी'को आरोप | १ | | | २ | ३ |
| घरेलु हिंसा | | १ | | | १ |
| जम्मा | १ | १ | ४ | १५ | २१ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

# ६.१० सुर्खेत




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,५०,८०४ |
| महिला | १,८१,३८३ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,०४,४५२ |
| कामका लागि बाहिरिएका | २३,१५७ |
| अपाङ्गता भएका | १०,२५१ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७३.१२ |
| आश्रित जनसङ्ख्या | १,७३,२५८ |

*यस वर्ष सुर्खेत जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ८२ जना महिला, तीन जना पुरुषसहित ८५ जना र राज्यपक्षबाट दुई जना महिला, १३ जना पुरुष सहित १५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना र महिला अधिकार उल्लङ्घन घटनामा ७२ जना पीडित भए। यस वर्ष प्रतिबन्धित नेकपाका दुई जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेकोमा दुवै जना धरौटीमा रिहा भए।*

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

**राज्यपक्षबाट**

लेकवेशी नगरपालिका– ३ घर भई सिम्ता गाउँपालिका–३ स्थित प्रहरी चौकीमा कार्यरत २५ वर्षीय प्रहरी जवान नरेन्द्र खड्काको शव प्रहरी चौकीभन्दा २ सय मिटर पर २०७७ वैशाख ३० गते जङ्गलमा भेटियो। सोही चौकीमा कार्यरत असई ३६ वर्षीय मानबहादुर आले, प्रहरी जवानहरू २६ वर्षीय रमेश बिक, २४ वर्षीय शुक्रराज अधिकारी र २५ वर्षीय विनोद शाहीले २०७७ वैशाख २९ गते प्रहरी चौकीभित्र कुटपिट गरी भाइको हत्या गरेको पीडितका दाजु यामबहादुर खड्काले आरोप लगाए। असई आलेसहितको टोलीले मदिरा सेवन गरी भाइको कुटपिट गरी हत्या गरेको खड्काको आरोप छ। आरोपितहरू विरुद्ध जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा जेठ २ गते किटानी जाहेरी दिन जाँदा जाहेरी दर्ता नगरेको खड्काले बताए। जिल्ला सरकारी वकिलको कार्यालयको आदेशले साउन २ गते खड्काले दिएको किटानी जाहेरी दर्ता गरी घटनाका सम्बन्धमा घटनास्थलको सुक्ष्म अध्ययन तथा घटनामा संलग्न प्रहरीहरू माथि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी राजेन्द्रप्रसाद भट्टले बताए। यस वर्षको अन्त्यसम्म अनुसन्धान जारी रहेको प्रहरीले जनायो।

### कारागार र बन्दी

कारागारको बन्दी क्षमता १ सय जनाको छ। कारागारमा कैदी र थुनुवा गरी २ सय ८५ जना छन्। महिला २२ र पुरुष २ सय ६३ रहेका छन्। कारागारमा तीन/तीन वर्षका आश्रित बालक दुई जना रहेका छन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको जेलर लक्ष्मी खरेलले बताइन्। कैदी बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना

सिअहेबको दरबन्दी रहेकोमा हाल रिक्त छ।

**कुटपिट/धम्की**

पञ्चपुरी नपा– ८ की ६३ वर्षीया कमला शाहीलाई २०७६ पुस १७ गते इलाका प्रहरी कार्यालय, बाबियाचौरमा कार्यरत सादा पोसाकका दुई प्रहरीले घरनजिकैको चुनेरी तालको जङ्गलमा कुटपिट गरे। शाहीका पति प्रतिबन्धित नेकपाका जिल्ला कमिटी सदस्य ६० वर्षीय बज्रबहादुर शाही घर मा आएर बसेको सूचनापछि उनलाई गिरफ्तार गर्ने क्रममा अवरोध गरेको भन्दै कुटपिट गरेको पीडितले बताइन् । शाहीलाई गिरफ्तार गर्ने क्रममा प्रहरीले दुई राउण्ड गोली प्रहार गर्नुको साथै प्रहरी र शाहीबिच ढुङ्गा हानाहान भएको थियो । सो क्रममा प्रहरीलाई रोक्न खोज्दा प्रहरीले मुक्का प्रहार गरेको पीडितले बताइन्। प्रहरीको कुटपिटबाट कमलाको दाहिने आँखा र देब्रे कोखामा चोट लागेको थियो। पीडितको उपचार पुस १९ गते स्थानीय पञ्चपुरी अस्पतालमा भयो । प्रहरीले कमलालाई पुस १७ गते घरबाटै गिरफ्तार गरी इलाका प्रहरी कार्यालय, बाबियाचौरको हिरासतमा राख्यो । पतिलाई प्रतिबन्धित नेकपा परित्याग गर्न सहजीकरण गर्ने सर्तमा पुस १८ गते रिहा गऱ्यो । प्रहरीसँग दोहोरो ढुङ्गा हानाहानपछि प्रतिबन्धित नेकपाका नेता शाही प्रहरीको घेरा तोडी भाग्न सफल भए । इन्सेक लगायत मानव अधिकार संस्थाका प्रतिनिधिले पुस २३ गते गरेको स्थलगत अध्ययन प्रतिवेदनमा पीडितलाई प्रहरीले हात र मुक्का प्रहार गरी घाइते बनाएको, प्रहरीको कुटपिटबाट करङ भाँचिएको र आँखामा चोट लागेको पाइएको उल्लेख छ।

सिम्ता गाउँपालिका– ८ का कोरोना संक्रमित २८ वर्षीय युवालाई इलाका प्रहरी कार्यालय, राकममा कार्यरत ३५ वर्षीय असई विजय पुनले ०७७ असार ३० गते जाम्नेबजारमा कुटपिट गरे। सिम्ता गाउँपालिका ६ स्थित बागेश्वरी माविको क्वारेन्टाइनमा आफूसँगै बसेका साथीहरूसँग भागेर घरतर्फ जाँदै गर्दा असई पुनले कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट पीडितको टाउको, ढाड र देब्रे हातमा चोट लाग्यो । भारतबाट आएका ती युवाको असार २८ गते पीसीआर परीक्षण गर्दा कोरोना पुष्टि भएको थियो। पीडितको प्राथमिक उपचार केन्द्र, जाम्नेबजारमा उपचार भयो । सिम्ता गाउँपालिकाका अध्यक्ष कविन्द्र केसीको रोहवरमा कोरोना सङ्क्रमण निको भएपछि पीडितको प्रहरीले उपचार गरिदिने सहमति भयो। सो घटना लगत्तै असई विजय पुनलाई जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा झिकाइएको र घटनाको सत तथ्य छानविन गर्न जिप्रका सुर्खेतका इन्स्पेक्टर गोपाल रायमाझीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको थियो। समितिले साउन २० गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा प्रतिवेदन बुझाएको थियो । छानविन समितिको

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | | २ | २ | | | |
| कुटपिट | | १ | २ | ३ | | २ | २ |
| अमानवीय व्यवहार | | १ | | १ | | | |
| घाइते | | | ७ | ७ | | | |
| हत्या | | | १ | १ | | | |
| यातना | | | १ | १ | | | |
| बाल अधिकार | बालविवाह | | | | १ | १ | २ |
| | बलात्कार | | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | | ५ | | ५ |
| | विद्यालयमा शारीरिक सजाय | | | | १ | | १ |
| | जम्मा | | | | १० | १ | ११ |
| | बलात्कार | | | | ६ | | ६ |
| | बलात्कार प्रयास | | | | ४ | | ४ |
| | बहुविवाह | | | | २ | | २ |
| | घरेलु हिंसा | | | | ६० | | ६० |
| | जम्मा | | | | ७२ | | ७२ |
| जम्मा | | २ | १३ | १५ | ८२ | ३ | ८५ |

प्रतिवेदनको आधारमा साउन २५ गते असई पुनलाई एक वर्ष बढुवा रोक्का तथा पीडितलाई क्षतिपूर्ति स्वरुप १५ हजार रुपियाँ औषधी उपचार खर्च उपलब्ध गराइएको प्रहरीले जनायो।

### झडप/घाइते

कालीकोट जिल्ला महाबै गाउँपालिका–३ का २१ वर्षीय केशरबहादुर सिंको २०७६ माघ १४ गते बिहान वीरेन्द्रनगर नपा–४ मा भे १ प २२४२ नम्बरको टिप्परले मोटरसाइकललाई ठक्कर दिँदा मृत्यु भएको घटनाको विरोध गर्दै पीडितपक्ष २०७६ माघ १४ र १५ गते आन्दोलनमा उत्रियो। सो क्रममा आन्दोलनकारी र प्रहरीबिच झडप हुँदा प्रहरीले चलाएको गोलीबाट कालीकोट जिल्ला खाँडाचक्र नपा–५ का १८ वर्षीय दिलबहादुर शाही, शुभकालिका गाउँपालिका–३ का १९ वर्षीय नरेन्द्र शाही, २२ वर्षीय कमान सिंह, जुम्ला जिल्ला तातापानी गाउँपालिका–४ का २५ वर्षीय महेश गौतम, दैलेख जिल्लाका १६ वर्षीय हिवेशकुमार शाही, १६ वर्षीय कृष्ण थापा र १७ वर्षीय गोकुल गिरी घाइते भए। घाइतेमध्ये दिलबहादुरको देब्रे गोडाको पैतला, नरेन्द्रको दाहिने पाखुरा तथा महेशको दुवै गोडाको पैतलामा गोली लागेको थियो।अन्य सबैजनाको टाउको, ढाड र गोडामा गोलीको छर्रा लागेको थियो। घाइते सबै को उपचार माघ १५ गते कर्णाली प्रदेश अस्पताल सुर्खेतमा भयो। आन्दोलनको क्रममा आन्दोलनकारीले सार्वजनिकस्थल तथा सरकारी कार्यालय तोडफोडमा उत्रिएपछि स्थानीय प्रशासनले माघ १५ गते साँझ ६ बजेदेखि माघ १६ गते बिहान ६ बजेसम्म वीरेन्द्रनगरको केही भागमा कर्फ्यू आदेश जारी गऱ्यो। झडपमा जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी ५० वर्षीय डिल्लीराज पन्तको दाहिने खुट्टाको घुँडामा चोट लाग्यो। एसपी पन्तको सोही दिन देउती नर्सिङ्ग होममा उपचार भयो। तीन दिनसम्म चलेको आन्दोलन चौथो दिनमा मृतक परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन स्थानीय प्रशासनले पहल गर्ने सहमतिमा स्थगित भयो। सुर्खेतका प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेकाअनुसार एक सातापछि मृतक परिवारलाई बिमा वापतको ५ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराइयो।

### यातना

भेरीगंगा नपा– ११ का १२ वर्षीया बालकलाई रामघाट प्रहरी चौकीका इन्चार्ज सई ४५ वर्षीय पुर्णबहादुर रानाले सम्झाई बुझाई गर्ने बहानामा प्रहरी चौकीमै भदौ ३ गते कुटपिट गरे। सामान्य विवादमा १२ वर्षीय बालकले सोही ठाउँका अर्का १२ वर्षीय बालकको हात भाँचिदिएको विवाद मिलाउने क्रममा सई रानाले हातले टाउको तथा लाठीले भुँडी र खुट्टामा घोचेको पीडितका बुबा रत्नबहादुरले बताए। प्रहरी चौकीमै सई रानाले कुटपिट तथा अर्का १२ वर्षीय बालकका आफन्तले हात भाँचिदिने धम्की दिएपछि रुपेनको मानसिक सन्तुलन गुमेकोमा यसवर्षको अन्त्यसम्ममा उनको उपचार कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा भइरहेको छ। प्रहरीले कुटपिट गरेयता बर्बराउन थालेका रुपेनको भदौ १० गतेदेखि मानसिक सन्तुलन गुमेको रुपेनका बुबा रत्नबहादुको बताए। इन्सेकको पहलमा पीडित र पीडक पक्षबिच भदौ २७ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा भएको सर्तअनुसार सई रानाले असोज ५ गते पीडित बालकलाई २० हजार रुपियाँ उपचार खर्च उपलब्ध गराएको पीडितका बुबा रत्नबहादुर परियारले बताए।

## सुगम निष्पक्ष र न्यायिक अधिकार

### उच्च अदालत

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत सुर्खेतमा यस वर्षका लागि दुनियावादी देवानीका ३५ थान, दुनियावादी फौजदारीका २९ थान, सरकारवादी फौजदारीका २ सय ९ थान र सुरू क्षेत्राधिकारबाट २३ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७६ पुस १७ देखि ०७७ पुस १५ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ २७ थान उजुरी परे भने अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत १ सय ५२ थान मुद्दा फैसला भए।

### जिल्ला अदालत

दुई जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय २७ मध्ये १ सय ७१ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ४५ मध्ये १ सय ७९ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १० थान छन् भने देवानी मुद्दा आठ थान बाँकी रहे। सन् २०१९ को जिम्मेवारी सरेर आएका १८ र सन् २०२० को २८ थान मुद्दामध्ये कुल २४ थान मुद्दा फैसला भए। २२ थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ४ सय ८७ आधारभूत र १ सय ५ मावि छन् । २ हजार १ सय ५६ शिक्षक दरबन्दी रहेकामा २८ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ । यस वर्ष ५१ हजार ४ सय ४४ बालक र ५३ हजार ४ सय २८ जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका २८ बालिका र २५ बालक भर्ना भएका थिए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय २५ आधारभूत तह र ४३ मावि गरी ६८ ओटा मात्र छन् । द्वन्द्वपीडित परिवारका ४२ जना बालबालिकाले छात्रवृत्ति पाएका छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइका शाखा अधिकृत नारायण पौडेलले बताउनु भयो । विशेषगरी नगर/ग्रामीण क्षेत्रमा अभिभावकको रोजगारीका कारण सबै बालबालिकालाई विद्यालय प्रवेश गराउन नसकिएको पौडेलको भनाइ थियो । यस वर्ष जिल्लाभर ९ हजार ३ सय ७८ दलित बालक र१० हजार ६ सय ३५ दलित बालिका विद्यालय भर्ना भए । २० हजार १३ मध्ये दलित विद्यार्थीमध्ये १० हजार ५ सय ४१ छात्रा र ९ हजार २ सय २५ छात्र रहेका छन् । कोभिडका कारण जिल्लाको शिक्षा क्षेत्रमा हालसम्मकै नकारात्मक प्रभाव परेको शाखा अधिकृत पौडेललले बताए । शहीद परिवारका २७ जनाले ६ लाख १४ हजार र द्वन्द्वपीडित परिवारका ४२ जना बालबालिकाले ६ लाख १४ हजार रुपियाँ छात्रवृत्ति पाए ।

*यस वर्ष बलात्कारका घटनामा तीन जना, यौन दुर्व्यवहार घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जनालाई १ लाख ५० हजार रुपियाँ क्षतिपूर्तिसहित जन्मकैदको फैसला सुनायो । अदालतले तीन जना आरोपितलाई बाल सुधार गृह, नेपालगञ्ज पठायो । यौन दुर्व्यवहार घटनाका चार जना आरोपितहरू यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् ।*

### बलात्कार

चार वर्षीया बालिकालाई २०७७ जेठ १५ गते बलात्कार गरेको आरोपमा भेरीगङ्गा नपा–१० का २४ वर्षीय राज बिकविरुद्ध पीडित पक्षले जेठ १६ गते इलाका प्रहरी कार्यालय छिन्चुमा उजुरी दियो । आरोपितलाई प्रहरीले जेठ १५ गते घटनास्थलबाट गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण जेठ १६ गते कर्णाली प्रदेश अस्पतालमा भयो । पीडितको उपचार यस वर्षको अन्त्यसम्म भइरहेको छ । प्रहरीले जेठ १६ गते १४ दिन र जेठ ३१ गते ९ दिन जिल्ला अदालत सुर्खेतबाट म्याद थप गरी आरोपितलाई जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा राखी आवश्यक अनुसन्धान गरेको थियो । आवश्यक अनुसन्धानपछि प्रहरीले असार ८ गते जिल्ला अदालतमा पेस गरेकोमा सोही दिन अदालतको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । जिल्ला अदालतका न्यायाधीश राजेन्द्रकुमार आचार्यको इजलासले पुस २ गते आरोपितबाट भराउने गरी पीडितलाई १ लाख ५० हजार क्षतिपूर्ति सहित जन्मकैदको फैसला सुनायो । पीडित पक्षलाई न्यायका लागि इन्सेकले १५ हजार रुपियाँ आर्थिक सहयोग गरेको थियो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलुहिंसा पीडित भन्दै ३ सय ४२ जना महिलाले महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र सुर्खेतमा उजुरी दिए । जसमा कुटपिट गरी घर निकाला गरेको ८२, खानलाउन नदिएको ५२, विवाह दर्ता तथा नागरिकता नबनाईदिएको १०, बहुविवाह गरी हेला गरेको ६८ तथा घरायसी विवादका कारण १ सय ३० वटा उजुरी दर्ता भएका छन् । ती मध्ये प्रहरीले १ सय ८२ वटामा मिलापत्र गरायो । १ सय २८ वटा मुद्दा दायर भएपनि पीडक तथा पीडित पक्ष सम्पर्कमा आएनन् । ९२ वटा उजुरी कारवाहीको प्रक्रियामा छन् । महिला तथा बालबालिका सेवा केन्द्रका अनुसार घरबाट निकाला गरिएका अधिकांश मिलापत्रपछि घरमा फर्किएका छन् । खानलाउन नदिई घर निकाला गरिएका ५० प्रतिशत बढी मिलापत्रपछि पुर्नस्थापित भएका छन् । बहुविवाह घटनाका भने पीडकहरू फरार हुने र प्रहरीको सम्पर्कमा नआउँदा धेरैजसोको कानुनी प्रक्रिया अघि बढेन । यस्तै घरायसी झगडाका कारण उजुरीपछि ९० जनालाई मिलापत्र गरी घरमा पठाइयो ।

*यस वर्ष घरेलु हिंसाका घटनामा ६० जना, बलात्कारका घटनामा ६ जना, बलात्कार प्रयासका घटनामा चार जना, बहुविवाह घटनामा दुई जना गरी ७२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका एक जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने*

*तीन जना आरोपितहरू यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासका चार जना आरोपितहरू यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन्।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, सात सामुदायिक अस्पताल, ४७ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र चार छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ५० जना विशेषज्ञको दरबन्दीमा ४५ जनाको दरबन्दी रिक्त छ। २२ जना चिकित्सक करारमा कार्यरत छन्। १ सय १२ जना स्टाफ नर्सको दरबन्दीमा २७ रिक्त छ। अनमी पाँच जनाको दरबन्दीमा पाँच जना कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको अद्यावधिक तथ्याङ्क पाइएन। जिल्लामा २५ हजार ७ सय ४६ जनाले बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा कार्यक्रममा पनि ७ हजार ५ सय ५४ जनाको बिमा गरिएको छ। अस्पताललले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको छ।

जिल्लामा काभिड- १९ सङ्क्रमित हुने मा पुस १६ गते सम्म ६ जार ५ सय ५३ पुगेकोमा ६ हजार ४ सय ६१ जना निको भएको तथा १२ जनाले ज्यान गुमाएको प्रमुख वाग्लेले बताए। कर्णाली प्रदेश अस्पताललाई कोभिड अस्पताल नामाकरण गरी कोभिडका बिरामीलाई त्यहींबाट उपचार सेवा प्रदान गरिएको, ५० बेडको आइसीयु कक्षलाई विस्तार गरी १ सय ५० बेडको बनाइएको कर्णाली प्रदेश अस्पताल सुर्खेतका सूचना अधिकारी बिनोद बस्नेतले बताए।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
|---|---|---|---|---|---|---|
| वालविवाह | | १ | | | | १ |
| विद्यालयमा शारीरिक सजाय | | | | | १ | १ |
| बलात्कार | १ | | | २ | | ३ |
| यौन दुर्व्यवहार | | | ३ | २ | | ५ |
| जम्मा | १ | १ | ३ | ४ | १ | १० |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | २ | | ४ | ६ |
| बलात्कार प्रयास | | ३ | | १ | ४ |
| बहुविवाह | | २ | | | २ |
| घरेलु हिंसा | ४५ | | ५ | १० | ६० |
| जम्मा | ४५ | ७ | ५ | १५ | ७२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# सुदूरपश्चिम प्रदेश

- क्षेत्रफल : १९,५३९ वर्ग कि.मि.
- जनसङ्ख्या : २५,५२,५१७
- साक्षरता प्रतिशत : ६१.५४
- जिल्ला : ९
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३२
- उपमहानगरपालिका : १
- नगरपालिका : ३३
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७३४

# सुदूरपश्चिम प्रदेश परिचय ७

यस वर्ष सुदूरपश्चिम प्रदेश सरकारले सबै प्रकारका भेदभाव उन्मूलन,नागरिक स्वतन्त्रता, मानव अधिकारको रक्षा,मौलिक हकहरूको प्रत्याभूति लगायत कानुनी राज्यको मूल्य र मान्यतालाई स्थापित गर्ने, प्रकृतिक विपत्,दुर्घटनाको जोखिम न्यूनीकरण गर्न प्रदेशका सम्पूर्ण घरधुरीलाई बीमाको दायरामा समेट्ने नीति घोषणा गऱ्यो । 'एउटै सृष्टि समदृष्टि' भन्ने मूल नारासहित महिला हिंसा, छाउपडी प्रथा, बोक्सी प्रथा, जातीय भेदभाव उन्मूलन गर्न समाजिक रूपान्तरण अभियान सञ्चालन गर्ने नीति पनि प्रदेश सरकारले लिएको छ । वर्षको अन्त्यसम्म प्रदेश सभाले १४ वटा कानुन निर्माण गरेको छ। स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम मार्फत जिल्लास्थित नौ ओटौ अस्पतालको स्तरोन्नति गरी औषधि उपकरण, आधुनिक सुविधायुक्त प्रयोगशाला र दक्ष मानव संसाधनको व्यवस्था गर्ने, मुख्यमन्त्री ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम मार्फत आधारभूत स्वास्थ्य सेवामा ज्येष्ठ नागरिकको पहुँच वृद्धि गर्ने, स्थानीय तहसँगको सहकार्यमा प्रत्येक स्थानीय तहमा न्यूनतम विद्यार्थी सङ्ख्या पुगेका विद्यालयमा एक विद्यालय एक नर्स र एक योग गुरु कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ। कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि ३ सय ३१ क्वारेन्टाइन, ९७ आइसोलेशन र ३ ओटा कोभिड अस्पताल निर्माण गरिएको छ। वर्षको अन्त्यसम्म १३ हजार ४ सय संक्रमितमध्ये ५० जनाको मृत्यु भयो। 'एक स्थानीय तह एक अस्पताल' कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेश भित्र ५२ वटा अस्पताल भवनको शिलान्यास गरिएको छ।

सन् २०२० मा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ५ सय १७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारीका घटनामा ४० जना, महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ११ जना, हत्याका घटनामा अन्यपक्षबाट ४० जना र बाल अधिकार उल्लङ्घनका घटनामा ८२ जना पीडित भएको अभिलेख छ।

## सन् २०२० मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ७.१ बाजुरा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,४७,०५३ |
| महिला | ७५,७४३ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ८५,८६७ |
| कामका लागि बाहिरिएका | ८,०५४ |
| अपाङ्गता भएका | ५,८५५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५५.७ |
| आश्रित जनसङ्ख्या | ७५,६५५ |

*यस वर्ष बाजुरा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४० जना महिला, तीन जना पुरुषसहित ४३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना र महिला अधिकार उल्लङ्घन घटनामा ३३ जना पीडित भए।*

## कुटपिट

त्रिवेणी नगरपालिका–१ छतारा आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत अहेव २८ वर्षीय रामबहादुर नेपालीलाई ०७७ जेठ २७ गते त्रिवेणी नगरपालिका–१ का ४५ वर्षीया भीम मिजारले कुटपिट गरेको भन्दै पीडितले ०७७ जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । क्वारेन्टाइनमा बसेकाको दैनिक स्वास्थ्य चेकजाँच गर्न गएका नेपालीलाई आरोपितले ढुङ्गा प्रहार गरी घाइते बनाएको त्रिवेणी नगरपालिकाका स्वास्थ्य संयोजक चिरञ्जीवि शाहले बताए । पीडितको तोली स्वास्थ्य चौकीमा जेठ २८ गते उपचार भयो । जिल्ला प्रहरी प्रहरीले आरोपितलाई ०७७ जेठ २८ गते घरबाट गिरफ्तार गरी जेठ २९ गते जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गऱ्यो । जिल्ला प्रशासन कार्यालयले जेठ २९ गते आरोपितलाई ४ हजार धरौटीमा सामान्य तारिखमा रिहा गर्ने आदेश दियो । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला प्रशासन कार्यालयका खरिदार नवराज रोकायाले बताए ।

बुढीनन्दा नगरपालिका– १ स्थायी घर भई बुढीनन्दा नगरपालिकाको कोल्टी प्रथामिक स्वास्थ्य केन्द्रमा कार्यरत अहेव ३८ वर्षीय सिंहराज गिरीमाथि ०७७ साउन ११ गते राति ड्युटीमै रहेको समयमा कुटपिट गरि घाइते बनाएको भन्दै बुढीनन्दा नगरपालिका– ६ का २४ वर्षीया भरत भाट, २६ वर्षीया केशव भाट र ३० वर्षीया उपेन्द्र शाहीविरुद्ध पीडितले ०७७ साउन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । ड्युटीमा रहेको समयमा आफूमाथि कुटपिट गरेको र कुटपिटका कारण दाहिने हात भाँचिएको गिरीले बताए । पीडित गिरीको नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्जमा उपचार भयो । प्रहरीले आरोपितलाई ०७७ साउन १२ गते घरबाट गिरफ्तार गरी जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गऱ्यो ।

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | ३ | ३ |
| बाल अधिकार | बलात्कार | ४ | | ४ |
| | यौन दुर्व्यवहार | ३ | | ३ |
| | जम्मा | ७ | | ७ |
| महिला अधिकार | बलात्कार | २ | | २ |
| | बलात्कार प्रयास | २ | | २ |
| | घरेलु हिंसा | २९ | | २९ |
| | जम्मा | ३३ | | ३३ |
| कूल जम्मा | | ४० | ३ | ४३ |

जिल्ला प्रशासन कार्यालयले आरोपितहरूलाई साउन २२ गते जनही २० हजार रुपियाँ धरौटीमा सामान्य तारिखमा रिहा गर्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला प्रशासन कार्यालयका नवराज रोकायाले बताए।

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा कैदी १९ जना र थुनुवा ३४ जना गरी जम्मा ५३ जना छन्। कारागारमा महिला र बालबालिकाका लागि बन्दीगृह नभएकोले सबै पुरुष मात्र रहेका छन्। कैदी/बन्दीको सङ्ख्या कारागारको क्षमताभन्दा दुई गुणा बढी छ। कारागारमा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४५ मध्ये १८ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १८ मध्ये १३ थान मुद्दा फैसला भए। यस अदालतमा ६ महिना नाघेका चार, बाह्र महिना नाघेका २४, अठार महिना नाघेका १८, दुई वर्ष नाघेका चार गरी फौजदारी मुद्दा ५० थान छन्। देवानीतर्फ बाह्र महिना नाघेका तीन, अठार महिना नाघेका चार, दुई वर्ष नाघेका तीन थान गरी १० थान देवानी मुद्दा बाँकी छन्। सन् २०१९ को जिम्मेवारी सरेर आएका ६५ र सन् २०२० को १ सय २८ थान मुद्दा मध्ये कुल ४४ थान मुद्दा फैसला भए। १ सय ४९ मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा १ सय ८६ आधारभूत, ६५ माध्यमिक, ४४ उच्च माध्यमिक र तीन ओटा क्याम्पस रहेका छन्। बाजुरा जिल्लामा २ सय ३८ सामुदायिक विद्यालय छन्। यो वर्ष कक्षा १ मा २ हजार ९ सय बालक, ३ हजार १५ बालिका गरी जम्मा ५ हजार ९ सय १५ जना बालबालिका भर्ना भए। बाजुरा जिल्लामा ईसीडीदेखि १२ कक्षासम्म २२ हजार ८ सय ६० बालक, २४ हजार ७ सय ९७ बालिका गरी जम्मा ४७ हजार ६ सय ६७ बालबालिका अध्ययनरत छन्। त्यस्तै इसिडी देखि १२ कक्षासम्म ७ हजार ७० बालक, ७ हजार ७३ जना बालिका गरी जम्मा १४ हजार १ सय ४३ जना दलित बालबालिका अध्यायनरत रहेका छन् भने ईसीडी देखि १२ कक्षासम्मा २ सय २६ जना बालक, १ सय ८४ जना बालिका गरी जम्मा ४ सय १० अपाङ्ग बालबालिका रहेको जिल्ला शिक्षा इकाइमा रेकर्ड रहेको जिल्ला शिक्षा इकाइ प्रमुख गोपालदत्त जोशीले बताए। यो वर्ष २१ जना द्वन्द्वपीडित बालबालिकालाई छात्रवृत्ति ३ लाख १८ हजार रुपियाँ दिएको छ। जिल्लामा अपाङ्ग मैत्री विद्यालय एउटा पनि छैनन्।

*यस वर्ष बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमा बलात्कार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई सामान्य तारिखमा अभिभावकको जिम्मा लगायो, एक जनालाई बाल सुधार गृह डोटीमा पठायो। एक जना आरोपितलाई जिल्ला अदालतले ६० हजार रुपियाँ धरौटी राखी साधारण तारिखमा रिहा गर्‍यो।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा अर्की श्रीमती ल्याएर हेला गरेका तीन मदिरा सेवन गालिगलौज गरी कुटपिट गरेका ३९ घरनिकाला गरेका खान बस्न नदिएका ४ र लैङ्गिक हिंसाका २७ ओटा उजुरी जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता भए। सबै घटनामा मेलमिलाप भयो।

*यस वर्ष घरेलु हिंसाका घटनामा २९ जना, बलात्कारका घटनामा दुई जना, बलात्कार प्रयासका घटनामा दुई जना गरी ३३ जना महिला पीडित भएको*

*इन्सेकले अभिलेख गर्‍यो । बलात्कार घटनाका एक जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जनालाई १ लाख रुपियाँ धरौटी साधारण तारिखमा रिहा गर्‍यो ।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी जिल्ला अस्पताल, २६ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, ११ सामुदायिक स्वास्थ्य केन्द्र छन् । त्यस्तै १० ओटा शहरी स्वास्थ्य इकाइ, २८ ओटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन् । जिल्ला अस्पताल, बाजुरामा दुई जना डक्टरको दरबन्दी रहेकोमा एक जनाको दरबन्दी रिक्त छ भने तीन जना करारमा कार्यरत छन् । चार जना स्टाफ नर्सको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त रहेको छ । दुई जना करारमा कार्यरत छन् । अनमी दुई जनाको दरबन्दीमा एक जना कार्यरत छन् । सात जना करारमा कार्यरत रहेका छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट गरिएको पाइएन । जिल्लामा ६ हजार ४ सय ५२ परिवाका ३० हजार ४ सय २३ जनाले बिमा गराएका छन् । कोभिड- १९ अस्पतालको लागि अन्य उपकरण पनि पर्याप्त नभएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख वरिष्ठ जनस्वास्थ्य अधिकृत दयाकृष्ण पन्तले बताए । बाजुरा जिल्लामा ६ सय ३० जना कोरोना संक्रमित भए । बाजुरामा कोरोना संक्रमणका कारण दुई जनाको मुत्यु भयो ।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | ४ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ७ | ७ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | १ |
| बलात्कार प्रयास | | १ | १ |
| घरेलु हिंसा | ३९ | | ३९ |
| जम्मा | ३९ | ४ | ३३ |

# ७.२ बझाङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,०७,७१० |
| महिला | १,०५,५७४ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,१०,४६५ |
| कामका लागि बाहिरिएका | २२,८४५ |
| अपाङ्गता भएका | ४,५७६ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५५.६ |
| आश्रित जनसङ्ख्या | १,१०,४०६ |

*यस वर्ष बझाङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २२ जना महिला, चार जना पुरुषसहित २६ जना र राज्यपक्षबाट ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना र महिला अधिकार उल्लङ्घन घटनामा १९ जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष बझाङबाट प्रतिबन्धित नेकपाका ६ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकमा अभिलेख भयो। जसमध्ये जिल्ला अदालतले दुई जनालाई जनही १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो भने एक जनालाई पुर्पक्षका लागि थुनामा पठायो। एक जना २ लाख २५ हजार रुपियाँ धरौटीमा रिहा भए।*

## कारागार र बन्दी

२४ जनाको क्षमता भएको कारागारमा कैदी ३७ र थुनुवा २७ जना छन्। महिला छैनन्। कारागारमा आश्रित बालबालिका छैनन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीको व्यवस्था भएको जेलर धनबहादुर घर्तीले बताए। ६० वर्ष नाघेका दुई ज्येष्ठ नागरिक (पुरुष) रहेका छन्। कारागारमा कोभिड-१९ बाट तीन जना संक्रमित भए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १ मध्ये ३० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५० मध्ये १३ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १२ थान छन् भने देवानी मुद्दा १६ थान बाँकी रहेका छन्। सन् २०१९ को जिम्मेवारी सरेर आएका २०१९ र सन् २०२० को ९८ थान मुद्दामध्ये कूल ४० थान मुद्दा फैसला भए। ५८ मुद्दा बाँकी छन्। कोरोना महामारीका कारण लागु गरिएको देशव्यापी बन्दाबन्दीको प्रभाव मुद्दा फर्स्योंटमा पनि भयो।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा ३ सय ६० आधारभूत र ८२ ओटा माविछन् । प्राविमा १२ सय ४६ जना, निमाविमा २ सय ९४ जना, माविमा २ सय ३७ जना, उच्च माविमा ५२ दरबन्दी र १ सय ४ जना राहात गरी १ सय ५६ जना शिक्षकको दरबन्दी रहेकामा स्थानीय तहले दरबन्दी मिलान गर्दै गएकोले कतै बढी र कतै थप्नु पर्ने भएका कारण दरबन्दी मिलान हुँन बाँकी रहेको छ । यस वर्ष ३४ हजार १ सय ९३ जना बालक र ३२ हजार ९ सय ६० जना बालिका भर्ना भए । जिल्लामा अपाङ्गता मैत्री विद्यालय चार ओटा मात्र छन् । यस वर्ष जिल्लाभर ५ हजार ४ सय ३ जना दलित बालक र ४ हजार ८ सय २० जना दलित बालिका विद्यालय भर्ना भए ।

*यस वर्ष बलात्कारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । जसमा बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जनालाई जनही १० हजार रुपियाँ र सात जना आरोपितहरूलाई ३० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो ।*

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ६ | ६ | | | |
| कुटपिट | | | | | २ | २ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | | | १ | १ |
| हत्या | | | | | १ | १ |
| सबै प्रकारका जातीय विभेद | | | | १ | | १ |
| बाल अधिकार | बलात्कार | | | २ | | २ |
| | जम्मा | | | २ | | २ |
| महिला अधिकार | बलात्कार | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | बहुविवाह | | | २ | | २ |
| | घरेलु हिंसा | | | १५ | | १५ |
| | जम्मा | | | १९ | | १९ |
| कूल जम्मा | | ६ | ६ | २२ | ४ | २६ |

### बलात्कारपछि हत्या

मष्टा गाँउपालिका–२ खिकालाकी १२ वर्षीया सम्झना कामीको २०७७ असोज ७ गते सोही ठाँउका १६ वर्षीया बिर्केस भनिने राजेन्द्र बोहोराले बलात्कार पछि हत्या गरेको आरोपमा पीडितका बाजे गोर्खे कामीले असोज ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । जिल्ला प्रहरी कार्यालयको टोलीले आरोपितलाई असोज ८ गते घरबाट गिरफ्तार गर्‍यो । प्रहरीले आरोपितविरुद्ध जबरजबस्तीकरणी गरी हत्या गरेको अभियोगमा असोज २८ गते जिल्ला अदालतमा अभियो दर्ता गर्‍यो । जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेको असोज ३० गतेको इजलासले आरोपितलाई बाल सुधार केन्द्र, डोटीमा पठाउन आदेश दियो। शवको पोष्टमार्टम असोज १६ गते जिल्ला अस्पताल, सिमखेतमा भयो ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यस वर्षको अन्त्यसम्म ६२ ओटा उजुरी दर्ता भए । सेवा केन्द्रमा आएका उजुरीहरूमा दुवै पक्षलाई बोलाई सहमतिमा मेलमिलाप गरी घर पठाउने गरिएको सेवा केन्द्रले जनायो ।

*यस वर्ष घरेलु हिंसाका घटनामा १५ जना, बलात्कारका घटनामा एक जना, यौन दुर्व्यवहारका घटनामा एक जना, बहुविवाह घटनामा दुई जना गरी १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।*

### सबै प्रकारका जातीय विभेद

थलारा गाउँपालिका – ३ देवलबाँझकी ४०

वर्षीया हर्कुदेवी पार्कीलाई २०७७ भदौ १६ गते जातीय विभेद गरेको आरोपमा सोही ठाउँका ४० वर्षीय कर्ण खत्री र ३८ वर्षीय देव खत्री विरुद्ध पीडितले ०७७ असोज ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । प्रहरीले आरोपितद्वयलाई असोज १९ गते गाउँबाट गिरफ्तार गऱ्यो। जातीय विभेद र छुवाछूत कसुर मा असोज २७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरि एकोमा जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डे को इजलासले कर्णबहादुर खत्री ५० हजार रुपियाँ र देव खत्रीलाई २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएको र यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका नायब सुब्बा रामराज पाण्डेले बताए।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४७ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र र दुई नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रहेकोमा सो दरबन्दी रिक्त छ । चार जना स्टाफ नर्सको दरबन्दीमा चारै जना कार्यरत रहेका छन्। दुई जना अनमीको दरबन्दी रहेकोमा दुई जना कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन । ज्येष्ठ नागरिकका लागि निःशुल्क बिमा कार्यक्रम अन्तर्गत ३ हजार ४ सय ८ जनाको बिमा गरिएको छ । जिल्लामा कोभिडबाट यसवर्षको अन्त्यसम्म ९ सय ४१ जना सङ्क्रमित भए। जसमध्ये ९ सय ३८ जना निको भइसकेका र तीन जनाको मृत्यु भयो।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | १ |
| यौन दुर्व्यवहार | | १ | १ |
| बहुविवाह | | ३ | ३ |
| घरेलु हिंसा | १५ | | १५ |
| जम्मा | १५ | ४ | १९ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्यायएका | जम्मा |
| हत्या | १ | १ |

# ७.३ दार्चुला

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,३८,०५७ |
| महिला | ७२,५०० |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ७०,००३ |
| कामका लागि बाहिरिएका | ६,८६४ |
| अपाङ्गता भएका | ३,६६५ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६५.४ |
| आश्रित जनसङ्ख्या | ६६,४०५ |

*यस वर्ष दार्चुला जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २४ जना महिला, ६ जना पुरुषसहित ३० जना र राज्यपक्षबाट चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना पीडित भए । यस वर्ष प्रतिबन्धित नेकपाका चार जना कार्यकर्ता गिरफ्तार भएकोमा सबै रिहा भए।*

## कारागार र बन्दी

४० जनाको क्षमताको कारागारमा कैदी र थुनुवा ५६ जना छन् । जसमा कैदी तोकिएका पुरुष ५३ जना र तीन जना महिला तथा थुनुवा १० जना पुरुष छन्। कारागारमा कोभिड-१९ बाट ३२ जना सङ्क्रमित भएकामध्ये अहिले सबै निको भएका छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४० मध्ये २२ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४५ मध्ये ११ थान मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन् । सन् २०१९ को जिम्मेवारी सरेर आएका फौजदारी २० थान र देवानी २१ थान मुद्दामध्ये फौजदारीतर्फ चार र देवानीतर्फ एक थान मुद्दा फैसला भए । यो वर्षको अन्त्यसम्म ५२ थान मुद्दा फैसला हुन बाँकी रहेको अदालतले जनायो । यो वर्ष गत चैत ११ गते देखि कोभिडका कारण भएको बन्दाबन्दी र कोरोनाका कारण अदालतको समेत सेवा प्रवाहमा ढिलाइ भएको छ । यो वर्ष कोभिडका कारण लामो समयसम्म नियमितरूपमा मुद्दाको अङ्ग नपुग्दा मुद्दा फर्स्योटमा ढिलाइ भएको जिल्ला न्यायाधीश लोकजंग शाहले बताए।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ९८ आधारभूत र ६९ मावि छन्। १ हजार १ सय २८ जना शिक्षक दरबन्दी आधारभूत तह र माध्यमिक तहमा २ सय ८ जनाको शिक्षक दरबन्दी रहेको छ। यस वर्ष १७ हजार १ सय ५ बालक र १६ हजार १ सय २१ जना बालिका भर्ना भए । जिल्लामा निर्माण भएका अधिकांश विद्यालय

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तार | | ४ | ४ | | | |
| कुटपिट | | | | | १ | १ |
| घाइते | | | | | १ | १ |
| हत्या | | | | ३ | ४ | ७ |
| बाल अधिकार | बलात्कार | | | ४ | | ४ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | ५ | | ५ |
| महिला अधिकार | बलात्कार | | | १ | | १ |
| | घरेलु हिंसा | | | १५ | | १५ |
| | जम्मा | | | १६ | | १६ |
| कूला जम्मा | | ४ | ४ | ३४ | ६ | ३० |

अपाङ्गतामैत्री छन् । द्वन्द्वपीडित परिवारका १० जना बालबालिकाले छात्रवृत्ति पाएका छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। यस वर्ष जिल्लाभर २ हजार ६ सय ४९ दलित बालक र २ हजार ६ सय ३४ दलित बालिका विद्यालय भर्ना भए। यस्तै १ सय १६ जनजाति बालक र ८४ बालिका विद्यालय भर्ना भए।

*यस वर्ष बलात्कारका घटनामा चार जना, यौन दुर्व्यवहार घटनामा एक जना गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका एक जना आरोपितलाई ४ वर्ष कैद र एक जना आरोपितलाई १ वर्ष ६ महिना कैद र १० हजार रुपियाँ जरिवानाको सजाय सुनायो । एक जना आरोपितलाई १५ वर्ष कैद र ६० हजार रुपियाँ जरिवानाको फैसला सुनायो । एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने एक जना आरोपितलाई बाल सुधार गृहमा पठायो । यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले ५ महिना कैद, ५ हजार रुपियाँ जरिवाना र १० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो ।*

**बलात्कार**

१६ वर्षीया अपाङ्गता भएकी बालिकालाई ०७७ वैशाख २९ गते बलात्कार गरेको भन्दै दुहुँ गाउँपालिका– ४ का २९ वर्षीय गणेशसिंह लोथ्यालविरुद्ध पीडित पक्षले ०७७ वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपितलाई जिल्ला प्रहरी कार्यालयको टोलीले ०७७ वैशाख ३० गते सुनसेराबाट गिरफ्तार गऱ्यो । वैशाख २९ गते आफन्त भेटघाट गर्न व्यास गाउँपालिका गएका लोथ्याललले आफूलाई विद्यालयमा बोलाएर बलात्कार गरेको पीडितले बताइन् । पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ३० गते जिल्ला अस्पताल दार्चुलामा भयो । प्रहरीले आरोपितविरुद्ध प्रहरीले वैशाख ३० गते जबर जस्तीकरणी अन्तर्गत मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत, दार्चुलाका न्यायाधीश गिरीराज गौतमको ०७७ साउन १९ गते को इजलासले आरोपितलाई चार वर्ष कैद सजायको फैसला सुनायो ।

**यौन दुर्व्यवहार**

१५ वर्षीया बालिकामाथि ०७७ असार २४ गते यौन दुर्व्यवहार गरेको भन्दै नौगाड गाउँपालिका– ५ का ५७ वर्षीय उज्जलसिंह धामीविरुद्ध पीडित पक्षले ०७७ असार २७ गते जिल्ला प्रहरी कार्यालय, दार्चुलामा उजुरी दियो । पीडित बालिकालाई ललाइफकाइ यौन दुर्व्यवहार गरेको भन्दै उजुरी दिएलगत्तै धामीलाई जिल्ला प्रहरी कार्यालयको टोलीले असार २७ गते घरबाटै गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७७ असार २७ गते जिल्ला अस्पताल दार्चुलामा भयो। जिल्ला अदालत, दार्चुलाका न्यायाधीश लोकजंग शाहको ०७७ मङ्सिर २३ गतेको इजालसले आरोपितलाई ५ महिना कैद, ५ हजार रुपियाँ जरिवाना र १० हजार रुपियाँ क्षतिपूर्ति फैसला सुनाएको डिठ्ठा रुद्रप्रसाद बोगटीले बताए।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार**

यो वर्ष महिला तथा बालबालिका सेल दार्चुलामा घरेलु हिंसाका ३३ वटा उजुरी परेकोमा सबै मुद्दा मेलमिलापमा टुङ्गियो । न्याय नपाएको भन्दै आएका पनि मेलमिलाप पछि घर फर्किए । पीडित र पीडकबिचको छलफलपछि घरेलु हिंसाका उजुरीमा

मेलमिलाप भएको प्रहरीले जनायो । पीडित महिलाले अहिले पनि सहजै न्याय पाउन समस्या देखिएको छ । न्यायिक समितिको काम प्रभावकारी नहुँदा हिंसा पीडित महिलाले घर छोडेर सदरमुकाम खलंगामा उजुरी गर्न आउनुपर्ने बाध्यता कायमै रहयो ।

*यस वर्ष घरेलु हिंसाका घटनामा १५ जना, बलात्कारका घटनामा एक जना गरी १६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । परिवारजनबाट दुई जना महिलाको हत्या भयो । एक घटनाका आरोपित पुर्पक्षका लागि थुनामा छन् भने अर्का आरोपित अदालतको आदेश बमोजिम कैद भुक्तान गरिरहेका छन् ।*

**परिवारजनबाट हत्या**

व्यास गाउँपालिका– ५ का २० वर्षीया इसा कुँवर ०७७ वैशाख ७ गते घरभित्रै झुण्डिएको अवस्थामा भेटिइन् । उनको हत्या गरिएको आंशकामा माइतीपक्षले वैशाख १९ गते मृतकका पति २२ वर्षीय अंकित कुँवरको नाममा जिल्ला प्रहरी कार्यालय,दार्चुलामा किटानी जाहेरी दियो । इलाका प्रहरी कार्यालय, हुतीबाट खटिएको प्रहरी टोलीले आरोपितलाई वैशाख २० गते घरबाटै गिरफ्तार गऱ्यो । जिल्ला अदालत, दार्चुलामा जेठ १४ गते कर्तव्य ज्यानको अभियोगमा मुद्दा दर्ता भयो । शवको ०७७ वैशाख ८ गते जिल्ला अस्पताल, दार्चुलामा पोष्टमार्टम भयो । जिल्ला अदालत, दार्चुलाका न्यायाधीश गिरीराज गौतमको ०७७ साउन २६ गतेको इजलासले अभियुक्त कुँवरलाई १३ वर्ष कैद र ५ हजार रुपियाँ जरिवानाको सजाय सुनाएको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनायो । घरायसी विवादमा आरोपित अंकितले पत्नी इसालाई झुण्ड्याएर हत्या गरेको प्रहरीले जनायो ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा दुई वटा सरकारी अस्पताल, ४० वटा स्वास्थ्य चौकी, २६ वटा सामुदायिक स्वास्थ्य इकाई, चार वटा शहरी स्वास्थ्य केन्द्र, १४ वटा आधार भूत स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित जिल्ला अस्पतालमा एक जना मेडिकल सुपरिटेन्डेन्ट र दुई जना मेडिकल अधिकृतको दरबन्दी रहेकोमा दुई जनाको दर बन्दी रिक्त छ । तीन जना स्टाफ नर्सको दरबन्दीमा तीन जना नै कार्यरत छन् । यस्तै गोकुलेश्वर अस्पतालमा एक जना मेडिकल सुपरिटेन्डेन्ट, दुई जना मेडिकल अधिकृत रहेकोमा मेसुको दरबन्दी स्थापनाकालदेखि रिक्त छ । स्थानीय तहमा २ सय ६३ जनाको दरबन्दी स्वीकृत रहे कोमा २ सय ३ जनाको दरबन्दी पदपूर्ति छ । जिल्लामा ९ सय ३९ जनाले बीमा गराएर सेवा लिइरहेका छन् । जिल्लामा ३ हजार ७ सय ३९ जनाको स्याब संकलन गरिएकोमा ३ हजार ७ सय २१ जनाको स्वाबको नतिजा आएको छ । यो वर्षको अन्त्यसम्म जिल्लामा ३ सय २ जनामा कोरोना संक्रमण पुष्टि भएकोमा २ सय ९० जना निको भएर घर फर्किएका छन् भने १२ जना अहिले पनि होम आइसोलेसनमै रहेका छन् । कोरोनाका कारण जिल्लामा दुई जनाको मृत्यु भयो ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ३ | ४ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | २ | ३ | ५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | १ |
| घरेलु हिंसा | १२ | ३ | १५ |
| जम्मा | १२ | ४ | १६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | ५ | ७ |

# ७.४ बैतडी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,५७,८८८ |
| महिला | १,३८,८५६ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,१४,३५५ |
| कामका लागि बाहिरिएका | २१,०३५ |
| अपाङ्गता भएका | ७,७८८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६३ |
| आश्रित जनसङ्ख्या | १,२७,८२६ |

*यस वर्ष बैतडी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतिका घटनामा अन्य पक्षबाट ५९ जना महिला, पाँच जना पुरुषसहित ६४ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना र महिला अधिकार उल्लङ्घन घटनामा ५१ जना पीडित भए । प्रतिबन्धित नेकपाका एकजना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेकोमा यस वर्षको अन्त्यसम्म उनी प्रहरी हिरासतमा रहे ।*

**कुटपिट**

सुर्नया गउँपालिका–५ स्थायी बसोवास भई सुर्नयाँ गाउँपालिकाका अध्यक्ष ४५ वर्षीय बिरबहादुर विष्टलाई ०७७ असोज २८ गते गाउँपालिकाको केन्द्र विवादका विषयमा झडप हुँदा सोही ठाउँका ७१ वर्षीय अर्जुन मडै, ३८ वर्षीय नवराज मडै, २८ वर्षीय भरतबहादुर मडै, २८ वर्षीय नरेन्द्रबहादुर विष्ट, ३२ वर्षीय नरबहादुर मडै, २५ वर्षीय धर्मसिंह मडै र ३५ वर्षीय भानबहादुर मडैले कुटपिट गरेको भन्दै पीडित पक्षले ०७७ असोज २९ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दियो । विष्टको स्वास्थ्य उपचार असोज ३० गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो । आरोपितमध्ये अर्जुन मडै र भरत मडैलाई प्रहरीले ०७७ कार्तिक २ गते घरबाट गिरफ्तार गऱ्यो । आरोपितहरू विरुद्ध प्रहरीले कार्तिक ३ गते कुटपिट मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत, बैतडीले गिरफ्तार गरिएका दुवैलाई ०७७ कात्तिक २७ गते जनही १ लाख ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । प्रहरीले मङ्सिर ९ गते आरोपितहरू धर्मसिंह मडै र नरबहादुर मडैलाई गिरफ्तार गरी सोही दिन अदालतमा पेश गऱ्यो । जिल्ला अदालत, बैतडीका न्यायाधीश तिलक कार्कीको इजलासले उनीहरूलाई सोही दिन जनही १ लाख ४० हजार धरौटीमा रिहा गर्ने आदेश गऱ्यो । मङ्सिर ११ गते प्रहरीले आरोपितहरू नरेन्द्रबहादुर विष्ट र नवराज मडैलाई पनि गिरफ्तार गरि अदालत पेश गऱ्यो भने अर्का आरोपित भानबहादुर मडै मङ्सिर ११ गते आफै जिल्ला अदालतमा उपस्थित भए उनीहरू तीनै जनालाई पनि मंसिर ११ गते नै जिल्ला अदालतका न्यायाधीश तिलक कार्कीको इजलासले जनही १ लाख ४० हजार धरौटीमा रिहा गर्ने आदेश गरेको जिल्ला प्रहरी कार्यालय, बैतडीका इन्सपेक्टर दर्शन खड्काले बताए ।

पुर्चौंडी नगरपालिका–५ कुवाकोटमा स्थापना गरिएको क्वारेण्टाइनमा आफन्तलाई राखेको

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तार | | १ | १ | | | |
| कुटपिट | | | | | ३ | ३ |
| हत्या | | | | १ | १ | २ |
| बाल अधिकार | बलात्कार | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | नवजात शिशुको हत्या | | | | १ | १ |
| | बेचबिखन तथा ओसारपसार | | | ३ | | ३ |
| | बालविवाह | | | १ | | १ |
| | जम्मा | | | ७ | १ | ८ |
| महिला अधिकार | बलात्कार | | | ६ | | ६ |
| | बलात्कार प्रयास | | | १ | | १ |
| | घरेलु हिंसा | | | ४४ | | ४४ |
| | जम्मा | | | ५१ | | ५१ |
| **कूल जम्मा** | | १ | १ | ५९ | ५ | ६४ |

आरोपमा कुवाकोट स्वास्थ्य चौकीका अहेव ३० वर्षीय रनसिंह धामीमाथि चैत १२ गते पुचौडी नगरपालिका – ५ का ५० वर्षीय नरेन्द्र जागरीले हातपात गरेको भन्दै पीडित पक्षले चैत १२ गते पुरघाट प्रहरी चौकीमा उजुरी दियो । प्रहरीले आरोपितलाई चैत १२ गते क्वारेन्टाइन परिसरबाटै गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयले आरोपितलाई ०७६ चैत २६ गते १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रसिंह नेगीले बताए।

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता १० महिला र १५ पुरुष गरी जम्मा २५ जनाको छ । कारागार मा कैदी ३३ र थुनुवा ३९ गरी जम्मा ७२ जना छन्। महिला छैनन्। कारागारमा आश्रित बालबालिका पनि छैनन् । कारागारको क्षमता महिला १० र पुरुष १५ जनाको हो । कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले टेन्टमा बसाउनु पर्ने बाध्यता छ। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको जेलर अनिल तिवारीले बताए । ७० वर्ष नाघेका बन्दी नरहेको जेलर तिवारीले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६८ मध्ये ३ मुद्दा फैसला भए । देवानी मुद्दातर्फ १८ मध्ये ४ थान मुद्दा फैसला भए । सन् २०१९ को जिम्मेवारी सरेर आएका ६९ र सन् २०२० को ८६ थान मुद्दामध्ये कुल ३४ थान मुद्दा फैसला भए। १ सय २१ मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा ४ सय ३८ आधारभूत र १ सय २४ माबि छन्। २ हजार ३२ शिक्षक दरबन्दी रहेकामा १० वटै स्थानीय तहहरूले दरबन्दी मिलान कार्य अगाडि बढाइरहेको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख नरेन्द्रप्रसाद अवस्थीले बताए । यस वर्ष ३२ हजार २ सय ९५ बालक र ३३ हजार ७ सय २४ जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका १ सय ६१ बालिका र २ सय ५ बालक भर्ना भएका थिए। यस वर्ष जिल्लाभर १० हजार ९ सय ६२ दलित बालक र ७ हजार ७ सय ८० दलित बालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी पुस्कर शर्माले बताए।

*यस वर्ष बलात्कारका घटनामा तीन जना, यौन दुर्व्यवहार घटनामा एक जना, बाल विवाहका घटनामा एक जना, मानव बेचबिखन तथा ओसार पसारमा दुई जना गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जनालाई बाल सुधार गृह डोटी पठायो, ६ जना आरोपितलाई जनही ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले साधारण तारिखमा रिहा गऱ्यो । जिल्ला अदालतले बालविवाह घटनाका बालिकालाई साधारण तारिखमा र बालकलाई २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । बेचबिखन*

*तथा ओसार पसार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना बालकालाई साधारण तारिखमा र एक जना महिलालाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो।*

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसापीडित भन्दै ९१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरे। उजुरीहरूमध्ये एक ओटा जिल्ला प्रशासन कार्यालय, एक ओटा अदालत जानु भनेर पठाएको र मिलापत्र हुन बाँकी तीन र अन्य ८६ ओटामा दुवै पक्षलाई बोलाइ मेलमिलाप गरेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रहरी जवान नारा महराले बताइन्।

*यस वर्ष घरेलु हिंसाका घटनामा ४४ जना, बलात्कारका घटनामा ६ जना, बलात्कार प्रयासका घटनामा एक जना गरी ५१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बलात्कार घटनाका पाँच जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपित मानसिक सन्तुलन बिग्रिएपछि उपचाररत छन्। बलात्कार प्रयासका एक जना आरोपितलाई जिल्ला अदालतले १ लाख रुपियाँ धरौटीमा रिहा गर्‍यो।*

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक सरकारी अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६५ स्वास्थ्य चौकी, १५ आधारभुत स्वास्थ्य केन्द्र, १७ शहरी स्वास्थ्य केन्द्र, १० सामुदायिक स्वास्थ्य इकाइ छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रहेकोमा रिक्त छ। चार जना स्टाफ नर्सको दरबन्दीमा २ दरबन्दी रिक्त छ। जिल्लामा ४२ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक लागि निःशुल्क बीमा कार्यक्रममा पनि ६ हजार २ सय ७० जनाको बीमा गरिएको छ। कोभिड- १९ बाट यस वर्षको अन्त्यसम्म ६ सय २२ सङ्क्रमित, ५ सय ७७ जना निको भएका, ४५ जना सक्रिय संक्रमित रहेका र १ जनाको मृत्यु भएको जनस्वास्थ्य प्रमुख योगेश भट्टले बताए।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| नवजात शिशुको हत्या | १ | १ |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बालविवाह | १ | १ |
| जम्मा | ७ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | | ६ | ६ |
| बलात्कार प्रयास | | १ | १ |
| घरेलु हिंसा | ४३ | १ | ४४ |
| जम्मा | ४३ | ८ | ५१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

# ७.५ डडेल्धुरा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,४५,०५३ |
| महिला | ८०,१२० |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | ६०,४१५ |
| कामका लागि बाहिरिएका | ११,६७० |
| अपाङ्गता भएका | ५,१५० |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६५.३ |
| आश्रित जनसङ्ख्या | ७१,८२७ |

*यस वर्ष डडेल्धुरा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३१ जना महिला, एक जना पुरुषसहित ३२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।*

## कुटपिट

### अन्यपक्षबाट

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का आलिताल गाउँपालिका कमिटी अध्यक्ष ज्ञानेन्द्र जोशी आलिताल गाउँपालिका–३ को वडा बैठकमा सहभागी हुनका लागि बैठक स्थलतर्फ जाने क्रममा २०७६ माघ १७ गते प्रतिबन्धित नेकपाका कार्यकर्ताले आक्रमण गरी कुटपिट गर्नुको साथै उनको से ६ प ७९२६ नम्बर को मोटरसाइकलमा पनि तोडफोड गरेको आलिताल प्रहरी चौकीका असई कमलप्रसाद जोशीले बताए। कुटपिटबट जोशीको गोडा भाँचिनुको साथै टाउको र हातमा चोट लागे को थियो। घाइते जोशीको उपचार माघ १८ गते त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौँमा भयो। माघ २० गते प्रतिबन्धित नेकपाले घटनाको जिम्मेवारी लियो। घटनामा संलग्न पक्षको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डीएसपी दधिराम न्यौपानेले बताए।

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता १ सय २५ जनाको छ। कारागारमा कैदी ७९ जना र थुनुवा १५ जना छन्। महिला ११ जना र पुरुष ७३ जना रहेका छन्। कारागारमा एक जना चार वर्षीय आश्रित बालिका रहेकी छन्। कारागारमा क्षमता भन्दा कम कैदी/बन्दी भएकाले उनीहरूलाई बस्नका लागि सहज भएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६९ थान मध्ये २५ थान फैसला भए भने ४४ थान फैसला हुन बाँकी रहे। देवानीमुद्दा तर्फ ६३ थान मध्ये २८ थान फैसला भए भने ३५ थान फैसला हुन बाँकी रहे। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन्। सन् २०१९ को जिम्मेवारी सरेर आएका ६४ र सन् २०२० को ६८ थान मुद्दामध्ये कुल ५३ थान मुद्दा फैसला भए। ७९ मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

जिल्लामा १ सय ३१ आधारभूत विद्यालयमा ५७ वटा आधारभूत (कक्षा ६–८) र २९ माबि (९–१० कक्षा) ३१ माबि (११– १२ कक्षा) छन्। प्राथमिक तहमा स्वीकृत दरबन्दी ५ सय ४४ र राहात दरबन्दी २ सय २० निमाबि तहमा स्वीकृत दरबन्दी १ सय ५७ र राहात दरबन्दी ६९ र माध्यमिक तहमा स्वीकृत दरबन्दी ९२ र राहात दरबन्दी ७१ रहेको छ। यस वर्ष बाल विकास केन्द्रमा ३ हजार २ सय ६३ बालक र २ हजार ७ सय ७४ बालिका भर्ना भए प्रथमिक तह (१–५ ) मा ७ हजार ६ सय ५४ बालब र ८ हजार ४ सय ३१ बालिका निमाबि तह (६–८) मा ४ हजार ८ सय ७५ बालक ८ हजार ४ सय ३१ बालिका माध्यमिक तह (९–१०) मा २ हजार ५ सय २० बालक र २ हजार ९ सय ५ बालिका र माध्यमिक तह (११–१२) मा १ हजार ४५ बालक र १ हजार ५ सय १४ बालिका भर्ना भए। द्वन्द्वपीडित परिवारका ११ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख राम दत्त भट्टले बताए।

*यस वर्ष बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका सात जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६० महिलाले महिला तथा बालबालिका ज्येष्ठ नागरिक सेवा केन्द्र उजुरी दर्ता गराए। जसमा कुटपिट र घरायसी झैं झगडाका ५७, महिला बेचखिन प्रयासका १, बलत्कारका २ रहेका छन्। यीमध्ये प्रहरीले कुटपिट र घरायसी झैंझगडाका सबै मुद्दाहरूको मिलापत्र गरायो ।

*यस वर्ष घरेलु हिंसाका घटनामा २० जना, बलात्कारका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। परिवारजनबाट एक जना महिलाको हत्या भएको इन्सेकमा अभिलेख भयो। हत्या आरोपित पुर्पक्षका लागि थुनामा छन्।*

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | १ | १ |
| हत्या | | २ | | २ |
| बाल अधिकार | बलात्कार | ६ | | ६ |
| | जम्मा | ६ | | ६ |
| महिला अधिकार | घरेलु हिंसा | २० | | २० |
| | बलात्कार | ३ | | ३ |
| | जम्मा | २३ | | २३ |
| कूल जम्मा | | ३१ | १ | ३२ |

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

अमरगढी नगरपालिका–५ कीर्तिपुरस्थित सुदूरपश्चिम प्रदेशअन्तर्गतको पूर्वाधार विकास कार्यालयमा २०७६ माघ १२ गते राति प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले आगजनी गरे । प्रतिबन्धित नेकपाका डडेल्धुरा जिल्ला इञ्चार्ज विजयले माघ १४ गते प्रकाशन गरेको विज्ञप्तिमा आगजनी आफूहरूले गरेको उल्लेख थियो । आगजनीबाट कार्यालयको मुख्य ढोकामा क्षति हुनुका साथै भ्यालका सिसाहरू फुटेको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी दधिराम न्यौपानेले बताए। आगजनीबाट ५ हजार रुपियाँ बराबरको क्षति भएको पूर्वाधार विकास कार्यालयका प्रमुख रामचन्द्र भट्टले बताए । घटनामा संलग्न रहेका प्रतिबन्धित नेकपाका कार्यकर्ताको खोजी भइरहेको र हालसम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी न्यौपानेले बताए।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, २४ स्वास्थ्य चौकी, नगर स्वास्थ्य केन्द्र दुई छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १९ जना विशेषज्ञको दरबन्दीमा १९ जनाको दरबन्दी रिक्त छ । १८ जना डाक्टरको दरबन्दीमा १० जनाको दरबन्दी रिक्त छ । ३० जना स्टाफ नर्सको दरबन्दीमा १५ रिक्त रहेको छ। जिल्लामा रहेका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारी तथा अन्य तथ्याङ्कहरू स्वास्थ्य कार्यालयमा उपलब्ध हुन नसकेको स्वास्थ्य कार्यालय, डडेल्धुराका प्रमुख आशुतोष श्रेष्ठले जानकारी दिए।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ६ | ६ |
| जम्मा | ६ | ६ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | १० | | १० |
| बलात्कार | | ३ | ३ |
| जम्मा | १० | ३ | १३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ७.६ डोटी

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,१४,०४३ |
| महिला | १,१५,१५१ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | २ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,०१,००० |
| कामका लागि बाहिरिएका | २३,५४४ |
| अपाङ्गता भएका | ७,३०२ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५६.३ |
| आश्रित जनसङ्ख्या | १,१२,७५० |

*यस वर्ष डोटी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३१ जना महिला, दुई जना पुरुषसहित ३३ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना र महिला अधिकार उल्लङ्घन घटनामा २१जना पीडित भए ।*

## कुटपिट

### अन्यपक्षबाट

शिखर नगरपालिका–७ लाठामाडौँ घर भई शिखर नगरपालिका–९ स्थित दानकोट स्वास्थ्य चौकीका अहेब २० वर्षीय रमेश कुँवरलाई २०७७ जेठ १८ गते साँझ शिखर नगरपालिका –७ बोगटाका १९ वर्षीय रोशन खत्री, २० वर्षीय नवीन खत्री र २४ वर्षीय तेजबहादुर लुहारले कुटपिट तथा दुर्व्यवहार गरेको आरोपमा पीडितले जेठ १८ गते जिल्ला प्रहरी कार्यालय, डोटीमा उजुरी दिए । आरोपित तीनै जनालाई जिल्ला प्रहरी कार्यालय, डोटीले शिखर नगरपालिका –७ बोगटानबाट जेठ २० गते गिरफ्तार गर्‍यो । घाइते कुँवरको उप क्षेत्रीय अस्पताल,डडेल्धुरामा उपचार हुन नसकेपछि जेठ १८ गते थप उपचार काठमाडौँस्थित ट्रमा सेन्टरमा भयो । प्रहरीले आरोपितविरूद्ध जेठ २० गते जिल्ला प्रशासन कार्यालय, डोटीमा सार्वजनिक कुटपिट शीर्षकमा मुद्दा दर्ता गर्‍यो । जिल्ला प्रशासन कार्यालय, डोटीका प्रमुख जिल्ला अधिकारी भीमप्रसाद भट्टराईको आदेशमा आरोपितहरू जनही ७ हजार रुपियाँ धरौटीमा असार ८ गते तारिखमा रिहा भए । जिल्ला प्रशासन कार्यालय, डोटीका प्रमुख जिल्ला अधिकारी भीमप्रसाद भट्टराईको २०७७ भदौ २९ गतेको फैसलाले आरोपितहरूलाई जनही ३ हजार रुपियाँका दरले जरिवाना हुने ठहर गरी मुद्दाको फैसला भयो ।

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता ३० जनाको छ । कारागारमा २७ जना कैदी रहेका छन् भने ३२ जना थुनुवा गरी जम्मा ५९ जना रहेका छन् । कारागारमा पुरुष ५९ रहेका छन् । कारागारको क्षमता महिला पाँच र पुरुष २५ जनाको हो । कारागारमा पुरुष कक्षतर्फ कैदी/बन्दी बढी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । कारागारमा खानेपानी, शौचालय, सञ्चारका साधनको व्यवस्था गरिएको जेलर लालबहादुर बोगटीले बताए । सीपमूलक तालिमको व्यवस्था पनि रहेको छ । ६० वर्ष नाघेका दुई जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | ३ | ३ |
| हत्या | | ३ | | ३ |
| बाल अधिकार | बलात्कार | ५ | | ५ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | बालविवाह | ३ | | ३ |
| | जम्मा | ८ | | ८ |
| महिला अधिकार | बलात्कार | ३ | | ३ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | बहुविवाह | ३ | | ३ |
| | घरेलु हिंसा | १५ | | १५ |
| | जम्मा | ३१ | | ३१ |
| **कूल जम्मा** | | ३१ | ३ | ३३ |

कारागार प्रमुख लालबहादुर बोगटीले बताए। कारागार मा पुरुष कैदी/बन्दीलाई मात्र राख्ने गरिन्छ। महिला कैदीलाई अन्य जिल्ला पठाउने गरिन्छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत

उच्च अदालत, दीपायल डोटीमा सात जना न्यायाधीशको दरबन्दी रहेकोमा चार जना कार्यरत रहे का र तीन दरबन्दी रिक्त रहेको छ। उच्च अदालतमा यस वर्षका लागि दुनियावादी देवानीका ४८ थान, दुनियावादी फौजदारीका २२ थान, सरकारवादी फौ जदारीका २ सय १९ थान र सुरू क्षेत्राधिकारबाट आठ थान मुद्दा र रिटका १० थान जिम्मेवारी सरेका थिए।

### जिल्ला अदालत

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६४ मध्ये २१ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३१ थान मुद्दा मध्ये १३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन्। सन् २०१९ को जिम्मेवारी सरेर आएका र सन् २०२० का ९५ थान मुद्दामध्ये कूल ३४ थान मुद्दा फैसला भए। ६१ थान मुद्दा बाँकी छन्।

### बाल सुधार गृह

डोटी जिल्लाको बाल सुधार गृहको क्षमता २५ जनाको छ हाल बाल सुधारगृहमा ४२ जना बालक रहेका छन्। जसमा १६ जना कैद तोकिएका छन् र २६ जना बालक पुर्पक्षका लागि राखिएका छन् भने २१ जना बालकलाई अदालतले बेलाएको बेलामा हाजिर गराउने सर्तमा अभिभावकको जिम्मा लगाइएको छ। क्षमताभन्दा बढी बालक राख्नुपर्ने बाध्यता रहेकाले खान बस्न शौचालय, लुगा धुन नुहाउन पानीको समस्या हुने गरेको छ भने खेलमैदान तथा पुस्तकालयको अभाव रहेको छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ४२ आधारभूत र ९५ मावि छन् प्राविधिकतर्फ ६ माध्यमिक विद्यालय, एक सरकारी क्याम्पस, ६ संस्थागत क्याम्पस, एक प्राविधिक शिक्षालय, १ एक निजामति आवाशिय विद्यालय रहेका छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा छन्। जिल्लामा ९ सय ३९ स्थायी दरबन्दी मध्ये १० ओटा रिक्त रहेका छन् भने ५ सय ५७ ओटा राहत दरबन्दी मध्ये पाँचओटा दरबन्दी रिक्त रहेका छन्। २० ओटा उच्च मावि दरबन्दी रहेका छन् भने २० ओटा उच्च मावि अनुदान दरबन्दी रहेका छन्।यस वर्ष प्रारम्भिक बाल विकासमा ४ हजार १ सय २६ बालिका र ४ हजार ४ सय १८ बालक भर्ना भए। आधारभूततर्फ २४ हजार ३ सय ७६ बालिका र २३ हजार ७ सय ३ बालक भर्ना भए। मावि तर्फ ५ हजार ६ सय ६६ जना बालिका र ४ हजार ७ सय ५१ बालक भर्ना भए। जसमा अपाङ्गता भएका ६२ बालिका र ८६ बालक भर्ना भए। यस वर्ष जिल्लाभर ५ हजार ९ सय ५२ दलित बालक र ७ हजार ७३ दलित बालिका विद्यालय भर्ना भए।

*यस वर्ष बलात्कारका घटनामा पाँच जना, यौन दुर्व्यवहार घटनामा एक जना, बालविवाहका दुई जना गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमा बलात्कार घटनाका पाँच जना, यौन दुर्व्यवहारका घटनामा एक जना आरोपित, बालविवाहका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।*

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा पीडित भन्दै महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १७ ओटा उजुरी दर्ता भए । जसमा सबै १७ उजुरीमा मेलमिलाप भएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रमुख राम नाथले बताए।

*यस वर्ष घरेलु हिंसाका घटनामा १५ जना, बलात्कारका घटनामा तीन जना, यौन दुर्व्यवहारका घटनामा एक जना, बहुविवाह घटनामा दुई जना गरी २१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जनालाई ३ लाख रुपियाँ धरौटीमा तारिखमा रिहा गऱ्यो । बहुविवाह घटनाका आरोपित दुई जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार हुन सकेनन् । यस वर्ष परिवारजनबाट दुई जना महिलाको हत्या भयो । घटनाका आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।*

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक सरकारी अस्पताल, चार सामुदायिक अस्पताल, ५२ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १४ ओटा आधारभूत स्वास्थ्य इकाइ, चार ओटा सहरी स्वास्थ्य इकाइ, ३९ ओटा सामुदायिक स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा ६ जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त छ। तीन जना स्टाफ नर्सको दरबन्दीमा तीन जना कार्यरत छन्। अनमी दुई जनाको दरबन्दीमा दुई जना कार्यरत छन् र ६ जना करारमा कार्यरत छन् । जिल्लामा २ हजार १० जनाले बिमा गराएर सेवा लिइरहेका छन् । निःशुल्क बिमा कार्यक्रममा ९ सय ९५ जना ज्येष्ठ नागरिकको बिमा गरिएको स्वास्थ्य बिमा कार्यालय डोटीका कार्यालय प्रमुख जयराज जोशीले बताएका छन्।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | १ | १ |
| बालविवाह | ३ | ३ |
| जम्मा | ८ | ८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | | | १ |
| बहुविवाह | | १ | १ | ३ |
| घरेलु हिंसा | १५ | | | १५ |
| जम्मा | १६ | १ | ४ | ३१ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ७.७ अछाम

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,६८,७७४ |
| महिला | १,४५,०५७ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | २ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ४ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,२०,८३१ |
| कामका लागि बाहिरिएका | ३१,०१५ |
| अपाङ्गता भएका | ८,६०२ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ५५.७ |
| आश्रित जनसङ्ख्या | १,४४,५६५ |

*यस वर्ष अछाम जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १८ जना महिला, नौ जना पुरुषसहित २७ जना र राज्यपक्षबाट पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना र महिला अधिकार उल्लङ्घन घटनामा १३ जना पीडित भए।*

## गिरफ्तारी

*यस वर्ष अछामबाट प्रतिबन्धित नेकपाका चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये जिल्ला अदालतले दुई जनालाई साधारण तारिखमा, दुई जनालाई जनही २० हजार रुपियाँ धरौटी तारिखमा रिहा गऱ्यो।*

## कारागार र बन्दी

कारागारको क्षमता ७५ जनाको छ । कारागारमा कैदी र थुनुवा गरेर जम्मा ९३ जना छन् । महिला १३ र पुरुष ३९ जना कैदी रहेका छन् । कारागारमा ३४ पुरुष र सात महिला थुनुवा छन् । चार वर्षीय, तीन वर्षीय दुई बालक र दुई वर्षीय, चार महिनाका दुई आश्रित बालिका रहेका छन् । कारागारका आठ जना महिला कैदी/थुनुवालाई राख्ने ठाउँ नभएको कारणले अछाम कारागारमा राख्ने व्यवस्था मिलाइएको जेलर लोकबहादुर सिजापतिले बताए। ७० वर्ष नाघेका एक महिला कैदी ज्येष्ठ नागरिक छन्। कारागारमा ५० जना पुरुषको कैदी र थुनुवाको क्षमता भएपनि ७३ कैदी र थुनुवा भएकोले कोचिएर बस्नुपर्ने बाध्यता छ। कैदी र थुनुवा मध्येमा एक जना थुनुवालाई कोरोना सङ्क्रमण पुष्टि भयो । पञ्चदेवल विनायक नगरपालिका–६ तोलीका ४३ वर्षीय जितेन्द्र विक ०७६ फागुन ६ गते बिहान जेलभित्र सुतेकै अवस्थामा मृत्यु भयो । उनी कर्तव्य ज्यान मुद्दामा २०६६ मा जन्मकैदको फैसला अनुसार कैद भुक्तान गरिरहेका थिए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको अछाम जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १५ थान र देवानीतर्फ १९ थान मुद्दा दर्ता भए ।

जसमध्ये फौजदारीतर्फका ७२ थान मुद्दा र देवानीतर्फका १८ थान मुद्दा फैसला भए । यस अदालतमा दु ई वर्ष नाघेका मुद्दा छैनन् । सन् २०१९ को जनवरीदेखि जिम्मेवारी सरेर आएका ४० थान मध्ये देवानीतर्फ ६ र फौजदारीतर्फका १६ मुद्दा फैसला भए । जिल्ला अदालतमा मुद्दाको सङ्ख्या धेरै नहुने भएकोले समयमै मुद्दाको फैसला हुने गरेको छ । जिलला अदालतमा सात जना दरबन्दीमा र १० जना करारमा कार्यरत रहेका छन् । मुद्दासँग जोडिएका अन्य निकायले समयमै रिपोर्ट र कागजात नपठाइदिँदा सामान्यतया ढिलो भए पनि म्याद अवधि नाघेको छैन ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ४ | ४ | | | |
| कुटपिट | | | | | १ | १ |
| कारागारमा मृत्यु | | १ | १ | | | |
| घाइते | | | | | १ | १ |
| हत्या | | | | ३ | ५ | ८ |
| सबै प्रकारका जातीय विभेद | | | | | ३ | ३ |
| बाल अधिकार | बलात्कार | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | ३ | | ३ |
| महिला अधिकार | बलात्कार | | | १ | | १ |
| | बलात्कार प्रयास | | | ३ | | ३ |
| | बहुविवाह | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | ६ | | ६ |
| | जम्मा | | | १३ | | १३ |
| कूल जम्मा | | ५ | ५ | १८ | ९ | २७ |

## बाल अधिकार

### शिक्षाको अवस्था

४ सय ८५ सामुदायिक र २५ संस्थागत गरेर यस जिल्लामा ३ सय ५२ आधारभूत र १ सय ५८ माध्यामिक विद्यालय रहेका छन्।१ हजार ४६ शिक्षक दरबन्दी रहेकामा सबैमा पूरा छन् । जिल्लाका अधिकांस विद्यालयमा शिक्षक दरबन्दी नै तोकिएको छैन । आभारभूत तहमा ५ सय ९९ जना र माविमा १ सय ४९ जना राहत शिक्षक कार्यरत रहेका छन् भने केही विद्यालयले निजीस्रोतमा समेत शिक्षक भर्ना गरेका छन् । स्थानीय तहले सम्बन्धित क्षेत्रमा शिक्षकको दरबन्दी मिलान गरिरहेका छन् भने विद्यालय मर्जको काम भइरहेको शिक्षा विकास तथा समन्वय इकाइका प्राविधिक सहायक मदनबहादुर विष्टले जानकारी दिए।

यस वर्ष ४४ हजार ९ सय भन्दा बढी बालिका र ४१ हजार ६० जना बालक विद्यालय भर्ना भए । जसमा अपाङ्गता भएका ७ बालिका र ८ बालक भर्ना भएका थिए । जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन ओटा मात्र छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख लक्ष्मण गिरीले बताए । विशेषगरी नगर/ग्रामीण क्षेत्रमा अभिभावकको रोजगारीका कारण सबै बालबालिकालाई विद्यालय प्रवेश गराउन नसकिएको उनले बताए। यस वर्ष जिल्लाभर १ हजार ५ सय ६० दलित बालक र १ हजार ४ सय ७४ दलित बालिका विद्यालय भर्ना भए।

*यस वर्ष बलात्कारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई कसुर ठहर गर्दै २० वर्ष कैद र १ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो ।*

### बलात्कार

१३ वर्षीया बालिकालाई २०७७ वैशाख २२ गते ढकारी गाउँपालिका–६ ढुङ्गाचाल्नाका ३४ वर्षीय झुपा कामीले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख २२ गते जिल्ला प्रहरी कार्यालय, अछाममा उजुरी दियो । प्रहरीले अरोपितलाई वैशाख २२ गते घरबाट गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २३ गते जिल्ला अस्पताल, अछाममा भयो । जिल्ला अदालतका न्यायाधीश नवीनकुमार जोशीको इजलासले जेठ १४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएकोमा न्यायाधीश जोशीकै इजलासले आरोपितलाई २० वर्ष कैद र १ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा यस वर्षको अन्त्यसम्म ६८ ओटा उजुरी दर्ता भए। सबै उजुरीमा मेलमिलाप भयो। पीडित र पीडक पक्षबीचको सहमतिको आधारमा सम्बन्धित स्थानको जनप्रतिनिधि, प्रहरीको सक्रियतामा घटनाको मेलमिलाप भएको सेवा केन्द्रमा खटिएका प्रहरी हवल्दार मिनबहादुर बोहराले बताए।

*यस वर्ष घरेलु हिंसाका घटनामा ६ जना, बलात्कारका घटनामा एक जना, बलात्कार प्रयासका घटनामा तीन जना र बहुविवाहका घटनामा तीन जना गरी १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई साधारण तारिखमा रिहा गर्‍यो।*

### स्वास्थ्य सेवाको अवस्था

एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ७२ स्वास्थ्य चौकी छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा दुई जनाको विशेषज्ञ डाक्टरको दरबन्दी खाली छ। तीन जना स्टाप नर्सको दरबन्दीमा एक दरबन्दी र तीन करारमा कार्यरत छन्। दुई जना अनमीको दरबन्दीमा एक जना दरबन्दी र ६ जना कार्यरत छन्। एक जना ल्याब असिष्टेन्ट दरबन्दी खाली छ भने तीन जना करारमा कार्यरत छन्। दुई जना अहेबको दर बन्दी खाली छ भने चार जना करारमा नियुक्त गरिएका छन्। जिल्लामा १२ हजार ७ सय ४५ परिवारमा ३७ हजार ३ सय ९५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। जिल्ला ज्येष्ठ नागरिक सहित अन्य २ हजार १५ जनाले निःशुल्क स्वास्थ्य बिमा सेवा प्राप्त गरेको बिमा बोर्ड अछामका प्रमुख मनकला न्यौपानेले बताइन्। वर्षको अन्त्यसम्म १ हजार ६ सय ४९ जनामा कारोना संक्रमण पुष्टि भयो। जसमध्ये पाँच जनाको मृत्यु भयो।

**सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | १ | २ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | २ | ३ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | | | १ | १ |
| बलात्कार प्रयास | | | | ३ | ३ |
| बहुविवाह | १ | | १ | १ | ३ |
| घरेलु हिंसा | | ४ | | २ | ६ |
| जम्मा | १ | ४ | १ | ७ | १३ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ६ | ७ |

# ७.८ कैलाली

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८,५०,५८४ |
| महिला | ४,४१,५६१ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ५ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | १० |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | २,५६,८२१ |
| कामका लागि बाहिरिएका | ६२,६४४ |
| अपाङ्गता भएका | १५,३७८ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६६.३ |
| आश्रित जनसङ्ख्या | ३,५२,६६० |

*यस वर्ष कैलाली जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतिका घटनामा अन्य पक्षबाट १ सय ७० जना महिला, १२ जना पुरुषसहित १ सय ८२जना र राज्यपक्षबाट तीन जना महिला, १९ जना पुरुषसहित २२ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३५ जना र महिला अधिकार उल्लङ्घन घटनामा १ सय ३० जना पीडित भएको इन्सेकमा अभिलेख भयो ।*

## गिरफ्तारी

*यस वर्ष कैलालीबाट प्रतिबन्धित नेकपाका ११ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये जिल्ला अदालतले दुई जनालाई साधारण तारिखमा, एक जनालाई रिहा, एक जनालाई थुनामा पठायो भने तीनजनालाई जिल्ला अदालत कञ्चनपुरले विना शर्त रिहा गऱ्यो । जिल्ला अदालतले एकजनालाई ५० हजार रुपियाँ धरौटी रिहा गऱ्यो भने एक जनालाई जिल्ला अदालत डडेल्धुराले साधारण तारिखमा रिहा गऱ्यो । दुई जनालाई जनही २० हजार रुपियाँ धरौटी तारिखमा रिहा गऱ्यो । एक जनालाई जिल्ला अदालतले साधारण तारिखमा रिहा गरे पनि पुनः गिरफ्तार गरी कोरोना सङ्क्रमण निको भए पछि पुनः प्रहरी कार्यालयमा ल्याउने सर्तमा पत्नीको जिम्मा लगाइ सेती प्रादेशिक अस्पतालमा उपचारको लागि पठायो ।*

## कुटपिट

### अन्यपक्षबाट

दिनेश एफएमका कार्यरत पत्रकार २३ वर्षीय कमल साउदलाई असार २१ गते गालीगलौज तथा कुटपिट गरेको आरोपमा धनगढी उपमहानगरपालिका–५ हसनपुरका ७० वर्षीय हर्कबहादुर देउवा र ३६ वर्षीय ठक्कर देउवाविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, कैलालीमा २०७७ असार २२ गते उजुरी दिए । आरोपितद्वयलाई असार २२ गते हसनपुरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, कैलालीले जिल्ला अदालतमा असार २३ गते सार्वजनिक अपराध अन्तरगत मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको न्यायाधीश जयानन्द पनेरुको इजलासले असार २७ गते ७/७ हजार धरौटी र साधारण तारेखमा रिहा गरेको सुचना अधिकारी नरबहादुर नेगीले बताए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको सूचना अधिकारी नरबहादुर नेगीले बताए ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ३ | १५ | १८ | | | |
| कुटपिट | | | | | २ | ३ | ५ |
| हिरासत वा थुनामा मृत्यु | | | २ | २ | | | |
| कारागारमा मृत्यु | | | २ | २ | | | |
| हत्या | | | | | ३ | ५ | ८ |
| सबै प्रकारका जातीय विभेद | | | | | | ४ | ४ |
| बाल अधिकार | बलात्कार | | | | ३५ | | ३५ |
| | यौन दुर्व्यवहार | | | | ९ | | ९ |
| | बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| | जम्मा | | | | ३५ | | ३५ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसारको प्रयास | | | | ६ | | ६ |
| | बलात्कार | | | | ३५ | | ३५ |
| | बलात्कार प्रयास | | | | ९ | | ९ |
| | बेचबिखन तथा ओसारपसार | | | | २ | | २ |
| | बहुविवाह | | | | ३ | | ३ |
| | 'बोक्सी' को आरोप | | | | २ | | २ |
| | घरेलु हिंसा | | | | ८२ | | ८२ |
| | जम्मा | | | | १३० | | १३० |
| कूल जम्मा | | ३ | १९ | २२ | १६० | १२ | १८२ |

## कारागार र बन्दी

कारागारको बन्दी क्षमता १ सय ५० जनाको छ । कारागारमा कैदी र थुनुवा ५ सय ४० जना छन् । महिला ३४ जना र पुरुष ५ सय ६ जना रहेका छन् । कारागारमा दुई वर्ष मुनिका आश्रित दुई बालिका रहेका छन् । कारागारको क्षमता महिला १० र पुरुष १ सय ४० हो । तर, पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा तीन गुणा बढी रहेको छ । कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नु पर्ने बाध्यता छ । कैदीबन्दीका आफन्तजनलाई कोभिडको कारण भेटघाट गर्न २०७७ चैत देखि रोक लगाइएको छ । कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियोको व्यवस्था गरिएको जेलर महेन्द्र खड्काले बताए ।

## प्रहरी हिरासतमा मृत्यु

धनगढी उपमहानगरपालिका–१४ फुलबारी सीगाँउको ४५ वर्षीय अमरबहादुर चन्दलाई मदिरा सेवन गरी झगडा गरेको भन्दै स्थानीयले प्रहरीलाई खबर गरेपछि, प्रहरीले साउन २७ गते राती फुलबारीस्थित सीमा प्रहरी चौकीबाट नियन्त्रणमा हिरासतमा राख्यो । अमर बहादुर साउन २८ गते दिउँसो प्रहरी चौकीको शौचालय भित्र मृत फेला परेको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रतीक विष्टले बताए । शवको सेती प्रादेशिक अस्पतालमा साउन २९ गते पोष्टमार्टम गरी आफन्तलाई बुझाएको जिल्ला प्रहरी कार्यालय कैलालीका डिएसपी प्रतीक विष्टले बताए ।

धनगढी उपमहानगर पाकिा–५ जाइका १९ वर्षीय रोशन बिकले भलौ २६ गते जिल्ला प्रहरी कार्यालयको शौचालयमा आफूले लगाएको शर्टमा झुण्डिएको अवस्थामा फेला परे को जिल्ला प्रहरी कार्यालय, कैलालीका डीएसपी प्रतीक विष्टले बताए । शवको भदौ २६ गते सेती प्रादेशिक अस्पतालमा पोष्टमार्टम गरी अन्तिम संस्कारका लागि आफन्तलाई बुझाइएको डिएसपी विष्टले बताए । भदौ २२ गते चोरी मुद्दामा गिरफ्तार भएका विक भदौ २६ गते मृत अवस्थामा फेला परेका थिए ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

चार जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय ६५ मध्ये २ सय ४५ मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ४ सय ५६ मध्ये १ सय ६३ थान मुद्दा फैसला भए । यस

अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २० थान छन् भने देवानी मुद्दा २७ थान बाँकी छ । अदालतले १० जना कर्मचारी करारमा रहेका छन् भने ४५ जनाको दर बन्दीमा ६५ जनाले सेवामा रहेका छन् । सर्वसाधारण नागरिकलाई न्यायको पहुँचमा ल्याउनका लागि जिल्ला अदालत भित्र नागरिक सहायता कक्षको स्थापना र एक जना निशुल्क बैतेनिक वकिलको व्यवस्था गरिएको श्रेस्तेदार राइभान कुञ्जेडाले बताए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

कैलालीमा ३ सय ६२ आधारभूत, ३ सय ३० प्राथमिक १ सय ६१ मावि गरी ८ सय ५३ विद्यालय सञ्चालनमा छन् । सामुदायिक विद्यालयतर्फ ८ सय ५३ र निजि विद्यालयतर्फ २ सय ९५ जना विद्यालय रहेका छन् । जिल्लामा शिक्षक दरबन्दी १ हजार ४ सय १६ रहेको छ । सामुदायिक विद्यालय र निजी विद्यालय गरी जम्मा विद्यार्थी २ लाख १८ हजार ४ सय १२ जना रहेका छन् ।

*यस वर्ष बलात्कारका घटनामा २५ जना, यौन दुर्व्यवहार घटनामा नौ जना, बेचबिखन तथा ओसारपसार घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका २१ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो, तीन जना आरोपितलाई बाल सुधार गृह डोटी पठायो, एक जना आरोपितलाई पेसी तारिखमा रिहा गऱ्यो, एक जना आरोपितलाई दुई महिना कैद तोकी बाल सुधार गृह डोटीमा पठायो भने एक जना आरोपितलाई तीन महिना कैद र १० हजार रुपियाँ जरिवानाको फैसला सुनायो । दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । एक जना आरोपितलाई कसुर ठहर गर्दै २० वर्ष कैद र १ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो । यौन दुर्व्यवहार घटनाका आठ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो, दुई जना आरोपितलाई सफाइ दियो, चार जना आरोपितलाई साधारण तारिखमा रिहा, एक जना आरोपितलाई ५० हजार रुपियाँ धरौटी सहित साधारण तारिखमा रिहा गऱ्यो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । बेचबिखत तथा ओसारपसार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई सफाइ दियो । दुई जना आरोपित यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहे ।*

### बलात्कार

१२ वर्षीया बालिकालाई २०७७ जेठ १२ गते बलात्कार गरेको आरोपमा गौरीगङ्गा नपा—४ खुरखुरीयाका १९ वर्षीय नवीन साउद र २० वर्षीय चन्द्र साउदविरुद्ध पीडितका आफन्त जेठ १७ गते स्थानीय प्रहरी चौकी, राजीपुरमा उजुरी गर्न जाँदा प्रहरीले उजुरी लिन नमानेपछि गौरीगङ्गा नगरपालिका न्यायिक समितिमा असार ३ गते उजुरी दिइन् । न्यायिक समितिका संयोजक अञ्चला चौधरीले पीडित पक्षको उपस्थितिमा जिल्ला प्रहरी कार्यालय, कैलालीमा असार ४ गते उजुरी दर्ता गराइन् । पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो । प्रहरीले आरोपितहरूलाई असार ४ गते खुरखुरीयाबाट गिरफ्तार गऱ्यो । प्रहरीले जिल्ला अदालत, कैलालीमा असार ४ गते जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको इजलासले असार २६ गते आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा रहेकोमा असोज २० गते न्यायाधीश जयानन्द पनेरुको इजलासले १७ वर्षीय बालकलाई नाबालक भनी २ महिना कैदको लागि बाल सुधारगृह डोटी पठाएको र ६ हजार ६ सय जरिवाना, १९ बर्षीय चन्द्र साउदलाई ३ महिना कैद र १० हजार रुपियाँ जरिवानाको फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए ।

१७ वर्षीया बालिकालाई ०७७ जेठ ७ गते बलात्कार गरेको आरोपमा कैलारी गाउँपालिका—८ बसौटीका २० वर्षीय उमेश कथरियाविरुद्ध पीडित बालिकाकी आमाले असार १४ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिइन् । पीडित बालिकाको स्वास्थ्य परीक्षण असार १४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो । पीडितकी आमाले दिएको उजुरीको आधारमा प्रहरीले आरोपितलाई असार १५ गते बसौटीबाट गिरफ्तार गऱ्यो । जिल्ला प्रहरी कार्यालयले जिल्ला अदालतमा असार १४ गते जबरजस्ती करणीमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतको साउन १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठाएकोमा जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको इजलासले असोज २२ गते आरोपितलाई १० वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा २०२० जनवरीदेखि डिसेम्बरसम्ममा जम्मा ७१ वटा घरेलु हिंसाका उजुरी दर्ता भएका छन्। जसमध्ये ५६ वटा मेलमिलाप भएको, आठ वटा सम्बन्धित निकायमा सिफारिस गरिएको, सात जना उजुरीकर्ता सम्पर्कमा आएनन्।

*यस वर्ष घरेलु हिंसाका घटनामा ८२ जना, बलात्कारका घटनामा २५ जना, बलात्कार प्रयासका घटनामा नौ जना, बहुविवाहका घटनामा तीन जना, बेचबिखन तथा ओसारपसार प्रयासका सात, बेचबिखन तथा ओसारपसारका दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका २२ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। तीन जना आरोपित आरोपितलाई सफाइ, एक जना आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो भने तीन जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

*बलात्कार प्रयासका पाँच जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपितलाई सफाइ, एक जना आरोपित साधारण तारिखमा रिहा, एक जना आरोपितलाई २ वर्ष कैद सजायसँगै कसुरदारबाट २५ हजार रुपियाँ पीडितले पाउने गरी क्षतिपूर्ति भराउने फैसला सुनायो। दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।*

*बेचबिखन तथा ओसारपसारका ६ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दुई जना आरोपित यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहे।*

*बहुविवाहका घटनामा एक जनालाई जिल्ला अदालतले तारिखमा रिहा गऱ्यो भने एक जना आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा, एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठयो।*

*यस वर्ष परिवारजनबाट चार जना महिलाको हत्या भएको अभिलेख इन्सेकले गऱ्यो। घटनाका आरोपित कोही थुनामा छन् कोही धरौटीमा रिहा भए।*

*कथित बोक्सीको आरोपमा दुई जना मलिामाथि दुर्व्यवहार भयो। घटनाका आरोपितलाई प्रहरी गिरफ्तार गऱ्यो।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा चार वटा सरकारी अस्पताल, एक प्रदेशिक अस्पताल, १६ सामुदायिक स्वास्थ्य चौकी, २२ प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सेती प्रादेशिक अस्पतालमा २४ जना विशेषज्ञको दर बन्दीमा १६ जनाको दरबन्दी रिक्त छ। १८ जना स्टाफ नर्सको दरबन्दीमा १८ जना कार्यरत छन्, अनमी चार जनाको दरबन्दीमा चार जना कार्यरत छन्। जिल्लामा ४५ हजार ७ सय चार जनाले बीमा गराएर सेवा लिइरहेका स्वास्थ्य बिमा बोर्डका सुदूर पश्चिम प्रदेश संयोजक जनकबहादुर साउदले बताउनु भयो। ज्येष्ठ नागरिक लागि निःशुल्क बीमा कार्यक्रम रहेको छ। स्वास्थ्य बीमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि बाहिर जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो। कैलालीमा ११ स्थानीय तहमा कोरोना अस्पतालको स्थापना भएको छ भने सेती प्रादेशिक अस्पतालामा ५० शैयाको कोभिड विशेष अस्पतालको निर्माण भएको छ। १ हजार ५ सय ९१ महिला, ४ हजार ६ पुरुष गरी ५ हजार ५ सय ९७ जना कोरोना सङ्क्रमित भए। कोरोनाका कारण १२ महिला र २८ पुरुष गरी ४० जनाको मृत्यु भयो।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बलात्कार | ३ | ३ | १७ | ३३ |
| यौन दुर्व्यवहार | | १ | ७ | ८ |
| जम्मा | ३ | ३ | २५ | ३१ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | ४ | ४ |
| 'बोक्सी'को आरोपमा | | | २ | २ |
| बलात्कार | | ३ | ३३ | ३५ |
| बलात्कार प्रयास | | २ | ७ | ९ |
| बहुविवाह | | | ३ | ३ |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| घरेलु हिंसा | ७५ | | ५ | ८० |
| जम्मा | ७५ | ५ | ४४ | १२४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ६ | ७ |

# ७.९ कञ्चनपुर

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४,८४,८८५ |
| महिला | २,५८,३६५ |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | ३ |
| प्रदेशसभा निर्वाचन क्षेत्र | ६ |
| गरिबीको रेखामुनि रहेको सङ्ख्या | १,४०,३८१ |
| कामका लागि बाहिरिएका | ३८,३५८ |
| अपाङ्गता भएका | ५,०७२ |
| ५ वर्षमाथिको साक्षरता प्रतिशत | ७०.७ |
| आश्रित जनसङ्ख्या | २,०८,२२२ |

*यस वर्ष कञ्चनपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २१ जना महिला, सात जना पुरुषसहित २८ जना र राज्यपक्षबाट १४ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना र महिला अधिकार उल्लङ्घन घटनामा पाँच जना पीडित भए ।*

### बम विस्फोटबाट घाइते

महाकाली नपा–३ दोधाराका नौ वर्षीय बालक महेन्द्र नेपाली २०७७ वैशाख २५ गते छिमेकी गाउँ शान्ति टोलको पटेराघारीमा भेटिएको सकेट बम खेलाउने क्रममा विस्फोट हुँदा घाइते भए । घरनजिकै शान्तिटोलमा खेल्न गएका बालक महेन्द्रले नौलोवस्तु फेला पारेपछि समातेर ल्याउन खोज्दा विस्फोट भएर घाइते भएको महाकाली नगरपालिकाका प्रवक्ता दिलबहादुर सिञ्जालीले बताए । विस्फोटबाट बालकको दुवै हातमा चोट लाग्यो । घाइते बालकको उपचार वैशाख २५ गतेसेती प्रादेशिक अस्पताल, धनगढीमा भयो । जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी रवीन्द्रनाथ पौडेलले घटनाको बारेमा अनुसन्धान भइरहेको बताए ।

### गिरफ्तारी

*यस वर्ष कञ्चनपुरबाट प्रतिबन्धित नेकपाका सात जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये जिल्ला प्रशासन कार्यालयले तीन जनालाई जनही २ हजार रुपियाँ धरौटीमा, एक जनालाई १० हजार रुपियाँ धरौटीमा रिहा भए । साधारण तारिखमा दुई जना जनही २० हजार रुपियाँ धरौटी राखी तारिखमा रिहा भए ।*

भीमदत्त नपा–४ निवासी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट अनेरास्ववियुका जिल्ला सदस्य २५ वर्षीय भुवन विष्ट र भीमदत्त नपा–४ निवासी अखिल क्रान्तिकारी कञ्चनपुरका नेता २९ वर्षीय नरेन्द्र भाटलाई २०७७ वैशाख १३ गते कञ्चन विद्या मन्दिर सामुदायिक कलेजमा आफूखुसी राहत वितरण गरेको आरोपमा जिल्ला प्रहरी

कार्यालय कञ्चनपुरले गिरफ्तार गऱ्यो । एकद्वार प्रणालीमार्फत राहत वितरण गर्नुपर्ने नीतिको उल्लङ्घन गर्दै राहत वितरण गरेको आरोपमा गिरफ्तार गरिएका उनीहरू वैशाख १३ गते बिना सर्त रिहा गऱ्यो ।

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ७ | ७ | | | |
| कुटपिट | | ६ | ६ | १ | २ | ३ |
| घाइते | | | | | १ | १ |
| हत्या | | | | ७ | ४ | ११ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | १ | १ | | | |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | १ | | १ |
| | बलात्कार | | | ६ | | ६ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | ८ | | ८ |
| महिला अधिकार | बलात्कार | | | ३ | | ३ |
| | घरेलु हिंसा | | | २ | | २ |
| | जम्मा | | | ५ | | ५ |
| कूल जम्मा | | १४ | १४ | २१ | ७ | २८ |

## कुटपिट

### राज्यपक्षबाट

कृष्णपुर नगरपालिका–२ का १५ वर्षीय सुनिल चौधरीलाई ०७७ भदौ ४ गते नदीमा माछा मार्दै गर्दा अस्थायी प्रहरी पोष्ट वाणीमा कार्यरत प्रहरी जवान शिवर राज भट्टले कुटपिट गरे । सामान्य विवाद भएपछि शिवराज भट्टले कुटपिट गर्दा चौधरीको कानमा चोट लागेको थियो। कानमा चोट लागेका चौधरीको भदौ ४ गते धनगढीस्थित माया मेट्रो र सेती अस्पताल, धनगढीमा उपचार भयो । पीडित बालकको उपचारमा लागेको खर्च आरोपित जवान भट्टले व्यहोरेका थिए। पीडित बालकको अविभावकले कुनै उजुरी नदिएको अस्थायी प्रहरी पोष्ट वाणीका हवल्दार गोविन्दसिंह पुजाराले बताए।

### अन्यपक्षबाट

शुक्लाफाँटा नपा–११ का वडा अध्यक्ष दिलबहादुर बुढालाई २०७६ पुस २२ गते हातपात र कुटपिट गरिएको आरोपमा शुक्लाफाँटा नपा–११ का ५५ वर्षीय अग्नि विष्ट र उनका छोरा २८ वर्षीय लोकेन्द्र विष्टकाविरुद्ध पीडितले पुस २२ गते इलाका प्रहरी कार्यालय, झलारीमा उजुरी दिए। छाडा चौपाया व्यवस्थापनका क्रममा खर्च भएको रकम भुक्तानीका लागि नगरपालिका जानुस् भन्दा आफूलाई हातपात र कुटपिट गरिएको वडा अध्यक्ष बुढाले बताए। कुटपिटबाट कम्मरमा चोट लागेका अध्यक्ष बुढाको स्थानीय मेडिकलमा उपचार भयो । घटनाका आरोपितहरू दुवैलाई जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरले ०७७ असोज जनही ५ हजार रुपियाँ जरिवाना गरायो।

शुक्लाफाँटा नगरपालिका – ८ का वडाध्यक्ष ३४ वर्षीय बहादुरसिंह महरालाई ०७७ साउन ११ गते कुटपिट गरेको आरोपमा नेपाल तरुण दलका वडा सभापति ३२ वर्षीय नारद ठगुन्ना, २४ वर्षीय विनोद ठगुन्ना,१८ वर्षीय लोकेन्द्र ठगुन्ना, २४ वर्षीय वसन्त ठगुन्ना, २१ वर्षीय नवीन ठगुन्ना, ३० वर्षीय कमान ठगुन्ना र १८ वर्षीय आनन्द ठगुन्नालाई इलाका प्रहरी कार्यालय, झलारीले साउन १२ गते गिरफ्तार गऱ्यो । घाइते महराको उपचार ११ गते महाकाली अस्पतालमा भयो । नारद ठगुन्नाको नेतृत्वमा आएका युवाहरूले वडा कार्यालयमा तोडफोड गर्दै आफूमाथि आक्रमण गरेको अध्यक्ष महराले बताए । आरोपित सबैलाई जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरले जनही ५ हजार रुपियाँका दरले जरिवाना गराएको जिल्ला प्रशासन कार्यालयले जनायो।

## कारागार र बन्दी

९० जनाको क्षमता भएको कारागारमा कैदी र थुनुवा २ सय ८५ जना छन्। जसमा महिला २१ र पुरुष २ सय ६४ रहेका छन्। कारागारमा एक जना तीन वर्षका आश्रित बालक दुई जना दुई वर्षीया आश्रित बालिका रहेका छन् । कारागारको क्षमता महिला २० र पुरुष ७० हो। तर, पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा तीन गुणा बढी छ । कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका,

रेडियो, टेलिभिजन र पुस्तकालयको व्यवस्था गरिएको जेलर माया बस्नेत थापाले बताइन्।

सीपमूलक तालिमको व्यवस्था पनि रहेको छ। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि अहेव दरबन्दी रहेकोमा एक जना अहेवले सेवा प्रदान गरिरहेका छन् । ६० वर्ष नाघेका एक जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुखमाया बस्नेत थापाले बताइन्। कारागारमा कोभिड-१९ बाट १० जना सङ्क्रमित भए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### उच्च अदालत डोटीको अस्थायी इजलास, महेन्द्रनगर

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, दीपायल महेन्द्रनगर इजलासमा यस वर्षका लागि दुनियावादी देवानीका ४७ थान, दुनियावादी फौजदारीका सात थान, सरकारवादी फौजदारीका ११ थान र सुरू क्षेत्राधिकारबाट चार थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७६ पुस १७ देखि ०७७ पुस १५ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ १ सय ५७ थान उजुरी परे भने अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत १ सय २६ थान मुद्दा फैसला भए।

### जिल्ला अदालत

दुई जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ४३ थान मध्ये १ सय २९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ७१ थान मध्ये १ सय २१ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २० थान छन् भने देवानी मुद्दा ५१थान बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा ३ सय आधारभूत र २ सय ३ माबि छन्। १ हजार १ सय ९२ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष ४४ हजार ७ सय १२ बालक र ४६ हजार ६ सय ८० जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ६ बालिका र २ सय १९ बालक भर्ना भएका थिए। द्वन्द्वपीडित परिवारका ३४ जना बालबालिकाले छात्रवृत्ति पाए । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। यस वर्ष जिल्लाभर २१ हजार ६६ दलित बालकबालिका विद्यालय भर्ना भए। दलित विद्यार्थी मध्ये ११ हजार २७ छात्रा र १० हजार ३९ छात्र रहेका छन्। कोभिडका कारण विद्यालय लामो समयसम्म बन्द रहे।

*यस वर्ष बलात्कारका घटनामा ६ जना, यौन दुर्व्यवहारका घटनामा एक जना, मानव बेचबिखन तथा ओसार पसार घटनामा एक जना गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा बलात्कार घटनाका चार जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । एक जना आरोपितलाई जिल्ला अदालतले १ लाख ५० हजार रपियाँ धरौटीमा, तीन जनालाई ३० हजार रुपियाँ धरौटीमा, एक जनालाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो भने तीन जनालाई जल्ला अदाललते सफाइ दियो । एक जना आरोपितलाई जिल्ला अदालतले १ वर्ष ३ महिना कैद र १० हजार जरिबानाको फैसला सुनायो। यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले १२ दिन कैद, १० हजार जरिबाना र पीडितलाई १० हजार रुपियाँ क्षतिपूर्ति दिने आदेश दियो। मानव बेचबिखन तथा ओसारपसार घटनामा एक जना आरोपितलाई जिल्ला अदाललते पुर्पक्षका लागि थुनामा पठायो।*

### यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०७७ असोज १६ गते यौन दुर्व्यवहार गरेको आरोपमा लालझाडी गाउँपालिका-२ का ५५ वर्षीय चन्द्रकान्त लुहारविरुद्ध पीडित पक्षले असोज १७ गते जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा उजुरी दियो। आरोपितलाई इलाका प्रहरी कार्यालय, बेलौरीको टोलीले असोज १७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण असोज १७ गते महाकाली अस्पतालमा भयो । जिल्ला अदालत, कञ्चनपुरका न्यायाधीश शिवलाल पाण्डेयको असोज २८ गतेको इजलासले आरोपितलाई १२ दिन कैद, १० हजार जरिवाना र पीडितलाई १० हजार क्षतिपूर्ति दिने आदेश दियो।

### बलात्कार

११ वर्षीया बालिकालाई २०७७ साउन ८ गते बलात्कार गरेको आरोपमा ४० वर्षीय पुरुषविरुद्ध पीडितकी आमाले साउन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले साउन ८ गते गिरफ्तार गऱ्यो। पीडितको साउन ९ गते स्वास्थ्य परीक्षण महाकाली अस्पताल, महेन्द्रनगरमा भयो । आरोपितका विरुद्ध भदौ ७ गते जबरजस्तीकरणीमा मुद्दा दर्ता भएकोमा जिल्ला अदालतलका

न्यायाधीश शीवलाल पाण्डेयको ०७७ असोज ६ गतेको इजलासले आरोपितलाई १ वर्ष ३ महिना कैद र १० हजार जरिबानाको फैसला सुनायो ।

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ७३ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । यीमध्ये सेवा केन्द्रले १ सय २४ ओटा उजुरीमा मेलमिलाप गरायो भने १४ उजुरी कानुनी प्रकृयामा छन् । २८ उजुरीकर्ता सम्पर्कमा नआएको र सात ओटा उजुरीको निर्णय हुन बाँकी रह्यो । महिला तथा बालबालिका सेवा केन्द्रकी असइ हरिकला रामजालीले सामान्य विवादका घटना मात्र मेलमिलाप हुने र घटनाका पीडित र आरोपित पक्षले मेलमिलाप हुन सहमति भएर आए मात्र मेलमिलाप गरिने हरिकलाले बताइन् ।

*यस वर्ष घरेलु हिंसाका घटनामा दुई जना, बलात्कारका घटनामा तीन जनागरी पाँचजना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो । एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् । यस वर्ष चार जना महिलाको परिवाजनबाट हत्या भयो । हत्या आरोपित सबै जना पुर्पक्षका लागि थुनामा छन् ।*

#### 'बोक्सी'को आरोपमा हत्या

बेलौरी नपा–७ हात्तिबोझका ६२ वर्षीय घनश्याम खाती र उनकी पत्नी ५७ वर्षीया बालादेवी खातीलाई बोक्सीको आरोपमा साउन १६ गते राती बेलौरी नपा–७ का ५३ वर्षीय प्रकाश ऐरले ४ लाख रुपियाँ दिएर हत्या गर्न लगाएको आरोपमा उनलाई ०७७ साउन २० गते प्रहरीले गिरफ्तार गर्‍यो । हतियार प्रहारबाट बालादेवीको १६ गते घटनास्थलमा मृत्यु भएको र घनश्यामको उपचारका क्रममा सेती अञ्चल अस्पताल, धनगढीमा साउन १८ गते मृत्यु भएको थियो । ऐरबाट रकम लिएर खाती दम्पतीलाई हतियार प्रहार गरी हत्या गरेको आरोपमा बेलौरी नपा–७ का ३५ वर्षीय दिनेश राना, ५० वर्षीय रवि राना र कृष्णपुर नपा–२ बाणीका ३६ वर्षीय होरी रानालाई जिल्ला प्रहरी कार्यालयले साउन २० गते गाउँबाट गिरफ्तार गर्‍यो । मृतक दुवैको साउन १९ गते महाकाली अस्पतालमा पोष्टमार्टम भयो । आरोपित चारै जना विरुद्ध २०७७ भदौ १२ गते कर्तव्य ज्यान मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालत, कञ्चनपुरका न्यायाधीश गोपालप्रसाद बास्तोलाको इजलासले आरोपित चारै जनालाई २०७७ भदौ १६ गते पुर्पक्षको लागि थुनामा पठायो । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको सरकारी वकिल कार्यालयका सुब्बा रामप्रसाद रानाले बताए । पीडित परिवारले शवको जिम्मा लिएर भदौ १९ गते सद्गत गर्‍यो ।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

शुक्लाफाँटा नगरपालिका–७ को वडा कार्यालयमा अज्ञात समूहले साउन ७ गते राति आगजनी गर्‍यो । समूहले भ्यालको सिसा फुटाएर कार्यालय भित्र प्रवेश गरी कार्यालयमा आगजनी गरेको वडा सचिव महेश भट्टले बताए । आगजनीबाट ३ लाख रुपियाँ बराबरको क्षति भएको वडा सचिव महेश भट्टले बताए ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, १८ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, १४ नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा १७ जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ । १९ जना स्टाफ नर्सको दरबन्दी रहेको छ । २३ हजार जनाले बिमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिक लागि निःशुल्क बिमा कार्यक्रममा लागु गरिएको छ । यो वर्षको अन्त्यसम्म जिल्लामा कोभिड संक्रमितको संख्या १ हजार ६ सय १० जना भएकोमा १३ जनाको मृत्यु भयो ।

## सन् २०२० मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ५ | ६ |
| यौन दुर्व्यवहार | १ | | १ |
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| जम्मा | २ | ६ | ८ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | ३ | ३ |
| घरेलु हिंसा | २ | | २ |
| जम्मा | २ | ३ | ५ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ८ | ९ |

# मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०२० २

परिशिष्ट १

## नेपाल– घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट | | | मानव अधिकार ज्यादती अन्यपक्षबाट | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | तेस्रो लिङ्गी | महिला | पुरुष | नखुलेको | जम्मा | |
| **घाइते** | | | | | | | | | |
| बम विष्फोटबाट | | | | | | ६ | | ६ | ६ |
| दोहोरो झडपमा घाइते | ३ | १ | ४ | | १३ | ५६ | | ६८ | ७२ |
| एसिड छर्केर | | | | | ४ | | | ४ | ४ |
| गोली लागेर | | १९ | १९ | | | २३ | | २३ | ४२ |
| धारिलो हतियारबाट | | | | | ५ | २१ | | २६ | २६ |
| **जम्मा** | ३ | २० | २३ | | २१ | १०६ | | १२७ | १५० |
| **बाल अधिकार** | | | | | | | | | |
| बालश्रम | | | | | ५ | ३ | | ८ | ८ |
| बेचबिखन तथा ओसारपसार | | | | | ३४ | | | ३४ | ३४ |
| हत्याको प्रयास | | | | | | १ | | १ | १ |
| बालविवाह | | | | | ४० | ३ | | ४३ | ४३ |
| बलात्कार | | | | | ९८९ | | | ९८९ | ९८९ |
| विद्यालयमा शारीरिक सजाय | | | | | ३ | १६ | | १९ | १९ |
| नवजात शिशुको हत्या | | | | | ४ | ७ | | ११ | ११ |
| यौन दुर्व्यवहार | | | | | ३३५ | २१ | | ३५६ | ३५६ |
| **जम्मा** | | | | | १४१० | ५१ | | १४६१ | १४६१ |
| **अमानवीय व्यवहार** | | | | | | | | | |
| 'बोक्सो'को आरोप | | | | | | १ | | १ | १ |
| अन्य | २ | ५ | ७ | | १ | १० | | ११ | १८ |
| अनुहारमा मोसो दलेको | | | | | १ | ४ | | ५ | ५ |
| जुत्ताको माला लगाएको | | | | | | १ | | १ | १ |
| **जम्मा** | २ | ५ | ७ | | २ | १६ | | १८ | २५ |
| **आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार** | | | | | | | | | |
| आफ्नो सम्पत्तिको अधिकार | | ११ | ११ | | | | १ | १ | १२ |
| ज्यालामा भेदभाव | | | | | १ | | | १ | १ |
| जागिरबाट निष्काशन | | | | | २ | | | २ | २ |
| ज्यालाबाट वञ्चित | | | | | | २ | | २ | २ |
| **जम्मा** | | ११ | ११ | | ३ | २ | १ | ६ | १७ |
| **अपहरण** | | | | | | | | | |
| **जम्मा** | | | | | ९ | ८ | | १७ | १७ |

| घटनाको प्रकार | मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट | | | मानव अधिकार ज्यादती अन्यपक्षबाट | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | तेस्रो लिङ्गी | महिला | पुरुष | नखुलेको | जम्मा | |
| **महिला अधिकार** | | | | | | | | | |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | | | ३२ | | | ३२ | ३२ |
| बेचबिखन तथा ओसारपसार | | | | | २५ | | | २५ | २५ |
| 'बोक्सी'को आरोप | | | | | ५८ | | | ५८ | ५८ |
| बलात्कार | | | | | ६४८ | | | ६४८ | ६४८ |
| बलात्कार प्रयास | | | | | १५२ | | | १५२ | १५२ |
| बहुविवाह | | | | | २८२ | | | २८२ | २८२ |
| घरेलु हिंसा | | | | | १३४६ | | | १३४६ | १३४६ |
| यौन दुर्व्यवहार | | | | | ६२ | | | ६२ | ६२ |
| प्रसूति सेवा | १ | | १ | | | | | | १ |
| **जम्मा** | १ | | १ | | २६०५ | | | २६०५ | २६०६ |
| **अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार** | | | | | | | | | |
| **जम्मा** | १० | ८४ | ९४ | | | | | | ९४ |
| **सबै प्रकारका जातीय विभेद** | | | | | | | | | |
| **जम्मा** | | | | | ३३ | ३५ | | ४८ | ४८ |
| **गिरफ्तारी** | | | | | | | | | |
| **जम्मा** | ३१ | ३३९ | ३६० | | | | | | ३६० |
| **हिरासत वा थुनामा मृत्यु** | | | | | | | | | |
| **जम्मा** | १ | ५ | ६ | | | | | | ६ |
| **यातना** | | | | | | | | | |
| **जम्मा** | | ९ | ९ | | | | | | ९ |
| **कुटपिट** | | | | | | | | | |
| **जम्मा** | ९ | ८४ | ९३ | | ३९ | १८८ | | ३३६ | ३३० |
| **धम्की** | | | | | | | | | |
| जम्मा | | ९ | ९ | | १ | १५ | | १६ | ३५ |
| **कारागारमा मृत्यु** | | | | | | | | | |
| जम्मा | १ | ४४ | ४५ | | | | | | ४५ |

| घटनाको प्रकार | मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट | | | मानव अधिकार ज्यादती अन्यपक्षबाट | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | तेस्रो लिङ्गी | महिला | पुरुष | नखुलेको | जम्मा | |
| **हत्या** | | | | | | | | | |
| घाँटी रेटेर | | | | | | २ | | २ | २ |
| घाँटी थिचेर | | | | | | १ | | १ | १ |
| घाँटी काटेर | | | | | ५ | ३ | | ८ | ८ |
| ढुङ्गाले किचेर | | | | | १ | ३ | | ३ | ३ |
| बलात्कारपछि | | | | १ | ९ | ३ | | १३ | १३ |
| आगो लगाएर | | | | | ५ | | | ५ | ५ |
| बम विस्फोटबाट | | | | | १ | ४ | | ५ | ५ |
| झुण्ड्याएर | | | | | ६ | | | ६ | ६ |
| विष खुवाएर | | | | | २ | १ | | ३ | ३ |
| लाठी प्रहारबाट | | | | | १ | १ | | २ | २ |
| कुटपिट गरी | २ | २ | | | ८६ | १०५ | | १९१ | १९३ |
| गोली हानी | ४ | ४ | | | २ | ३ | | ५ | ९ |
| यातना दिएर | १ | १ | | | | | | | १ |
| धारिलो हतियार प्रहारबाट | | | | | ३८ | ५२ | | ८९ | ८९ |
| भिर वा डाँडाबाट खसालेर | | | | | १ | १ | | २ | २ |
| घन प्रहारबाट | | | | | २ | ८ | | १० | १० |
| **जम्मा** | | ८ | ८ | १ | १५८ | १८४ | | ३४३ | ३५० |
| **कूल जम्मा** | ५८ | ६१८ | ६८५ | १ | ४२८१ | ५९५ | १ | ४८६८ | ५५४३ |

## परिशिष्ट २

# पेसागत आधारमा पीडित सङ्ख्या

| पेसा | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | तेस्रो लिङ्गी | महिला | पुरुष | नखुलेको | जम्मा |
| राजनीतिक कार्यकर्ता | ३३ | ३५१ | ३८४ | | १ | ५१ | | ५२ |
| सामाजिक कार्यकर्ता | | ८ | ८ | १ | २ | ३ | | ६ |
| स्वास्थ्यकर्मी | | ३ | ३ | | ३० | १६ | | ३६ |
| प्रहरी | | १ | १ | | २ | ४५ | | ४८ |
| कलाकार | | १ | १ | | | | | |
| पण्डित | | | | | | ३ | | ३ |
| मजदुर | | ३३ | ३३ | | १३६ | ३८ | | १६४ |
| नाबालक | | | | | ४२ | ११ | | ५३ |
| बन्दी | १ | ४२ | ४३ | | | | | |
| जागिरे/कर्मचारी | २ | ५ | ८ | | १८ | ३४ | | ५१ |
| पत्रकार | २ | १८ | १९ | | ५ | २५ | | ३० |
| विद्यार्थी | ४ | ६१ | ६५ | | १४६९ | १०५ | | १५८४ |
| शिक्षक | | १ | १ | | ८ | १५ | | २३ |
| इन्जिनियर | | | | | | २ | | २ |
| उद्योग व्यवसायी | | ३४ | ३४ | | ३४ | १४ | | ४८ |
| कृषक | १० | ८२ | ९२ | | १२५४ | ३३१ | | १४८५ |
| भारतीय नागरिक | | ४ | ४ | | | | | |
| गृहिणी | ६ | | ६ | | १३४५ | | | १३४५ |
| नखुलेको | | ५ | ५ | | ४६ | १३ | १ | ५९ |
| जम्मा | ५८ | ६१८ | ६८५ | १ | ४२८१ | ५९५ | १ | ४८६८ |

## परिशिष्ट ३ प्रदेश १ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ४ | १७ | २१ |
| बाल अधिकार | | | | २८८ | ११ | २९९ |
| गिरफ्तारी | ४ | २७ | ३१ | | | |
| अपहरण | | | | १ | | १ |
| महिला अधिकार | १ | | १ | ३३४ | | ३३४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | १ | १ |
| सबै प्रकारका जातीय विभेद | | | | ५ | ४ | ९ |
| हत्या | | १ | १ | ३९ | ४२ | ८१ |
| कारागारमा मृत्यु | | १ | १ | | | |
| कुटपिट | | १४ | १४ | ७ | २१ | २८ |
| धम्की | | | | | १ | १ |
| जम्मा | ५ | ४३ | ४८ | ६६८ | ९७ | ७६५ |

## परिशिष्ट ४ प्रदेश २ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ३ | १० | १३ | १३ | ८१ | ९४ |
| बाल अधिकार | | | | ३३६ | १० | ३४६ |
| अमानवीय व्यवहार | १ | १ | २ | | ३ | ३ |
| अपहरण | | | | १ | २ | ३ |
| महिला अधिकार | | | | ३३३ | | ३३३ |
| हिरासत वा थुनामा मृत्यु | १ | १ | २ | | | |
| यातना | | १ | १ | | | |
| धम्की | | १ | १ | | ५ | ५ |
| गिरफ्तारी | ३ | ११ | १४ | | | |
| कुटपिट | १ | ३३ | ३३ | १० | ५३ | ६३ |
| हत्या | | ४ | ४ | ३८ | ४४ | ८२ |
| जम्मा | ९ | ५१ | ६० | ५३० | १९८ | ७१८ |

## परिशिष्ट ५ बागमती प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | तेस्रो लिङ्गी | महिला | पुरुष | जम्मा |
| घाइते | | २ | २ | | ३ | ४ | ७ |
| बाल अधिकार | | | | | ३३० | १० | ३४० |
| अमानवीय व्यवहार | | २ | २ | | १ | ४ | ५ |
| अपहरण | | | | | ३ | २ | ५ |
| महिला अधिकार | | | | | ४१९ | | ४१९ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ६ | ५० | ५६ | | | | |
| कारागारमा मृत्यु | १ | ३५ | ३६ | | | | |
| जातीय विभेद | | | | | १ | ३ | ४ |
| गिरफ्तारी | १० | ९६ | १०६ | | | | |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | ११ | ११ | | | | |
| यातना | | ४ | ४ | | | | |
| कुटपिट | २ | १५ | १७ | | ३ | २० | २३ |
| धम्की | | ३ | ३ | | | ३ | ३ |
| हत्या | | १ | १ | १ | २२ | २५ | ४८ |
| जम्मा | १९ | २१९ | २३८ | १ | ७८२ | ७१ | ८५४ |

## परिशिष्ट ६ गण्डकी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ | | | |
| बाल अधिकार | | | | ११५ | ६ | १२१ |
| अमानवीय व्यवहार | | २ | २ | | ४ | ४ |
| अपहरण | | | | १ | २ | ३ |
| महिला अधिकार | | | | २२५ | | २२५ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ३ | २३ | २६ | | | |
| जातीय विभेद | | | | | १ | १ |
| गिरफ्तारी | ३ | ५८ | ६१ | | | |
| कुटपिट | | २ | २ | २ | ८ | १० |
| धम्की | | | | | १ | १ |
| हत्या | | | | १० | १० | २० |
| जम्मा | ६ | ८६ | ९२ | ३५३ | ३२ | ३८५ |

## परिशिष्ट ७ लुम्बिनी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| घाइते | | | | १ | | | १ |
| बाल अधिकार | | | | ३७३ | ७ | | ३८० |
| अमानवीय व्यवहार | | | | १ | ३ | | ३ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | ३ | | १ | ३ |
| अपहरण | | | | ३ | १ | | ४ |
| महिला अधिकार | | | | ८८४ | | | ८८४ |
| कारागारमा मृत्यु | | ५ | ५ | | | | |
| जातीय विभेद | | | | ११ | ५ | | १६ |
| गिरफ्तारी | ६ | ८५ | ९१ | | | | |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | ५ | ५ | | | | |
| यातना | | ३ | ३ | | | | |
| कुटपिट | ३ | १६ | १९ | ३ | १७ | | १९ |
| धम्की | | ३ | ३ | १ | ३ | | ४ |
| हिरासत वा थुनामा मृत्यु | | ३ | ३ | | | | |
| हत्या | | | | ३३ | १९ | | ४१ |
| जम्मा | ९ | ११८ | १३७ | १३०० | ५४ | १ | १३५५ |

## परिशिष्ट ८ कर्णाली प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ७ | ७ | | १ | १ |
| बाल अधिकार | | | | ८७ | ६ | ९३ |
| अमानवीय व्यवहार | १ | | १ | | ३ | ३ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | | १ |
| महिला अधिकार | | | | ३३० | | ३३० |
| अपहरण | | | | | १ | १ |
| जातीय विभेद | | | | ५ | ६ | ११ |
| गिरफ्तारी | ३ | ३५ | ३७ | | | |
| यातना | | १ | १ | | | |
| कुटपिट | ३ | ९ | १३ | १३ | ५१ | ६३ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | ५ | ६ | | | |
| धम्की | | ३ | ३ | | ३ | ३ |
| हत्या | | १ | १ | ७ | ३४ | ३१ |
| जम्मा | ७ | ५१ | ५८ | ३३३ | ९४ | ४३६ |

## परिशिष्ट ९ सुदूरपश्चिम प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | | ३ | ३ |
| बाल अधिकार | | | | ८१ | १ | ८२ |
| गिरफ्तारी | ३ | ३७ | ४० | | | |
| हिरासत वा थुनामा मृत्यु | | २ | २ | | | |
| महिला अधिकार | | | | ३११ | | ३११ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | १ | १ |
| जातीय विभेद | | | | १ | ६ | ७ |
| हत्या | | | | २० | २० | ४० |
| कारागारमा मृत्यु | | ३ | ३ | | | |
| कुटपिट | | ६ | ६ | ३ | १८ | २१ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | १ | १ | | | |
| जम्मा | ३ | ४९ | ५२ | ४१६ | ४९ | ४६५ |

## परिशिष्ट १० भौतिक संरचनामा क्षति

| घटनाको प्रकार | जम्मा |
|---|---|
| स्वास्थ्य केन्द्र | ३ |
| सरकारी सवारी साधानहरू | ३ |
| सरकारी कार्यालयहरू | ११ |
| एम्बुलेन्स | २ |
| दूरसञ्चार टावर | २१ |
| निजी सवारीसाधन | ३० |
| निजी घर | ४ |
| जलविद्युत आयोजना | १ |
| क्याम्पस | ४ |
| प्रहरी चौकी | १ |
| विद्यालय | ६ |
| जम्मा | ८६ |

## परिशिष्ट ११ पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

| घटनाको प्रकार | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अपहरण | ३ | १ | १ | १ | | | | २ | १ | ५ | २ | १ | १७ |
| गिरफ्तारी | ५० | ८० | ३९ | १३ | ७ | ३६ | २३ | २४ | ४ | १३ | ५९ | २२ | ३७० |
| कुटपिट | १२ | २२ | ४२ | ४१ | ७५ | ३० | १५ | २१ | १३ | २१ | १५ | १३ | ३२० |
| बाल अधिकार | १२१ | १२४ | ९९ | ८० | १०७ | ९१ | १२५ | १०१ | १३४ | १५२ | १८२ | १४५ | १४६१ |
| हिरासत वा थुनामा मृत्यु | | | | १ | | १ | | १ | १ | १ | १ | | ६ |
| कारागारमा मृत्यु | २ | ३ | १ | १ | ३ | ४ | २ | ७ | ७ | ३ | ६ | ६ | ४५ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | ३ | १ | | २ | | | ११ | | | | | | १७ |
| अमानवीय व्यवहार | ३ | | | ३ | २ | २ | ३ | ३ | | १ | ३ | ५ | २५ |
| घाइते | १० | ५ | २ | २२ | १ | ५७ | ३ | २ | २१ | १४ | ८ | ५ | १५० |
| हत्या | २७ | २५ | २० | २६ | ३७ | १७ | २५ | २३ | २९ | ४७ | ४४ | ३० | ३५० |
| जातीय विभेद | | २ | ३ | ६ | ४ | ८ | ३ | ४ | २ | ४ | ७ | ५ | ४८ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | २३ | १ | | | | १३ | | २५ | | ११ | २१ | ९४ |
| धम्की | ३ | २ | १ | ३ | ५ | २ | २ | १ | | | २ | ४ | २५ |
| यातना | १ | | २ | | | | ४ | १ | | | १ | | ९ |
| महिला अधिकार | २४६ | २६५ | १७९ | ८० | १३४ | १३८ | १९२ | १८८ | १९२ | ३४७ | ३८३ | २६२ | २६०६ |
| जम्मा | ४८१ | ५५३ | ३९० | २७९ | ३७५ | ३८६ | ४३१ | ३७८ | ४३९ | ६०८ | ७३४ | ५१९ | ५५४३ |

## परिशिष्ट १२ जातजातिका आधारमा पीडित सङ्ख्या

| जातजाति | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | तेस्रो लिङ्गी | महिला | पुरुष | नखुलेको | जम्मा |
| सन्यासी | | ३ | ३ | | ४० | १ | | ४१ |
| ब्राम्हण | १० | ११९ | १२९ | | ४०८ | ७३ | | ४८१ |
| बनिया | | | | | १३ | ४ | | १६ |
| दलित | ८ | ९६ | १०४ | | १०५६ | ११३ | | ११६८ |
| आदिवासी | | १६ | १६ | | ५१ | ७ | | ५८ |
| मण्डल | | १० | १० | | ६३ | १३ | | ७५ |
| क्षेत्री | ३० | १५६ | १८६ | | ८३० | १३८ | | ९४८ |
| जनजाति | ३० | १८५ | १९५ | १ | १३३३ | १३९ | | १४६३ |
| मुस्लिम | | ७ | ७ | | १८० | ३१ | | ३११ |
| कोइरी | | ३ | ३ | | ३३ | ६ | | ३९ |
| तेली | | १३ | १३ | | ८६ | ३७ | | १३३ |
| यादव | | १६ | १६ | | १३८ | ४४ | | १८३ |
| नखुलेको | | ४ | ४ | | ७३ | १० | १ | ८४ |
| जम्मा | ५८ | ६१७ | ६७५ | १ | ४३७१ | ५९५ | १ | ४८६८ |

## परिशिष्ट १३ ६० वर्ष माथिका पीडितहरूको सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ३ | | ३ | १ | ६ | ७ |
| अपहरण | | | | | १ | १ |
| गिरफ्तारी | | १४ | १४ | | | |
| कुटपिट | ३ | ७ | ९ | ५ | १३ | १७ |
| महिला अधिकार | | | | ७९ | | ७९ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | १ | १ | | | |
| जातीय विभेद | | | | १ | १ | ३ |
| हत्या | | | | ३३ | ३० | ५३ |
| कारागारमा मृत्यु | १ | ३६ | ३७ | | | |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| जम्मा | ५ | ४८ | ५३ | १०९ | ५१ | १६० |

परिशिष्ट १४

# सन् २०२० मा जेलमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

| प्रदेश | क्रसं | जिल्ला | कारागारको क्षमता | जेलमा रहेकाहरूको सङ्ख्या | | | आश्रित बालबालिका |
|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला | |
| १ | १ | ताप्लेजुङ | ३५ | १३८ | १३८ | | |
| | २ | सङ्खुवासभा | ३५ | १३९ | १३८ | ११ | १ |
| | ३ | सोलुखुम्बु | ३५ | ८६ | ८१ | ५ | |
| | ४ | ओखलढुङ्गा | ३५ | ७८ | ७३ | ५ | |
| | ५ | खोटाङ | ९९ | १४७ | १४३ | ४ | |
| | ६ | भोजपुर | ४० | १०५ | ९४ | ११ | |
| | ७ | धनकुटा | ३५ | ७३ | ६६ | ७ | ३ |
| | ८ | तेह्थुम | ३५ | ८१ | ७८ | ३ | |
| | ९ | पाँचथर | ३५ | १६६ | १५० | १६ | |
| | १० | इलाम | १३५ | १८० | १६३ | १७ | |
| | ११ | झापा | ४०० | १०९५ | १०४५ | ५० | ३ |
| | १२ | मोरङ | ३०० | ९१९ | ८३२ | ८७ | ३ |
| | १३ | सुनसरी | १६०० | १७३४ | १७३४ | | |
| | १४ | उदयपुर | ५० | १४० | १३२ | ८ | ३ |
| २ | १ | सप्तरी | १३५ | ३७० | ३५३ | १७ | १ |
| | २ | सिरहा | १५० | ६१३ | ५९२ | २१ | २ |
| | ३ | महोत्तरी | १३५ | ५३८ | ४८५ | ४३ | ४ |
| | ४ | रौतहट | १२० | ३६८ | ३४९ | १९ | |
| | ५ | पर्सा | १००० | १२६५ | ११९० | ७५ | ५ |
| बागमती | १ | दोलखा | १७ | १५४ | १५४ | | |
| | २ | सिन्धुपाल्चोक | ७ | १२४ | १२४ | | |
| | ३ | रसुवा | ३५ | १२४ | ११९ | ५ | |
| | ४ | धादिङ | १५० | ३३० | ३२२ | ८ | १ |
| | ५ | नुवाकोट | ७० | १५४ | १३८ | १६ | |
| | ६ | काठमाडौँ (जगन्नाथदेवल) | १५०० | ३१४२ | २७७२ | ३७३ | ११ |
| | ७ | काठमाडौँ (डिल्लीबजार) | २०० | ५१७ | ५१७ | | |
| | ८ | ललितपुर | ६०० | १६५२ | १६५२ | | |
| | ९ | काभ्रेपलाञ्चोक | ७५ | २३९ | २३९ | | |
| | १० | रामेछाप | १०० | ३६४ | ३४२ | २२ | |
| | ११ | सिन्धुली | ५० | ३९७ | ३९७ | | |
| | १२ | मकवानपुर | १२०० | ९२३ | ९२३ | | |
| | १३ | चितवन | २५५ | ६९६ | ६३५ | ६१ | २ |
| गण्डकी | १ | गोरखा | ५५ | ११६ | १०७ | ९ | |
| | २ | मनाङ | ३५ | ७ | ७ | | |
| | ३ | मुस्ताङ | ३५ | ११ | ११ | | |
| | ४ | म्याग्दी | ३२ | १३५ | ११५ | १० | |
| | ५ | कास्की | ४२० | ९१६ | ८६२ | ७० | ६ |

| प्रदेश | क्र.सं. | जिल्ला | जेलको क्षमता | जेलमा रहेकाहरूको सङ्ख्या | | | बालिका |
|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला | |
| गण्डकी | ६ | लमजुङ | ३५ | ८५ | ७६ | ९ | |
| | ७ | तनहुँ | १०५ | २६९ | २६९ | | |
| | ८ | स्याङ्जा | ५० | १४८ | १३८ | १० | |
| | ९ | पर्वत | ३५ | ९४ | ९४ | | |
| | १० | बागलुङ | ३५ | १३९ | १२४ | १५ | |
| लुम्बिनी | १ | रोल्पा | ५० | ९० | ८० | १० | |
| | २ | प्यूठान | ३५ | ७५ | ६५ | १० | २ |
| | ३ | गुल्मी | ३५ | ८५ | ७८ | ७ | २ |
| | ४ | अर्घाखाँची | ३५ | ६४ | ४९ | १५ | |
| | ५ | पाल्पा | ३०० | २६९ | २१९ | ५० | |
| | ६ | नवलपरासी (पश्चिम) | १७५ | ४५५ | ३८९ | ६६ | २ |
| | ७ | रुपन्देही | १५० | ४३८ | ४३८ | | |
| | ८ | कपिलवस्तु | २५२ | ३९७ | ३९७ | | |
| | ९ | दाङ (घोराही) | ७० | २७४ | २७४ | | |
| | १० | दाङ (तुलसीपुर) | ३२० | ४३८ | ४०८ | ३० | ४ |
| | ११ | बाँके | ३०० | ७८७ | ७८७ | | |
| | १२ | बर्दिया | १२५ | ३१३ | २८० | ३३ | २ |
| कर्णाली | १ | डोल्पा | १०० | ३४ | २४ | १० | |
| | २ | मुगु | १६ | १६ | १५ | १ | |
| | ३ | जुम्ला | २०० | ११२ | १०९ | ३ | |
| | ४ | कालिकोट | २५ | ४१ | ५५ | ७ | २ |
| | ५ | दैलेख | १०० | १८५ | १४२ | ४३ | |
| | ६ | जाजरकोट | २५ | ५८ | ५८ | | |
| | ७ | रुकुम (पश्चिम) | २५ | १४७ | १३५ | १२ | २ |
| | ८ | सल्यान | ३५ | १५८ | १३३ | २५ | ५ |
| | ९ | सुर्खेत | १०० | २८५ | २६३ | २२ | २ |
| सुदूरपश्चिम | १ | बाजुरा | २५ | ५३ | ५३ | | |
| | २ | बझाङ | २४ | ६४ | ६४ | | |
| | ३ | दार्चुला | ४० | ५६ | ५३ | ३ | |
| | ४ | बैतडी | २५ | ७२ | ७२ | | |
| | ५ | डडेलधुरा | १२५ | ८५ | ७३ | ११ | १ |
| | ६ | डोटी | ३० | ५९ | ५९ | | |
| | ७ | अछाम | ७५ | ९३ | ७३ | २० | ४ |
| | ८ | कैलाली | १५० | ५४० | ५०६ | ३४ | २ |
| | ९ | कञ्चनपुर | ९० | ३८५ | ३६४ | २१ | ३ |
| जम्मा | | | १२४३७ | २५१२० | २३५७८ | १४४० | ७७ |

**सन् २०२० मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या**

| प्रदेश | जिल्ला | बालक | बालिका |
|---|---|---|---|
| १ | मोरङ | १८४ | |
| २ | पर्सा | ६४ | |
| बागमती | मकवानपुर | ५२ | |
| | भक्तपुर | ६२ | २७ |

**सन् २०२० मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या**

| प्रदेश | जिल्ला | बालक | बालिका |
|---|---|---|---|
| गण्डकी | कास्की | ८९ | |
| लुम्बिनी | रुपन्देही | ७९ | |
| | बाँके | ७५ | |
| सुदूरपश्चिम | डोटी | ४५ | |
| जम्मा | | ७५० | २७ |

अनुसूची ३

# सन् २०२० को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

## नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

**१. पृष्ठभूमि**

सन् २०२० को अवधि मुलुकका लागि निक्कै असहज रहयो। विश्वव्यापी महामारीका रूपमा रहेको कोभिड–१९ को असरले मुलुकका सबै क्षेत्र आक्रान्त बन्न पुग्यो। कुनै पूर्वतयारी बिना अकस्मात झेल्नुपरेको यस समस्याले विश्वका शक्तिशाली मुलुकहरू समेत अस्तव्यस्त बने । हाम्रो मुलुकले पनि यस कठिन अवस्थाको सामना गर्नु पऱ्यो । यसखाले सङ्कटपूर्ण बेलामा जनताको मानव अधिकारको रक्षा गर्नु राज्यको अगाडि ठूलो चुनौती बन्यो । यसर्थ कोभिड प्रकोपमा जनताले भोग्नु परेको अप्ठ्यारा र त्यसलाई सहजीकरण गर्न राज्यले खेलेको भूमिकाका आधारमा यस वर्षको मानव अधिकार मापनीय हुने देखिन्छ । यस सिलसिलामा प्रत्यक्ष मानव अधिकारसँग जोडिने स्वास्थ्य, शिक्षा, खाद्यान्न, रोजगारी र सुरक्षाजस्ता कुराहरू सहज गराई जनताको मानव अधिकारको रक्षा गर्न नेकपाको सरकारले खेलेको भूमिका, मानव अधिकारको अवस्था र अन्य क्षेत्र समेतको यहाँ चर्चा गरिन्छ।

**२. कोभिडको सन्दर्भ र मुलुकको मानवअधिकार**

कोभिडको असरलाई नियन्त्रण गर्न चैत ११, २०७६ बाट ६ महिना लामो लकडाउन मुलुकले व्यहोर्न पुग्यो। उक्त समयमा सार्वजनिक यातायात, हवाइ सेवा, अत्यावश्यक बाहेकका सेवा, व्यापार व्यवसाय लगभग बन्द रहे । यो अवधिलाई व्यवस्थित गर्न नेकपाको सरकारले कोरोना नियन्त्रणसम्बन्धी उच्चस्तरीय समिति बनाउने, प्रदेश, जिल्ला तथा स्थानीय तहमा उपयुक्त संरचनाहरू निर्माण गऱ्यो।

नेकपाको सरकारले गृहमन्त्रालय मार्फत बन्दाबन्दी व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड २०७७ जारी गरी लागु गऱ्यो । साथै अनौपचारिक क्षेत्रलाई व्यवस्थित गर्न राहत मापदण्ड तयार गरी कार्यान्वयन गऱ्यो । नेकपाको सरकारले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत कोभिड–१९ सङ्क्रमण व्यवस्थापनको लागि स्थानीय तहले गरेका हरेक क्रियाकलापहरूको सङ्घीय इकाइहरूबीच प्रतिवेदन प्रणालीमा सहजता ल्याउन सङ्कट व्यवस्थापन सूचना प्रणाली (CMIS) तजुर्मा गरी कार्यान्वयनमा ल्यायो।

**३. स्वास्थ्यको अधिकार**

मुलुकमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था सामान्य रहयो। चैत्र ११ गते देखि शुरु भएको विश्वव्यापी कोभिड– १९ को महामारीको प्रभावबाट नागरिकहरूलाई सुरक्षित राख्न मुलुकभर लकडाउन गरियो । लकडाउनका कारण केही दिन नागरिकहरू घर घरमा बसेका भए पनि अस्तव्यस्तता सिर्जना भयो। लकडाउन पश्चात यातायात, हवाइ सेवा, अत्यावश्यक स्वास्थ्य सेवा र आपूर्ति बाहेकका प्रायःजसो सबै सेवाहरू बन्द रहे।

यस अवधिमा सरकारले हरेक स्थानीय तहहरूमा क्वारेन्टाइनको व्यवस्था गऱ्यो भने नवआगन्तुकलाई चौध दिनसम्म क्वारेन्टाइनमा राख्ने प्रबन्ध गरेको थियो। मुलुकभर कोभिड अस्पतालको व्यवस्था गर्ने, सङ्क्रमितहरूलाई ट्रेसिङ गर्ने, पीसीआर परीक्षणको दायरा बढाउने जस्ता कार्यहरू यस अवधिमा भए। सरकारले कोभिडको उपचार निःशुल्क गराउने कार्यका साथै कोरोना बिमा गराउने काम समेत गऱ्यो। लकडाउन खुलेपश्चात् मानिसहरूको आवागमन बढ्न गयो र महामारीको असर पनि बढ्यो। यसपछि कोरोना सङ्क्रमितको संख्यामा वृद्धि हुन गयो । साथै मृत्यु हुनेको सङ्ख्यामा पनि वृद्धि भयो । पीसीआर परीक्षणको दायरा क्रमशः बढ्दै जानु तथा परीक्षण गर्ने स्थानहरू बढाउँदै जानुले समुदायस्तरमा पनि महामारी नियन्त्रणभन्दा बाहिर जान पाएन।

यसबिचमा नेकपाको सरकारले स्वास्थ्यसम्बन्धी पूर्वाधारहरूलाई बलियो बनाउनुपर्दछ भन्ने मान्यता बमोजिम हरेक स्थानीय तहमा पाँचदेखि पन्ध्र शैयासम्मका २ सय ९ वटा अस्पतालहरूको एकै दिन शिलान्यास गऱ्यो। स्वास्थ्य सेवाको पहुँच कम

भएका सबै स्थानीय तहमा अस्पताल बनाउने लक्ष्यलाई यो शिलान्यासले सहयोग गरेको छ।

### ४. खाद्य तथा भूमिसम्बन्धी अधिकार

नेपालमा खाद्य र पोषण सुरक्षाको स्थिति सरकारी तथ्याङ्कमा हेर्दा ७७ जिल्लामध्ये ३५ जिल्लाहरू खाद्य असुरक्षित जिल्लाका रूपमा रहेका छन् भने १३ प्रतिशत जनसङ्ख्या (३५ लाख) मध्यमदेखि अति खाद्य असुरक्षित जनसङ्ख्या रहेको देखिएको छ । खाद्य तथा पोषण सुरक्षाका लागि नेकपाको सरकारले मुख्य प्राथमिकता दिई खाद्य उत्पादन बढाउन, मुलुकमा प्रयोगमा नआएको भूमिको उपयोग गर्न, भूउपयोग योजनाहरू निर्माण गर्ने कार्य गरिरहेको छ । मुलुक संकटमा भएको अवस्थाका बाबजुद नेकपाको घोषणा पत्रमा भए बमोजिम भूमिहीन परिवारलाई जग्गा उपलब्ध गराउन उच्चस्तरीय आयोग बनाएर काम गरिरहेको छ । उक्त आयोगको विस्तार हरेक जिल्लामा गर्ने र भूमिसम्बन्धी समस्या समाधान गर्न नेकपाको सरकारले महत्वका साथ काम गरिरहेको छ।

### ५. शिक्षाको अधिकार

महामारीका कारण शैक्षिक संस्थाहरू बन्द रहे। नियमित सञ्चालन हुँदै आएको एसईई परीक्षा सुरु हुने अघिल्लो दिन स्थगित भयो । भिडभाड हुने र सङ्क्रमणको जोखिम कम गर्न मार्च २३ देखि सन् २०२० भरी नै विद्यालयहरूमा विद्यार्थीको उपस्थिति रहेन। विश्वविद्यालयहरू र विद्यालयहरूले अनलाइन माध्यमबाट पठनपाठन शुरु गरे। जोखिमको अवस्थामा समेत शैक्षिक गतिविधिहरूलाई वैकल्पिक माध्यमबाट सञ्चालन गर्न नेकपाको सरकारले आवश्यक प्रयास गरिरहयो।

### ६. आवागमनको अधिकार

लकडाउनको अवधिमा यातायात सुचारु हुन सकेनन् । कामका लागि भारतमा रहेका धेरै जसो नागरिकहरू स्वदेश फर्किए। दुई मुलुकको सम्बन्ध र समझदारीका कारण केही दिनसम्म सीमामै रहेका क्वारेन्टाइनमा नै मानिसहरू बस्नुपर्ने अवस्था बन्यो । राजधानी तथा शहरी क्षेत्रमा रोजगारीका लागि गएका सर्वसाधारणहरू घर फर्किनका लागि हप्तौसम्म पैदल हिँड्नुपर्ने अवस्था समेत सिर्जना भयो । यो अवस्था अन्त्य गर्न स्थानीय तहहरूसँगको समन्वयमा नागरिकहरूलाई आ–आफ्नो गन्तव्यमा पुऱ्याउनका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले ठूलो भूमिका खेले । साथै विदेशमा रहेका नेपालीहरूलाई प्लेन चार्टर गरेर स्वदेश फर्काउने र नेपालमा रहेका विदेशीहरूलाई आ–आफ्नो मुलुक फर्किन दिने व्यवस्था सरकारले गऱ्यो ।

### ७. पेसा व्यवसाय तथा रोजगारीको अधिकार

विश्व नै महामारीको चपेटामा पर्ने, मुलुकमा लकडाउनको अवस्था रहने, भिडभाडमा जान नमिल्ने र भौतिक तथा सामाजिक दूरी कायम राख्नुपर्ने जनस्वास्थ्यका आधारभूत प्रोटोकलका कारण सार्वजनिक सवारी साधनहरू सञ्चालन हुन सकेनन्। औद्योगिक प्रतिष्ठानहरू बन्द हुने, व्यापारिक प्रतिष्ठानहरू बन्द भएका कारण अल्पकालीन, दैनिक ज्यालादारीमा काम गर्ने, भाडाका सवारी साधनहरू सञ्चालन गर्ने, घरेलु श्रमिकहरूको रोजगारी सङ्कटमा पऱ्यो। सार्वजनिक यातायातको क्षेत्रमा कार्यरत हजारौँ मजदुर र आश्रित परिवार लाखौँको संख्यामा प्रभावित देखियो । जटिल अवस्थामा रहेका नागरिकहरूलाई सेवा दिन सरकारले अनौपचारिक क्षेत्रको पहिचान गर्ने र सो क्षेत्रका व्यक्ति तथा परिवारको सूची निर्माण गर्ने, राहत वितरण गर्ने मापदण्ड निर्धारण गरी रोजगारी गुमेको अवस्थामा राहतको व्यवस्था गरियो।

नागरिकको तर्फबाट भएको राहत, खाद्यान्न वितरण र रोजगारी गुमेकाहरूलाई सहयोग गर्ने कार्य अत्यन्न सराहनीय रहयो।

### ८. बाल अधिकार तथा महिला अधिकार

बालअधिकार तथा महिला अधिकारको अवस्थामा यो वर्ष कोभिडको असर प्रत्यक्षतः देखिएको छ। हरेक वर्षको वैशाख महिनामा हुने विद्यालय भर्ना अभियान यो वर्ष हुन सकेन । विद्यालय उमेरका बालबालिकाहरू विद्यालय जान पाएनन् । कतिपय विद्यालयहरूले अनलाइनबाट कक्षा सञ्चालन गरे पनि ग्रामीण क्षेत्रका बालबालिकाहरूमा यो पहुँच कममात्रामा भयो।

लकडाउनका कारण घरेलु हिंसा, महिला हिंसा, लैङ्गिक हिंसाका घटनाहरूमा बढोत्तरी भएको समाचारहरू सार्वजनिक भए। यस्तो अवस्थाप्रति पार्टी गम्भीर र संवेदनशील रहेको छ। कोभिडका कारण भएको क्षति, त्रास, आर्थिक अवस्था, हिंसा जस्ता घटनाबाट प्रभावित समुदायलाई स्वास्थ्य सेवा,

मनोसामाजिक परामर्शको व्यवस्था गर्न पार्टीले पहल गरेको छ।

**५. जातीय भेदभावविरुद्धको अधिकार**

मुलुकमा जातीय विभेद र भेदभाव विरुद्ध अमानवीय ढंगका घटनाहरू समेत हुन पुगे । रुकुमपूर्वमा नवराज विक सहितको हत्याजस्ता अमानवीय घटना भए । यी घटनाहरूको सत्य तथ्य छानबिन गरी दोषीलाई कडा कारबाही गर्न नेकपाको सरकारले संसदीय छानबिन समिति समेत गठन गरी घटनाको विवरण सार्वजनिक गऱ्यो । दोषीलाई हदैसम्मको कारबाही गर्न र यस्ता घटनाहरू दोहोरिन नदिन सरकारको सक्रियता रहनुपर्नेमा नेकपा प्रतिवद्ध छ।

**१०. सवैधानिक आयोगहरू र मानवअधिकार**

नेकपाको सरकारले वर्षको अन्त्यतिर लामो अवधिदेखि बाँकी रहेका संवैधानिक आयोगमा पदाधिकारीहरू सिफारिस गर्न सफल भयो । यी आयोगहरूको पूर्णताले राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, मधेसी आयोग, दलित आयोग, समावेशी आयोग जस्ता आयोगहरू क्रियाशील हुने र सम्बन्धित समुदायको हक अधिकार सुनिश्चित गर्न क्रियाशील हुने विश्वास व्यक्त गर्न सकिन्छ।

**अन्त्यमा,**

नेकपा मुलुकमा मानव अधिकारको प्रत्याभूति गराउन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न, सुशासन कायम गर्न, दण्डहीनताको अन्त्य गर्न प्रतिवद्ध रहेको छ। मुलुकमा शान्ति सुव्यवस्था कायम गराउँदै नागरिकको जीवनमा सुधार आएको अवस्थामा मात्र मानवअधिकारको निर्वाध उपयोग गरेको महसुस नागरिकले गर्न सक्छन्। कुनै पनि प्रकोप र महामारीबाट बचाउन आवश्यक तयारी अवस्थामा रहनु नै आजको महामारीले सिकाएको पाठ हो। कोही नागरिक पनि कुनै पनि सेवा वा अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने मान्यतालाई कार्यान्वयन गर्न विकास योजना, विशेष कार्यक्रम र पर्याप्त बजेट र सम्बन्धित समुदायको सार्थक सहभागिता समेतबाट सम्बोधन हुन जरुरी हुन्छ । अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिकहरू, सामाजिक विभेदमा परेका व्यक्ति वा समुदायहरू, द्वन्द्व तथा प्रकोप पीडितहरू, भौगोलिक किसिमले दूरदराजमा जीवन निर्वाह गरिरहेका नागरिकहरूले विशेष अवसर पाउनु पर्दछ र त्यस वर्गले मानवअधिकारको प्रत्याभूति भएको महसुस गर्न सक्ने वातावरण निर्माण हुनुपर्दछ भन्नेमा नेकपा दृढ छ र त्यसका लागि क्रियाशील छ। हरेक नागरिकका लागि मर्यादित जीवनको अधिकार महत्वपूर्ण हुन्छ, चाहे जसरी त्यो जोखिममा परेको होस्। हरेक नागरिकको जीवन सुरक्षा गर्नु, मर्यादित जीवन बिताउने वातावरण निर्माण गर्नु र महामारीबाट सिर्जना भएका असरहरूलाई न्यूनीकरण गर्दै आगामी दिनमा यस्ता असरको जोखिम कम गर्न पर्याप्त पूर्व तयारी र आवश्यक पूर्वाधारहरूको निर्माण गर्न सकेमात्र मानव अधिकारको सही प्रत्याभूति हुन सक्छ। यसबारेमा हाम्रो पार्टी र सरकार गम्भीर ढङ्गले अगाडि बढिरहेको छ।

**ईश्वरबहादुर रिज़ाल**
सचिव, केन्द्रीय कार्यालय

## नेपाली कांग्रेस

सन् २०२० को नेपालको मानव अधिकारको अवस्थाको बारेमा टिप्पणी गर्दा, वि.सं. २०४६ सालमा नेपालमा प्रजातन्त्रको पुर्नस्थापना भएपश्चातका विगत तीस वर्षको अवधिमा, माओवादी हिंसात्मक द्वन्द्वकालका दश वर्षको अवधिलाई छाडेर बाँकी बीस वर्षको अवधिमा भएका मानव अधिकार उल्लङ्घनका कैयन् घटनाहरूलाई समेत ओझेलमा पार्ने गरी मुलुकमा कम्युनिष्ट सरकारको स्थापनासँगै मानव अधिकार उल्लङ्घनका जघन्य घटनाहरू एकपछि अर्को निरन्तर जारी नै रहे। राज्यका तीनवटै अङ्गहरूबिचको शक्ति सन्तुलनलाई भत्काएर स्वतन्त्र न्यायपालिका तथा अन्य संवैधानिक निकायहरूमाथि ठाडो हस्तक्षेप प्रारम्भ गरियो। कार्यपालिकाको निर्देशन र नियन्त्रणमा चल्नु पर्ने गरी राज्यको चौथो अङ्गको रूपमा रहेको सञ्चार जगतलाई समेत त्रसित बनाउने कार्य प्रारम्भ गरियो।

सामाजिक सञ्जालमा कसैले कसैलाई साधारण जिस्काएकै भरमा पाँच वर्ष जेल बस्नु पर्ने र १५ लाख रुपियाँ जरिबाना तिर्नु पर्ने प्रावधान लोकतान्त्रिक राज्य व्यवस्थाको भावना र मर्म प्रतिकूल हुने गरी कम्युनिष्ट सरकारले कानुन ल्याई तमाम युवा नेपालीहरूलाई मानसिक रूपमा त्रसित बनाई मनोवैज्ञानिक मानव अधिकार र नागरिक सवतन्त्रतालाई समेत कुण्ठित गर्ने दुस्प्रयास गरेको छ।

२०७६ साल माघ २० गते अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिका–२ का नेपाली

कांग्रेसको तर्फबाट निर्वाचित वडा अध्यक्ष पदमबहादुर धामीलाई गैरीगाउँस्थित भैंसीगोठमा रहस्यमय तवरले मृत अवस्थामा भेटिएको घटनाप्रति कम्युनिष्ट सरकार बेखबर रह्यो।

नेकपाको सरकार स्थापना भएपछिका अवधिमा, आर्थिक वर्ष २०७६/०७७ को पौष महिनाको अन्त्यसम्ममा ४३४ हत्याका मुद्दा तथा १ हजार ७६बलात्कारका घटना घटी प्रहरी प्रशासनमा दर्ता हुनु मानव अधिकारको अवस्था देखाउँछ । द्वन्द्वग्रस्त राजनीतिक वातावरण र अस्थिर सरकार रहेको तुलनामा शान्ति सुरक्षाको स्थितिमा उल्लेखनीय सुधार हुनु पर्नेमा नेकपाको सरकार रहेको समयमा झन् मानव अधिकार खस्कँदै जानु, यस्तो चित्र देखिनु चिन्ताजनक विषय हो।

२०७६ फागुन ८ गते प्रदर्शनी मार्गमा भएको विरोध प्रदर्शनमा नेकपा विद्यार्थी सङ्घका अध्यक्ष राजीव ढुंगाना, महामन्त्री महेश्वरी कुँवर, महामन्त्री युवराज पाण्डे, विद्यार्थी नेताहरू सुरज सैजुवाल, हरि आचार्य, दीपक रिमाल, रामजी बस्नेत, सुनिल पन्त, तिलक बटला, रमित खड्का लगायत दर्जनौ विद्यार्थीहरू घाइते भए र सोही दिन अपरान्ह काठमाडौँको त्रिभुवन विमानस्थलको मूलद्वारमा नेपाल विद्यार्थी सङ्घ आबद्ध विद्यार्थीहरूले शान्तिपूर्ण रूपमा कालो झण्डा देखाउँदै विरोध प्रदर्शन गर्दा प्रहरीको हस्तक्षेपबाट रविन्द्र रोकाय, राकेश शिवाकोटी, विपिन बुढाथोकी, विष्णुहरि खड्का, अनिल खनाल, गोपी भण्डारी, विवेक उप्रेती लगायतका विद्यार्थीहरू घाइते भएका थिए । घाइते विष्णुहरि खड्कालाई सुरक्षाकर्मीले गिरफ्तार गर्नु संविधान प्रदत्त मौलिक हक हनन् भएको देखिन्छ।

विश्व नै कोभिड-१९ को सङ्क्रमणबाट आक्रान्त भएको अवस्थामा, सङ्क्रमण भए नभएको ठहर गर्ने 'राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला' व्यक्तिगत सुरक्षाका सामग्रीहरू पर्यापत रूपमा उपलब्ध नहुनु, उपलब्धता विना पनि स्वास्थ्यकर्मीहरूले सङ्क्रमणको जोखिममै परीक्षण तथा उपचारमा संलग्न हुनु, परीक्षण 'कीट' को कमी हुनु र परीक्षणका लागि दक्ष जनशक्तिको अभावको खतरालाई समयमै ध्यान नपुऱ्याइ ती समस्यासँग जुध्न आवश्यक बन्दोबस्त यथाशीघ्र मिलाउन सम्बन्धित पक्षहरूबाट सरकारको ध्यानाकर्षण गराउँदा गराउँदै पनि सरकार उदासीन भई नागरिकप्रति सङ्क्रमण रोगको मनोवैज्ञानिक ज्ञासबाट बाँच्न विवश बनाई मौलिक हकको हनन् हुने काम गरेको छ। तर, अत्यावश्यक मेडिकल सामग्री खरिब प्रकरणमा भएको गम्भीर अनियमितताको घटनाले देशकै प्रतिष्ठामा आघात पुऱ्याउने कार्य गरेको छ। अत्यावश्यक सामग्री खरिदमा ढिलाइ, टेन्डर प्रक्रियाको अपरादर्शीता, बढी मूल्य निकासा गराएर राज्य कोषमा गरिएको भ्रष्टाचार एवम् विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड विपरीतको कमसल सामग्री खरिद जस्ता अत्यन्तै आपत्तिजनक र लज्जास्पद घटना कुनै पनि दृष्टिले माफी योग्य छैन। यो ढिलासुस्ती र अनियमिततामा सामेलहरूलाई जिम्मेवारीबाट मुक्त गरेर अनुसन्धान र कारबाहीको प्रक्रियालाई सघाउन हामी प्रधानमन्त्रीलाई आग्रह गर्दछौं । देश कोभिड-१९ सङ्क्रमणको कारण्बाट बन्दाबन्दी भएको समयमा पनि नेकपाका सांसद किसन श्रेष्ठ, महेश बस्नेत, पूर्व प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल समेतको सहभागितामा राज्य स्रोतको दोहोन गरी विशिष्ट व्यक्तिको रूपमा काठमाडौँबाट महोत्तरी, धनुषा पुगी अर्का सांसद डा. सुरेन्द्रकुमार यादवलाई अपहरणको शैलीमा धनुषादेखि काठमाडौँसम्म ल्याई सांसद अपहरण जस्तो कार्यमा राज्य पक्षका सांसदहरूबाटै निन्दनीय घटना हुनु मानव अधिकारको घोर उल्लङ्घन भएको छ।

कैयौँ ठाउँका क्वारेन्टाइन सरकार आफैले तय गरेका निश्चित मापदण्ड अनुरूपको नभएको, सामान्य चौर, पूर्वाधार विनाको विद्यालयहरूमा न्यूनतम आधारभूत सुविधा समेत नभएको स्थानमा क्षमता भन्दा बढी सङ्क्रमित तथा सङ्क्रमितको सम्पर्कमा आएका व्यक्तिहरूलाई खचाखच राखी मानव अधिकारको उल्लङ्घन गरेको तथ्य सबैका सामु छर्लङ्गै छ।

२०७७ वैशाख १९ गते रोल्पाको त्रिवेणी गाउँपालिकामा बम विस्फोटमा परेर चार अवोध बालबालिका (११ वर्षीय विमला खत्री, ५ वर्षीय विजय खत्री, १३ वर्षीय गौरव नेपाली र १४ वर्षीय नोखीराम डाँगी) को हृदयविदारक मृत्यु भएको घटनाले मानव अधिकारको ठाडो उल्लङ्घन भएको थियो । द्वन्द्वको दशकले छाडेका चोटहरू खाटा बस्न एकातर्फ अझै बाँकी छ तर अर्कातर्फ यस्तो घटना हुनु अत्यन्तै दुःखद र गम्भीर छ। यसले हिंसाबाट समाधान खोज्न चाहने सबै थरिलाई हृदयदेखि गम्भीर र आत्मआलोचित बनाउने कार्यमा लाग्नु पर्नेमा सरकार उदासित देखियो।

नेपालको भूमि अतिक्रमण हुँदा नेपाल विद्यार्थी सङ्घका अध्यक्ष राजीव ढुङ्गाना, महामन्त्री प्रभात दाहाल, उर्मिला थपलिया, दीपक भट्टराई, बलदेव तिमिल्सिना र युवराज पाण्डे लगायत १ सय भन्दा बढी विद्यार्थी नेताहरूलाई नेपालको भूमि फिर्ता गराउने अभियानमा जुटेकै अवस्थामा प्रहरीद्वारा गिरफ्तार गर्नु राष्ट्रियताप्रति सचेत नागरिकप्रति कम्युनिष्ट सरकारको

मानव अधिकार उल्लङ्घनको अर्को नमूना हो।

२०७७ साल जेठ १० गते रुकुम पश्चिममा प्रेमसम्बन्धका कारण जातीय विभेदका रूपमा नेकपाबाट निर्वाचित वडा अध्यक्ष समेतको संलग्नतामा नवराज विक, टिकाराम विक, सञ्जु विक, गणेश बुढा, लोकेन्द्र सुनार र गोविन्द शाहीलाई जघन्य र निन्दनीय हत्या गरी नेपालको संविधानदारा प्रदत्त अधिकारलाई हनन् गर्दै गम्भीर मानव अधिकारको उल्लङ्घन भएको छ। यसबाट मानव अधिकारका पक्षमा तीन प्रश्नहरू खडा भएका छन्। सामाजिक विभेद र विसङ्गतिको प्रश्न, राज्य प्रशासनको भूमिकामा प्रश्न, निष्पक्ष अनुसन्धान र दण्डहीनताको प्रश्न खडा भए। तिनै प्रश्नउपर कम्युनिस्ट सरकारले आफ्नो मानव अधिकारको प्रतिवद्धतालाई जनतासामु उजागर गरेको छ।

धनुषा जिल्ला सवैला नगरपालिका–१२ रघुनाथपुर वर्कुवा निवासी दलित जातिका शम्भु सदा (मुसहर) को सबैला स्थित ईलाका प्रहरी कार्यालयकै हिरासतमा २०७७ साल जेठ २८ गते शंकास्पद रूपमा मृत्यु भएको घटनाका साथै २०७७ साल असार ९ गते शृङ्खलाबद्ध लोकतन्त्रका मूल्य, मान्यता र मानव अधिकार प्रत्याभूतिका सिद्धान्तहरूलाई नष्ट गर्दै अधिनायकवादतर्फ उन्मुख कम्युनिस्ट सरकारको निर्देशनमा जिल्लामा कार्यरत कर्मचारी तथा सुरक्षा निकायका व्यक्तिहरू समेत नेकपाको पूर्णकालीन सदस्य जस्तो गरी प्रयोग भई नेकपा बाहेकका निर्वाचित जनप्रतिनिधिहरू, कांग्रेसका जिल्लास्तरीय नेता, कार्यकर्ता र शुभेच्छुकहरूलाई अनाहकमा दुःख दिने, झुठा मुद्दामा फसाउने, कुटपिट एवम् दुर्व्यवहार गर्ने जस्ता अमानवीय घटनाहरू भएका छन्।

नेकपाको सरकार गठन भएदेखि नै एकपछि अर्को गर्दै प्रेस स्वतन्त्रता कुण्ठित गराउन अग्रसर भएको प्रमाण स्वरुप प्रेस काउन्सिल प्रकरण देखिएको छ। मिडिया काउन्सिल विधेयक ल्याई प्रेस काउन्सिललाई कमजोर बनाई श्रमजीवी पत्रकारहरूलाई मनोवैज्ञानिक रूपमा हस्तक्षेप गरी नेकपाको ठाडै हस्तक्षेप गर्दे मानव अधिकारको उल्लङ्घन गरेको छर्लङ्ग देख्न सकिन्छ।

रौतहट र मोरङमा राज्यको नियन्त्रण र जिम्मेवारीमा रहेका दुई युवाहरूको शंकास्पद ढङ्गले मृत्युको घटनाप्रति नेपाली कांग्रेसको ध्यान गम्भीरतापूर्वक आकृष्ट भएको छ। रौतहटको इलाका प्रहरी कार्यालय गुरुडामा केही दिनदेखि हिरासतमा रहेका वर्ष १९ का विजय महरा अकस्मात विरगञ्जको एक अस्पतालमा उनको रहस्यमय ढङ्गले निधन भएको, त्यस्तै मोरङको जिल्ला कारागारमा रहेका वर्ष २६ का युवा निराजन यादवको कोशी अस्पतालमा भएको शंकास्पद मृत्यु, धनुषाको सवैला नगरपालिकामा शम्भु सदाको प्रहरी हिरासतमा जेठ २७ गते मृत्यु भएको घटना, रौतहटमै माधवनारायण नगरपालिकाको एक मन्दिरका पुजारी राम साहको हत्या हुनु मानव अधिकारको ठाडो उल्लङ्घन भएको छ।

सर्लाही जिल्ला रामनगर गाउँपालिका–७ निवासी दलित महेन्द्र रामको गत २०७७ असोज २२ गते भएको हत्याको जाहेरीसमेत प्रहरी प्रशासनले दर्ता नगरेको, उक्त हत्याको शान्तिपूर्ण विरोध प्रदर्शनका क्रममा लाठी प्रहारबाट मृतककी श्रीमती, भाइ एवम् अन्य तीन जना महिला समेतलाई सुरक्षाकर्मीले लाठी चार्ज र अश्रुग्याँस प्रहार गरी प्रदर्शनकारीहरू समेतलाई गम्भीर घाइते बनाएको घटना नेकपा सरकारको ठाडो मानव अधिकारको हस्तक्षेप ठहर्छ।

नेपाली कांग्रेस बैतडीका सचिव एवम् सुर्नया गाउँपालिकाका अध्यक्ष वीरबहादुर विष्टलाई २०७७ असोज २८ गते निर्घात रूपले कुटपिट गरी गम्भीर घाइते बनाएको घटना घटेको दुई दिन बितिसक्दा पनि विष्टलाई कुटपिट गर्ने त्यस्ता अपराधिक मनोवृत्तिका व्यक्तिहरूलाई राज्यले कुनै पनि कारबाही नगर्नुलाई नेकपा सरकारको मानव अधिकार प्रति आफ्ना कार्यकर्तालाई बचाउने आम नागरिकको वास्ता नगरी मानव अधिकारको उल्लङ्घन गरेको ठहर्छ।

नेपाली कांग्रेसका नेता एवम् पूर्व उपप्रधानमन्त्री रामचन्द्र पौडेललाई आफ्नै गृह जिल्ला तनहुँ जिल्ला व्यास नगरपालिकाको वडा नं.१ र ११ जोड्ने बुल्दी खोलामा नेपाली कांग्रेसकै पालामा निर्माण सम्पन्न भएको पुल स्थानीय उपभोक्ता समितिले सर्वसम्मत रूपमा निर्णय गरेर निमन्त्रणा गरेपश्चात उद्घाटन गर्न जाँदै गर्दा गरिएको दुर्व्यवहार र गिरफ्तार मानव अधिकारको ठाडो हस्तक्षेप हो।

नेपाली कांग्रेसका सदस्य डिल्लीबहादुर चन्दलाई नेपालगञ्जमा गिरफ्तार गरेर काठमाडौँ ल्याइएको घटनाको निन्दा गर्दै नेपाली कांग्रेस निजलाई तत्काल रिहाइ गर्न माग गर्दछ।

कोरोनाको महामारी चलिरहेका बेला दल विभाजनका अध्यादेश ल्याउनु, सांसद अपहरणको अभियोग लाग्नु , मुद्दा दर्ता नगरी प्रहरीलाई दबाब दिनु जस्ता घटना भएका बेला एक होइन हजारौँ डिल्ली चन्दहरूले घटनाको विरोध गरेर सामाजिक सञ्जालमा लेखेकै हुन्। त्यस प्रकृतिको कुनै लेखाइले कुनै पनि

व्यक्तिलाई गाली बेइज्जती गरेको स्थिति हो भने त्यस्तो घटनामा कारबाहीका लागि २०७४ मा जारी गरिएको मुलुकी अपराध संहितामा अलग्गै व्यवस्था छ। तर त्यो कानुनी प्रक्रिया भन्दा विपरीत गएर प्रतिशोधपूर्ण ढंगले गिरफ्तार गर्नु भनेको सत्ताको आडमा विद्युतीय कारोबार ऐन र प्रहरी समेतको दुरुपयोग गरिएको उदाहरण हो।

पूर्व प्रहरीसमेत रहेका चन्द स्थानीय एक निजी क्षेत्रको कार्यालयमा सुरक्षा गार्डका रूपमा काम गरेर परिवार पालिरहेका छन्। सत्ता र शक्तिको निकट रहेकाले श्रम गरेर बाँचेको नागरिक माथि देखाउन खोजेको तुजुक निन्दनीय छ। नेपाली कांग्रेस नागरिकप्रतिको यो व्यवहार सच्याउन चेतावनी दिँदै तत्काल रिहाइ गर्न माग गर्दछ।

**कृष्णप्रसाद पौडेल**
मुख्य सचिव

## जनता समाजवादी पार्टी नेपाल

नेपालजस्ता अल्पविकसित र विकासोन्मुख देशहरूमा मानव अधिकारको विषय जटिल र समस्याग्रस्त बन्ने गरेको छ। सन् २०२० मा पनि नेपालको मानव अधिकारको सवालमा कुनै खास उल्लेखनीय प्रगति भएन। हत्या, हिंसा र बलात्कार जस्ता थुप्रै घटनाहरू यो वर्ष पनि प्रशस्त भए। राज्यपक्षबाट मानव अधिकारको पालना र यसको संवर्द्धनका लागि ठोस कदम चालिएको पनि देखिएन। शान्तिपूर्ण जुलुस र प्रदर्शनमा सरकारले हस्तक्षेप गरी प्रदर्शनकारीलाई घाइते बनाउने, गोली प्रहार गरी घाइते बनाउने जस्ता दर्जनौँ घटनाहरू राज्य पक्षबाट गराइएको छ। जबकि मानव अधिकारको रक्षा र यसको संरक्षण एवम् पालना गर्नु राज्यको पहिलो दायित्व हो। राज्यपक्षबाट मानव अधिकार संरक्षणका लागि सक्रिय र निष्पक्ष रही कार्य गर्नु पर्नेमा उनीहरूबाटै भइरहेको पक्षतापूर्ण व्यवहार एवम् कामकारबाहीले वास्तविक दोषी कानुनी कानुनी दायरामा नपर्ने र कतिपय अवस्थामा निर्दोषले सजाय पाउने कार्य भइरहेको पाइन्छ। सत्ता र शासनका आडमा असामाजिक क्रियाकलापमा संलग्न रहेकाहरू हौसिने र यसबाट वञ्चित समुदायले पीडा भोग्नु पर्ने अवस्था बढ्दो छ। राज्यका सुरक्षा निकाय तथा अङ्गहरूबाट आफैँले मानव अधिकारका सिद्धान्त र आधारलाई प्राथमिकतामा राखी कार्यहरू गर्ने गर्दामात्र आमजनतालेमानव अधिकारको वास्तविक अनुभूति गर्न पाउने पाउने छन्। नेपालको मानव अधिकार आयोगले पनि जुन रूपमा भूमिका खेल्नु पर्ने हो त्यसमा अभाव देखिएको छ। अर्को शब्दमा भन्नु पर्दा मानव अधिकार आयोग निष्प्रभावी जस्तै छ।

मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व भएमात्र पूर्णरूपमा मानव अधिकारको प्रयोग सम्भव हुन्छ। दुई तिहाइ मत प्राप्त गरेको वर्तमान ओली सरकारले मानव अधिकार कायम गर्ने सवालमा असफल मात्र भएन की वर्तमान संविधानको व्यवस्था विपरीत असंवैधानिक तरिकाबाट प्रतिनिधिसभा विघटन गरी देशमा फेरि राजनीतिक अस्थिरता र अन्योलको वातावरण सृजना गराएर मुलुकलाई द्वन्द्वतर्फ धकेल्ने कार्य गरेको छ। यसबाट राजनीतिक स्थिरता र स्थायित्वको सवाल पुनः जटिल मोडमा पुगी आगामी दिनहरूमा मानव अधिकारको दृष्टिले झन् कमजोर र कठिन हुने देखिन्छ। सङ्घीयतालाई राजनीतिकरूपमा मात्र लागु गराउनुको सट्टा प्रशासनिक इकाइका रूपमा लागु गर्ने कार्य भइरहेको छ। शासकीय स्वरूप, निर्वाचन प्रणाली, राज्य पुर्नसंरचना जस्ता महत्वपूर्ण सवालहरू र समाजबाट शोषण, उत्पीडन एवम् सबैखाले विभेदको अन्त्य लगायत सामाजिक न्याय स्थापना गराउने संवैधानिक तथा कानुनी व्यवस्था कायम गराउन आवश्यक रहेको छ। सबैले समान हक उपभोग गर्न पाउने व्यवस्था नहुँदासम्म मानव अधिकार कागजका पानामा मात्र सीमित हुने गर्छ। यसकारण जनता समाजवादी पार्टी, नेपालले वर्तमान संविधानमा संशोधनको आवश्यकतालाई मुखर रूपमा उठाउँदै आएको हो। संविधानका विभेदकारी असमान धाराहरू र पहिचानसहितको सङ्घीयता स्थापित गराउने व्यवस्था कायम नभएसम्म मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व सम्भव छैन। जसपा, नेपालले दह्रो रूपमा उठाउँदै आएको संविधान संशोधनको पक्षमा नेपालका प्रमुख राजनीतिक दलहरू गम्भीर नहुने र संशोधन नगर्ने हो भने आगामी दिनमा मानव अधिकारका दृष्टिले झन् खतरा उत्पन्न हुन सक्ने अवस्था आउन सक्दछ। मानव अधिकारको क्षेत्रमा लामो समयदेखि कार्यरत इन्सेकका कार्यहरू विभेदहरू अन्त्य गराउन र सामाजिक न्याय स्थापनाको पक्षमा अझ सवल र सराहनीय हुने हाम्रो अपेक्षा र शुभकामना छ।

**प्रकाश अधिकारी**
केन्द्रीय कार्यकारिणी समिति
केन्द्रीय कार्यालय

अनुसूची ४

# सन् २०२० को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

## राष्ट्रिय मानव अधिकार आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकारको क्षेत्रमा पृथक पहिचान बनाएको छ। यस संस्थाबाट प्रत्येक वर्ष "नेपाल मानव अधिकार वर्ष पुस्तक" प्रकाशन हुँदै आएको छ। यस प्रकाशनमार्फत अधिकार र मानव अधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक हुनु सकारात्मक पक्ष हो। मानव अधिकारको सम्मानमा नै व्यक्ति वा समुदायको विकास सम्भव छ। विनासीमा, विनाभेदभाव, सबैका लागि, सँधैका लागि लागु हुने भएकाले यो सबैको चासो र सरोकारको विषय हो । जहाँ मानव अधिकारको सम्मान हुँदैन, त्यहाँ अराजकताको स्थिति सिर्जना हुन्छ। मानव अधिकार संस्कृतिको विकासविना सभ्य समाजको परिकल्पना गर्न सकिँदैन।

मानव अधिकारका मूल्यमान्यता वा चरित्रलाई आत्मसात गर्न सक्ने राज्य नै लोकतान्त्रिक हुन्छ । लोकतान्त्रिक मुलुकमा राज्य/सरकारलाई संरक्षक तथा अविभावकको रूपमा हेरिन्छ । नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र र मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र हो । नेपाल पुनः संयुक्त राष्ट्रसङ्घअन्तर्गत मानव अधिकार परिषद्को सदस्यमा निर्वाचित मुलुक पनि हो। जनताबाट निर्वाचित सरकारबाट सञ्चालित हुने शासन-प्रणाली अवलम्बन गरेको मुलुक पनि हो। यस अर्थमा मानव अधिकारको सम्मान, संरक्षण र परिपालनाको पहिलो दायित्व राज्य वा सरकारमा निहित छ भन्नुमा द्विविधा रहनु हुँदैन। यसरी निर्वाह गर्नुपर्ने दायित्वलाई राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियरूपमा समेत हेर्ने गरिन्छ । कामकारबाहीको सवालमा मानव अधिकारसम्बन्धी परिपालना गर्नुपर्ने आफ्नो दायित्वबाट राज्य विमुख हुन पुगेको अवस्थामा उसलाई जिम्मेवार बनाउनु आवश्यक हुन्छ । मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा यो जिम्मेवारी कानुनतः राष्ट्रिय मानव अधिकार आयोगको काँधमा रहेको छ। सोहीबमोजिम आयोग स्थापनाकालदेखि नै यस भूमिकाप्रति क्रियाशील रहिआएको छ।

हाल मुलुक सङ्घीय संरचनाअनुरूप सञ्चालित छ । संविधान कार्यान्वयनको चरणमा गइसकेको छ। मौलिक हकसम्बन्धी कानुनहरू निर्माण भइसकेका छन् । मानव अधिकारसम्बन्धी केही विषयगत आयोगहरूमा सीमित मात्रामा भए पनि पदाधिकारीको नियुक्ति भएको छ। सरकारले पाँचौँ मानव अधिकार राष्ट्रिय कार्ययोजना लागु गरेको छ। यी विविध पाटोलाई हेर्दा एक हदसम्म सन्तोष गर्ने ठाउँ छ।

यी सकारात्मक प्रयत्नका बाबजुद् मानव अधिकारको सम्मान, संरक्षण र कार्यान्वयनको चरणमा प्रशस्त चुनौतीहरू विद्यमान छन्। पाँच वर्षको जनादेश पाएको प्रतिनिधि सभा तीन वर्षमै विघटन हुन पुगेको छ। यसबाट मुलुक पुनः अस्थिरताको भूमरीमा फस्ने सम्भावना प्रबल देखिएको छ । शान्ति-प्रक्रिया (सङ्क्रमणकालीन न्याय)लाई निष्कर्षमा पुऱ्याउने सरकारी प्रतिबद्धताले अहिले पनि ठोस गति लिन सकेको छैन। विस्तृत शान्ति सम्झौता भएको १४ वर्ष व्यतित भइसक्दा पनि पीडितले न्याय पाउन नसकेको विडम्बनापूर्ण अवस्था छ । संविधानप्रदत तीन तहका सरकारबिचको साझा अधिकारबिच कानुन निर्माण हुन नसक्दा सरकारी कामकारबाही अपेक्षित गतिमा अगाडि बढ्न सकेका छैनन्।

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा आयोग मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र संस्कृति विकासका लागि निरन्तर क्रियाशील रहिआएको छ। नेपालको संविधानको धारा २४९ (१) (२) (३) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ। आयोगले तय गरेको आयोगको साङ्गठिनक संरचना करिब तीन वर्षभन्दा बढी समयदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा थन्किएको छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न ल्याइएको प्रस्तावित संशोधन विधेयक आयोगको स्वतन्त्रता र स्वायत्तता अनुकूल हुने

गरी अगाडि बढ्न सकेको छैन । नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलगायत समग्र मानव अधिकारको कार्यान्वयन अवस्था अपेक्षितरूपमा सन्तोषजक देखिएको छैन। समाजमा जातीय भेदभावको विद्यमान स्थिति, जीवनको अधिकार, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनुजस्ता परिस्थितिले संविधानप्रदत हक प्रचलनमा अझै सहज वातावरण बन्न नसकेको अवस्था छ। वैदेशिक रोजगारीमा गएका श्रमिकहरूमाथि भएको श्रम शोषण, बढ्दो घरेलु हिंसा आदि कारण जनजीवन असहज अवस्थामा छ। सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, अल्पसङ्ख्यक, जेष्ठ नागरिकलगायतको अधिकारको संरक्षणमा राज्यले विशेष ध्यान पुऱ्याउन सकेको छैन। फलतः ती वर्ग एवम् समुदायका अधिकारहरू सुरक्षित हुन सकेका छैनन् । कोभिड-९ को कारण सिङ्गो विश्वसँगै नेपाल पनि प्रभावित बनेको अवस्था छ। यस विषम परिस्थितिमा विशेषतः स्वास्थ्य क्षेत्रमा नकारात्मक असर परेको देखिन्छ। मानिसहरू यसबाट भयभित र आक्रान्त बन्न पुगेका छन् । फलतः स्वास्थ्य, सुरक्षा, रोजगारीलगायतका क्षेत्रमात्र नभई समग्र जनजीवन नै प्रभावित भएको छ।

यस आर्थिक वर्षमा आयोगले मानव अधिकारको अवस्था सुदृढ गर्न प्रशस्त कार्यहरू गरेको छ । फलतः संरक्षण र संवर्द्धनात्मक प्रकृतिका कार्यहरूबाट विभिन्न उपलब्धिहरू हासिल भएका छन् । यस आर्थिक वर्षमा आयोगमा मानव अधिकार उल्लङ्घन भएको भनी नयाँ १ सय ३२ उजुरीहरू दर्ता भएका छन्। आयोगमा दर्ता भएका र दर्ता गरिएका पुराना तथा नयाँ गरी ७ सय ९५ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ। मानव अधिकारको अवस्था एवम् विविध विषयमा १ सय २८ पटक अनुगमन भएको छ । आयोगबाट "सबैको लागि घरघरमा मानव अधिकारः शान्ति र विकासको आधार" भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी संवर्द्धनसम्बन्धी जम्मा १ सय १२ कार्यक्रमहरू भएका छन् भने ५६ कार्यक्रम सहकार्य र समन्वय गरिएको छ। श्रोत व्यक्ति/विषय विज्ञको रूपमा ३०, अथिति, सहभागी गरी २ सय ७९ कार्यक्रममा सहभागिता जनाएको छ । लकडाउनको अवस्थामा स्वास्थ्य, सुरक्षा, नागरिकको कर्तव्य र मानव अधिकारको सम्बन्धमा सातै प्रदेशमा ११ भाषामा सचेतनामूलक रेडियो सन्देश प्रवाह भएको छ। गत वर्ष आयोगले आप्रवासी कामदार र तिनका परिवारहरूको मानव अधिकार अवस्था विषयक अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ। सम्मेलनमा २८ देशका १ सय ४० जन प्रतिनिधिहरूको सहभागिता रहेको थियो । यसलाई कार्यरूप दिने अभिप्रायले आयोगले यस वर्ष मलेसियाको राष्ट्रिय मानव अधिकार आयोगसँग समझदारीपत्र नवीकरण गरेको छ।

यस आर्थिक वर्षमा आयोगबाट १८ प्रकाशन, ६९ प्रेस विज्ञप्ति र प्रेस नोट जारी भएका छन्। यसका साथै कानुन निर्माणमा सरकार एवम् सरोकारवाला निकायहरूलाई सहयोग पुऱ्याउन मानव अधिकारको दृष्टिकोणबाट कानुनको पुनरावलोकन गरी सम्बद्ध निकायमा कार्यान्वयनको लागि पठाइएको छ। आयोगमा लामो समयदेखि स्थायित्व हुन नसकेको कर्मचारीहरूको व्यवस्थापन गर्न सफल भएको छ। यसबाट उनीहरूको सेवा सुरक्षा सुनिश्चित भएको छ।

उल्लिखित उपलब्धिका बाबजुद् पनि आयोग अहिले पनि चुनौतीका बिचमा छ। आयोगका सिफारिस कार्यान्वयन हुन सकेका छैनन्। यस कार्यमा सरकारबाट अपेक्षित सहयोग प्राप्त नभएको अवस्था छ। आयोगले हालसम्म २ सय ८ भन्दा बढी व्यक्तिलाई अनुसन्धानबाट ठहर भएबमोजिम मानव अधिकार उल्लङ्घनकर्ताको सूचीमा राखेकोमा कानुनी कारबाहीको अवस्था निराशाजनक छ । कतिपय अधिकारीहरूलाई कारबाहीको भागिदार नबनाइ पुरस्कृत गरिएको छ। वि. सं. २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त आयोगको केन्द्रीय कार्यालयको भवन अझैसम्म पनि निर्माण हुन सकेको छैन । अन्य कार्यालयका घर पनि भाडामा लिनुपर्ने बाध्यताको कारण कार्य सम्पादनमा कठिनाइ भएको छ । यी प्रतिकूलताकाबिच पनि आयोगले सक्रियतापूर्वक आफ्ना कामकारबाही अगाडि बढाइरहेको छ।

यी उपलब्धि र चुनौतीबिचबाट अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । नागरिक समाज, इन्सेकलगायतका मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाबिचको सहयकार्यबाट मानव अधिकारका सम्मान, संरक्षण र परिपालनामा टेवा पुऱ्याउन सकिने छ। यसको लागि आयोग सदैव तत्पर रहिआएको छ। अन्त्यमा, म पुनः यस सराहनीय कार्यका लागि इन्सेक परिवारलाई शुभकामनासहित धन्यवाद व्यक्त गर्दछु।

**वेदप्रसाद भट्टराई**
सचिव

## प्रधानमन्त्री र मन्त्रिपरिषद्को कार्यालय

मानव अधिकार वर्ष पुस्तक, २०२१ प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ। प्रस्तुत वर्ष पुस्तकले गत वर्ष मुलुकमा मानव अधिकारको क्षेत्रमा भएको प्रगति र समग्र स्थितिको बारेमा सबैलाई सुसूचित गर्ने कार्य गर्ने भएकोले पुस्तक उपयोगी हुने विश्वास लिएको छु। नेपाल सरकार संविधानप्रदत्त मौलिक हक, मौलिक हक कार्यान्वयन गर्न बनेका कानुनहरू र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र प्रत्याभूतिका लागि सक्रिय रहेको छ।

सन् २०२० मा कोभिड-१९ को महामारीले नेपाललगायत विश्वभर नै मानव अधिकारको निर्बाध उपभोगमा अवरोध पुऱ्याएको छ। यस महामारीको रोकथाम, नियन्त्रण र उपचारजन्य उपायहरू अवलम्बन गरी यसबाट पर्न सक्ने नकारात्मक असर, प्रभाव वा क्षतिलाई न्यूनिकरण गर्ने कार्यमा नेपालले अन्य मुलुकको तुलनामा धेरै हदसम्म सफलता प्राप्त गरेको कुरा सर्वविदितै छ। नेपाल सरकारले कोभिड-१९ विरुद्धको खोप प्राथमिकताको आधारमा क्रमशः सबैलाई उपलब्ध गराउने कार्य प्रारम्भ भइसकेको व्यहोरा पनि सबैमा अवगत नै छ।

सन् २०२० मा नेपालले विश्वव्यापी आवधिक पुनरावलोकन तेस्रो चक्रको प्रतिवेदन अक्टोबर २०२० मा मानव अधिकार परिषद्मा पेश गरेको र सोको पुनरावलोकनको कार्य पनि यही जनवरी २१, २०२१ मा सम्पन्न भएको छ। पुनरावलोकनको सन्दर्भमा नेपालले विगत साढे चार वर्षको अवधिमा मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा गरेको प्रगतिलाई विश्व समुदायले प्रशंसा गरेको छ र थप कार्यका लागि सुझावहरू प्राप्त भएका छन् र सोअनुसार कार्य गर्न नेपाल सरकार प्रतिबद्ध रहेको कुरा पनि अवगत नै छ। सन् २०२० मा मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना पनि नेपाल सरकारले स्वीकृत गरी लागु गरेको छ। यस कार्ययोजनाले खासगरी नेपालको संविधान, संविधानमा व्यवस्था भएका मौलिक हकहरू कार्यान्वयन गर्न बनेका कानुनहरू, नेपालले विश्वव्यापी आवधिक पुनरावलोकनको सन्दर्भमा स्वीकार गरेका सिफारिसहरू, नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी सन्धिजनित निकायबाट प्राप्त सिफारिसहरू, नेपालको पन्ध्रौँ राष्ट्रिय विकास योजनाका व्यवस्थाहरू, सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगबाट भएका फैसला वा सिफारिसहरूको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहको जिम्मेवारी र समय सीमासमेत किटान गरी तयार पारिएको छ। साथै, मानव अधिकारसम्बन्धी सन्धिजनित निकायमा पेश गरिने प्रतिवेदनको अभिन्न अङ्गको रूपमा रहने Common Core Document स्वीकृतिको क्रममा रहेको छ।

मानव अधिकारसम्बन्धी कानुन, नीति, योजना र कार्यक्रमहरू तयार पार्दा वा राष्ट्रिय प्रतिवेदनहरू तयार पार्दा राष्ट्रिय मानव अधिकार आयोगलगायतका संवैधानिक आयोग, नागरिक समाजलगायतका सरोकारवालाहरूसँग परामर्श गर्ने परिपाटीअनुरूप विश्वव्यापी आवधिक पुनरावलोकनको प्रतिवेदन तयार पार्दा र मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना र Common Core Document तयार पार्दा नागरिक समाजसँग व्यापकरूपमा सहकार्य भएको कुरा उल्लेख गर्न चाहन्छु। यसप्रकार नागरिक समाजसँग परामर्श र अन्तरक्रिया गर्ने कार्यमा खासगरी इन्सेकबाट भएको सहयोग र समन्वयको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु र भविष्यमा यसप्रकारको सहकार्यको निरन्तरताको अपेक्षा पनि गर्दछु।

अन्तमा, पुस्तकको विश्वसनीयता र उपयोगिता बढ्दै जाओस् र सरोकारवालाहरूलाई एउटा सन्दर्भ स्रोतको रूपमा कायम रहन सकोस् भनी शुभकामना दिन चाहान्छु।

**विश्वदीप वेस्ना**
शाखा अधिकृत

## परराष्ट्र मन्त्रालय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१" प्रकाशन गर्न लागेको सन्दर्भमा नेपाल सरकार परराष्ट्र मन्त्रालय खुशी व्यक्त गर्दै यस नियमित प्रयासका लागि इन्सेकलाई सफलताको शुभकामना व्यक्त गर्दछ।

नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई नेपालको संविधानले मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। समानता, अविभेदको हक, आत्मसम्मान,

पहिचान र समावेशी तथा समानुपातिक प्रतिनिधित्व मौलिक हकका आधारको रूपमा रहेका छन् । मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुनहरू लागु भइसकेका छन् । मानव अधिकारका सिद्धान्तहरूलाई राष्ट्रिय योजना तथा कार्यक्रमहरू मार्फत मूल प्रवाहिकरण गरिएको छ।

तीन तहका अदालतहरूले मौलिक हकहरूको कार्यान्वयन सुनिश्चित गर्न अभिभावकको रूपमा काम गरेका छन् । राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित गरिएको छ । GANHRI को मूल्यांकनले नेपालको राष्ट्रिय मानवअधिकार आयोगलाई 'A' श्रेणीमा वर्गीकरण गरेको छ । अधिकार सम्पन्न, स्वतन्त्र र क्षमतावान राष्ट्रिय मानवअधिकार आयोगको कार्यवातावरण पेरिस सिद्धान्तहरू अनुकुल रहेको छ। राष्ट्रिय मानवअधिकार आयोगले मुलुकको मानव अधिकारको क्षेत्रमा छाता सङ्गठनको काम गरेको छ। यसले मानव अधिकारको प्रवर्द्धन र संरक्षणको लागि विस्तृत अनुसन्धान, अनुगमन, निर्देशन तथा सिफारिस गर्न सक्ने सामर्थ्य राखेको छ।

राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग मानव अधिकारको संरक्षणका लागि अन्य संवैधानिक निकायहरू समेत स्थापित गरिएको छ।

नेपालले आवधिक रूपमा मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गरेको छ । सुरक्षा संयन्त्रहरूले मानव अधिकारको संरक्षण र संवर्द्धनका मान्यताहरूलाई सुनिश्चित गर्न मानव अधिकार शाखा स्थापना गरेका छन्। जेलहरूको अवस्था सुधारिएको छ।

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगहरूले संक्रमणकालीन न्यायको बाँकी रहेका मुद्दाहरूलाई निष्कर्ष पुऱ्याउने काम गरिरहेका छन्।

मानवअधिकारप्रति नेपालको पूर्ण र अटल प्रतिबद्धता दोहोऱ्याउँदै सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीले संयुक्त राष्टसङ्घको ७५ औं महासभामा गरेको सम्बोधनका क्रममा संक्रमणकालीन न्यायको विषयलाई निष्कर्षमा पुऱ्याउने बताउनु भएको छ।

मानवअधिकारको संरक्षण र संवर्द्दनप्रति नेपालको प्रतिवद्धता पूर्ण र अतुलनीय छ। नेपाल संयुक्त राष्ट्रसघको बडापत्रमा उल्लेखित सिद्धान्त र उद्देश्यहरूमा प्रतिवद्ध रहेको छ।

नेपाल मानवअधिकारसम्बन्धी मुख्य नौमध्ये सातसहित विभिन्न चौबीस ओटा अन्तर्राष्ट्रिय महासन्धि र अनुबन्धको पक्ष राष्ट्र हो । नेपालले अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको विशेषगरि महिला तथा बालबालिकाको बेचबिखन रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख, २००० (पलेर्मो प्रोटोकल) अनुमोदन गऱ्यो । संयुक्त राष्टसङ्घको सन् १९५१ को शरणार्थीसम्बन्धी महासन्धिको पक्ष राष्ट्र नभए पनि नेपालले हजारौँ शरणार्थीलाई आश्रय दिइरहेको छ।

नेपालले आफू पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय अनुबन्ध र महासन्धिहरूको कार्यान्वयनको अवस्थाका बारेमा विशेष महत्वका साथ प्रतिवेदन प्रस्तुत गर्ने गरेको छ । साथै यस वर्ष नेपालले युपीआर सचिवालयमा राज्यको प्रतिवेदन बुझाएको छ । प्रस्तुत राष्ट्रिय प्रतिवेदनले विश्वव्यापी आवधिक समीक्षा दोश्रो चक्रमा नेपालले प्राप्त गरेका र स्वीकार गरेका सुझाव कार्यान्वयनको प्रगति प्रस्तुत गरेको छ।

समाधीक्षकहरूसँग सहकार्य गर्न तथा सोधिएका प्रश्नहरूलाई महत्वका साथ सम्बोधन गरिएको छ । खाद्य अधिकार, चरम गरिबी र मानव अधिकारका विषयमा समाधीक्षकको भ्रमणका लागि निमन्त्रणा समेत दिएको छ।

सन् २०२० लाई महिलासम्बन्धी चौथो विश्व सम्मेलन (Beijing + 25) को २५ औँ वर्षको सम्झना स्वरूप मनाइयो । यसको स्मरणार्थ आयोजना गरिएको उच्चस्तरीय कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले लैङ्गिक समानतालाई जीवन र संसारको निरन्तरताको लागि आवश्यक र महत्वपूर्ण अधिकार र न्याय, शान्ति र प्रगतिको एक मात्र मार्गका रूपमा चर्चा गर्नु भएको थियो । राष्ट्रपतिले महिला र युवतीहरूको आर्थिक र सामाजिक आवश्यकतामा ध्यान पुऱ्याउन र समयमै स्वास्थ्य सेवा, खोपमा समान पहुँच र बलियो पुनर्स्थापना योजना सुनिश्चित गर्न जोड दिनु भयो।

संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापना अभियानमा सहभागी भई नेपालले मानव अधिकारको संरक्षण, बालबालिका, महिला र आमनागरिकहरू माथिको अन्याय र अत्याचार रोक्नका लागि आफ्नो अनुकरणीय प्रदर्शन जारी राखेको छ । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् सदस्यको हैसियतले यस वर्ष नेपाल मानवअधिकारका विभिन्न

संयन्त्रमा रचनात्मक रूपमा संलग्न रहेको छ। नेपालले मानवअधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सत्र, सम्वाद र सम्मेलनहरूमा भाग लिएर मुलुकमा मानव अधिकारको प्रवर्द्धनमा आफ्ना अनुभव र प्रयास सार्वजनिक गऱ्यो।

मानव अधिकार परिषद्मार्फत नेपालले विश्वव्यापी रूपमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि रचनात्मक, निष्पक्ष र वस्तुनिष्ठ भूमिकाको लागि वकालत र पैरवी गरेको छ। सन् २०२० मा नेपाल मानव अधिकार परिषद्को सदस्यका लागि सन् २०२१ देखि २०२३ को अवधि र महिलाविरुद्ध हुने भेदभाव उन्मूलन समिति (CEDAW) को २०२१ देखि २०२४ सम्मका लागि पुनः निर्वाचित भयो। यसले मानव अधिकारको प्रवर्द्धन र संरक्षणका लागि नेपालको निरन्तर प्रयास र प्रतिबद्धताहरूलाई अन्तर्राष्ट्रिय समुदायले प्रदान गरेको समर्थनलाई दर्शाएको छ। साथै नेपालले सन् २०१८ देखि २०२० सम्मको अवधिका लागि संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना आयोगको सदस्यको रूपमा पनि काम गरेको छ।

विदेश मन्त्री माननीय श्री प्रदीपकुमार ज्ञवालीले सन् २०२० को फेब्रुअरीमा मानव अधिकार परिषद्को ४३ औँ सत्रमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको थियो। परिषद्को उच्चस्तरीय खण्डमा सम्बोधन गर्दै माननीय मन्त्री ज्ञवालीले मानव अधिकारको संरक्षण र संवर्द्धनप्रति नेपालको प्रतिबद्धता दोहोऱ्याउनु भयो।

कोभिड-१९ को महामारीका कारण सन् २०२० चुनौतीपूर्ण भयो। अरु धेरै देशहरूमा जस्तै नेपालमा पनि महामारीले जीविकोपार्जन, अर्थव्यवस्था र सार्वजनिक स्वास्थ्य प्रणालीमा असर पाऱ्यो। नेपाल सरकारले रोकथाम, नियन्त्रण, आइसोलेसन, क्वारेन्टाइन र उपचार जस्ता उपायहरू मार्फत महामारी सामना गर्नुका साथै डब्लुएचओको निर्देशनहरूको पालना गर्दै विभिन्न स्वास्थ्य र सुरक्षा प्रोटोकलहरू अपनाएको थियो। मानिसहरूलाई निःशुल्क परीक्षण र उपचार सेवाहरू प्रदान गरिएको छ। कोभिड-१९ का बिरामीहरूको मृत्यु दर कमी र निको हुने दर नेपालमा उच्च रहेको छ।

स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरण, जनताको जीवनको रक्षा, दिगो र उत्थानशीलता यस वर्षको प्राथमिकतामा रहयो। खोपहरूको उपलब्धता सुनिश्चित गर्न नेपालले आवश्यक तयारी र समन्वय गरिरहेको छ। महामारीको प्रतिकूल सामाजिक,आर्थिक प्रभावहरूलाई न्यूनीकरण गर्न र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलगायत सबै मानव अधिकारहरूको उपभोग गर्ने वातावरण निर्माणका लागि सरकारले ध्यान पुऱ्यायो।

कोभिड-१९ को महामारीको विश्वव्यापी संकटको अवस्थामा नेपालले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गर्नुभएको विश्वव्यापी युद्धविराम अपिलको समर्थन गऱ्यो। नेपालले "पानी, सरसफाइ र स्वच्छताः विश्वका नेताहरूको संघको सन्दर्भमा केही गरौँ भन्ने आह्वान" लाई सन् २०२० को मे १४ मा समर्थन गर्दै असमानता र पछौटेपन अन्त्य गरी सबैको लागि पानी, सरसफाइ र स्वच्छता सुनिश्चित गर्न समन्वय र सहकार्य गर्न तयार भयो।

सार्क राष्ट्रका नेताहरूको भिडियो सम्मेलनमा भाग लिँदै, सम्माननीय प्रधानमन्त्रीले महामारीको फैलावटलाई रोक्न क्षेत्रीय प्रयासहरूको महत्व औँल्याउँदै सार्क कोभिड-१९ आपतकालीन कोषमा नेपालको तर्फबाट १० करोड विनियोजन गर्ने बताउनु भयो।

नेपाल सरकारले विदेशस्थित नेपाली कुटनीतिज्ञ, कन्सुलर नियोग, विदेशी सरकार र नेपाली प्रवासी समुदाय संस्थासँगको समन्वयबाट सङ्कटमा परेका नेपालीहरूलाई संरक्षण, राहत र स्वदेश फिर्ताको प्रक्रिया सञ्चालन गऱ्यो।

नेपाली कुटनीतिक नियोगहरूले आप्रवासी कामदारहरूलाई कन्सुलर र कुटनीतिक सेवाहरू जारी राख्नुका साथै बेचबिखन र बिचल्लीमा परेका नेपाली नागरिकहरूको सुरक्षित स्वदेश फिर्ताको सुविधा र आप्रवासी कामदारहरूलाई आवश्यक कानुनी सहायता र परामर्श सेवाहरू पनि प्रदान गरेको छ। विश्वका २५ देशबाट हजारौँ नेपालीलाई स्वदेश फिर्ता गरियो।

सन् २०२० मा नेपाल निम्न मध्यम आय भएको देशमा उत्थान भयो। मानव विकास प्रतिवेदन, २०२० ले नेपालको मानव विकाश सूचकाङ्क केही सुधार भएको देखाएको छ। नेपालले निम्न आय भएको आ नो स्थितिमा सुधार गरी मध्यम आयस्तरमा उक्लिन प्रयास गरेको छ। सन् २०३० सम्ममा देशको स्थिति सुधार गर्न दिगो विकाश लक्ष्य र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य अनुरूप सरकारले कार्य गर्दै आएको छ।

निष्कर्षमा, सन् २०२० चुनौतीपूर्ण रहेको भए पनि मानव अधिकारको संरक्षण र संवर्द्धनका सकारात्मक नतिजाको वर्षको रूपमा रहेको छ।

## गृह मन्त्रालय

**क. आर्थिक वर्ष २०७६/०७७**

१. आ.व. २०७६/०७७ मा स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत देशका सात ओटै प्रदेश समेट्ने गरी सात ओटा जिल्लामा मानव अधिकार प्रवर्द्धनसम्बन्धी गोष्ठी/कार्यशाला/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएकोमा सात ओटै प्रदेशमा कोभिड–१९ लकडाउनको कारणले तेस्रो चौमासिकमा रहेको लक्ष्यअनुसारको प्रगति हासिल हुन नसकेको।

**ख. आर्थिक वर्ष २०७७/०७८ (पुस मसान्तसम्म)**

१. यस आ.व. मा लक्षित कार्यक्रमबमोजिम दोस्रो त्रैमासिकमा कास्की जिल्लाको पोखरामा र रुपन्देही जिल्लाको बुटवलमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिवेदन उपर प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।

२. "मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्नेसम्बन्धी आदेश, २०७७" स्वीकृत भई लागु गरिएको।

३. मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनामा संलग्न दोषीहरूउपर कारबाही गर्न र पीडितहरूलाई राहत तथा क्षतिपूर्ति भराइ मानव अधिकार प्रवर्द्धन गर्ने सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालबाट वा सोभैं राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय/निर्देशन भई आएबमोजिम प्रचलित कानुनको परिधिमा रही आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखी पठाइएको र, स्वीकृत मापदण्डको परिधिभित्र रही निकासा भएबमोजिम राहत तथा क्षतिपूर्ति उपलब्ध गराइएको।

४. युपीआरको तेस्रो चक्रमा गृह मन्त्रालयबाट तयार भएको प्रतिवेदन संयुक्त राष्ट्रसङ्घ मानव अधिकार आयोगको कार्यालय जेनेभामा पठाइएको।

**हरिचन्द्र बुढा**
शाखा अधिकृत

## राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगले नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्रिय ऐन कानुन अनुसार महिला हक अधिकारका विषयमा निरन्तर काम गरिरहेको छ। आयोगले महिला हिंसा निवारण र सुरक्षा तथा रोकथामका लागि विगत चार वर्षदेखि आयोगकै परिसरभित्र हेल्पलाइन सेवा सञ्चालन गर्दै आएको छ। यसले गर्दा हिंसापीडित महिलाले आ ना समस्या तथा गुनासो टेलिफोन नम्बर ११४५ मार्फत राख्ने र उपचारको अवसर पाएका छन्।

आयोगले कोभिड–१९ को महामारीको समयमा हेल्पलाइन सेवामार्फत आ नो सेवालाई निरन्तरता दिएको छ। आयोगले महिला अधिकारको प्रवर्द्धन तथा महिला हिंसाको रोकथाम र सुरक्षाको क्षेत्रमा कार्यरत सबै क्षेत्र र सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ। यस कार्यमा आयोगसँग इन्सेकले विगत वर्षहरूदेखि नै महिलाविरूद्ध हुने विभेद, हिंसा निवारणका सवालमा साथ सहयोग गर्दै आएको छ।

आधा आकाश ढाकेका महिलाका सवालको सही सम्बोधन नभएसम्म कुनै पनि अर्थमा समानुपातिक विकास हुन नसकेको कटु सत्यलाई साकार पार्नमा इन्सेकको सहयोग प्रशंसनीय छ। आयोगको महिलाका हक अधिकार र महिला हिंसाविरूद्धको चुनौतीपूर्ण कार्यमा यस संस्थाबाट अझ सशक्त रूपमा साथ सहयोग हुनेछ भन्ने अपेक्षा गरेको छु।

अन्त्यमा, विश्वव्यापी रूपमा यस संस्थाले आर्जन गरेको ज्ञान तथा सीपलाई सकारात्मक परिवर्तनका लागि सार्थक रूपमा कार्यान्वयन हुने कुरामा विश्वस्त हुँदै इन्सेकले हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक मार्फत मानव अधिकारका उल्लङ्घन भएका घटनाहरू र विभिन्न निकायहरूले ध्यान दिनुपर्ने कुरालाई उजागर गर्दै आएको विषय सराहनीय छ। आगामी दिनमा पनि इन्सेकले यस कार्यलाई निरन्तरता दिनेछ भन्ने अपेक्षासहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

**शान्ता अधिकारी भट्टराई**
सचिव

## राष्ट्रिय समावेशी आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेकोमा यस वर्ष पनि मानव अधिकारको अवस्थाको विषयमा केन्द्रित रही पुस्तक प्रकाशन हुन गइरहेको विषय सकरात्मक रहेको छ। उक्त पुस्तकमा यस आयोगको धारणा राख्ने अवसर प्रदान गरेकामा यस आयोगको तर्फबाट आभार व्यक्त गर्दै उक्त पुस्तक सबैका लागि उपयोगी हुन सकोस् भनी शुभकामना व्यक्त गरिएको छ।

नेपालको संविधानको भाग २७ धारा २५९ तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ। संविधान तथा उक्त कानुनबमोजिम यस आयोगले खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिकरूपले विपन्न वर्गलगायतका समुदायको हक, अधिकारको संरक्षणका लागि अध्ययन अनुसन्धान गरी सम्बन्धित क्षेत्र, निकायमा सिफारिस गर्ने कार्य मुख्य रूपमा गर्दै आएको छ। यस आयोगले जोखिममा परेका व्यक्ति वा वर्गको हक हित र संरक्षणमा काम गर्ने भएकाले त्यस्ता व्यक्ति वा वर्गको मानव अधिकारको संरक्षणका लागि खोज अनुसन्धान तथा सिफारिस गर्ने कार्य गरिरहेको छ । नेपाल सरकारले आफ्नो श्रोत साधन तथा क्षमताले भ्याएसम्म त्यस्ता वर्गको हकहितका लागि उल्लेख्य कार्य गरिरहेको छ। तथापि वञ्चितीमा रहेका यस्ता वर्गको हक हितका लागि छुट्टै र थप विशेष कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ। सङ्घीय, प्रदेश तथा स्थानीय सरकार र अन्य गैरसरकारी सस्थाहरूले समेत आफ्नो नीति कार्यक्रम, बजेट तय गर्दा यस्ता सीमान्तीकृत, पछाडि परेका तथा जोखिममा रहेका वर्ग वा व्यक्तिको हक हितमा सर्वोत्तम हित पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ।

सन् २०२० मा विश्वजगत तथा नेपाल पनि कोभिड-१९ को महामारीका कारणले आक्रान्त भयो। यस्तो महामारीमा मूलतः अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, पिछडिएको विपन्न वर्ग झन् बढी जोखिम र समस्यामा परेका छन्। त्यसैले यस समयमा यस्ता वर्गहरूको न्यूनतम मानव अधिकार सङ्कटमा रहेको अवस्था थियो । यस आयोगका तर्फबाट उक्त समयमा त्यस्ता वर्गको हकहितका विषयमा विभिन्न अन्तरक्रिया गरी सम्बन्धित निकायमा सिफारिस गरिएको, त्यस्ता व्यक्ति वा वर्गले भोग्नु परेको कठिनाइका विषयमा अनुगमन एवम् अध्ययन गरिएको र विपन्न तथा कमजोर वर्गको हितका लागि सूचनासमेत प्रवाह गरिएको थियो। यस्ता वर्गको हकहितका लागि सबै तहका सरकारले न्यूनतम मानव अधिकारको सुनिश्चितताका लागि यथोचित राहत प्रदान गरे पनि त्यस्तो राहत तथा सहयोग पर्याप्त हुन भने सकेको छैन । कोभिड-१९ को प्रभाव अझ भविष्यमा पनि रहने हुनाले आर्थिक सामाजिक रूपले पछाडि परेका खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिकरूपले विपन्न वर्गलगायतका समुदायलाई आगामी दिनमा मानवोचित जीवन निर्वाह गर्न तीनै तहका सरकारहरू, सम्पूर्ण सञ्चार जगत, निजी तथा गैरसरकारी संस्थाहरू, नागरिक समाज, तथा सबै नागरिकहरूको आपसी सहयोग र संयुक्त प्रयास रही रहने छ भनी यस आयोगले अपेक्षा गरेको छ।

**पुष्कर भट्टराई**
उपसचिव तथा प्रवक्ता

## मधेसी आयोग

मधेसी आयोगले मधेसी समुदायको गर्भावस्थादेखि मृत्युपर्यन्तको अवस्थालाई मानव अधिकारको दृष्टिले नीति नियम कानुनमा नीतिगत सुधार, अध्ययन, अनुसन्धान र उजुरी सङ्कलन गरी तहकिकातका लागि सम्बन्धित सरोकारवालाहरूलाई सिफारिस गर्ने अनुगमन र मूल्याङ्कनसहित अहोरात्र कार्य गर्दै आइरहेको छ।

विगत एक वर्षमा तराई मधेसका जिल्लाहरूका साथै सात प्रदेश र ७७ ओटा जिल्लामा बसोबास गर्दै आइरहेका मधेसी समुदायमको मानव अधिकारका उल्लङ्घन भएका झण्डै २ सय ओटा उजुरी आयोगमा आयो। खुला सीमानाको कारण अवसरभन्दा बढी चुनौती थपिएका छन् । कोभिडपछि घरेलु हिंसा, हत्या, बालविवाह, सामाजिक कुरीतिहरू भएको देखिन्छ। प्रशासन कतिपय अवस्थामा संवेदनशील नभएको पाइएको छ। दलित, विपन्न, अति विपन्नमाथि झन् ठूलो

आर्थिक, सामाजिक, सांस्कृतिक र नागरिक अधिकारको हनन् भएको देखिन्छ । यस्ता विषयमा सरकारका प्रयासहरू अझै प्रभावकारी हुनुपर्ने देखिन्छ। विभिन्न प्रतिकूलताका बावजुद पनि सामाजिक सद्भाव झड्काउन धार्मिक सद्भाव खलबल्याउने माथि यो आयोगको सत्प्रयासका कारण नियन्त्रण र न्यूनीकरण भएको कुरा अनुगमनको क्रममा पाइएको छ।

नेपालको संविधान २०७२ को धारा २३२ बमोजिम संवैधानिक मान्यता प्राप्त गरेपछि यस आयोगले आफ्ना कार्यहरू आयोगको ऐन २०७४ बमोजिम गर्दै आएको छ। मधेसी समुदायको हक हित संरक्षण र संवर्द्धनमा जोड दिई उनीहरूलाई राज्यको हरेक क्षेत्रमा सम्मानपूर्वक रहन पाउने कार्यमा आयोगले नेपाल सरकारलाई सुझाव र सिफारिस दिने गरेको छ। मधेसी समुदाय र व्यक्तिउपर गरिने जुनसुकै विभेदपूर्ण क्रियाकलापको सम्बन्धमा सुधारका विषयहरू छनौट गरी सरकारलाई सुझाव दिन्छ। यस आयोगबाट एक वर्ष तीन महिनामा भएका कार्यहरू निम्न बमोजिम छन्:

१. मधेसी समुदायको पहिचान झल्कने प्रोफाइल तयार गरी प्रकाशन गराउने कार्यको थालनी भएको छ।
२. मधेसी समुदायको तथ्याङ्क सङ्कलन गरी प्रकाशन गर्ने कार्य भइरहेको छ।
३. मधेसी समुदायको हक हित संरक्षण र सजायको विभिन्न तहमा पुग्न प्रोत्साहन गर्ने उद्देश्यले विद्यार्थीलाई लोक सेवा आगोगको कक्षा सञ्चालन गरिएको छ।
४. मधेसी समुदाय रहेको जिल्लामा नियमित रूपमा अनुगमन गरिएको, वास्तविक स्थितिको मूल्याङ्कन गरी सरकारलाई सुझाव प्रस्तुत गरिएको छ।
५. मधेसी समुदायलाई विभिन्न विषयमा सचेतना दिन स्थानीयस्तरबाट प्रोत्साहन गरिएको छ।
६. मधेसी आयोगलाई सबल बनाउन र यसको नीतिगत र संस्थागत सुधार गर्न आवश्यक पर्ने सुझावका लागि नागरिक समाज, बुद्धिजीवी, कानुन व्यवसायी, राजनीतिक नेताहरू, माननीय सांसदहरूसँग बसी अन्तरक्रिया गरी सुझाव लिइएको छ।
७. आयोगबाट अनुगमनका क्रममा विभिन्न स्थानको पहिचान गरी गुनासो सङ्कलन गर्ने क्रममा सुदूरपश्चिम प्रदेश, बागमती प्रदेश, प्रदेश २ र प्रदेश १ मा कार्यक्रम गरी त्यहाँको वास्तविक अवस्थालाई प्रतिवेदनमार्फत सुधारका लागि सरकारलाई सिफारिस गरिएको छ।
८. मधेसका अति विपन्न तथा पछाडि पारिएका समुदायको उत्थान र संरक्षणका लागि विभिन्न सेचतनामूलक कार्यक्रम गरिएको, प्राप्त गुनासाहरू सुधार गरी दिन नेपाल सरकारलाई सिफारिस गरिएको छ।
९. मधेसको भाषा, लिपी, संस्कृति, इतिहास र परम्पराको संरक्षण र नेपाली भाषासरह मान्यता दिन सम्बन्धित निकायमा सिफारिस गरिएको, भाषा सम्बन्धमा भाषा आयोगसँग फलदायी बैठक गरी आफ्ना सुझाव राखिएको छ।
१०. मधेसी समुदायमा रहेको दाइजो, बोक्सीजस्ता कुरीति र अन्धविश्वास हटाउन र सबै प्रकारका शोषण अन्त्य गर्न समुदायमै गई चेतनामूलक कार्यक्रम गरिएको छ।
११. मधेसी समुदायको हक संरक्षणका लागि अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयनका लागि अध्ययन र विश्लेषणसम्बन्धी टोली वा कार्यदल गठन गर्न सरकारलाई सिफारिस गरिएको छ।
१२. सीमामा भारतले बनाएको बाँध र राजमार्गले मधेसी समुदायलाई परेको असरका सम्बन्धमा समस्या न्यूनीकरणका लागि आवश्यक कदम चाल्न नेपाल सरकारलाई सुझाव प्रस्तुत गरिएको छ।
१३. सीमा सुरक्षाका लागि मधेसी समुदायले गरेको योगदानको उच्च प्रशंसा गर्दै नेपाली भूमि मिचिएको क्षेत्र सुस्ता, दार्चुला, इलाम आदि ठाउँको अनुगमन गरी सरकारलाई भूमि संरक्षणका लागि आवश्यक सुझाव दिइएको छ।
१४. लिखित, मौखिक, सञ्चार माध्यमको हेल्पलाइन सेवा ११५२ बाट प्राप्त उजुरीलाई आयोगले तत्कालै सम्बोधन गरी विगतमा प्राप्त करिब २० सय उजुरीलाई शत प्रतिशत सम्बोधन गरिएको छ।
१५. मधेसी पहिचानको प्रमुख माध्यम थर सूचिकृत हुँदा सो कार्यको प्रारम्भिक कार्य सुरु गरिएको छ । यसका लागि सबै पालिका र जिल्ला समन्वय समितिमा पत्राचार गरिएको छ।

१६. आयोगले विगतमा विराटनगरको रङ्गेली, प्रदेश २, कपिलवस्तु र नेपालगञ्ज तथा सुदूरपश्चिम कार्यक्रम सञ्चालन गरी मेधशी समुदायको चेतना जगाइएको छ।

१७. आयोगको सुधारका लागि आवश्यक पर्ने विभिन्न कार्यविधि निर्माण गरी सञ्चालनमा आएको, आयोगलाई आवश्यक पर्ने लोगो निर्माण गरिएको, नागरिक वडापत्र बनाई सुसूचित तथा अन्य आवश्यक कार्य गरिएको छ।

१८. आयोगले आफ्नो वेबसाइटमार्फत आयोगका गतिविधि सार्वजनिक गर्ने, मेसेन्जर, भाइवर आदि सोसियल मिडियामार्फत विभिन्न सूचना सम्प्रेषण गर्ने, सूचना अधिकारी र प्रवक्तामार्फत सूचना उपलब्ध गराउने, जानकारी लिनेदिने गरेको, सहयोगका लागि हेल्पलाइन ११५२ र टोल फ्रि १६६००११६१८५ को व्यवस्था रहेको छ।

१९. वार्षिक कार्ययोजना तयार गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयबाट स्वीकृत लिने व्यवस्था गरिएको छ।

२०. आयोगलाई आवश्यक पर्दा अन्य संवैधानिक आयोगहरू, मन्त्रालयहरूका साथै सरोकारवाला कार्यालय, सङ्घसंस्था निकायहरूसँग परामर्श लिने गरिएको छ।

२१. आयोगलाई आवश्यक पर्ने विज्ञहरूको रोस्टर तयार गरी विज्ञहरू चयन गरिएको हुँदा विज्ञ सेवा लिन सहज भएको छ।

२२. कोभिड–१९ को महामारीले आक्रान्त जनमानसलाई केही न केही राहत पुऱ्याउने उद्देश्यले आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा एक उच्चस्तरीय अनुगमन समिति गठन गरी सो समितिको नियमित बैठक बसी करिब १४ ओटा विज्ञप्ति जारी गरी सरकारलाई सुझाव प्रस्तुत गरिएको छ । समितिमा बार एशोसिएशन, पत्रकार महासङ्घ, मेडिकल एशोसिएशन, महिला अधिकारकर्मी, नागरिक समाज, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी राष्ट्रिय अनुसन्धान विभाग र आयोगका उच्च अधिकारीको सहभागिता रहेको थियो।

२३. आयोगबाट प्रदेश १, प्रदेश २, बागमती प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका अधिकारकर्मी सम्बद्ध व्यक्तिहरूसँगको सामाजिक सञ्जालमार्फत प्रत्यक्ष सम्पर्क हुने गरेकोले सूचना पाउन सहजता रहेको छ।

२४. चर्चित नागरिकता विधेयकका सम्बन्धमा आयोगबाट बुद्धिजीवि सम्मिलित नौ ओटा बैठक सम्पन्न गरी सुझाव लिइएको साथै २०७८ को जनगणना त्रुटीरहित बनाउन तथ्याङ्क विभागसँग विमर्श गरिएको छ।

२५. २०७६ चैत ७ गते आयोगको स्थापना दिवस भव्यरूपले मनाइएको, समारोहमा गन्यमान्य व्यक्ति उपस्थित रही विभन्नि कार्यक्रम गरिएको, उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिएको छ।

२६. आवश्यकताअनुसार आयोगको बैठक माननीय अध्यक्षज्यूको संयोजकत्वमा नियमित हुने गरेको छ।

२७. नेपालको संविधानको धारा २९४ बमोजिम आयोगको २०७५/०७६ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको छ।

२८. आयोगलाई आवश्यक पर्ने नियमावली निर्माणको चरणमा रहेको छ।

**विन्दुदेवी शर्मा**
शाखा अधिकृत

## थारू आयोग

१. सन् २०२० मा कोभिड–१९ को प्रभाव नेपालमा पनि परेसँगै मुलुक बन्दाबन्दीको अवस्थाबाट गुज्रिन बाध्य भयो। सोही समयको नकारात्मक प्रभाव थारु समुदायलाई पनि पर्न गयो । मुलुकमा अधिकांश थारु युवा स्वदेशभित्रै निर्माण क्षेत्रमा मजदुरको रूपमा कार्यरत रहेका छन् । कोभिड–१९ को महामारीका कारण काठमाडौँ उपत्यकालगायतका विभिन्न क्षेत्रमा कार्यरत थारु समुदायका मजदुरहरूलाई खान, बस्नको असुविधा पर्न गएको, श्रमबापतको ज्याला नपाउँदा बेखर्ची हुन गएको, रोजगारी गुम्न गई आफ्नो घरसम्म पैदलै जानुपर्ने अवस्था सिर्जना भएको र श्रमबापतको ज्याला लिन आउन पनि धेरै खर्च लाग्ने हुँदा समस्या परेको।

२. थारु समुदाय मुख्यतः कृषि पेशामा आबद्ध रहेको समुदाय हो । समयमा नै कृषि मल

उपलब्ध हुन नसक्दा उत्पादनमा कमी हुन गई कृषि आय घट्न जाने अवस्था देखिएको र यसका कारण थारु समुदाय गरिबीतर्फ धकेलिने अवस्था आउन सक्ने देखिएको।

३. थारुहरूको जग्गा गैर थारुहरूले विभिन्न वित्तीय संस्थाहरूमा धितोमा राखी व्यापार, व्यवसाय सञ्चालन गर्ने र उक्त ऋण नतिरी भागेर जाने गर्दा थारुहरूको उक्त जग्गा वित्तीय संस्थाहरूले लिलामी गरिदिने प्रवृत्ति बढ्दै गएकोले थारुहरू दैनन्दिन ठगिएको अवस्था छ।

४. बोक्सी प्रथाजस्तो कुप्रथाले पनि थारु महिलाहरू नराम्रोसँग प्रभावित भएका छन्।

५. यस समुदायको अधिकांश कुलदेवता ग्रामथान सरकारी ऐलानी र वन क्षेत्रमा रहने गरेकोमा ऐलानी जमिन अतिक्रमण हुने वन क्षेत्रमा प्रवेश गर्न समस्या भएकोले सम्पदाको संरक्षण र धार्मिक आस्था कुण्ठित हुन गएको छ।

६. राष्ट्रिय निकुञ्जका मध्यवर्ती क्षेत्रभित्र गई जडिबुटी खोज्न निषेध गरिएको हुँदा थारुहरूका वैद्य/गुरुवाको परम्परागत उपचार पद्धतिमा बाधा परेको छ।

**निशा लौडारी**,
शाखा अधिकृत

## नेपाली सेना

१. नेपाली सेना नेपालको संविधान, कानुन तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डमा राज्यले व्यक्त गरेको प्रतिबद्धताबमोजिम मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सर्वमान्यतालाई पूर्णरूपमा पालना गर्न सदैव प्रतिबद्ध रहेको।

२. नेपाली सेनालाई आधुनिकीकरण गर्ने तथा व्यवसायिक सेनाका रूपमा विकास गर्दै लैजाने लक्ष्यअनुरूप नेपालको संविधान र सैनिक ऐन, २०६३ बाट निर्दिष्ट भएको प्रावधानबमोजिम नेपाली सेनामा सञ्चालन हुने सबै तालिमहरूमा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषय समावेश गरी सकलदर्जाहरूलाई प्रशिक्षित गराउँदै आइरहेको छ। सोहीबमोजिम सबै तालिम पाठ्यक्रममा मानव अधिकारसम्बन्धी विषय अनिवार्यरूपमा समावेश गरी नेपाली सेनाका सकल दर्जालाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा प्रशिक्षित गराइएको।

३. श्री प्रधान सेनापतिज्यूको कमाण्ड मार्गनिर्देशन कार्यान्वयनको सन्दर्भमा नेपाली सेनाका सकल दर्जाहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा जानकारी गराउन प्रत्येक तीन/तीन महिनामा १ (एक) पटक सबै युनिटमा कक्षा सञ्चालन गर्ने निर्देशन भएबमोजिम सोसम्बन्धी विषयमा कक्षा सञ्चालन गरी हालसम्म करिब ४५ हजार ५ सय ७१ जना सैनिक व्यक्तिहरूलाई प्रशिक्षित गराइसकिएको।

४. मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाली सेनाका सबै पृतना मानव अधिकार महाशाखा तथा बाहिनी मानव अधिकार शाखाहरू खडा गरी मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयहरूको नेपाली सेनामा कार्यरत सकल दर्जाहरूलाई ज्ञान भए/नभएको सम्बन्धमा यस मानव अधिकार निर्देशनालयबाट सबै पृतना मानव अधिकार महाशाखा तथा वाहिनी मानव अधिकार शाखाहरूमा निरीक्षण भ्रमण हुँदै आइरहेको।

५. नेपाली सेनामा मानव अधिकारको पूर्णरूपमा पालना गराउनको निमित्त नेपाली सेनाका युनिटहरूलाई यस निर्देशनालयबाट मानव अधिकार तथा मानवीय कानुनसम्बन्धी हाते पुस्तक तथा डीभीडी वितरणसमेत गरी सकिएको।

६. संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापनार्थ तैनाथ हुन जाने नेपाली सेनाका विभिन्न UN Mission मा खटी जाने सकल दर्जाहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका विषयमा प्रशिक्षित गराई खटाउने गरिएको।

७. अन्त्यमा, मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा क्रियाशील त्यस अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को प्रगतिको कामना गर्दै "मानव अधिकार वर्ष पुस्तक-२०२१" प्रकाशित हुन

लागेको सन्दर्भमा नेपाली सेना शुभकामना व्यक्त गर्दछ।

**जीवनप्रसाद दाहाल**
प्राड सहायक रथी, निर्देशक

## नेपाल प्रहरी

मानव अधिकारको क्षेत्रमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले विगत वर्षहरू झैँ यस वर्ष पनि "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१" प्रकाशन गर्न लागेको कुराले हामीलाई खुशी लागेको छ। वर्तमान विश्वमा मानव अधिकार सभ्य समाजको पहिचान र सेवा प्रवाहको स्तर मापन गर्ने आधार बनेको छ। मानव अधिकारको पूर्णरूपमा प्रत्याभूति दिलाउनु नै वर्तमान अवस्थामा राज्यको पहिलो प्राथमिकता हो।

नेपाल प्रहरी नागरिकलाई राज्यले प्रदान गरेको संवैधानिक हक, अधिकार, ऐन, कानुन कार्यान्वयन गर्ने निकाय हो। समाजमा शान्ति सुरक्षा कायम गर्दै मानव अधिकारको संरक्षण, संवर्द्धन/प्रवर्द्धन र परिपूर्ति गर्ने कार्यमा नेपाल प्रहरी अग्रणी भूमिकामा रहेको हुँदा आफूलाई सदैव चुस्त, दुरुस्त, प्रभावकारी र तत्पर राख्दै विभिन्न सङ्घसंस्था, अधिकारकर्मी तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँगको सहकार्य र समन्वयलाई उच्च प्राथमिकतामा राखेको छ।

मानव अधिकार मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै नागरिकका अधिकारहरूको प्रभावकारी कार्यान्वयन तथा मानव अधिकार उल्लङ्घन हुन नदिन नेपाल प्रहरीमा प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने गरी २०५९ मा २ गते मानव अधिकार उल्लङ्घन अनुगमन इकाइको स्थापना भएको हो। मानव अधिकारको उल्लङ्घनको विषयमा शून्य सहनशीलताको नीति अख्तियार गर्दै सिङ्गो प्रहरी सङ्गठनलाई मानव अधिकारमैत्री बनाउने लक्ष्य साथ प्रदेशस्तरका मानव अधिकार उल्लङ्घन अनुगमन इकाइ र प्रत्यक्ष जिल्ला प्रहरी कार्ययोजनामा सम्पर्क अधिकृतको व्यवस्था गरेर अनुगमन, अनुसन्धान, तालिम, सजाय र पुरस्कारको माध्यमबाट प्रहरी कर्मचारीबाट हुनसक्ने मानव अधिकार उल्लङ्घनलाई निरूत्साहित गर्दै नागरिकका अधिकार संरक्षण गर्ने कार्यमा क्रियाशील रहँदै आइरहेको छ।

नेपाल प्रहरीको कार्ययोजना २०७७ मा समेत मानव अधिकारको विषयवस्तुलाई उच्च प्राथमिकतामा राखी विभिन्न क्रियाकलापहरू तर्जुमा गरी कार्यान्वयन गर्ने साङ्गठनिक लक्ष्य रहेको छ। नेपाल प्रहरीले संरक्षण संवर्द्धन/प्रवर्द्धन र परिपूर्तितर्फ गत आर्थिक वर्षमा निम्नबमोजिम कार्य सम्पादन गरेको छ।

**१. मानव अधिकार संक्षणतर्फ**

- विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसबाट नेपालसमेत प्रभावित भएको र यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले गरेको लकडाउनलाई पूर्णरूपमा कार्यान्वयन गरी पीडित, असहाय, महिला, बालबालिका र जेष्ठ नागरिकलाई विशेष प्राथमिकतामा राखी सुरक्षा र संरक्षण प्रदान गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, सम्मानित अदालत, राष्ट्रिय मानव अधिकार आयोग, बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन तथा आवश्यक अनुसन्धान एवम् छानविन गरी भइआएको आदेशहरूको कार्यान्वयन सम्बन्धमा समेत निर्देशन दिने गरेको।
- प्रहरी कार्यालयहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको तथा इमेल, टेलिफोन, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक सञ्जालमार्फत गुनासो गर्न सक्ने प्रावधान मिलाइएको।
- मानव अधिकार उल्लङ्घनका घटना सम्बन्धमा प्राप्त उजुरी, सिफारिस, पत्रपत्रिका तथा अन्य विविध स्रोतबाट प्राप्त सूचनाको आधारमा अनुसन्धान, छानविन गरी दोषी देखिएमा प्रहरी कर्मचारीलाई विभागीय कारबाही गर्ने गरिएको साथै चालु आ.व. मा सात जना गरी हालसम्म ७ सय ८७ जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिसकिएको।
- प्रमाणमुखी अपराध अनुसन्धानको पद्धति अवलम्बन गरी अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकारको संरक्षण गरिएको।
- विभिन्न कार्यालयहरूको अनुगमनको क्रममा प्रहरी इकाइहरूलाई आफूले प्रदान गर्ने सेवा प्रवाहलाई थप मानव अधिकारमैत्री एवम् पीडितमैत्री बनाउन प्रोत्साहन गर्दै निर्देशन दिने गरिएको।

**२. मानव अधिकार प्रवर्द्धनतर्फ**

- प्रहरी कर्मचारीलाई दक्ष, प्रतिबद्ध एवम् व्यवसायिक बनाउन सम्पूर्ण आधारभूत तथा उन्नत तालिमको पाठ्यक्रममा मानव अधिकार विषय अनिवार्य गरिएको। चालु आ. व. मा १ हजार ६ सय ३३ जना तथा हालसम्ममा जम्मा २१ हजार ९ सय ५५ जना प्रहरी अधिकृत तथा जवानहरूलाई मानव अधिकार तालिम प्रदान गरिसकिएको।
- मानव अधिकारको मूल्य र मान्यतप्रति अझ बढी संवदेनशील भई कार्य गर्न प्रहरी कर्मचारीहरूलाई सम्मान कदर पत्र तथा पुरस्कारद्वारा प्रोत्साहन गर्ने गरिएको साथै चालु आ. व. १ हजार ६ सय ७५ जना प्रहरी कर्मचारीहरूलाई पुरस्कृत गरी सकिएको।
- समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत देशभर स्थानीय निकाय र सरोकारवाला निकायसहित सम्मिलित २५ हजार ४ सय ९० ओटा समिति गठन गरी स्थानीय निकाय तथा सरोकारवालाहरूको सहकार्यहरूको जम्मा २९ हजार १ सय ६४ ओटा कार्यक्रम सम्पन्न गरी सचेतना अभिवृद्धि गरिएको। यसबाट ७८ लाख ६७ हजार ५ सय ६५ आमनागरिक लाभान्वित भएको। छाउपडी ८ हजार ६ सय १७ ओटा, बोक्सीको आरोप १ सय ८६ ओटा, दाइजो २ सय ६१ ओटा, छुवाछूत २ सय ४९ ओटा जस्ता विकृतिविरुद्धका कार्यक्रमहरू तथा ट्राफिक सचेतनासम्बन्धी कार्यक्रमहरू स्कूल तथा समुदायमा सचेतना शिक्षा कक्षा सञ्चालन गरिएको।

**३. मानव अधिकार परिपूर्तितर्फ**

विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस सङ्क्रमणलाई रोक्न नेपाल सरकारले गरेको लकडाउन आदेशलाई कार्यान्वयन गर्नका लागि अग्रपङ्क्तिमा खटिएका प्रहरीले थप चुनौतीहरूको सामना गर्नु परे तापनि सम्भावित अवाञ्छित गतिविधिको रोकथाम र अपराध अनुसन्धान र नियन्त्रण, स्वास्थ्यकर्मी, अस्पताल, क्वारिन्टिन व्यवस्थापनलगायत स्थानमा सुरक्षा कायम गरी आफूलाई सुम्पिएको जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेको छ।

सम्मानित अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक/अर्धन्यायिक निकायहरूबाट भएका निर्णय फैसलाहरूको कार्यान्वयन गरिएको।

**बसन्तबहादुर कुँवर**
केन्द्रीय प्रवक्ता
प्रहरी प्रधान कार्यालय

## सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र प्रहरी बल, नेपालले मानव अधिकार हनन् तथा दण्डहीनता प्रश्रय नदिने नीति अवलम्बन गरेअनुरूप सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घन भएको सम्बन्धमा जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरू उपर तत्काल अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन गरेको ठहरिएमा सङ्गठनले कसुरअनुसार सशस्त्र प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गर्दै आइरहेको छ। नागरिकहरूका संविधानप्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकारलाई जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाई समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल, नेपालले सीमा क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसारपसारजस्ता जघन्य अपराध रोकथामका लागि सूक्ष्मरूपमा निगरानी बढाइ पीडितहरूको उद्धार गर्न सराकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरी कर्तव्य निर्वाह गर्दै आइरहेको छ।

नेपाल सरकारको मानव अधिकारसम्बन्धी शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बल, नेपालले पनि अक्षरशः पालना गर्ने/गराउने वातावरण सिर्जना गर्नेतर्फ सक्रियता देखाउनुका साथै सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कर्मचारीहरूलाई मानव अधिकार सम्बन्धमा संवेदनशील एवम् सचेतसम्बन्धी सचेत गराउने उद्देश्यले मानव अधकिार सेल र सरकारी तथा गैरसकारी सङ्घसंस्थाहरूबाट प्रशिक्षक झिकाई मानव अधिकारको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाउने उद्देश्यअनुरूप सशस्त्र प्रहरी बल, नेपालले वार्षिक तालिम क्यालेण्डर तयार गरी सोही क्यालेण्डरबमोजिमका दुई दिने मानव अधिकार अनुशिक्षण तालिम सञ्चालन गरेर सशस्त्र प्रहरी कर्मचारीहरूलाई निरन्तर प्रशिक्षण प्रदान गरिरहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको नियन्त्रण तथा न्यूनीकरण गर्न सशस्त्र प्रहरी बल, नेपाल सदैव प्रतिबद्ध रहेको छ र यी प्रतिबद्धताहरू सहजताका साथ पूरा गर्न मिति २०५९/०९/२९ गते सशस्त्र प्रहरी बल,

नेपाल प्रधान कार्यालय, हलचोकमा मानव अधिकार सेलको स्थापना गरी प्रभावकारीरूपमा कार्य सम्पादन हुँदै आइरहेको छ। अन्तर्राष्ट्रिय मानव अधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनीसम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाट प्रशिक्षक उत्पादन गर्ने कार्यसमेत हुँदै आइरहेको छ। सन् २०२० जनवरी १ देखि डिसेम्बर ३१ (तदनुसार वि.सं. २०७६ पुस १६ गतेदेखि २०७७ पुस १६ गते) सम्म बल प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घको सिद्धान्त तथा मानव अधिकार अनुशिक्षण तालिम सञ्चालन गरी एक वर्षको अवधिमा ५ हजार ५ सय ३५ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षित गर्नुका साथै समयसापेक्ष ज्ञान हासिल गर्ने तथा सङ्गठनका कामकारबाहीमा प्रभावकारिता ल्याउने उद्देश्यले सङ्गठनबाट सरकारी तथा गैरकारी निकायहरूमा समयसमयमा सञ्चालन गरिने तालिम, सेमिनार, अन्तरक्रिया तथा छलफलहरूमा सहभागिता जनाउने गरिएको छ।

अन्त्यमा, मानव अधिकार स्थितिका बारेमा सामाजिक न्यायका निमित्त स्थापित अनौचारिक क्षेत्र सेवा (इन्सेक)द्वारा वार्षिकरूपमा प्रकाशन हुने "मानव अधिकार संरक्षण र संवर्द्धनमा यस संस्थाले सदैव महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्दछौं।

**कमल गिरी**
सशस्त्र प्रहरी नायब महानिरीक्षक
मानव अधिकार सेल, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

## नेपाल बार एशोसिएशन

त्यस संस्थाले विगत वर्षभैँ नियमित प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले सन् २०२० मा नेपालको मानव अधिकार स्थितिका बारेमा स्थलगत अध्ययन गरी तयार पारेको वास्तविक सत्य तथ्य सार्वजनिक गर्नेछ भन्ने हाम्रो विश्वास छ।

नेपाल बार एशोसिएशनले सन् २०२० को समग्र मानव अधिकार अवस्थाको मूल्याङ्कन, अवलोकन गर्दा विधिको शासन, न्यायमा सहज पहुँचका स्थिति, व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको अवस्था उत्साहप्रद रहेको पाइएन। व्यक्ति हत्या, गम्भीर फौजदारी मुद्दाहरूको अनुसन्धान, अभियोजनमा गएिको स्वेच्छाचारी प्रवृत्ति, अपहरण, यौन हिंसा, बलात्कार घटनामा वृद्धि, वाक तथा प्रकाशन स्वतन्त्रता नियन्त्रण प्रयास, अदालतको आदेश विपरीत पटक-पटक पक्राउ र अड्डासार गर्ने, अन्तरिम आदेशको अवहेलना गरि व्यक्तिको सम्पत्ति तथा आवासमा बलपूर्वक हस्तक्षेप लगायताका घटनाका अतिरिक्त कोभिड-१९ को सङ्क्रमण र बन्दाबन्दीका अवस्थामा स्वदेश र विदेशमा रहेका नागरिकहरूप्रति राज्यको व्यवहार, सार्वजनिक आवागमन, स्वास्थ्य उपचार, क्वारेन्टिन र आइशोलेशन सेन्टरको अवस्थामसेतको समग्र अध्ययनबाट नेपाल सरकार नागरिकहरूको मोलिक हक तथा मानव अधिकार संरक्षणमा अनुदार र असहिष्णु भएको भन्ने नेपाल बार एशोशिएशनको मूल्याङ्कन रहेको छ।

**अधिवक्ता लीलामणि पौडेल**
महासचिव

## नेपाल पत्रकार महासङ्घ

नेपाल पत्रकार महासङ्घ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका साथै मानव अधिकारको क्षेत्रमा पनि क्रियाशील संस्था हो । यस परिप्रेक्ष्यमा मानव अधिकारको संरक्षण र वकालत गर्ने अन्य संस्थाहरूको पहललाई पनि महासङ्घ सम्मान गर्दछ । मानव अधिकारको उल्लङ्घनका तथ्याङ्कहरू सङ्कलन गर्दै मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्ने

| क्र. सं. | घटना प्रकृति | सङ्ख्या |
|---|---|---|
| १. | मृत्यु/हत्या | |
| २. | बेपत्ता | |
| ३. | गिरफ्तारी | ५ |
| ४. | कब्जा/अवरोध | ४ |
| ५. | आक्रमण | ९ |
| ६. | लैङ्गिक हिंसा | |
| ७. | दुर्व्यवहार/धम्की | ३२ |
| ८. | विस्थापन | |
| ९. | पेशागत असुरक्षा | २ |
| १०. | नीतिगत बन्देज | |
| | कुल घटना | ५२ |

स्रोत : नेपाल पत्रकार महासङ्घ, प्रेस स्वतन्त्रता अनुगमन इकाइ, सन् २०२० डिसेम्बर ३१

कार्यमा सराहनीय भूमिका निर्वाह गर्दै आइरहेको इन्सेकले विगतझैं यस वर्ष पनि मानव अधिकार उल्लङ्घनका तथ्याङ्कहरू समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तक–२०२१ प्रकाशन गर्न लागेकोमा शुभकामना दिन चाहन्छु।

नेपाल पत्रकार महासङ्घले पनि नेपालको प्रेस स्वतन्त्रताको अवस्थालाई नजिकबाट अध्ययन गरिरहेको छ। महासङ्घले मानव अधिकारका सम्बन्धमा अनुगमन डेस्कको स्थापना गरी सञ्चारकर्मीहरूमाथि हुने आक्रमण, धम्की, गिरफ्तारीलगायतका घटनाका बारेमा नियमित अनुगमन गर्दै आएको छ । यो वर्ष पनि पत्रकारले पेशागत अभ्यासका क्रममा विभिन्न चुनौती, अवरोध र समस्याबाट गुज्रनु परेको छ। सङ्घीय सरकार र प्रदेश सरकारले सरोकारवालासँगको छलफलबिना नै सञ्चारसम्बन्धी विभिन्न कानुन निर्माण गरे । जसका कारण पत्रकारहरूको पेशागत सुरक्षा थप चुनौतीपूर्ण बन्यो।

हाल सङ्घीय संसदमा मिडियासम्बन्धी मुख्य तीन कानुनहरू दर्ता भएका वा छलफलका क्रममा रहेका छन्। २०७६ वैशाखमा नेपाल सरकारले नेपाल मिडिया काउन्सिलसम्बन्धी नयाँ कानुन निर्माण गरी राष्ट्रिय सभामा दर्ता गरेपश्चात् उक्त कानुनले काउन्सिलको स्वतन्त्रता र स्वायत्ततामा हस्तक्षेप गरेको र त्यसले प्रेस स्वतन्त्रतालाई संकुचित पार्ने देखेर महासङ्घको नेतृत्वमा भएका चरणवद्ध आन्दोलनपश्चात् राष्ट्रियसभाले त्यसमा केही संशोधन गरी प्रतिनिधिसभामा पठाइसकेको छ। अझै पनि उक्त विधेयकमा रहेका प्रावधानहरूले काउन्सिललाई सिधै सरकारी नियन्त्रणमा राख्ने अवस्था देखिएकाले महासङ्घले यसका लागि आवाज उठाइरहनुपर्ने आवश्यकता छ।

त्यसैगरी, सूचना प्रविधिसम्बन्धी विधेयक प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिमा छलफल समाप्त भई प्रतिवेदनसमेत तयार भइसकेको छ। तर, उक्त प्रतिवेदन अझसम्म संसदमा पेश भने भएको छैन। सो विधेयकले पनि सञ्चार क्षेत्र, खासगरी अनलाइन मिडियालाई नियन्त्रण गर्नका लागि प्रेस स्वतन्त्रताविरुद्ध हुने धेरै प्रावधानहरू राखेको देखिन्छ। प्रेस स्वतन्त्रता मात्र नभई यसले आममानिसको अभिव्यक्ति स्वतन्त्रतालाई नै बन्देज लगाउने सम्भावना देखिन्छ । भर्खरै मात्र राष्ट्रियसभामा दर्ता गरिएको सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयकले हाल रहेको सरकारी मिडियालाई झन् बढी नियन्त्रण गर्ने प्रयास गरेको छ। यो विधेयक सार्वजनिक सेवा प्रसारणका सामान्य मान्यताहरूसँग कहीँ कतै पनि मेल खाएको देखिँदैन।

सङ्घीय सरकारले जस्तो प्रदेश सरकारहरूले पनि यो अवधिमा मिडियासम्बन्धी विभिन्न कानुनहरू पारित गरेका, प्रदेश संसदहरूमा पेश गरेका वा मस्यौदा गरिरहेका छन्। तीमध्ये जति पनि कानुनहरू आएका छन्, ती सबै कुनै न कुनै रूपमा प्रेसलाई नियन्त्रण गर्ने उद्देश्यबाट प्रेरित देखिन्छन्।

नेपाल पत्रकार महासङ्घको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा गरिएको अभिलेखअनुसार सन् २०२० जनवरी १ देखि २०२० डिसेम्बर ३१ सम्मको अवधिमा ५२ ओटा प्रेस स्वतन्त्रता हनन्का घटनाहरू अभिलेख गरिएको छ । गत वर्ष अर्थात् सन् २०१९ मा प्रेस स्वतन्त्रता हनन्का ५० ओटा घटना अभिलेख गरिएको थियो।

यो एक वर्षको अवधिमा सबैभन्दा धेरै ३२ ओटा घटना पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका रहेका छन्। त्यस्तै, नौ ओटा घटना पत्रकारमाथि आक्रमणका छन् भने पाँच ओटा घटना पत्रकार गिरफ्तारीका छन्। यस्तै, चार ओटा घटना कब्जा तथा अवरोधका रहेका छन् भने दुई ओटा घटना पेशागत असुरक्षाका अभिलेख भएका छन्। यी अधिकांश घटनाहरूले देशको समग्र मानव अधिकारको अवस्था बुझ्न सघाउ पुऱ्याउँदछ।

**गोविन्द आचार्य**
अध्यक्ष

# क्रिया-प्रतिक्रिया

स्वतन्त्रतापूर्वक भेला भएर राजनीतिक कार्यक्रम गर्न पाउने अवसरबाट वञ्चित भएका व्यक्तिको विषय पनि पुस्तकमा समावेश भए सुनमा सुगन्ध हुने थियो । पीडित बाहेक पीडकको विषयमा वकालत गरेको विषयलाई हटाउनु पर्छ ।

**खड्गविक्रम सुवेदी**
अधिकारकर्मी तथा अध्यक्ष
गैर सरकारी संस्था महासङ्घ, ताप्लेजुङ

पुस्तकमा बलात्कारसँग सम्बन्धित घटना बढी समावेश भएको पाइन्छ । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तथा नागरिक र राजनीतिक अधिकारको विषयप्रति अझ बढी तथ्याङ्क समेट्न सके राम्रो हुन्थ्यो ।

**चन्द्र पन्धाक प्रयास**
कार्यवाहक अध्यक्ष, नेपाल पत्रकार महासङ्घ,
ताप्लेजुङ

नेपालको मानव अधिकारको संरक्षण र संवर्द्धनमा इन्सेकको भूमिका प्रशंसनीय छ । मानव अधिकारको क्षेत्रमा भएका क्रियाकलापहरूलाई समेटी विगतका वर्षहरू जस्तै यस वर्ष पनि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेको कुराले खुशी लागेको छ । पुस्तकले आमनागरिकको मानव अधिकारको अवस्थालाई चित्रण गरोस् ।

**जीवनप्रसाद आचार्य**
प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा

मानव अधिकारजस्तो आधारभूत,नैसर्गिक तथा मौलिक अधिकारको हनन् जुनसुकै क्षेत्रबाट भए पनि राम्रो कुरा होइन । मानव अधिकारको समग्र अवस्था जनसमुदायसमक्ष पुऱ्याउन, आमनागरिकलाई मानव अधिकार उल्लङ्घनका घटनाप्रति जागरूक बनाउन र नेपालको मानव अधिकार अवस्थालाई दस्तावेजीकरण गर्ने कार्यले सदैव निरन्तरता पाओस् ।

**नवराज मल्ल**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा




आर्थिक कठिनाइ, ज्ञान वा सूचनाको कमी र भौगोलिक विकटताको कारण मानिसको न्यायमा पहुँच पुगेको छैन । वर्ष पुस्तक आधारभूत तहका मानिसको अधिकार स्थापित गराउने दस्तावेजका रूपमा मैले लिएको छु । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयलाई वर्ष पुस्तकले टड्कारो रूपमा समेट्न आवश्यक छ ।

**टङ्कबहादुर थापा**
अध्यक्ष, जनता समाजवादी पार्टी, खोटाङ

खोटाङमा केही वर्षअघि अशक्त महिलामाथि भएको यौन हिंसाको घटनालाई जिल्लाभित्रै मिलाउने प्रयत्न भइरहेको अवस्थामा इन्सेकले आवाज उठाउँदा पीडितले न्याय पाउने वातावरण बनेको थियो । त्यो घटना नेपाल मानव अधिकार वर्ष पुस्तकमा अभिलेख भएको हुनुपर्छ ।

**दमन राई**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ शाखा, खोटाङ

प्राथमिक स्रोतको प्रयोगमार्फत तथ्य/तथ्याङ्क सङ्कलन र गहन अध्ययन तथा विश्लेषणले पुस्तक पठनीय एवम् सङ्ग्रहयोग्य छ।

**राजेश्वरबहादुर श्रेष्ठ**
अध्यक्ष नेपाल पत्रकार महासङ्घ, धनकुटा

देशभित्र भएका मानव अधिकार उल्लङ्घनका घटना समेटेर प्रकाशन हुने भएकाले इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकलाई चासोका साथ हेर्ने गरिन्छ। जिम्मेवार ओहोदामा रहनेलाई मानव अधिकार उल्लङ्घनकर्तामा आफ्नो नाम पर्ला भनेर डराउने अवस्था सिर्जना गर्न यसले मद्दत गरेको छ।

**बासुदेव दाहाल**
प्रमुख जिल्ला अधिकारी, धनकुटा

मानव अधिकार वर्ष पुस्तक एक महत्त्वपूर्ण दस्तावेजका साथै मानव अधिकारको सूचक हो। हामी सबै सरोकारवाला निकायलाई मानव अधिकार सम्बन्धमा जानकारी गराउन पुस्तकले भूमिका खेलेको छ।

**गोविन्द अधिकारी**
एसपी, जिल्ला प्रहरी कार्यालय, धनकुटा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, आरोपितलाई दण्डित गर्न मात्र नभई आमनागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तक आगामी दिनमा समयानुकूल परिस्कृत हुनुपर्छ।

**हरिकुमार राई**
सभापति नेपाल रेडक्रस सोसाइटी, धनकुटा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूलाई पुष्टी एवम् पुर्नपुष्टि गर्दै इन्सेकले मानव अधिकारको अवस्था तथ्याङ्क प्रकाशित गरी राज्यलाई सहयोग पुऱ्याउने काम गरेको छ। द्वन्द्वकालीन समयमा इन्सेकले गरेको अभिलेखका कारण आवाजविहीनहरूले राज्यबाट प्राप्त सुविधा दाबी गरेको अवस्था छ। यसर्थ वर्ष पुस्तक राज्यकै दस्तावेज भएको मलाई लाग्दछ।

**कृष्ण चोङ्वाङ्ग**
सामाजिक अभियन्ता, तेह्थुम

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार संरक्षणका लागि मानव अधिकारका सवाल पालना भए नभएको विषयमा इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर मानव अधिकार संरक्षण एवम् संवर्द्धनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

**श्रवणकुमार तिमिल्सिना**
प्रमुख जिल्ला अधिकारी, झापा

दण्डहीनता अन्त्य र कानुनी राज्य स्थापनाको लागि इन्सेकको कार्य कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु। मानव अधिकारको सवालमा सम्बन्धित पक्षलाई थप संवेदनशील बनाउँदै मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि आगामी दिनमा इन्सेकले खेल्ने भूमिका अझ प्रभावकारी बन्ने आशा गरेको छु।

**अमृतबहादुर बस्नेत**
न्यायाधीश, जिल्ला अदालत, झापा

पीडितलाई न्याय प्राप्त गर्न, तथ्य र तथ्याङ्कका आधारमा मानव अधिकार उल्लङ्घनका घटनाप्रति ध्यानाकर्षण गराउने दवाब श्रृजना गर्न र नेपालको मानव अधिकार अवस्था चित्रण गर्नमा इन्सेकले वर्ष पुस्तकको नियमित र निरन्तर प्रकाशन गरिरहेको छ। यो उत्कृष्ट कार्यले निरन्तरता पाइरहोस्।

**विष्णुप्रसाद खरेल**
उपाध्यक्ष, मानव अधिकार रक्षक परिषद्, नेपाल
अध्यक्ष, मानव अधिकार सञ्जाल झापा

देशको पूर्ण मानव अधिकारको अवस्था, स्थिति, अध्ययन, विश्लेषण र विवेचनासहितका विषयसँगै घटनाको पूर्ण विवरण, उजुरी, कानुनी कारबाही र प्रक्रिया समेतको सूचनाहरू संग्रह गरेको वर्ष पुस्तक अत्यन्त उपयोगी दस्ताबेज हो।

**गोपालराज भण्डारी**
प्रमुख जिल्ला समन्वय समिति, सुनसरी

हामीले मानव अधिकारको अवस्थाको यर्थाथ विवरण मानव अधिकार वर्ष पुस्तकमा हुन्छ भनेर विश्वास गर्छौं। त्यसैले सबै पालिकामा पुस्तक पुऱ्याउन र मानव अधिकारको अभियानलाई फैलाउन आवश्यक छ।

**अनिता यादव**
उपाध्यक्ष कोशी गाउँपालिका, सुनसरी

नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको यर्थाथ चित्रण गर्ने कार्य गर्दै आएको छ। यसको सुक्ष्म अध्ययन, अनुसन्धान, विश्लेषण र तथ्यमा आधारित भएकाले निकै उपयोगी छ।

**शोभा मेहता**
संयोजक, मानव अधिकार समुह भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी

पुस्तकले अभिलेख मात्र नभई कानुनी उपचारको लागि जानेलाई प्रमाणका रूपमा काम गरेको छ। यसैपाली २०६३ को मधेस आन्दोलनमा गोली लागी घाइते भएका जगरनाथ मण्डलले राहतका लागि वर्ष पुस्तकको घटना विवरण प्रमाणका रूपमा प्रशासनमा पेश गरेका छन्। यस्ता विषय पनि पुस्तकमा समावेश गर्नु पर्दछ।

**रमेश भट्टराई**
संयोजक, मानव अधिकार संजाल सुनसरी

नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्य पक्ष र गैरराज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्दै सम्बन्धित पक्षलाई मानव अधिकार संरक्षणमा सचेत रहन प्रेरित गरेको छ। वर्ष पुस्तकमा मानव अधिकार संरक्षणमा राज्य र गैर राज्य पक्षबाट भएका सकारात्मक पहललाई समेत समावेश गरेमा उत्कृष्ट हुने थियो भन्ने अपेक्षा गर्दछु।

**राजेन्द्रप्रसाद धमला**
एसपी, जिल्ला प्रहरी कार्यालय, सप्तरी

प्रहरी, प्रशासन र नागरिक समाजलाई सचेत बनाउँदै आ–आफ्नो दायित्व निर्वाह गर्न वर्ष पुस्तकले भूमिका निर्वाह गरेको छ। इन्सेकले घटना अभिलेखका साथै न्यूनीकरण गर्नेतर्फ पनि पहलकदमी लिन सकोस् र वर्ष पुस्तकमा समाधानका उपाय पनि आओस्।

**शङ्कर शारदा**
संयोजक, प्रदेश २ राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले यस क्षेत्रमा लागेका सङ्घ–संस्थालाई मानसिक, बौद्धिक उर्जा प्राप्त भई सामाजिक कुरीति विरुद्ध सशक्त आवाज उठाउन ठूलो मद्दत पुग्ने गरेको छ। घटनाका दोषीलाई साथ दिने असामाजिक तत्त्वलाई निरूत्साहित गर्ने, गराउने कार्यमा वर्ष पुस्तकबाट थप मनोबल प्राप्त हुने विश्वास लिएको छु।

**हितनारायणलाल दास**
अध्यक्ष, सामुदायिक सेवा केन्द्र, सप्तरी

पुस्तकका माध्यमबाट नेपालको मानव अधिकार अवस्थाबारे जानकारी प्राप्त हुन्छ। मानव अधिकारसँग सम्बन्धित घटनाको तथ्याङ्कसहितको चित्रण गर्ने इन्सेकको काम प्रशंसनीय छ। त्यसैले मानव अधिकार वर्ष पुस्तक प्रकाशनमा हाम्रो सदैव सहयोग रहने प्रतिबद्धता जाहेर गर्दछु।

**मीनाकुमारी देव**
अधिवक्ता, सप्तरी

समाजमा भइरहेका महिलामाथिको हिंसाका घटना तथा सीमान्तकृत समुदायका आर्थिक, सामाजिक पक्षको मानव अधिकार हनन्का घटना सहित वर्षभरको अवस्था विश्लेषण प्रतिवेदन समेत पुस्तकमा समावेश गर्न आग्रह गर्दछु।

**सुनिलकुमार साह**
लैङ्गिक विज्ञ, भिएसओ नेपाल, सिरहा

राष्ट्रिय मानव अधिकार आयोग गठन हुन पूर्वदेखि नै इन्सेकले मानव अधिकारको सवालमा वकालत गर्दै नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत घटनाहरूको सार्वजनिक गर्दै आएको छ। घटनाको अध्ययन र अनुसन्धानलाई सशक्त रूपमा अगाडि बढाइरहन सुझाव दिन्छु।

**बन्धुप्रसाद बास्तोला**
प्रमुख जिल्ला अधिकारी, धनुषा

मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अभिलेख गरिनु सराहनीय कार्य हो। अहिले पनि समाजमा भइरहेका घटना गाउँघरमै मिलापत्र गर्ने परिपाटी रहेकाले यस्तो गतिविधिलाई निरूत्साहित गर्न इन्सेकले अभियान तथा कार्य गर्नुपर्छ।

**रमेश बस्नेत**
एसपी, जिल्ला प्रहरी कार्यालय, धनुषा

प्रहरी र प्रशासनमा उजुरी नपरेका घटनाहरूमा समेत इन्सेकको दृष्टि तथा अनुसन्धान हुने गरेकाले सराहनीय काम भएको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको न्युनीकरण र घटना पश्चात्त अध्ययन र अनुसन्धानका लागि आयोग समेत इन्सेकसँग सहकार्य गर्दै अगाडि बढ्ने छ।

**मनमाया राना मगर**
अधिकृत, राष्ट्रिय मानव अधिकार आयोग
प्रदेश २ कार्यालय, जनकपुरधाम, धनुषा

जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादती, विभेद, महिला हिंसा तथा अपहरणका घटना बढी भइरहेकाले इन्सेकले सकृयता बढाउनु पर्नेछ । जिल्लाका सबै स्थानीय तहमा पुगेर अनुगमन गरी घटनाको सत्यतथ्य बुझी घटनामा प्रभावित व्यक्तिलाई न्याय दिलाउन इन्सेकले गरेका पहलकदमी पनि पुस्तकमा समावेश गरिनु पर्दछ।

**मेथुर चौधरी**
सभापति, जिल्ला समन्वय समिति, सर्लाही

शिक्षाको अधिकारका सवाल पनि पुस्तकमा समावेश गर्नुपर्छ । मानव अधिकार उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न इन्सेकले मानव अधिकारको क्षेत्रलाई व्यापक बनाउनुका साथै घटनाको सत्यतथ्य बाहिर ल्याउने कार्य सराहनीय छ।

**सुरेन्द्र पौडेल**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सर्लाही

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको अभिलेख गरी मानव अधिकारका क्षेत्रमा महत्वपूर्ण योगदान दिन पुस्तक सफल भएको छ। तसर्थ सर्लाही जिल्लामा शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि इन्सेकले काम गर्नुपर्छ।

**सन्तोषसिंह राठौर**
एसपी, जिल्ला प्रहरी कार्यालय, सर्लाही

मानव अधिकार संरक्षण सबैको चासोको विषय हो । नेपालमा मानव अधिकारको संरक्षण गर्ने/गराउने सम्बन्धमा इन्सेकद्वारा प्रकाशन भएको वर्ष पुस्तकले चेतनामूलक सन्देश दिएको छ। नागरिकको संविधानप्रदत्त मौलिक हक र अधिकार संरक्षणका लागि नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ को सफलताको कामना गर्दछु।

**राजेशराय यादव**
नगर प्रमुख, कलैया उपमहानगरपालिका, बारा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसँग सम्बन्धित समग्र विषयवस्तु समेटेको छ। सम्बन्धित क्षेत्रका विज्ञहरूबाट तयार गरिने वर्ष पुस्तक कुनै संस्था वा व्यक्ति विशेषको मनोबल गिराउने तवरले नभई कुनै घटनाका सम्बन्धमा तथ्यपरक ढङ्गबाट प्रस्तुत गर्न राज्य र गैरराज्य पक्षबाट भएका कमी कमजोरीलाई वस्तुपरक ढङ्गबाट समीक्षा गर्दै सुधारको लागि प्रेरणादायी बन्न सकोस् भनी शुभकामना दिन चाहन्छु।

**दीपकराज नेपाल**
प्रमुख जिल्ला अधिकारी, बारा

मानव अधिकारसँग सम्बन्धित विषयवस्तु समेटेर इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारकर्मी लगायत सबैका लागि अति उपयोगी सिद्ध भएको छ।

**महेन्द्रबहादुर थापा**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, बारा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको उजागर गर्न वर्ष पुस्तकको अत्यन्तै महत्वपूर्ण भूमिका रहेको छ । जसले समग्र मानव अधिकार अवस्थाको चित्रण गर्नुको साथै अपराध गर्नेलाई प्रायश्चित तथा अपराध बोध गराउनुका साथै अपराध गर्न निरूत्साहित एवम् मानव अधिकार संरक्षणमा उत्प्रेरणा प्रदान गर्ने आशाका साथ शुभकामना छ।

**गौतम मिश्र**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बारा

इन्सेकद्वारा सन् १९९२ देखि निरन्तर प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण, संवर्द्दन गर्दै खबरदारीको काम गरेको छ । यस पुस्तकले आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रका विषय पनि समेट्न सक्नुपर्दछ। यस पुस्तकको निरन्तर प्रकाशनको कामना गर्दछु।

**डबल पाण्डे**
प्रमुख, जिल्ला समन्वय समिति, दोलखा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन्का विषयवस्तुलाई अभिलेख गर्नु नै महत्वपूर्ण मान्नु पर्दछ । मानव अधिकार न्यूनीकरणका लागि समेत आगामी दिनमा कार्यक्रम निर्धारण गरी कार्यान्वयनमा जान सकोस्।

**जीवन लामा**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, दोलखा शाखा

यस पुस्तकमा बलात्कार तथा यौनजन्य दुर्व्यहारलाई बढी समेटेको आभास हुन्छ । आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका विषयलाई समेत समेट्न सक्नुपर्दछ।

**सरोज उप्रेती**

अध्यक्ष, नेपाल बार एशोसिएशन, दोलखा

मानव अधिकार वर्ष पुस्तकमा वर्षभर भएका मानव अधिकार हनन्का घटनालाई समेटिएको छ । जिल्लामा आत्महत्या र घरेलु हिंसाका घटना बढेका छन्, यसबारे खोजबिन गर्न जरुरी भएको छ, त्यसतर्फ आगामी दिनमा ध्यान जाओस् ।

**सिर्जना कार्की**

महिला अधिकारकर्मी, दोलखा

वर्ष पुस्तकमा सरोकारवालासहित सबैको पहुँच योग्य हुन आवश्क छ । मानव अधिकार हनन् न्यूनीकरण गर्न तथा मानव अधिकारको संरक्षण र प्रर्वद्धनमा वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। पुस्तकको निरन्तरताको कामना गर्दछु।

**अर्जुन भण्डारी**

प्रमुख जिल्ला अधिकारी, रसुवा

आमनागरिकलाई मानव अधिकारको सूचना दिने राम्रो काम हो । वर्ष पुस्तकले निरन्तरता पाओस् दुर्गममा काम गर्ने जिल्ला प्रतिनिधि र सिङ्गो संस्थाले गरेको योगदान अमूल्य रहेको छ । यस्तो कार्यको निरन्तरताको कामना गर्दछु।

**ज्ञानेन्द्रनाथ न्यौपाने**

जेष्ठ पत्रकार एवम् अध्यक्ष, मानव अधिकार संरक्षण मञ्च, रसुवा

देशमा महिला र बालबालिकाको अवस्था नाजुक छ। मुलुकभर कैयौं भूमिहिन, सुकुम्बासी, बिर्ता, मोही जस्ता भूमिको सवालमा नागरिकहरू पीडित छन् । भूकम्पपछि जिल्लामा विस्थापित भएपछिको सवाल पनि पुस्तकमा समावेश गर्नुपर्छ । जसले कुना कुनामा पिल्सिएर रहेका पीडितहरूको आवाज बाहिर आउँछ र न्याय पाउन मद्दत गर्दछ। वर्षौंदेखि जमिन जोत्दै आएका किसानसँग जमिनको कानुनी स्वामित्व छैन । मानव अधिकार वर्ष पुस्तकले हत्या हिंसाका मात्र नभई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका विषय पनि समेट्न सकोस् भन्ने शुभकामना दिन चाहान्छु।

**कुलप्रसाद भट्ट**

प्रमुख, जिल्ला समन्वय समिति, रसुवा

वर्षपुस्तकले पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्न मात्र नभई आम नागरिकलाई सचेत पार्ने काम गरेको छ। आगामी दिनमा पुस्तकलाई परिस्कृत गर्दै लैजानु पर्ने आवश्यकता देखिन्छ। मानव अधिकार तथ्याङ्कहरूको संगालोको रूपमा वर्ष पुस्तक रहेको छ। पुस्तक प्रकाशनले नियमितता पाओस् भन्ने शुभकामना दिन चाहान्छु।

**बाबुलाल तामाङ**

अध्यक्ष, नागरिक समाज, तथा सभापति नेपाल रेडक्रस सोसाइटी, रसुवा

नेपाल मानव अधिकार वर्षपुस्तक २०२० अध्ययन गर्दा पुस्तकले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सवाल समेटनु पर्ने देख्दछु । अझै तथ्य परक घटनाहरू, महिला हिंसा तथा बाल अधिकारका घटनाहरू जुन घटनाको प्रहरीमा जाहेरी नपर्ने र राज्यको जानकारीमा आएका छैनन् त्यस्ता घटनाहरू पनि कुनै तरहले प्रकाशमा ल्याउनु पर्ने देखिन्छ। आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका कामहरूमार्फत जनतामाझ पुग्न इन्सेक जस्तो गरिमामय संस्थालाई म आग्रह गर्दछु।

**विश्वास नेपाली**

कोषाध्यक्ष, मानव अधिकार तथा सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

नेपालको न्याय प्रणाली पीडित केन्द्रित नभएकाले कुनै घटनापछि पीडित के गरिरहेछ र उसको जीवनयापन कसरी चलिरहेछ भन्ने विषयमा खोजी गरी वर्षपुस्तकमा समावेश गर्न अनुरोध छ। मानव अधिकार उल्लङ्घनको विषय मिलापत्र नहुने भएकाले यसतर्फ पुस्तकको ध्यान जान जरुरी छ।

**अर्जुनकुमार शर्मा**

सहायक प्रमुख जिल्ला अधिकारी, धादिङ

वर्तमान कानुन र ऐनले प्रदान गरेका अधिकार नागरिकहरूले उपभोग गर्न पाए की पाएनन् ? सहज र छिटो छरितो सेवा पाउन सके नसकेको विषयमा वर्ष पुस्तकमा समावेश गरि घटनाहरूलाई यथेष्ट प्रमाण पुऱ्याएर मात्र प्रकाशन गर्न अनरोध गर्दछु।

**कृष्णराज अधिकारी**

अध्यक्ष, धादिङ बार एशोसिएशन, धादिङ

राजनीतिक घटनालाई मात्र नभएर सामूहिक अधिकारका विषयमा अधिकार हनन् भएका विषय, विकासले मानिसमा पारेको नकारात्मक असर लगायतका सवाल पनि पुस्तकमा समावेश गर्नु पर्छ। यसतर्फ इन्सेकको ध्यान जाओस्।

**राधिका सापकोटा**

महासचिव,महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल, धादिङ

पुस्तक प्रकाशनले मानव अधिकार कार्यान्वयनकर्तालाई समेत झकझक्याएको छ। लुकेका अपराधहरू सार्वजनिक भएका छन् र प्रहरीलाई अनुसन्धानका लागि सहयोग पुगेको छ । निरन्तर प्रकाशनका लागि शुभकामना दिन चाहान्छु।

**जयन्ती थापा**

इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको दस्तावेजका रूपमा रहेको छ । यसले प्रहरीमा उजुरी नपरेका घटनाहरू, एकल महिला, अपाङ्गता भएकाहरू, भूकम्प पीडितको अवस्था र खासगरी महिलाहरूको अवस्थाको बारेमा उल्लेख गर्नुपर्छ।

**गायत्री खतिवडा**

अध्यक्ष, महिला मानव अधिकर रक्षकहरूको जिल्ला सञ्जाल, धादिङ

अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गरि दुर्व्यवहार गर्ने गरेको, अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण नभएको, स्थानीय सरकारहरूले सहायक सामग्री उपलब्ध नगराएको, अपाङ्ग परिचय पत्र गाउँबाटै दिने भने पनि विभिन्न बहानामा काठमाडौँ पठाउने गरेको, विद्यालय भवन, सरकारी भवन अपाङ्ग मैत्री नबनेको, जिल्लाका सबै वित्तीय संस्थाहरू अपाङ्गमैत्री नभएको, बजारमा हाल बनाइएका सडक पेटीसमेत अपाङ्ग मैत्री छैनन् । अपाङ्गता भएका मानिसको अधिकार संरक्षणका वर्ष पुस्तकमार्फत आवाज उठाउनु पर्छ।

**गुणराज खतिवडा**

अध्यक्ष, अपाङ्ग कल्यांण सङ्घ, धादिङ

प्रविधिको दुरूपयोग र वैदेशिक रोजगारीले हिंसाका घटना बढ्दै गएका छन्। समाजमा हुने सबै खालका हिंसा न्यूनीकरण गरि मानव अधिकारको संरक्षण गर्न मन्थली नगरपालिका प्रतिवद्ध छ। मानव अधिकार संरक्षणमा सबैको समान दायित्व आवश्यक छ। वर्ष पुस्तकले यस्ता घटना उठाएर सरोकारवालाको ध्यान तान्ने काम गरेको छ। परिवर्तित घटनाक्रम अनुसार मानव अधिकारका विषय पनि परिवर्तित गर्दै लैजान आवश्यक छ।

**रमेशकुमार बस्नेत**

प्रमुख, मन्थली नगरपालिका, रामेछाप

बालिका बलात्कारका विभित्स घटना बढ्दै गएका छन्। वर्ष पुस्तकमा यस्ता घटनाको फलोअप प्रतिवेदन तयार गरि सार्वजनिक गर्न आवश्यक छ। वर्ष पुस्तकले कतिपय उठाउनै पर्ने विषय छुटाएको र नउठाउँदा पनि हुने विषयलाई प्राथमिकता दिएको छ। यसमा ध्यान जाओस्।

यदुनाथ शर्मा

**जिल्ला न्यायाधिवक्ता, रामेछाप**

रामेछापमा बलात्कारका घटना निक्कै बढेका छन्। बलात्कारका घटनामा पनि बालिका बलात्कारको सङ्ख्या बढी देखिएको छ। यसलाई नियन्त्रणको लागि सचेतनाको काम जरुरी छ। सचेतना, कारबाही र घटना सार्वजनिकीकरणले यस्ता अपराधलाई रोक्न सहयोग गर्छ। मानव अधिकार तथा सामाजिक क्षेत्रमा काम गर्ने सबै निकायलाई यसमा सहयोग गर्न अनुरोध गर्दछु।

**बसन्त पाठक**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, रामेछाप

मुलुकका कुन कुन क्षेत्रमा कुन पक्षबाट के कस्ता मानव अधिकार हनन्का घटनाहरू भएका रहेछन् भन्ने विषयमा पुस्तकमार्फत जानकारी पाउन मद्दत पुग्छ। आगामी दिनमा मानव अधिकार जस्तो व्यक्तिको नैसर्गिक अधिकार हनन्मा कुनै पक्ष पनि संलग्न नहुन र भएमा दोषी उपर कडा कानुनी कारबाही हुने सम्बन्धित सबैलाई वर्ष पुस्तकले सजग गराउँछ जस्तो लाग्छ।

**योगेन्द्रप्रसाद पाण्डे**

प्रमुख जिल्ला अधिकारी, सिन्धुली

तथ्य, तथ्याङ्कमा आधारित रहेर मानव अधिकार र न्यायमा वकालत समेत गरिरहेको इन्सेकले अझ पैरवीलाई सशक्त बनाउन आवश्यक छ। महिला, बालबालिकामाथि हुने सबैखाले रूढिवादी परम्परागत अभ्यासका कारण बढेको हिंसालाई न्यूनीकरण गर्न पुस्तक ऐना बन्न सकोस्। शिक्षा, स्वास्थ्य, न्याय प्रणाली लगायतमा सुधार हुने गरि नीति बनाउन उत्प्रेरित गर्ने खालको प्रतिवेदन प्रकाशन गरि तीनै तहका सरकारलाई

जिम्मेवार बनाउन पैरवी गर्न सकोस् । नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनको हार्दिक शुभकामना ।

**रज्जु सिग्देल**

एसपी, जिल्ला प्रहरी कार्यालय, सिन्धुली

आम नागरिकको न्याय र मानव अधिकारको चित्रणका रूपमा रहेको मानव अधिकार वर्ष पुस्तक बृहत् रूपमा मानव अधिकारका मुद्दामा प्रवेश गरि नयाँ तरिकाबाट आउन जरुरी छ । नेपाल मानव अधिकार पुस्तक २०२१ को प्रकाशनको शुभकामना ।

**द्वारिका काफ्ले**

केन्द्रीय सदस्य, नेपाल पत्रकार महासङ्घ

मानव अधिकारका सवालमा काम गर्दा कानुनी शब्दको प्रयोगलाई ध्यान दिन आवश्यक छ । जस्तै जबरजस्ती करणीलाई बलात्कार, पत्राउलाई गिरफ्तार, कर्तव्य ज्यानलाई हत्या शब्दको प्रयोगले कानुनी भाषामा तालमेल हुन सकेको छैन । मानव अधिकारका क्षेत्रमा इन्सेकको योगदान प्रसंशनीय छ । अझै परिस्कृत भएर वर्ष पुस्तक आउने विश्वास छ ।

**जङ्गबहादुर राई**

अध्यक्ष, नेपाल बार एशोसियशन जिल्ला बार इकाई, सिन्धुली

अपाङ्गता भएका व्यक्तिहरू हिंसामा परेका छन् । त्यस्ता घटनाहरू कमै बाहिर आउँछन् । उनीहरूको न्यायमा पहुँच पुग्दैन । उनीहरूलाई घरदेखि नै अवरोध सृजना गरिन्छ । न्यायालय, उजुरी गर्ने स्थानमा अपाङ्गमैत्री भौतिक संरचना छैनन् । दोभाषे, ब्रेललिपीको व्यवस्था हुँदैन । यसले न्याय अवरोध भएको छ । यसतर्फ सरकारको ध्यान जानसक्ने गरि वर्षपुस्तकमा समावेश गरिनु पर्दछ ।

**बविता थापा**

अपाङ्ग अधिकारकर्मी, सिन्धुली

सशस्त्र द्वन्द्वको औपचारिक समाप्तिका १४ वर्षपछि सम्म पनि यससम्बन्धी खोज तथा अनुसन्धान गर्नका लागि भरपर्दो सन्दर्भ सामग्री दस्तावेज बनिरहेको छ–नेपाल मानव अधिकार वर्ष पुस्तक । नागरिकको मर्यादा र सार्वभौम अधिकारप्रति सचेतना बढाउने अभिप्रायले नै मानव अधिकारसँग घटना र सूचना सङ्कलन गरी प्रकाशन गरिएको छ । नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० ले सन् २०१९ र त्यसअघिका अनुभवको निरन्तरताका आधारमा मानव अधिकारको स्थिति छर्लङ्ग पारेको छ । नेपाल मानव अधिकार वर्ष पुस्तकले गरेको खबरदारीले तीनै तहका सरकारले गर्ने काममा सुधार ल्याउन सहज हुने मैले विश्वास लिएको छु ।

**खड्गबहादुर खत्री**

प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि लगातार नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी निरन्तरता दिन थालेको २९ वर्ष भएको छ । यस अवसरमा शुभकामना व्यक्त गर्दछु । मानव अधिकार प्राप्तिका लागि अभियान थालेको इन्सेकले मानव अधिकार अवस्थाको अभिलेख राखेर समाजलाई ठूलो गुन लगाएको छ । नेपाली प्रजातान्त्रिक आन्दोलनको साक्षी इन्सेकले लोकतान्त्रिक अभ्यास र मानव अधिकार संस्थागत गर्न अझै प्रयत्नशील हुनेछ भन्ने अपेक्षा छ ।

**रुद्रबहादुर खड्का**

प्रधानसम्पादक, स्वाधीन खबरपत्रिका, सिन्धुली

महत्वपूर्ण विषयवस्तु समेटिएर प्रकाशन हुने वर्ष पुस्तक बढी यथार्थपरक र आधिकारिकतामा आधारित हुनु आवश्यक छ । यसमा प्रकाशित सामग्रीहरूले राज्यको समग्र न्याय प्रणाली र मानव अधिकारको अवस्था नै प्रदर्शित हुने हुँदा घटनाहरूको राजनीतिकरण र विषयान्तर नगरेर विशुद्ध तथ्यमा आधारित भएर प्रकाशित गरिनु पर्नेमा सावधानी अपनाउनु पर्ने देखिन्छ । हालसम्मका प्रकाशनहरूबाट इन्सेकले आर्जन गरेको विश्वसनीयता आगामी दिनहरूमा पनि कायम राख्न सकोस् । यस कार्यमा सम्बद्ध सबैको प्रयास सराहनीय छ ।

**हेमन्त रावल**

जिल्ला न्यायाधीश, चितवन जिल्ला अदालत

मानव अधिकार वर्ष पुस्तकले महिला, बालबालिका, ज्येष्ठ नागरिकका मानव अधिकारका विषय उजागर गर्दै न्याय दिलाउन सहयोग पुऱ्याएको छ । आगामी दिनमा सरोकारवाला निकायसँग थप समन्वय र सहकार्य गरी मानव अधिकार उल्लङ्घनका घटना हुन नदिन निरन्तर रूपमा जनेचतनामुलक कार्यक्रम संचालनका लागि वर्ष पुस्तक सफल हुनेछ भन्ने शुभकामना दिन चाहान्छु ।

**सुरेन्द्र गुरुङ**

एसपी, जिल्ला प्रहरी कार्यालय, गोरखा

यस पुस्तक प्रकाशनले मानव अधिकारसँग सम्बन्धित घटना उजागर गर्न सहयोग पुऱ्याएको छ। मानव अधिकार अभिलेख पुस्तकको भूमिका अतुलनीय छ। आगामी दिनमा अझै सशक्त र प्रशंसनीय ढङ्गबाट पुस्तक प्रकाशनले निरन्तरता पाओस्।

**रमेशकान्त अधिकारी**
न्यायाधीश, गोरखा जिल्ला अदालत

यस पुस्तकले नागरिक तथा राजनीतिक अधिकारको विषयलाई मात्र धेरै प्राथमिकतामा राख्दै आएकाले आगामी दिनमा सबै अधिकारको अवस्थाको दर्पणका रूपमा विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

**भीमलाल श्रेष्ठ ,** पत्रकार, गोरखा

सुरुका वर्षमा मानव अधिकारको सवाल अलि साँघुरो थियो । तर पछिल्लो समय मानव अधिकारका लागि दिगो विकास समेटिएकाले अबका दिनमा यस विषय र व्यक्तिका शारीरिक र मानसिक हिंसाका घटनामा मात्र सीमित नराखी समय सापेक्ष वर्ष पुस्तकलाई फराकिलो बनाउँदै लैजानु पर्दछ।

**तारानाथ शर्मा,**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, म्याग्दी

यस पुस्तकले मानव अधिकारका घटनालाई अभिलेख गर्ने मात्रै होइन स्थानीय सरकारको मानव अधिकार मैत्री कार्ययोजना निर्माणमा समेत भूमिका खेल्ने गरेको छ। यो पुस्तकमा समेटिने विषयबस्तु निकै उपयोगी छन्।

**लालसुब्बा गुरुङ**
उपाध्यक्ष, रुपा गाउँपालिका, कास्की

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको गहिरो अध्ययनसहितको दस्तावेज नेपाल मानव अधिकार वर्ष पुस्तक पठनयोग्य छ। मानव अधिकारको संरक्षणमा राज्य र नागरिक दुवै पक्षको भूमिका उत्तिकै हुन्छ।

**मन्जुदेवी गुरुङ ,** उपप्रमुख, पोखरा महानगरपालिका

समाजमा हुने मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्ने र नागरिकलाई सुसूचित गर्दै आएको यस पुस्तकमा समाज सुधार गर्न अनुकरणीय हुने खाले घटनालाई समावेश गर्दै पुस्तक परिस्कृत गरियोस् भन्ने शुभकामना दिन चाहान्छु।

**कृष्ण प्रसाद शर्मा**
प्रमुख जिल्ला अधिकारी, लमजुङ

मानव अधिकार भनेको राज्यविरुद्ध आम जनताले प्राप्त गर्ने आधारभूत अधिकारको रूपमा लिइने गरिएको छ। मानव अधिकारका केही अधिकार राष्ट्रिय कानुनबाट र केही अन्तर्राष्ट्रिय कानुनबाट निर्देशित भएकाले मानव अधिकारको सवालमा राज्य पछि हट्न पाउँदैन। पुस्तक प्रकाशनले राज्यको मात्र होइन आम नागरिक, सरकार र अन्तर्राष्ट्रिय जगतको आँखा खोलिदिने काम गरेको छ।

**हरिशचन्द्र ढुङ्गाना**
जिल्ला न्यायाधीश, जिल्ला अदालत, लमजुङ

राज्यले मानव अधिकार संरक्षणको दायित्व लिएको हुन्छ। कतिपय अवस्थामा राज्यले सम्बोधन नगर्दा व्यक्ति पीडित हुन्छ । यस्ता विषय वर्ष पुस्तकमार्फत सार्वजनिक गरिँदा मानव अधिकारको सम्बन्धमा सुसूचित हुने अवसर सिर्जना हुने गरेको छ। वर्ष पुस्तक अझै सुधार हुँदै जाओस् शुभकामना दिन चाहान्छु।

**उदयराज काफ्ले**
श्रेस्तेदार, जिल्ला अदालत, लमजुङ

मानव अधिकार संरक्षण गर्ने निकायलाई मानव अधिकार वर्ष पुस्तक प्रकाशनले जवाफदेही र दायित्ववोध गराएको छ। मानव अधिकार संरक्षण र संवर्द्धनमा इन्सेकको पहलकदमी सदैव अग्रस्थानमा छ। यो पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना मात्र नभई नेपालको कानुनमा भएका सबै व्यवस्थालाई समेटेर राम्रो दस्तावेजको रूपमा समग्र पाठकले पढ्न पाउने व्यवस्था गरेकाले यो पुस्तकको गरिमा झन बढेको पाएको छु।

**गङ्गाबहादुर थापा**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, लमजुङ

इन्सेक जस्ता संस्थाले मानव अधिकारको संरक्षण गर्ने क्रममा केही कमजोरी भए राज्यलाई खबरदारी गरिरहनु पर्छ। साथै वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना मात्र नभई नागरिकका दायित्व तथा नागरिक शिक्षाका विषयमा समेत समावेश गर्न सके मानव अधिकार संरक्षण र संवर्द्धनमा थप बल पुग्ने देखिन्छ।

**चित्राङ्गत बराल**
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, तनहुँ

मानव अधिकार हनन्का विषयमा वर्ष पुस्तकमा समावेश सामाग्रीले दण्डहीनताको अन्त्य गर्न, पीडितलाई न्याय दिलाउन र पीडकलाई कारबाहीका लागि दवाव सृजना गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ। सशस्त्र द्वन्द्वका समयमा भएका मानव अधिकार हनन्का घटनाबारे सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत समस्या समाधान गर्नुपर्छ । यी सबै समस्याहरूको समाधानका लागि दवाव दिन यो पुस्तकले योगदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**केदार सिग्देल**
अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (नेकपा), तनहुँ

इन्सेकको आगामी प्रकाशनमा अझै यथार्थ एवम् वस्तुपरक तथ्याङ्क र विवरण समावेश भएमा यसले आगामी वर्षमा राज्यलाई आफ्नो भूमिका र दायित्व निर्वाह गर्न थप उर्जा मिल्ने विश्वास लिँदै यस प्रकाशन सदा झैं निरन्तरता पाइरहोस् भन्ने शुभकमना व्यक्त गर्दछु।

**अरुण पौडेल**
एसपी, जिल्ला प्रहरी कार्यालय, तनहुँ

मानव अधिकारको विषय सबैको सरोकारको विषय हो । इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने मात्र हैन, मानव अधिकार हनन्का घटनामा कमी ल्याउन सचेतना कार्यक्रम पनि सञ्चालन गर्नुपर्छ।

**ओमकार आचार्य**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, तनहुँ

जिल्लामा भएका मानव अधिकार हनन् तथा ज्यादतीका घटनालाई लिपिबद्ध गर्ने इन्सेकको यो पुस्तक एउटा दस्तावेजको रूपमा प्रयोग गर्न सकिन्छ । सार्वजनिक नभएका घटनालाई सार्वजनिक गर्ने र अभिलेख गर्ने हो भने यसको उपयोगिता फराकिलो झैं बन्दै जान सक्छ।

**मनमाया पंगेनी**
प्रमुख जिल्ला अधिकारी, नवलपरासी
(बर्दघाट सुस्ता पूर्व)

वर्ष पुस्तकमा समावेश गरिने घटनाको अर्थ दीर्घकालीन हुने भएकाले यसमा समावेश गरिने घटना र त्यसको न्यायिक प्रक्रियाबारे सम्पूर्ण विवरण समावेश गर्न सुझाव छ।

**प्रकाश मल्ल,** एसपी, जिल्ला प्रहरी कार्यालय,
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

मानव अधिकार वर्षपुस्तक प्रशासनबाट पीडितले न्याय प्राप्त गर्न सहयोग पुगेको महसुस गरेको छु। मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई निष्पक्ष र निडर रूपमा उजागर गरेको मैले देखेको छु। राज्य पक्षबाट भएका घटना हुन वा अन्य पक्षबीच भएका सबै घटनालाई प्रष्ट पार्न इन्सेकको भूमिका प्रशंसनीय रहेको छ।

**विश्वप्रसाद रेग्मी**
श्रेस्तेदार, उपसचिव, स्याङ्जा जिल्ला अदालत

वर्ष पुस्तकमा स्थान दिइने सामग्री विगत केही वर्षदेखि एउटै प्रकृतिका छन् । अन्तर्राष्ट्रिय समुदायको समेत ध्यान खिच्न सक्ने वर्ष पुस्तकको स्तर बढाउन र यसमा समाविष्ट सामग्री खँदिला तथ्यपूर्ण बनाउन जरुरी छ। किनकी यसका आधारमा राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूले धारणा बनाउने गरेका छन्। जो राष्ट्रको मानव अधिकारको अवस्थासँग जोडिएको हुन्छ । पीडितलाई न्याय र पीडकलाई दण्डित गर्न वर्ष पुस्तकमा प्रकाशित सामाग्रीले मद्दत गर्न सकुन् र मानव अधिकारको क्षेत्रमा क्रियाशिल शोधकर्ता र अध्येताका लागि वर्ष पुस्तक बढी उपयोगी हुन सकोस्।

**ओमप्रकाश शर्मा**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, स्याङ्जा शाखा

मानव अधिकार संरक्षण गर्न प्रेरित गर्दै सबैखाले मानव अधिकार उल्लङ्घनका घटनाहरू समेटेर प्रकाशन गरिने यो पुस्तक सबैको लागि महत्वपूर्ण हुन्छ।

**सीता सुन्दास**
प्रमुख, जिल्ला समन्वय समिति स्याङ्जा, अध्यक्ष,
जिसस महासङ्घ नेपाल

मानव अधिकारसम्बन्धी भएका घटना पुस्तकमा समावेश गरिँदा यस्ता घटना नियन्त्रण र कारबाही गर्न थप सहयोग र सजिला भएको मानव अधिकारको संरक्षण तथा काम कारबाहीमा सहयोग पुऱ्याउन यस पुस्तकले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ।

**होविन्द्र बोगटी**
एसपी, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा

यस पुस्तकले विगत द्वन्द्वको समयमा मानव अधिकार हनन्का विषयमा पैरवी गर्दै द्वन्द्वरत पक्षलाई

मानव अधिकारको पक्षमा उभिन घच्घचाइरहेको थियो । फेरिएको परिस्थितिमा समाजमा विकृतिको रूपमा अगाडि बढेको मानव अधिकार हननको पक्षमा दृढतापूर्वक अगाडि बढोस् भनी शुभकामना व्यक्त गर्दछु।

**सूर्यप्रसाद गैह्रे 'पारस'**
अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी, स्याङजा

जिल्लामा अहिले मानव अधिकार उल्लंघनका घटना बढिरहेका छन् । बढी मात्रामा बलात्कारका घटना यस जिल्लामा देखिन्छन् । यी र यस्ता घटनाको यथार्थ विवरण सङ्कलन गरी सम्बन्धित पक्षलाई खबरदारी गर्दै आएको इन्सेकले आगामी दिनमा थप नजिकबाट घटनाको अभिलेख गर्नेतर्फ अग्रसर हुन सकोस् ।

**विश्वराज अधिकारी**
डिएसपी जिल्ला प्रहरी कार्यालय, पर्वत

राज्यका न्यायिक तथा अर्धन्यायिक निकायमा विभिन्न पीडितले अझै सहज रूपमा सेवा लिन सकिरहेका छैनन् । कानुनी सहायताबाट न्यायको अपेक्षा गरेका जनता अझै पनि निराश भएर फर्किनुपर्ने र लामो समयसम्म न्यायका लागि पर्खिनुपर्ने अवस्थालाई इन्सेकले पुस्तकमा समावेश गर्नुपर्छ।

**चन्द्रबहादुर क्षेत्री**
अध्यक्ष, पर्वत बार इकाइ

राज्य पक्ष र गैर राज्य पक्षबाट भएका घटनाका अतिरिक्त परिवार र समाजबाट खासगरी महिला बालबालिका एवम् पिछडिएका वर्गमाथि हुने गरेका असान्दर्भिक एवम् अमानवीय घटना र व्यवहार समेत खोजमूलक ढङ्गबाट पुस्तकमा समावेश गर्न सके अझै उपयोगी हुने ठान्दछु।

**घनश्याम गौतम**
सहायक प्रमुख जिल्ला अधिकारी, पर्वत

मानव अधिकार वर्ष पुस्तकलाई मसिनो गरी घटनाहरू खोज अनुसन्धान गर्न इन्सेकले जुन प्रयास गरेको छ यो अत्यन्तै सराहनीय छ । वर्ष पुस्तकबाट भोलिका दिनमा पनि समग्र मानव अधिकारको अवस्थाबारे अझै जान्न पाइयोस् शुभकामना ।

**नन्दप्रसाद आचार्य**
तहसिलदार, पर्वत जिल्ला अदालत

मानव अधिकारको विषय ठूलो र फराकिलो भएकाले एक दुई विषयमा मात्र भन्दा फराकिलो दायरा बनाएर काम गर्दा अझै प्रभावकारी हुन्छ । अहिले पनि इन्सेकका पुराना प्रकाशनलाई हेरेर राष्ट्रिय र अन्तर्राष्टिय स्तरमा नेपालको मानव अधिकारको धारणा बन्छ, तर पछिल्लो समय इन्सेक तथ्याङ्क सङ्कलनमा बढी केन्द्रित देखिएको महसुस भएको छ । राज्यलाई जवाफदेही बनाउन इन्सेकले गरेको काम सराहनीय भए पनि पीडितलाई न्याय प्रदान गर्न, राहत र पुर्नस्थापना गर्न यसले थप भूमिका खेल्नु पर्छ।

**सुरेश न्यौपाने**
प्रमुख जिल्ला अधिकारी, बाग्लुङ

यो वर्ष देशमा कोरोनाले ठूलो क्षति पुऱ्यायो। पुनः देश राजनीतिक अस्थिरतातर्फ उन्मुख हुने संकते देखिन थालेको छ। यो परिस्थितिमा इन्सेकले राज्यलाई आफ्नो दरिलो उपस्थितिको आभाष दिलाउन आवश्यक छ। राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन, गाँस बास र कपासका विषयमा इन्सेकले थप कलम चलाओस् शुभकामना।

**दीपेन्द्र थापा**
सभापति, नेपाली कांग्रेस, बाग्लुङ

आवाज विहीनहरूको आवाज बनेर राज्यलाई जवाफदेही बनाउन इन्सेकले आफ्नो भूमिकालाई थप प्रभावकारी बनाओस् शुभकामना।

**देशबहादुर श्रेष्ठ**
नागरिक समाज, बाग्लुङ

पुस्तकले राज्य र सरोकारवाला निकायलाई मानव अधिकारप्रति जिम्मेवार बनाएको छ । पुस्तक समग्र मानव अधिकारको दस्तावेजसँगै मानव अधिकारको इतिहास पनि हो। आगामी दिनमा सबै घटना समेटेर वर्ष पुस्तक प्रकाशन हुन सकोस् ।

**हिमबहादुर जिसी लेकाली**
अध्यक्ष नेपाल पत्रकार महासङ्घ, अर्घाखाँची

वर्ष पुस्तककमा समावेश हुने घटनाहरू पूर्ण छन् । वर्ष पुस्तकमा कारागार र कैदी बन्दीको अधिकार र अवस्था समेत समेटिने हुँदा यो निकै महत्वपूर्ण दस्तावेज हो । इन्सेकले मानव अधिकरको सवालमा सञ्चालन गरेको अभियान निकै सराहनीय छ।

**नुमलाल पन्थी**
प्रमुख, जिल्ला कारागार कार्यालय, अर्घाखाँची

वर्ष पुस्तकमा प्रकाशन हुने घटनाहरूले मानव अधिकारको कार्यान्वयन गर्ने पक्षलाई जिम्मेवार बनाएको महसुस गरेको छु। वर्ष पुस्तकले घटना सँगसँगै अवस्थाको समेत चित्रण गरेको छ। वर्ष पुस्तक निरन्तर प्रकाशन हुन सकोस्।

**सुजन शाह**
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची

जिल्लामा भएका अपराधका मुख्य मुख्य घटना विवरणका साथै जनताको शिक्षा, स्वास्थ्य, रोजगार लगायतका आधारभूत आवश्यकता जस्ता विषयवस्तु र समाजमा हुने छुवाछूत भेदभावका घटना र भएका कारबाहीका विषय पनि समेट्न सकिएमा पुस्तकले अझ पूर्णता पाउने सुझाव दिन चाहन्छु । पुस्तक बढी ज्ञानबर्द्धक र मानव अधिकार प्रवर्द्धनमा उपयोगी हुन सकोस् भन्ने कामना व्यक्त गर्दछु।

**ओमबहादुर राना**
एसपी, जिल्ला प्रहरी कार्यालय, बाँके

आगामी दिनमा पुस्तकले आर्थिक, सामाजिक तथा विकाससँग सम्बन्धित सवालहरू, नागरिकको संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन सम्बन्धमा समेत अझ सैद्धान्तिक र वस्तुगत रूपमा घटनाहरूको प्राथमिकताकासाथ अभिलेख गर्नेछ भन्ने सुझावसहित यस कार्यको निरन्तरताको शुभकामना।

**झङ्करबहादुर रावल**
कार्यालय प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग
लुम्बिनी प्रदेश, शाखा कार्यालय, नेपालगञ्ज

पुस्तकले घटनाको सम्पूर्ण तथ्य जानकारी हुने सुत्रको रूपमा काम गरेको छ। घटनाको विषयमा विस्तृत रूपमा खोज्न यसले सहयोग पुऱ्याएको छ। यसले मानव अधिकार संरक्षण गर्नको लागि सबै नागरिक र सरोकारवालाहरूमा चेतना प्रदान गरेको छ।

**विकास आचार्य**
अध्यक्ष, उच्च बार एशोसिएसन, बाँके

वर्ष पुस्तकले सत्य तथ्यमा आधारित भई मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन र सम्प्रेषण गर्दै आएको छ। कपिलवस्तुको सन्दर्भमा यस पुस्तकमा राम्रा नराम्रा दुबै पक्ष समेटिने छ भन्ने अपेक्षा गरेको छु। मानव अधिकार संरक्षण गर्ने कार्यमा इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकको उल्लेख्य योगदान छ।

**दीर्घनारायण पौडेल**
प्रमुख जिल्ला अधिकरी, जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु

मानव अधिकार वर्ष पुस्तक पुस्तकका लागिमात्र नभई मानव अधिकारका लागि निरन्तरको अभियान भएकाले वर्ष पुस्तकमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपागङ्ता र पछाडि परेको समुदायका समस्यालाई पनि समेट्न सकोस्।

**गणेश नेपाली**
जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तकमा राज्य पक्षले के गल्ती गऱ्यो भनेर खोतल्नु मात्र भन्दा पनि के भइरहेको छ भन्ने विषयमा फिल्डमा गएर सत्यतथ्य र यथार्थ परक मानव अधिकारका विषयलाई समेट्नु पर्दछ। कोभिड- १९ को बेला अग्रपङ्क्तिमा खटने प्रहरीले भोगेका समस्या पनि वर्ष पुस्तकमा समेटनु पर्ने र बढी घटना हुने सवारी दुर्घटना र आत्महत्यालाई पनि मानव अधिकार वर्ष पुस्तकले समावेश गर्नेछ भन्ने अपेक्षा छ।

**नवराज अधिकारी**
एसपी, जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु

वर्ष पुस्तक मानव अधिकारको क्षेत्रमा निकै राम्रो दस्तावेज हो। वर्ष पुस्तकमा न्याय सम्पादनका विषयमा राज्य र गैरराज्य पक्षबाट भएका घटनाहरू समावेश हुन सकुन्।

**हिरण्य प्रसाद भण्डारी**
श्रेस्तेदार, जिल्ला अदालत, कपिलवस्तु

अघिल्लो वर्ष भएका घटनाका कतिपय दोषीहरू छुटकारा पाएका हुन सक्छन्। इन्सेकले घटनाको फलोअफ गरेर मात्र पुस्तकमा प्रकाशन गरोस्। पीडितले पाउनुपर्ने क्षतिपूर्तिको रकम सम्बन्धमा अदालतबाट भएको निर्णय बमोजिमको रकम पाएका छैनन्। उक्त रकम पीडितलाई उपलब्ध गराउन इन्सेकले प्रभावकारी भूमिका खेल्नेछ।

**रत्नप्रकाश गिरी**
जिल्ला न्यायाधिवक्ता, कपिलवस्तु
पुस्तक प्रकाशित गर्नुपूर्व जिल्लामा समीक्षा

गरी पुस्तकमा छुटेका घटना समावेश गर्दा अधिकांश घटना समावेश भएको पाइयो। पुस्तकमा आएका घटना सत्यतथ्य र विश्वनीय छन्। इन्सेकले हरेक वर्ष संकलन गर्ने घटनाले जिल्लाको मानव अधिकारको अवस्थाको बारेमा बुझ्न पाइयो।

**भूमिराम पोखरेल**
निमित्त समन्वय अधिकारी, जिल्ला समन्वय समिति, कपिलवस्तु

मानव अधिकार वर्ष पुस्तक द्वन्द्वकालीन घटनाको प्रमाणको रूपमा पनि प्रयोग हुने हुँदा यसको महत्व राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा रहेको छ। त्यसैले वर्ष पुस्तक प्रकाशनले दण्डहीनता अन्त्यका लागि सहयोग गरेको महसुस भयो।

**प्रविणकुमार श्रीवास्तव**
अध्यक्ष, गैसस
महासङ्घ, कपिलवस्तु

इन्सेकले जुनसुकै घटनालाई अनुगमन गर्दा जिल्लाका अन्य मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थालाई समेटेर संयुक्त अनुगमन गर्ने वातावरण मिलाओस्।

**रबिन्द्रनाथ ठाकुर**
अध्यक्ष, मधेश
मानव अधिकार गृह माहुरी होम, कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तक निकै उपयोगी छ। स्थानीय तहमा हुने भ्रष्टचारलाई नियन्त्रण गर्न इन्सेकले पहल गरोस र वर्ष पुस्तकमा अभिलेख गरोस्।

**डिलाराम भुषाल**
अध्यक्ष, नेपाल
नेपाल पत्रकार महासङ्घ शाखा कार्यालय, कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन्का घटना र मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका क्षेत्रमा भएका गतिविधिको चित्रण गरेको छ। भावी दिनमा सरोकारवाला सबैको निरन्तर अध्ययन, अनुसन्धान, समन्वय र सहकार्यबाट मानव अधिकार रक्षार्थ कार्यसम्पादन गर्न वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।

**सागरमणि पाठक**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी पश्चिम

मानव मात्रको सर्वोत्तम हितका लागि न्यायको मान्य सिद्धान्त बमोजिम मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने, गराउने र सो सम्बन्धमा जनचेतना समेत जगाई मानव अधिकारको प्रत्याभूति दिलाउने सन्दर्भमा इन्सेकद्वारा प्रकाशित हुन गइरहेको मानव अधिकार वर्षपुस्तकको महत्वपूर्ण भूमिका हुन्छ। यस्तो भूमिका निर्वाह गर्न अझ बढी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**ध्रुवकुमार शाह**
न्यायाधीश, नवलपरासी जिल्ला अदालत, नवलपरासी पश्चिम

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको चित्रण गर्दै मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी न्याय सम्पादनलाई सहज बनाउँदै आएको छ। हरेक वर्ष प्रकाशित हुँदै आएको वर्ष पुस्तकलाई सबैको सहज पहुँचमा पुऱ्याउन जरुरी छ।

**चन्द्रबहादुर सिंजाली**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, नवलपरासी पश्चिम

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अवस्था झल्काउने दर्पणको रूपमा रहेको छ। यस प्रकारको कार्यले मानव अधिकार संरक्षण र संवर्द्धनको क्षेत्रमा सकारात्मक भूमिका खेलेको महसुस गरेको छु।

**चुराबहादुर थापा**
अध्यक्ष, नेपाल बार एसोसियशन, नवलपरासी पश्चिम

नेपाल मानव अधिकार वर्ष पुस्तकले देशभरका घटनाको फेहरिस्तमात्र नभई सिङ्गो मानव अधिकारका लागि निरन्तर अभियान हो। जसले आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक रूपान्तरणका लागि भूमिका खेल्दै आएको छ। यसको निरन्तरताको कामना गर्दछु।

***अमरबहादुर डाँगी,***
*लुम्बिनी प्रदेश सभा सदस्य*

वर्ष पुस्तकमा केही शब्दावली नमिलेको जस्तो लाग्यो मलाई। घटनाका आरोपितविरुद्ध प्रहरीले मुद्दा चलायो भन्ने ठाउँमा सरकारी वकिल कार्यालयले उल्लेख गर्नुपर्छ की ?

***ढकबहादुर रावत***
सहन्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, दाङ

देशकै मानव अधिकार अवस्था दर्शाउने यो पुस्तक खासगरी राज्य संचालकले गहिरो गरी अध्ययन गर्न जरुरी छ। देश, समाज र जनताको अवस्था के छ भन्ने यसैले देखाइरहेको छ। बजेट, कार्यक्रम बनाउनेले यो हेर्छन् कि हेर्दैनन् ? हेर्नका लागि आग्रह गर्दछु।

***सुशीला पौडेल***

अध्यक्ष, अन्तरपार्टी महिला सञ्जाल, दाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकलाई साझा सम्पत्तिका रूपमा हेर्नुपर्छ। त्यसैले यसमा समेटिने सामग्री सत्य, तथ्य हुन जरुरी छ। पछिल्ला दिनमा अदालतमा मुद्दा होस्टायल हुने क्रम चलेको छ। वर्ष पुस्तकले समाजमा हुने घटनाको प्रमाण संरक्षण गर्नु पर्छ भन्ने सन्देश, सचेतना दिने काम गरोस्।

***धनसिङ गिरी***

*श्रेस्तेदार, जिल्ला अदालत, दाङ*

वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको चित्रण गरेको पाइन्छ। नागरिकको मानव अधिकार संरक्षणमा राज्यको मुख्य दायित्व रहे पनि समाजका सबै वर्ग राजनीतिक दल, उद्योगी, व्यापारी, पत्रकार र नागरिक समाज लगायत सबैको दायित्व रहने भएको हुँदा राज्यका तर्फबाट मानव अधिकारको संरक्षण गर्न आफ्नो तर्फबाट सदैव तत्पर रहेको र सबै क्षेत्रबाट सहयोगको अपेक्षा गरेको छु।

**राजकुमार राई**

प्रमुख जिल्ला अधिकारी, रुकुम पूर्व

वर्ष पुस्तकका सूचना अत्यन्तै खोजमूलक र अनुसन्धानमूलक भएको पाएको छु। सूचनाका आधारमा राज्यका निकायहरूलाई मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने सन्दर्भमा अझ बढी झकझक्याउने, अझ बढी क्रियाशील बनाउने कार्यमा पुस्तकमा भएका विषयवस्तुले अझ बढी जिम्मेवार बोध गर्न टेवा पुऱ्याइ राखेको पाइन्छ।

**कुबेर पाण्डे**

श्रेस्तेदार, जिल्ला अदालत, रुकुम पूर्व

पुस्तक जिल्लाका मुख्य कार्यालयमा मात्र आउने गर्दछ। प्रत्येक विद्यालय, स्वास्थ्य संस्था लगायत दूरदराज गाउँसम्म पुऱ्याउने व्यवस्था भए राम्रो हुने थियो। पुस्तकले आगामी दिनमा पनि मानव अधिकारको संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरेको छु।

**दामोदर गौतम**

अध्यक्ष, जिल्ला बार एशोसिएशन रुकम पूर्व

जिल्लामा एक जना प्रतिनिधिले मात्र सबै घटना सङ्कलन गर्न सक्दैन्। घटना सङ्कलनसँगै दूरदराजका पीडितलाई न्यायको बाटोमा डोऱ्याएर पीडकलाई कारबाही र पीडितलाई न्यायको अनुभूति गराउने बेलासम्म इन्सेक देखिनु पर्छ। वर्ष पुस्तकलाई सीमित घेराभित्र राखिनु हुँदैन।

**गोपाल खनाल, अध्यक्ष**

नेपाल बार एशोसियशन, गुल्मी

वर्ष पुस्तक फराकिलो विषयवस्तुका साथ प्रकाशन हुनुपर्नेमा झन् पछि झन साँघुरिएको महसुस भएको छ। यो देशको सन्दर्भ र समाजका जल्दाबल्दा विषयमा इन्सेकले भूमिका बढाउनु पर्छ।

**गणेश विश्वकर्मा,**

अध्यक्ष दलित साझा मञ्च, गुल्मी

जातीय छुवाछूतका घटनाको संकलन, घरेलु हिंसा पीडित, दलित महिला, नागरिकता नपाएर समस्यामा परेका महिला बालबालिकाको क्षेत्रमा इन्सेकले प्रशंसनीय काम गरेको छ।

**कमला बराल**

महिला अधिकारकर्मी, गुल्मी

इन्सेकका गतिविधि स्थानीय तहसम्म पुग्नुपर्छ। साथै बलात्कारका घटना मात्रै नभएर आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्था बाहिर ल्याउनु पर्छ।

**रामबहादुर कुँवर**

शाखा अधिकृत, जिल्ला अदालत, गुल्मी

जिल्लाका कुनै पनि घटना वर्ष पुस्तकमा नछुटुन् भनी इन्सेकका सबै अङ्ग चनाखो हुनुपर्छ। जिल्लास्थित सरोवारवालासँगको सहकार्य अझै मजबुत हुँदै जानेछ भन्ने शुभकामना व्यक्त गर्दछु।

**विजयसिंह भारती**

सचिव, नेपाल पत्रकार महासङ्घ, प्यूठान

मानव अधिकार वर्ष पुस्तकले जिल्लागत रूपमा मानव अधिकारको यथार्थ चित्रण गर्ने कार्य गर्दै आएको छ। मानव अधिकारको क्षेत्रमा इन्सेकले गरेको कार्यको उच्च प्रशंसा गर्न चाहन्छु।

**सुनिल मल्ल**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, प्यूठान

पछिल्ला वर्षमा नेपालमा मानव अधिकार उल्लङ्घनका घटनामा क्रमिक रूपमा वृद्धि हुँदै गएको देखिन्छ। राज्यका प्रशासनिक संयन्त्रले प्रभावकारी काम गर्न नसक्दा समाजमा दण्डहीनताले प्रश्रय पाएको देखिन्छ। यस्तो परिवेशमा प्रकाशन हुन लागेको मानव अधिकार वर्ष पुस्तकको सान्दर्भिकता अझ बढ्ने देखिन्छ। राज्यलाई जवाफदेही बनाउन अभिलेख तथा प्रकाशनहरू महत्वपूर्ण मानिन्छन्। यो दिशातर्फ वर्ष पुस्तक परिलक्षित होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**अधिवक्ता डा.शिवराज पण्डित**

केन्द्रीय सदस्य, नेपाल बार एशोसिएशन,प्यूठान

वर्ष पुस्तक वास्तविक सूचना एवम् तथ्याङ्कमा आधारित महत्वपूर्ण दस्तावेजका रूपमा मानिन्छ। मानव अधिकार वर्ष पुस्तकले अधिकार हनन् भएका पीडितका लागि न्याय प्राप्तिको आधारका रूपमा काम गर्न सकोस् भन्ने शुभकामना।

**पार्वता आचार्य**

संयोजक, जिल्लास्तरीय मानव अधिकार सञ्जाल, प्यूठान

पुस्तक हेर्नासाथ कुन जिल्लाको मानव अधिकार अवस्था कस्तो रहेछ भन्ने विषयमा प्रष्ट हुन सकिन्छ। हामीलाई पनि मानव अधिकारको विषयमा जान्न बुझ्न परेमा वर्ष पुस्तकलाई स्रोतको रूपमा लिँदै आएका छौं।

**ध्रुवबहादुर कुँवर**

जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति, पाल्पा

समग्र देशकै मानव अधिकारको अवस्था झल्काउने महत्वपूर्ण दस्तावेजको रूपमा मैले नेपाल मानव अधिकार वर्ष पुस्तकलाई लिएको छु। यसको नेतृत्व इन्सेकले गर्दै आए पनि यो वर्ष पुस्तक देशकै सम्पत्ति हो।

**भेषराज तिमल्सिना**

अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, पाल्पा

पुस्तकमा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका आवश्यकताहरूलाई पनि समावेश गर्दै लैजान सके अझ प्रभावकारी हुन्छ।

**भगवान भण्डारी**

पूर्व अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पाल्पा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकका जुनसुकै स्थानमा राज्यपक्ष वा गैरराज्य पक्षबाट भएका मानव अधिकार हनन् र ज्यादतीका घटनाहरूको अभिलेख मात्र नभई मानव अधिकारको संरक्षण र सामाजिक न्याय प्राप्तिका लागि राज्यका निकायका साथै आम नागरिकलाई समेत सचेत गराउने र जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्य निकै नै प्रशंसनीय रहेको छ। आगामी दिनमा मानव अधिकारको क्षेत्रमा अझ उल्लेखनीय कार्य गर्न सकोस्।

**लीला गिरी**

मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण, लुम्बिनी प्रदेश

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्नुका साथै वर्तमान अवस्थाबारे चित्रण गरेको हुन्छ। मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले सरोकारवालाको निरन्तर अध्ययन, अनुसन्धान, समन्वय, सहकार्य र अनुभव आदान प्रदान गरी काम गर्नु जरुरी छ।

**प्रवीण पोखरेल**

एसपी, जिल्ला प्रहरी कार्यालय, रूपन्देही

मानव अधिकारका क्षेत्रमा निर्माण गरिने योजनाको तर्जुमा गर्दा समेत यस पुस्तकलाई सन्दर्भ सामग्रीको रूपमा लिन सकिन्छ। विभिन्न सरोकारावालासँगको आवश्यक परामर्श र छलफलबाट पुस्तकलाई परिमार्जन गरी निखारता ल्याउन गरेको प्रयासहरू सान्दर्भिक छन्। आगामी दिनमा यस पुस्तकको निरन्तरताको खाँचो यथावत नै छ।

**सम्झना शर्मा**

कार्यालय प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय, बुटवल

मानव अधिकार बिना मानवीय मर्यादा, मानवीय मूल्य, मान्यता र सम्पूर्ण मानव सभ्यताको संरक्षण हुन नसक्ने यथार्थतालाई महसुस गरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार संरक्षणका लागि विभिन्न कदम चालिँदै आएका छन्। इन्सेकले वार्षिक रूपमा मानव अधिकारको अवस्थाको चित्रण गरी वर्ष पुस्तक प्रकाशन गरेर यस विषयमा अध्ययन र अनुसन्धान गर्ने कार्यलाई निकै सहयोग पुऱ्याएको छ। मानव अधिकार गर्भदेखि चिहानसम्म जोडिने विषय

भएकाले यसको संरक्षण र संवर्द्धनमा लाग्नु हामी सबैको दायित्व हो ।

**पिताम्बर घिमिरे**
प्रमुख जिल्ला अधिकारी, रूपन्देही

मानव अधिकार उल्लङ्घनका घटनाको फेहरिस्त प्रस्तुत गर्दा त्यसको कारणको खोजी गरी उल्लेख गर्न आवश्यक छ । कुनै घटना भइसकेपछि त्यसपछिको अवस्थाका बारेमा निगरानी आवश्यक छ । घटनाको उल्लेख हुने तर त्यसपछिको अवस्थाको बारेमा ध्यान नदिने प्रवृत्ति धेरै छ । अहिलेसम्म इन्सेकले जति गरेको छ, त्यो राम्रो छ, नियमित रूपमा प्रकाशन हुनु नै ठूलो कुरा हो । सरकारले नागरिकको स्वास्थ्य बीमा गर्ने नीति लिँदै कार्यक्रम अघि बढाएको छ । स्वास्थ्य बीमा कार्यक्रमले स्वाभाविक रूपमा स्वास्थ्य सेवा पहुँचलाई बढाएको छ । यी विषयले पार्ने प्रभावका विषयमा पुस्तकमा विश्लेषण हुन सक्यो भने समाजमा सकारात्मक प्रभाव पार्ने छ ।

**शेरबहादुर केसी**
प्रेस सल्लाहकार, मुख्यमन्त्री, लुम्बिनी प्रदेश

नेपालमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनको सन्दर्भमा जनचेतना जगाउने कार्यमा इन्सेकको महत्वपूर्ण भूमिका रहेको छ । इन्सेकद्वारा प्रत्येक वर्ष मानव अधिकारको अवस्था र भए गरेको कार्यको समीक्षासहित प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सचेतना जगाउने काम गरेको छ । कुनै पनि आग्रह पूर्वाग्रह नराखी निष्पक्ष रूपमा आफ्नो प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने र मानव अधिकारको संरक्षणको मुख्य जिम्मेवारी रहेको राज्यको समेत ध्यानाकर्षण गराउने, सचेत बनाउने कार्यमा वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ ।

**सुदर्शन बराल**
सामाजिक विकास मन्त्री, लुम्बिनी प्रदेश कार्यालय

इन्सेकले सङ्कलन गरेका घटना आफैंमा सत्यतथ्यमा आधारित छन् । पुस्तकमा घरेलु हिंसाका घटना, कोभिडका कारण लामो समय विद्यालय बन्द हुँदा त्यसले पारेको असर, सडक बालबालिका र उनीहरूको वर्तमान अवस्थामा सरकारले गर्नुपर्ने भूमिका लगायतका विषयलाई पुस्तकमा समेट्नु पर्ने देखिन्छ ।

**छक्क धरला**
सदस्य, न्यायिक समिति त्रिपुरासुन्दरी गाउँपालिका, डोल्पा

कृषकले भोग्नु परेका समस्या, समयमा बीउ नपाएका विषय, घरेलु हिंसा, आत्महत्याका घटनालाई पुस्तकमा समावेश गर्नुपर्छ । सशस्त्र द्वन्द्वमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाका पीडितले न्याय नपाएको सम्बन्धमा फलोअप गरी वर्ष पुस्तकमा समेट्दा निराकरणमा समाधान हुन्थ्यो । न्यायिक समितिले न्याय सम्पादन गरेका र ढिलासुस्ती भएका विषय पनि पुस्तकमा समेट्नु पर्छ ।

**जयनन्द उपाध्याय**
सचिव, नेपाली कांग्रेस पार्टी, डोल्पा

मानव अधिकार वर्ष पुस्तक पढ्ने मौका मिल्यो । विगत लामो समयदेखि नेपालमा मानव अधिकार संरक्षण र संवर्द्धनको क्षेत्रमा इन्सेकले निभाएको भूमिका प्रशंसा योग्य रहेको छ । आगामी दिनहरूमा इन्सेकद्वारा सम्पादन हुने क्रियाकलाप अझै प्रभावकारी हुँदै जाउन् हार्दिक शुभकामना ।

**राजु पाण्डे**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, डोल्पा

जिल्लामा वर्षभर भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको संग्रहको रूपमा रहने वर्ष पुस्तक यस क्षेत्रमा संलग्न व्यक्ति, संस्था तथा आम अध्यताको लागि उपयोगी हुनेछ र आगामी दिनमा मानव अधिकार उल्लङ्घनका घटनाहरूमा न्यूनीकरण गर्न थप सहयोग पुग्ने अपेक्षा गर्दछु ।

**चिरञ्जीवि गिरी**
प्रमुख जिल्ला अधिकारी, हुम्ला

नेपालको मानव अधिकारको संरक्षणमा वर्ष पुस्तकले सहयोग पुऱ्याउँदै आएको छ । गाउँगाउँमा भएका सबै घटनाको अभिलेख गरी मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित हुन आवश्यक छ । इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तक समय सापेक्ष छ । आगामी दिनमा पुस्तकले थप निष्पक्षताकासाथ घटना प्रकाशित गरोस् ।

**दानबहादुर रावत**
निमित्त श्रेस्तेदार, जिल्ला अदालत, हुम्ला

वर्ष पुस्तकले मानव अधिकारको जानकारी दिनुका साथै मानव अधिकारको पालना गर्न सरोकारवाला निकायलाई सचेत गर्ने गरेको छ । यस पुस्तकले जिल्लामा भएका मानव अधिकार उल्लङ्घन

र ज्यादतीका घटनालाई उजागर गरी घटना न्यूनीकरणमा सक्रिय भूमिका खेलेकोमा आगामी दिनमा थप उल्लेखनीय भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

**चेतराज बराल**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जाजरकोट

वर्ष पुस्तकले मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धनमा सराहनीय भूमिका निर्वाह गरेको छ। आगामी पुस्तकले तथ्यपरक र यथार्थपरक घटनाको निष्पक्ष एवम् स्वतन्त्र ढङ्गले विश्लेषण गर्दै मानव अधिकारको संरक्षण, समाज र राष्ट्रको दायित्वलाई अझ बढी सजग तुल्याउने छ।

**किशोरकुमार श्रेष्ठ**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा सत्यतथ्य सूचना सबैले पाउने र यसले मानव अधिकारका क्षेत्रमा गर्ने भावी योजना बनाउन वर्ष पुस्तक बलियो आधार बन्दै गएको छ।

**राजेन्द्रविक्रम शाह**
नागरिक अगुवा, जाजरकोट

मानव अधिकार वर्ष पुस्तकले अधिकारबाट बञ्चित महिला, बालबालिकामाथि भएका मानव अधिकार हनन्, अमानवीय घटनाका साथै आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारका विषयमा जिल्ला तहमा बहसको सिर्जना गर्ने र सरोकारवालाको ध्यानाकर्षण गराउने काम गरेको छ। इन्सेकले गरेको घटना अभिलेख, छलफल, अन्तरक्रियाले सरोकारवालाको काम गराइमा समेत टेवा पुग्ने अपेक्षा गरेको छु।

**बद्रीनाथ गैह्रे**
प्रमुख जिल्ला अधिकारी, रुकुम पश्चिम

नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेटिएका सबै घटना सत्यतथ्यमा आधारित छन्। यसको विश्वसनीयताले नै यो पुस्तक महत्वपूर्ण मानिएको छ। तथ्याङ्क सङ्कलन, गहन अध्ययन र विश्लेषणले पुस्तक पठनीय बनाएको छ।

**भुवनेश्वर उपाध्याय**
वैतनिक वकिल, जिल्ला अदालत, रुकुम पश्चिम

मानव अधिकार वर्ष पुस्तकले समग्र मानव अधिकार अवस्थाको स्पष्ट रूपले चित्रण गर्ने गरेको पाएको छु। जिल्लामा हुने समीक्षा कार्यक्रममा जिल्लाका समसामयिक विषयमा गहन छलफल हुने, सबैको सुझाव सङ्कलन गर्ने र ती सुझावलाई ग्रहण गरेर पुस्तक तयार गर्दा गुणस्तरीय भएको छ।

**अधिवक्ता एक्कबहादुर पाण्डे**
अध्यक्ष, जिल्ला बार इकाई, रुकुम पश्चिम

यस पुस्तकले सरकारी संयन्त्रलाई आगामी योजना बनाउन सहयोग र मानव अधिकार हनन्का घटनामा सरकारका निकायलाई काम गर्न सहयोग पुग्ने गरेको छ। कुन मितिमा, कस्को, कसले, कस्तो खालको घटनामा मानव अधिकार हनन् भएको थियो भन्ने महत्वपूर्ण तथ्याङ्क जुनसुकै बेला खोज्दा भेटिने यो पुस्तकलाई मैले एउटा ऐतिहासिक दस्तावेजको रूपमा लिने गरेको छु। यसबाट विगतका वर्षको मानव अधिकारको अवस्था र हालको अवस्थालाई समेत तुलनात्मक रूपले हेर्न र विश्लेषण गर्न सकिन्छ।

**महेश केसी**
पत्रकार, कान्तिपुर टेलिभिजन, रुकुम पश्चिम

मानिस भएर जन्म लिएपश्चात मानवका नाताले उपभोग गर्न पाउने मानिसका विभिन्न अधिकार कुन-कुन पक्षबाट कसरी हनन् भयो भन्ने विषयमा वर्ष पुस्तकले उजागर गरी सम्बन्धित पक्षलाई मानव अधिकारको सम्मान गर्न अभिप्रेरित गरेको महसुस गरेको छु। सभ्य समाज परिकल्पना मानव अधिकारको पालना नभई सम्भव हुँदैन भन्ने मेरो विश्वास छ। इन्सेकले निष्पक्ष ढङ्गबाट मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्दै आगामी पुस्तकमा समावेश हुँदै जाओस् भन्ने सफलताको शुभकामना दिन चाहान्छु।

**सावित्रा बस्नेत**
उपप्रमुख, शारदा नगरपालिका, सल्यान

वर्तमान समयमा मानव अधिकारको अवधारणागत दायरा विस्तृत हुँदै गइरहेको अवस्थामा मानव अधिकार वर्ष पुस्तकले आर्थिक, सामाजिक, सांस्कृतिक र विकासको अधिकार समेतका विषयगत पक्ष समेटेको देखिन्छ। यसर्थ, आउँदा दिनमा वर्ष पुस्तकमा मानव अधिकारका समष्टिगत पक्ष समेटियोस् भन्ने अपेक्षा राख्दै मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धनका लागि मानव अधिकार वर्ष पुस्तक अझ

प्रभावकारी स्रोत र माध्यम हुन सकोस् भन्ने कामना गर्दछु।

**सीपी वली**
अध्यक्ष, नेपाल बार एशोसिएशन सल्यान

राज्यपक्षले मानव अधिकार उल्लङ्घन गरे नगरेको सम्बन्धमा इन्सेकले गरेको अनुगमनले राज्य पक्ष सचेत भएको देखिन्छ। अधिकारकर्मीहरूले हिरासतको अवस्था अनुगमन गर्ने भएकाले हामीलाई उनीहरू प्रति गरिने व्यवहारमा सचेत बनाएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा देशभरिको मानव अधिकार अवस्थाका विषयमा पढ्न पाइने भएकाले यस कार्य अत्यन्तै प्रशंसनीय छ । तसर्थ इन्सेकले मानव अधिकारको क्षेत्रमा खेल्ने भूमिका निरन्तर अगाडि बढोस् यही शुभकामना दिन चाहान्छु।

**गोविन्द थापा**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सल्यान

मानव अधिकार वर्ष पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको व्यवस्थित अभिलेख राख्ने गरेको छ। यसले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको विषयमा सचेत गर्ने हुनाले सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याएको छ।

**हिरालाल रेग्मी**
प्रमुख जिल्ला अधिकारी, सुर्खेत

राज्यभित्र भएका मानव अधिकार उल्लङ्घनका घटनाको गहन रूपमा विश्लेषण समावेश हुने मानव अधिकार वर्ष पुस्तकले सम्बद्ध पक्षलाई आगामी दिनमा आफ्नो भूमिका निर्वाह गर्दा मानव अधिकारका प्रचलित सिद्धान्त एवम् मूल्य मान्यतालाई आत्मसात गर्दै अगाडि बढ्न अझ बढी हौसला प्रदान गर्नेछ। मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र त्यस्ता अधिकारको परिपूर्ति गर्ने मूल दायित्व राज्यको हुने सन्दर्भमा यस पुस्तकले सरोकारवाला पक्षलाई सदैव कर्तव्य पालनामा झक्झक्याउने छ । नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको मार्गचित्रलाई साकार पार्न सम्बद्ध सबै पक्षबाट नागरिकका मौलिक हकको प्रभावकारी उपयोग र कार्यान्वयन गर्नुपर्ने हुन्छ। यस पुस्तकले सो कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु।

**चन्द्रबहादुर शिवाकोटी**
प्रमुख जिल्ला अधिकारी, मुगु

मानव अधिकार उल्लङ्घन कोही कसैबाट हुन नदिन र प्रत्येक नागरिकलाई आफू एउटा देशको सार्वभौम सम्पन्न नागरिक हुँ भन्ने महसुस गराउने प्रथम दायित्व त्यस देशको सरकारको नै हुन आउँछ। जहाँ मानव अधिकारको संरक्षण हुँदैन। त्यहाँको राज्य व्यवस्था जति नै उत्तम भनिए पनि हुँदैन। अतः राज्यका सम्वद्ध सबै पक्षलाई मानव अधिकारप्रति अझ संवेदनशील बनाई नागरिकहरूको हकहित संरक्षणमा दत्तचित्त गराउन इन्सेकको प्रयास सदैव प्रेरणादायी रहोस्। इन्सेक अभियानलाई शुभकामना।

**चित्रबहादुर भट्टराई**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, मुगु

इन्सेकले सङ्कलन गरेका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सत्यतथ्य होउन् । राज्यको नीति निर्माण तहमा यी घटनाले प्रभाव पारुन्। मानव अधिकारको सुनिश्चित गराउन यो पुस्तक कोशेढुंगाको रूपमा स्थापित हुन सकोस्।

**अष्टप्रसाद अधिकारी**
निमित्त, श्रेष्तेदार जिल्ला अदालत, मुगु

नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा सर्वसाधारणको अधिकार सुनिश्चित गराउन राज्य तथा गैर राज्यलाई सचेत गराउने महत्वपूर्ण भूमिका निर्वाह गरेकाले इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक पीडितहरूको न्यायिक दस्तावेजका रूपमा लिन आवश्यक छ।

**नृपेन्द्र मल्ल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, मुगु

वर्ष पुस्तकमा छापिने र प्रकाशन हुने घटनाले पीडित पक्षलाई राहत प्राप्त भएको छ भने पीडकलाई कानुनी दायरामा ल्याउन सहज भएको छ । साथै वर्षपुस्तकले समाजमा मानव अधिकार संस्कृतिको विकास हुनुमा सहयोग पुऱ्याएको छ। वर्ष पुस्तकलाई सत्यतथ्य बनाउन छाप्न मिल्ने घटनामा फोटो राख्नुपर्ने र महिला बालबालिका पीडित भएका घटनामा थप मेहनत गरेर विस्तृत विवरण राख्नु पर्दछ।

**लालकाजी श्रेष्ठ**
जिल्ला न्यायाधीश, कालीकोट

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको छ। घटनाहरूको सङ्कलन र प्रकाशन मात्रै नभएर वर्ष पुस्तकमा उल्लेखित पीडितलाई कानुनी सहयोग पुग्ने देखिन्छ । अबका दिनमा यस पुस्तकलाई अझ प्रभावकारी बनाउन समाजमा लुकेर रहेका घटनालाई पनि उजागर गर्नुपर्ने देखिन्छ । पुस्तकमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उल्लङ्घनका घटना कम देखिएकाले समेटनु पर्ने देखिन्छ।

**कृष्णप्रसाद आचार्य**
प्रमुख जिल्ला अधिकारी, कालीकोट

मानव अधिकार वर्ष पुस्तकले समेट्ने घटनाहरूमा अदालतमा चलिरहेका मुद्दाका सन्दर्भमा 'यो वर्षको अन्त्यसम्म फैसला भएको छैन' भन्ने शब्द प्रयोग भएको पाइन्छ। यसले फैसला किन भएको छैन भन्ने प्रष्ट नखुलाउने भएकाले 'मुद्दाको तहकीकात प्रक्रिया चलिरहेको छ' भन्ने उल्लेख गर्दा राम्रो हुन्छ। यसो गर्दा कानुनी भाषाको समुचित प्रयोग हुन्छ र जनमानसमा अदालतले प्रमाण प्रक्रिया पूरा भएपछि फैसला होला भन्ने विश्वास जगाउँछ।

**दण्डपाणी लामिछाने**
न्यायाधीश, दैलेख जिल्ला अदालत, दैलेख

इन्सेकले प्रकाशित गर्ने मानव अधिकार वर्ष पुस्तक नेपालमा मानव अधिकारको अवस्था झल्काउने दस्तावेज हो। जिल्ला जिल्लाका सबै अभिलेख एकीकृत रूप दिइएको छ। पुस्तकमा चर्चित घटना समेटिए पनि समाजमा लुकेर रहेका नयाँ घटना कम प्रकाशन भएको पाइन्छ। महिलामा हुने लैङ्गिक हिंसा र घरेलु हिंसाका सबै घटना नआएको सरोकारवाला धेरैले महसुस गरेका छन्, ती सबै घटना तथ्याङ्क समेट्नेतर्फ ध्यान दिन आग्रह गर्दछु।

**सविना बिक**
उपाध्यक्ष, महिला सशक्तिकरण मञ्च, दैलेख

इन्सेकले प्रकाशित गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक आधिकारिक तथ्याङ्कको रूपमा धेरैले ग्रहण गर्दै आएका छन् । सङ्कलित घटनालाई सरोकारवालासँग पुर्नपुष्टि समेत गर्ने गरिएकाले विश्वसनीयता बढेको छ। पुस्तकमा छापिने घटनाहरू अदालतबाट फैसला भइसकेका विषय मात्र छापिने गरिएमा राम्रो हुने मेरो राय छ।

**प्रेमबहादुर थापा**
सचिव, दैलेख जिल्ला अदालत बार एशोसियशन

इन्सेकले लामो समयदेखि मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू दस्तावेजीकरण गर्दै आएको छ। पुस्तकमा सत्यतथ्य घटना सङ्कलन गरी प्रकाशन गर्नु पर्छ। मानव अधिकारका नाममा विभिन्न हुलदङ्गा गर्ने र समाजमा अशान्ति मच्चाउने जस्ता गतिविधि हुने गरेका छन् । यस्ता घटनालाई पनि अभिलेख गर्न आवश्यक रहेको छ।

**भुपेन्द्र थापा**
प्रमुख जिल्ला अधिकारी, जुम्ला

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी घटना सँगसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका घटना पनि पुस्तकमा समेटनु पर्छ । जुम्लामा लामो समयदेखि बिजुली विहीन भयो। यसले शिक्षा, स्वास्थ्य र उद्योग सञ्चालनमा पारेको असर तथा प्रभावका विषय पनि पुस्तकमा उल्लेख गरिनु पर्दछ। यहाँ वातावरणीय सरसफाइ, फोहोर मैला व्यवस्थापन हुन नसक्दा त्यसले मानवको स्वास्थ्यमा प्रभाव पारेको देखिन्छ। यस्ता घटना पनि अभिलेख गरी राज्यको ध्यानाकर्षण गर्न आवश्यक छ।

**पूर्णप्रसाद धिताल**
कर्णाली प्रदेश सदस्य, नेपाल कम्यूनिष्ट पार्टी

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना अभिलेख गर्ने पुस्तक मात्र नभई मानव अधिकार आन्दोलनको दस्तावेज पनि हो। वर्ष पुस्तक घटना, घटनाको प्रकृति र घटनाको स्वरूपको विस्तृत अध्ययन गर्न सफल भएको छ। जिम्मेवार निकायलाई जवाफदेही र सचेत बनाउने कार्यमा वर्ष पुस्तकको उल्लेख्य योगदान छ।

**दीपकविक्रम शाह**
प्रमुख, बुढीगङ्गा नगरपालिका, बाजुरा

वर्ष पुस्तकमा समेटिएका विषयबस्तु र तथ्याङ्कले समस्त पाठक वर्गमा मानव अधिकारका विषयमा भए गरेका त्रुटी र समाधानका लागि सरोकारवाला निकायले सच्याउने मौका पाएका छन्। नेपालको मानव अधिकार अवस्थाका विषयमा ग्रामीण

क्षेत्रका सीमान्तकृत समुदायसम्म पुऱ्याउन सके पुस्तक प्रकाशनको महत्व बढ्ने थियो । राज्यको पुर्नसंरचना अनुसार स्थानीय तहमा मानव अधिकारको सञ्जालीकरण हुनसके अझ प्रभावकारी हुने थियो ।

**कृष्ण गैह्रे**
प्रमुख जिल्ला अधिकारी, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र मुलुकको मानव अधिकारको अवस्थालाई प्रतिनिधित्व गरेको छ। मानव अधिकारको क्षेत्रमा चासो राख्ने व्यक्ति र निकायका लागि वर्ष पुस्तक सन्दर्भ सामग्री बन्न गएको छ। यस पुस्तकले राज्यलाई जवाफदेही बनाउन सहयोग पुऱ्याएको छ।

**मदनजीत महरा**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बाजुरा

वर्ष पुस्तकमा समावेश गरिने घटनाहरूको पुष्टि र पुनःपुष्टिले वर्ष पुस्तकको विश्वसनीयता बढेको छ । वर्ष पुस्तकमा दूरदराजमा भएका घटनालाई पनि समेट्न सके वर्ष पुस्तकको ओझ बढ्ने छ।

**देबु खाती**
जिल्ला कमिटी सदस्य, नेपाल कम्युनिष्ट पार्टी नेकपा, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर इन्सेकले मुलुकको मानव अधिकारको अवस्थालाई ऐना जस्तै छर्लङ्ग परेको छ। इन्सेकले अधिकारको क्षेत्रबाट बिमुख भएका नागरिकका सवाललाई सम्बन्धित निकायसम्म पुऱ्याउन सहयोग गरेको छ।

**लक्ष्मीराज पाध्याय**
सदस्य, नेपाल पत्रकार महासङ्घ, बाजुरा

वर्ष पुस्तक प्रकाशन पूर्व जिल्लाका सरोकारवाला निकायसँग छलफल र अन्तरक्रियाका माध्यमबाट घटनाको पुष्टि गरिनुले वर्ष पुस्तक सबैको साझा दस्तावेजका रूपमा स्थापित भएको छ। इन्सेकको यस कार्यका लागि धेरै धन्यवाद र शुभकामना दिन चाहान्छु।

**प्रकाशबहादुर सिंह**
अध्यक्ष ,नेपाल पत्रकार महासङ्घ, बाजुरा

नेपालको संविधानमा अपराध र पीडितको व्यवस्था गरिएको र त्यसलाई कार्यान्वयन गर्ने क्रममा समाजका सबै व्यक्तिहरूले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको ख्याल गर्नुपर्छ । इन्सेकले प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकारको क्षेत्रमा वकालत गर्दै आएकाले वर्ष पुस्तक २०२१ को शुभकामना दिन चाहन्छु।

**कमलराज भण्डारी**
प्रमुख जिल्ला अधिकारी, बझाङ

वास्तविक दोषी र पीडितले न्याय पाउनुपर्ने, समाजमा शान्ति सुरक्षा कायम गर्न सबै लाग्नुपर्ने, मानव अधिकारका क्षेत्रमा इन्सेकले महत्वपूर्ण भूमिका खेल्दै आएकाले मानव अधिकार वर्ष पुस्तकप्रति शुभकामना छ।

**रुपक खड्का**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बझाङ

जिल्लाका हलियाले गाँस, बाँस र कपास लगायत आधारभूत आवश्यकता समेत उपभोग गर्न पाएका छैनन्। उनीहरूले भोग्दै आएका समस्यालाई वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

**सीता सिंह,**
अधिकृत, फियान नेपाल, बझाङ

पत्रकार, इन्सेक प्रतिनिधि र सुरक्षा निकायका प्रतिनिधिबिच जिल्लाको मानव अधिकारको अवस्थाका विषयमा समय समयमा छलफल हुने गरेको छ । जिल्लाका कतिपय सवाल वर्ष पुस्तकमा समावेश हुने गरेका छन् । पुस्तक प्रकाशनले मानव अधिकार प्रत्याभूतिका लागि कोशेढुङ्गा साबित भएको छ।

**जगदिश रोकाया**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बझाङ

इन्सेकले जिल्लाभरको मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेखीकरण गरेकै कारण राज्यको तहमा कानुन निर्माण र कार्यक्रम कार्यान्वयनमा सहज भइरहेको छ । हामीले सामाजिक सञ्जाल, फोनमार्फत घटनाको जानकारी पाउने गरेका छौं, तर यसरी अभिलेख राख्दा राज्यलाई जिम्मेवार बनाउने काममा इन्सेकको भूमिका प्रंशसनीय छ । इन्सेकले जिल्लामा भएका घटना दस्तावेजीकरण गरेर कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याएको छ। अभिलेख नभएका घटनाहरू केही समयमै विर्सने अवस्थालाई यस्ता

अभिलेखले जिल्लाको समग्र अवस्था झल्काउने कामको प्रशंसा गर्छौं।

**निर्मला बडाल जोशी**
उप सभामुख, सुदूरपश्चिम प्रदेश सभा

कोभिडका कारण लामो समय अस्तव्यस्त रहेको अवस्थामा समेत इन्सेकले जिल्लाभरको मानव अधिकारको अवस्था र जिल्लाको वस्तुस्थितिबारे अभिलेख गर्ने कार्य आफैंमा प्रभावकारी छ। इन्सेकले विगतदेखि हालसम्मको अवधिमा सङ्कलन गरिएका घटना हामीले पनि हेर्न गरेका छौं। सङ्कलन गरिएका तथ्याङ्क माथि विश्वसनीयता कायम राखिराख्नुपर्छ।

**लोकजङ्ग शाह**
न्यायाधीश, जिल्ला अदालत, दार्चुला

तीन तहका सरकारले आफ्ना नागरिकलाई हिँड्न आफ्नै भूमि भएर जाने बाटो समेत बनाउन सकिरहेका छैनन। यो विषय मानव अधिकारको सवाल भएकाले वर्ष पुस्तकमा समावेश गरिनुपर्छ।

**शङ्करसिंह धामी**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, दार्चुला

मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको स्थितिलाई चित्रण गर्दछ। यो चित्रण यथार्थ र सुक्ष्म रूपमा गर्नु आवश्यक छ। मानव अधिकारको संरक्षण र प्रवर्द्धनबाट देशमा सुशासन हुने र सुशासनबाट नै देशमा सम्वृद्धि प्राप्त हुन्छ। वर्षपुस्तकमा मानव अधिकारसम्बन्धी तथ्य र तथ्याङ्कको प्रस्तुतिले मानव अधिकार संरक्षण एवम् प्रवर्धन गर्नुपर्ने कर्तव्य भएका अधिकारी र सरोकारवालालाई आफ्नो कार्यप्रति समीक्षा र मूल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न क्रियाशील हुन दवाव सिर्जना भएको छ।

**तिलकबहादुर कार्की**
न्यायाधीश, जिल्ला अदालत, बैतडी

सामाजिक चेतना र शिक्षाको स्तर न्यून भएका स्थान र परिवेशमा मानव अधिकार उल्लङ्घन गर्ने प्रवृत्ति बढी हुने हुँदा मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने सन्दर्भमा सरकारी, गैरसरकारी र मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाको भूमिका ती स्थानमा अझ बढी महत्वपूर्ण हुन्छ। जिल्लामा मानव अधिकारको उल्लङ्घन र संरक्षणमा भएका सकारात्मक र नकारात्मक दुवै विषय समेटेर प्रकाशन हुने यो पुस्तकले मानव अधिकारको संरक्षण सम्मान गर्ने संस्कृतिको विकास भई मानवका सबै अधिकारको रक्षा गर्न सघाउ पुऱ्याउने छ भन्ने आशाका साथ सफलताको कामना गर्दछु।

**मोहनराज जोशी**
प्रमुख जिल्ला अधिकारी, बैतडी

वर्ष पुस्तकले सम्बन्धित पक्षलाई मानव अधिकारको विषयमा संवेदनशील भई काम गर्न मार्गनिर्देशन र सहयोग पुऱ्याउँदै आएको छ। पुस्तकमा समावेश गरिने घटना, जानकारी र तथ्यले मानव अधिकारको अवस्थालाई नजिकबाट नियाल्न र वास्तविकताको चित्रण गर्दछ। यो पुस्तक मानव अधिकार संरक्षण, संवर्द्धनको क्षेत्रमा निष्पक्ष र तथ्यपरक रही महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित हुन अझ सफलता मिल्दै जाओस्।

**नारायणप्रसाद अधिकारी**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बैतडी

वर्ष पुस्तकले मानव अधिकारप्रति सबैलाई सचेत गराउँदै आधारभूत मानव अधिकारको संरक्षणमा सम्बद्ध पदाधिकारी एवम् संस्था तथा निकायलाई सजग र जिम्मेवार तुल्याउन महत्वपूर्ण योगदान गर्दै आएको छ।

**भीमप्रसाद भट्टराई**
प्रमुख जिल्ला अधिकारी, डोटी

इन्सेकले मानव अधिकारको क्षेत्रमा तथ्यपरक ढङ्गले उठाएको आवाज र संरक्षणका लागि खेलेको भूमिका सराहनीय छ। वर्षभर भएका घटनालाई अभिलेख गरी प्रत्येक वर्ष प्रकाशन गर्दै आएको असल कार्यलाई निरन्तरता प्रदान गरोस्।

**शङ्करदीप मडै**
अध्यक्ष, उच्च अदालत बार एसोसियशन, दिपायल डोटी

तथ्य र तथ्याङ्कका आधारमा मुलुककको समग्र मानव अधिकारको अवस्थालाई वर्ष पुस्तकका माध्यमबाट जनता सामु प्रष्ट्याउने कामले मानव अधिकारको गरिमा बढाएको छ। मानव अधिकारको साझा दस्तावेजका रूपमा रहेको यो पुस्तक प्रकाशन गरिनु आफैमा चुनौतीपूर्ण र प्रशंसनीय कार्य हो।

**पूर्णा जोशी**
प्रदेश सभा सदस्य, सुदूरपश्चिम प्रदेश, डोटी

इन्सेकले प्रकाशन गर्दै आएको मानव

अधिकार वर्ष पुस्तकले महिला बालबालिका तथा पिछडिएका वर्गले भोगेका हिंसा र ज्यादतीका विषय उठाउने गरेको छ। मानव अधिकारका घटनालाई वर्ष पुस्तकमा अभिलेखीकरण गर्नु सराहनीय र प्रशंसनीय कार्य हो।

**कर्ण चन्द**
जिल्ला संयोजक, प्रेस सङ्गठन, डोटी

लामो समयदेखि मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै इन्सेकले मानव अधिकारका क्षेत्रमा उल्लेखनीय योगदान गर्दै आएको छ। यसले नेपालमा मानव अधिकारको अवस्था र कानुन कार्यान्वयनको अवस्थालाई समेत मध्यनजर गर्दै मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणमा योगदान पुऱ्याउँदै आइरहेको छ।

**जनकराज पाण्डे**
एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

मानव अधिकारका विरुद्धमा हुने घटनाका प्रकृति फरकफरक हुँदै गएकाले त्यस विषयमा सबै पक्षको ध्यान जान आवश्यक देखिन्छ। त्यसमा पनि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, भौगोलिक, आर्थिक र अन्य कारणले कमजोर पक्षमा सचेतना र न्यायको पक्षमा विश्लेषण गर्नुपर्ने छ। सशस्त्र द्वन्द्वका समयमा भएका यौनहिंसा र अन्य घटनाका पीडितको उपचार र न्यायका विषय वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

**सरस्वती रावल**
उपाध्यक्ष, रामारोशन गाउँपालिका, अछाम

मानव अधिकार र शान्ति प्रक्रियामा इन्सेकले गरिरहेको काम आमनागरिकको हक, अधिकार प्रत्याभूतिमा केन्द्रित भएको मैले पाएको छु। नागरिकका अधिकारको हनन्का विषय उठानमा इन्सेकले निरन्तरता दिन आवश्यक छ । आगामी दिनमा यसले मानव अधिकारका घटना सङ्कलन मात्र नभएर चेतना विस्तार कार्यक्रम र गहिरो अनुसन्धानमुलक कामका लागि सुझाव दिन चाहान्छु।

**शङ्करबहादुर रावल**
अध्यक्ष, नागरिक समाज, अछाम

वर्ष पुस्तकमा मानव अधिकारको अवस्था प्रष्ट देखिने भएकाले हामी पत्रकारलाई सूचनाको श्रोत, पुष्टिको आधार र वकालतमा सहजता भएको छ। साथै कानुन कार्यान्वयन गर्ने पक्षलाई समेत यसले जिम्मेवार बनाउन भूमिका खेलेको छ। अगामी दिनमा मानव अधिकारसम्बन्धी गहिरो चेतना विस्तारसँगै स्थानीय तहको सहकार्यमा काम गर्नुपर्ने मेरो सुझाव छ।

**टेकराज भण्डारी**
पत्रकार, अछाम

इन्सेकले अधिकारसँगसँगै कर्तव्यलाई ध्यान दिँदै समाजमा बढिरहेको आत्महत्याका घटनालाई न्यूनीकरण गर्नका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। इन्सेकले मानव अधिकारको क्षेत्रमा निरन्तर कामगर्दै आइरहेकाले घटनाको सत्यतथ्यलाई अभिलेख गरी राज्यलाई नैतिकरूपमा दवाव दिदै आइरहेकाले नेपाल मानव अधिकार वर्षपुस्तकको निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु।

**जयानन्द पनेरु**
न्यायाधीश, जिल्ला अदालत, कैलाली

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्षपुस्तकमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेख गरी राज्यलाई मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न सजग र जिम्मेवार बनाउन महत पुग्ने भएकाले नेपाल मानव अधिकार वर्षपुस्तक प्रकाशनका लागि इन्सेकलाई शुभकामना दिन चाहन्छु।

**राजेन्द्रसिंह भण्डारी**
जिल्ला न्यायाधीवक्ता, जिल्ला सरकारी वकिलको कार्यालय, कैलाली

इन्सेकले निरन्तर प्रकाशन गर्ने पुस्तकमा ठुला ६ महासन्धि अन्तरगत समग्र मानव अधिकारका घटना परिघटनाहरूको अभिलेख गरी मानव अधिकारको संरक्षण र संवर्द्धनमा राज्यलाई जिम्मेवार बनाउन थप बल पुऱ्याउने काम गर्दै आइरहेको छ। यसका अलवा सम्बन्धित सबैको चासो तथा सरोकार राख्ने वर्षपुस्तक २०२१ को सफलताको कामना गर्दै इन्सेकलाई धन्यवाद दिन चाहन्छु।

**मोहनदेव जोशी**
प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्षपुस्तक एक विश्वसनीय दस्तावेज हो। यो

पुस्तक मानव अधिकारको क्षेत्रमा चासो राख्ने सबैका लागि अति महत्वपूर्ण छ। यस पुस्तकलाई अझै स्रोत सामग्रीको रूपमा विकसित गर्नका लागि सामाजिक र आर्थिक अधिकार उल्लङ्घनका घटनाहरू अझ धेरै समेट्नु पर्दछ।

**देवीप्रसाद खनाल**
प्रदेश संयोजक, गैरसरकारी संस्था महासङ्घ
सुदूपश्चिम प्रदेश

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना तथ्यपरक रूपमा समेट्ने गरेको छ । ग्रामीण क्षेत्रका नागरिकको मानव अधिकारको अवस्थाका विषयमा समेत अध्ययन गरेर प्रकाशित गरेमा यस पुस्तकको महत्व बढ्ने सुझावसहित पुस्तकलाई सबैको सहज पहुँचमा पुऱ्याउन इन्सेकले ध्यान पुऱ्याओस् भन्दै सफलताको शुभकामना दिन चाहान्छु।

**उद्धवराज भट्ट**
अध्यक्ष, उच्च अदालत बार एशोसियसन महेन्द्रनगर
इजलास, महेन्द्रनगर

मानव अधिकारको अवस्था अध्ययन तथा अनुसन्धानका लागि सरोकारवालाले स्रोत सामग्रीको रूपमा प्रयोग गर्न वर्ष पुस्तक उपयुक्त रहेको छ। यस पुस्तकलाई सबैको सहज पहुँचमा राख्न इन्सेकले ध्यान पुऱ्याओस् भन्दै सफलताको शुभकामना दिन चाहान्छु।

**पुनमसिहं चन्द**
संयोजक, मानव अधिकार रक्षक सञ्जाल, कञ्चनपुर

स्थानीयस्तरमा बाहिर आउन नसकेका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई वर्षपुस्तकमा समेट्न सके मानव अधिकार वर्ष पुस्तकको महत्व अझै बढ्नेछ।

**सानुबुड थापा**
उप-प्रमुख, जिल्ला समन्वय समिति, कञ्चनपुर

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ तयारीका क्रममा संलग्न व्यक्तिहरू

## परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

**परिच्छेद १** : सन् २०२० को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन
**लेखक** : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

**नेपाल मानव अधिकार वर्ष पुस्तकका २५ वर्ष : यसले उठान गरेका राजनीतिक र सामाजिक सवालहरूको सिंहावलोकन**

**परिच्छेद २**

२.१ **न्यायपालिका**
**लेखक** : सम्झा श्रेष्ठ

२.२ **कार्यपालिका**
**लेखक** : अच्युत आचार्य

२.३ **व्यवस्थापिका**
**लेखक** : मदन पौडेल

**परिच्छेद ३**

**३.१ पूर्ण कार्यान्वयन भएन श्रम ऐन: चिया श्रमिकका समस्या ज्युँका त्युँ**
**लेखक** : कोकिला ढकाल/नरेश खाती

**३.२ "बोक्सी" एक कुप्रथा: महिलाविरुद्ध हुने हिंसाको निरन्तरता**
**लेखक** : राजु पासवान/अजयकुमार साह

**३.३ सिन्धुपाल्चोक जिल्लामा भएका प्राकृतिक विपत्का घटना र त्यसले आर्थिक, सामाजिक अधिकारमा पारेको प्रभाव**
**लेखक** : गणेश भण्डारी/नातिबाबु धिताल

**३.४ नवलपरासी पश्चिम र कपिलवस्तुका उखु किसानका समस्या र चुनौती**
**लेखक** : नारायण पराजुली/पार्वती आचार्य

**३.५ कर्णाली प्रदेशमा बालविवाह : बाल अधिकार उल्लङ्घनको चक्र**
**लेखक** : मिना बुढाथोकी

**३.६ कोभिड-१९ को प्रभाव: भारतबाट फर्किएका सुदूरपश्चिम प्रदेशका नागरिकहरूको आर्थिक सामाजिक अवस्था**
**लेखक** : कृष्ण बिक/कोमलनिरञ्जन भाट

## जिल्ला प्रतिनिधिहरू

### प्रदेश १

| | | |
|---|---|---|
| १.१ | ताप्लेजुङ | - देवराज गुरुङ |
| १.२ | सङ्खुवासभा | - भविन कार्की |
| १.३ | सोलुखुम्बु | - भोजराज कार्की |
| १.४ | ओखलढुङ्गा | - शिवप्रसाद ढुङ्गाना |
| १.५ | खोटाङ | - रामधन राई |
| १.६ | भोजपुर | - गणेश विष्ट |
| १.७ | धनकुटा | - इश्वर थापा |
| १.८ | तेह्रथुम | - भगिश्वर लिम्बू |
| १.९ | पाँचथर | - मङ्गल बेघा |
| १.१० | इलाम | - कोकिला ढकाल |
| १.११ | झापा | - नरेश खाती |
| १.१२ | मोरङ | - नेत्रप्रसाद अधिकारी |
| १.१३ | सुनसरी | - जयकृष्ण यादव |
| १.१४ | उदयपुर | - भरत खड्का |

### प्रदेश २

| | | |
|---|---|---|
| २.१ | सप्तरी | - मनोहरकुमार पोखरेल |
| २.२ | सिरहा | - दुर्गा परियार |
| २.३ | धनुषा | - दीपेन्द्रप्रसाद सिंह |
| २.४ | महोत्तरी | - अजय साह |
| २.५ | सर्लाही | - बुधन साह |
| २.६ | रौतहट | - कोपिला तिमल्सिना |
| २.७ | बारा | - भोलानाथ पौडेल |
| २.८ | पर्सा | - कृष्णचन्द्र लामिछाने |

### बागमती प्रदेश

| | | |
|---|---|---|
| ३.१ | दोलखा | - उद्धवप्रसाद पोखरेल |
| ३.२ | सिन्धुपाल्चोक | - नातिबाबु धिताल |
| ३.३ | रसुवा | - हेमनाथ खतिवडा |
| ३.४ | धादिङ | - सीताराम अधिकारी |
| ३.५ | नुवाकोट | - नवदीप श्रेष्ठ |
| ३.६ | काठमाडौं | - विमला पौडेल |
| ३.७ | भक्तपुर | - रमेश गिरी |
| ३.८ | ललितपुर | - दीपकप्रसाद घिमिरे |
| ३.९ | काभ्रेपलान्चोक | - हिरामान तामाङ |
| ३.१० | रामेछाप | - नवराज घिमिरे |
| ३.११ | सिन्धुली | - विमला पाण्डे |
| ३.१२ | मकवानपुर | - पुष्पराज अधिकारी |
| ३.१३ | चितवन | - दीपेन्द्र अधिकारी |

**गण्डकी प्रदेश**

| | | |
|---|---|---|
| ४.१ | गोरखा | - हरिराम उप्रेती |
| ४.२ | मनाङ | - |
| ४.३ | मुस्ताङ | - |
| ४.४ | म्यार्दी | - अमृतकुमार पौडेल |
| ४.५ | कास्की | - सुशन घिमिरे |
| ४.६ | लमजुङ | - दलबहादुर मजाकोटी |
| ४.७ | तनहुँ | - प्रकाशचन्द्र भट्टराई |
| ४.८ | नवलपरासी पूर्व | - तिर्थराज डुम्रे |
| ४.९ | स्याङ्जा | - तीलकुमारी थापा |
| ४.१० | पर्वत | - सन्तोष थापा |
| ४.११ | बागलुङ | - सिर्जना पन्त |

**लुम्बिनी प्रदेश**

| | | |
|---|---|---|
| ५.१ | रुकुम पूर्व | - जयमान बुढा |
| ५.२ | रोल्पा | - हरिसरा घर्ती |
| ५.३ | प्यूठान | - रवीन्द्र पाण्डे |
| ५.४ | गुल्मी | - टोपलाल अर्याल |
| ५.५ | अर्घाखाँची | - नारायणप्रसाद भुसाल |
| ५.६ | पाल्पा | - यज्ञमूर्ति तिमिल्सिना |
| ५.७ | नवलपरासी पश्चिम | - नारायण पराजुली |
| ५.८ | रुपन्देही | - रीमा बीसी |
| ५.९ | कपिलवस्तु | - पार्वती आचार्य |
| ५.१० | दाङ | - जयनारायण पुन |
| ५.११ | बाँके | - स्मृति देवकोटा |
| ५.१२ | बर्दिया | - मानबहादुर चौधरी |

**कर्णाली प्रदेश**

| | | |
|---|---|---|
| ६.१ | डोल्पा | - विष्णुप्रसाद देवकोटा |
| ६.२ | मुगु | - जीवन सेजुवाल |
| ६.३ | हुम्ला | - नन्द सिंह |
| ६.४ | जुम्ला | - मानदत्त रावल |
| ६.५ | कालीकोट | - कालीबहादुर मल्ल |
| ६.६ | दैलेख | - अमर सुनार |
| ६.७ | जाजरकोट | - दिनेशकुमार श्रेष्ठ |
| ६.८ | रुकुम पश्चिम | - मनिषा केसी |
| ६.९ | सल्यान | - मीना बुढाथोकी |
| ६.१० | सुर्खेत | - दुर्गा थापा |

**सुदूरपश्चिम प्रदेश**

| | | |
|---|---|---|
| ७.१ | बाजुरा | - पदमबहादुर सिंह |
| ७.२ | बझाङ | - रमेश केसी |
| ७.३ | दार्चुला | - नरेन्द्रसिंह कार्की |
| ७.४ | बैतडी | - नरीदत्त बडु |
| ७.५ | डडेल्धुरा | - भुपेन्द्र विष्ट |
| ७.६ | डोटी | - बासुदेव जोशी |
| ७.७ | अछाम | - शिवराज ढुङ्गाना |
| ७.८ | कैलाली | - मैनामोती चौधरी |
| ७.९ | कञ्चनपुर | - कोमलनिरञ्जन भाट |

**प्रदेश कार्यालयमा संलग्न**

**प्रदेश १** : सोमराज थापा, पुण्यप्रसाद अधिकारी
**प्रदेश २** : राजु पासवान, सर्वेशराज शर्मा
**बागमती प्रदेश** : कृष्ण गौतम, गणेश भण्डारी
**गण्डकी प्रदेश** : शिव खकुरेल, नुपूर गुप्ता
**लुम्बिनी प्रदेश** : भोला महत, विनोद पाण्डे
**कर्णाली प्रदेश** : नारायण सुवेदी, टीका विष्ट
**सुदूरपश्चिम प्रदेश** : खडकराज जोशी, कृष्णबहादुर विक

**फोटो स्रोत**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

## पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष प्रत्येक प्रदेशबाट एक/एक जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र ७ हजार रुपियाँ प्रदान गरिन्छ।

**उत्कृष्ट**

**प्रदेश १** : देवराज गुरुङ, ताप्लेजुङ
**प्रदेश २** : दुर्गा परियार, सिरहा
**बागमती प्रदेश** : दीपेन्द्र अधिकारी, चितवन
**गण्डकी प्रदेश** : सुशन घिमिरे, कास्की
**लुम्बिनी प्रदेश** : यज्ञमूर्ति तिमिल्सिना, पाल्पा
**कर्णाली प्रदेश** : दिनेश श्रेष्ठ, जाजरकोट
**सुदूरपश्चिम प्रदेश** : मैनामोती चौधरी, कैलाली

इन्सेक पुस्तक १९५/२०७७

नेपालमा भएको राजनीतिक तथा सामाजिक परिवर्तनले राज्यको आधारभूत प्रणालीमा रूपान्तरण गरेको छ । लोकतान्त्रिक प्रणालीमा मानव अधिकारमैत्री विधिको शासनमार्फत सुनिश्चित गर्नुपर्ने सामाजिक न्यायप्रति राज्यको जबाफदेहिता अपरिहार्य हुन्छ। १२ बुँदे समझदारी तथा विस्तृत शान्ति सम्झौताको जगबाट सुरु भएको नेपालको शान्ति प्रक्रिया तथा राजनीतिक रूपान्तरणका सवाल हाल आएर उपेक्षामा परेका हुन् की ? भन्ने आभास हुन थालेको छ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौँ
पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-9239-6-5